नेकाप २०७५ असोज अङ्क ६

# नेपाल कानून पत्रिका

भाग-६० **२०७५ असोज** अङ्क-६



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिस्ट्रार श्री राजनप्रसाद भट्टराई, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री महेन्द्रनाथ उपाध्याय, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मन्दीरा शाही
कम्प्युटर अधिकृत श्री बिक्रम प्रधान
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी



**प्रकाशित सङ्ख्या : २५०० प्रति**

**नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा**

**निम्नानुसार गर्नु पर्नेछ :**

*नेकाप, २०७५... ... ... ... , नि.नं. ........., पृष्ठ ...*

*...... साल ........ महिना ........*

**उदाहरणार्थ :** *नेकाप,* २०७५, असोज, नि.नं.१००२१, पृष्ठ १००७

**सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा**

**निम्नानुसार गर्नु पर्नेछ :**

*सअ बुलेटिन*, २०७५, ... ... ... १ वा २, पृष्ठ ...

*...... साल ......... महिना .......*

**उदाहरणार्थ :** *सअ बुलेटिन*, २०७५, असोज – १, पृष्ठ १

## नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

**ठेगाना**

**www.supremecourt.gov.np**

- यो वेभसाइट खोलेपछि दायाँतर्फ **प्रकाशनहरू** मा क्लिक गर्नुहोस् त्यसमा **नेपाल कानून पत्रिका** तथा **सर्वोच्च अदालत बुलेटिन** देखिन्छ त्यसमा क्लिक गर्नुहोस्।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल नि:शुल्क डाउनलोड गर्न सकिनेछ।

## नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)
हेर्न, पढ्न तथा सुरक्षित गर्न
**www.nkp.gov.np** मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेभसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**मूल्य रू.४०।-**

**मुद्रक** : सर्वोच्च अदालत छापाखाना

विषय सूची


| क्र.स. | नि.नं./इजलास/ विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | १००२१<br>पूर्ण<br>कर्तव्य ज्यान | कुमान गुरूङ<br>विरूद्ध<br>नेपाल सरकार | ▪ कुनै घटनामा परिस्थितिजन्य प्रमाणले नै घटनाक्रम उजागर गरी घटनाको पुष्टि गरिरहेको छ भने प्रत्यक्ष प्रमाण प्रस्तुत हुन नसकेकै कारण निर्दोषिताको आधार बन्न नसक्ने ।<br>▪ पुनरावलोकनको रोहमा विचाराधीन मुद्दाका सन्दर्भमा अ.बं.१८८ नं. बमोजिम व्यक्त भएको राय कायम गर्ने वा नगर्ने भन्ने कुरा सम्बन्धित इजलासको स्वविवेकभित्र पर्ने विषयवस्तु हो । कसुरदारले कसुर गर्दाको अवस्था परिस्थितिलगायतका यावत् पक्षहरूलाई मनन गरी त्यस्तो राय कायम राख्ने वा नराख्ने निर्णय गर्न सम्बन्धित इजलास स्वतन्त्र रहन्छ तर अ.बं.१८८ नं. को राय कायम हुन पर्ने वा नपर्ने भन्ने जिकिर लिई पुनरावलोकनको निवेदनमार्फत चुनौती दिने हक मुद्दाका पक्षहरूलाई हुन नसक्ने । | १००७ |
| २. | १००२२<br>पूर्ण<br>गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको | जयप्रकाश प्रसाद गुप्ता<br>विरूद्ध<br>नेपाल सरकार | ▪ अदालतमा दाखिल भई अदालतले आफ्नो नियन्त्रण (Custody) मा लिइसकेको लिखत पुनरावेदन शाखामा पछि दर्ता हुन गएको मितिलाई हदम्यादको गणना गर्न मिल्ने होइन । अदालतको कार्यबोझ, बिदा पर्न गएको अवस्था तथा मानवीय भुलको कारणबाट पनि अदालतमा दाखिल भइसकेको लिखत स्रेस्तामा रीतपूर्वक समयमा दर्ता गर्न | १०२० |

| | | | | |
|---|---|---|---|---|
| | | | कठिनाई हुन जाने अवस्थालाई परिकल्पना गरेर उक्त मुलुकी ऐन, अ.बं. १८ नं. को कानूनी व्यवस्था भएको देखिन्छ । अन्यथा अदालतमा लाभ माग्न आउने व्यक्तिको कुनै गल्ती नभएको स्थितिमा पनि अड्डाको भुलको कारण न्याय प्राप्त गर्ने हकमा कुठाराघात पर्न जाने हुन्छ । त्यसैले अड्डाको भुलको कारणले कसैको हक अधिकारमा असर पर्न जाने अवस्था हुन नहुने । | |
| ३. | १००२३<br><br>संयुक्त<br><br>उत्प्रेषण / प्रतिषेध | उमावती चौधरी विरूद्ध नेपाल सरकार, खानेपानी तथा सरसफाइ मन्त्रालय, सिंहदरबार, काठमाडौं | ▪ कुनै पनि पदाधिकारीलाई कानूनले तोकेको अवस्थामा सो अवधिसम्म र कानूनले पदावधि नतोकेको अवस्थामा नियुक्ति गर्ने निर्णय गर्दा पदावधि तोकेर नियुक्ति गरिएकोमा त्यस्तो पदावधिसम्म विना कसुर सो पदबाट हटाउन मिल्दैन । त्यस्तो पदाधिकारीलाई हटाउनु पर्ने अवस्थामा समेत सुनुवाइको उचित मौका प्रदान गरी आफ्नो भनाई राख्ने अवसर दिई कानूनी प्रक्रिया पूरा गरी मात्र हटाउनु पर्ने । | १०६० |
| ४. | १००२४<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | अधिवक्ता प्रविन पन्दाकसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ▪ लिम्बू जाति नेपालमा बसोबास गर्ने एक आदिवासीको रूपमा रहेकोले रिट निवेदनमा उल्लिखित हल्लिने ढुंगा, आयु जोखिने ढुंगालगायतका उल्लिखित ढुंगाहरू ती समुदायको ऐतिहासिक, धार्मिक साँस्कृतिक जीवनमा महत्त्वपूर्ण प्रभाव राख्ने ढुंगाहरू भएकोले यस्ता साँस्कृतिक जातीय महत्त्वका वस्तुहरूको | १०६७ |

| | | | | |
|---|---|---|---|---|
| | | | संरक्षण सम्बर्द्धन गर्न पाउनु संविधानतः ती जाति धर्म वा समुदायका व्यक्तिहरूको साँस्कृतिक हक नै हुन जाने । | |
| ५. | १००२५<br>संयुक्त<br>मानव बेचबिखन तथा ओसारपसार | ताराबहादुर बस्नेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनार्थ पहिलाको ऐनभन्दा उदार व्यवस्थासहित आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ लागू नहुने भन्न मिल्ने देखिँदैन, साथै जाहेरी पर्दा र अभियोग दर्ता हुँदाका बखत लागू रहेको ऐनले पीडितलाई क्षतिपूर्ति भराउनु पर्ने व्यवस्था गरेकोमा कसुर हुँदाका बखत लागू रहेको कानूनले क्षतिपूर्तिको व्यवस्था नगरेको भन्ने आधारमा पीडितलाई क्षतिपूर्ति नभराउने गरी व्याख्या गर्नु पीडित मैत्री विधिशास्त्रीय मान्यताअनुकूल नहुनुका साथै त्यसरी गरिएको व्याख्याले कानूनको उदार व्याख्यासम्बन्धी सिद्धान्तसँग समेत समाञ्जस्यता नराख्ने हुँदा पीडितलाई क्षतिपूर्ति भराउनु सिद्धान्ततः मनासिब र औचित्यपूर्ण हुने । | १०७४ |
| ६. | १००२६<br>संयुक्त<br>निषेधाज्ञा | तिर्थलाल श्रेष्ठसमेत<br>विरूद्ध<br>हनुमानढोका दरबार संग्रहालय विकास समिति, हनुमानढोका, काठमाडौंसमेत | ▪ करार ऐनको दफा ८७ को उपदफा (१) को व्यवस्थालाई हेर्दा करारको कुनै पक्षले सो करारको प्रकृतिअनुसार गर्न नहुने कुनै कामकारबाही वा व्यवहार गर्न लागेको कारणबाट करारको परिपालना सम्भव नहुने भएमा त्यस्तो कामकारबाही वा व्यवहारबाट मर्का पर्ने पक्षले त्यस्तो कामकारबाही वा व्यवहार रोकी पाउन | १०८७ |

| | | | | |
|---|---|---|---|---|
| | | | पुनरावेदन अदालतमा उजुरी दिन सक्ने व्यवस्था देखिन्छ । सो दफा ८७ का अन्य उपदफाहरू अलग्गै स्वतन्त्र अस्तित्वका नभई उपदफा (१) सँग अन्तरसम्बन्धित रहेको पाइने । | |
| ७. | १००२७<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | बदन लाल न्याछ्यो<br>विरूद्ध<br>नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय, कालिमाटीसमेत | ▪ राज्यको कुनै निकाय वा अधिकारीले आफ्नो कर्तव्य पालनको सन्दर्भमा कुनै कानूनविपरीतको कार्य भएको देखेमा र सो सम्बन्धमा कारबाही गर्न उक्त निकाय वा अधिकारीलाई क्षेत्राधिकार नभएमा साधिकार निकायमा कानूनी कारबाहीको लागि लेखी पठाउन नमिल्ने भन्ने देखिन आउँदैन तर उक्त सिफारिसलाई मात्र आधार लिई साधिकार निकायले निर्णय वा कारबाही गर्न मिल्ने भने हुँदैन । साधिकार निकायले उक्त निर्णय के कुन तथ्य, प्रमाण र कानूनमा आधारित रहेर गरिएको हो भन्ने कुराको जवाफ उक्त निर्णयमार्फत दिनु नै पर्ने हुन्छ । यो मान्यता 'आधार र कारणयुक्त निर्णय' (Reasoned Decision) हुनुपर्ने भन्ने प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice) अन्तर्गतको सुनुवाइको सिद्धान्त (Theory of Hearing) सँग पनि सम्बन्धित हुने । | १०९२ |
| ८. | १००२८<br><br>संयुक्त<br><br>अपहरण, कर्तव्य ज्यान | सोनु हलवाई<br>विरूद्ध<br>नेपाल सरकार | ▪ प्रतिवादीबाट अपहरण गर्ने, सम्पत्ति लिने, खाने, मास्ने र हत्या गर्नेसमेतका जुन कसुर भएको भनी अभियोग पत्र पेस भएको छ सो एउटै कारोबार (Single transaction) को शृङ्खला हुँदा यहाँ | १०९८ |

| | | | | |
|---|---|---|---|---|
| | | | भारतमा लास फेला परेको भन्ने मात्र कारणले नेपालमा मुद्दा नचल्ने भन्न मिल्ने देखिँदैन । त्यसो भन्ने हो भने कसैलाई नेपालमा नै अपहरण गरी हत्या गरेमा मुद्दा चल्न सक्ने तर विदेश लगी हत्या गरेमा मुद्दा नचल्ने एउटा विसङ्गतिपूर्ण निर्णय निष्कर्षमा हामी पुग्छौं, जुन कानून, न्याय र न्यायका मान्यता प्राप्त सिद्धान्तसमेत अनुकूल हुने नदेखिने। | |
| ९. | १००२९<br>संयुक्त<br>मोही दर्ता नामसारी | रामप्रसाद चौधरी<br>विरूद्ध<br>नथुनीप्रसाद यादव | ▪ मोहीको हक जग्गा कमाउने व्यक्तिले कानूनले तोकेको सर्तहरू पालन गरी पूरा गरेको अवस्थामा मात्र प्राप्त हुने हक हो । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ अनुसार मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, बाबु, धर्मपुत्र आदिमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने कानूनी व्यवस्था भएकोले वादीको पिताको मोही हक कायम भइसकेको अवस्थामा जग्गाधनीले पत्याएमा निजको नाममा नामसारी हुने हो । निजका बाबुले नै मोही हक दाबी गरी हक प्राप्त नगरेको मोही हक स्वर्गीय पिताको नाममा कायम गराई आफ्ना नाममा नामसारी गराइ पाउँ भनी भन्नलाई भूमिसम्बन्धी ऐन, २०२१ ले वादीलाई त्यस्तो हक प्रदान गरेको नदेखिने। | ११२ |

| | | | | |
|---|---|---|---|---|
| १०. | १००३०<br><br>संयुक्त<br><br>लिखत दर्ता बदर दर्ता | मणिभुषण तिवारी विरूद्ध रामानन्द पाण्डेसमेत | ▪ २०४४ सालको बन्डा मुचुल्काको अस्तित्व रहे भएसम्म दाबी जग्गा सम्बन्धमा अंशियार वादी पक्षलाई प्रतिकूल पार्ने गरी गरे भएको कुनै पनि व्यवहार सदर हुनसक्ने अवस्था नदेखिँदा मुलुकी ऐन लेनदेन व्यवहारको महलको ४० नं. र जग्गा पजनीको महलको १७ नं. अनुसार फिराद दायर गर्न पाउने नै अवस्था देखिन आउने ।<br>▪ २०४४ सालको बन्डा मुचुल्काबाटै स्पष्ट रूपमा अरू अंशियारको समेत भाग लाग्ने गरी तर्फसमेत खुलाई बन्डा मुचुल्कासमेत भइसकेको अवस्थामा फिल्डबुकमा आफ्नो नाम उल्लेख भएकै आधारमा प्रतिवादीले नाउँसारी गराउँदैमा वादीको अंश हक समाप्त हुने भन्न मिल्ने नदेखिने । | १११६ |
| ११. | १००३१<br><br>संयुक्त<br><br>निर्णय दर्ता स्रेस्ता बदर गरी दर्ता गरिपाउँ | गोपालप्रसाद पराजुलीसमेत विरूद्ध ऋषिराम पौडेल | ▪ कुनै पनि सम्पत्तिउपर कानूनबमोजिमको हकको स्रोत विद्यमान नभई त्यस्तो सम्पत्तिउपर व्यक्तिको कुनै प्रकारको अधिकार स्थापित हुन सक्तैन । सम्पत्तिउपर कानूनबमोजिमको हक स्थापित हुनका लागि कानूनबमोजिमकै स्रोत आवश्यक पर्दछ । गुठी जग्गाको संरक्षकको हक प्राप्त गर्न पनि कानूनबमोजिमको स्रोत आवश्यक हुने ।<br>▪ विवादमा आएका जग्गाहरू कुनै व्यक्तिको निजी गुठीको जग्गा भएको भन्ने नदेखिई सार्वजनिक प्रकृतिको सार्वजनिक | ११२२ |

| | | | | |
|---|---|---|---|---|
| | | | उपयोगमा रहेको गुठी जग्गा भएको देखिएकोले उक्त जग्गा कुनै निजी व्यक्तिको स्वामित्वमा कुनै पनि बेहोरा वा तरिकाले हस्तान्तरण गरिनु मनासिब हुँदैन । विवादित गुठी जग्गाको प्रकृतिले पनि गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको "तैनाथी गुठी" भएको भन्ने देखिन आएकाले वादी वा प्रतिवादी सो गुठीको गुठियारसमेत हुनसक्ने अवस्था नरहने । | |
| १२. | १००३२<br>संयुक्त<br>उत्प्रेषण | सपना अग्रवाल<br>विरूद्ध<br>परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालसमेत | ▪ सार्वजनिक खरिद ऐन नियम तथा अन्य प्रचलित कानूनको कार्यविधि आदिको नाम मुद्दा मामिला परी नागरिकहरूले स्वास्थ्य सेवामा सरल तथा सहज पहुँच पाउन सक्ने अधिकारबाट वञ्चित हुनु परेमा बोलपत्रका केही प्रतिस्पर्धीको स्वार्थपूर्ति हुने भएपनि बृहत्तर जनताको हितमा नहुने हुँदा सानातिना विवादमा अदालतले हस्तक्षेप गरिहाल्नु पनि हुँदैन । यसको अर्थ अदालतले सबै कार्यविधिगत त्रुटि वा अपारदर्शी रूपमा गरिएका एवं खरिद प्रक्रियामा अपनाइएका पूर्वाग्रहयुक्त कारबाही र असमान व्यवहारमा सदैव मौन रहनुपर्ने वा पन्छिएर बस्नुपर्छ भन्ने पनि होइन । खरिद गर्ने सार्वजनिक निकाय आफैँ पनि विना कुनै पूर्वाग्रह र उत्तरदायी प्रकृतिबाट प्रस्तुत हुन सकेन भने खरिद प्रक्रिया स्वच्छ, पारदर्शी एवं प्रभावकारी बन्न नसक्ने । | ११३४ |

| | | | | |
|---|---|---|---|---|
| १३. | १००३३<br><br>संयुक्त<br><br>लागु औषध खैरो हेरोइन | नेपाल सरकार<br>विरूद्ध<br>मनिष<br>मानन्धरसमेत | ▪ लागु औषध प्रतिवादीले सेवन र बिक्री वितरण दुवै प्रयोजनको लागि ओसार पसार गर्न सक्ने हुँदा त्यसमा निजको साथबाट बरामद भएको लागु औषधको मात्रा र अन्य प्रमाणहरूको आधारमा विचार गरिनुपर्ने।<br>▪ प्रतिवादीको साथबाट लागु औषध बरामद हुनुलाई मात्र लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिमको सजाय गर्नको लागि पर्याप्त आधार मान्न मिल्दैन। सेवनबाहेक अन्य प्रयोजनको लागि प्रतिवादीहरूले साथमा लिई हिँडेका हुन् भन्ने तथ्य स्थापित हुनुपर्ने। | ११४० |
| १४. | १००३४<br><br>संयुक्त<br><br>लिखत बदर | धनमाया दरै<br>विरूद्ध<br>डिलबहादुर<br>दरैसमेत | ▪ मूल्यको आधारमा सम्पत्तिको मूल्याङ्कन हुने हो। जग्गाको क्षेत्रफल ज्यादा हुने बित्तिकै वा आधाभन्दा बढी हुने बित्तिकै सम्पत्ति आधा हुने होइन। सम्पत्तिको मूल्याङ्कन क्षेत्रफलको आधारमा नभई खरिद बिक्री हुने मूल्यमा गर्नुपर्ने हुन्छ। सम्पत्तिको अर्थ नै मूल्य हो। मूल्यको आधारमा हेर्दा आधाभन्दा बढी मूल्यको जग्गा बिक्री गरेको देखिएको अवस्थामा केबल क्षेत्रफललाई मात्र आधार लिई आधाभन्दा कम जग्गा बिक्री भएको भनी व्याख्या गर्नु न्यायसम्मत देखिन नआउने। | ११४८ |
| १५. | १००३५<br><br>संयुक्त<br><br>अंश दर्ता | प्रेमप्रसाद तिम्सिनासमेत<br>विरूद्ध<br>रामानन्द तिम्सिना | ▪ मानो छुट्टिएको लिखतले मान्यता प्राप्त गर्न अनिवार्यरूपमा रजिस्ट्रेसनको महलको १ नं. अनुसार पारित भएको हुनुपर्दछ। व्यवहार प्रमाणबाट कार्यान्वयन नै हुन नसकेको, अस्तित्वमा नै नआएको | ११५३ |

| | | | | |
|---|---|---|---|---|
| | | | घरसारमा भएको भनिएको अंशबन्डाको लिखतका आधारमा मानो छुट्टिएको मिति कायम गर्न नमिल्ने । <br>▪ कसैको निजी आर्जनको सम्पत्तिलाई पैतृक (अंशबन्डा लाग्ने) सम्पत्तिमा मिसाइयो **(Blended in Common Stock)** भने त्यस्तो सम्पत्तिले समेत पैतृक सम्पत्ति अर्थात् सबै अंशियारको हक लाग्ने साझा सम्पत्तिको स्वरूप धारण गर्दछ । यो अंशसम्बन्धी विधिशास्त्रीय मान्यता हो । त्यसैले कुनै निजी आर्जनको सम्पत्ति बन्डा नलाग्ने मानिनका लागि त्यस्तो सम्पत्तिमा अन्य अंशियारहरूको समेत साझा हक लाग्ने पैतृक सम्पत्ति मिसाइएको **(Blended)** हुन नहुने । | |
| १६. | १००३६<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | रोशनकुमार श्रेष्ठ<br>विरूद्ध<br>नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, के.का. भद्रकाली प्लाजा काठमाडौंसमेत | ▪ कुनै पनि संस्थाले कर्मचारीको नियुक्ति गर्दा केही उद्देश्य राखेको हुन्छ । कर्मचारीसम्बन्धी सेवा सर्तलाई कर्मचारीले पाउने र संस्थाले उपलब्ध गराउने सुविधाहरू लिपिबद्ध गरिराखेको अवस्थामा त्यस्तो सेवा सर्त प्रचलित कानूनसँग नबाझिएसम्म कर्मचारी तथा रोजगारदाता दुवैले समान रूपमा मान्नु पर्ने नै हुन्छ । कर्मचारीले सुविधाको दाबी गर्दै जाने र रोजगारदाताको लागि गर्नुपर्ने काममा लापरवाही गर्ने वा बद्नियत चिताई कुनै काम गर्ने वा तोकिएको काममा अटेर गरी बस्ने कर्मचारीलाई त्यस्तो सेवा सर्त एवं प्रचलित कानूनले पनि सुविधा दिन सक्दैन । सेवा सर्तले तोकेको पुर्वावस्थाहरू पूरा भएको अवस्थामा मात्र त्यसबमोजिमको सुविधाको माग गर्न मिल्ने । | ११६८ |

| | | | | |
|---|---|---|---|---|
| १७. | १००३७<br><br>संयुक्त<br><br>कर्तव्य ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>पदमबहादुर<br>गुरूङसमेत | ▪ जाहेरीलाई अभियोग प्रमाणित गर्ने एक महत्त्वपूर्ण प्रमाण मानिन्छ तर जाहेरी दरखास्तमा उल्लेख भएको बेहोरा अन्य संकलित प्रमाणबाट समर्थित भएको हुनुपर्दछ । जाहेरी दरखास्त स्वयंमा निश्चयात्मक (Conclusive) प्रमाण होइन । अभियोग लगाइएको कुनै पनि व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्नुपूर्व जाहेरी दरखास्तको न्यायिक परीक्षण आवश्यक हुने ।<br>▪ सहअभियुक्तको पोल आफैँमा सारभूत प्रमाण होइन, यो न्याय निर्क्योल गर्न एउटा थप आधार मात्र हो । यसैलाई मूल प्रमाण मानी इन्साफ गरिने पनि होइन । सहअभियुक्तको पोल स्वतन्त्र प्रमाणबाट समर्थित हुनुपर्छ तब मात्र त्यसलाई प्रमाणको रूपमा लिन सकिन्छ । त्यसरी समर्थित नभएमा प्रमाणमा लिन मिल्ने देखिँदैन । सहअभियुक्तले अपराध गर्नमा समान दायित्व कवुल गरी पोल गरेको नदेखिएको अवस्थामा सहअभियुक्तको पोल कसुर कायम गर्ने आधारभूत प्रमाणको रूपमा स्थापित हुने नदेखिने । | ११७७ |
| १८. | १००३८<br><br>संयुक्त<br><br>कर्तव्य ज्यान | विरेन राई<br>विरूद्ध<br>नेपाल सरकार | ▪ भवितव्य ठहर्न, ज्यान लिने इविलाग वा मनसाय नभएको मात्र होइन प्रतिवादीले गरेको कार्यबाट पीडित मर्ला जस्तो पनि देखिनु हुँदैन । अर्थात् गरेको कुनै कार्यबाट मर्ला जस्तो देखिन्छ, अर्थात् गरेको कार्य र निस्केको परिणामबीच तादात्म्यता देखिन्छ र सोको जानकारी | ११८६ |

| | | | | |
|---|---|---|---|---|
| | | | (Knowledge) भई कार्य गरेको छ भने त्यसलाई भवितव्य मान्न मिल्दैन । भवितव्य हो वा होइन भन्नेमा कारण र परिणामको के कस्तो सम्बन्ध छ सो हेरिनु पर्ने । | |
| १९. | १००३९<br><br>संयुक्त<br><br>परमादेश | अधिवक्ता प्रेमचन्द्र राई<br>विरूद्ध<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ▪ निर्वाचनमा मतदान गर्ने अधिकार नागरिकको संवैधानिक अधिकार भई प्रत्येक नागरिकलाई विना भेदभाव निर्वाचनमा सहभागी हुन पाउने समान अवसर प्रदान गर्नुपर्ने र सोको लागि कानूनी, प्रशासनिकलगायत अन्य कुनै पनि आवश्यक उपाय अवलम्बन गर्नु राज्यको दायित्व भएको हुँदा तथा लोकतान्त्रिक प्रणालीअन्तर्गत हुने निर्वाचनमा सबै नागरिकहरूको वास्तविक इच्छा र भावनालाई प्रतिविम्बित गरी निर्वाचनलाई व्यापक रूपमा जनसहभागितामूलक बनाउनको लागि वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका नेपाली नागरिकहरूलाई समेत मतदानको अधिकार प्रदान गर्ने गरी उचित प्रबन्ध गर्नु राज्यको दायित्व हुने । | ११९५ |
| २०. | १००४०<br><br>संयुक्त<br><br>कर्तव्य ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>लिला इजम लिम्बूसमेत | ▪ नेपालबाहिर भएको वारदातलाई नेपालभित्र भएको भन्ने कृत्रिम वारदात र सो आधारमा कृत्रिम नै कागजातहरू खडा गरी मुद्दा चलाएकै आधारमा मात्र त्यस्तो मुद्दाले नेपालभित्रको अदालतको अधिकारक्षेत्र ग्रहण गर्न सक्दैन । फौजदारी मुद्दामा नेपालको अदालतको अधिकारक्षेत्र सृजना हुनको लागि वारदात | १२१३ |

| | | | | |
|---|---|---|---|---|
| | | | नेपालभित्र नै भएको तथा निर्विवाद एवं शंकारहित तबरबाट वस्तुनिष्ठ आधारमा नै पुष्टि हुन जरूरी छ, यस सम्बन्धमा रत्तिभर कुनै पनि विवाद हुन र सो देखिन नहुने। | |
| ३१. | १००४१<br>संयुक्त<br>उत्प्रेषण | सागर शर्मा<br>विरूद्ध<br>करदाता सेवा कार्यालय, कलंकी, काठमाडौंसमेत | ▪ बैंक तथा वित्तीय संस्थाहरूबाट अंशियारको मन्जुरी बेगर कम्पनी वा सगोलको सम्पत्ति घरको मुख्य व्यक्तिले धितो राखी लिएको ऋणमा रहने र भएका लिलामी काम कारबाही र लिलामीको कार्यमा अन्य अंशियारले हाम्रोसमेत अंश लाग्ने सम्पत्ति हो भनी दाबी गरेको अवस्थामा धितोमा राखेको सम्पत्ति कस्तो प्रकृतिको हो ? धितो राख्ने व्यक्ति परिवारमा कुन हैसियतमा रहेका छन् ? अंशियारले अन्य सम्पत्तिबाट अंश पाउने अवस्था छ छैन ? बैंक एवं वित्तीय संस्थाबाट दिए लिएको ऋण सुरक्षणबापतको धितो लिलामी कारबाही एवं अंशियारले दिएका अंश र लिखत बदर मुद्दाहरू कुन अघिपछि हुन् ? बैंक तथा वित्तीय संस्थाको ऋण असुलीको कामकारबाही निष्क्रिय हुने गरी त्यस विरूद्ध अंशियार वा जुनसुकै व्यक्ति निकाय वा संस्थाबाट दिइने जुनसुकै मुद्दाहरू पनि मिलोमतोबाट बैंक तथा वित्तीय संस्थाहरूलाई मात्र नोक्सानी पार्ने नियतबाट दिएको हो होइन ? भनी कानूनी आधारमा हेर्नुपर्ने। | १२२६ |

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन्।

– सम्पादक

## निर्णय नं. १००२१

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
फैसला मिति : २०७३।१०।१३
०७२-NF-०००२

मुद्दा: कर्तव्य ज्यान

पुनरावेदक / प्रतिवादी : कास्की जिल्ला, अर्मला गा.वि.स. वडा नं.८ बस्ने कुमान गुरूङसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : कृष्णकुमारी सापकोटाको जाहेरीले नेपाल सरकार

- **फौजदारी मुद्दामा प्रत्यक्ष प्रमाणको महत्त्वपूर्ण स्थान रहने भन्ने कुरामा विवाद हुन सक्तैन । तर कुनै मुद्दामा प्रत्यक्ष प्रमाण उपलब्ध नभएकै आधारमा अपराध र अपराधीको बारेमा खोजबिन नहुने भन्ने हुँदैन । प्रत्यक्ष प्रमाण उपलब्ध नभएको स्थितिमा परिस्थितिजन्य प्रमाण (Circumstantial Evidence) को सहाराबाट मिसिलमा रहेको तथ्य एवम् प्रमाणहरूको विश्लेषण गरी अपराध र अपराधीको बारेमा न्यायिक निरूपण हुन आवश्यक हुने ।**
- **कुनै घटनामा परिस्थितिजन्य प्रमाणले नै घटनाक्रम उजागर गरी घटनाको पुष्टि गरिरहेको छ भने प्रत्यक्ष प्रमाण प्रस्तुत हुन नसकेकै कारण निर्दोषिताको आधार बन्न नसक्ने ।**

(प्रकरण नं.१०)

- **अ.बं.१८८ नं. को व्यवस्थाले मूल रूपमा निर्णयकर्ताले इन्साफको रोहमा घटित घटना भवितव्य हो कि भन्न हुनेसम्मको शंकाको स्थितिको विद्यमानता हुनुपर्ने वा कसुरदारले अपराध गरेको अवस्था तथा परिस्थितिलाई विचार गर्दा कसुरदारलाई तोकिएको सजाय गर्दा चर्को पर्न जाने भन्ने कुराको महसुस भएको अवस्था विद्यमान हुनुपर्ने देखिन्छ । निर्णयकर्ताले यी दुई वाक्यांशलाई ध्यान दिई यी दुई वाक्यांशलाई समर्थन गर्ने आधार प्रमाण मिसिलमा भएको कुरा र ती आधार प्रमाणका आधारमा आफूले सजाय घटाउन राय प्रस्ताव गरिएको भन्ने कुरा सो रायबाट नै स्पष्ट रूपमा देखाउन सक्नु पर्ने ।**

(प्रकरण नं.१५)

- **पुनरावलोकनको रोहमा विचाराधीन मुद्दाका सन्दर्भमा अ.बं.१८८ नं. बमोजिम व्यक्त भएको राय कायम गर्ने वा नगर्ने भन्ने कुरा सम्बन्धित इजलासको स्वविवेकभित्र पर्ने विषयवस्तु हो । कसुरदारले कसुर गर्दाको अवस्था परिस्थितिलगायतका यावत् पक्षहरूलाई मनन गरी त्यस्तो राय कायम राख्ने वा नराख्ने निर्णय गर्न सम्बन्धित इजलास स्वतन्त्र रहन्छ तर अ.बं.१८८ नं. को राय कायम हुन पर्ने वा नपर्ने भन्ने जिकिर लिई पुनरावलोकनको निवेदनमार्फत चुनौती दिने हक मुद्दाका पक्षहरूलाई हुन नसक्ने ।**

(प्रकरण नं.१८)

पुनरावेदक/प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री रामचन्द्र त्रिपाठी, श्री सन्तोषकुमार पाण्डे र श्री जयनारायण पौडेल

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री गुरूप्रसाद वाग्ले

अवलम्बित नजिर :

- ने.का.प.२०६८, अंक २, नि.नं.८५५२

सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.
- मुलुकी ऐन, अ.बं.१८८ नं.

सुरू तहमा फैसला गर्ने:

मा.जिल्ला न्या.श्री नीलकण्ठ उपाध्याय रेग्मी
कास्की जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने:

माननीय न्यायाधीश श्री रामप्रसाद खनाल
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
पुनरावेदन अदालत पोखरा

सर्वोच्च अदालतको संयुक्त इजलासबाट फैसला गर्नेः

माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय
मा. न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय

फैसला

**न्या.ओमप्रकाश मिश्र :** यस अदालत संयुक्त इजलासको मिति २०७१।७।१७ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को देहाय (ख) बमोजिम पुनरावलोकन गरी हेरिपाउँ भनी प्रतिवादीहरूको तर्फबाट परेको निवेदनमा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान भई आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

कास्की जिल्ला, अर्मला गा.वि.स. वडा नं.८ तिबेनियास्थित जंगलमा वनमासाको झाडीमा आलो माटोले पुरिएको, खन्दै जाँदा ५/५ फिट लम्बाई र ३ फिट चौडाईको खाल्डोमा उत्तर टाउको, दक्षिण गोडा पारी उत्तानो अवस्थामा रहेको मृतक लास फेला परेको, दुवै आँखा बन्द, बायाँतर्फको भाग किचिएको, जिब्रो टोकिएको र बाहिर निस्किएको, घाँटी लुलो भई टाउको लत्रिने भएको, टाउकोको बायाँतर्फ अंग्रेजी "भि" आकारको ४ इन्च लम्बाईको चोट देखिएको, लास सडी गलिसकेको र दुर्गन्धित अवस्थामा रहेको देखिएको भन्ने बेहोराको लास जाँच मुचुल्का।

कास्की जिल्ला, अर्मला गा.वि.स. वडा नं.९ स्थित रमेश सापकोटाको घरमा दैलो ठेलानजिक गारोको भित्ता उप्किएको र सोही ठाउँमा रमेश सापकोटालाई कुटपिट गरिएको भन्ने बेहोराको घटनास्थल मुचुल्का।

रमेश सापकोटालाई कुमान गुरूङ, ध्रुव गुरूङ, जितबहादुर गुरूङ, ओमप्रकाश गुरूङसमेतले नेत्रप्रसाद नेपालीको गोरुको खुट्टा काटी दिएको विषयलाई लिएर कुटपिट गरी घाँटी कसी मारी मिति २०६६।५।१९ गते तिबेनिया जंगलमा लास गाडेको अवस्थामा लास फेला पारी लास हेर्दा गम्भीर चोटपटक लागेको अवस्था रहेको हुँदा निजहरूले रमेश सापकोटालाई कुटपिट गरी कर्तव्यबाट मारी लास गाडिदिएको हुँदा कारबाही गरिपाउँ भन्ने बेहोराको जाहेरी दरखास्त।

मिति २०६६।५।३ गते बेलुकी २१.५० बजे समयमा कुमान गुरूङसमेत आई नेत्रप्रसाद नेपालीको गोरुले रमेश सापकोटाको घाँस खाई गोरुको खुट्टा काटिदिएको सम्बन्धमा छलफल गर्न मगना गुरूङले बोलाएको छ भनी मलाई रमेश सापकोटाको घरमा पुऱ्याए। मगना गुरूङले रमेश सापकोटालाई कुटपिट गर्दै थिए। चार जनाले बाँधी हात मुक्का, हँसियाले हानी मरेतुल्य भएको थियो। तैंले कसैलाई बताइस् भने तँलाई पनि माछौं भन्दै धम्की दिई रमेश सापकोटालाई कुटपिट गर्दै थिए। चारै जनाले बाँधी हातमुक्का, हँसियाले हानी मरेतुल्य भएको थियो।

रमेश सापकोटाको घाँटीमा लगाएको तारले तान्दै तिबेनिया जंगलतर्फ लागेका हुन्। म आफ्नो घरमा गई सुतेँ। भोलिपल्ट रमेश सापकोटा हराएको भनी मिटिङ बस्यो। मलाई मिटिङमा नआउनु भनेका हुँदा गइन। १९ गते तिबेनिया जंगलमा खाडलमा लास भएको थाहा पाई प्रहरी आई उत्खनन गर्दा रमेश सापकोटाको लास फेला परेको हो भन्ने बेहोराको मनबहादुर तामाङको कागज।

लास सडी गलिसकेको हुँदा मृत्युको कारण यकिन भन्न नसकिने भन्ने बेहोराको पोस्टमार्टम रिपोर्ट।

मिति २०६६।५।२ गतेका दिन दाजुको छोराको मृत्यु भएकोले उक्त ठाउँमा गई घर फर्कँदा गोरुको खुट्टा काटिएको अवस्थामा पाएँ। गोरुले रमेश सापकोटाको पिँढीमा रहेको घाँस खाएको देखेको हुँदा निजले गोरुको खुट्टा काटिदिएको विषयमा सोधपुछ गर्न कुमान गुरूङ, ध्रुव गुरूङ, जितबहादुर र ओमप्रकाश गुरूङलाई बताएको थिएँ। मिति २०६६।५।४ गते बिहान रमेश सापकोटा हराएकोले खोजतलास गर्दा अर्मलाको जंगलमा खाडलमा गाडिएको अवस्थामा लास फेला पारी प्रहरीले उत्खनन् गरी निकालेको थाहा पाएको हुँ। रमेश सापकोटालाई ओमप्रकाश गुरूङ, कुमान गुरूङ, जितबहादुर गुरूङ र ध्रुव गुरूङसमेतले कर्तव्य गरी लास गाडिदिएको भन्ने बेहोराको नेत्रप्रसाद नेपालीको कागज।

मिति २०६६।५।२ गतेका दिन नेत्र नेपालीको गोरुको खुट्टा कसले काटिदिएको भनी पत्ता लगाउन नेत्र नेपालीले ध्रुव गुरूङ, ओमप्रकाश गुरूङ, जितबहादुर गुरूङ र कुमान गुरूङलाई भनेका थिए। मिति २०६६।५।३ गते साँझमा हामी ४ जना भेट भई रमेश सापकोटाको घाँस खाएकोले निजले गोरुको खुट्टा काटिदिएको विषयमा कुराकानी गर्न जाँदा रमेश सापकोटाले विभिन्न कुरा गरेको हुँदा पालैपालो लात मुक्काले हानेका हौं। बिजुलीको तारले घाँटीमा फनफनी बेरी एकातर्फ ध्रुव गुरूङ र जितबहादुर अर्कोतर्फ ओमप्रकाश र मैले तानी हात खुट्टा फालेकोले छट्पटाउन छाडे। त्यसपछि हामी चारैजनाले रमेश सापकोटालाई बोरामा हाली जंगलमा लगी खाडल खनी गाडेको हो भन्ने बेहोराको कुमान गुरूङको बयान।

मिति २०६६।५।२ गतेका दिन रमेश सापकोटाको घरमा नेत्रप्रसाद नेपालीको गोरुले घाँस खाई गोरुको खुट्टा काटिदिएको विषयमा सोधपुछ गरिदिनु पर्‍यो भनी नेत्रप्रसाद नेपालीले भनेका थिए। मिति २०६६।५।३ गते साँझमा जितबहादुर गुरूङ, कुमान गुरूङ, ध्रुव गुरूङ र म रमेश सापकोटाको घरमा गई सोधपुछ गर्ने क्रममा निज रमेश सापकोटाले अपशब्द प्रयोग गर्दै गाली गरेको हुँदा ध्रुवले एक थप्पड लगाए। त्यसपछि मसमेतले हात मुक्काले कुटपिट गरी मैले तानी दिँदा छट्पटाउन छाडेपछि निजलाई बोरामा पोको पारी जंगलमा लगी खाडल खनी गाडिदिएको हो भन्ने बेहोराको ओमप्रकाश गुरूङको बयान।

नेत्रप्रसाद नेपालीको गोरुको खुट्टा काटिएको विषयमा रमेश सापकोटाको घरमा गई सोधपुछ गर्न खोज्दा निजले अपशब्द प्रयोग गर्दै गाली गरेकोले बिजुलीको तारले घाँटीमा फनफनी बेरी कुटपिट गर्दै एकातर्फ कुमान गुरूङ र ओमप्रकाश गुरूङ अर्कोतर्फ ध्रुव र मैले तानी दिँदा छट्पटाउन छाडेपछि निजलाई बोरामा पोको पारी जंगलमा लगी खाडल खनी गाडिदिएको हो भन्ने बेहोराको जितबहादुर गुरूङको बयान।

रमेश सापकोटाले नेत्रप्रसाद नेपालीको गोरुले घाँस खाएकोले गोरुको खुट्टा काटिदिएको विषयमा कुराकानी गर्न रमेश सापकोटाको घरमा पुग्दा रमेश सापकोटाले अपशब्द प्रयोग गर्दै गाली गरेकोले बिजुलीको तारले घाँटीमा फनफनी बेरी बाँधी तानी दिँदा छट्पटाउन छाडेपछि बोरामा पोको पारी जंगलमा लगी खाडल खनी गाडिदिएको हो भन्ने बेहोराको ध्रुव

गुरूङको बयान।

रमेश सापकोटाले गोरुको खुट्टा काटिदिएको विषयमा ध्रुव गुरूङ, कुमान गुरूङ, जितबहादुर गुरूङ र ओमप्रकाश गुरूङले निजलाई कुटपिट गरी बाँधी घाँटी कसी कर्तव्य गरी लासलाई जंगलमा लगी गाडिदिएको अवस्थामा लास फेला परेको हो भन्ने बेहोराको बुझिएका मानिसहरूको कागज।

प्रतिवादी कुमान गुरूङसमेत चारैजना प्रतिवादीहरूको साबिती बयान, किटानी जाहेरी, सरिता भण्डारीसमेतका मौकामा बुझिएका व्यक्तिहरूको कागज र घटनास्थल मुचुल्काका आधार प्रमाणबाट मिति २०६६।५।३ गते बेलुकी २१:४५ बजे रमेश सापकोटाले नेत्रप्रसाद नेपालीको गोरुको खुट्टा काटिदिएको रिसइवीका कारणले प्रतिवादीहरू कुमान गुरूङ, ध्रुव गुरूङ, ओमप्रकाश गुरूङ र जितबहादुर गुरूङले रमेश सापकोटालाई कुटपिट गरी घाँटीमा बिजुलीको तारले कसी कर्तव्य गरी मारेको देखिएको हुँदा प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. अनुसारको कसुर गरेको देखिँदा निजहरूलाई ऐ.१३(३) नं. अनुसार सजाय गरिपाउँ भन्ने अभियोग माग दाबी।

नेत्रप्रसाद नेपालीको गोरुले रमेश सापकोटाको घाँस खाइदिएको विषयमा कुमान गुरूङ, ओमप्रकाश गुरूङ, जीतबहादुर गुरूङ र मसमेत मिति २०६६।५।३ गते रमेश सापकोटाको घरमा गई गोरुको खुट्टा काट्न हुन्थेन भन्दा उसले हामीलाई गाली गरेकाले हामी चारैजनाले निजलाई सामान्य कुटपिट गरी आँगनमा छाडिदिएको हो। पछि उनको लास जंगलमा गाडिदिएको अवस्थामा फेला परेको थाहा भयो। हामीले उनलाई हतियार प्रयोग गरी कुटपिट गरेको र तारले घाँटीमा कसेर मारी जंगलमा लगेर गाडेको होइन। जाहेरी झुट्टा हो। सफाइ पाउँ भन्ने बेहोराको प्रतिवादी ध्रुव गुरूङको अदालतमा भएको बयान।

मिति २०६६।५।१ गते नेत्रप्रसादको गोरुले आफ्नो घाँस खाएकोले रमेश सापकोटाले गोरुको खुट्टा काटिदिएको विषयमा छलफल गर्न मिति २०६६।५।३ गते कुमान गुरूङ, ओमप्रकाश, ध्रुव गुरूङ र म रमेश सापकोटाको घरमा गई गोरुको खुट्टा काट्न हुन्थेन भनी सम्झाउँदा रक्सी खाई बसेका निज रमेशले गोरुको खुट्टा मात्र होइन तिमीहरूलाई पनि काटिदिन्छु भनी हामीलाई कुटपिट गर्न आई हात हालाहाल हुँदा निज सामान्य घाइते भए। त्यसपछि रक्सी खाएका मान्छेलाई कुटपिट गर्नु हुँदैन। भोलिपर्सी कुरा गरौंला भनी त्यहाँबाट आ-आफ्नो घर गएका हौं। तारले घाँटीमा कसेर मारी जंगलमा लगेर गाडेको होइन। उनको मृत्यु कसरी भयो थाहा भएन। जाहेरी झुट्टा हो। अभियोग दाबीबाट सफाइ पाउँ भन्ने बेहोराको प्रतिवादी जीतबहादुर गुरूङको अदालतमा भएको बयान।

मिति २०६६।५।१ गते नेत्रप्रसाद नेपालीको गोरुले रमेश सापकोटाको घाँस खाएकोले उसले गोरुको खुट्टा काटिदिएको हुँदा ऐ.३ गते बेलुकी म र अन्य ३ जना प्रतिवादीहरू रमेश सापकोटाको घरमा गई सोधपुछ गर्दा उनले रक्सी खाएका र हामीसँग झगडा गरेकोले २/४ मुक्का हिर्काई भुइँमा लडेपछि हामी घर गएका हौं। निजलाई कर्तव्य गरी मारेको र तारले तान्दै जंगलमा लगेर खाल्डो खनी पुरेको होइन। जाहेरी झुट्टा हो। म निर्दोष छु। सफाइ पाउँ भन्ने बेहोराको प्रतिवादी ओमप्रकाश गुरूङको अदालतमा भएको बयान।

मिति २०६६।५।१ गते नेत्रप्रसाद नेपालीको गोरुले रमेश सापकोटाको घाँस खाएकोले उनले सो गोरुको खुट्टा काटिदिएको हुँदा ऐ.३ गते बेलुकी हामी चारैजना रमेशको घरमा सम्झाई बुझाई गर्दा ऊ रक्सी खाएको र झगडा गर्न लागेकोले हामीले ४/५ थप्पड लगायौं। ऊ भुइँमा लडेपछि हामी घरतिर गएका हौं। निजलाई हामीले मर्ने गरी कुटेको होइन र मरेपछि लतार्दै जंगलमा लगेर गाडेको पनि होइन। जाहेरी झुट्टा

हो। म निर्दोष छु। सफाइ पाउँ भन्ने बेहोराको प्रतिवादी कुमान गुरूङको अदालतमा भएको बयान।

रमेश सापकोटाको मृत्यु कर्तव्यबाट भई जंगलमा लगी गाडिएकोमा विवाद देखिएन। गोरुको खुट्टा काटेको विषयमा छलफल हुँदा कुटपिट भएको कुरा प्रतिवादीहरूले स्वीकार गरेकै छन्। यी प्रतिवादीहरूबाहेक अन्यले मारेको भन्ने कतै नहुँदा प्रतिवादी कुमान गुरूङ, ओमप्रकाश गुरूङ, जितबहादुर गुरूङ र मगना भन्ने ध्रुव गुरूङले रमेश सापकोटालाई कर्तव्य गरी मारेको र यसैको सांघातिक चोटले मरेको भन्ने नदेखिँदा सबैलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. ले जन्मकैद हुने ठहर्छ। प्रतिवादीहरूको मृतकसँग कुनै पूर्वरिसइवी देखिँदैन। मृतकले नेत्रप्रसादको गोरुको खुट्टा काटिदिएको विषयमा छलफल गर्नसम्म गएको अवस्थामा भनाभन भई कुटपिट भएको, गोरुको खुट्टा काट्न हुन्थेन भनी सम्झाउँदा उल्टै मृतकले गाली गरेको, प्रतिवादीहरू आफैँ प्रहरीमा उपस्थित भई कानूनबमोजिम होस् भनी अनुसन्धानमा र अदालतमा सत्य कुरा व्यक्त गरी सहयोग गरेको देखिँदा जन्मकैद गर्दा चर्को पर्न जाने हुँदा अ.बं.१८८ नं. अनुसार १०/१० वर्ष कैद हुन राय व्यक्त गर्दछु भन्ने बेहोराको सुरू कास्की जिल्ला अदालतको मिति २०६८।२।४ को फैसला।

कास्की जिल्ला अदालतको फैसलामा चित्त बुझेन। घटनास्थल प्रकृति मुचुल्काले कुटपिट भएको स्थानसम्म पनि किटान छैन। उक्त घटना भयो भनिएको ठाउँमा पनि कुनै संकेत देखिएको छैन। शव परीक्षण प्रतिवेदनमा लास सडेगलेको हुँदा मृत्युको कारण खुलाउन नसकिने भनिएको छ। लास प्रकृति मुचुल्कामा त्यस्तो स्थिति वा चोटपटक र तारले बाँधेको कुनै संकेत देखिँदैन। बुझिएका मानिस, स्वयं जाहेरवाला र मेरा साक्षी जुमप्रसाद गुरूङले मृतक बढी रक्सी सेवन गर्ने अल्कोहलिक भएको भनेको अवस्था छ। केवल अनुमान र शंकाकै भरमा हामीहरूलाई दोषी ठहर गर्न मिल्ने अवस्था होइन। सुरू फैसला त्रुटिपूर्ण हुँदा बदर गरी आरोपित कसुरबाट सफाइ पाउँ भन्ने बेहोराको प्रतिवादीहरूको पुनरावेदन अदालत पोखरामा परेको संयुक्त पुनरावेदन जिकिर।

पूर्वरिसइवी नभई तत्काल भएको भनाभनबाट सामूहिक रूपले कुटपिट गरेको कारणबाट मृत्यु भएको अवस्थामा ज्यानसम्बन्धीको महलको १३(३) नं. को सजाय गरेको सुरू कास्की जिल्ला अदालतको फैसला फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं. बमोजिम छलफलको लागि पुनरावेदन सरकारी वकिल कार्यालय, पोखरालाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने मिति २०६८।५।११ को पुनरावेदन अदालत पोखराको आदेश।

पुनरावेदक प्रतिवादीहरूको सामूहिक कुटपिटको कारण रमेश सापकोटाको मृत्यु भएको, यसैको चोटको कारण मृत्यु भएको भन्ने खुल्न नआएको हुँदा प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको र मृतकसँग प्रतिवादीहरूको पूर्वरिसइवी केही नभएको, नेत्रप्रसाद नेपालीको गोरुको खुट्टा मृतकले काटिदिएको विषयमा छलफलको क्रममा वादविवाद भई कुटपिट हुन गएको र प्रतिवादीहरूले आफूले गरेको गल्ती महसुस गरी आफैँ प्रहरी कार्यालयमा उपस्थित भई न्यायिक प्रक्रियामा सहयोग गरेको तथ्यलाई विचार गर्दा प्रतिवादीहरूलाई अ.बं.१८८ नं. अनुसार १०/१० वर्ष कैद हुन सुरूले व्यक्त गरेको राय मनासिबै देखिँदा सुरू कास्की जिल्ला अदालतको मिति २०६८।२।४ को फैसला सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत पोखराको मिति २०६८।८।२६ को फैसला।

मिति २०६६।५।३ का दिन मृतक रमेश सापकोटाले नेत्रप्रसाद नेपालीको गोरुले आफ्नो घाँस खाएको रिसमा गोरुको खुट्टा काटेको विषयमा त्यसो गर्नु हुन्न भनी सम्झाउँदा बुझाउँदा उल्टै मृतक

रमेश सापकोटा हामीमाथि आइलागेकोले हामीबाट सामान्य कुटपिट भएको, सो कुटपिटको कारणले मृत्यु भएको पुष्टि नभएको, जाहेरवालीले घटना प्रत्यक्ष आफूले नदेखी अर्काले भनेको कुराको भरमा जाहेरी दिएकोमा पछि अदालतमा Hostile भएकी, हामी प्रतिवादीहरू आफैँ प्रहरीसमक्ष उपस्थित भई न्यायिक कारबाहीमा सहयोग गरेको, अ.बं.११५ नं. बमोजिम बुझिएका घटनाका प्रत्यक्षदर्शी मनबहादुर तामाङले अदालतसमक्ष आई बकपत्र गर्दा घटनामा प्रतिवादीहरूको संलग्नता नरहेको भनी उल्लेख गरेको अवस्थामा हामीहरूउपर कसुर ठहर गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत प्रतिवादीहरूको यस अदालतमा परेको संयुक्त पुनरावेदन पत्र।

कर्तव्य ज्यानजस्तो गम्भीर र संगीन अपराध गरी लाससमेत दबाउने काममा यी प्रतिवादीहरूको संलग्नता पुष्टि भइरहेको स्थितिमा वारदातका प्रत्यक्षदर्शी भनिएका मनबहादुर तामाङले अदालतमा आई प्रहरीसमक्ष आफूले गरेको कागजमा लेखिएको कुरा आफ्नो जानकारीमा नभएको र वारदातमा प्रतिवादीहरू संलग्न नरहेको भनेको र जाहेरवाला कृष्णकुमारी सापकोटा अदालतमा Hostile भएकै भरमा यी प्रतिवादीहरू निर्दोष छन् भन्ने निष्कर्षमा पुग्न सकिएन। तसर्थ, यी चारैजना प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहराएको सुरू कास्की जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०६८।८।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन।

जहाँसम्म अ.बं.१८८ नं. को रायको प्रसङ्ग छ, यी प्रतिवादीहरूले आफूले गल्ती गरेको महसुस गरी आफैँ प्रहरीसमक्ष उपस्थित भई न्यायिक काम कारबाहीमा सहयोग गरेको भन्ने आधारमा सुरूले अ.बं.१८८ नं. को प्रयोग गरी प्रतिवादीहरूलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने भनी जनही १०/१० वर्ष मात्र कैद हुने ठहराएको सुरूको राय समर्थन गरेको पुनरावेदन अदालतको राय सम्बन्धमा विचार गर्नुपर्ने देखियो। अमानवीय तबरले कुटपिट गरेको, घटनामा हँसियासमेतका हतियार प्रयोग भएको, अमानवीय तबरले रातारात लास जंगलमा लगी गाडिएको र घटनापश्चात् यी प्रतिवादीहरू लामो समयसम्म फरार रहेको देखिन्छ। ज्यान मारीसकेपछि पनि कुनै पछुतो भएको नदेखिई घिसार्दै जंगलमा लगी लास गाडी दबाउने प्रयास भएको देखिन्छ। यसरी अपराध गरेको अवस्थाबाट प्रतिवादीहरूतर्फ दया, माया वा नरम दिल गर्नुपर्ने कुनै आधार देखिँदैन। तसर्थ प्रस्तुत मुद्दामा वारदातको दृष्टिबाट भवितव्य हो कि भनी शंका गर्नुपर्ने स्थिति पनि नभएको र अपराध गरेको अवस्थाबाट पनि प्रतिवादीहरूलाई जन्मकैद गर्दा चर्को पर्ने नदेखिएको अवस्थामा जिल्ला तथा पुनरावेदन अदालतबाट अ.बं.१८८ नं. अनुरूप जनही १० वर्ष कैद सजाय लगाएको रायसँग सहमत हुन सकिएन भन्ने यस अदालतको संयुक्त इजलासको मिति २०७१।७।१७ को फैसला।

मिति २०६८।२।४ मा सुरू कास्की जिल्ला अदालतबाट फैसला गर्दा ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसारको कसुर भनी ज्यान मार्नको लागि कुनै मनसाय नभएको, पूर्वरिसइवी पनि नभएको, तत्काल गोरुको विषयमा विवाद भई कुटपिट हुँदा मृत्यु भएको भनी अ.बं.१८८ नं. बमोजिम राय लगाई मिति २०६८।८।२६ मा फैसला भएकोमा मिति २०७१।७।१५ मा सम्मानित सर्वोच्च अदालतबाट फैसला हुँदा उक्त रायसँग सहमत हुन सकिएन भनी जन्मकैद हुने गरी भएको फैसला अ.बं.१८८ नं. तथा सर्वोच्च अदालतद्वारा प्रतिपादित सिद्धान्तसमेतले त्रुटिपूर्ण छ। हामीलाई अदालतद्वारा म्याद जारी गरेको

भन्ने कुरा थाहा पाई आफैँ उपस्थित भई बयान गरेका छौं। हामीहरूले मृतकलाई मार्नु पर्नेसम्मको कुनै कारण र पूर्वरिसइवी पनि छैन। गोरुले घाँस खाई गोरुको खुट्टा काटिदिएको विषयमा छलफल हुँदा मृतकले जथाभावी गाली दिएबाट उठेको रिसको कारण कुटपिट भएको अवस्था मिसिलबाट प्रस्ट देखिन्छ भने स्वयं जाहेरवाली कृष्णकुमारीले अदालतमा आई बयान गर्दा मैले आफूले देखेको नभई मनबहादुर तामाङले भनेको आधारमा जाहेरी दिएको र स्वयं मनबहादुर तामाङले अदालतमा आई बयान कागज गर्दा प्रहरीमा भएको कागज मैले भनेबमोजिम लेखिएको होइन भनी अस्वीकार गरिएको छ भने जाहेरी दरखास्तसमेत आफैँमा खण्डित छ । यस परिप्रेक्ष्यमा विधायिकाद्वारा निर्मित कानून अ.बं.१८८ नं. को स्वविवेकीय अधिकारलाई समेत खण्डित हुने गरी सर्वोच्च अदालत संयुक्त इजलासबाट फैसला हुँदा सो कानून एवं सर्वोच्च अदालत बुलेटिन २०६६ वैशाख १-१५ पूर्णाङ्क ४०३ वर्ष १८ अंक १, त्यस्तै ने.का.प.२०६२ अंक १ नि.नं.७४७७ पृष्ठ १ मणिकुमार राई विरूद्ध कृष्णबहादुर राईको जाहेरीले श्री ५ को सरकार, त्यस्तै ने.का.प.२०६६ भाग ५१ अंक ६ नि.नं.८१६७ जितबहादुर बुढाथोकी विरूद्ध कृष्णबहादुर खत्रीको जाहेरीले नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा सम्मानित अदालतद्वारा प्रतिपादित सिद्धान्त र कानूनसमेतको आधारमा उपर्युक्त संयुक्त इजलासको फैसला त्रुटिपूर्ण हुँदा सुरू कास्की जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला सदर गरी पाउन पुनरावलोकन गरी हेरी न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादीहरूको यस अदालतमा परेको पुनरावलोकन गरिपाउँ भन्ने निवेदन।

यसमा प्रतिवादीहरूले अदालतमा बयान गर्दा सामान्य कुटपिटसम्म गरेको तर मृतकलाई कर्तव्य नै गरी लास गाड्ने कार्य नगरेको भनी इन्कार रहेको देखिन्छ । पोस्टमार्टम रिपोर्टबाट मृत्युको कारण यकिन नभएको अवस्थामा प्रत्यक्ष प्रमाणको अभावमा यी प्रतिवादीहरूले नै कर्तव्य गरी मारेको यकिन हुन आएको देखिँदैन । मुद्दाको उठान, वारदातको स्वरूप र प्रतिवादीहरूको प्रहरीमा भएको साबितीमा थप विश्लेषण नै नगरी अ.बं.१८८ नं. को राय इन्कार गर्ने गरी भएको यस अदालतको संयुक्त इजलासको मिति २०७१।७।१७ को फैसला ने.का.प.२०६६ अंक ६ नि.नं.८१६७ पृ.९४० र ने.का.प.२०६२ अंक १ नि.नं.७४७७ पृ.१ मा प्रतिपादित सिद्धान्तविपरीत भई न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) को अवस्था विद्यमानता देखिँदा प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरिदिएको छ। सम्बन्धित मिसिल झिकाई विपक्षीहरूलाई सोको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।२।२९ गतेको आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री रामचन्द्र त्रिपाठी, श्री सन्तोषकुमार पाण्डे र श्री जयनारायण पौडेलले वारदातको समयमा प्रतिवादीहरू वारदातस्थलमा रही कुटपिटमा संलग्न रहेको पुष्टि हुँदैमा कर्तव्यतर्फ कसुर ठहर गर्न मिल्दैन। जाहेरवाला कृष्णकुमारी सापकोटाले घटनाको विषयमा आफूले देखेको नभई प्रत्यक्षदर्शी भनिएका मनबहादुर तामाङले भनेको भरमा जाहेरी दिएको र अदालतमा Hostile भएको अवस्था छ । साथै प्रत्यक्षदर्शी भनिएका मनबहादुर तामाङले समेत अदालतमा आई प्रतिवादीहरू निर्दोष रहेको बताइरहेको अवस्थामा प्रतिवादीहरूलाई कसुरदार ठहर गर्न मिल्ने अवस्था छैन । साथै यी प्रतिवादीहरूको मृतकसँग कुनै पूर्वरिसइवी देखिँदैन । मृतकले नेत्रप्रसादको गोरुको खुट्टा काटी दिएको विषयमा छलफल गर्न गएका बेला आपसमा भनाभन हुँदा कुटपिटसम्म भएको देखिन्छ। प्रतिवादीहरू आफैँ प्रहरीसमक्ष उपस्थित भई न्यायिक

प्रक्रिया र कारबाहीमा सहयोग गरेको अवस्था हुँदा कसुर ठहर गरेको तर अ.बं.१८८ नं. को राय कायम हुनुपर्ने अवस्था छ । पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गर्दाका आधारलाई यथावतै कायम गरी न्याय पाउँ भन्नेसमेत बहस गर्नुभयो।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री गुरुप्रसाद वाग्लेले प्रतिवादीहरू अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आरोपित कसुरमा साबित रहेका छन् । गोरुको खुट्टा काटिएको विषयमा छलफल गर्न गएकोमा झगडा भएको कुरा स्वीकारेका छन् । छलफल गर्न जाँदा पनि उज्यालोमा नगई रातिको समयमा रक्सी खाएर कुटपिट गर्ने कार्य आपराधिक मनसायबाट ग्रसित भई ४/४ जना प्रतिवादीहरूले १ जना निरीह व्यक्तिउपर निर्मम प्रहार गरी पाशविक तरिकाले हत्या गर्ने कार्य भएको छ । प्रतिवादीहरूसँग सान्दर्भिक विषय नै नभएको कुरामा कानून हातमा लिएर असान्दर्भिक मानिसहरू अर्काको घरमा राति राति गएर कुटपिट गरी मृतकलाई मार्नेसम्मको कार्य गरेकोले सुरू तथा पुनरावेदन अदालतले लगाएको १८८ नं. को राय बदर गरेको संयुक्त इजलासको राय कानूनसम्मत भएकाले सोही सदर हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

उक्त बहससमेतलाई सुनी प्रस्तुत मुद्दा पुनरावेदक प्रतिवादीहरूलाई कसुरदार ठहर गरी ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहराएको सुरू कास्की जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको फैसला सो हदसम्म सदर गरी सुरू र पुनरावेदन तहबाट प्रतिवादीहरूलाई अ.बं.१८८ नं. बमोजिम जनही दश वर्ष कैद सजाय हुने भनी व्यक्त भएको राय कायम नहुने ठहराएको यस अदालतको संयुक्त इजलासको फैसला मिलेको छ वा छैन र प्रतिवादीहरूको जिकिर पुग्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरू कुमान गुरूङ, ओमप्रकाश गुरूङ, जितबहादुर गुरूङ र ध्रुव गुरूङसमेत भई मृतक रमेश सापकोटालाई कुटपिट गरी घाँटीमा बिजुलीको तारले कसी कर्तव्य गरी मारी मृतकको लास जंगलमा लगी खाडल खनी गाडेको भन्ने कुरा किटानी जाहेरी, प्रतिवादीहरूको साबिती बयान, घटनास्थल मुचुल्का एवं मौकामा बुझिएका व्यक्तिको कागजसमेतका आधार प्रमाणबाट पुष्टि भएकाले प्रतिवादीहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिम सजायको माग दाबी लिई वादी पक्षबाट अभियोगपत्र दायर भएको देखिन्छ । सुरू कास्की जिल्ला अदालतले प्रतिवादीहरूले मृतक रमेश सापकोटालाई कर्तव्य गरी मारेको ठहर्‍याई निजहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने र जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने भनी अ.बं.१८८ नं. बमोजिम जनही दश वर्ष कैद सजाय हुने भनी राय व्यक्त भएको फैसला पुनरावेदन अदालत पोखराबाट सदर भएको देखियो । सो फैसलाउपर चित्त नबुझाई प्रतिवादीहरूको यस अदालतमा पुनरावेदन परेकोमा यस अदालतको संयुक्त इजलासबाट प्रतिवादीलाई कसुरदार ठहराएको सुरू र पुनरावेदन तहको फैसला सो हदसम्म सदर गरी अ.बं.१८८ नं. बमोजिमको राय कायम नहुने ठहर्‍याई फैसला भएको देखिन्छ । यस अदालतको सो फैसला पुनरावलोकन गरी हेरिपाउँ भनी प्रतिवादीहरूको यस अदालतमा निवेदन परेकोमा पुनरावलोकनको निस्सा प्रदान भई निर्णयार्थ यस इजलाससमक्ष पेस भएको रहेछ।

३. प्रतिवादीहरूले यस अदालतमा पुनरावलोकन गरी हेरिपाउँ भनी दिएको निवेदनमा निजहरूको मृतकलाई मार्नु पर्ने पूर्वरिसइवी नभएको, गोरुले घाँस खाई गोरुको खुट्टा काटिदिएको विषयमा छलफल हुँदा मृतकले जथाभावी गाली गरेको कारण कुटपिटसम्म भएको, जाहेरवालाले अदालतमा

इन्कारी बयान गरेको अवस्था आफूहरू निर्दोष हुँदाहुँदै कसुरदार ठहराएको र अ.बं.१८८ नं. का स्वविवेकीय अधिकारलाई खण्डित हुने गरी घटी सजाय गर्ने राय कायम नहुने भनी यस अदालतको संयुक्त इजलासबाट भएको फैसला यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत भएको भनी जिकिर लिइएको पाइन्छ।

४. यस अदालतबाट प्रस्तुत मुद्दामा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गर्दा प्रतिवादीहरूले अदालतमा बयान गर्दा मृतकलाई सामान्य कुटपिटसम्म गरेको तर कर्तव्य गरी लास गाड्ने कार्यमा इन्कार गरेका, पोस्टमार्टम रिपोर्टमा मृत्युको कारण यकिन नभएको अवस्थामा प्रत्यक्ष प्रमाणको अभावमा प्रतिवादीहरूले नै कर्तव्य गरी मारेको यकिन नभएको तथा मुद्दाको उठान वारदातको स्वरूप र प्रतिवादीहरूको प्रहरीमा भएको साबितीमा थप विश्लेषण नगरी अ.बं.१८८ नं. को राय इन्कार गरिएको फैसला प्रतिपादित सिद्धान्तविपरीत भएको भन्नेसमेत आधार लिइएको देखिन्छ। उपर्युक्तानुसारको प्रतिवादीहरूको पुनरावलोकनको निवेदन जिकिर एवं यस अदालतबाट पुनरावलोकनको निस्सा प्रदान गर्ने आदेशको पृष्ठभूमिमा प्रस्तुत मुद्दाको तथ्यगत अवस्थासमेतको उल्लेखन हुन सान्दर्भिक हुने देखिन आयो।

५. यस सम्बन्धमा प्रस्तुत मुद्दाको तथ्यगत अवस्था हेर्दा पुनरावेदक प्रतिवादीहरूले मिति २०६७।१।२७ मा जिल्ला प्रहरी कार्यालय कास्कीमा दिएको निवेदनको आधारमा प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। सो निवेदनमा नेत्रप्रसाद नेपालीको गोरुले रमेश सापकोटाको घरमा राखेको घाँस खायो भन्ने रिसले रमेश सापकोटाले गोरुको खुट्टा आँसीले काटिदिएको विषयमा मिति २०६६।५।३ गते मृतक रमेश सापकोटासँग कुरा गर्दा मनपरी अश्लिल शब्द प्रयोग गरी गाली गरेकाले हामी चार जनाले रिस थाम्न नसकी भनाभन र पिटापिट हुँदा रमेश सापकोटाको सोही ठाउँमा मृत्यु भएपश्चात् हामी चारै जना डराएर भागी भारतमा गई बसेकोमा गल्ती महसुस गरी कानूनबमोजिम जो जे सजाय भोग्नुपर्छ भोग्छौं भनी यस कार्यालयमा उपस्थित भएका छौं भन्ने बेहोरा उल्लेख भएको देखियो। उक्त निवेदन जिल्ला प्रहरी कार्यालयमा दिएपश्चात् प्रतिवादीहरू पक्राउ परी प्रस्तुत मुद्दाको कारबाही प्रारम्भ भएको देखिन आयो।

६. प्रस्तुत वारदात मिति २०६६।५।३ मा भएको भन्ने मिसिल संलग्न कागजातबाट देखिएकोमा मिति २०६६।५।१९ मा मृतकको लास तिवेनिया जंगलमा खाल्डो खनी पुरिएको अवस्थामा बरामद भएको देखिन्छ। मृतकको लास बरामद हुँदाको अवस्थामा शरीरको बायाँतर्फको भाग किचिई काटिएको, घाँटी लुलो भई टाउको लत्रिने भएको, टाउकोमा चार इन्च लम्बाईको चोट, पछाडि ढाडको भागमा एघार वटा घोस्रिएको घाउ भएको भन्ने लास जाँच मुचुल्कामा उल्लेख भएको देखिन्छ। मृतकको लास सडीगली गएकोले मृत्युको कारण यकिन गर्न नसकिएको भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भई सोही प्रतिवेदनमा लासमा भएका घाउ चोटका सम्बन्धमा Multiple Fracture of Ribs on Both Sides भन्ने उल्लेख भएको देखिन्छ। यसरी मृतक रमेश सापकोटाको शव जंगलमा खाल्डो खनी माटोमा पुरिएको अवस्थामा बरामद भएको, मृतकको शवको टाउको तथा शरीरका अन्य भागहरूमा घाउ चोटसहितका संघर्षका चिह्नहरू रहेको भन्ने लास जाँच मुचुल्कामा उल्लेख भएको र शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण लास सडी गली गएकाले यकिन गर्न नसकिएको भन्ने शव परीक्षण गर्ने चिकित्सकले राय दिएको भए पनि लासमा विभिन्न चोटहरू रहेको भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको पृष्ठभूमिमा मृतकको मृत्यु स्वभाविक रूपमा भएको मान्न मिलेन। उल्लिखित तथ्यहरूबाट मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने पुष्टि हुन आयो।

७. अब को कसको कर्तव्यबाट निज रमेश सापकोटाको मृत्यु भएको भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादीहरूले मृतकसँग भएको भनाभनमा कुटपिटसमेत हुँदा निजको मृत्यु भएकोले फरार रही भारतमा लुकेको भनी मिति २०६७।१।२७ मा आफैँ जिल्ला प्रहरी कार्यालय कास्कीमा कानूनबमोजिम जे कारबाही हुन्छ होस् भन्ने निवेदन दिई उपस्थित भएको अवस्था छ। निजहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा मृतक रमेश सापकोटाले नेत्रबहादुर नेपालीको गोरुको खुट्टा काटिदिएको विषयमा छलफल गर्न भनी चार जना प्रतिवादीहरू मिति २०६६।५।३ मा मृतकको घरमा गएकोमा मृतकले अपशब्द प्रयोग गरी गाली गरेकाले निजलाई लात मुक्काले हानेको र बिजुलीको तारले मृतकको घाँटीमा फनफनी बेरी तारको एकापट्टि दुई जनाले र अर्कापट्टि दुई जनाले समाई बल गरी तारले घाँटीमा कसी निज मरेपछि जंगलमा लगी खाल्डो खनी गाडेको भनी साबिती बयान गरेको देखिएको छ।

८. प्रतिवादीहरूले अदालतमा गरेको बयानमा निजहरूले जिल्ला प्रहरी कार्यालय कास्कीमा उपस्थित हुँदा दिएको निवेदन बेहोरा एवं अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानभन्दा फरक हुने गरी वारदातको दिन मृतकको घरमा गएको र गोरुको खुट्टो काटिदिएको विषयमा झगडा हुँदा मृतकलाई कुटपिटसम्म गरेको तथ्यलाई स्वीकार गरी मृतकलाई मारेको तथा जंगलमा लगी लास गाडेको भन्ने तथ्यलाई इन्कार गरेको देखिन्छ। प्रतिवादीहरूले अदालतको बयानमा मृतकलाई मारेको भन्ने तथ्यमा इन्कार रहे पनि वारदातपश्चात् गाउँघरबाट भागी घटना भएको लामो समयपश्चात् आफूहरूलाई कानूनबमोजिम कारबाही होस भन्ने निवेदनसाथ प्रहरीमा हाजिर भएको देखिन्छ। निजहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा उल्लेख गरेको स्थानबाट खाल्डो खनी पुरिएको अवस्थामा मृतकको शव बरामद भएको छ। सो बयानमा मृतकको घाँटीमा बिजुलीको तारले कसेको भन्ने उल्लेख भएबमोजिम मृतकको घाँटी लुलो भई टाउको लत्रिने भएको भन्ने लास प्रकृति मुचुल्कामा उल्लेख छ। शव परीक्षण प्रतिवेदनमा समेत मृतकको शरीरमा चोटपटकहरू रहेको भन्ने देखिएको छ। मृतकसँग यी प्रतिवादीहरूको झगडा तथा कुटपिट भएको र प्रतिवादीहरूले नै मृतकलाई मारी जंगलमा लगी लास गाडेको भनी मृतकको लास बरामद भएपश्चात् जाहेरवालाले जाहेरी दिएको देखिन्छ। मौकामा बुझिएका मनबहादुर तामाङ र नेत्रप्रसाद नेपालीले समेत प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको कारण निजको मृत्यु भएको र प्रतिवादीहरूले नै मृतकको लासलाई जंगलमा लगी गाडेको भन्ने उल्लेख गरेको पाइयो।

९. जाहेरवाला र मौकामा कागज गर्ने मनबहादुर तामाङले अदालतमा बकपत्र गर्दा मौकाको कागजभन्दा फरक बेहोरा उल्लेख गरेको देखिए पनि जाहेरवाली स्वयं प्रत्यक्षदर्शी नभएको, वारदातपश्चात् फरार रहेका प्रतिवादीहरूले मृतकलाई कुटपिट गरी मारी लास जंगलमा गाडेको हुँदा कानूनबमोजिम सजाय भोग्न तयार रहेको भनी निवेदनसहित आफैँ प्रहरी कार्यालयमा हाजिर भएको देखिएको, निजहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, मौकामा कागज गर्नेको भनाइ, शव परीक्षण प्रतिवेदनलगायतको स्वतन्त्र प्रमाणबाट समर्थित भएको देखिएको पृष्ठभूमिमा प्रत्यक्षदर्शी भनिएका मनबहादुर तामाङ र जाहेरवालाले मौकामा गरेको भन्दा फरक हुने गरी अदालतमा गरेको अर्कै बेहोराको बकपत्रलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने हुँदैन।

१०. जहाँसम्म प्रत्यक्ष प्रमाणको प्रश्न छ, फौजदारी मुद्दामा प्रत्यक्ष प्रमाणको महत्त्वपूर्ण स्थान रहने भन्ने कुरामा विवाद हुन सक्तैन। तर कुनै मुद्दामा प्रत्यक्ष प्रमाण उपलब्ध नभएकै आधारमा अपराध र

अपराधीको बारेमा खोजबीन नहुने भन्ने हुँदैन । प्रत्यक्ष प्रमाण उपलब्ध नभएको स्थितिमा परिस्थितिजन्य प्रमाण (Circumstantial Evidence) को सहाराबाट मिसिलमा रहेको तथ्य एवम् प्रमाणहरूको विश्लेषण गरी अपराध र अपराधीको बारेमा न्यायिक निरूपण हुन आवश्यक हुन्छ । कुनै घटनामा परिस्थितिजन्य प्रमाणले नै घटनाक्रम उजागर गरी घटनाको पुष्टि गरिरहेको छ भने प्रत्यक्ष प्रमाण प्रस्तुत हुन नसकेकै कारण निर्दोषिताको आधार बन्न सक्तैन । प्रस्तुत मुद्दाको घटनाको उठान तथा तत्पश्चात्का घटना र मृतकका शव बरामद हुँदाको अवस्थितिसमेतको समग्र रूपलाई विचार गर्दा जाहेरवाला र घटनाको प्रत्यक्षदर्शी भनिएका व्यक्तिले प्रतिवादीलाई लाभ पुग्ने गरी अदालतमा अन्यथा जिकिर लिए पनि परिस्थितिजन्य प्रमाणहरू एक आपसमा शृङ्खलाबद्ध रूपमा जोडिएर मालाकार कडीको रूपमा प्रस्तुत हुन आएको सन्दर्भबाट यी प्रतिवादीहरू निर्दोष रहेको मान्न मिलेन । मिसिल संलग्न उपर्युक्त तथ्यहरूबाट प्रस्तुत वारदात भवितव्य हो कि भनी शंका गर्नुपर्ने अवस्था पनि छैन । उल्लिखित अवस्थामा यी प्रतिवादीहरूको कर्तव्यबाट नै मृतक रमेश सापकोटा मृत्यु भएको भन्ने तथ्य स्थापित हुन आयो । यस अवस्थामा प्रतिवादीहरूलाई कसुरदार ठहराएको सुरू र पुनरावेदन अदालतको फैसला सदर गरेको यस अदालतको संयुक्त इजलासको फैसला मनासिब देखिन आएकाले पुनरावलोकनको निवेदनमा आफूहरू निर्दोष भएकाले सफाइ पाउनु पर्ने भनी प्रतिवादीहरूले लिएको जिकिर र पुनरावलोकनको निस्सा दिने यस अदालतको आदेशमा उल्लेख भएको आधारसँग सहमत हुन सकिएन ।

११. अब सुरू र पुनरावेदन अदालतले अ.बं.१८८ नं. बमोजिम प्रतिवादीहरूलाई जनही १० वर्ष कैद हुन व्यक्त भएको राय कायम नहुने भनी यस अदालतको संयुक्त इजलासबाट भएको फैसला सम्बन्धमा प्रतिवादीहरूले पुनरावलोकनको निवेदनमा लिएको जिकिर तथा यस अदालतबाट पुनरावलोकनको निस्सा प्रदान गर्दा अ.बं.१८८ नं. को राय सम्बन्धमा उल्लेख भएको बेहोरा सम्बन्धमा विचार गर्नुपर्ने भएको छ ।

१२. वस्तुतः प्रस्तुत मुद्दामा सुरू कास्की जिल्ला अदालतले प्रतिवादीहरूको मृतकसँग कुनै पूर्वरिसइवी नभएको, मृतकले नेत्रप्रसादको गोरुको खुट्टा काटिदिएको विषयमा छलफल गर्दा भनाभन भई कुटपिट भएको, प्रतिवादी आफैँ प्रहरीमा उपस्थित भई कानूनबमोजिम होस् भनी अनुसन्धान अभियोगमा र अदालतमा समेत सत्य कुरा व्यक्त गरी सहयोग गरेको पृष्ठभूमिमा प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने भएकाले अ.बं.१८८ नं. बमोजिम जनही १० वर्ष कैद हुने राय व्यक्त भएको देखियो । सुरू जिल्ला अदालतको उक्त रायलाई पुनरावेदन अदालतबाट मनासिब ठहर भएकोमा यस अदालतको संयुक्त इजलासबाट उक्त रायसँग असहमति व्यक्त गरी राय कायम नहुने ठहर भएको देखिन्छ । यस अदालत संयुक्त इजलासले उक्त रायसँग असहमति व्यक्त गर्दा निर्मम तबरले कुटपिट गरेको घटनामा हँसियासमेतका हतियार प्रयोग भएको, अमानवीय तबरले रातारात लास जंगलमा लगी गाडिएको र घटनापश्चात् यी प्रतिवादीहरू लामो समयसम्म फरार रहेको, ज्यान मारिसकेपछि पनि कुनै पछुतो भएको नदेखिई घिसार्दै जंगलमा लगी लास गाडी दबाउने प्रयास भएकोले अपराध गरेको अवस्थाबाट प्रतिवादीहरूतर्फ दया, माया वा नरम दिल गर्नुपर्ने कुनै आधार नदेखिएको तथा वारदातको दृष्टिबाट भवितव्य हो कि भनी शंका गर्नुपर्ने स्थिति पनि नभएको र अपराध गरेको अवस्थाबाट पनि प्रतिवादीहरूलाई जन्मकैद गर्दा चर्को पर्ने नदेखिएको भन्ने उल्लेख भएको देखिन्छ ।

१३. प्रतिवादीहरूलाई घटी सजाय गर्ने भनी सुरू र पुनरावेदन अदालतले अ.बं.१८८ नं. बमोजिम व्यक्त गरेको रायलाई इन्कार गरेको यस अदालत संयुक्त

इजलासको फैसला प्रतिपादित सिद्धान्तविपरीत भएको भन्नेसमेत आधारमा प्रस्तुत मुद्दामा पुनरावलोकनको निस्सा प्रदान भएको सन्दर्भमा अ.बं.१८८ नं. को राय इन्कार भएको संयुक्त इजलासको उक्त फैसला पुनरावलोकनको रोहबाट हेरी रायमा परिवर्तन गर्न मिल्ने हो या नमिल्ने हो भन्नेतर्फ विचार गर्नुपर्ने देखिन आयो।

१४. यस सम्बन्धमा मुलुकी ऐन अ.बं.१८८ नं. को व्यवस्था हेर्दा **"ऐनले सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो कि भन्न हुनेसम्मको शंकाले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहऱ्याई आफ्ना चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्न हुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटी सजाय तोक्न हुन्छ"** भन्ने उल्लेख भएको पाइन्छ।

१५. अ.बं.१८८ नं. को उक्त व्यवस्थाले मूल रूपमा निर्णयकर्ताले इन्साफको रोहमा घटित घटना भवितव्य हो कि भन्न हुनेसम्मको शंकाको स्थितिको विद्यमानता हुनुपर्ने वा कसुरदारले अपराध गरेको अवस्था तथा परिस्थितिलाई विचार गर्दा कसुरदारलाई तोकिएको सजाय गर्दा चर्को पर्न जाने भन्ने कुराको महसुस भएको अवस्था विद्यमान हुनुपर्ने देखिन्छ । निर्णयकर्ताले यी दुई वाक्यांशलाई ध्यान दिई यी दुई वाक्यांशलाई समर्थन गर्ने आधार प्रमाण मिसिलमा भएको कुरा र ती आधार प्रमाणका आधारमा आफूले सजाय घटाउन राय प्रस्ताव गरिएको भन्ने कुरा सो रायबाट नै स्पष्ट रूपमा देखाउन सक्नु पर्दछ । साथै यसरी राय व्यक्त गरी प्रस्ताव गरिएको सजायलाई अन्तिम निर्णय दिने अदालतबाट समर्थित भएमा मात्र सो प्रस्तावित राय कार्यान्वयनयोग्य हुने भन्ने कुरा पनि सोही कानूनी व्यवस्थाबाट स्पष्ट हुन्छ।

१६. अ.बं.१८८ नं. को उक्त व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दाको घटनाक्रमलाई हेर्दा प्रतिवादीहरूले मृतकलाई कुटपिट गरी घाँटीमा बिजुलीको तारले फनफनी बेरी तारको एकापट्टि दुई जनाले र अर्कापट्टि दुई जनाले बल गरी घाँटी कसी निर्मम तबरले मारेको देखिएको छ । मृतक आफैँ प्रतिवादीहरूसँग झगडा गर्न गएको नभई यी प्रतिवादीहरू नै मृतकको घरमा गई झगडा गरेको अवस्था छ । घटनाको प्रकृतिलाई हेर्दा भवितव्यबाट वारदात भएको हो कि भन्न सकिने अवस्था छैन । प्रतिवादीहरूले मृतकलाई मारीसकेपछि पनि कुनै पश्चाताप नगरी लास दबाउने उद्देश्यले जंगलमा लगी खाडल खनी मृतकको लासलाई गाडेपश्चात् लामो समयसम्म फरार रहेको देखिएको छ । आफूहरूले प्रतिवादीलाई मारेकाले कानूनबमोजिम होस भन्ने निवेदनसाथ प्रहरी कार्यालयमा हाजिर भएका यी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष कसुर गरेकोमा पूर्ण साबित भई बयान गरे पनि अदालतसमक्षको बयानमा मृतकसँग झगडा र कुटपिटसम्म भएको तर मृतकलाई मारेको र जंगलमा लगी लास गाडेको भन्ने कुरामा इन्कार रहेको देखिएकोले निजहरूले न्यायिक प्रक्रियामा सहयोग गरेको भन्न मिल्ने अवस्था पनि रहेन । यसरी प्रस्तुत मुद्दाको वारदातको अवस्था र प्रकृतिसमेतबाट भवितव्य हो कि भन्ने शंका गर्नुपर्ने स्थिति नभएको र प्रतिवादीहरूले मृतकलाई निर्ममपूर्वक मार्ने र मृतकको लाससमेत दबाई अपराधबाट उम्कनेसमेत मनसाय राखी जंगलमा लगी लास गाड्नेसमेतको आपराधिक कार्यमा अ.बं.१८८ नं. आकर्षित हुनसक्ने अवस्था देखिन आएन।

१७. नेपाल कानून पत्रिका २०६८ अंक २ निर्णय नं.८५५२ म प्रकाशित पुनरावेदक वादी श्यामप्रसाद भट्टको जाहेरीले नेपाल सरकार प्रत्यर्थी प्रतिवादी मुसाई भन्ने विवेक लामा भएको कर्तव्य

ज्यान मुद्दामा यस अदालतको पूर्ण इजलासबाट **"अ.बं.१८८ नं. बमोजिम भएको सजाय बढी भएको भनी प्रतिवादीहरूले अथवा सो घटी सजाय गर्ने रायविपरीत बढी सजाय हुनुपर्ने भनी वादीले पुनरावेदन गर्न पाउने हुँदैन । अ.बं.१८८ नं. को प्रयोगको विषय न्यायिक विवेकको विषय भएकाले त्यसलाई मुद्दाका कुनैपनि पक्षले चुनौती दिन वा सोसम्बन्धी विषयलाई अधिकारको रूपमा दाबी गर्न सक्ने हुँदैन । अ.बं.१८८ नं.मा त्यस्तो राय व्यक्त गर्ने आधारहरू तोकिएको भए तापनि राय व्यक्त गर्ने कुरा सम्बन्धित न्यायाधीशको विवेकको अधीनमा राखिएको छ । त्यसरी राय व्यक्त गर्नुपर्ने गरी कसैले पनि बाध्य गर्न सक्दैन, न त रायमा व्यक्त गरिएभन्दा घटी वा बढी सजाय हुनुपर्ने गरी दाबी नै लिन सकिन्छ । त्यस्तो रायलाई समर्थन गर्ने वा नगर्ने वा फरकरूपमा समर्थन गर्ने भन्ने अधिकार केवल माथिल्लो अदालतलाई मात्र हुन्छ । वादी वा प्रतिवादीले त्यसमा प्रश्न उठाउन सक्ने देखिँदैन । अ.बं.१८८ नं. मा घटी सजाय हुनुपर्ने केही आधार तोकिएको भए पनि ती आधार भनेको न्यायकर्ताले अनुभूति गर्ने विषय हुन् । न्यायिक विवेक प्रयोग गर्न पाउने गरी कानूनले अनुमति प्रदान गरेको अवस्थामा त्यसरी प्रयोग गरिने विवेकमाथि अंकुश लगाउने गरी मुद्दाका पक्षले नै चुनौती दिने हो भने त्यस्तो अधिकार निर्थक हुन जान्छ । कसुरदार देखिँदा देखिँदै पनि विभिन्न परिस्थितिहरूको आँकलन र विश्लेषणबाट कम सजाय हुनुपर्ने महसुस गरिएको अवस्थामा मात्र स्वविवेकीय अधिकारको प्रयोग गरिन्छ । त्यसरी विवेक प्रयोग गर्दासमेत त्यसको स्पष्ट आधार र कारण खुलाउनु पर्ने व्यवस्था आफैँमा स्वविवेकीय अधिकारको स्वेच्छाचारी प्रयोग हुन नहुने मान्यताको उपज भएकाले त्यसमा पुनः पक्षद्वारा आपत्ति जनाउने वा यस्तो हुनुपर्ने भनी आग्रह गर्न मिल्दैन । यदि यस्तो विषयलाई पुनरावेदनको माध्यमबाट चुनौती दिने परम्परा स्थापित गर्ने हो भने अ.बं.१८८ नं. को कानूनी व्यवस्था निरर्थक हुन जान्छ र राय व्यक्त गर्ने र अन्तिम निर्णय गर्नेले त्यस्तो राय सदर वा बदर गर्न सक्ने न्यायिक मान्यता र परम्परासमेत खण्डित हुन जान्छ"** भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ।

१८. यस अदालतको पूर्ण इजलासबाट प्रतिपादित उक्त सिद्धान्तअनुसार प्रस्तुत मुद्दामा सुरू र पुनरावेदन अदालतले अ.बं.१८८ नं. बमोजिम प्रतिवादीहरूलाई घटी सजायको प्रस्ताव गरी व्यक्त भएको रायलाई यस अदालतको संयुक्त इजलासबाट अस्वीकृत भई उक्त राय कायम नहुने ठहर भएपछि सुरू र पुनरावेदनको राय कायम हुनुपर्ने भनी यस अदालतमा पुनरावलोकनको निवेदनमार्फत चुनौती दिने अधिकार प्रतिवादीहरूलाई भएको देखिएन । पुनरावलोकनको रोहमा विचाराधीन मुद्दाका सन्दर्भमा अ.बं.१८८ नं. बमोजिम व्यक्त भएको राय कायम गर्ने वा नगर्ने भन्ने कुरा सम्बन्धित इजलासको स्वविवेकभित्र पर्ने विषयवस्तु हो । कसुरदारले कसुर गर्दाको अवस्था परिस्थितिलगायतका यावत् पक्षहरूलाई मनन गरी त्यस्तो राय कायम राख्ने वा नराख्ने निर्णय गर्न सम्बन्धित इजलास स्वतन्त्र रहन्छ तर अ.बं.१८८ नं. को राय कायम हुन पर्ने वा नपर्ने भन्ने जिकिर लिई पुनरावलोकनको निवेदनमार्फत चुनौती दिने हक मुद्दाका पक्षहरूलाई हुन सक्दैन । उल्लिखित अवस्थामा संयुक्त इजलासबाट अ.बं.१८८ नं. को राय इन्कार गरिएको भन्नेसमेत आधारमा प्रस्तुत मुद्दामा पुनरावलोकनको निस्सा प्रदान गर्ने भनी यस अदालतबाट भएको आदेशसँग सहमत हुन सकिएन।

१९. तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट प्रतिवादीहरूले मृतक रमेश सापकोटालाई कर्तव्य गरी मारेको ठहऱ्याई निजहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहराएको

सुरू कास्की जिल्ला अदालतको फैसला सो हदसम्म सदर गरी सुरू र पुनरावेदन अदालतले अ.बं.१८८ नं. बमोजिम प्रस्ताव गरेको रायलाई इन्कार गरेको यस अदालत संयुक्त इजलासको मिति २०७१।७।१७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको जिकिर पुग्न सक्दैन । फैसलाको जानकारी कैदमा रहेका प्रतिवादीहरूलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा हामी सहमत छौं ।
न्या. हरिकृष्ण कार्की
न्या. ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृतः ठगिन्द्र कट्टेल
इति संवत् २०७३ साल माघ १३ गते रोज ५ शुभम् ।

## निर्णय नं. १००२२

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
फैसला मिति : २०७३।९।१४
०७१-NF-०००२

मुद्दाः गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको

पुनरावेदक / प्रतिवादी : सप्तरी जिल्ला, धरमपुर गा.वि.स. वडा नं.६ बस्ने जयप्रकाश प्रसाद गुप्ता

विरूद्ध

प्रत्यर्थी / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत चेतनाथ घिमिरेको प्रतिवेदनले नेपाल सरकार

- **अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पुनरावेदन पत्र दर्ता शाखामा बुझाइसकेपछि दर्ताको प्रक्रियामा गइसकेको मान्नुपर्ने हुन्छ । यस अदालतको पुनरावेदन दर्ता शाखामा वादी पक्षले पुनरावेदन पत्र बुझाई भरपाई लिएको र यस अदालतको पुनरावेदन दर्ता शाखाबाट अदालतको दर्ता दायरीमा रीतपूर्वक दर्ता नभएकै कारणले हदम्यादभित्र पुनरावेदन पर्न नआएको भनी अर्थ गर्न नमिल्ने ।**

(प्रकरण नं.४)

- **अदालतमा दाखिल भई अदालतले आफ्नो नियन्त्रण (Custody) मा लिइसकेको लिखत पुनरावेदन शाखामा पछि दर्ता हुन गएको मितिलाई हदम्यादको गणना**

**गर्न मिल्ने होइन । अदालतको कार्यबोझ, बिदा पर्न गएको अवस्था तथा मानवीय भुलको कारणबाट पनि अदालतमा दाखिल भइसकेको लिखत स्रेस्तामा रीतपूर्वक समयमा दर्ता गर्न कठिनाई हुन जाने अवस्थालाई परिकल्पना गरेर उक्त मुलुकी ऐन, अ.बं. १८ नं. को कानूनी व्यवस्था भएको देखिन्छ । अन्यथा अदालतमा लाभ माग्न आउने व्यक्तिको कुनै गल्ती नभएको स्थितिमा पनि अड्डाको भुलको कारण न्याय प्राप्त गर्ने हकमा कुठाराघात पर्न जाने हुन्छ । त्यसैले अड्डाको भुलको कारणले कसैको हक अधिकारमा असर पर्न जाने अवस्था हुन नहुने ।**

(प्रकरण नं.६)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल, बद्रीबहादुर कार्की, रामकृष्ण निराला, सतिशकृण खरेल तथा विद्वान् अधिवक्ता श्री परशुराम कोइराला, सुरेन्द्रकुमार महतो

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री राजनप्रसाद भट्टराई तथा विद्वान् उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठक

अवलम्बित नजिर :

- नेकाप २०६२, अंक ३, नि.नं.७५०६
- नेकाप २०६४, अंक ९, नि.नं.७८७७

सम्बद्ध कानून :

- न्याय प्रशासन ऐन, २०४८
- विशेष अदालत ऐन, २०५९

सुरू फैसला गर्नेः

अध्यक्ष श्री भूपध्वज अधिकारी
सदस्य श्री कोमलनाथ शर्मा
सदस्य श्री चोलेन्द्र शमशेर ज.ब.रा.

यस अदालतको संयुक्त इजलासबाट फैसला गर्नेः

माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री तर्कराज भट्ट

फैसला

**न्या.दीपककुमार कार्की** : यसमा यस अदालतबाट मिति २०६८/११/०९ मा भएको फैसलाउपर मुद्दा पुनरावलोकन गरी हेरिपाउँ भनी पर्न आएको निवेदन मिति २०७१/०६/०८ मा इजलाससमक्ष पेस हुँदा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६(१) बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

पूर्व मन्त्री जयप्रकाश प्रसाद गुप्ताले आफ्नो हैसियतभन्दा बढी सम्पत्ति आर्जन गरी उच्च जीवनयापन गरेको र मन्त्री पदको आडमा गैरकानूनी कार्य गरी भ्रष्टाचार गरेको भन्ने बेहोराको उजुरी दर्ता नं.२२५२ मिति २०५९।५।२४ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पर्न आएको उजुरी ।

आयोगमा पेस भएको व्यक्तिगत विवरण मैले पेस गरेको हो । मेरो नाममा रहेको तथा मेरो श्रीमतीको नाममा रहेको जग्गाहरूको विवरण र कागजातहरू यस आयोगसमक्ष पेस गरिसकेको छु । राजीनामामा उल्लिखित मूल्यमा नै ती जग्गाहरू खरिद गरिएको हो । सो जग्गाहरू मेरो स्वआर्जन पारिश्रमिक आदिको बचत रकम तथा पैतृक आय र पैतृक सम्पत्तिको बिक्री आदिबाट प्राप्त रकमहरूबाट खरिद गरिएको हो । सप्तरी जिल्ला, धरमपुर गा.वि.स. वडा नं.क कि.नं.१४ को जग्गा मेरो व्यक्तिगत उपभोगको लागि नभई सामाजिक कार्यको लागि खरिद गरिएको हो । हाम्रो पैतृक सम्पत्ति सगोलमा रहेको छ । हामी दाजुभाइहरू स्वतन्त्र रूपमा आ–आफ्ना व्यवहार चलाई आएका छौं । मैले आफूले गरेको घर निर्माण तथा कोल्ड स्टोरको व्यवसाय आदि

प्रयोजनसमेतका लागि पैतृक जायजेथाको बिक्रीबाट आएको रकम प्रयोग गरेको हुँ।

काठमाडौं सिनामंगलस्थित घरमा प्रयोग भएका काठ तथा केही निर्माण सामग्री गृह जिल्ला पैतृक घरबाट ल्याएको हो यसमा ढुवानी खर्च मात्र लागेको हो । यस अतिरिक्तको लागत मेरो पूर्व व्यवसायको आम्दानी पारिश्रमिकको बचत, विदेश भ्रमण आदिबाट भएको बचत, पैतृक सम्पत्तिबाट आएको रकम र ऋण सापटीसमेतबाट निर्माण गरेको छु।

बा.३.च.७७३९ को ल्याण्डरोभर जीप रू.अठार लाखमा सेकेण्डह्याण्ड खरिद गरेको हो । यसअघि सांसद् सुविधाअन्तर्गत खरिद गरेको निशान डिजेल कार रू.१५ लाखमा बिक्री गरी सोमा आफूसँग रहेको बाँकी रकम थप गरी सो जीप खरिद गरेको हो। सांसद् सुविधामा खरिद गरेको बा.अ.ञ ९६०२ नं. को कार १० हजार यू.एस.डलरमा खरिद गरेको हो। यसको भन्सार महसुलबापत लगभग ९० हजार तिरेको हुँ। यो कार ऋण सापटी, स्वआर्जन, पारिश्रमिक र पैतृक सम्पत्तिबाट खरिद गरेको हो। यो कार रू.१५ लाखमा अविनाश पन्तलाई बिक्री गरिएको हो। यथा समयमा नामसारी गरिने, नगरिएमा लिखतबाट उसले नामसारी गर्न पाउने कागज गरेको हुँ। मेरा दुवै भाइहरू स्वतन्त्र रूपमा आफ्ना घर व्यवहार सञ्चालन गर्दै आएका छन् । यसरी सञ्चालन गर्ने क्रममा मेरो कुनै लगानी छैन् । निजहरूको नाममा कुनै जग्गा जमिन खरिद भएको भए पैतृक सम्पत्ति प्रयोग भएको हुनसक्छ। यस विषयमा मलाई कुनै जानकारी छैन।

सप्तकोशी कोल्ड स्टोरलाई कृषि विकास बैंकले ऋण दिने क्रममा उल्लेख गरेको चालुपुँजी लिइएको छैन । ऋण स्वीकृत हुँदाका बखत तयार गरिएको अध्ययनमा निर्माण कार्यमा खर्च हुने भनी प्रक्षेपण गरिएको रकमभन्दा निकै कम खर्च भयो । यसको कारण निर्माण सामग्रीहरूको स्थानीय मूल्य र उपलब्धता तथा श्रममूल्य प्रक्षेपणभन्दा निकै कम रह्यो । यसको निर्माण कार्य ठेक्कामा नगराई आफ्नो रेखदेखमा आफैँले गराएकोमा पनि लगत निकै कम पर्न गयो । पहिले १४ कठ्ठा जग्गा प्रयोग गर्ने भनिएकोमा पछि २ विघा जति प्रयोग हुन थाल्यो। उपर्युक्तअनुसार स्वीकृत ऋणमध्येबाट गर्नुपर्ने निर्माणको सम्पूर्ण लागत मूल्य निकै कम परेको हो । लिइएको कूल ऋणबाट निर्माण कार्य सम्पन्न भई केही रकमसमेत बचत भई कम्पनी सञ्चालनमा आएको छ। मेरो र मेरो परिवारको स्वामित्वमा रहेको बाँस, काठ, सावेल जस्ता निर्माण सामग्री खरिद गर्नु परेन। आफ्नै ट्याक्टर र ट्रकसमेत प्रयोग गरियो । उपर्युक्त यथार्थ कारणहरूले गर्दा निर्माणमा मैले व्यहोर्नुपर्ने स्वलागत खर्च गर्नु परेन।

अहिले मलाई मेरो कारोबार र व्यवसायको यकिन जानकारी स्मरण छैन। मेरो र श्रीमतीको बैंक खाताहरू बन्द रहेकोले सबै तथ्यहरूबाट यथार्थ विवरण मलाई प्राप्त छैन। तसर्थ अहिले सबै तथ्यपरक विवरणहरू स्मरणको आधारमा यहाँ उल्लेख गर्नु सम्भव नहुनु अस्वाभाविक होइन । राजनीतिका अतिरिक्त स्थानीय तहमा मैले आफू स्वयं र साझेदारमा केही वर व्यवसायहरू गर्दै आएको विवरण आयोगलाई उपलब्ध गराइसकेको छु। यसै सन्दर्भमा बेलामौकामा घर घरायसी रूपमा ऋण सापटसमेत लिने गरेको हुँ। पैतृक सम्पत्तिबाट आएका तथा स्थानीय तहमा मैले सञ्चालन गरी आएका वर व्यवसायबाट आउने रकमहरू पनि सुरक्षाको दृष्टिकोणबाट राजधानीकै बैंकहरूमा आफ्नो तथा श्रीमतीको नाममा खाता खोली विभिन्न खाताहरूमा जम्मा गर्ने गरेको तथा आवश्यकताअनुसार खर्च लगानी एवं भुक्तानी गर्ने गरेको हुँ। घर आदि निर्माण गर्दा पनि यस्तै खाताहरू विभिन्न प्रयोजनका लागि चेकको माध्यमबाट भुक्तानी गर्ने गरिएको हो। मैले सम्झेअनुरूप २०५२ सालतिर बैंक अफ काठमाडौं आदिमा खाता खोलेको हुँ। यसैगरी मैले विभिन्न माध्यमबाट जम्मा रहेको नगद रकम, नगदको सुरक्षासमेतलाई विचार गरी

यथासमयमा आवश्यक काममा खर्च लगानी गर्ने गरी श्रीमतीसमेतको नाममा बैंक खाता खोलिएको हो । समय समयमा मेरो नाममा मैले लिएको ऋण सापट तथा गर्नुपर्ने भुक्तानीहरूको लागि समय समयमा भाइ दीपकसमेतबाट आवश्यक रकम लिने गरेको हुँ। वि.सं.२०५८ सालको भदौ असोजतिर पनि ठूलै रकम लिएको हुँ। तिथि मिति यकिन जानकारी स्मरण भएन। भाइ दीपक कोल्ड स्टोरेजको कामसमेत हेर्ने भएकोले मलाई आवश्यक परेको बेला त्यहाँबाट समेत रकमहरू दिने गरेको हुनुपर्दछ।

सामान्यतः बैंकमा भएको सबै डिपोजिटहरू सोझै कुनै बैंक वा संगठित निकायबाट नआई विभिन्न समयहरूमा आफ्ना विभिन्न वर व्यवसायहरूबाट जम्मा हुँदै आएका रकमहरू संकलन भई एकमुष्ट झिकी आवश्यकताअनुसार खर्च गर्ने गरिएकोले सबै कुराको एक प्रकारको पुष्टि हुन कठिनाई भएको अनुरोध गर्दछु।

मेरो लागि खाता राख्न व्यावहारिक नभएकाले र रकम चाहिएकोले कृषि विकास बैंक बैकिङ कार्यालयको बैंक खाता बन्द गरेको हो। बैंक अफ काठमाडौंको खातामा जम्मा भएका रकमहरू एकमुष्ट रूपमा जम्मा गरिएको तथा मेरा अन्य आयस्रोतहरूबाट संकलित रकमहरू स्टाण्डर्ड चार्टर्ड बैंकको खाता क्रेडिटकार्ड प्रयोग गर्न खोलिएको हो। सो खातामा जम्मा भएका रकम मेरो आयस्रोतको हो। मैले सार्वजनिक पदधारण गर्नुभन्दा अघि छापाखाना सञ्चालन गरेको थिएँ। पछि त्यसैमा केही सामग्रीहरू भाइ विनयकुमार गुप्ताले प्रयोग गरी कारोबार सञ्चालन गरेका हुन्। मैले त्यो काम सार्वजनिक पदधारण गर्नु अगावै छोडिसकेको थिएँ। भाइको हालको कारोबारमा मेरो लगानी छैन। चल र अचल सम्पत्ति कसैलाई राख्न दिएको छैन। व्यक्तिगत विवरणमा पेस गरेको तथा बयानमा सोधिएका मेरो र श्रीमतीको नामको सम्पत्तिबाहेक अन्य सम्पत्ति छैन। भएका विवरणहरू स्पष्ट गरिसकेको छु भन्नेसमेत बेहोराको जयप्रकाश प्रसाद गुप्ताले अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष गरेको बयान।

हामी सबैजनाको आ–आफ्नै कारोबार छ। पैतृक सम्पत्ति बन्डा भएको छैन। मैले अस्थायी रूपमा २०४१ सालदेखि विभिन्न ठाउँमा जागिर गरेको थिएँ। २०५० सालदेखि स्थायी ओ.सी.भई हाल सडक डिभिजन लाहानमा ओ.सी. पदमा कार्यरत छु। जागिर समयपछि बाँकी समयमा सगोलमा रहेको सप्तकोशी कोल्ड स्टोरेजको रेखदेख गर्ने गरेको छु। मेरो नामको सप्तरी धरमपुर ढोलिया पोर्ताहाको जग्गा पैतृक र कोल्डस्टोरेजको पैसाबाट दिएर किनेको जग्गा हो। मोरङ जतुवा कठुवार कंचनबारी स्थित जग्गा पैतृक आयस्रोत, बुबाले दिएको र जागिरबाट आर्जन गरेको रकमले किनेको हो। मेरो शुभ श्री को-अपरेटिभमा रू.२०,०००।– को सेयर छ। मेरो आय स्रोतमा सरकारी जागिर खानुभन्दा पहिले प्राइभेट जागिरबाट भएको आम्दानी, सरकारी जागिरबाट प्राप्त तलब, टैक्टरबाट हुने आय, खरिद बिक्री कारोबारबाट प्राप्त आय हुन्। सप्तकोशी कोल्ड स्टोरेज प्रा.लि. जयप्रकाश प्रसाद गुप्ता र उज्वल शर्माको नाममा दर्ता रहेको छ। उक्त प्रा.लि.ले ऋण लिँदा सगोलको तथा बुबा दाई, भाउजू, भाइ र मेरा नामका जग्गाहरू धितो राखेको छ। मेरो प्रबन्धकको हैसियत छ। सो कोल्ड स्टोरेजको नाममा सप्तरीको ने.बैं.लि. कञ्चनपुर शाखा र राष्ट्रिय वाणिज्य बैंक राजविराजमा खाता रहेको छ। सो बैंक खातामा मेरो दस्तखत चल्दछ। उक्त कोल्ड स्टोरेज २०५८ साउन भदौबाट परीक्षणका लागि सञ्चालन भएको र पूर्ण सञ्चालन २०५८ चैत्रदेखि भएको हो। मेरो नामको विराटनगर स्थित एस.वि.आई बैंक खातामा भएका रकम ने.बैं.लि. कञ्चनपुर शाखा स्थित सप्तकोशी कोल्ड स्टोरेज खाताबाट झिकेका रकम हुन्। सो एस.वि.आई बैंकबाट झिकेका रकम कोल्ड स्टोरेजको काममा खर्च गर्नुका साथै रा.वा.बैंक राजविराज स्थित कोल्ड स्टोरेजको खातामा जम्मा

गरेको छु । मेरो नामको रा.वा.बैंक राजविराजको बन्द भएको खातामा जम्मा भएको रकम सोही बैंकको कोल्ड स्टोरेजको खाताबाट झिकेको रकम जम्मा गरेको र सो खातामा बन्द गरी ब्याजसहितको सम्पूर्ण रकम सोही कोल्ड स्टोरेजको खातामा जम्मा गरेको छु । कोल्ड स्टोरेजलाई ब्याज फाइदा होस् भनेर यसो गरेको हो । मेरो नामको ने.बैं.लि.कञ्चनपुर शाखास्थित बचत खातामा कोल्ड स्टोरेज प्रयोजनकै रकम राख्ने झिक्ने गरेको हो । ब्याज आउने हुनाले सो खाता खोलेको हो । सो खातामा रहेको रकम कोल्ड स्टोरेजकै हो । दाजु जयप्रकाश प्रसाद गुप्ताले कोल्ड स्टोरेजको रकम समय समयमा लिने गरेको हो । मैले दाजु जयप्रकाश प्रसाद गुप्तालाई सानातिना लेनदेनबाहेक कुनै रकम दिएको छैन । दाजुलाई आवश्यकताअनुसार कोल्ड स्टोरेजसम्बन्धी सामान खरिद वा अन्य कामको लागि कोल्ड स्टोरेजको रकम लिने दिने गर्थें, कहिले कहिले दिएको यकिन थाहा छैन भन्नेसमेत बेहोराको दीपककुमार गुप्ताले अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष गरेको बयान ।

मैले आफ्नो व्यवसाय १०–१२ वर्षदेखि गरिआएको छु । दाजुभाइको आफ्नै कारोबार छ । पैतृक सम्पत्ति सगोलमा छ । दाजुभाइको ऋण धन आ–आफ्नो हो । मेरो नामको सप्तरी कञ्चनपुर वडा नं.८ स्थित कि.नं. २७६ र २७८ को जग्गा शुभ श्री सहकारी संस्थाबाट ऋणलिई सो रकम सुधीर सिजापतिलाई ऋण स्वरूप दिई निजले सो ऋण नफर्काएसम्मको लागि मलाई पास गरिदिएको हो । मेरी श्रीमती रेखा गुप्ताको नाममा रहेको ललितपुर सुनाकोठी गा.वि.स वडा नं. ८(क) कि.नं. ७३४ को ०–१०–०–१ जग्गा मेरो श्रीमतीको माइतीतर्फबाट किनिदिएको हो । सो जग्गामा बनेको घर शुभश्री को-अपरेटिभबाट ऋण लिएर बनाएको हो । घर बनाउने क्रममा लिएको ऋण पुनः सो घर धितो राखी रू.३०,००,०००।– ऋण लिई तिरेको छु । हाल पनि सो ऋण बाँकी छ । मेरो नाममा रहेको कञ्चनपुर गा.वि.स. वडा नं. ७ स्थित कि.नं. २५३ र २५९ को जग्गा बुबाले खरिद गरेको हो र सोमा बनेको घर दाजु दीपककुमार गुप्ता र मेरो आय स्रोतबाट बनाएको हो । मेरो आयका मुख्य स्रोतहरूमा २०४६ सालतिर सगोलमा खरिद गरी घरेलु विभागमा दर्ता रहेको नेपाल प्रिन्टिङ सपोर्ट नामक प्रेसबाट प्राप्त हुने आय, शुभश्री को-अपरेटिभमा सञ्चालक पदमा रहेको हुँदा त्यहाँबाट प्राप्त हुने भत्ता, सुविधा, संयुक्त ऋण लिई गरिने सेयर कारोबारबाट प्राप्त रकम र कहिलेकाहीँ बुबाबाट लिने दिने रकम हुन् । शुभश्री को-अपरेटिभमा मेरो बुबाको रू.२०,०००।–, आमाको रू.२०,०००।– दाजु दीपककुमार गुप्ताको रू.२०,०००।–, मेरो रू.२०,०००।–, को र थप ८०,०००।–, को सेयर रहेको छ । मेरो दाजु जयप्रकाश प्रसाद गुप्ताको नामको कृषि विकास बैक बैंकिङ कार्यालय रत्नपार्क र बैक अफ काठमाडौंबाट विभिन्न मितिमा ममार्फत जम्मा गरेको र झिकेको रकमहरू दाजुले भनेबमोजिम राखेको र झिकेको हो । सोको स्रोत र प्रयोजनका बारेमा दाजुलाई नै थाहा होला, मलाई थाहा छैन । मलाई मेरो दाजु जयप्रकाश प्रसाद गुप्ताले कुनै चल अचल सम्पत्ति र नगद राख्न दिनुभएको छैन । मैले शुभश्री को-अपरेटिभ र प्रिन्टिङ सपोटको आम्दानी दाजुलाई दिएको छैन भन्नेसमेत बेहोराको विनयकुमार गुप्ताले अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष गरेको बयान ।

म पहिले शृङ्गार व्यवसाय गर्दथेँ । हाल घर व्यवहार हेरेर बस्छु । मेरो नामको सप्तरी धरमपुर गा.वि.स. वडा नं. ८ स्थित जग्गा २०५०।१०।२० मा खरिद गरेको हो । स्रोत पतिलाई थाहा छ । मेरो नामको भक्तपुर दुवाकोट स्थित जग्गा श्रीमान्ले किनिदिनु भएको हो । स्रोत मलाई थाहा छैन । मेरो नामको नेपाल बंगलादेश बैंक स्थित खातामा जम्मा भएको रू.६,००,०००।– बिक्रीबाट प्राप्त भएको रकम हो । जम्मा भएको रू.१०,००,०००।– रकम श्रीमान्ले दिनुभएको हो । स्रोत वहाँलाई नै थाहा छ । त्यस्तै जम्मा

भएको १४,००,०००।– सोही बैंकको मेरो नामको मुद्दती खाताबाट सरेर आएको हो । सो बचत खाताबाट रू.३५,९०,०००।– श्रीमान्ले मागेबमोजिम झिकेर दिएको हो । मुद्दती खातामा जम्मा भएको रू.१४,००,०००।– को स्रोत श्रीमान्लाई थाहा छ भन्नेसमेत बेहोराको सरस्वती पुरीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष गरेको बयान ।

**अनुसन्धानको क्रममा देखिएको सम्पत्तिः**
**जिल्लाः सप्तरी**
**सम्बन्धित ज.ध.का.नाम र अभियुक्तसँगको नाताः श्यामसुन्दर प्रसाद रौनियार (बाबु)**
**जिल्लाः सप्तरी, रूपनगर गा.वि.स**

| वार्ड नं. | कि.नं. | क्षे.फ. (विगाहा) | मिति |
|---|---|---|---|
| ७ | ५२३ | ०–१–१५ | *२०४३।७।११ |
| **धरमपुर गा.वि.स** | | | |
| ८(ग) | ६० | ११–१४–१८ | २०३८ |
| १ | ६४५ | | ०३८।११।१५ |
| १ | ५८८ | ०–६–०२ | ०३८।११।१५ |
| **झरूवाखाल गा.वि.स** | | | |
| २ | ३१ | ०–१–१६ | ०३८।११।१२ |
| **फत्तेपुर गा.वि.स** | | | |
| ३ | १४ | ०–१–१६ | |
| जम्मा | | १२–८–१३ | |

*कि.नं. ४१९ बाट कायम भएको नयाँ कित्ता ।

**पैतृक सम्पत्तिबाट प्राप्त हुने आयः**

प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताको परिवारमा पैतृक सम्पत्तिका हकवालाहरू बाबु, आमा, आफू तथा श्रीमती, सगोलका भाइ र बुहारीहरू गरी ८ जनाको रहेको छ । भाइ सबै आ–आफ्नो व्यवसाय गरी छुट्टै बसेका तर पैतृक सम्पत्तिको अंशबन्डा नभएको र पैतृक सम्पत्ति सगोलमा रहेको देखिन्छ । जयप्रकाश प्रसाद गुप्ताले सार्वजनिक पदधारण गर्नुपूर्व कृषि विकास बैंक, रत्नपार्क शाखा कार्यालयमा बचत खाता नं. २५२४९० मात्र रहेको छ । खातामा सार्वजनिक पदधारण गर्नुपूर्व मिति २०४६।५।८ देखि २०४८।३।३२ सम्म करिब २ वर्षको अवधिमा रू.२२ हजार मात्र जम्मा भएको देखिएको छ । निजको पैतृक सम्पत्तिबाट हुने आय तथा निजको स्वआर्जनको आय नगण्य रूपमा रहेको र केवल जीविकोर्पाजन मात्र हुने आय रहेको हुँदा निजको सार्वजनिक पदधारण गर्नुपूर्वको आर्थिक हैसियत सामान्य रहेको देखिन्छ । सार्वजनिक पदधारण गर्नुपूर्वको लामो समयावधिभित्र चल अचल सम्पत्ति आर्जन गरेको देखिएको छैन । सो कुरा निजको बयान कथनबाट समेत पुष्टि भएको छ । यसप्रकार निजको पैतृक सम्पत्तिबाट प्राप्त हुने सीमित कृषिको आय घर व्यवहारमा नै खर्च भई जाने भएकोले बचत हुने स्थितिसमेत नदेखिँदा पैतृक सम्पत्तिबाट हुने आयले कुनै प्रकारको चल अचल सम्पत्ति बढे बढाएको हुनसक्ने आधार स्थापित



सर्वोच्च अदालत

हुनसक्ने अवस्था छैन ।

**पैतृक सम्पत्ति बिक्रीबाट भएको आय :–**

**मालपोत कार्यालय, सप्तरीबाट प्राप्त जग्गा बिक्रीको विवरणः**

प्रतिवादीका बाबु श्यामसुन्दर प्रसाद रौनियारले देहायका विभिन्न व्यक्तिहरूलाई देहायका मितिमा बिक्री गरेको जग्गाको विवरण यसप्रकार छ ।

| खरिदकर्ता | बिक्री मिति | गा.वि.स. र वडा नं. | साबिक | | बिक्री भएको | | पारित थैली अङ्क रू. |
|---|---|---|---|---|---|---|---|
| | | | कि.नं. | क्षे.फ. | कि.नं. | क्षे.फ. | |
| हरिशंकर निरौला | २०४१।३।१८ | धरमपुर ४ | १६३ | १–१६–८ | १६८ | ०–८–० | १४,०००।– |
| मनोरथप्र.साउ तेली भरूवाल ४ लाख | २०४०।४।१९ | भरूवाल ४ ख | २ | ०–७–११ | २९२ | ०–६–१२ | १,५०,०००।– |
| रणजीतसिंह रौनियार | २०४२।८।१८ | भरूवाल ४ ख | २९३ | ०–९–१९ | ३२२ | ०–०–९ | २०,०००।– |
| अमनीदेवी रौनियार | २०४२।८।१९ | भरूवाल ४ ख | ३२३ | ०—०–१० | ३२३ | ०–०–१० | २,०००।– |
| झमकसिंह राई | २०३८।२।१४ | भरूवाल २ | ३०६ | १–० | ३०६ | १–० | ८,०००।– |
| | | | २९ | ०–८–५ | २९ | ०–८–५ | ५,०० ।– |
| | | | १९७ | ०–४–११ | १९७ | ०–४–११ | २,५००।– |
| जिरलक्ष्मी राई | २०४९।४।२१ | धरमपुर १ | ४३३ | ०–३–३ | ४६५ | ०–१–१३ | २,०००।– |
| रामकुमारी राई | ०५४।१२।१३ | धरमपुर १ | ४६६ | ०–१–० | ६३८ | ०–०–६ | २,०००।– |
| नखतबहादुर राई | २०४८।६।१३ | धरमपुर १ | ४१९ | १–१–१३ | ४२६<br>४२७ | ०–२–०<br>०–३–० | ५,०००।– |
| राधा भट्टराई | २०४८।७।२५ | धरमपुर १ | ४२८ | ०–१६–१३ | ४३० | ०–०–१५ | |
| देवीकुमारी पोख्रेल | २०४८।७।२५ | धरमपुर १ | ४२८ | ०–१६–१३ | ४३१ | ०–१–० | २,०००।– |
| लक्ष्मी भट्टराई | २०४८।७।२५ | धरमपुर १ | ४२८ | ०–१६–१३ | ४२९ | ०–२–५ | ५,०००।– |
| गीतादेवी भट्टराई | २०४८।११।९ | धरमपुर १ | ४२८ | ०–९–१० | ४४३ | ०–१–० | ५,०००।– |
| पस्पती देवी कटुवाल | २०४८।४।२८ | धरमपुर १ | २१५ | ०–९–१४ | ४१४ | ०–२–० | २,०००।– |
| मायादेवी यादव | २०४८।४।२८ | धरमपुर १ | २१५ | ०–९–१४ | ४१५ | ०–१–० | २,०००।– |
| अनारदेवी यादव | २०४८।४।२८ | धरमपुर १ | २८३ | ०–४–१३ | ४१८ | ०–१–६ | २,०००।– |
| विनितादेवी पोख्रेल | २०४८।४।२८ | धरमपुर १ | २८३ | ०–४–१३ | ४१६ | ०–१–० | ५,०००।– |
| सोमप्रसाद निरौला | २०४८।४।२८ | धरमपुर १ | ४०९ | ०–०–६ | ४०९ | ०–०–६ | १,२००।– |
| | | | २८३ | १–४–१३ | ४१७ | ०–०–४ | ८००।– |
| पुण्यप्रसाद घिमिरे | २०४८।४।२८ | धरमपुर १ | २१५ | ०–९–१४ | ४१३ | ०–३–० | ५,०००।– |
| सावित्रीदेवी घिमिरे | २०४८।४।२८ | धरमपुर १ | २१५ | ०–९–१४ | ४१२ | ०–३–१४ | ५,०००।– |
| जिरलक्ष्मी राई | २०५५।९।८ | धरमपुर १ | ६३९ | ०–१–४ | ६४४ | ०–०–१४ | २,०००।– |
| खड्गकुमारी पोख्रेल | २०४१।३।१८ | धरमपुर ४ | १६३ | १–१६–८ | १७० | ०–०–८ | १४,५००।– |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| हेमराज पोख्रेल | २०४१।३।१८ | धरमपुर ४ | १६३ | १–१६–८ | १६९ | १–०–० | ३४,५००।– |
| कुमारप्रसाद निरौला | ०४८।२।२८ | धरमपुर १ | २८६ | ०–२–६ | ४०७ | ०–१–० | ५,०००।– |
| मिनादेवी निरौला | ०४८।२।२८ | धरमपुर १ | २८६ | ०–२–६ | ४०८ | ०–१–० | ५,०००।– |
| निर्मला भट्टराई | ०५३।१०।११ | धरमपुर १ | ४४४ | ०–८–० | ५८७ | ०–१–८ | २,०००।– |
| गीतादेवी भट्टराई | ०५३।१०।११ | धरमपुर १ | ४४४ | ०–८–० | ५८६ | ०–०–१० | २,०००।– |

प्रतिवादीहरूले सप्तरीको जग्गा बिक्रीको आम्दानी जम्मा रू.१४,३९,५००।– देखाएकोमा निजहरूको सगोलमा रहेको जग्गाहरूमध्ये २०३८ साल यता जम्मा ४–८–९ विगाहा जग्गा बिक्री गरेको र त्यसै बेला निजका कान्छा भाइ विनयकुमार गुप्ताका नाउँमा जिल्ला सप्तरी कञ्चनपुर गा.वि.स. वडा नं.७ हालको मूल्याङ्कनअनुसार रू.३,७६,०००।– मूल्य पर्ने ०–२–६ विगाहा घडेरी जग्गा किनी मूल्य रू.१७,८२,४३२।– पर्ने आधुनिक पक्की घर निर्माण गरेको र सो समयसम्म निजहरूको काठमाडौंमा घर घडेरी केही नभएको अवस्था देखिन्छ। सप्तरीको उक्त जग्गा खरिदको स्रोतका सम्बन्धमा निज विनयकुमार गुप्ताले सो जग्गा खरिद पैतृक सम्पत्तिबाट भएको र २०४८ सालमै घर बनाउन सुरू गरी २०५० सालतिर घर बनाई सकिएको भन्ने कुरा बयानमा उल्लेख गरेको छ। घर निर्माण गर्दा गर्दैको अवस्थामा समेत सोही धरमपुर गा.वि.स.को केही जग्गा बिक्री भएको र सोबाट प्राप्त रकमसमेत त्यसै घरको निर्माणमा खर्च भएको देखिन्छ। यसैगरी निजहरूको फत्तेपुर ३ स्थित विटौरीको जग्गामा रहेको पुरानो घर भएको ठाउँमा समेत रू.११,५२,०४५।– मूल्य पर्ने नयाँ घर निर्माण भएको देखिन्छ। उक्त घर निर्माण गर्दासमेत निजहरूको पैतृक सम्पत्ति खर्च भई निर्माण भएको बयानबाट देखिन्छ।

**मालपोत कार्यालय, सुनसरीबाट प्राप्त जग्गा बिक्रीको विवरणः**

| खरिदकर्ता स्थान | बिक्री मिति | साबिक | | बिक्री भएको | | बिक्री मूल्य | प्रतिवादीले पेस गरेको विवरणमा उल्लिखित मूल्य रू. |
|---|---|---|---|---|---|---|---|
| लखन महतो | ०५३।११।२ | २५९ | ४–४–५ | २६३ | ०–५–० | ५,०००।– | २५,०००।– |
| अमुलियादेवी साहू | ०५३।११।२ | २५९ | ४–४–५ | २६२ | ०–१५–० | १२,२००।– | ७५,०००।– विवरणमा सुर्य नारायण साहू भनेको |
| सत्यनारायण साहतेली | ०५३।११।२ | २५९ | ४–४–५ | २६४ | ०–१०–० | १०,०००।– | ५०,०००।– |
| दीपनारायण साहू | ०५३।११।२ | २५९ | ४–४–५ | २६५ | ०–१०–० | १०,०००।– | ५०,०००।– |
| जोगिन्द्र साहू | ०५३।११।२ | २५९ | ४–४–५ | २६१ | ०–५–० | ५,०००।– | २५,०००।– |
| वसिर मिया | ०५३।११।२ | २५९ | ४–४–५ | २६६ | ०–१०–० | १०,०००।– | बाँकी ०–१९–५ कि.नं.२६७ कायम २५,०००।– विवरण मजहिरमिया भनेको |
| हरिलाल साहू | ०५३।११।२ | २५९ | ४–४–५ | २६० | ०–१०–० | १०,०००।– | ५,०००।– |
| हरिलाल साहू | ०५३।९।२८ | १ | ७–७–५ | २५७ | २–१३–० | ४१,०००।– | २,१२,०००।– |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिश्रीलाल साहू | ०५३।९।२८ | १ | ७–७–५ | २५८ | ०–१०–० | ८,१००।– | बाँकी जग्गा ४–४–५ कि.नं.२५९ कायम (४०,०००।–) |
| हरिलाल साहू | ०५७।१०।१८ | २६७<br>५० | ०–१९–५<br>२–१४–१६.५ | २६७<br>३३४ | १–०–१६.५ | ८,१००।– | १,४०,३७५।–<br>१,५६,१८७।५० |
| दन्नावती कुमारी महतो | ०५७।१०।१८ | ५० | २–१४–१६.५ | ३३१ | १–०–० | ४०,०००।– | १,५०,०००।– |
| लखन महतो | ०५७।१०।१८ | ५० | २–१४–१६.५ | ३३० | ०–५–० | १०,०००।– | ३७,५००।– |
| हसन मिया | ०५७।१०।१८ | ५० | २–१४–१६.५ | ३३३ | ०–४–० | ८,०००।– | ३०,०००।– |
| बदामी साह | ०५७।१०।१८ | ५० | २–१४–१६.५ | ३३२ | ०–५–० | १०,०००।– | ३७,०००।– |

प्रतिवादी जयप्रकाश गुप्ताका बाबुको नाममा रहेका पैतृक सम्पत्ति २०५३ सालमा २ पटक र २०५७ सालमा १ पटक प्रतिवादीकै बयानबमोजिम रू.११,०३,०६२।– मा बिक्री गरिएको छ। जग्गा बिक्रीबाट प्राप्त आयबाट भएको खर्चतर्फ हेर्दा सोही अवधिभित्र निजका एकाघर सगोलका भाइ विनयकुमार गुप्ताको नाममा सप्तरी जिल्लाको कञ्चनपुर गाउँ विकास समिति स्थित रू.३२,०२,०००।– को जग्गा र दीपककुमार गुप्ताको नामको मोरङ जिल्ला साबिक जतुवा कठकुरया स्थित रू.२,८०,०००।– को जग्गा खरिद भएको छ। सगोलको जग्गा बिक्रीबाट प्राप्त गरेको रकमको दामासाही हिस्साको केही रकम जयप्रकाश गुप्ताले पनि प्राप्त गरेको हुनसक्ने व्यावहारिक परिस्थितिसमेत देखिँदा उक्त रू.११,०३,०६२।५० दामासाही हिसाबले ४ जना अंशियारहरूमा भाग लगाउँदा हुने २,७५,७६५।६२ प्रतिवादी जयप्रकाश गुप्ताले पाएको हुनसक्ने आधार स्थापित भएको छ। सो रकम निजले सप्तकोशी कोल्ड स्टोरेज प्रा.लि को सेयरमा लगाएको हुनसक्ने भएकाले रू.२,७५,७६५।६२ लाई उक्त प्रा.लि स्थापना गर्दा निजले स्वलागत पुँजी (Equity Capital) मा लगाएको रकममा समायोजन गरी स्रोत नखुलेको रकम मात्र दाबीमा लिइएको छ। एकाघर सगोलका भाइहरू, बाबु र आमालगायतका कुनै पनि सदस्यहरू कम्पनीको सेयरधनी नभएबाट पैतृक सम्पत्तिको जग्गा बिक्री गरी प्राप्त भएको नगद सम्पत्ति दामासाही हिसाबले अंशियारहरूमा बाँडफाँड भएको स्पष्ट हुन्छ।

प्रतिवादीले सार्वजनिक पदधारण गरेपछि एकाघर सगोलका परिवारको भाइ तथा भाइ बुहारीहरूको नाममा रहेको सम्पत्तिको विवरण निम्नानुसार देखिएको छः

**जिल्लाः सप्तरी कञ्चनपुर ७, ८**

**विनयकुमार गुप्ता, भाइ**

| कि.नं. | क्षे.फ. | मूल्य | खरिद मिति |
|---|---|---|---|
| २५३ | ०–२–६ | ३,७६,०००।– | २०४८।१२।३ |
| २७६ | ०–१–२ | ३,२०,०००।– | ०५७।१।१५ |

दीपककुमार गुप्ता, भाइ मोरङ, साबिक कञ्चनपुर १(क)

४६१ ०–१–० १,८०,०००।- २०५२।१।२५
सप्तरी धरमपुर गा.वि.स ४
२३२ १–०–० ४,००,०००।– २०५५।१।७
मोरङ, साबिक तुका कठकुरपा ८(क)
२३२ ०–०–१४ २,८०,०००।– ०५६।११।२९
रेखा गुप्ता भाइ बुहारी, ललितपुर, सुनाकोठी ८(क)
७३४ ०–१०–०–१ रोपनी १०,०६,२५०।– २०५७।९।१९

आरोप पत्रको तालिका नं. ५ देखि ९ सम्म प्रस्तुत गरिएका सम्पत्तिहरू प्रतिवादीले सार्वजनिक पदधारण गरेपश्चात् आर्जन गरेका सम्पत्तिहरू हुन्। सोही अवधिमा निजका भाइहरू २०४६ सालदेखि आ–आफ्नो व्यवसाय गरी भिन्नभिन्न बसोबास गरेको बयानमा समेत उल्लेख भएको छ। उनीहरूको नाममा रहेको सम्पत्तिहरू पैतृक सम्पत्तिको जग्गा बिक्री गरेर आर्जन गरेको नगद सम्पत्तिको अंशियार भएको नाताले प्राप्त गरेको देखिएको छ। प्रतिवादी जयप्रकाश गुप्ताले अधिकृत पुँजी ३ करोड र जारी पुँजी २ करोड राखी सप्तकोशी कोल्ड स्टोरेज प्रा.लि. स्थापना गरेको देखिन्छ। उक्त प्रा.लि.को संस्थापकहरूले तत्काल लिन कबुल गरेको सेयर संख्यामा प्रति सेयर रू.१०० का दरले जयप्रकाश प्रसाद गुप्ताको ९७.७५ प्रतिशतले हुने १,८०,००० कित्ता र उज्वल शर्माको रू.२.२२ प्रतिशतले हुने ४००० कित्ता रहेको छ। यत्रो ठूलो लगानीमा एकाघर सगोलका कुनै पनि सदस्यहरू सेयरधनी रहेको नदेखिएको हुँदा सगोलको सम्पत्तिका अंशियारहरूमा बिक्री गरेको बाहेकको पैतृक सम्पत्ति बाँडफाँड नगरी यथास्थितिमा राखी आ–आफ्नो व्यवसाय गरी भिन्ना–भिन्नै बसेको भनी निजहरूले दिएको बयानबाट थप पुष्टि भएको छ। मानु छुट्टिएका अंशबन्डा नभएका तर स्वतन्त्र रूपमा अलग–अलग बसेको भाइहरूको सम्पत्ति र प्रतिवादीको सम्पत्तिमा अत्यधिक भिन्नता देखिएको छ। यस्तो अमिल्दो बेहोराले प्रतिवादीको कसुरमा संलग्नता रहेको थप पुष्टि गर्दछ।

**सार्वजनिक पदधारण गरेपछि आर्जन गरेको सम्पत्ति :–**

सार्वजनिक पदधारण गरेपछि जयप्रकाश प्रसाद गुप्ताले आर्जन गरेको चल अचल सम्पत्तिको विवरण देहायबमोजिम देखिएको छः

**अचल सम्पत्ति (घरजग्गा):**

| घरजग्गाको विवरण | जग्गाधनीको नाम र नाता | खरिद मिति | जग्गाको हालको मूल्य | घरको हालको मूल्य |
|---|---|---|---|---|
| का.जि.का.म.न.पा.वडा नं.९ कि.नं २२५ क्षे.फ. ०–४–०–३ रोपनी | जयप्रकाश प्रसाद गुप्ता | २०५२।९।२३ | | |
| का.जि.का.म.न.पा.वडा नं. ९ कि.नं ३७९ क्षे.फ. ०–१–२–० रोपनी | ,, | २०५९।४।१४ | १०,५९,३७५।– | ३४,६७,७८६।– |

| | | | | |
|---|---|---|---|---|
| का.जि.का.म.न.पा.वडा.९कि.नं.३७९क्षे.फ. ०–१–२–०रोपनी | ,, | २०५९।४।१४ | | |
| जिल्ला सप्तरी धरमपुर गा.वि.स.वडा नं.८(क) कि.नं. १४ क्षे.फ०–१०–१९ विगाहा | ,, | २०५६।१०।२५ | २,१९,०००।– | |
| जिल्ला सप्तरी धरमपुर गा.वि.स वडा नं.८(ग) कि.नं.४९को क्षे.फ.०–९–० विगाहा, कि.नं.३५ को क्षे.फ.०–११–३, कि.नं.५३ को क्षे.फ.०–१६–०,कि.नं.५२ को क्षे.फ०–१०–०, कि.नं.५० को क्षे.फ ०–५–० गरी जम्मा२–१–३ विगाहा | सरस्वती पुरी (गुप्ता श्रीमती) | २०५२।२।२८ | १०,२३,०००।– | |
| जिल्ला भक्तपुर दुवाकोट गा.वि.स.वडा नं.१ (घ) कि.नं.१२०९ क्षे.फ.०–४–०–०रोपनी | ,, | २०५२।२।२८ | ८७,५००।– | |
| फत्तेपुर गा.वि.स.वडा नं.३ को कि.नं.१४ क्षे.फ.०–०–१–१६स्थित २०५२ सालमा निर्मित घर | श्यामसुन्दर रौनियार, बाबु | ,, | | ८,४६,६२०।१७ |
| २०५० सालमा कञ्चनपुरमा निर्मित घरको मूल्याङ्कन रू. ........ | विनयकुमार गुप्ता, भाइ | ,, | | १,७,८२,४३१।९३ |
| जम्मा | | | २३,८८,८७५।– | ६०,९६,८३८।१० |
| **कूल** | | | **८४,८५,७३१।१०** | |

**गाडीः**

| **विवरण** | **रकम रू.** |
|---|---|
| जयप्रकाश प्रसाद गुप्ताको नाममा २०५८।१।३ मा खरिद गरेको बा.अ.चं. ७७३९ को ल्याण्डरोभर जीप खरिद गरेको मूल्य | १८,००,०००।– |
| जयप्रकाश प्रसाद गुप्ताको नाममा भन्सार सुविधाअन्तर्गत २०५३ चैत्रमा लिएको बा.अ.ञ ९६०२ को निशान सन्नि कार खरिद गरेको मूल्य | ६,६३,०१६।२५ |
| जम्मा | २४,६३,०१६।२५ |

**बैंक मौज्दातः**

| **क्र.सं.** | **खातावालाको नाता** | **अभियुक्तसँगको नाता** | **बैंकको नाम** | **खाता नं.** | **रकम** |
|---|---|---|---|---|---|
| १ | जयप्रकाश प्रसाद गुप्ता | स्वयं | बैंक अफ काठमाडौं | ०१००००००४६०९ | ४,५८,०५५।– |
| २ | ,, | स्वयं | स्टाण्डर्ड चार्टर्ड बैंक | १८००९, ३७७७०१ | २,०५,४१३।८ |
| ३ | सरस्वती पुरी | श्रीमती | नेपाल बंगलादेश बैंक | ००८८२१ एस | ३६,७०३।५८ |
| जम्माः ७,००१७२।२६ | | | | | |

| | |
|---|---|
| तत्कालीन अवस्थामा मन्त्रिपरिषद्को सदस्य रहेका निज गुप्ताले सम्पत्ति न्यायिक छानबिन आयोग गठन गर्न मन्त्रिपरिषद्बाट निर्णय भई उक्त आयोग गठन भएपश्चात् आफ्नो नाममा रहेको सम्पत्ति लुकाउने छिपाउने उद्देश्यले कृषि विकास बैंक, रत्नपार्कमा निजको बचत खाता नं. २५२४९० को खाता बन्द गरी झिकेको रू. | ९,२२,३०६।९७ |
| तत्कालीन अवस्थामा मन्त्रिपरिषद्को सदस्य रहेका निज गुप्ताले आर्थिक ऐन,२०५८ को व्यवस्था भएअनुसार आयको स्वेच्छिक घोषणा कार्यक्रम लागू हुने भएपछि २०५८।६।२३ मा नेपाल बंगलादेश बैंकमा रहेको श्रीमती सरस्वती पुरीका नामको खाताबाट निकालेको रकमले कुनै प्रकारको चल अचल सम्पत्ति खरिद नगरी लुकाएको छिपाएको रकम रू.<br><br>बैंक अफ काठमाडौंको खाता नं.०१००००००४६०९ मा स्रोत खुल्न नसकेको रू.१५ लाख रकम मिति २०५६।६।२६ मा निजका भाइ विनयकुमार गुप्ताले दाजु जयप्रकाश प्रसाद गुप्ताले दिएको रकम राखेको भनी जम्मा गरेको रकममध्ये लुकाउने छिपाउने दुराशय राखी विभिन्न व्यक्तिहरूका नाममा चेकमार्फत भुक्तानी भएको रकम रू. | ३५,९०,०००।–<br><br>१०,४४,४४५।– |
| कूलः ६२,५६,९२४।२३ | |

**सेयर (सप्तकोशी कोल्ड स्टोरेज प्रा.लि.)**

| विवरण | रकम रू. |
|---|---|
| कृषि विकास बैंकबाट सप्तकोशी कोल्ड स्टोरेज प्रा.लि.लाई कर्जा दिँदा ऋण/स्वलागत अनुपात ७१:२९ ले हुने रू.८१,९२,०००।– स्वलागत पुँजीमध्ये आफ्नो पैतृक जग्गाको Land & Development बापत ११,०३,३०००।– घटाई आउने रू.७०,८९,०००।– मध्ये ९७.७८ प्रतिशत सेयर हिस्साको अनुपातअनुसार जयप्रकाश प्रसाद गुप्ताको स्वलागत पुँजी रू.६९,३१,६२४।२० मध्ये २०५३ सालदेखि २०५७ सालसम्म सुनसरीको पैतृक जग्गाको बिक्रीबाट निजको बयानबमोजिम प्राप्त भएको रू.११,०३,०६२।५० रकमका अंशियारहरूमा चार भाग लगाउँदा हुने रू.२,७५,७६५।६२ निजको भागमा पर्ने र सो रकम स्वलागत पुँजीमा रहेको हुनसक्ने भएको रू. | ६९,३१,६२४।२० |

**अध्ययन खर्चः**

| विवरण | रकम रू. |
|---|---|
| जयप्रकाश प्रसाद गुप्ताको छोरालाई बुढानिलकण्ठ आवासीय मा.वि. बुढानिलकण्ठमा मिति २०५७।२ देखि २०५९ मंसिर ५ गतेसम्म अध्ययन गराउँदाको खर्च | १,९५,३८७।– |

**कूल सम्पत्ति (आरोप पत्रको तालिका नं.५–९ सम्म) :**

| विवरण | रकम रू. |
|---|---|
| जयप्रकाश प्रसाद गुप्ताको कृषि विकास बैंक, रत्नपार्क, बैंक अफ काठमाडौं र निजको एकाघरकी श्रीमती सरस्वती पुरी (गुप्ता) को नेपाल बंगलादेश बैंक लि.का बैंक खाताहरूमा गैरकानूनी ढंगबाट आर्जन गरेको नगद सम्पत्ति जम्मा गरी लुकाउने छिपाउने दुराशय राखी झिकेको नगद सम्पत्ति रू. | ५५,५६,७५१।९७ |
| अध्ययन खर्च रू. | १,९५,३८७।– |

| | |
|---|---|
| निजले लुकाउन छिपाउन नसकेको हालको सम्पत्ति (घर जग्गा, बैंक मौज्दात, गाडीहरू, सेयर पुँजी) रू. | १,८५,८०,५२५।८१ |
| सार्वजनिक पदधारण गरेपछि संग्रह गरेको कूल सम्पत्ति रू. | २,४३,३२,६६४।७८ |

**सार्वजनिक पदधारण गर्नुअघि र पछि बैंकमा जम्मा गरेको रकमको तुलनात्मक विवरण :–**

जयप्रकाश प्रसाद गुप्ताले सार्वजनिक पदधारण गर्नुपूर्व आर्जन गरी बचत गरेको नगद सम्पत्ति र सार्वजनिक पदधारण गरेपश्चात् आर्जन गरेको रकममध्ये बचत गरी नेपाल अधिराज्यभित्रका विभिन्न बैंकहरूमा जम्मा गरेको रकमको तुलना गर्दा निम्नानुसार देखिएको छः

| क्र.सं. | बैंकको नाम | खातावालाको नाम | खाता नं. | रकम जम्मा गरेको मिति | सार्वजनिक पदधारण गर्नुपूर्व | सार्वजनिक पदधारण गरेपछि |
|---|---|---|---|---|---|---|
| १ | कृषि विकास बैंक, रत्नपार्क | जयप्रकाश प्रसाद गुप्ता | २०२४९० | २०४६।५।८ देखि २०५८।१।२० सम्म | २२,०००।– | ३६,६१,८००।– |
| २ | नेपाल बंगलादेश बैंक लि. | सरस्वती पुरी (गुप्ता) | ००८८२१ | २०५५।६।६ देखि २०५८।६।१२ सम्म | – | ३६,०२,०००।– |
| ३ | बैंक अफ काठमाडौं | जयप्रकाश प्रसाद गुप्ता | ०१००००००४६०९ | २०५३।१२।३० देखि २०५६।६।२६ सम्म | – | १७,२८,०००।– |
| ४ | स्टाण्डर्ड चार्टर्ड बैंक | ,, | १८००९३७७७०१ | २०५७।१०।२ देखि २०५९।३।१३ सम्म | – | (४,०९,७७१।–) |
| जम्मा | | | | | २२,०००।– | ९१,९१,८००।– |
| **यस खातामा जम्मा भएको रकमको स्रोत खुलेको हुँदा यस तालिकामा उल्लेख गर्ने प्रयोजनका लागि मात्र देखाइएको छ। जम्मा रकममा गणना गरिएको छैन।** | | | | | | |

उपर्युक्त तालिकामा जयप्रकाश प्रसाद गुप्ता र निजकी श्रीमती सरस्वती पुरी (गुप्ता) को नामको बैंक खातामा निजले सार्वजनिक पदधारण गर्नुपूर्व र पछिको समयमा जम्मा गरेको नगद सम्पत्तिको तुलनात्मक विवरण झल्कने प्रयोजनका लागि उल्लेख गरिएको छ। यस विवरणबाट प्रतिवादीले मुलुकले विश्वास गरी सुम्पेको सार्वजनिक जवाफदेहीको पदको दुरूपयोग गरी सम्पत्ति आर्जन गरेको देखिन्छ।

**स्रोत खुलेको सम्पत्तिः**

**प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताको स्रोत खुलेको सम्पत्तिको विवरण देहायबमोजिम छ :–**

| नाम | सम्पत्तिको विवरण | मूल्य रू. | कैफियत |
|---|---|---|---|
| जयप्रकाश प्रसाद गुप्ता | सप्तरी जिल्ला धरमपुर ८ (क) कि.नं.१४ को क्षेत्रफल ०–१०–१९ | २,१९,०००।– | आरोप पत्रका तालिका नं.५ क्र.स.४ |
| ,, | स्टाण्डर्ड चार्टर्ड बैंकमा रहेको मौज्दात | २,०५,४१३।६८ | आरोप पत्रका तालिका नं.७ क्र.सं.२ |
| ,, | छोरा अनुस्क आनन्दको बुढानिलकण्ठ आवासीय मा.वि. मा २०५७ जेठदेखि २०५९ मंसिरसम्म अध्ययन खर्च | १,९५,३८७।– | आरोप पत्रका तालिका नं.९ |
| श्यामसुन्दर प्रसाद रौनियार | २०५२ सालमा फत्तेपुरमा निर्मित घर | ८,४६,६२०।१७ | आरोप पत्रका तालिका नं.५ क्र.सं.७ |
| विनयकुमार गुप्ता | २०५० सालमा कञ्चनपुरमा निर्मित घरको मूल्याङ्कन रू. | १७,८२४३१।९३ | आरोप पत्रका तालिका नं. ५ क्र.सं.८ |
| जयप्रकाश प्रसाद गुप्ता | २०५३ सालदेखि २०५७ सालसम्म पैतृक सम्पत्तिको बिक्रीबाट बयानबमोजिम प्राप्त रू.११,०३,०६२।५० अंशियारहरूमा चार भाग लगाउँदा | रू.२,७५,७६५।६२ | आरोप पत्रको तालिका नं. ८ क्र.सं.७ |
| **जम्मा** | | **३५,२४,६१८।४०** | |

विटौरी जग्गामा बनेको घर

**स्रोत खुलेको सम्पत्तिसम्बन्धी विश्लेषण :–**

(१) प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताका नाममा २०५६।१०।२५ मा खरिद भएको क्र.सं.१ को १० कठ्ठा १९ धुर जग्गा निजले बयानमा सो जग्गा शहीदको स्मृतिमा सामाजिक कार्यको लागि उपयोगमा ल्याउन विभिन्न व्यक्तिहरूबाट रकम संकलन गरी खरिद गरेको भने तापनि त्यस्तो सामाजिक उद्देश्य राखी खरिद गरिएको जग्गा भए अन्य व्यक्तिसमेतको नाममा वा संस्थाको नाममा खरिद गर्नुपर्नेमा निजले आफ्नै नाममा खरिद गरेको देखिएको र निजले बयानमा उल्लेख गरेअनुसार पुष्टि गर्न सक्ने कुनै सबुद प्रमाणसमेत पेस हुनसकेको छैन । निज २०५१ सालदेखि २०५९ सालसम्म सांसद् पदमा रहिरहेको र त्यसपछि बीचबीचमा संसदीय समितिको सभापति, कोशी टप्पु वन्यजन्तु आरक्षको जग्गा समाधान समितिको अध्यक्ष र पटकपटक मन्त्री भएको देखिएको हुँदा सो अवस्था निजले तलब, भत्ता र सुविधास्वरूप प्राप्त गरेको आयबाट आफ्नो परिवारको पालनपोषणमा हुने खर्च, राजनीतिक नेताका रूपमा रही कार्यकर्ता परिचालनमा हुने खर्च, बीचबीचमा भएका निर्वाचनमा सहभागी हुँदा त्यसमा हुने खर्च, औषधोपचारमा हुने खर्चसमेतका लागि ठूलो परिमाणमा प्रतिफल प्राप्त हुन नसक्ने खर्च हुने भएकोले निजको तलब भत्ता सुविधाबाट प्राप्त हुने रकममा बचत गरी चल अचल सम्पत्ति आर्जन हुनसक्ने अवस्था छैन । तापनि निजको सगोल परिवारमा रहेको कृषिउपजको सानोतिनो हिस्सा र अन्य काममा लगाई बाँकी रहन गएको जमिन बिक्रीको केही हिस्सा रकमसमेत जोडजम्मा गरी एकत्रित भएको सम्पत्तिबाट सो जग्गा खरिद गरेको हुनसक्ने अवस्थालाई विचार गर्दा निजको सो जग्गा खरिदमा खर्च भएको सम्पत्तिको स्रोत खुलेको मान्न सकिने

अवस्था हुँदा रू.२,१९,०००।– बराबरको मूल्य पर्ने सो जग्गालाई स्रोत खुलेको सम्पत्तिको रूपमा गणना गरिएको छ।

(२) क्र.सं. २ मा उल्लेख भएको स्टाउर्डड चार्टर्ड बैकमा रहेको खाताको कारोबारको प्रकृति सामान्य नै देखिएको र निजले सार्वजनिक सेवाको पदधारण गरेको अवधिमा विभिन्न मुलुकको भ्रमण गरेको देखिएको, त्यसरी भ्रमणमा जाँदा प्राप्त हुने नेता भत्ता, लुगा भत्ता, फुटकर खर्च (Pocket Money) आदिको रूपमा प्राप्त हुने रकम सामान्यतः जुन प्रयोजनको लागि भ्रमणकर्तालाई प्राप्त हुने हो सोही काममा खर्च भएर जाने पनि त्यसको नगण्य बचत पनि विस्तारै जम्मा हुँदै जाँदा केही देखिन सक्ने र परिश्रमिकबाट प्राप्त हुने आयमा पनि केही बचत हुनसक्ने स्वाभाविकतालाई विचार गरी सो बैंकमा जम्मा भएको रकम रू.२०,५,४१३।६८ लाई विदेश भ्रमण गरी प्राप्त गरेको रकम तथा पारिश्रमिक एवं भत्ताको बचत रकम हुनसक्ने देखिएकोले स्रोत खुलेको सम्पत्तिको रूपमा गणना गरिएको छ।

(३) क्र.सं.३ मा उल्लिखित छोरा अनुस्क आनन्दलाई बुढानीलकण्ठ आवासीय माध्यमिक विद्यालयमा पढाउँदाको समयमा निज मन्त्री पदमा बहाल रहेको देखिन्छ । सो विद्यालयलाई विभिन्न शुल्कबापत हालसम्म बुझाएको रू.१,९५,३८७।– निजको पारिश्रमिक, भत्ता, विदेश भ्रमण आदिको बचत रकमबाट खर्च भएको हुनसक्ने भएकोले स्रोत खुलेको सम्पत्तिको रूपमा गणना गरिएको छ।

(४) क्र.सं.४ र ५ मा उल्लिखित जिल्ला सप्तरी कञ्चनपुर गा.वि.स. वडा नं.७ स्थित घर र सोही जिल्लास्थित फत्तेपुर ३ स्थित घरहरूका सम्बन्धमा उक्त कञ्चनपुर स्थित घर २०४८ सालबाट बनाउन प्रारम्भ गरी २०५० सालमा निर्माण कार्य पूरा भएको भन्ने विनयकुमार गुप्ताको बयान कथन रहेको छ । त्यसैगरी फत्तेपुर स्थित निजहरूको कब्जामा रहेको विटौरी जग्गामा निर्मित साबिक पुरानो घरको सट्टा २०५० सालमा नयाँ घर निर्माण भएको पाइन्छ। यसरी २०५० सालसम्ममा सगोल परिवारका बाबु र भाइका नाममा बनेको घरको निर्माणमा परेको लागत हेर्दा कञ्चनपुर स्थित घरको मूल्य रू.१७,८२,४३१।९३ र फत्तेपुर स्थित घरको मूल्य रू.८,४६,६२०।१७ मूल्य बराबरको रहेको कुरा मूल्याङ्कन प्रतिवेदनबाट देखिएको छ । ती घर निर्माणका क्रममा खर्च भएको रकमको स्रोततर्फ हेर्दा निजहरूको बयानबाट पैतृक सम्पत्ति खर्च गरी बनाएको भनी बयान गरेको र २०४८ सालमा निजका बाबु श्यामसुन्दर प्रसाद रौनियारका नाममा रहेको जिल्ला सप्तरी धरमपुर गाउँ विकास समिति वडा नं.७ अन्तर्गतका विभिन्न जग्गा बिक्री भएका देखिन्छन्। ती जग्गाका लिखत बिक्री मूल्य भनी मालपोत कार्यालय सप्तरीबाट प्राप्त रेकर्ड हेर्दा २०४८ र २०४९ सालमा बिक्री भएको उक्त विभिन्न कित्ताहरूको जम्मा बिक्री मूल्य रू.२,६३,३००।– देखिन आएको। तर प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताले बयानको क्रममा आफ्नो आम्दानीका स्रोत देखाउने क्रममा पेस गरेको कागजबाट जम्मा रू.१४,३९,५००।– मूल्य बराबरको जग्गा बिक्री गरेको भनी उल्लेख गरेको पाइन्छ।

सो अवस्थासम्म निजहरूको सगोल परिवारमा निजका बाबु श्यामसुन्दर प्रसाद रौनियारका नाममा लगभग १० विगाहाभन्दा केही बढ्ता जग्गा सुनसरी जिल्लास्थित बसन्तपुर गा.वि.स. वडा नं. ९ मा देखिन्छ । सो जग्गा खेतीयोग्य जग्गा भए पनि सो समयमा निजको परिवारको स्थायी बसोबास सप्तरी जिल्लाको फत्तेपुर स्थित पुरानो घरमा रहेको, निज त्यस अवधिमा २०४८ सालदेखि २०५१ सालसम्म प्रधानमन्त्रीको प्रेस सल्लाहकारको रूपमा कार्यरत रहेको अभिलेखबाट देखिन्छ । प्रतिवादीका भाइहरू दुवै अध्ययन गर्दै गरेको अवस्था छ। यसबाट सुनसरी जिल्लास्थित करिब (१०) विगाहा जग्गामा निजहरूले कृषकको हैसियतले कृषिकार्य नगरेको र

अर्को व्यक्तिद्वारा खेतीको काम गराइएबाट "जो हात सोसाथ" गरी प्राप्त गरेको कृषि उपजको एउटा सीमित अंश मात्र निजहरूले पाउने देखिन्छ । सोबाहेकका सप्तरीस्थित जग्गाहरूमध्ये २०४८ साल र २०४९ सालमा बिक्री भई बाँकी रहेको जग्गाको अवस्था हेर्दा ती जग्गाहरू कुनै पनि धनहर खेत नदेखिएको र जग्गाधनी प्रमाण पुर्जा हेर्दा जग्गाको किसिममा पर्ती भनी उल्लेख भएको पाइएबाट निजले ती जगाबाट देखाएको कृषि आय आम्दानी भनी मान्न सक्ने अवस्था नरहेको र अर्कोतर्फ घरका जहान परिवारमध्ये छोराहरू सबै बाहिर आ–आफ्नो पेसा व्यवसायमा रहने र बाँकी २ जना बाबु र आमाबाट कृषि कार्य हुनसक्ने अवस्था देखिँदैन । जे जति कृषि उब्जनी वार्षिक रूपमा निजहरूलाई प्राप्त हुने हो सो सबै परिवारको पालन पोषण, पढाई खर्च, पाहुनापाछा, लुगाफाटो, चाडपर्व, सामाजिक व्यवहारलगायत प्रतिवादी र भाइहरू विवाह खर्च, अन्य भैपरी आउने व्यवहारसमेतलाई धान्ने अवस्था छैन । यस्तो अवस्थामा कृषि उपजबाट भएको बचतलाई अन्यन्त्र चल अचल सम्पत्ति आर्जन गर्न र लगानी गर्न सक्ने अवस्था छैन ।

हुनसक्ने आय र परिचालनको यस्तो परिस्थिति देखिए पनि घर निर्माण गर्नुपर्ने भई निजहरूले कञ्चनपुरमा नयाँ घर निर्माण गरेको र फत्तेपुर साबिक पुरानो घरको सट्टा नयाँ घर निर्माण गर्नु परेको अवस्थासमेतलाई हेर्दा घर निर्माणको लागि आवश्यक पर्ने जग्गा बिक्री गरेको पाइन्छ । ती जग्गा बिक्रीबाट प्राप्त सबै रकमलाई प्रयोग र त्यसमा थप खर्च गरी आधुनिक सिमेन्टेड घर निर्माण गरेको कुरा ती घरको मूल्याङ्कनबाट प्रस्ट हुन्छ । ती जग्गा बिक्री हुँदा बिक्री मूल्य सम्बन्धित मालपोत कार्यालयको रेकर्डभन्दा निज जयप्रकाश प्रसाद गुप्ताबाट पेस हुन आएको रकम निक्कै ठूलो देखिन्छ । यथार्थ मूल्य जे भए पनि उक्त जग्गा बिक्रीबाट अन्यन्त्र लगानी नगरी सोही ठाउँमा आधुनिक सिमेन्ट कंक्रिटको घर निर्माण गरेको कुरालाई अन्यथा मान्न मिल्ने अवस्था नहुँदा उक्त दुवै घरको क्रमशः रू.८,४६,२०।१७ र रू.१७,८२,४३१।९३ गरी जम्मा रू.२६,२९,०५२।१० को स्रोत खुलेको सम्पत्तिको रूपमा गणना गरिएको छ ।

(५) जयप्रकाश प्रसाद गुप्ताले २०५३ सालदेखि २०५७ सालसम्म पैतृक सम्पत्तिको बिक्रीबाट निजको बयानबमोजिम रू.११,०३,०६२।५० रकम प्राप्त भएको कुरा उल्लेख गरेको देखिन्छ । उक्त रकम अंशियारहरूमा चार भाग लगाउँदा हुने रू.२,७५,७६५।६२ निजले पाएको हुनसक्ने भएकोले सो रकम पैतृक सम्पत्तिको बिक्रीबाट आम्दानी भएको र सोही रकम सप्तकोशी कोल्ड स्टोरेज प्रा.लि. मा स्वलागत पुँजीको रूपमा लगानी गरेको हुनसक्ने देखिएकोले रू.२,७५,७६५।६२ लाई स्रोत खुलेको रूपमा गणना गरिएको छ ।

**स्रोत नखुलेको सम्पत्ति :–**

| क्र.सं | नाम | सम्पत्तिको विवरण | रकम रू. | तालिका नं.र क्र.सं |
|---|---|---|---|---|
| १. | जयप्रकाश प्रसाद गुप्ता | का.जि.का.म.न.पा.९ कि.नं.२२५, ४६३र ३७९ क्षे.फ. क्रमशः ०–४–३,०–१–१–२ र ०–१–२–० जग्गा र सो जग्गामा निर्मित आधुनिक घर | ४५,२७,१६१।– | आरोप पत्रको तालिका नं.५ क्र.सं. १, २, ३ |
| २. | सरस्वती पुरी (गुप्ता) श्रीमती | जिल्ला सप्तरी धरमपुर गा.वि.स.८(ग) कि.नं.४९, ३५, ५३, ५२ र ५० को जग्गा क्षे.फ.२–१–३ विगाहा | १०,२३,०००।– | आरोप पत्रको तालिका नं.५ क्र. सं.५ |

| | | | | |
|---|---|---|---|---|
| ३. | सरस्वती पुरी (गुप्ता) श्रीमती | जिल्ला भक्तपुर दुवाकोट गा.वि.स.वडा नं.१(घ) कि.नं.१२०९ क्षे.फ.०–४–०–० रोपनी | ८७,५००।– | आरोप पत्रको तालिका नं.५ क्र.स..६ |
| ४. | जयप्रकाश प्रसाद गुप्ता | मिति २०५८।१।३ मा.बा.३च.७७३९ को ल्याण्ड रोभर जीप | १८,००,०००।– | आरोप पत्रको तालिका नं.६ |
| ५. | जयप्रकाश प्रसाद गुप्ता | मिति २०५३ चैत्रमा सांसद् सुविधाअन्तर्गत लिएको बा.अ.ञ ९६०२ को निशान सन्नि कार | ६,६३,०१६।२५ | आरोप पत्रको तालिका नं.६ |
| ६. | जयप्रकाश प्रसाद गुप्ता | बैंक अफ काठमाडौंको खाता नं.४६०९ मा स्रोत खुल्न नसकेको रकम जम्मा गरी बाँकी रहेको मौज्दात | ४,५८,०५५।– | आरोप पत्रको तालिका नं.७ क्र. सं१ |
| ७. | जयप्रकाश प्रसाद गुप्ता | बैंक अफ काठमाडौंको खाता नं.४६०९ मा स्रोत खुल्न नसकेको रू.१५ लाख रकम मिति २०५६।६।२६ मा निजका भाइ विनयकुमार गुप्ताले दाजु जयप्रकाश प्रसाद गुप्ताले दिएको रकम राखेको भनी जम्मा गरेको रकममध्ये छिपाउने दुराशय राखी विभिन्न व्यक्तिहरूका नाममा चेकमार्फत भुक्तानी भएको रकम | १०,४४,४४५।– | आरोप पत्रको तालिका नं.७ क्र. सं.६ |
| ८. | सरस्वती पुरी (गुप्ता) | नेपाल बंगलादेश बैंक लि.खाता नं.००८८२१ एस मा स्रोत खुल्न नसकेको रकम जम्मा गरी बाँकी रहेको मौज्दात | ३६,७०३।५८ | आरोप पत्रको तालिका नं.७ क्र. सं.३ |
| ९. | सरस्वती पुरी (गुप्ता) | तत्कालीन समयमा मन्त्रिपरिषद्को सदस्य रहेका निज गुप्ताले आर्थिक ऐन, २०५८ को व्यवस्थाअनुसार आयको स्वेच्छिक घोषणा लागू हुने भएपछि गैरकानूनी रूपले आर्जन गरी श्रीमतीको नाममा नेपाल बंगलादेश बैंकमा पटकपटक गरी जम्मा गरेको रकम २०५८।६।१२ मा लुकाउने दुराशयले झिकेको रकम | ३५,९०,०००।– | आरोप पत्रको तालिका नं.७ क्र. सं.५ |
| १०. | जयप्रकाश प्रसाद गुप्ता | तत्कालीन समयमा मन्त्रिपरिषद्को सदस्य रहेका निज गुप्ताले सम्पत्ति न्यायिक छानबिन आयोग गठन गर्न मन्त्रिपरिषद् निर्णय भई उक्त आयोग गठन हुनासाथ गैरकानूनी रूपले आर्जन गरेको सम्पत्ति लुकाउने छिपाउने उद्देश्यले कृषि विकास बैंक, रत्नपार्क शाखास्थित खाता नं.२५२४९० मा रहेको रू.९,२२,३०६।– रकम मिति २०५९।१।२३ मा खाता बन्द गरी झिकेको रकम | ९,२२,३०६।९७ | आरोप पत्रको तालिका नं.८ |
| ११. | जयप्रकाश प्रसाद गुप्ता | सप्तकोशी कोल्ड स्टोरेज प्रा.लि.मा लगानी गरेको सेयर पुँजी | ६६,५५,८५८।३८ | |
| **जम्मा रू.** | | | **२,०८,०८,०४६।३८** | |

**स्रोत नखुलेको सम्पत्तिसम्बन्धी विश्लेषण :–**

(१) क्र.सं १ मा उल्लिखित का.जि. का.म.न.पा. ९ कि.नं.२२५,४६३ र ३७९ का जग्गाहरू २०५२ र २०५९ सालमा खरिद गरेको देखिएको छ । आधुनिक घर २०५३ सालमा निर्माण भएको छ । स्रोतको सम्बन्धमा घर जग्गाधनी जयप्रकाश प्रसाद गुप्ताले आफ्नो स्वआर्जन, पारिश्रमिकको बचत, पैतृक सम्पत्तिको आय आदिबाट जग्गा खरिद गरेको र सोमा निर्माण गर्दा पैतृक आय, ऋण सापटी र विदेश भ्रमणको आयबाट बनेको भनी बयान कथनमा उल्लेख गरेको पाइन्छ ।

तर निजले सार्वजनिक पदधारण गर्नुपूर्व निजको एक मात्र बैंक खाता रहेको कृषि विकास बैंक, रत्नपार्क शाखामा रू.२२ हजार मात्र जम्मा गरेको देखिएकोबाट निजको पैतृक सम्पत्तिबाट हुने आयको बचत नगण्य हुने भई सामान्य जीविकोपार्जनका लागि मात्र पुग्ने देखिएकोले पैतृक सम्पत्तिको आयको बचतबाट समेत जग्गा खरिद गरी घर निर्माण गरेको भन्ने जिकिरमा कुनै सत्यता पाइन्न ।

पैतृक सम्पत्तिको आय आर्जनको लामो समयावधिभित्र कुनै प्रकारको सम्पत्ति खरिद गरेको नदेखिनु तर, सार्वजनिक पदधारण गरेपश्चात् सम्पत्ति आर्जन गरेको देखिएको छ । श्रीमतीको नाममा जग्गा खरिद गर्ने कार्य आफ्नो नाममा दर्ता भएको जग्गामा आधुनिक घर निर्माण कार्य एकलौटी भएका छन् । जग्गा खरिद गर्न र घर निर्माण गर्न रकम उपलब्ध गराउन सक्ने पैतृक सम्पत्तिको आम्दानी पनि देखिँदैन । निजका एकाघरको कान्छा भाइ विनयकुमार गुप्ताको बयान कथनअनुसार ललितपुर जिल्ला सुनाकोठी गाउँ विकास समिति ढोलाहिटी स्थित निजको घर जग्गाको स्रोतमा जग्गा ससुरालीतर्फबाट पाएको भनी जिकिर गरेको र घर फाइनान्स कम्पनीको ऋणबाट निर्माण गरेको भनी पैतृक सम्पत्तिको कुनै पनि आय स्रोत त्यसमा लागेको कुरा उल्लेख नगरेबाट पनि पैतृक सम्पत्तिको आय बचत रहन नसक्ने स्पष्ट छ ।

एकै सगोल परिवारका छोराहरूमध्ये मन्त्री पदसमेतको जिम्मेवारी पाएका जयप्रकाश प्रसाद गुप्तालाई मात्र जग्गा खरिद गर्न र घर निर्माण गर्न पैतृक सम्पत्ति उपलब्ध हुने र निजको तुलनामा अरू भाइहरूलाई त्यस्तो सम्पत्ति प्राप्त नहुने भन्ने कुरामा विश्वास गर्न सकिँदैन । जयप्रकाश प्रसाद गुप्ताको पारिश्रमिक र अन्य वैध स्व–आर्जनबाट नगद सम्पत्ति बचत भई सो सम्पत्ति आर्जन हुनसक्ने देखिँदैन । अतः यस्तो वैधानिक स्रोत खुल्न नसकेको रू.४५,२७,१६१।- लाई माग दाबी लिइएको छ ।

(२) क्र.सं २ र ३ मा उल्लिखित श्रीमती सरस्वती पुरी (गुप्ता) को नाममा रहेको क्रमशः जि.सप्तरी धरमपुर गाउँ विकास समिति वडा नं. ८ र जिल्ला भक्तपुर दुवाकोट गाउँ विकास समिति वडा नं. १ (घ) कि.नं. १२०९ को एउटै मितिमा जग्गा खरिद गर्दाको स्रोत पनि स्वआर्जन, पैतृक सम्पत्ति आदिलाई देखाएको र सोको स्रोतका सम्बन्धमा आफ्ना पति जयप्रकाश प्रसाद गुप्तालाई नै जानकारी रहेको आफूलाई थाहा नभएको भनी निज पुरीको बयान कथन रहेको छ । प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताको बयान कथन भने सो जग्गा खरिदको स्रोत पनि आफ्नो स्वआर्जन नै हो भन्ने छ । त्यस्तो स्वआर्जको स्रोत के हो देखाउन सकेको छैन । जग्गाधनी भनिएकी सरस्वती पुरी (गुप्ता) ले आफ्नो नाममा खरिद गरेको उक्त सम्पत्तिको स्रोतको विषयमा अनभिज्ञता प्रकट गर्नु तथा निजका श्रीमान् जयप्रकाश प्रसाद गुप्ताको पैतृक सम्पत्तिको आय र निजको स्वआर्जनको नगद प्रवाहबाट मौद्रिक बचत भई थप सम्पत्ति खरिद गर्न सक्ने स्थिति पनि देखिँदैन । वैधानिक स्रोत नखुलेको रू.११,१०,०५००।– मूल्य बराबरको जग्गालाई स्रोत नखुलेको सम्पत्ति भएकोले दाबीमा लिएको छ ।

(३) क्र.सं. ४ र ५ मा उल्लिखित प्रतिवादीको

नामका मोटर गाडीहरूका सम्बन्धमा स्वआर्जन, पारिश्रमिक, पैतृक सम्पत्ति आदिबाट खरिद गरेको भन्ने बयान कथन छ । निजकै बयानअनुसार पनि ती दुवै मोटर गाडीको मूल्य क्रमशः १८ लाख र १५ लाख रहेको पाइन्छ । तीमध्ये मिति २०५८।१।२२ मा बा.३ च. ७७३९ नं. को ल्याण्ड रोभर जीप खरिद गर्दा आफूसँग सोअघि सांसद् सुविधाअन्तर्गत खरिद गरेको बा.अ.ञ.९६०२ नं. को कार रू.१५ लाखमा बिक्री गरी प्राप्त रकममा आफूसँग रहेको रकम थप गरी सो जीप खरिद गरेको भनी बयान गरेको भए पनि निजले बिक्री गरेको भनेको उक्त कार निजले आफ्नै नाममा राखी राखेको स्वीकारेबाट सो कार बिक्री गरेको मान्ने अवस्था छैन । त्यसैगरी राज्यले सांसद्हरू कर्तव्यप्रति सचेत र उत्तरदायीसमेत हुन सकुन् भन्ने उद्देश्यले नब्बे प्रतिशत भन्सार छुट गरिदिएको मान्न सकिन्छ । यसरी भन्सार सुविधाबाट खरिद गरेको गाडी आफ्नो मर्यादित पदमाथि प्रतिकूल असर पर्ने गरी भाडामा लगाई आय आर्जनसमेत गरेको भनी निजले बयानमा जिकिर लिई प्रमाणसमेत पेस गर्ने प्रयास भएको छ । यस्ता काल्पनिक भनाइबाट आफूले गरेका गैरकानूनी कार्य ढाकछोप गरी नभएको स्रोतलाई वैधानिक स्रोत हो भन्ने देखाउने प्रयास गरिएको स्पष्ट नै छ । यस्तो भाडामा लगाएको भनिएको गाडी खरिद गर्दाको रकमको नै स्रोत खुल्न सकेको छैन ।

सांसद् सुविधाअन्तर्गत रू.६,६३,०१५।२५ मा खरिद गरेको बा.अ.ञ.९६०२ नं. सन्नी कारको स्रोतको सम्बन्धमा स्वआर्जन, पारिश्रमिक र पैतृक सम्पत्ति भनी प्रतिवादीले बयानमा उल्लेख गरेको छ । सो समयसम्मको पारिश्रमिक वा स्वआर्जन भने पनि निजले २०४८ साल असारदेखि २०५० भाद्रसम्म प्रधानमन्त्रीको प्रेस सल्लाहकारका हैसियतमा रू.१,७५,०६८।८० आर्जन गरेको देखिन्छ । त्यसैगरी २०५१।२०५२ देखि २०५८।२०५९ सम्मको पूरै अवधिमा सांसद्को नाताले प्राप्त गरेको कूल रू.१३,०३,२७५।–र कोशीटप्पु जग्गा समस्या समाधान आयोगको अध्यक्षको हैसियतले काम गरेको १ वर्ष ७ महिनाको जम्मा आय रू.१,०२,७१०।– समेत गरी जम्मा रू.१४,०५,९८५।– प्राप्त गरेको देखिन्छ । आ.व२०५१।५२ देखि आ.व.२०५८।५९ गरी जम्मा रू.१४,०५,९८५।–लाई ९ वर्षले भाग लगाउँदा प्रति वर्ष रू.१,५६,२२०।५६ हुन आउँछ । उक्त गाडी खरिद गरेको आ.व.२०५३।५४ (२०५३ चैत्र) सम्म प्राप्त हुने रकम रू.४,६८,६६१।६८ र प्रधानमन्त्रीको सल्लाहकार हुँदा प्राप्त गरेको रकम रू.१,७५,०६८।८० गरी जम्मा रू.६,४३०।४८ प्राप्त गरेको देखिन्छ ।

निजले सो रकमबाटै आफ्नो र आफ्ना आश्रित परिवारको पालन पोषणमा खर्च गरेको, निर्वाचन प्रक्रियाद्वारा सार्वजनिक पदधारण गर्ने सिलसिलामा कानूनबमोजिम वैधानिक रूपमा आर्जन गरी बचत गरेको नगद सम्पत्तिको ठूलो हिस्सा चुनावको समयमा खर्च भई जाने र सो समयमा निजको उल्लिखित आयस्रोतबाहेक अर्को कुनै आय आर्जन हुने वैधानिक स्रोत रहेको पुष्टि भएको छैन । सांसद् सुविधाबाट प्राप्त भएको पूरै रकम रू.६,६३,०१६।२५ खर्च गरी कार किन्न सक्ने आर्थिक हैसियत पनि देखिन्न । निजले आफ्नो आयको सम्पूर्ण रकम खर्च गरेको भनी मान्न सकिने अवस्था छैन ।

त्यसैगरी मिति २०५८।१।२२ मा रू.१८ लाख खर्च गरी बा.३च.७७३९ नं. को बेलायतमा निर्मित ल्याण्डरोभर जीप र मिति २०५३।११।६ मा रू.६,६३,०१६।२५ खर्च गरी बा.अ.ञ ९६०२ नं. को कारसमेत गरी दुवै गाडी खरिद गर्दाको वैधानिक स्रोत खुल्न नसकेकोले जम्मा रू.२४,६३,०१६।२५ को स्रोत नखुलेको सम्पत्तिको रूपमा गणना गरी दाबीमा लिइएको छ ।

(४) क्र.सं ६ मा उल्लिखित प्रतिवादीका नाममा रहेको बैंक अफ काठमाडौंको खाता

नं.०१०००००४६०९ मा मिति २०५३।१२।३० देखि २०५६।६।२६ सम्म रू.१७,२८,०००।– जम्मा गरेको रकममध्ये मिति २०५६।६।२६ मा एकै दिन एउटै बैंक भौचरबाट वैधानिक स्रोत नखुलेको रू.१५ लाख बैंकमा जम्मा गरेको देखिन्छ । उपर्युक्त जम्मा गरेको रकममध्ये हाल झिक्न बाँकी बैंक मौज्दात रू.४,५८,०५५।– को वैधानिक स्रोत खुल्न नसकेकोले दाबीमा समावेश गरिएको छ ।

त्यसै गरी क्र.सं ७ मा उल्लिखित जयप्रकाश प्रसाद गुप्ताका नाममा उक्त बैंक खातामा २०५६।६।२६मा रू.१५,००,०००।– निजका भाइ विनयकुमार गुप्ताले जम्मा गरेको छ । सो सम्बन्धमा विनयकुमार गुप्ताको दाजु जयप्रकाश प्रसाद गुप्ताले राख्न दिएको नगदै रूपैयाँ जम्मा गरेको हो, स्रोतको विषयमा थाहा छैन भन्ने विनयकुमार गुप्ताको बयान कथन रहेको छ । यसमा प्रतिवादीले वैधानिक स्रोत खुलाउन सकेको देखिँदैन । स्रोत खुल्न नसकेको उक्त रकम झिकी केमा खर्च भएको हो ? सो पनि खुलाउन सकेको छैन उक्त नगद सम्पत्ति बैंकबाट झिकेपश्चात् सो कार्य मात्र गरेको देखिन्छ । अतः उक्त खातामा गैरकानूनी रूपमा आर्जन गरेको नगद सम्पत्ति एकै दिन एकमुष्ट जम्मा गरेको रू.१५ लाख नगद सम्पत्तिमध्ये लुकाउने छिपाउने दुराशय राखी विभिन्न व्यक्तिहरूको नाममा चेक काटी झिकेको रू.१०,४४,४४५।– (१५ लाखमध्ये ४,५८,०५५।– हालसम्म मौज्दात रहेकोले मौज्दात रकममा नै दाबी लिई बाँकी रहेको) को स्रोत नखुलेकोले सम्पत्तिको रूपमा दाबीमा लिइएको छ ।

सोही खातामा मिति २०५३।१२।३० मा खाता खोल्दाको बचत जम्मा गरेको रू.७८,०००।– र मिति २०५४।१२।३ मा जम्मा गरेको रू.१,५०,०००।– समेत कूल रू.२,२८,०००।– स्वाभाविक पारिश्रमिक वा प्रतिवादीले भनेका अन्य आम्दानीबाट बचत भएको रकम नै हुनसक्ने भएकोले खर्च रकमलाई दाबीमा लिइएको छैन ।

क्र.सं. ८ मा उल्लिखित श्रीमती सरस्वती पुरी (गुप्ता) को नेपाल बंगलादेश बैंक खाता नं.००८८२१ बैंक खाताहरूमा मिति २०५६।६।६ देखि २०५८।६।१२ नगद सम्पत्ति उक्त बैंकमा रू.३६,००,०००।– जम्मा गरेको रकमको स्रोतका सम्बन्धमा प्रतिवादी गुप्ताले घरायसी सरसापट, व्यवसायबाट आउने रकम, पैतृक सम्पत्तिसमेतबाट आएको भन्ने बयान कथन रहेको छ । तर रू.३६ लाख ठूलो परिमाणको नगद सम्पत्ति भएकोले कोबाट सापट लिएको, कुन कुन व्यवसाय गरी आर्जन गरेको, सो खुलाउन नसकेको हुँदा वैधानिक स्रोत खुल्न नआएको उक्त रकम रू.३६ लाखको स्रोत खुल्न सकेको पाइँदैन । उपर्युक्त जम्मा गरेको रकममध्ये बैंक मौज्दात बाँकी रू.३६,७०३।५८ रकम स्रोत खुल्न सकेको छैन । अतः यो झिक्न बाँकी मौज्दात रकमलाई स्रोत नखुलेको सम्पत्ति भएकोले दाबीमा लिइएको छ । झिकी सकिएको रकमका हकमा छुट्टै दाबी लिइएको छ ।

क्र.सं. ९ मा उल्लिखित श्रीमती सरस्वती पुरी (गुप्ता) को नाममा रहेको उक्त बैंक खातामा वैधानिक स्रोत नखुलेको रू.३६ लाख नगद सम्पत्तिमध्ये २०५८।६।१२ मा एकै पटक निकालेको रू.३५,९०,०००।– रकम आयको स्वेच्छिक घोषणा कार्यक्रम लागू हुने समयमा लुकाउने, छिपाउने उद्देश्य राखी झिकिएको देखिन्छ । उक्त रकम झिकेपछि निजले कुनै प्रकारको चल अचल सम्पत्ति संग्रह गरेको देखिँदैन । खातावाला भनिएकी सरस्वती पुरी (गुप्ता) को नाममा रहेको उक्त बैंक खातामा वैधानिक स्रोत नखुलेको रू.३६ लाख नगद सम्पत्तिमध्ये २०५८।६।१२ मा एकै पटक निकालिएको रू.३५,९०,०००।– रकम आयको स्वेच्छिक घोषणा कार्यक्रम लागू हुने समयमा लुकाउने, छिपाउने उद्देश्य राखी झिकिएको देखिन्छ । उक्त रकम झिकेपछि निजले कुनै प्रकारको चल अचल सम्पत्ति संग्रह गरेको देखिँदैन । खातावाला भनिएकी सरस्वती पुरी (गुप्ता) र निजका श्रीमान् जयप्रकाश प्रसाद गुप्ताले

समेत सोको स्रोत र सो रकम केमा प्रयोग गरियो भनी खुलाउन सकेको छैन। स्पष्ट रूपमा लुकाउन झिकिएको सो रकमलाई स्रोत नखुलेको सम्पत्तिको रूपमा दाबी लिइएको छ।

क्र.सं. १० मा उल्लिखित प्रतिवादी गुप्ताको नाममा रहेको कृषि विकास बैंक, रत्नपार्क स्थित खाता नं. २५२४९० मा निज सार्वजनिक जवाफदेहीको पदमा नियुक्त हुनुपूर्व खुलेको भए तापनि निजले सार्वजनिक जवाफदेहीको पद सम्हालेपछि गैरकानूनी तबरबाट आर्जन गरेको नगद सम्पत्ति रू.३८,६१,८००।– रकम पटकपटक जम्मा गरेको देखिन्छ । तत्कालीन मन्त्रिपरिषद्को सदस्यको हैसियतले सम्पत्ति न्यायिक छानबिन आयोग गठन गर्न संलग्न रहेका प्रतिवादीले आयोग गठन मिति २०५८।११।२४ मा भएपछि बैंक खातामा मौज्दात रहेको रू.९,२२,३०६।९७ रकम झिकी एकाएक उक्त बैंक खाता मिति २०५९।१।२३ मा बन्द गरी आफ्नो कसुर लुकाउने प्रयत्न गरी सार्वजनिक पदको समेत अवमूल्यन गरेको देखिन्छ । निजले उक्त रकम लुकाउने दुराशय राखी बेपत्ता पारेको सो रकमलाई स्रोत नखुलेको सम्पत्तिको रूपमा गणना गरी दाबीमा लिइएको छ।

त्यसैगरी उक्त बैंक खातामा सार्वजनिक पदधारण गरेपश्चात् पटकपटक गरी जम्मा गरेको ३८,६१,८००।– रकममध्ये २९ लाख ३९ हजारभन्दा बढी रकम विभिन्न मितिमा झिकेको देखिएको र सो समयमा प्रतिवादीले काठमाडौंमा जग्गा खरिद गरी घर निर्माण गरेको देखिएको हुँदा उक्त झिकेको रकमसमेत घर जग्गामा प्रयोग गरेको हुनसक्ने भएकोले सोही नगद सम्पत्ति स्थिर सम्पत्तिमा परिणत गरेको घर जग्गा नै दाबीमा लिइएको हुँदा उक्त रू.२९ लाख ३९ हजार रकमलाई यहाँ उल्लेख मात्र गरिएको छ।

जयप्रकाश प्रसाद गुप्ताले आफ्नो र आफ्नी श्रीमतीको बैंक खाताहरूमा निजले सार्वजनिक पदधारण गरेपश्चात् करिब ९२ लाख रकम जम्मा गरेको विषयमा विभिन्न समयमा व्यापार व्यवसाय गरी आर्जन गरेको भनी बयान कथनमा उल्लेख गरेको पाइन्छ । तर, निजले सार्वजनिक पदधारण गरेपछि कुनै व्यापार व्यवसाय गरेको प्रमाण पेस गर्न नसकेको र आर्जन गरेको सम्पत्तिमध्ये रू.९२ लाख बचत गरी बैंकमा जम्मा गरेको रकमको कर तिरेकोसमेत नदेखिएको हुँदा २०४८ सालभन्दा पछि एकदशकको अवधिमा गैरकानूनी कार्य गरी कसुर ढाकछोप गर्ने दुराशय राखी झुठा बयान दिएको देखिन्छ । प्रतिवादीले वैधानिक व्यापार व्यवसायमा संलग्न रही सार्वजनिक पदधारण गरेको एकदशकको अवधिभित्र सम्पत्ति संग्रह गरेको भए संग्रह भएको रू.९२ लाख (रू.६ लाख रकमबाहेक) रकमको चेक ड्राफ्टबाट रकम जम्मा हुनुपर्ने, सो गरिएको छैन। ठूला परिमाणको अचानक स्रोत नखुलेको नगद सम्पत्ति निज र निजकी श्रीमतीको बैंक खातामा जम्मा भएबाट वैधानिक आय नभएको थप पुष्टि मिल्दछ।

क्र.सं.११ मा उल्लिखित सप्तकोशी कोल्ड स्टोरेज कम्पनी प्रा.लि. नम्बर १३३००/०५७।५८ बाट मिति २०५७।३।२८ मा दर्ता भएको देखिन्छ । उक्त कम्पनीको अधिकृत पुँजी २ करोड र जारी पुँजी २ करोड रहेको देखिन्छ । कम्पनीको संस्थापक सेयरधनीमा जयप्रकाश प्रसाद गुप्ता र उज्वलप्रसाद शर्मा सापकोटा रहेका देखिन्छन् । कम्पनीको सेयर संरचनामा प्रतिसेयर रू.१००।– का दरले ३,००,०००।– थान साधारण सेयरमध्ये जयप्रकाश प्रसाद गुप्ताले लिन कबुल गरेको सेयर संख्या १,८०,००० थान र अर्का सेयरधनी उज्वलप्रसाद शर्मा सापकोटाको ४००० थान सेयर रहेको छ। यसरी कबुल गरिएका सेयरहरूमध्ये जयप्रकाश प्रसाद गुप्ताको ९७.७८ प्रतिशत र उज्वलप्रसाद शर्मा सापकोटाको २.२२ प्रतिशत रहेको देखिन्छ।

कम्पनीलाई कृषि विकास बैंकको सञ्चालक समितिको मिति २०५७।७।२८ को बैठकले ऋण / स्वलागत अनुपात ७१:२९ हुने गरी स्थिर

पुँजीतर्फ रू.१,९५,००,०००।– र चालु पुँजीतर्फ १९,४२०००।– गरी जम्मा रू.२,१४,४२,०००।– कर्जा स्वीकृत भएको देखिन्छ। कृषि विकास बैंकबाट प्राप्त प्रमाण कागजातको आधारमा जयप्रकाश प्रसाद गुप्ताको स्वलागत पुँजी गणना गर्दा रू.६९,३१,६२४।२० लगानी गरेको देखिन्छ।

सप्तकोशी कोल्ड स्टोरेज प्रा.लि.ले कृषि विकास बैंकबाट बैंक कर्जा लिँदा ऋणी भनिएको उक्त कम्पनीको तर्फबाट संस्थापक सेयरधनी जयप्रकाश प्रसाद गुप्ताले पेस गरेको परियोजनाको वित्तीय विश्लेषणको आधारमा बैंकले निर्धारण गरेको ऋण / स्वलागत पुँजी अनुपात ७१:२९ ले स्वलागत पुँजी रू.८१,९२,०००।– मध्ये आफ्नो पैतृक जग्गाबापत रू.११,०३,०००।– उल्लेख भएको हुँदा सो स्वलागत पुँजीमा घटाई आउने रू.७०,८९,०००।– मध्ये बाँडफाँड गरिएको सेयरबमोजिम ९७.७८ प्रतिशत सेयर हिस्सा जयप्रकाश प्रसाद गुप्ताको रहेबाट निजको स्वलागत पुँजी रू.६९,३१,६२४।२० रहेको देखिन्छ।

स्वलागत पुँजीको स्रोतको विषयमा २०५३ सालदेखि २०५७ सालसम्म बिक्री भएको पैतृक सम्पत्तिको आय रू.११,०३,०६२।५० का हिस्सेदारहरूमा चार भाग लगाउँदा हुने रू.२,७५,७६५।६२ प्रतिवादीले पाएको हुनसक्ने देखिएको छ। उक्त कुरा प्रतिवादीका भाइहरूको नाममा खरिद गरिएको जग्गाको स्रोतमा पैतृक सम्पत्तिको बिक्रीबाट भएको आम्दानीबाट समेत खरिद गरेको भनी बयानमा उल्लेख गरेबाट सो कुरा पुष्टि हुन आउँछ। उक्त रकम कम्पनी स्थापना गर्दा स्वलागत पुँजीमा लगाएको हुनसक्ने भएकोले स्वलागत पुँजी रू.६९,३१,६२४।२० मा जग्गा बिक्री गरी प्राप्त भएको रू.२,७५,७६५।६२ घटाउँदा हुन आउने रू.६६,५५,८५८।५८ को स्रोत नखुलेकोले दाबीमा लिइएको छ।

सप्तकोशी कोल्ड स्टोरेज कम्पनीलाई कृषि विकास बैंक, कञ्चनपुर शाखाबाट मिति २०५८।६।११ सम्ममा २,०१,३८५।– कर्जा प्रवाह भएको देखिन्छ। प्रतिवादीका भाइ दीपककुमार गुप्ताको बयान कथनमा उक्त कम्पनी २०५८ साउनदेखि परीक्षणको रूपमा सञ्चालन भएको र २०५८ चैत्रदेखि व्यावसायिक रूपमा सञ्चालन गरेको भन्ने भनाई रहेको छ। यस कम्पनीले कर्जा लिएपश्चात् कुनै पनि रकम साँवा किस्ता भुक्तानी नगरेको र २०५९ साल पौष मसान्तसम्ममा रू.१२,०४,९९३।– ब्याज भुक्तानी गर्न बाँकी देखिएको हुँदा निजले उक्त कम्पनीबाट आय आर्जन गरी सम्पत्ति बढे बढाएको देखिँदैन।

**प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताको कसुरको झलकहरू :–**

(१) निजले सार्वजनिक पदधारण गर्नुपूर्वको २ वर्षको अवधिभित्रमा कृषि विकास बैंक रत्नपार्क शाखामा रू.२२ हजार मात्र जम्मा गरेको, तर २०४८।३।३ देखि २०५१।३।३० सम्म रू.४,०४५००।– नगद जम्मा गरेको।

(२) २०५४।८।१८ देखि २०५९।६।१८ सम्म अर्थात् ३ वर्ष ९ महिना ८ दिनको अवधिमा सूचना तथा सञ्चार राज्यमन्त्री, मन्त्री कृषि तथा सहकारी मन्त्री रहेको समयमा करिब ८५ लाख ५५ हजारभन्दा बढी मूल्य बराबरको अचल सम्पत्ति भ्रष्टाचार गरी गैरकानूनी ढंगले आर्जन गरेको।

(३) २०५१।८।१ देखि २०५४।८।१७ सम्म अर्थात् ३ वर्ष १६ दिनको अवधिमा जननिर्वाचित प्रतिनिधि सभाको सदस्य हुँदा करिब रू.५३ लाख मूल्य बराबरको घर जग्गा र गाडी खरिद गरेको।

(४) मिति २०५१।८।१ देखि २०५९।६।१८ सम्म अर्थात् ७ वर्ष १० महिना १७ दिनको अवधिमा सार्वजनिक पदधारण गरेका बखत

आफू र आफ्नी श्रीमतीका नाममा रहेका बैंक खाताहरूमा रू.८७,८५,३००।– नगद सम्पत्ति जम्मा गरेको।

प्रतिवादी जयप्रकाश प्रसाद गुप्तालाई देश र जनताप्रति निभाउनु पर्ने पदीय उत्तरदायित्व जति जति बढ्दै गएको छ, त्यति नै सम्पत्ति आर्जन गर्ने कार्यमा पनि तीव्रता देखिन्छ।

**पेस गरेको अमिल्दो सम्पत्ति विवरणः**

प्रतिवादीले आम्दानीका स्रोत भनी आयोगसमक्ष पेस गरेको विवरण हेर्दा देहायबमोजिम देखिएको छ।

(१) प्रधानमन्त्री सल्लाहकार, प्रतिनिधि सभा सदस्य, परराष्ट्र तथा मानव अधिकार समितिको सभापति र विभिन्न समयमा मन्त्री पदमा बहाल रहँदा तलबभत्ता र विदेश भ्रमणका लागि तोकिएको खर्च र हवाई टिकटको रकमसमेत जम्मा रू.३८,८६,३१२।४१ निजले बुझी लिएको भनी सम्बन्धित कार्यालयहरूबाट लेखी आएको र कोशी टप्पु वन्यजन्तु आरक्ष जग्गा समस्या समाधान समितिको अध्यक्षको हैसियतले प्राप्त गरेको पारिश्रमिक भत्तालगायतका निजले उल्लेख गरेबमोजिमका रकम रू.१,८२,७००।– समेत जम्मा रू.४०,६९,०१२।४१ देखिन्छ। उक्त रकमहरू मध्ये विदेश भ्रमणका रकममा हवाई टिकटसमेतको रकम उल्लेख हुनुबाट सोबापत प्राप्त रकम त्यसै प्रयोजनमा खर्च भएको भन्ने स्पष्ट छ । सोबाहेकका रकम घर व्यवहार, जनसम्पर्क निर्वाचनमा उम्मेदवार हुँदा भएको खर्च, चाडपर्व, स्वदेशदेखि विदेश (बैंकक) मा भएका उपचार खर्चसमेतलाई दृष्टिगत गर्दा ती सबै खर्च भई बचत हुनसक्ने नदेखिँदा सोलाई खर्च भई गएको सम्पत्तिको रूपमा लिइएको छ।

त्यसैगरी राजनीतिक क्षेत्रका व्यक्तिहरूले सार्वजनिक पदधारण गर्न सामान्यतः निर्वाचन प्रक्रियाबाट चुनिनु पर्दा उम्मेदवारीको प्रचार प्रसार, कार्यकर्ता तथा जन परिचालन, सञ्चार तथा यातायात इत्यादिमा खर्च भई सार्वजनिक पदधारण गरेको अघिल्लो कार्यकालबाट प्राप्त गरेको आम्दानीबाट हुने बचतले त्यसरी निर्वाचन प्रक्रियामा खर्च भई जाने अवस्था हुँदा निजहरूले प्राप्त गर्ने तलब, भत्ता सुविधामा अत्यन्त न्यून रकम मात्र बचत हुनसक्ने देखिन्छ।

(२) जग्गा भाडाबापत आएको भनिएको रू.६३,५००।– प्राप्त गर्दाको समयमा निजको एकाघर सगोलको सप्तरी जिल्लाको कञ्चनपुर र फत्तेपुरमा जम्मा रू.३५,२९,०५२।१० मूल्य बराबरको घर निर्माण भइरहेको र सो रकम सोही प्रयोजनार्थ खर्च भएको हुनसक्ने देखिएको छ।

(३) गाडी भाडाबापत रू.७,६८,००।– पाएको भनी निजले उल्लेख गरेको सम्बन्धमा भाडामा दिएको भनिएको गाडी सांसद् सुविधाअन्तर्गत खरिद भएको र सो गाडी खरिद गरेपश्चात् निज लगातार सांसद् मन्त्रीपदमा पदासिन रहेको देखिएको छ। राज्यले तत्कालीन मन्त्री र सांसद्लाई मुलुकको आवश्यकताअनुसार उत्तरदायी बन्न सकुन भनी राजश्वमा ठूलो हिस्सा छुट दिई गाडी सुविधा पाउने पदाधिकारीका हैसियतले सुविधाको गाडी खरिद गरिसकेपछि सांसद् र मन्त्रीजस्तो मर्यादित पदको छविमा प्रतिकूल असर पर्नेगरी सांसद्ले पाउने सुविधामा खरिद गरेको गाडीलाई नै भाडामा लगाई भाडाबापत

रकम संकलन गरेको वैधानिक स्रोत भनी मान्न मिल्ने अवस्था देखिन्न । यसको साथै गाडी खरिद गर्दाको सम्पत्तिको नै स्रोत खुल्न नआएको अवैध आयबाट खरिद भएको हुँदा सो गाडीलाई स्रोत नखुलेको आयको रूपमा दाबी लिइएको छ ।

(४) पैतृक सम्पत्तिको रूपमा रहेको घर भाडाबापत प्राप्त गरेको भनिएको कूल रू.७,०१,१००।– निजको पैतृक सम्पत्तिको (जग्गा बिक्री गरेको रकम) बाट निर्मित घरहरू र ती घरमध्ये एउटामा निजका बाबु आमाको बसोबास रहेको र अर्कोमा निजको माहिलो भाइ दीपककुमार गुप्ता आफ्ना पत्नी, छोराछोरीसहितको परिवार लिएर बाबु आमाबाट अलग्गै बसेको निजहरूको बयानबाटै देखिनाले भाडामा लगाएको कुरा एकातिर पत्यारलायक देखिएन भने अर्कोतर्फ उक्त घरहरूमध्ये भाडामा लगाएको भए पनि सो भाडाबापत प्राप्त हुने सीमित मासिक आय निजका बाबु आमाको भरणपोषणमा खर्च भई जाने अवस्था देखिँदा उक्त आयबाट मौद्रिक बचत हुने अवस्था देखिँदैन ।

(५) निसान गाडी बिक्रीबाट रू.१५,००,०००।– आएको भनी निजले खुलाएको स्रोतका सम्बन्धमा सो गाडी निजले सांसद्को हैसियतले भन्सार सुविधामा प्राप्त गरेको देखिएकोले ५ वर्षसम्म बिक्री गर्न नै नपाउने, सोपछि बिक्री गरेको गाडीको नामसारी हुनुपर्नेमा सो भएको छैन । सांसद् सुविधाबापत खरिद गरिएको निजको सो गाडी खरिद गर्दा लगानी गरेको सम्पत्तिकै स्रोत खुल्न नसकेको स्रोत खुलेको वैधानिक आयको बचतको सम्पत्तिले मात्र गाडी खरिद गर्न सक्ने देखिँदैन । तसर्थ सांसद् सुविधाबापत खरिद गरेको गाडीको स्रोत खुल्ने आधार नरहेबाट उक्त गाडी जफतको दाबी लिई सकिएको अवस्थामा आफ्नै नाम र स्वामित्वमा रहेको सम्पत्ति बिक्री भएको र सोबाट प्राप्त रकमले अर्को गाडी खरिद गरेको भनेर मान्न सक्ने अवस्था छैन ।

(६) सुन्दरी पोल्ट्री फर्मबाट आ.व.२०४५।४६ देखि आ.व.२०५८।५९ सम्ममा कूल रू.२०,६२,४७६।– प्राप्त गरेको भन्ने सम्बन्धमा सो सुन्दरी पोल्ट्री फर्म जि. सप्तरी कञ्चनपुर गा.वि.स. वडा नं. ६ बस्ने हेमराज तातेडको श्रीमती जयश्री तातेडको प्राईभेट फर्मको रूपमा दर्ता भएको देखिन्छ । ८०० कुखुरा पालन गरी मासु उत्पादन गर्ने उद्देश्य राखी दर्ता भएको सो फर्मको प्रोपाइटर जयश्री तातेडको आफ्नै नाममा सप्तरी कञ्चनपुर गा.वि.स वडा नं. ८(ख) को कि.नं.७७, १०१ र १०२ को जग्गा विगाहा १–१०–० र विलेती गोइतका नामको जग्गासमेत धितो राखी कृषि विकास बैंक कञ्चनपुर सप्तरी शाखाबाट मिति २०५२।५।२६ मा रू.१,००,००० ऋण लिएको र सो ऋण प्राप्त गर्नेसमेतका कामको लागि निज जयश्री तातेडले आफ्ना पति हेमराज तातेडका नाममा कर्जा लिने प्रयोजनका लागि धितो सुरक्षण बैंकमा राख्न मन्जुरनामा दिएको देखिन्छ । उक्त ऋण तिर्न नसकी ऋणबापत राखेको जयश्री तातेडका नामको उक्त धितो सुरक्षणमा रहेको जग्गा बैंकले मिति २०५८।६।१५ मा लिलाम बिक्री गर्दा कसैले लिलाम सकार नगरेपछि स्वयं बैंकले नै धितो सकार गरेको अवस्थासम्म पनि निज जयप्रकाश प्रसाद गुप्ताको सो फर्ममा कुनै प्रकारको व्यावसायिक संलग्नता रहेको देखिँदैन । जुन फर्मले ऋणबापत

लिएको रकमको साँवा बुझाउन नसकी धितो लिलाम भई धितो सुरक्षण नै बैंकको नाममा आइसकेको अवस्थामा त्यस्ता फर्म नाफामा सञ्चालन भएको थियो भनेर विश्वास गर्ने कुनै आधार भेटिँदैन । यसरी लिलाम भइसकेको उक्त फर्ममा निजको कुनै व्यावसायिक संलग्नता नरहेकोले निजले रू.२० लाखभन्दा बढीको आय प्राप्त गरेको भनी उल्लेख गरेको कुरा अत्यन्त भ्रामक र कपोलकल्पित रहेको प्रस्ट हुन्छ।

(७) आफ्नो वैधानिक आम्दानीको स्रोत देखाउने प्रसङ्गमा प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताले २०४८ सालदेखि २०५९ सालसम्मको आँप बगैंचाबाट भएको खुद आम्दानी भनी रू.७,३५,०००।– देखाइएको छ । एक वर्षको खुद आँप १,००,०००।– सम्मको आँपको बिक्री हुन कति जग्गा आवश्यक पर्छ। त्यो बढी विचारणीय प्रश्न छ। निजका बाबु श्यामसुन्दर प्रसाद रौनियारका नाममा रहेको सबै जग्गाहरूको स्थिति र अवस्था हेर्दा जम्मा डेढ (१.$^{1}/_{2}$) कट्ठा जग्गामा बगैंचा जनिएको पाइन्छ। त्यसै बगैंचालाई आँपको बगैंचा भनी मान्ने हो भन्ने पनि बगैंचाबाट सरदर प्रति वर्ष ६६,८१८।– को खुद आँप हुने कल्पनासम्म पनि गर्न सकिन्न । सोबाहेक खेतीपातीको कारोबार निजका बाबु श्यामसुन्दर प्रसाद रौनियारले गर्ने गरेको भन्ने निज र निजका भाइहरूको बयान कथनअनुसार आँप बेचेको कुनै सीमित रकम प्राप्त हुने भए निजका बाबु श्यामसुन्दर प्रसाद रौनियारलाई प्राप्त भई निजले नै खर्च गर्ने अवस्था देखिँदा निजको सो कथन पनि प्रतितलायक छैन।

(८) खेतीको आम्दानी भनी प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताद्वारा देखाइएको सुनसरीको जग्गाबाट खेतीको आम्दानीमा २०४० सालदेखि २०५२ सालसम्म भनी उल्लेख गरेको गहुँ २०२१ मनको हुने ४,७६,४१०।– र सोही जग्गाको धान मन ४९९२ हुने रू.१०,६४,१८१।- गरी जम्मा रू.१५,४०,५९१।– उल्लेख गरेको पाइन्छ । उक्त कुरा निजले सार्वजनिक पदधारण गर्नुपूर्वको निजको बैंक खातालगायतका अन्य सम्पत्तिहरूसँग आवद्ध गरी हेर्दा झुठा देखिएको छ। २०४० सालदेखि २०५२ सालसम्म जम्मा १३ वर्षको खेतीको आय रू.१५,४०,५९१।– भन्ने निजको भनाईतर्फ हेर्दा वार्षिक रूपमा प्राप्त हुने खेतीको आयस्थालाई अङ्कमा उल्लेख भएअनुसार एकमुष्ट हुने होइन । जयप्रकाश प्रसाद गुप्ता र निजका भाइहरूले विद्यार्थी जीवन समाप्त गर्नासाथ आ–आफ्नो छुट्टाछुट्टै पेसा र रोजगार गरेको देखिनाले खेतीमा बसी कृषकको हैसियतले खेती गरेको देखिँदैन । अरू व्यक्तिद्वारा खेती गराइएको स्थितिमा त्यति मूल्य बराबरको खाद्यान्न बाली प्राप्त गर्न सक्ने अवस्था हुँदैन। त्यसमा पनि कृषिमा लाग्ने मल, बिउ मानवीय श्रम आदिको हिसाब गर्दा अत्यन्त सीमित रूपमा मात्र आय आर्जन हुन्छ।

सप्तरीको जग्गाको आम्दानीको सन्दर्भमा हेर्दा निजका बाबु श्यामसुन्दर प्रसाद रौनियारका नाममा रहेको जग्गामध्येबाट २०३८ सालमा १–०–० विगाहा, २०४० सालमा १–६–१२ विगाहा, २०४१ सालमा १–१६–८ विगाहा र २०४२ सालमा ०–०–१९ विगाहा जग्गा बिक्री गरेको देखिन्छ । त्यसैगरी २०४८ सालमा आएर १–३–१० विगाहा, २०४९ सालमा ०–१–१३, २०५३

सालमा ०–०–१४ विगाहा, जग्गा बिक्री गरेको देखिन्छ । यसरी एकातिर प्रतिवर्ष ती जग्गा बिक्री हुँदै जाने, अर्कोतर्फ माथि उल्लेख गरेबमोजिम जयप्रकाश प्रसाद गुप्ता र निजका भाइहरू विद्यार्थी जीवनपछि छुट्टाछुट्टै पेसा गरी छुट्टाछुट्टै रूपमा बस्दै आएको भन्ने बयान कथनबाट देखिँदा ती जग्गाहरूमा गरिएका खेती आफू स्वयंले नगरी अरू व्यक्तिहरूबाट गराइएको अवस्थामा प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताले उल्लेख गरेबमोजिमको लागत र प्रतिफलको हिसाबले आय हुनसक्ने अवस्था नभई केही सीमित कृषि आम्दानी भएको हुनसक्ने र त्यसै आयबाट निजका बाबु आमा र परिवारका अन्य सदस्यहरूको पालनपोषण चाड पर्व आदिमा खर्च भई जान सक्ने देखिएको छ ।

यसप्रकार कृषि व्यवसायबाट प्राप्त गरे भनिएको मौद्रिक आय स्थानीय बैंक वा वित्तीय संस्थामा कुनैपनि रकम जम्मा नभएको हुँदा निजहरूका परिवारलाई चाहिने जति मात्र कृषिबाट खाद्यान्न बाली उत्पादन भएको प्रस्ट हुन्छ । यसरी आय आर्जन गरे भनिएको कुनैपनि आय निज जयप्रकाश प्रसाद गुप्ता र निजकी श्रीमतीको काठमाडौंस्थित बैंक खाताहरूमा ड्राफ्ट / चेकमार्फत रकम जम्मा भएको छैन । यदि, त्यस्तो रकम आम्दानी गरेको भएपनि हाल खर्च भइसकेको स्थितिमा पाइएकोले सार्वजनिक पदधारण गरेपछि आर्जन गरेको सम्पत्तिमा समाविष्ट हुनसक्ने अवस्था देखिएन । त्यसैगरी निजले धरमपुर प्रिप्रापूर्व र धरमपुर सप्तरीका जग्गाबाट भएको आम्दानी हेर्दा निजले उल्लेख गरेबमोजिमको आय आर्जन हुनसक्ने अवस्था नदेखिएको र त्यसरी आय आर्जन भएको प्रमाण पेस पनि भएको नदेखिँदा प्रतिवादीका ती सबै कथनहरू कपोलकल्पित र झुट्टा देखिन्छन् ।

(९) कृषि आयबापत २०४० देखि २०५८ सालसम्म कूल रू.२०,५२,८२८।- आम्दानी भएको भनी प्रतिवादीले आयोगसमक्ष पेस गरेको विवरणमा खुलाए तापनि सो बराबरको आम्दानी हुने जग्गाहरू देखिँदैनन् । निज वा निजको परिवारका अन्य सदस्य खेतीपातीमा प्रत्यक्षरूपमा संलग्न रहेको नदेखिएको, कानूनबमोजिम तिर्नु बुझाउनु पर्ने दै-दस्तुरसमेत कहिँकतै नबुझाएको सन्दर्भमा सगोलको खेतीपातीबाट हुने आयस्ता निजको सगोलको परिवारका सदस्यहरूको भरण पोषणमा खर्च भई जाने वास्तविकतालाई विचार गर्दा निजलाई त्यति ठूलो रकम आय प्राप्त भएको मान्न सक्ने तार्किक आधार छैन ।

अतः उपर्युक्त आधार एवं पृष्ठभूमिमा हेर्दा प्रतिवादीले सार्वजनिक पदधारण गर्नुपूर्व पैतृक सम्पत्तिमा रहेको खेतीपातीबाट कुनै प्रकारको चल अचल सम्पत्ति खरिद गर्न सक्ने हैसियत नरहेको कुरा निजको बैंक खातामा रू.२२ हजार मात्र जम्मा भएको कुराले स्पष्ट गर्दछ । प्रतिवादीले सार्वजनिक पदधारण गरेपश्चात् निज र निजकी श्रीमतीका बैंक खाताहरूमा ठूलो परिमाणको रकम जम्मा हुँदै जानु, दुईवटा गाडी खरिद गर्नु, काठमाडौंको सिनामंगलमा जग्गा खरिद गरी आधुनिक घर निर्माण गर्नु, रू.६६ लाखभन्दा बढी स्वलागत पुँजीलगानी गरी कोल्ड स्टोरेज स्थापना गर्नु, सप्तरी जिल्लास्थित धरमपुर गाउँ विकास समितिमा आफ्नी श्रीमती सरस्वती पुरी (गुप्ता) को नाममा जग्गा खरिद गर्ने कार्य गरी करिब एक दशकको अवधिभित्र रू.२ करोड ८ लाख मूल्यभन्दा बढी रकमको सम्पत्ति आर्जन गरेको देखिएको छ । प्रतिवादीले मिति

२०५१।३।३० देखि २०५१।८।१ (४ महिना १ दिन) सम्म सार्वजनिक पदमा नरहेको अवधिमा निजले बैंक खातामा नगद जम्मा गर्न तथा अन्य सम्पत्ति आर्जन गर्न नसकेको तर सार्वजनिक पदधारण गरेपछि मात्र आफू र आफ्नी श्रीमतीको नाममा चल अचल श्रीसम्पत्ति आर्जन गर्ने कार्य तीव्र रूपमा गरेको देखिएकोले राज्यले सुम्पेको मन्त्री र अन्य महत्त्वपूर्ण सार्वजनिक पदको अवधि र प्रतिवादीले आर्जन गरेको सम्पत्तिबीच सोझो सम्बन्ध स्थापित भएको छ।

सार्वजनिक पदधारण गरेपश्चात् प्रतिवादीले तालिका नं. ५ देखि ९ सम्म उल्लिखित कूल सम्पत्ति रू.२,४३,३२,६६४।७८ आर्जन गरेको देखिएको छ । उक्त सम्पत्तिमध्ये तालिका नं.११ मा उल्लेख भएबमोजिम रू.३५,२४,६१८,४० को मात्र स्रोत खुल्न सकेको छ भने तालिका नं.१२ मा उल्लेख भएको चल अचल श्रीसम्पत्ति रू.२,०८,०८,०४६।३८ को वैधानिक स्रोत खुल्न सकेको छैन।

उल्लिखित संकलित तथ्य विवरणका मूल्याङ्कनसमेतका आधारमा प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताको तालिका नं.१२ मा उल्लिखित स्रोत नखुलेको अस्वाभाविक सम्पत्ति गैरकानूनी आर्जन हो भन्ने कुरा निर्विवाद स्थापित हुन्छ । भ्रष्टाचार जस्तो आर्थिक अपराधका चरित्रगत पक्षलाई विचार पुऱ्याएर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले अनुमानित कसुरसम्बन्धी व्यवस्था गरी ऐ.ऐनको दफा १६ग ले जफतसम्बन्धी तथा दफा ७(१) ले दण्ड सजायसम्बन्धी व्यवस्था गरेको थियो भने सोही कानूनी व्यवस्था एवं अवधारणालाई अझ बढी प्रभावकारी र क्रियात्मक बनाउने उद्देश्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले यस्ता गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिलाई भ्रष्टाचार गरी प्राप्त गरेको कसुर मान्दै ऐ.ऐनको दफा २०(२) र दफा ४७ समेतले जफतसमेतका दण्डनीय प्रावधानलाई स्पष्ट रूपमा व्यवस्था गरेको छ।

यसरी प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताले भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जित सम्पत्तिमध्ये आरोपपत्रको तालिका नं.७ को क्र.सं.४,५ र ६ मा उल्लिखित रकम आफू मन्त्रिपरिषद्को सदस्य रहेकै अवस्थामा सम्पत्ति न्यायिक छानबिन आयोग गठन गरेपछि रू.९,२२,३०६।९७, आर्थिक ऐन, २०५८ को व्यवस्थाअनुसार आयको स्वेच्छिक घोषणा कार्यक्रमको निर्णय गरेपछि रू.३५,९०,०००।- र बैंक अफ काठमाडौंको बैंक खाताबाट रू.१०,४४,४४५।- समेत बैंकबाट झिकी हाल लुकाई छिपाई सकेको जम्मा रू.५५,५६,७५१।२६ को सम्पत्तिसमेतको बिगो रकम कायम गरी सो बराबरको रकम जरिवाना र जफतको माग गरिएको छ। स्रोत खुलेको तथा अन्य सम्पत्तिबाट यो बिगो बराबरको सम्पत्ति जफत हुन र सोबाट नपुग देखिएमा कानूनबमोजिम हुन र स्रोत खुल्न नसकेको हालसम्म प्राप्त सम्पत्तिको मूल्याङ्कन गराई तदनुरूप जफतको लागि दाबी लिइएको छ।

अतः प्रतिवादी जयप्रकाश प्रसाद गुप्ता र श्रीमती सरस्वती पुरी (गुप्ता) का नाममा रहेको आरोप पत्रको तालिका नं.५ देखि ९ सम्म उल्लिखित कूल रू.२,४३,३२,६६४।७८ बराबरको चल अचल श्रीसम्पत्तिमध्ये आरोप पत्रको तालिका नं.१२ मा उल्लिखित रू.२,०८,०८,०४६।३८ बराबरको चल अचल श्रीसम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताले गैरकानूनी रूपमा आर्जन गरेको उल्लिखित आधार प्रमाणबाट पुष्टि हुन आएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र दफा १५ अनुसार कसुर भई त्यसैलाई निरन्तरता प्रदान गरिएको प्रचलित नेपाल कानून भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताले कसुर गरेको देखिन आयो। सो सम्पत्ति निज प्रतिवादी, जयप्रकाश प्रसाद गुप्ताले आफ्नी श्रीमती सरस्वती पुरी (गुप्ता) को नाममा समेत राखेकोले प्रतिवादी

जयप्रकाश प्रसाद गुप्ताको सम्पत्ति तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), दफा १५ तथा दफा १६ग तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसुरमा ऐ.दफा २०(२) बमोजिम रू.२,०८,०८,०४६।३८ बिगोबमोजिम जरिवाना गरी हदैसम्म कैद र निजको गैरकानूनी रूपमा आर्जित तालिका नं.१२ मा उल्लिखित आर्जनको वैधानिक स्रोत नखुलेको चल अचल श्रीसम्पत्ति जफत गरिपाऊँ।

प्रतिवादी जयप्रकाश प्रसाद गुप्ता २०४८ सालदेखि २०५१ सालसम्म प्रधानमन्त्रीको सल्लाहकार, २०५१ सालदेखि २०५९ सालसम्म प्रतिनिधि सभा सदस्य र बीचबीचमा विभिन्न मन्त्रालयको मन्त्रीसमेत भए रहेकोले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क बमोजिम र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायसमेत गरिपाऊँ।

साथै प्रतिवादी श्रीमती सरस्वती पुरी (गुप्ता) का नाममा रहेको सोही आरोप पत्रको तालिका नं.१२ मा उल्लिखित अवैध आर्जनको सम्पत्ति साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ तथा दफा १६ग हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत हुने हुँदा यसका निमित्त ऐ.ऐनको दफा ३० बमोजिम कारबाही भई यो सम्पत्ति जफत गरिपाउँ भन्ने बेहोराको अभियोग माग दाबी।

उजुरीकर्ता केदार कोइरालाले उजुरीमा उल्लेख गरेबमोजिमको मैले कुनै भ्रष्टाचार गरेको छैन। आरोप पत्रमा वैध र अवैध भनेका मेरा सम्पत्ति तथ्यहीन रूपमा देखाइएको छ। सम्पत्तिको मूल्याङ्कन वास्तविकताभन्दा बढी छ। मेरो सम्पत्तिको सृष्टिको मिति नै गलत छ। मेरो बिक्री भएको सम्पत्तिको समेत मूल्याङ्कन गरिएको छ। म सार्वजनिक पदमा रहँदा ऐन नियमबमोजिम पाएको तलब भत्तालाई मेरो आयमा समावेश गरिएको छैन। सरकारी कामबापत विदेश जाँदा प्राप्त भत्ताबाट स्वाभाविक रूपमा जोगिने रकमलाई समेत आयमा समावेश गरिएको छैन। मेरा जे जति सम्पत्ति छन् ती सबै पैतृक सम्पत्तिबाट जोडिएको वैध सम्पत्ति हो। पैतृक सम्पत्ति सगोलमा छ। हामी तीन दाजुभाइ छुट्टाछुट्टै व्यवहार गरी बसेका छौं। हाम्रो ठूलो संख्यामा जग्गा बिक्रीको रकम र कृषि आयको रकमलाई आयमा समावेश गरिएको छैन। मेरो आय आम्दानीका स्रोतहरू वि.सं.२०४८ साल असारदेखि विभिन्न सार्वजनिक पद तथा ओहोदामा रही नियमबमोजिम प्राप्त गरेको तलबभत्ता तथा अन्य रकमहरू हुन्। मेरो पैतृक सम्पत्तिमध्येका जग्गा तथा जिल्ला सप्तरी, फत्तेपुर गा.वि.स. वडा नं.३ मा रहेको घरबाट आएको बहाल मेरो आय हो। यसै गरी मैले मेरो निजी गाडी भाडामा दिएबापत आएको रकम, गाडी बिक्रीबाट आएको रकम, पोल्ट्री फर्मबाट भएको आय रकम, आँपको बगैंचाबाट आएको आय रकम साथै खेतीबाट आएको आय रकम तथा जग्गा बिक्रीबाट आएको रकमहरू मेरा आयका स्रोतहरू हुन्। मैले निम्नबमोजिम आम्दानी गरेको छु :–

(१) मिति २०४८।३।३ देखि २०५१।३।३० सम्म प्रधानमन्त्रीको सल्लाहकार पदमा रहँदा तलबभत्ताबापत प्राप्त रू.३,९०,०००।-,

(२) २०५१ पुसदेखि २०५२ असारसम्म, २०५२ साउनदेखि २०५२ मंसिर मसान्तसम्म, २०५६ साउनदेखि २०५६ फागुनसम्म, २०५७ जेठदेखि २०५७ असारसम्म, २०५८ वैशाखदेखि २०५८ असारसम्म प्रतिनिधि सभाको सदस्य पदमा रहँदा तलब र भत्ताबाट प्राप्त रू.५,५२,६६२।-,

(३) प्रतिनिधि सभाको परराष्ट्र तथा मानव अधिकार समितिको सभापति पदमा रहँदा तलब र भत्ताबापत प्राप्त रू.४,१९,५९४।-,

(४) राज्यमन्त्री पदमा रहँदा मासिक तलबबाट प्राप्त रू.४०,०००।-,

(५) प्रथम पटक मन्त्री पदमा रहँदा मासिक तलबबापत प्राप्त रू.५१,०००।-,

(६) पुनः मन्त्री पदमा रहँदा प्राप्त मासिक तलबबाट प्राप्त रू.१,५३,०००।-

(७) यसैगरी कोशी टप्पु वन्यजन्तु आरक्ष जग्गा समस्या समाधान समितिको अध्यक्ष पदमा रहँदा तलब र भत्ताबापत प्राप्त रू.१,८२,७००।-

यसरी मैले सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको अवधिमा तलब र भत्ताबापत मात्र रू.१७,८८,९५६।- प्राप्त गरिसकेको छु । यसमा नियमानुसारका प्राप्त हुने अन्य भत्ताहरू समावेश गरेको छैन । यसैगरी मन्त्री भएको बखत नेपाल सरकारबाट प्राप्त हुने अन्य भत्ताहरू समावेश गरेको छैन। यसैगरी म नेपाल सरकारबाट गठित भारत नेपालबीच सन् १९५० को सन्धि पुनरावलोकन गर्ने उच्च स्तरीय समितिको सदस्यमा कार्यरत रहँदा प्राप्त रकम यसमा समावेश गरेको छैन। यसैगरी नेपाल सरकारको तर्फबाट गठित नागरिकता समस्या समाधान उच्च स्तरीय समितिको सदस्य पदमा कार्यरत रहँदा प्राप्त गरेको रकम यसमा समावेश गरेको छैन।

उक्त रकमहरूको तथ्याङ्क नेपाल सरकारबाट झिकाई प्रमाण लगाई पाऊँ । यसैगरी इरकोन रेल्वे कम्पनीलाई जग्गा भाडामा दिँदा प्राप्त गरेको रू.७३,५००।- सोको प्रमाणसमेत पेस गरेको छु। यसैगरी मेरो निजी कार लुम्बिनी एयरवेज, काठमाडौंलाई बहालमा दिँदा प्राप्त आय रू.७,६८,०००।- मेरो निजी कार बा.अ.ञ ९६०२ नं.को काठमाडौं धापासी बस्ने अविनास पन्तलाई रू.१५,००,०००।- मा बिक्री गरी समयानुकूल पारी नामसारी गर्ने सर्त थियो । मेरो पैतृक सम्पत्तिको रूपमा रहेको सप्तरी जिल्लामा करिब १४ बिघा र सुनसरी जिल्लामा करिब १० बिघा जग्गा विभिन्न मितिमा विभिन्न व्यक्तिलाई बिक्री गरी प्राप्त रू.२५,६८,०६२।- सोको राजीनामाको केही कागजहरू यसैसाथ पेस गरेको छु। अन्य राजीनामाका कागजहरू पछि पेस गर्ने छु । मेरो सप्तरी फत्तेपुरको घरको २०५७ फागुनसम्मको भाडा रू.६,२७,६००।- मेरो काठमाडौं सिनामंगलको घर बिक्री गर्ने भनी बैना लिएको रू.२०,००,०००।- मेरो आफ्नो जग्गामा निर्माण भएको पोल्ट्री फर्मबाट प्राप्त रू.२०,६२,४७६।– आँपको बगैंचाबाट प्राप्त रू.७,३५,०००।- पैतृक जग्गाको खेतीबाट प्राप्त रू.३०,५२,८२५।- र विभिन्न समयमा विदेश भ्रमण गर्दा प्राप्त रू.६,६०,८०६,६४।- मेरो आय हो। त्यसैगरी सार्वजनिक पदधारण गर्नु अगाडि विभिन्न प्रकाशनसँग आवद्ध भई आम्दानी गरेको थिएँ । अभियोग पत्रको तालिका नं.१२ को सि.नं.७ को बैंक खाता मुलुकको शान्ति सुरक्षाको स्थिति बिग्रँदै गएकोले मेरो गाउँको घरमा नगद पैसा राख्न असुरक्षित भएकोले र गाउँका बैंकहरूमा नगद राख्दा गोपनीयता हुन नसक्ने भएकोले आफ्नो परिवारसँगै भएका बाबुआमाका रकम रूपैयाँसमेत सुरक्षाको दृष्टिकोणले राजधानीको बैंकमा मेरो तथा श्रीमतीको नाउँमा विभिन्न प्रकारका खाता खोली रू.१५ लाख जम्मा भएको हो । यो रकम मेरो भाइ विनय गुप्ताले राख्नु भनेको हुँदा निजकै हस्ते मेरो खातामा राखिएको हो । यो रकमपछि समय समयमा आवश्यकअनुसार आफ्ना तथा घरघरायसी आवश्यक खर्चहरूका लागि बैंकबाट झिकिएको हो। यसैगरी क्र.सं.८ को सम्बन्धमा नेपाल बंगलादेश बैंक, लिमिटेडको खाता नं. ००८८२१ एस.बचत खातामा रहेको रकम सोही बैंकमा रहेको मेरी श्रीमतीको अर्को मुद्दती खाताबाट सरी आएकोसमेतको रकम हो । यो स्रोत नखुलेको रकम होइन । मेरो वैध आर्जनको रकम हो। आरोप पत्रको तालिका नं.१२ को सि.नं.९ को सम्बन्धमा मैले आर्थिक ऐन, २०५४ लागू हुनुभन्दा पहिले पनि मन्त्री भएको बखत मन्त्रिपरिषद् सचिवालयमा आयको स्वेच्छिक घोषणा गरिसकेको

छु । नेपाल बंगलादेश बैंकबाट झिकिएको रू.३५ लाख ९० हजार रकम एकमुष्ट जम्मा गरेको नभई केही रकम मुद्दती खातामा २ वर्षको लागि जम्मा गरिएको हो । सोही खातामा मैले बिक्री गरेको निसान कारबाट प्राप्त भएको नगद र चेकबाट जम्मा हुन आएको रकम पनि यसमा समावेश छ । निसान कारको खरिदकर्ताले नै सोझै चेकबाट केही रकम जम्मा गरेको हो । मुद्दती खाताबाट प्राप्त ब्याजको राम्रो रकम पनि सोही बैंकको बचत खातामा सरेको छ । साथै यस खातामा मेरो र मेरो परिवारमार्फत आर्जन भएको आयका अन्य रकम पनि समावेश भएका छन् ।

यी रकमहरू पटकपटक विभिन्न समयमा झिकिएको र आवश्यक कार्यहरूमा खर्च भएको हो । आरोप पत्रमा उल्लेख गरे जस्तो लुकाउने उद्देश्यले झिकिएको छैन । आरोप पत्रको तालिका १२ को क्र.सं.१० को सम्बन्धमा कृषि विकास बैंक, रत्नपार्क शाखामा मैले खोलेको बचत खाता विभिन्न प्रकाशन कार्य गर्दाको समयमा खोलेको खाता हो । यसमा सोही समयदेखिका रकम समावेश भई आएको छ । यस खाताको सम्बन्धमा मैले न्यायिक सम्पत्ति जाँचबुझ आयोगलाई बुझाएको सम्पत्ति विवरणमा पनि उल्लेख गरेको छु । पछि मेरो असुविधालाई विचार गरी यसबाट रकम झिकी यो खाता बन्द गरिएको हो । यसबाट झिकाएको रकम आवश्यकताअनुसार विभिन्न कार्यमा खर्च भएको हो । यो रकम मेरो वैध आर्जन हो । आरोप पत्रको तालिका नं.१२ को क्र.सं.११ को सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सप्तकोशी कोल्ड स्टोरेज प्रा.लि.मा मैले रू.६५,५५,८५८।३८ पैसा सेयरबापत लगानी गरेको भन्ने बेहोरा सरासर झुट्टा छ । सप्तकोशी कोल्ड स्टोरेज प्रा.लि. स्थापनाका बखत मैले अत्यन्तै न्यून रकम सेयरबाट लगानी गरेको छु । मैले कृषि विकास बैंकबाट कोल्ड स्टोरेजको लागि लगानी गरेको हो भन्नेसमेत बेहोराको प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताले विशेष अदालतमा गरेको बयान ।

विशेष अदालतको मिति २०५९।१०।१०।२ को आदेशबमोजिम रू.२,०२,५०,०००।– (दुई करोड दुई लाख पचास हजार) धरौटीबापत जेथा जमानत दिई प्रतिवादी जयप्रकाश प्रसाद तारिखमा रहेको ।

मेरो नाममा रहेको सबै सम्पत्ति वैध स्रोतबाट आर्जित भएको हो । सो सम्पत्तिहरू जफतको मागदाबी लिनुपर्ने होइन । घर परिवारको प्रायः सबै व्यवहार मेरो श्रीमान्‌बाट चल्ने हुनाले, मेरो श्रीमान्‌को पैतृक सम्पत्तिबाट हुने आम्दानी, कृषि आम्दानी र जायजेथा बिक्री गरी आएको रकमहरू साथै उहाँको घर व्यवहारको आम्दानी ऋण सापटी, सगोलका अन्य परिवारले आर्जित गरेको रकम, मलाई दाइजोबाट आएको सुनचाँदीसमेत बिक्री गरी मेरो नाउँमा रहेको अचल सम्पत्ति खरिद गरी दिनुभएको हो । मेरो श्रीमान् राजनीतिमा लागेको र घुमफिर गरी रहने हुनाले हाम्रो पैतृक आम्दानीसमेतको रकम सुरक्षाको लागि तथा खर्च आदि गर्ने सहुलियतको लागि मेरो नाउँमा बैंक खाता खोलिएको हो । सो बैंक खातामा मेरो सञ्चित रकम, पैतृक आम्दानी, गाडी भाडा, गाडी बिक्रीको रकमसमेतबाट बैंकमा खाता खोली रकम जम्मा गरिएको हो । उक्त सम्पत्तिहरू बैंक स्रोतहरूबाट जम्मा भएकोले जफत हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी सरस्वती पुरीले विशेष अदालतमा गरेको बयान ।

विशेष अदालतको आदेशबमोजिम प्रतिवादी सरस्वती पुरी (गुप्ता) साधारण तारिखमा रहेको ।

प्रतिवादीका साक्षी देवेन्द्र जोशी, हेमराज तातेड, अविनास पन्त र मूल्याङ्कनकर्ता इन्जिनियर नवराज प्याकुरेल, ई.जागेश्वर महासेठ, पुष्करप्रसाद पोखरेल, फर्निचर तथा फर्निसिङको मूल्याङ्कनकर्ता जयन्तकुमार राजवंशीको समेत बकपत्र मिसिल सामेल रहेको ।

जिल्ला सप्तरी कञ्चनपुर गा.वि.स. वडा नं.८

कि.नं.२७६ को क्षेत्रफल ०–१–२५ जग्गा बुबाले किनी दिनुभएको हो। सो जग्गामा भाइ विनयकुमार गुप्ता र अर्को भाइ दीपककुमार गुप्ताको आय आर्जनले घर बनाएका हुन् भनी दाजुले दिएको निवेदनमा उल्लिखित वतन उक्त घर बनेको जग्गाको नभई मेरै नाउँमा रहेको अर्को जग्गाको हो। घर बनेको जग्गा जिल्ला सप्तरी कञ्चनपुर गा.वि.स. वडा नं.७ कि.नं.२५३ को ज.०–२–६ हो। उक्त कुरालाई सच्चाई पाऊँ। साथै मेरो नाउँमा रहेको उक्त जग्गा जसमा घर बनेको छ, सो जग्गा मेरो बुबाले २०४८ सालमा खरिद गरी दिई मेरा नाउँमा राखेको हो । घरचाँही माइला दाजु दीपककुमारले २०४१ सालदेखि ओभरसियरको काम गरी गरेको आय आर्जन र मैले २०४६ सालदेखि जय नेपाल अफिस सपोर्टमा काम गरी प्राप्त तलब सुविधा तथा सोही अवधिदेखि जग्गा जमिन खरिद बिक्रीको काम गरी प्राप्त हुने कमिसनको आयबाट २०५० सालमा करिब ४।५ लाख रूपैयाँमा घर बनाएको हो। सो घर बनाउँदा वा जग्गा जोड्दा दाजु जयप्रकाश प्रसाद गुप्ताको कुनै लगानी वा संलग्नता रहेको थिएन। उक्त घर जग्गा दाजु जयप्रकाश गुप्ताको हो भनी लिएको दाबी मिलेको छैन गलत छ भन्नेसमेत बेहोराको अ.बं.१३९ नं. बमोजिम बुझिएका विनयकुमार गुप्ताको बयान।

प्रतिवादी जयप्रकाश प्रसाद गुप्ता मेरो जेठा दाजु हुनुहुन्छ । प्रतिवादीहरूसँग एकासगोलमा छौं । अंशबन्डा भएको छैन । दाबीको सम्पत्ति दाजुको आफ्नै आर्जनको भएको हुनाले त्यसमा मेरो कुनै हकदाबी लाग्ने होइन । २०५० सालमा बनेको घर भएको जग्गा जिल्ला सप्तरी कञ्चनपुर गा.वि.स.वडा नं.७ कि.नं.२५३ को ज.०–२–६ हो । सो जग्गामा मैले २०४१ सालदेखि विभिन्न प्राइभेट कम्पनीहरूमा ओभरसियर पदमा काम गरी २०४९ सालसम्म कमाएको सम्पत्तिमा भाइ विनयको आयसमेत जोडी घर बनाएको हो। उक्त घर बनेको जग्गा बुबाले २०४८ सालमा खरिद गरी भाइको नाउँमा राखेको हो। सो घर जग्गामा जेठा दाजु जयप्रकाश प्रसाद गुप्ताको कुनै लगानी छैन । उक्त घर बनेको जग्गाको ठेगाना २०६१।६।१२ मा दाजु जयप्रकाश प्रसाद गुप्ताले दिएको निवेदनमा वडा नं.७ को कि.नं.२७६ क्षेत्रफल ०–१–२.५ भनी भाइ विनयको नाउँमा रहेको कञ्चनपुरको अर्को छुट्टै जग्गा उल्लेख भएकाले सोसमेत सच्याई पाउँ भन्ने बेहोराको अ.बं.१३९ नं.बमोजिम बुझिएका दीपककुमार गुप्ताले गरेको बयान।

जिल्ला सप्तरी फत्तेपुर गा.वि.स.वडा नं.३ को बिटौरी जग्गामा बनेको पुरानो जस्ताको घर ६०।७० वर्ष पहिला बनेको हो। मेरो बुबा र मेरो बुबाको काकाहरूको बीचमा २०१० सालमा अंशबन्डा हुँदासमेत सो घर उल्लेख भएको छ। उक्त बिटौरी जग्गामा २ वटा घर जोडिएर बनेका छन्। सोमध्ये जस्ताको छाना भएको घर माथि नै उल्लेख गरेको छु। जोडिएको आर.सी.सी.ढलानको घर जसलाई २०५२ सालमा बनेको भनी दाबी लिइएको छ, उक्त घर म आफैँले २०३२ सालमा निर्माण गरेको हुँ। उक्त बिटौरी जग्गामा अरू घर छैन । हाल मेरो परिवारमा म र मेरो श्रीमती तथा छोराहरू जयप्रकाश, दीपक र विनयसमेत सगोलमै छौं । दाबीको सम्पत्ति सम्बन्धमा छोरा आफैँले आय आर्जन गरी जोडेको हुँदा मेरो हक लाग्ने होइन। जिल्ला सप्तरी, कञ्चनपुर गा.वि.स. वडा नं.८ कि.नं.२७६ क्षेत्रफल ०–१–२.५ को जग्गा मैले २०४८ सालमा किनी दिएको हुँ र त्यसमा छोराहरू विनय र दीपकले आफ्नो आय आर्जनबाट घर निर्माण गरेका हुन्। छोरा जयप्रकाश प्रसाद गुप्ताले आर्जन गरेको घर जग्गा होइन । तर मैले किनी दिएको जग्गा जिल्ला सप्तरी कञ्चनपुर गा.वि.स. वडा नं.७ कि.नं.२५३ को ज.०–२–६ हो । जसमा २०५० सालमा घर बनेको हो । उक्त जग्गा मैले २०४८ सालमा किनी कान्छा छोरा विनयको नाउँमा राखी निज छोरा विनय र अर्को छोरा दीपककुमारले घर बनाएको हो । जयप्रकाश प्रसाद गुप्ताले सो घर जग्गा जोडेको हो भनेको मिलेको छैन।

मैले २०३२ सालमा बनाएको भनी उल्लेख गरेको घर कृषि आय आर्जन एवं व्यवसायले निर्माण गरेको थिएँ भन्नेसमेत बेहोराको अ.बं.१३९ नं. बमोजिम बुझिएका श्यामसुन्दर प्रसाद रौनियारले गरेको बयान।

प्रतिवादीले उल्लेख गरेको आयको स्रोत र पेस भएको प्रमाणपत्रमा विश्लेषणबाट देहायका स्रोतबाट देहायबमोजिमको आय भएको देखिन्छ । आयोगले आयका ती स्रोतमध्ये केही स्रोत स्वीकारेको भए पनि स्वीकारेको स्रोतसमेतमा सबैमा आयको रकम किटान गरेको पाइँदैन । तर पनि देखाइएको स्रोत र विश्लेषणबाट प्रतिवादीको आयको स्रोत देहायबमोजिम भएको कुरा देखिन आउँछः

| | |
|---|---|
| पारिश्रमिक | ४४,३८,०६२।– |
| विदेश भ्रमण | ५,८९,८७६।– |
| जीप बिक्री | ४,२५,०००।– |
| कार भाडा | ७,६८,०००।– |
| कार बिक्री | ८,३६,९८४।– |
| जग्गा भाडा | ८३,१२५।– |
| घर भाडा | ४,२२,७००।– |
| जग्गा बिक्री | २,७५,७६६।– |
| कृषि आय | ९,४७,६२०।– |
| आँप खेती | ७,३५,०००।– |
| बैंक ब्याज | १०,३५,१०८।– |
| **जम्मा** | **१,०५,५७,२४१।–** |

यी उल्लिखित आयको स्रोतहरू बाहेकमा अरू आयका स्रोतहरू पनि रहेको र ती स्रोतबाट अरू पनि आय भएको भन्ने प्रतिवादीको जिकिर रहेको छ । साझेदारीमा पोल्ट्री फर्म रहेको त्यस पोल्ट्रीबाट रू.२०,६२,४७६।– आय भएको काठमाडौं सिनामंगलस्थित घर बिक्रीको लागि बैनाबापत लिएको रकम रू.२०,००,०००।– समेत आफ्नो आयमा जोडिनु पर्ने भन्ने निजको भनाई रहेको छ । प्रतिवादीले देखाएको आयका स्रोतको बेहोराअनुसार रकम प्राप्त नभएको भनी अस्वीकार गर्न नसकिने भए पनि सो रकमको प्राप्तिको स्रोतको रूपमा रहेको फर्म निजको नाममा नरहेको हुँदा त्यसको कानूनी हैसियत र बैनाबापत प्राप्त गरेको भनेको रकम कुन प्रयोजनमा उपयोग भएको भने कुरा स्पष्ट नहुँदा त्यसलाई सम्पत्ति जोड्ने प्रयोजनको लागि उपयोग भएको मान्न सकिएन । आपसी व्यवहार र सहमतिको आधारमा पनि आय आर्जन गर्न सकिने भए पनि सो रकमलाई प्रतिवादीको आयमा समावेश गर्न सकिने अवस्था उल्लिखित कारणबाट नरहेकोले सो आयलाई निजको समग्र आयमा समायोजन हुनसक्ने स्थिति देखिएन।

प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताउपर भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २०(१) मा उल्लेख भएको मनासिब कारणविना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तरयापन गरेको भन्ने आरोप लगाइएको छ । सो आरोप प्रतिवादीको आर्थिक पक्षसँग जोडी आयका स्रोत र मौजुदा सम्पत्ति र खर्चसँग सम्बन्धित भएको भनी देखाइएको छ । जीवनस्तरको मापदण्ड निर्धारणमा पारिवारिक पृष्ठभूमि, पैतृक सम्पत्ति, सामाजिकस्तर, पदीय हैसियत, आर्थिक कारोबार जस्ता कुराहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। यिनै कुराले निजको जीवनयापनको स्तर निर्धारण हुन्छ । ऐनको सो व्यवस्था पनि मनासिब कारणविना अमिल्दो र अस्वाभाविक उच्च जीवनयापन गरेको प्रमाणित भएमा आरोपित कसुर स्थापित हुने देखिन्छ। आरोप पत्रमा प्रतिवादीको आर्थिक पक्षसँग सम्बन्धित व्यवहारलाई आधार बनाइएको छ । निजको आर्थिक सम्पत्तिलाई अवैधानिक स्रोतबाट आर्जन गरेको भनी सम्पत्तिको विश्लेषणसमेत गरिदिएको छ। आयोगको सो विश्लेषण र देखाइएको सम्पत्तिको हालको मोलको आधारमा बढी देखिएको भए पनि त्यसलाई माथि प्रकरणमा उल्लेख भएअनुसार आधिकारिक प्रमाणको आधारमा पाइएको यथार्थ मूल्य र भएको खर्चको हिसाबबाट माथि उल्लेख भएबमोजिम निजले वैधानिक आयस्रोत पुष्टि

गर्नुपर्ने कूल सम्पत्ति र खर्च रू.१,१२,६३,३८०।– देखिएको र माथि उल्लेख भएबमोजिमको वैध आयका स्रोतबाट निजलाई रू.१,०५,५७,२४१।– प्राप्त भएको देखिँदा रू.७,०६,१३९।– को सम्पत्तिसम्म आयको निजको स्रोतबाट पुष्टि नभएको देखिन आउँछ । सो रकम निजको कूल सम्पत्तिको ७ प्रतिशतभन्दा कम रहेको छ।

आय र व्ययको हिसाब गर्दा घरायसी व्यवहारलाई कानूनी मान्यताप्राप्त हुने प्रचलन आय र व्ययको लेखा राख्न नपर्ने परम्परा, सामाजिक प्रचलन र आयको स्रोत र खर्च भएर जाने विषयको लामो समयसम्म स्मरण नहुने तथा आधिकारिक रेकर्डसमेत नरहने भएबाट यथार्थ रूपमा आयको स्रोत र खर्चको रकमको यकिनरूपमा किटान हुनसक्ने स्थिति पनि रहँदैन । सामाजिक यथार्थतालाई अस्वीकार गर्न पनि नहुने र त्यसलाई प्रमाणबाट पुष्टि पनि गर्न नसकिने आयका स्रोत र खर्चहरूलाई न्यायोचित अनुमानको भरमा त्यस विषयको सम्बद्धतालाई हेरेर आय र व्ययको निर्धारण गर्नुपर्ने अवस्था रहेको छ । व्ययको लेखाजोखा अनुसन्धानको क्रममा पनि हुन नसकी अनुमान र अड्कलको आधारमा निष्कर्षमा पुगेको यस स्थितिले सबै कुराको प्रमाणको परिधिभित्र आउन नसकेको र आउन नसक्ने कुरा माथि उल्लेख भएका तथ्य विश्लेषणबाट देखिएको छ । यसै परिवेशमा आय र व्ययको बीचमा देखिएको यो अन्तर न्यायोचित अनुमान, सामाजिक परिवेश र प्रचलनको आधारमा स्वाभाविक हो होइन भनी विचार गर्नु पर्दा प्रमाणको अभावमा यी प्रतिवादीले जिकिर लिएको आयको स्रोत र रकम आयमा गणना हुन नसके पनि आयको सम्भावित स्रोत हुन नसक्ने भने होइनन् तर पनि समुचित कारण र प्रमाणको अभावमा आयमा समावेश गर्न नसकिएको कारणबाट ऐनको सो व्यवस्थाको अमिल्दो र अस्वाभाविक जीवनस्तर निर्धारण गर्ने मापदण्ड प्रतिवादीको सामाजिक र आर्थिक पक्ष रहेको र जाँच अवधिमा देखिएको प्रतिवादीको आर्थिक कारोबार, निजको पारिवारिक पृष्ठभूमि पैतृक सम्पत्तिको आधारमा माथि उल्लेख भएअनुसारको आय व्ययको हिसाब गर्दा देखिएको अन्तर स्वाभाविक नै रहेको र यो अन्तरले ऐनले व्यवस्था गरेको अमिल्दो र अस्वाभाविक जीवनस्तरयापन गरेको कुरा देखिन नआएकोले प्रतिवादीउपरको सो आरोपको पुष्टि हुन आएन।

तसर्थ उल्लिखित आधार र कारण तथा मिसिल संलग्न सबुद प्रमाणबाट प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताले वैध आयस्रोतको अनुपातमा अमिल्दो र अस्वाभाविक सम्पत्ति आर्जन गरेको पुष्टि हुन नआएको हुँदा निज प्रतिवादीले दाबीको कसुर गरेको नठहरी प्रस्तुत आरोपबाट सफाइ पाउने ठहर्छ भन्नेसमेत बेहोराको विशेष अदालत काठमाडौंको मिति २०६४।२।२८ को फैसला।

विशेष अदालत, काठमाडौंले प्रतिवादी जयप्रकाश प्रसाद गुप्तालाई अभियोग मागदाबीबाट सफाइ दिँदा निजको आय र व्ययको लगत निकाली केही रकमसम्म आयस्रोतले नपुग हुने देखाइएको पाइन्छ । कूल आयव्ययबाट ५ प्रतिशतभन्दा कम रहेको भन्ने देखाई निजको आर्थिक हैसियत सामान्य रहेको पाइन्छ भन्ने आधारमा सफाइ पाएको देखिन्छ । यसरी निज प्रतिवादीको सार्वजनिक पदमा प्रवेशपछिका प्रत्येक सम्पत्ति र खर्चका सम्बन्धमा तत्तत् अवस्थाका आय र व्ययलाई सूक्ष्म किसिमले विश्लेषण गरेर फैसला गरेको देखिँदैन । तत्कालीन अवस्थाको आयले उक्त सम्पत्ति या खर्चलाई धान्न सक्ने अवस्थाको छ छैन भनेर हेरिनु पर्ने हो तर त्यसतर्फ कुनै विश्लेषण भएको देखिँदैन । गोलमटोलरूपमा एकमुष्ट आय र व्ययलाई आधार बनाई फैसला गरिएको छ । जसले कुन सम्पत्ति तथा खर्चको कस्तो अवस्था छ त्यसलाई तत्कालीन आयले पुष्टि गर्न सक्छ सक्दैन भन्ने कुरालाई देखाउन सक्दैन । पछाडिको आयले अगाडिको सम्पत्ति तथा

खर्चलाई आयस्रोतको अवस्था देखाउन मिल्ने हुँदैन । सोतर्फ प्रस्तुत फैसलाले कुनै विश्लेषण गरेको देखिँदैन। यसरी गोलमटोल रूपमा समग्र आय र व्ययको योगलाई आधार बनाई भएको फैसला न्यायसङ्गत, कानूनसङ्गत तथा तर्कसङ्गत नहुँदा बदरभागी छ।

प्रतिवादीको आयस्रोतको मूल्याङ्कन गर्दा विशेष अदालत काठमाडौंले कुनै तथ्यगत प्रमाणको आधारमा निश्चित मापदण्ड बनाई विश्लेषण नगरी प्रतिवादीको भनाइलाई आधार मानी आयस्रोतको मूल्याङ्कन गरेको देखिन्छ । प्रतिवादीले आफूलाई कसुरबाट जोगाउने उद्देश्यले बढीभन्दा बढी आयस्रोतहरू देखाउनु स्वाभाविक नै हुन्छ । यसलाई कतिसम्म मान्ने भन्ने कुरालाई आयसम्बद्ध ठोस प्रमाणहरूसँग साक्षेपरूपमा हेरिनु पर्छ । निश्चित मापदण्डको आधारमामात्र आयस्रोतको यकिन हुनपर्ने देखिन्छ । तर प्रस्तुत फैसलामा प्रतिवादीले भनेको कुरालाई मात्र आधार मानी कतिपय आयस्रोतहरू निर्धारण गरिएको देखिन्छ। प्रतिवादीको कृषि आयको रूपमा बगैंचाको आय, विदेश भ्रमणको आयसमेतका आयहरूलाई प्रतिवादीको बयानलाई आधार मानी निकालिएको देखिन्छ। निज प्रतिवादीको आफ्नै निजी आर्जनको खेती जग्गा नभई पैतृक सगोलको जग्गा देखिएकोले सो खेतीको आयलाई सबै अंशियारहरूमा बाँडफाँड गरी निजको भागमा पर्न आउने अंशलाई मात्र कायम गरिनु पर्नेमा सोसमेत गरेको नदेखिएको साथै निजले आफू खेती नगर्ने हुँदा मिति २०२८।५।१४ मा राजपत्रमा प्रकाशित सूचनाबमोजिम मोहीबाट जग्गाधनीलाई बुझाउनुपर्ने कुतको मात्रालाई कायम गरिनु पर्ने तथा कृषि विकास कार्यालयले दिएको मूल्यको दररेटलाई आधार कायम गरिनुपर्ने देखिन्छ । सरकारी कागजातमा उल्लिखित कुरालाई समेत आधार कायम नगरी हचुवाको भरमा प्रतिवादीले भनेको आयको रकमलाई कायम गरिएको बगैंचाको आयलाई समेत यथार्थपरकरूपमा विश्लेषण नभएको, वैदेशिक आयको सम्बन्धमा पनि तथ्यलाई एकातिर पन्छाएर प्रतिवादीकै भनाईलाई कायम गरिएको, सप्तरी फत्तेपुरको घर निर्माणको स्रोतलाई समेत प्रतिवादीकै भनाईलाई कायम गरिएको, गाडी बिक्री गरिएकोलाई आयमा देखाई आय कायम गरिएको तर ती गाडीहरू खरिदको स्रोत नहेरिएको र खर्चमा समेत कायम नगरिएको समेतबाट प्रतिवादीलाई सफाइ दिने नियोजित आशयले मनोगत ढंगले प्रतिवादीकै भनाईलाई आधार बनाई आय–व्ययको रकम निर्धारण गरिएको पाइन्छ । अदालतले फैसला गर्दा लिएको आधारमा "यथार्थरूपमा आयको स्रोत र खर्चको रकम यकिनरूपमा किटान हुनसक्ने स्थिति नहुने हुँदा आयको स्रोत र खर्चलाई न्यायोचित् अनुमानको आधारमा निर्धारण गर्नुपर्ने" भन्ने उल्लेख भएबाट समेत तथ्यगत विश्लेषणमा आधारित छैन।

प्रतिवादीको अमिल्दो र अस्वाभाविक जीवनस्तर निर्धारण गर्ने मापदण्ड निश्चयरूपमा निजको सामाजिक र आर्थिक पक्ष रहेको हुन्छ । सार्वजनिक पदमा रहेका अवधिमा देखिएको प्रतिवादीको आर्थिक कारोबार, निजको पारिवारिक पृष्ठभूमिसमेतलाई सूचकको रूपमा लिन सकिन्छ। अदालतले समेत सो कुरालाई स्वीकार गरेको अवस्था छ। तर प्रतिवादीको सार्वजनिक पदमा प्रवेश अघिको आर्थिक हैसियत र पछिको अवस्थालाई विश्लेषण गरेर निजको जीवनस्तर निर्धारण गर्नुपर्नेमा सोतर्फ कुनै व्याख्या विश्लेषण भएको पाइँदैन । निज २०४८ सालदेखि २०५९ सालसम्म विभिन्न सार्वजनिक जवाफदेहीको पदमा रहेको देखिन्छ । सोही अवधिमा निजको आर्थिक हैसियत पनि एक्कासी वृद्धि भएको अवस्था छ। जुन निजको आयस्रोतको तुलनामा स्वाभाविक देखिँदैन । निज सार्वजनिक पदमा प्रवेश पूर्वसम्म बैंक मौज्दात रू.२२,०००।– रहेकोमा सार्वजनिक पदमा प्रवेश गरेपछि बैंक मौज्दात रू.९१,९१,८००।– पुगेको देखिन्छ । जुन आयको तुलनामा स्वाभाविक मान्न सकिँदैन । सार्वजनिक पदमा प्रवेश पूर्वसम्म निजको

नाममा सगोलको घर जग्गादेखि बाहेक कुनै अचल सम्पत्ति घरजग्गा रहेको देखिँदैन । सार्वजनिक पदमा प्रवेशपछि काठमाडौं तथा सप्तरीमा घरजग्गा खरिद तथा निर्माण गरेको देखिएको सप्तकोशी कोल्ड स्टोरेजमा लगानी गरेको २ वटा गाडी खरिद गरेको देखिएको बैंक मौज्दात उल्लेख रहेको लगायतका साम्पत्तिक विवरणहरूले समेत निजको आर्थिक हैसियतमा द्रुत गतिले वृद्धि भएको स्पष्ट देखिन्छ । ती सम्पत्तिका मूल आयस्रोतको रूपमा पैतृक आयलाई देखाएको पाइन्छ । पछि पैतृक आयले ती सम्पत्तिहरू आर्जन भएको थियो भने सार्वजनिक पदमा प्रवेश पूर्व पनि हुनुपर्ने थियो । तर त्यस्तो देखिँदैन । सार्वजनिक पदमा प्रवेशपछिको आर्जित सम्पत्ति र खर्चको प्रकृतिलाई हेर्ने हो भने निजको तत्कालीन वैधानिक आयले धान्न सक्ने देखिँदैन । तसर्थ निजको आयको तुलनामा आर्जित सम्पत्ति र खर्च उल्लेखनीय रूपमा वृद्धि भएको देखिँदा प्रतिवादीले आयस्रोतको तुलनामा अमिल्दो र अस्वाभाविक जीवनस्तर बिताइरहेको भन्ने स्पष्ट हुन्छ । सोतर्फ कुनै पनि विश्लेषण नै नगरी अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई भएको फैसला आफैँमा बदरभागी छ ।

प्रतिवादीले लुकाउने छिपाउने उद्देश्यले बैंकबाट झिकिएका भनिएका बैंक कारोबारका रकमको सम्बन्धमा प्रस्तुत फैसलामा सो रकमको स्रोतका सम्बन्धमा केही उल्लेख गरेको पाइँदैन । प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताकी पत्नीको नाममा रहेको नेपाल बंगलादेश बैंकमा रहेको खाता नं. ००८८२१ मा २०५६।६।६ देखि २०५८।६।१२ सम्मको अवधिमा रू.३६,००,०००।– जम्मा गरेको, सोमध्ये २०५८।६।१२ मा रू.३५,९०,०००।– एकैपटकमा निकालेको देखिन्छ । सो रकम के कुन प्रयोजनको लागि निकालिएको हो वा केमा लगानी भएको हो सोको कुनै हिसाब किताब देखिँदैन । प्रतिवादीको नाममा रहेको कृषि विकास बैंक स्थित खाता नं.२५२४९० मा सार्वजनिक पदमा प्रवेशपछि पटकपटक गरेर रू.३८,६१,८००।– जम्मा भएको र सोही रकममध्ये विभिन्न मितिमा झिकी बाँकी रहेको रू.९,२२,३०६।९७ मिति २०५९।१।२३ मा झिकी खाता बन्द गरेको देखिन्छ । प्रतिवादीकै नाममा रहेको बैंक अफ काठमाडौंको खाता नं. ०१००००००४६०९ मा मिति २०५६।६।२६ मा रू.१५,००,०००।– जम्मा भई विभिन्न व्यक्तिका नाममा सोमध्ये रू.१०,४४,४४५।– झिकिएको देखिन्छ । उल्लिखित झिकिएका रकम तथा जम्मा हुँदाको रकमलाई सो स्रोतको प्रसङ्ग सापेक्षिक ढंगले विश्लेषण गरेको पाइँदैन । हचुवाको भरमा प्रतिवादीको समग्र आयव्ययको योगलाई जोड घटाउको रूपमा कायम गरी फैसला गरिएको पाइन्छ, जुन न्याय तथा कानूनसङ्गत छैन । विशेष अदालतले मिति २०६४।२।२८ मा गरेको फैसला बदर गरी अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी पक्षको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

यसमा पुनरावेदक प्रतिवादी ईश्वर पोखरेल प्रत्यर्थी वादी नेपाल सरकार भएको भ्रष्टाचार मुद्दा पूर्ण इजलासबाट फैसला भएपछि सो फैसलाको नक्कलसाथ राखी पेस गर्नू । यसमा विशेष अदालतको फैसलाको पृष्ठ ४१ मा प्रतिवादीले वैधानिक स्रोत देखाएको बाहेक रू.७,०६,१३९।– को वैधानिक आयस्रोत पुष्टि नभएको भन्ने उल्लेख भएको देखिँदा सो सम्बन्धमा उक्त अदालतको इन्साफ फरक पर्न सक्ने देखिँदा छलफलका निमित्त विपक्षी झिकाई नियमानुसार पेस गर्नु साथै यसमा सुरू विशेष अदालतको फैसलामा रू.७,०६,१३९।– को सम्पत्तिसम्म आयको निजको स्रोतबाट पुष्टि नभएको र सो रकम निजको कूल सम्पत्तिको ७ प्रतिशतभन्दा कम रहेको भन्ने उल्लेख भएको साथै यस अदालतबाट प्रत्यर्थी झिकाउने क्रममा समेत प्रतिवादीले वैधानिक स्रोत देखाएको बाहेक रू.७,०६,१३९।– को वैधानिक

आयस्रोत पुष्टि नभएको भनी १० प्रतिशतभन्दा कम आयस्रोत नखुलेको सम्पत्तिमा भ्रष्टाचारजन्य कसुर ठहऱ्याउन नमिल्ने भनी नेपाल सरकार वादी र प्रतिवादी कल्याण तिमिल्सिना भएको २०६३।५।२७ को प्रतिवादी किरण गौतम भएको २०६३।५।१२ को र प्रतिवादी बसन्तराज कुँवर भएको २०६३।१२।६ को फैसलामा उल्लेख भएको र सोउपर पुनरावेदन नपरी सोलाई सिद्धान्ततः स्वीकारेको भनी जिकिर लिएकोसमेत पाइँदा उक्त फैसलासहितको सक्कल मिसिल विशेष अदालतबाट झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेश।

प्रतिवादी जयप्रकाश प्रसाद गुप्तालाई सफाइ दिएको विशेष अदालत काठमाडौंको मिति २०६४।२।२८ को फैसला नमिली त्रुटिपूर्ण देखिन आएकोले सो फैसला उल्टी भई निज प्रतिवादी जयप्रकाश प्रसाद गुप्ताले रू.८४,०९,९२८।०७ बराबरको चलअचल सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसुर गरेको ठहर्छ । सो ठहर्नाले स्रोत पुष्टि हुन नसकेको उक्त चल अचल सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्तिसमेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा दफा ४७ बमोजिम जफत भई दफा २०(२) अनुसार बिगोबमोजिम रू.८४,०९,९२८।०७ जरिवाना र छ महिना कैद तथा प्रतिवादीले संसद् सदस्य र मन्त्री जस्तो जिम्मेवारी पूर्ण पदमा रहेको अवस्थामा सो कसुर गरेको हुँदा दफा २४ बमोजिम थप एक वर्ष कैदसमेत जम्मा एक वर्ष छ महिना (१।६) कैद भई विभिन्न बैंकबाट निकाली लुकाई छिपाई राखेको रकम रू.५३,६१,३६५।- प्रतिवादीको स्रोत खुलेको अन्य सम्पत्तिसमेतबाट भराउने ठहर्छ भन्नेसमेत बेहोराको यस अदालतको संयुक्त इजलासको मिति २०६८/११/९ को फैसला।

विपक्षी वादीले सम्मानित सर्वोच्च अदालतसमक्ष दायर गरेको पुनरावेदन पत्र हेर्दा उक्त पुनरावेदन पत्र फौ.पु.नं. २३७ को भई मिति २०६४/७/२२/५ मा सम्मानित अदालतसमक्ष दर्ता भएको स्पष्ट छ। निज विपक्षीले आफ्नो उक्त पुनरावेदन पत्रमा उल्लेख गरेअनुसार निजलाई पुनरावेदनको म्याद मिति २०६४/५/९ मा प्राप्त भएको भन्ने देखिन्छ । यसमा विशेष अदालत ऐन, २०५९ को दफा १७ अनुसार विशेष अदालतको फैसला अन्तिम आदेशउपर चित्त नबुझ्ने पक्षले त्यस्तो फैसला वा अन्तिम आदेश भएको मितिले पैंतीस दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ भने ऐजन दफा ११ मा वर्णित म्याद तारेख थाम्ने व्यवस्थाबमोजिम विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसलाउपर परेको मुद्दामा र सो अदालतको फैसलाउपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न काबुबाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो बेहोरा मनासिब ठहरिएमा एक पटक बढीमा पन्ध्र दिनसम्मको म्याद तारेख थाम्न सकिने अवस्था हुँदाको अवस्थामा उपर्युक्त दफा १७ र दफा ११ को कानूनी व्यवस्थाको अधीन रही उक्त जम्मा ५० दिनको हदम्यादभित्र पुनरावेदन पत्र सम्मानित अदालतसमक्ष परिसक्नु पर्ने कुरा निर्विवाद छ । तर विपक्षीको पुनरावेदन पत्र सम्मानित अदालतमा दर्ता भएको मिति हेर्दा उक्त पुनरावेदन पत्र माथि उल्लिखित कानूनी व्यवस्थाको रोहमा तोकिएको हदम्याद ५० दिनभित्र नपरी निज विपक्षीलाई पुनरावेदनको म्याद प्राप्त भएको मितिले हदम्याद नघाई जम्मा ७३ दिनको दिन मात्र पुनरावेदन पत्र दर्ता भएको स्पष्ट रहे भएकोले विपक्षीको पुनरावेदन पत्र विशेष अदालत ऐन, २०५९ को दफा १७ को रोहमा हदम्यादको आधारमा प्रथमदृष्टिमा (Prima Facie) नै ठाडै खारेज गर्नुपर्नेमा नगरी उल्टै वादी दाबीबमोजिम हुने गरी हदम्याद जस्तो आधारभूत एवं सैद्धान्तिक कुराको विचार नगरी उक्त संयुक्त इजलासबाट भएको फैसला बदरभागी रहेको छ । जबकि हदम्याद सम्बन्धमा पक्ष विपक्षले प्रश्न

नउठाएको अवस्थासमेत अदालत स्वयंले नै निर्क्यौल गर्नुपर्ने हो । तसर्थ हदम्यादको अभावका वादीले प्रस्तुत गरेको पुनरावेदन पत्र खारेज गर्नुपर्नेमा सजाय ठहर हुने गरी गरिएको फैसला मिलेको छैन । त्यसैगरी उक्त संयुक्त इजलासले गरेको फैसलाले आय निर्क्यौल गर्ने सम्बन्धमा अत्यन्त कठोर भई आय प्रमाणित गर्न नसकिने कुरालाई आधार लिएर दोषी करार गरिएको छ । सुरू विशेष अदालतले स्वीकार गरेको प्रमाणित आयलाई हचुवाको भरमा बेवास्ता गरी न्यायिक मनको अभावविना फैसला गरिएको छ । अस्तित्वमा नै नरहेको रकमलाई गैरकानूनी आर्जनमा जोडिएको छ । तसर्थ यस अदालतको संयुक्त इजलासबाट भएको फैसला उल्टी गरी आरोपित कसुरबाट सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीको यस अदालतमा पर्न आएको पुनरावलोकनको निवेदनपत्र ।

यसमा प्रतिवादीले दाबीअनुसारको कसुर गरेको नदेखिई वादीको आरोपबाट सफाइ पाउने ठहर गरेको सुरू विशेष अदालतको फैसला यस अदालतको संयुक्त इजलासबाट उल्टी भएको देखिन्छ । विशेष अदालतबाट मिति २०६४/२/२८ मा भएको फैसलाको प्रतिलिपिसहित पुनरावेदन गर्ने सूचना म्याद वादीले मिति २०६४/५/९ मा प्राप्त गरेको मिसिलबाट देखिन्छ । विशेष अदालतको उक्त फैसलाउपर वादी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पुनरावेदन पत्र यस अदालतमा मिति २०६४/७/२२ मा दर्ता भएको देखिन्छ । विशेष अदालत ऐन,२०५९ को दफा १७ अनुसार विशेष अदालतको फैसला वा अन्तिम आदेशउपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था रहेको र सोही ऐनको दफा ११ अनुसार विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसलाउपर परेको पुनरावेदनमा म्याद थाम्न काबुबाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो बेहोरा मनासिब ठहरिएमा एकपटक बढीमा पन्ध्र दिनसम्मको म्याद थाम्न सकिने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा विशेष अदालतको फैसलाउपर वादी पक्षले पुनरावेदन म्याद प्राप्त गरेको मिति २०६४/५/९ बाट विशेष अदालत ऐन, २०५९ को दफा १७ र ११ बमोजिम पचास दिनभित्रै यस अदालतमा पुनरावेदन पत्र दर्ता गर्नुपर्नेमा उक्त म्याद नघाई पुनरावेदन दायर भएको अवस्थामा मुद्दाको तथ्यभित्र प्रवेश गरी इन्साफ गरेको यस अदालतको संयुक्त इजलासको मिति २०६८/११/९ को फैसलामा ने.का.प. २०६०, अंक ३/४, निर्णय नं. ६९९९, पृष्ठ २२९ मा प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल रही न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) को अवस्था विद्यमान रहेको देखिँदा प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरिएको छ । प्रत्यर्थी झिकाई नियमबमोजिम पेस गर्नु भन्नेसमेत बेहोराको मिति २०७१/६/८ को यस अदालतको पूर्ण इजलासबाट भएको आदेश ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी जयप्रकाश गुप्ताको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल, श्री बद्रीबहादुर कार्की, श्री रामकृष्ण निराला, श्री सतिशकृण खरेल तथा विद्वान् अधिवक्ता श्री परशुराम कोइराला, श्री सुरेन्द्रकुमार महतोले अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रतिवादीका विरूद्ध यस अदालतमा पुनरावेदन पत्र दायर गर्दा विशेष अदालत ऐन, २०५९ को दफा १७ को हदम्याद नघाई दायर गरेको छ । हदम्यादको अभावमा दायर भएको पुनरावेदनबाट तथ्यमा प्रवेश गरी निर्णय गर्न मिल्दैन । हदम्यादविहीन फिरादपत्र खारेज गर्नुपर्नेमा सुरू विशेष अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई सजाय ठहर गरेको मिलेको छैन । यस अदालतको पूर्ण इजलासले पनि सोही आधारमा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरेको अवस्था छ तसर्थ यस अदालतको

संयुक्त इजलासको फैसला उल्टी गरी प्रतिवादीहरूलाई सजाय ठहर गरिपाउँ भन्नेसमेत बेहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो ।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान् सहन्यायाधिवक्ता श्री राजनप्रसाद भट्टराई तथा विद्वान् उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठकले विशेष अदालतले गरेको फैसलाउपर वादी पक्षको यस अदालतमा पुनरावेदन गर्दा विशेष अदालत ऐन, २०५९ को दफा १७ को हदम्यादभित्रै पुनरावेदन दायर गरेको अवस्था छ । सम्मानित अदालतमा ४६ दिनमा पुनरावेदन दर्ता भएको अवस्था छ । विशेष अदालत ऐन, २०५९ को दफा १७ तथा दफा ११ ले थाम्न पाउने म्यादभित्र पुनरावेदन परेको र सो कुरा अदालतमा दर्ता भएको पत्रबाट स्पष्ट देखिँदा कर्मचारीले समयमा पुनरावेदन दर्ता नगरिदिएको कारण त्यसबाट पुनरावेदकलाई कुनै असर पर्ने अवस्था हुँदैन भन्नेसमेत बेहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो ।

पक्ष विपक्षका तर्फबाट उपस्थित हुनुभएका विद्वान् कानून व्यवसायीहरूले गरेको बहस जिकिरसमेत सुनी मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा यस अदालतको संयुक्त इजलासबाट भएको फैसला मिलेको छ छैन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा विपक्षी वादीले सम्मानित सर्वोच्च अदालतसमक्ष दायर गरेको पुनरावेदन पत्र हेर्दा विशेष अदालतको मिति २०६४/२/२८ को फैसलाउपर मिति २०६४/७/२२/५ मा सम्मानित अदालतसमक्ष दर्ता भएको स्पष्ट छ । विपक्षी वादीले पुनरावेदनको म्याद मिति २०६४/५/९ मा प्राप्त भएको भन्ने देखिन्छ । विशेष अदालत ऐन, २०५९ को दफा १७ अनुसार विशेष अदालतको फैसला वा अन्तिम आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो फैसला वा अन्तिम आदेश भएको मितिले पैंतीस दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ भने ऐजन दफा ११ मा वर्णित म्याद तारेख थाम्ने व्यवस्थाबमोजिम विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसलाउपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न काबुबाहिरको परिस्थिति परे कारण र आधार खुलाई निवेदन परेमा सो बेहोरा मनासिब ठहरिएमा एक पटकमा बढीमा पन्ध्र दिनसम्मको म्याद तारेख थाम्न सकिने अवस्थामा उपर्युक्त दफा १७ र दफा ११ को कानूनी व्यवस्थाको अधीन रही जम्मा ५० दिनको हदम्यादभित्र पुनरावेदन पत्र सम्मानित अदालतसमक्ष परिसक्नु पर्नेमा हदम्याद नघाई जम्मा ७३ दिनमा पुनरावेदन पत्र दर्ता भएको स्पष्ट रहे भएकोले विपक्षीको पुनरावेदन पत्र विशेष अदालत ऐन, २०५९, को दफा १७ को रोहमा हदम्यादको आधारमा प्रथमदृष्टिमा (Prima Facie) नै खारेज गर्नुपर्नेमा विशेष अदालत काठमाडौंको फैसला उल्टी गरी प्रतिवादीहरूलाई सजाय हुने ठहऱ्याएको संयुक्त इजलासको फैसला उल्टी गरी विशेष अदालत काठमाडौंको फैसला सदर गरिपाउँ भन्ने बेहोरा उल्लेख भएको देखियो ।

३. प्रतिवादी पक्षले मुख्य रूपमा हदम्यादको आधारमा पुनरावेदन खारेज गर्नुपर्नेमा मुद्दाको तथ्यभित्र प्रवेश गरी फैसला गरेको विषयलाई प्रमुख रूपमा उठाएको देखिन्छ । यस अदालतको पूर्ण इजलासबाट मिति २०७१/६/८ मा पुनरावलोकनको निस्सा प्रदान गर्दा विशेष अदालतबाट मिति २०६४/२/२८ मा भएको फैसलाको प्रतिलिपिसहित पुनरावेदन गर्ने सूचना म्याद वादीले मिति २०६४/५/९ मा प्राप्त गरेकोमा उक्त फैसलाउपर वादी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पुनरावेदन पत्र मिति २०६४/७/२२ मा मात्र दर्ता भएको देखिएकोले विशेष अदालत ऐन, २०५९ को दफा १७ र ११ को हदम्यादभित्र दर्ता भएको नदेखिँदा म्याद नघाई पुनरावेदन दायर भएको अवस्थामा मुद्दाको तथ्यभित्र प्रवेश गरी इन्साफ गरेको यस अदालतको संयुक्त इजलासको मिति २०६८/११/९ को फैसला

फरक पर्न सक्ने भनी मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरिएको देखिन्छ।

४. विशेष अदालत काठमाडौंबाट मिति २०६४/२/२८ मा भएको फैसलाउपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पुनरावेदनको म्याद मिति २०६४/५/९ मा प्राप्त गरेको देखिन्छ । पुनरावेदनको म्याद प्राप्त गरिसकेपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६४/६/२३ मा च.नं. १३४ बाट यस अदालतमा पुनरावेदन पत्र पेस गरेको र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पेस गरेको उक्त पत्रको पिठमा सर्वोच्च अदालतको दर्ता शाखाबाट सोही मिति २०६४/६/२३ मा पुनरावेदन पत्र बुझिलिएको भरपाई गरिदिएको देखिन्छ । बीचमा बडादशैंलगायतका महत्त्वपूर्ण चाडहरू परेको कारणले गर्दा यस अदालतबाट मिति २०६४/७/२२ मा मात्र अदालतको पुनरावेदन दर्ता दायरीमा दर्ता भएको देखिन्छ । पुनरावेदनको म्याद प्राप्त गरेको मिति २०६४/५/९ देखि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६४/६/२३ मा पुनरावेदन पत्र दर्ता गर्दा जम्मा ४६ दिनभित्र पुनरावेदन पत्र यस अदालतसमक्ष पेस भएको देखिन्छ। विशेष अदालत ऐन, २०५९ को दफा १७ मा ***विशेष अदालतको फैसला वा अन्तिम आदेशउपर चित्त नबुझ्ने पक्षले त्यस्तो फैसला वा अन्तिम आदेश भएको मितिले पैंतीस दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्ने*** व्यवस्था गरेको देखिन्छ। त्यसैगरी ऐजनको दफा ११ मा ***म्याद तारेख थाम्नेसम्बन्धी व्यवस्था रहेको र विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसलाउपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न काबुबाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो बेहोरा मनासिब ठहरिएमा एकपटक बढीमा पन्ध्र दिनसम्मको म्याद तारेख थाम्न सकिनेछ*** भन्ने व्यवस्था रहेको देखिन्छ । यसरी हदम्यादको गणना गर्दा यस अदालतमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पुनरावेदन पत्र ४६ औं दिनमा दर्ता भएको मान्नुपर्ने हुन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पुनरावेदन पत्र दर्ता शाखामा बुझाइसकेपछि दर्ताको प्रक्रियामा गइसकेको मान्नुपर्ने हुन्छ। यस अदालतको पुनरावेदन दर्ता शाखामा वादी पक्षले पुनरावेदन पत्र बुझाई भरपाई लिएको र यस अदालतको पुनरावेदन दर्ता शाखाबाट अदालतको दर्ता दायरीमा रीतपूर्वक दर्ता नभएकै कारणले हदम्यादभित्र पुनरावेदन पर्न नआएको भनी अर्थ गर्न मिल्दैन। मुलुकी ऐन अ.बं. १८ नं.मा ***कानूनबमोजिम रीत पुगेको आफ्ना अड्डामा दर्ता हुने फिरादपत्र, प्रतिउत्तर पत्र, पुनरावेदन पत्र, निवेदनपत्र इत्यादि अड्डामा दाखिल हुनासाथ तुरून्त दर्ता गरिदिनुपर्छ। अड्डामा दाखिल भएपछि रीत पुऱ्याई स्रेस्तामा नदरिएको कारणले मात्र म्याद जान सक्दैन*** भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ। वस्तुतः विशेष अदालतबाट भएको फैसलाउपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यस अदालतको दर्ता शाखामा पुनरावेदन पत्र मिति २०६४।६।२३ मा दर्ता गरिसकेको तथ्यमा विवाद छैन । वस्तुतः अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट परेको पुनरावेदन पत्र यस अदालतमा २०६४।६।२३ मा नै दर्ता शाखामा प्राप्त भई दाखिल भइसकेको छ। अदालतमा दाखिल भइसकेको पुनरावेदन पत्र पुनरावेदन शाखाको स्रेस्तामा मौकामा नै दरिन सकेकोसम्म देखिएन।

५. पुनरावेदन दर्ता भएपछि बडादशैंको लामो बिदामा अदालत बन्द रहेको कारणले समयमा नै पुनरावेदन शाखामा पठाउन नसकेको भन्ने पनि देखिन आएको छ । अदालतमा लिखत दाखिल भएपछि सोही दाखिल भएको मिति नै हदम्यादको लागि महत्त्वपूर्ण हुने भन्ने मुलुकी ऐन अ.बं. १८ नं. को कानूनी व्यवस्थाको मनसाय रहेको पाइन्छ । अदालतमा दाखिल भइसकेपछि पुनरावेदन शाखाको

दर्ता किताबमा रीतपूर्वक पछि दर्ता भएको आधारले मात्र म्याद नाघेको भन्न मिल्ने देखिएन । सर्वोच्च अदालतको दर्ता शाखाले मिति २०६४।६।२३ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त पुनरावेदन पत्र बुझी अदालतमा दाखिल भइसकेको देखियो। सो अदालतमा दाखिल हुन आएको मितिलाई नै पुनरावेदन दर्ता गर्ने म्यादको गणना हुने मान्नु पर्ने उक्त अ.बं. १८ नं. को कानूनी व्यवस्थाले स्पष्ट पारेकै छ।

६. अदालतमा दाखिल भई अदालतले आफ्नो नियन्त्रण (Custody) मा लिइसकेको लिखत पुनरावेदन शाखामा पछि दर्ता हुन गएको मितिलाई हदम्यादको गणना गर्न मिल्ने होइन । अदालतको कार्यबोझ, बिदा पर्न गएको अवस्था तथा मानवीय भुलको कारणबाट पनि अदालतमा दाखिल भइसकेको लिखत स्रेस्तामा रीतपूर्वक समयमा दर्ता गर्न कठिनाई हुन जाने अवस्थालाई परिकल्पना गरेर उक्त मुलुकी ऐन १८ नं. को कानूनी व्यवस्था भएको देखिन्छ। अन्यथा अदालतमा लाभ माग्न आउने व्यक्तिको कुनै गल्ती नभएको स्थितिमा पनि अड्डाको भुलको कारण न्याय प्राप्त गर्ने हकमा कुठाराघात पर्न जाने हुन्छ। त्यसैले अड्डाको भुलको कारणले कसैको हक अधिकारमा असर पर्न जाने अवस्था हुनु हुँदैन। मूलतः अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पुनरावेदनको म्याद मिति २०६४/५/९ मा प्राप्त गरी मिति २०६४/६/२३ मा यस अदालतमा पुनरावेदन पत्र दर्ता शाखामा पेस गरेको र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पेस गरेको पत्रको पिठमा सर्वोच्च अदालतको दर्ता शाखाबाट सोही मिति २०६४/६/२३ मा पुनरावेदन पत्र बुझिलिएको भरपाई गरिदिएको अवस्थामा हदम्याद नघाई आएको अर्थ गर्न मिल्ने नदेखिँदा यस अदालतबाट मिति २०७१/६/८ मा पुनरावलोकनको निस्सामा उल्लिखित बेहोरा उक्त कानून तथा न्यायका मान्य सिद्धान्तहरू समेतबाट मनासिब देखिन नआएकोले सो पुनरावलोकनको निस्सा दिँदा लिइएको आधारहरूसँग सहमत हुन सकिएन।

७. अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पेस गरेको पुनरावेदन पत्र हदम्यादभित्रकै देखिन आएको र सो पुनरावेदन पत्रको बारेमा यस अदालतको संयुक्त इजलासबाट मिति २०६८/११/९ मा भएको फैसला हदम्याद नघाई आएको भन्न मिल्ने देखिएन। हदम्यादभित्र दर्ता भएको पुनरावेदन पत्रको बारेमा प्रमाणको मूल्याङ्कन गरी विस्तृत विवेचना भई संयुक्त इजलासबाट भएको फैसला हदम्यादसम्बन्धी कानूनी व्यवस्थाअनुकूल नै रहेको देखिँदा अब पुनरावलोकनको निस्सामा उल्लिखित मूल आधार नै स्वीकारयोग्य देखिएन।

८. अब, पुनरावलोकन गरी मुद्दाको सुनुवाइ गर्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ मा पुनरावलोकन गर्न निस्सा प्रदान गर्दा ग्रहण गरिएका आधारमा नै सीमित रही हेर्नु पर्ने हो, वा विवादका अन्य सम्बद्ध तथ्य र प्रश्नउपर पनि विचार गरी निर्णय गर्न सकिन्छ भन्ने सम्बन्धमा विचार गर्दा, दफा १३ मा ***"दफा ११ बमोजिम मुद्दा पुनरावलोकन गर्दा वा दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेर्दा सर्वोच्च अदालतले जुन आधारमा मुद्दा पुनरावलोकन गर्ने वा दोहोऱ्याई हेर्ने आदेश गरेको हो सोही आधार र सम्बद्ध विषयमा मात्र सीमित रही मुद्दा किनारा गर्नुपर्छ"*** भनी उल्लेख भएको देखिन्छ। यसै सन्दर्भमा यस अदालतबाट नेकाप २०६४ अंक ९ निर्णय नं. ७८७७ पूर्ण इजलास निवेदक प्रतिवादी मचाभाइ महर्जनसमेत विरूद्ध प्रत्यर्थी वादी दानबहादुर महर्जन भएको अंश चलन मुद्दामा ***भइरहेको कानूनी व्यवस्थाबाट मुद्दा पुनरावलोकन गर्दा वा दोहोऱ्याई हेर्दा जुन आधारमा पुनरावलोकन गर्ने वा दोहोऱ्याई हेर्ने आदेश गरेको हो सोही आधार र सम्बद्ध विषयमा सिमित रही मुद्दा किनारा गर्नुपर्ने*** भन्ने सिद्धान्त स्थापित भएको पाइन्छ भने नेकाप २०६२ अंक ३

निर्णय नं. ७५०६ निवेदक / प्रतिवादीः वैकुण्ठप्रसाद भण्डारी विरूद्ध विपक्षी / वादीः श्री ५ को सरकार, विशेष प्रहरी विभाग भएको मुद्दामा ***पुनरावलोकनको निस्सा भएको मुद्दामा निस्सा दिँदाको आधार नै निराधार असङ्गत एवं असम्बद्ध छ वा बेरीतको छ कि छैन पछि मुद्दा सुनुवाई गर्ने इजलासले सो हेरीकन मात्र निष्कर्षमा पुग्नपर्ने, निस्सा दिँदाको मूल आधार नै मुद्दामा तात्त्विक महत्त्व राख्ने नभई सान्दर्भिक देखिन नआएमा तत्पश्चात् सम्बद्ध अन्य तथ्यहरू के थिए ? भनी हेरिरहनुको कुनै औचित्य रहन नसक्ने*** भन्ने सिद्धान्त स्थापित भएको पाइन्छ। प्रस्तुत मुद्दामा यस अदालतबाट हदम्याद नघाई पुनरावेदन पत्र दायर हुन आएको भन्ने आधारमा पुनरावलोकनको निस्सा प्रदान गरिएको देखिएको र माथि गरिएको विश्लेषणका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालत ऐन, २०५९ को दफा १७ ले तोकेको म्यादभित्र पुनरावेदन पत्र दर्ता भई सोही आधारमा यस अदालतको संयुक्त इजलासबाट फैसला भएको देखिन आएको र पुनरावलोकनको निस्सा प्रदान गर्दा लिइएको आधार नै मिल्दो रहेको नदेखिएको अवस्थामा संयुक्त इजलासका अन्य विषयवस्तुमा प्रवेश गर्नुको औचित्यमाथि प्रवेश गरिरहनु पर्ने देखिएन।

९. तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणसमेतबाट प्रस्तुत मुद्दामा पुनरावलोकनको निस्सा प्रदान गर्दा न्याय प्रशासन ऐन, २०४८ मा भएको कानूनी व्यवस्थाका आधारमा पुनरावलोकनको निस्सा प्रदान गरिएको र उल्लिखित कानूनी व्यवस्थाका आधारमा मुद्दा पुनरावलोकन गर्दा लिइएका आधारमा सीमित रही निर्णय गर्नुपर्ने देखिएको र यस अदालतको पूर्ण इजलासको मिति २०७१/६/८ को निस्साको आदेशले हदम्यादको अभावमा दायर भएको पुनरावेदन पत्रको आधारमा फैसला भएकोले संयुक्त इजलासको फैसला फरक पर्न सक्ने भनी लिइएको निस्साको आदेशसँग सहमत हुन सकिएन। यस अदालतको संयुक्त इजलासको मिति २०६८/११/९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा हामी सहमत छौं।
न्या. विश्वम्भरप्रसाद श्रेष्ठ
न्या.डा. आनन्दमोहन भट्टराई

इजलास अधिकृत: रामप्रसाद बस्याल
इति संवत् २०७३ साल पुष १४ गते रोज ५ शुभम्।

## निर्णय नं. १००२३

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय का.मु.प्रधानन्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
आदेश मिति : २०७४।७।१२
०७२-WO-०८६७

विषयः उत्प्रेषण / प्रतिषेध

निवेदक : झापा जिल्ला खजुरगाछी गा.वि.स. वडा नं. ६ घर भई हाल मोरङ जिल्ला कटहरी गा.वि.स. वडा नं. ६ बस्ने नेपाल खानेपानी संस्थानको सञ्चालक समिति सदस्य उमावती चौधरी

विरूद्ध

विपक्षी : नेपाल सरकार, खानेपानी तथा सरसफाइ मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत

- **कुनै पनि पदाधिकारीलाई कानूनले तोकेको अवस्थामा सो अवधिसम्म र कानूनले पदावधि नतोकेको अवस्थामा नियुक्ति गर्ने निर्णय गर्दा पदावधि तोकेर नियुक्ति गरिएकोमा त्यस्तो पदावधिसम्म विना कसुर सो पदबाट हटाउन मिल्दैन । त्यस्तो पदाधिकारीलाई हटाउनु पर्ने अवस्थामा समेत सुनुवाइको उचित मौका प्रदान गरी आफ्नो भनाई राख्ने अवसर दिई कानूनी प्रक्रिया पूरा गरी मात्र हटाउनु पर्ने ।**

(प्रकरण नं.२)

- **कुनै पनि सार्वजनिक पदमा नियुक्ति भएको पदाधिकारीको पदावधि कानूनले प्रस्ट रूपमा नतोकेको अवस्थामा निजलाई नियुक्ति गर्दा पदावधि तोकेर नियुक्त गरिएको अवस्थामा उक्त तोकिएको अवधिसम्म निर्वाध रूपमा कामकाज गर्न पाउनु पर्ने भन्ने मान्यताका साथ त्यस्तो पदावधि तोकिएको हुन्छ । पदावधि तोकिएको अवस्थामा माथिल्लो अधिकारीले जहिलेसुकै स्वेच्छाचारी रूपमा त्यस्तो पदाधिकारीलाई बरखास्ती गर्नु कानूनविपरीत हुने ।**
- **प्रस्ट रूपमा पदावधि तोकी नियुक्ति गरिएको पदाधिकारीलाई कानूनी प्रक्रियाविना माथिल्लो पदाधिकारीलाई मन लाग्दैमा पदमुक्त गर्ने र सोही पदमा अर्को व्यक्ति नियुक्ति गर्दा कानून तथा नीति नियमको अवमूल्यन हुनुका साथै त्यसको नागरिकमा सकारात्मक सन्देशसमेत जाँदैन । सरकार र सार्वजनिक पदाधिकारीले निर्णय गर्दा कानून र न्यायका मान्य सिद्धान्त अनुरूप गर्नु पर्दछ । प्रचलित कानूनविपरीत काम कारबाही गरेमा वा त्यस्तो पदाधिकारीलाई दिइएको जिम्मेवारी पूरा गर्न असक्षम भएमा नियुक्ति दिने अख्तियारवालाले अवकाश दिन नपाउने भन्ने हुँदैन । तर त्यस्तो अवकाश विनाकारण र स्वेच्छाचारी हुन नहुने ।**

(प्रकरण नं.३)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री भेषराज पन्त

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी, विद्वान् अधिवक्ता श्री बच्चुसिंह खडका

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपाल खानेपानी संस्थान ऐन, २०४६

आदेश

**का.मु.प्र.न्या.दीपकराज जोशी** : नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम यस अदालतमा दायर भई पेस हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

म निवेदक नेपाल सरकार मन्त्रीस्तरको मिति २०७१/५/२६ को निर्णयअनुसार नेपाल खानेपानी संस्थानको सञ्चालक समितिको सदस्यमा बढीमा ४ वर्षका लागि नियुक्त भई हालसम्म संस्थानले तोकेको जिम्मेवारी इमान्दारीसाथ सम्पन्न गर्दै आएकी थिएँ । मेरो नियुक्ति नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८ को उपदफा १ (५) बमोजिम भएको थियो । यसरी नियुक्त भएको बेहोरा विपक्षी सहरी विकास मन्त्रालयको च.नं.७३७ मिति २०७१/५/२६ को पत्रबाट जानकारी गराइएको थियो । नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८ (१) मा

विभिन्न क्षेत्रका विज्ञहरूको सञ्चालक समिति गठन गरिने व्यवस्था गरिएको छ। सो ऐनमा दफा ८ बमोजिम नियुक्त भएका सदस्यको पदावधि समाप्त हुने विषयमा ऐनले कुनै व्यवस्था गरेको छैन। यसको अर्थ समितिमा नियुक्त हुने सदस्यको पदावधि तोकेर नियुक्त गरिने र सो अवधिसम्म सदस्यको पदावधि कायम रहने भन्ने हुन्छ। मैले विपक्षी संस्थानमा कार्य गर्दा विपक्षी संस्थानको अहित हुने कुनै पनि कार्य गरेको छैन।

विपक्षी खानेपानी तथा सरसफाइ मन्त्रालयको च.नं. ५३१ मिति २०७२/१२/१८ मा जारी गरिएको पत्रानुसार नेपाल सरकार मन्त्रीस्तरको मिति २०७२/१२/१२ को निर्णयानुसार नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८ अनुसार विपक्षी नं.६ समेत केही अन्य व्यक्तिहरूलाई खानेपानी संस्थाको सञ्चालक सदस्यमा नियुक्त गरिएको भन्ने बेहोरा जानकारी हुन आएको थियो। सो पत्रका कारण अन्योल सिर्जना भई तोकिएको जिम्मेवारीअनुरूप काम कारबाही गर्न अवरोध उत्पन्न भएकोले यो निवेदन लिई उपस्थित भएको छु।

मलाई विपक्षीले सञ्चालक समितिको सदस्य पदबाट हटाइएको भन्ने पत्र नपाइएको र आफैँले राजीनामा पनि नदिएको अवस्थामा विपक्षी खानेपानी तथा सरसफाइ मन्त्रालयको उक्त मिति २०७२/१२/१८ को पत्रको पेटबोलीमा उल्लेख भएको निवर्तमान सदस्य भन्नाले कसलाई भन्न खोजिएको हो सो प्रस्ट नभए पनि पत्रमा उल्लेख भएको पेटबोलीले विपक्षीहरूले मलाई सञ्चालक समितिको सदस्यबाट हटाउने गरी बद्नियतपूर्ण ढंगले निर्णय गरेको प्रस्ट भएको छ। नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८(३) मा "नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सञ्चालक समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ" भन्ने व्यवस्था गरेको छ। ऐनको सो व्यवस्थाअनुरूप नेपाल सरकारले सञ्चालक समितिका सदस्यहरूमा हेरफेर तथा थपघट गर्न चाहेमा सोको सूचना नेपाल राजपत्रमा अनिवार्य रूपमा प्रकाशन गर्नुपर्ने हुन्छ। ऐनले प्रस्ट रूपमा उल्लेख गरेको व्यवस्थालाई विपक्षीले उल्लङ्घन गर्ने छुट पाउँदैन। विपक्षीको यस्तो गैरकानूनी तथा गैरजिम्मेवारी पूर्ण निर्णयका कारण म निवेदकको नेपालको संविधान २०७२ को धारा १७(१), १८, २७, ३३ ले प्रत्याभूत गरेको मेरो संवैधानिक हकको प्रयोग तथा प्रचलनमा गम्भीर प्रतिकूल असर परेकोछ। साथै नेपाल सरकार मन्त्रीस्तरको सो निर्णय बदर गरिपाउँ भनी सञ्चालक समितिका सदस्य नेत्रप्रकाश पन्तले यस अदालतमा दायर गर्नुभएको उत्प्रेषण रिट निवेदनमा अन्तरिम आदेश भएकोमा विपक्षी महाप्रबन्धकले बैठक नै नबोलाई नयाँ नियुक्त भएका सदस्यलाई बैठकमा बोलाउने आशयले काम गर्नुभएको हुँदा मन्त्री स्तरीय उक्त मिति २०७२/१२/१२ को निर्णय बदर गराउन अदालत आउनुको विकल्प रहेन।

अतः विपक्षी नेपाल सरकार मन्त्रीस्तरको मिति २०७२/१२/१२ को निर्णय प्रचलित कानून एवं सम्मानित अदालतबाट स्थापित नजिरसमेतको प्रतिकूल भएकोले सो निर्णयका कारण विपक्षी खानेपानी संस्थान नै अनिर्णयको बन्दी भएको छ। यसरी म निवेदकलाई कुनै थाहा जानकारी नै नदिई सुनुवाइको अवसरबाट वञ्चित गरी मेरो स्थानमा विपक्षी नलिनीदेवी सिंहलाई नियुक्ति गरी मेरो संवैधानिक हकको उल्लङ्घन हुन गएकोले विपक्षीबाट मिति २०७२/१२/१२ मा भएको निर्णय बदर गरी म निवेदकलाई मेरो नियुक्ति समयावधि २०७५/५/२२ सम्म निर्विवाद रूपमा काम गर्न दिनु भनी उत्प्रेषण प्रतिषेधलगायत उपयुक्त आदेश जारी गरिपाऊँ। साथै प्रस्तुत निवेदनको अन्तिम किनारा नहुँदै विपक्षीको मिति २०७२/१२/१२ को गैरकानूनी निर्णय तथा सो निर्णयका आधारमा भए गरेका काम कारबाहीहरू कार्यान्वयन भएमा प्रस्तुत निवेदनको औचित्य समाप्त

हुने हुनाले अन्तरिम आदेश जारी गरिपाउँ भन्ने मिति २०७२/१२/२२ को रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने आधार कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १ र २ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीका हकमा आफैँ वा प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी सूचना दिई नियमानुसार पेस गर्नू। साथै अन्तरिम आदेशका सम्बन्धमा विचार गर्दा नेपाल सरकार मन्त्रीस्तरको मिति २०७१/५/२६ को निर्णयले निवेदकलाई नेपाल खानेपानी संस्थानको सञ्चालक समितिको सदस्य पदमा बढीमा ४ वर्षको लागि भनी नियुक्त गरेको देखिन्छ । नियुक्ति भएका मितिले ४ वर्षको पदावधि पूरा नहुँदै उक्त सदस्य पदबाट मिति २०७२/१२/१२ को निर्णयानुसार अवकाश दिएको देखिएकोले नेपाल सरकार मन्त्रीस्तरको मिति २०७२/१२/१२ को निर्णय निवेदकको हकमा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ सोको सूचना विपक्षीहरूलाई दिनु भन्ने मिति २०७३/१/२७ को आदेश।

नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८ मा विभिन्न क्षेत्रका ८ जना सञ्चालक सदस्य नियुक्त गर्न सकिने व्यवस्था गरेको छ । साथै ऐनको दफा ८ को उपदफा (३) मा नेपाल सरकारले आवश्यक देखेमा राजपत्रमा सूचना प्रकाशन गरी सदस्यहरूमा आवश्यक थपघट र हेरफेर गर्न सक्ने प्रावधान भएकाले थपघट गर्ने अधिकार प्रदान गरेको छ। ऐनले नै नेपाल सरकारले आवश्यक्ताअनुसार सदस्य थपघट र हेरफेर गर्न सक्ने अधिकार दिएकाले सोही अधिकार प्रयोग गरी नेपाल सरकार मन्त्रिस्तरको मिति २०७२/१२/१२ को निर्णयले हेरफेर गरिएको हो। साथै सोही मितिको निर्णयले स्थानीय निकायबाट हुने नियुक्तिमा समेत हेरफेर भएको छ। सोही मितिको निर्णयले २ जना महिला सदस्यलाई हटाएर नयाँ नियुक्ति गरिएको हो। निवेदिकाले नलिनी देवी सिंहलाई विपक्षी बनाउनु भएकोमा निवेदिकाका ठाउँमा नलिनीदेवी सिंह नियुक्त नभएर २ जना महिलाको स्थानमा नलिनीदेवी सिंह र यास्मिन ढुंगाना नियुक्त भएकोमा यास्मिन ढुंगानालाई विपक्षी बनाउनु भएको छैन । निवेदिकाले नेपाल सरकारको मिति २०७२/१२/१२ को निर्णयका विरूद्ध २०७३/१/२२ मा रिट निवेदन दायर गर्नुभएको छ। रिट निवेदनमा अन्तरिम आदेश हुनुपूर्व नै नयाँ सञ्चालक उपस्थित भई निर्णय कार्यान्वयन भइसकेको छ। ऐनले सदस्यको पदावधि नतोकी सरकारले तोक्न सक्ने गरी छुट दिएकोमा नियुक्तिमा तोकिएको पदावधि अगाडि नै थपघट हुनसक्ने अवस्था रहेको छ । यसरी कानूनले पदावधि नतोकेको र ऐनले नै सञ्चालक समिति सदस्यहरू सरकारले हेरफेर तथा थपघट गर्न सक्ने अधिकार सरकारलाई प्रदान गरेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको नेपाल खानेपानी संस्थानको सञ्चालक समिति, नेपाल खानेपानी संस्थान र खानेपानी संस्थानका महाप्रवन्धकको तर्फबाट पेस भएको संयुक्त लिखित जवाफ।

नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८.१.५ मा उपभोक्ताको हितको संरक्षणमा संलग्न संस्थाहरूमध्येबाट नेपाल सरकारले तोकेको २ जना महिला पनि सदस्य रहने व्यवस्था रहेको छ । यो कुनै कार्यकारी भूमिका भएको वा पारिश्रमिक पाउने लाभको पद होइन। ऐनको उक्त व्यवस्थाअनुसार यो पद व्यक्तिगत हैसियतभन्दा पनि संस्थाको भूमिकाका आधारमा सरकारले प्रतिनिधित्व गराउने पद हो । निवदेकले व्यक्तिगत हैसियतमा निवेदन गर्न आउनु भएकोले प्रस्तुत निवेदन हकदैयाविहीन भई खारेज

गरिपाऊँ । समितिको सदस्यमा चार वर्षका लागि मनोनयन गरिएको भन्ने निवेदन जिकिर रहेकोमा यस्तो पदमा निवेदक वहाल रहिरहने कुरा निवेदकको हकभन्दा पनि सरकारको सुविधामा निर्भर गर्ने कुरा हो। खानेपानी जस्तो जनताको आधारभूत अधिकारको प्रत्याभूति गर्न सरकारले अनेकौ रणनीतिगत कार्यक्रम अपनाउनु पर्ने हुँदा सञ्चालक समितिको सदस्यले त्यसमा सहयोग नगर्दा खानेपानी प्रदान गर्ने सरकारको संवैधानिक दायित्व निर्वाह नहुने अवस्था हुन्छ। त्यसैले यस्तो अवस्थामा सरकारले यस्ता मनोनयनहरू आफ्नो सुविधाका आधारमा गर्न सक्ने हुन्छ । कानूनत: निवेदकको स्थानमा अर्को व्यक्तिलाई तोक्ने प्रयोजनको लागि निजलाई सफाइको मौका दिइरहनु पर्ने नभएकोले सुनुवाइको मौका प्रदान नगरिएको हो। Doctrine of pleasure का आधारमा निवेदकको स्थानमा अन्य व्यक्तिलाई तोक्न सकिने नै भएकोले रिट निवेदन खारेज गरिपाऊँ। साथै यस अदालतबाट मिति २०७३।१।२७ मा जारी भएको अन्तरिम आदेशले संस्थानले गर्नुपर्ने कार्यहरूमा प्रतिकूल असर पर्ने तथा आदेशमा भने जस्तो निवेदकलाई अपूरणीय क्षति पुग्ने कुनै अवस्था नरहेकोले उक्त अन्तरिम आदेशसमेत खारेज गरिपाउँ भन्ने खानेपानी तथा सरसफाइ मन्त्री प्रेमबहादुर सिंहले तथा मन्त्रालयको तर्फबाट सचिवले पेस गरेको एकै मिलान बेहोराको अलग अलग लिखित जवाफ।

नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८.१.५ मा उपभोक्ताको हितको संरक्षणमा काम गर्ने संस्थाहरूबाट नेपाल सरकारले तोकेको २ जना महिला सदस्य रहने व्यवस्थाबमोजिम नेपाल सरकार मन्त्रीस्तरको मिति २०७२/१२/१२ को निर्णयले ४ वर्षको लागि मलाई सो पदमा नियुक्त गरिएको हो। सो पद व्यक्तिगत हैसियतको भन्दा पनि संस्थागत हैसियतको पद हो। साथै सो पद कुनै पारिश्रमिक पाउने र कार्यकारी पद होइन। सरकारले आवश्यकताअनुसार सदस्य हेरफेर र थपघट गर्न पाउने अधिकार भएकाले निवेदकले माग गरे जस्तो रिट जारी हुनुपर्ने होइन । सरकारले जनताको अधिकारको प्रत्याभूति गर्न विभिन्न रणनीतिगत कार्यक्रमहरू अपनाउँदा सञ्चालक समितिको सहयोग आवश्यकताअनुसार सुविधाका आधारमा यस्ता मनोनयनहरू गर्न सक्ने हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने नलिनीदेवी सिंहको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री भेषराज पन्तले निवेदक नेत्रप्रकाश पन्तलाई नेपाल सरकार मन्त्रिस्तरको मिति २०७०/८/३० को निर्णयबमोजिम खानेपानी संस्थानको सञ्चालक समितिको सदस्य पदमा खानेपानी संस्थान ऐन, २०४६ को दफा ८.१.७ बमोजिम नियुक्त गरिएको र नियुक्ति पत्रमा नै ४ वर्षको लागि भनी पदावधि किटान गरिएको थियो । नियुक्ति पत्रमा नै ४ वर्षको लागि भनी पदावधि किटान गरी नियुक्ति गरिएकोमा निवेदकलाई कुनै जानकारी तथा सूचना नै नदिई मन्त्रीस्तरको मिति २०७२/१२/१२ को निर्णयअनुसार उक्त पदमा यज्ञराज पाण्डेलाई नियुक्त गर्ने र निवर्तमान सदस्यलाई जानकारी दिने भन्ने निर्णय भएको रहेछ। यसरी नियुक्ति पत्रमा नै ४ वर्षको लागि भनी पदावधि किटान गरी नियुक्ति गरिएकोमा कुनै जानकारीविना नै पदबाट हटाउने र सो पदमा अर्को व्यक्तिलाई नियुक्त गर्ने गरी भएको उक्त निर्णय गैरकानूनी तथा प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएकाले उत्प्रेषणको आदेशले सो निर्णय बदर गरी तोकिएको पदावधिसम्म यथावत् रूपमा काम गर्न दिनु भनी मागबमोजिम आदेश जारी हुनुपर्ने हो भनी गर्नुभएको बहस सुनियो।

त्यसैगरी विपक्षी खानेपानी संस्थानसमेतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री बच्चुसिंह खड्काले खानेपानी संस्थान ऐन, २०४६ को दफा

८(३) मा सरकारले आवश्यक देखेमा सञ्चालक समितिका सदस्यहरूको आवश्यक थपघट र हेरफेर गर्न सक्नेछ भन्ने व्यवस्था भएको र ऐनमा पदावधि नतोकिएकोले सोहीबमोजिम निर्णय भएको हो । नेपाल सरकारले खानेपानीसम्बन्धी रणनीतिहरू कार्यान्वयन गर्न र जनताको आधारभूत आवश्यकता पूरा गर्ने सिलसिलामा सञ्चालक समितिका सदस्यहरू हेरफेर गर्न पाउने हुँदा रिट खारेज हुनुपर्ने हो भनी तथा नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले खानेपानी संस्थान ऐन, २०४६ को दफा ८.३ मा सरकारले आवश्यक देखेमा सञ्चालक समितिका सदस्य थपघट र हेरफेर गर्न सक्ने व्यवस्था गरेको छ। ऐनले पदावधि तोकेको छैन । पदावधि नतोकिएको अवस्थामा ऐनले दिएको अधिकारबमोजिम सदस्य हेरफेर गर्न जानकारी दिइरहनु पर्ने नहुने र निर्णयले रिट निवेदकको हक अधिकारमा आघात नपुगेकोले मागबमोजिम रिट जारी हुनुपर्ने अवस्था नभएकाले रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

उल्लिखित बहस सुनी प्रस्तुत रिट निवेदनसहितको मिसिलसमेत अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिम उत्प्रेषणलगायतको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो।

यसमा म निवेदकलाई नेपाल सरकार मन्त्रीस्तरको मिति २०७१/५/२६ को निर्णयले नेपाल खानेपानी संस्थानको सञ्चालक समितिको सञ्चालक सदस्य पदमा नियुक्ति गरिएको र नियुक्ति पत्रमा पदावधि ४ वर्षको भनी उल्लेख गरिएको थियो। यसरी ४ वर्षको कार्यकालको लागि सो पदमा मनोनयन भएकोमा सोअनुसार मेरो कार्यकाल मिति २०७५/५/२५ सम्म हुनुपर्ने हो। पदावधि तोकिएकोमा सो पदावधि पूरा नहुँदै नेपाल सरकार मन्त्रीस्तरको मिति २०७२/१२/१२ को निर्णयअनुसार मेरो स्थानमा अन्य व्यक्तिलाई नियुक्त गरिएको भनी मलाई जानकारी गराएको हुँदा पदावधि बाँकी रहेकै अवस्थामा नेपाल सरकार मन्त्रीस्तरको उक्त मिति २०७२/१२/१२ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी कामकाज गर्न दिनु भनी आदेश जारी गरिपाउँ भन्ने निवेदन बेहोरा रहेको देखियो । विपक्षीहरूको लिखित जवाफ हेर्दा नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८ बमोजिम गठन हुने सञ्चालक समितिका सदस्यहरूको पदावधि सो ऐनले तोकेको छैन । रिट निवेदकलाई सो पदमा मनोनयन गर्दा नियुक्ति पत्रमा ४ वर्षको कार्यकाल भनी किटान गरी दिएको भएपनि ऐनको दफा ८ को उपदफा ३ मा नेपाल सरकारले आवश्यक देखेमा सञ्चालक सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था भएकाले सोही व्यवस्थाबमोजिम सदस्यमा हेरफेर गरिएको हो भन्ने उल्लेख भएको देखियो।

२. निर्णयतर्फ विचार गर्दा यी रिट निवेदक उमावती चौधरीलाई नेपाल खानेपानी संस्थानको सञ्चालक समितिको सदस्य पदमा नेपाल सरकार मन्त्रीस्तरको मिति २०७१/५/२६ को निर्णयअनुसार नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८.१.५ बमोजिम नियुक्त गरेको र निज रिट निवेदकलाई दिइएको नियुक्तिपत्रमा ४ वर्षको लागि भनी पदावधि किटान गरी दिएको देखिन्छ। नेपाल खानेपानी संस्थान ऐन, २०४६ मा सञ्चालक समितिको सदस्यको पदावधि तोकिएको देखिँदैन । त्यसैगरी ऐनको दफा ८.३ मा *नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सञ्चालक समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ* भन्ने व्यवस्था रहेकोसमेत देखियो । विपक्षीहरूले सोही व्यवस्थाअनुसार सञ्चालक सदस्यहरूको हेरफेर गरिएको हो भनी जिकिर लिएको देखिन्छ। कुनै पनि पदाधिकारीलाई कानूनले तोकेको अवस्थामा सो अवधिसम्म र कानूनले पदावधि नतोकेको अवस्थामा नियुक्ति गर्ने निर्णय गर्दा पदावधि तोकेर नियुक्ति

गरिएकोमा त्यस्तो पदावधिसम्म विनाकसुर सो पदबाट हटाउन मिल्दैन । त्यस्तो पदाधिकारीलाई हटाउनु पर्ने अवस्थामा समेत सुनुवाइको उचित मौका प्रदान गरी आफ्नो भनाई राख्ने अवसर दिई कानूनी प्रक्रिया पूरा गरी मात्र हटाउनु पर्ने हुन्छ ।

३. यी रिट निवेदकलाई ४ वर्षको लागि नेपाल खानेपानी संस्थानको सञ्चालक समितिको सदस्य पदमा नियुक्ति गरिएको भनी नियुक्ति पत्रमा पदावधि उल्लेख गरिएको देखिएको अवस्थामा सो पदावधि पूरा हुनुअगावै पदबाट हटाउने र सो स्थानमा अन्य व्यक्तिलाई नियुक्त गर्दा निवेदकलाई सुनुवाइको मौकासमेत प्रदान गरेको मिसिलबाट देखिँदैन भने विपक्षीहरूले समेत सुनुवाइको मौका प्रदान गरेको भनी भन्न सकेको देखिएन । कुनै पनि सार्वजनिक पदमा नियुक्ति भएको पदाधिकारीको पदावधि कानूनले प्रस्ट रूपमा नतोकेको अवस्थामा निजलाई नियुक्ति गर्दा पदावधि तोकेर नियुक्त गरिएको अवस्थामा उक्त तोकिएको अवधिसम्म निर्वाध रूपमा कामकाज गर्न पाउनु पर्ने भन्ने मान्यताका साथ त्यस्तो पदावधि तोकिएको हुन्छ । पदावधि तोकिएको अवस्थामा माथिल्लो अधिकारीले जहिलेसुकै स्वेच्छाचारी रूपमा त्यस्तो पदाधिकारीलाई बरखास्ती गर्नु कानूनविपरीत हुन्छ । देशमा सुशासन कायम गर्न र सुशासनको नागरिकमा अनुभूति गराउन पनि कानूनको पालना सबैले गर्नु र गराउनु पर्ने हुन्छ । प्रस्ट रूपमा पदावधि तोकी नियुक्ति गरिएको पदाधिकारीलाई कानूनी प्रक्रियाविना माथिल्लो पदाधिकारीलाई मन लाग्दैमा पदमुक्त गर्ने र सोही पदमा अर्को व्यक्ति नियुक्ति गर्दा कानून तथा नीति नियमको अवमूल्यन हुनुका साथै त्यसको नागरिकमा सकारात्मक सन्देशसमेत जाँदैन । सरकार र सार्वजनिक पदाधिकारीले निर्णय गर्दा कानून र न्यायका मान्य सिद्धान्तअनुरूप गर्नु पर्दछ । प्रचलित कानूनविपरीत कामकारबाही गरेमा वा त्यस्तो पदाधिकारीलाई दिइएको जिम्मेवारी पूरा गर्न असक्षम भएमा नियुक्ति दिने अख्तियारवालाले अवकाश दिन नपाउने भन्ने हुँदैन । तर त्यस्तो अवकाश विनाकारण र स्वेच्छाचारी हुनु हुँदैन । साथै निजलाई सञ्चालक समितिको सदस्य पदबाट पदमुक्त गर्दा पदमुक्त गर्नुपर्ने कुनै आधार र कारण खुलाउन सकेकोसमेत देखिँदैन ।

४. अतः नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८.१.५ बमोजिम नेपाल खानेपानी संस्थानको सञ्चालक समितिको सदस्य पदमा नियुक्ति गरी नियुक्ति पत्रमा निज रिट निवेदक उमावती चौधरीको पदावधि ४ वर्षको हुने भनी पदावधि तोकिएकोमा सो विपरीत निजको पदावधि बाँकी रहेकै अवस्थामा निवेदकलाई सुनुवाइको मौका नै नदिई उक्त सञ्चालक समितिको सदस्य पदबाट हटाउने भन्ने मन्त्रीस्तरको मिति २०७२/१२/१२ को निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदक उमावती चौधरीलाई यथावत् रूपमा नेपाल खानेपानी संस्थान सञ्चालक समितिको सदस्य पदमा तोकिएको अवधिसम्म कामकाज गर्न दिनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ठहर्छ । सोको जानकारी विपक्षीहरूलाई दिनू । प्रस्तुत रिट निवेदनको दायरीतर्फको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. बमकुमार श्रेष्ठ

इजलास अधिकृत:- दुर्गाप्रसाद खनाल
इति संवत् २०७४ साल कार्तिक १२ गते रोज १ शुभम् ।

## निर्णय नं. १००२४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री मीरा खड्का
फैसला मिति : २०७४।७।८
०७३-WO-१३०३

मुद्दा : उत्प्रेषण / परमादेश

रिट निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२९ अनामनगर बस्ने अधिवक्ता प्रविन पन्दाकसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **नेपालभित्र बसोबास गर्ने विभिन्न जातीय, साँस्कृतिक, आदिवासी समुदायको धार्मिक, साँस्कृतिक महत्त्वका सम्पदा तथा यस्तै चिजवस्तुहरू तिनिहरूको मूल थलोमा नै रहेर सम्पदा जीवन्त बनाउने हुन्छन् । धार्मिक, साँस्कृतिक सम्पदाको महत्त्व त्यसको मूल थलोमा नै उदीयमान हुने र त्यसले वास्तविक पहिचान पाउने भएकोले राज्यले त्यस्ता सम्पदाहरूको यथावत् रूपमा संरक्षण गर्न / हुनसक्ने अवस्था सृजना गर्नु राज्यको आफ्नै पहिचानको विविधतायुक्त महत्त्वको दृष्टिले समेत आवश्यक हुन्छ । महत्त्वपूर्ण धार्मिक, साँस्कृतिक, ऐतिहासिक महत्त्व बोकेका त्यस्ता वस्तु वा संरचनाहरू उचित रूपमा संरक्षित रहन सकेमा विश्व सम्पदाको रूपमा समेत सूचीकृत हुनसक्ने र त्यसले देशकै पहिचान र विकासमा मद्दत पनि गर्न सक्ने सम्भावनालाई समेत नकार्न नसकिने ।**

(प्रकरण नं.५)

- **लिम्बू जाति नेपालमा बसोबास गर्ने एक आदिवासीको रूपमा रहेकोले रिट निवेदनमा उल्लिखित हल्लिने ढुंगा, आयु जोखिने ढुंगालगायतका उल्लिखित ढुंगाहरू ती समुदायको ऐतिहासिक, धार्मिक साँस्कृतिक जीवनमा महत्त्वपूर्ण प्रभाव राख्ने ढुंगाहरू भएकोले यस्ता साँस्कृतिक जातीय महत्त्वका वस्तुहरूको संरक्षण सम्बर्द्धन गर्न पाउनु संविधानतः ती जाति धर्म वा समुदायका व्यक्तिहरूको साँस्कृतिक हक नै हुन जाने ।**

(प्रकरण नं.६)

रिट निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री सतिस कृष्ण खरेल, श्री पूर्णमान शाक्य, श्री चन्द्रकान्त ज्ञवाली तथा विद्वान् अधिक्ताहरू श्री सुनिलकुमार पोखरेल श्री पदमबहादुर श्रेष्ठ, श्री कैलास गुरूङ, श्री खम्मबहादुर खाती, श्री लिलाधर उपाध्याय, श्री राजेश्वरी महर्जन, श्री विकास भट्टराई, श्री खड्ग बहादुर बुढाथोकी, श्री कृष्ण कुमार आङ्दम्वे, श्री प्रविन पन्दाक

विपक्षीका तर्फबाट : विद्वान् नायब महान्यायाधिवक्ता श्री किरण पौडेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

## आदेश

**न्या.दीपकराज जोशी** : नेपालको संविधान २०७२ को धारा ४६ र १३३(२)(३) बमोजिम दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :-

लिम्बू जाति नेपालको एक आदिवासी जनजाति भई यस जातिको आफ्नै भाषा, संस्कृति, परम्परामा तथा सभ्यता छ । "मुन्धुम", "लिम्बू", "याक्थुङ" जातिको सामाजिक इतिहास मात्र नभई लिम्बू समुदायले विश्वास गरेको नियमहरूको संग्रह जसअनुसार जनजीवन, सृष्टि तथा ब्रह्माण्ड चल्छ भन्ने विश्वास राखेको मूल्य तथा मान्यताको संगालो हो । मुन्धुमअनुसार लिम्बूजाति प्रकृति पुजक हुन् र यस जातिको ढुंगासँग विशेष परम्परागत संस्कृति गाँसिएर आएको छ । परिवार, कुल, वंश संरक्षणको लागि पितृहरूका नाममा थान, थपना राख्दा गाडिने ढुंगा (काम्याङलुङ), झगडा मिलाएर गाडिने ढुंगा (चुम्लुङ), जग्गा साँध-सिमाना मिलाएर गाडिने ढुंगा (लुङधुङ), दुवोढुंगो छुवाएर सत्यवाचा गराउनेदेखि चोख्याउने सम्मका कर्मकाण्ड (सप्योक लिङयोक), माया पिरती बसेपछि बैनाबट्टा गरिने (याङलुङ), पितृहरूलाई पुकारेर चिताएको पूरा गर्न गाडिने (चोङलुङ), मरेपछि चिहानमाथि गाडिने ढुंगा (सुङलुङ) आदि इत्यादि अवस्थामा लिम्बू समुदायले ढुंगाको प्रयोग गरेको हुन्छ । लिम्बू जातिको ढुंगासँग परापूर्वकालदेखि नै ऐतिहासिक महत्त्वको विषय जोडिएको पाइन्छ । मुन्धुममा उल्लेख भएअनुसार लिम्बू जातिको पहिलो पुर्खाले कुनै सन्दर्भमा गाडेका ढुंगा, ती पुर्खाको जीवनयापन गर्ने क्रममा छाप छोडिएको ढुंगा आदि अहिले पनि तत् तत् स्थानमा अवस्थित रहेका छन् । तर आजको परिप्रेक्ष्यमा त्यस्ता ढुंगाहरूमध्ये महत्त्वपूर्ण केही ढुंगाहरू सडक निर्माणका क्रममा तथा प्राकृतिक विपतका कारणले समेत नष्ट भएका छन् र केही नष्ट हुने क्रममा रहेका छन्, जसमध्ये केही तल उल्लेख गरिएका छन्:

(१) पाँचथर जिल्लाको फलैँचा गा.वि.स. को फलैँचामा अवस्थित ढुंगा "कुम्मालुङ पेपेलुङ" मुन्धुमअनुसार योङहाङ लिम्बूहरूको उत्पत्तिस्थल हो र उक्त ढुंगामा यस जातिले आफ्ना पितृलाई थानथपना दिने ठाउँ हो । तर उक्त ढुंगालाई राज्यबाट फलैँचा च्याङथापु सडक निर्माण गर्ने क्रममा भत्काइसकेको छ ।

(२) ताप्लेजुङको ताप्पेथोक (साबिकमा ५ नं. वडा) छिरवानीमा अवस्थित तामोर खोलाका किनारमा रहेको ढुंगामा मुन्धुमअनुसार लिम्बू जातिको पहिलो पुर्खा मुजिङ्ना खेयङ्नाका छोरा सुसुवेङले आफ्नो काँण उध्याउने गर्दथ्यो । त्यसरी काँण उध्याउँदाको निशानी रहेको उक्त ढुंगा अहिले उत्तर-दक्षिण लोकमार्ग ओलाङचुङ जाने सडक निर्माणको क्रममा बाटैमा परेकोले कुनै पनि समयमा भत्काइने अवस्था रहेको छ ।

(३) ताप्लेजुङ लेलेप (साबिक वडा नं. ६) लुङलुङमा पर्ने गाउँघरमा हल्लिने ढुंगा भनेर चिनिने "लुङधुङ / हिरिलुङ हाक्काफ्लुङ / इमि लुङधुङमा सुसुवेङ लालावेङका छोराछोरीहरू हाडनाता बिग्रिएपछि छुयाइएका ढुंगा मानिन्छ । उक्त ढुंगा ओलाङचुङ सडकले भत्काउने अवस्था छ ।

(४) त्यसैगरी लेलेपमा पर्ने साँगो (साँगोरक्मा कोपिरक्मा) नेन्दुरी पासाङगालङ (बेहुला बेहुलीको आयु जोखिने ढुंगाको तराजुका तीन वटा ढुंगामध्ये एउटालाई तमोरले बगाइसकेको छ ।)

(५) किराँतहरूको ऐतिहासिक पहिचान बोकेको किराँत एकताको धरोहर किरातहाङ्ग बुद्धिकर्णको दरबार परिसरमा साँस्कृतिक तथा धार्मिक आस्थाको केन्द्रको रूपमा

वर्षौंदेखि किराँतीहरूले पुज्दै र संरक्षण गर्दै आइरहेको किराँट्टी पूजास्थलमा रहेको ढुंगाहरू आक्रमण स्वरूप जथाभावी फालिएको र उक्त घटना मिति २०७३/९/२७ गतेको मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत ए.डि.बि. को सहयोगमा सञ्चालित धरान खानेपानी परियोजनाले खानेपानी ट्यांकी निर्माण गर्न किराँत धार्मिक क्षेत्रभित्र रहेको साँस्कृतिक तथा धार्मिक स्थलमा रूखहरू काटेको विरोधमा भएको सम्झौताको सम्बन्धित पक्षबाट कार्यान्वयन नभई त्यसमा अझ प्रहार भई किराँत समुदायको धार्मिक तथा साँस्कृतिक सम्पदामाथि क्षति पुगेको अवस्था छ ।

धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्त्व बोकेको विषयवस्तुको कुनै पनि बहानामा नष्ट गर्ने कार्यले सम्बन्धित समुदायको आस्थामा चोट पुगी संविधान प्रद्धत्त धारा १५ मा उल्लिखित सम्मानपूर्वक बाँच्न पाउने हक तथा धारा १८ को समानताको हकलाई समेत विपक्षीबाट गर्नुपर्ने कर्तव्य नगरी तथा अनाधिकृत रूपमा नेपालका विशेष समुदायको संस्कृति तथा धार्मिक मूल्यमान्यतामा आघात पुग्ने काम गरेको भए गरेकोले, साथै नेपालको संविधानको धारा २६ प्रद्धत्त धार्मिक स्वतन्त्रताको हकअन्तर्गत आफ्नो आस्थाअनुसार धार्मिक स्वतन्त्रताको अभ्यास र संरक्षण तथा धारा ३२(३) मा प्रद्धत्त हकअन्तर्गत "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने हक हुनेछ ।" भन्ने व्यवस्था भएकोले सोही हकको प्रचलनको लागि यस सम्मानित अदालतसमक्ष उपस्थित भएका छौं, जो चाहिने आदेश जारी गरिपाऊँ । साथै उल्लिखित प्रकृतिका धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्त्व बोकेका विषयवस्तुको नष्ट भएमा यसको पुनः प्राप्ति हुने अवस्था नभई अपूरणीय क्षति हुने हुनाले त्यस्ता निर्णयले उक्त वस्तुहरूको नष्ट हुने स्थिति पैदा गर्ने निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी उक्त निर्णय यस रिट निवेदनको अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी गरिपाऊँ । विपक्षीका नाममा आफ्नो कार्य गर्ने क्रममा यस्ता प्रकृतिका ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्त्व बोकेका विषयका ढुंगा, रूख, सृजना तथा स्थलहरू आदि सम्बन्धित समुदायबाट जाहेर गर्दागर्दै अनसुना गरेर ती ढुंगा, रूख, सिर्जना तथा स्थलहरूको नष्ट गर्ने कार्य अब उप्रान्त नगर्नु नगराउनु तथा कुनै पनि यस्ता प्रकृतिको विषयउपर निर्णय गर्नुपूर्व सम्बन्धित सरोकारवाला पक्षको आधिकारिक निकाय तथा संघसंस्थाबाट सहमति लिएर मात्र गर्नु गराउनु भनी परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गराई पाउँ भन्नेसमेत बेहोराको रिट निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदन र यो आदेशको प्रतिलिपि साथै राखी विपक्षीहरूको नाउँमा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको मिति २०७४/२/३१ को आदेश ।

ताप्लेजुङको ताप्पेथोक (साबिक ५ नं. वडा) छिरवानीमा अवस्थित तमोर खोलाको किनारमा रहेको ढुंगामा मुन्धुमअनुसार लिम्बू जातिको पहिलो पुर्खा मुजिङना खेयङ्नाका छोरा सुसुवेङले आफ्नो काँण उध्याउने । त्यसरी काँण उध्याउँदाको निशानी रहेको उक्त ढुंगा अहिले उत्तर दक्षिण लोकमार्ग ओलाङचुङ जाने सडक निर्माणको क्रममा बाटैमा परेकोले कुनै पनि समयमा भत्काउने अवस्था रहेको । ताप्लेजुङ लेलेप

(साबिक वडा नं. ६) लुङलुङमा पर्ने गाउँघरमा हल्लिने ढुंगा भनेर चिनिने (लुङ्घ्युङ/हिरिलुङ हाक्का पलुङ/ इमिलुङ्घ्युङ) मा सुसुवेङ लालावेङका छोरा छोरीहरू हाडनातामा बिग्रिएपछि छुट्याएको ढुंगा मानिने । उक्त ढुंगा ओलाङ्चुङ सडकले भत्काउने अवस्था भएको, लेलेपमा पर्ने साँगो (साँगरक्मा कोपिरक्मा) नेन्दुरी पासाङगालङ (बेहुला बेहुलीको आयु जोखिने ढुंगाको) तराजुका तीन ढुंगामध्ये दुई बाँकी रहेको ढुंगालाई सडक आयोजनामा परेका, निवेदनमा उल्लिखित स्थानमा रहेका ढुंगाहरू, किराँत समुदायको धार्मिक र साँस्कृतिक महत्त्व रहेको भन्ने निवेदनमा उल्लेख भएको पाइयो । त्यही धार्मिक र साँस्कृतिक सम्पदाहरूको रूपमा रहेका ढुंगाहरूको सम्बर्द्धन संरक्षण नभएमा सो समुदायलाई अपूरणीय क्षति पुग्न जाने भएबाट सडक निर्माण कार्य रोक्का गर्ने निवेदकको माग नभई धार्मिक, साँस्कृतिक सम्पदाहरूको रूपमा रहेका ढुंगाहरूको संरक्षण गरिपाउँ भन्ने माग रहेको देखिएको र हाल उपर्युक्त उल्लिखित ढुंगाहरूको अस्तित्व लोप भएमा वा नष्ट भएमा रिट निवेदकको औचित्य समाप्त हुन गई उक्त समुदायको हकहितमा अपूरणीय क्षति पुग्न जाने देखिन्छ । तसर्थ, उल्लिखित ढुंगाहरूको अस्तित्व लोप हुन नष्ट हुन नपाउने व्यवस्था गरेर मात्र निर्माण कार्य अगाडि बढाउनु भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ भन्नेसमेत बेहोराको मिति २०७४/३/१४ को यस अदालतको आदेश ।

यस मन्त्रालय तथा मातहतका निकायबाट सञ्चालित योजनाबाट प्राचीन स्मारक तथा ऐतिहासिक महत्त्वका सम्पदालाई क्षति पुऱ्याउने कार्य भएको छैन, खानेपानीको पाइपलाइन विस्तार गर्दा विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरूको विनास हुनेगरी तथा कुनै पनि जातजातिको धार्मिक, साँस्कृतिक सम्पदा नष्ट गर्ने गरी कुनै कार्य गरिएको छैन । त्यस्ता स्थानमा खानेपानीका पाइपलाइनसम्बन्धी कार्य गर्दा ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने निकायसँग समन्वय गरी सो कार्य गर्ने गरिएको छ । धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने छुट्टै निकाय रहेको अवस्था छ । यस मन्त्रालय तथा मातहतका निकायबाट सञ्चालन हुने आयोजनाहरू अवस्थाअनुसार प्रारम्भिक वातावरणीय मूल्याङ्कन तथा वातावरणीय प्रभाव मूल्याङ्कनसमेत गरी सञ्चालनमा ल्याइने गरेको छ । धरान खानेपानी परियोजनाअन्तर्गत निर्माण हुन लागेको भनिएको खानेपानी ट्यांकीको निर्माण यस मन्त्रालय मातहतका निकायबाट सञ्चालन / निर्माण नभएको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाइरहनु न्यायको दृष्टिकोणमा औचित्यपूर्ण नदेँखिदा रिट निवेदन बदरभागी छ बदर गरिपाउँ भन्नेसमेत बेहोराको खानेपानी तथा सरसफाइ मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान तथा कानूनको परिपालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानूनप्रदत्त हक, अधिकारहरूको सम्मान, संरक्षण एवं प्रवर्द्धन गर्ने कुरामा प्रतिबद्ध रहेको छ । नेपाल सरकार स्थानीय समुदायको धर्म, संस्कृति तथा सामुदायिक मूल्य मान्यताको संरक्षण तथा सम्बर्द्धन गर्ने विषयमा कटिबद्ध रहेको छ । नेपाल सरकारले आदिवासी जनजातिहरूको हक अधिकार सुनिश्चित गराउने सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत प्रतिबद्धता व्यक्त गरेको छ । प्राचीन स्मारकहरूको संरक्षण, पुरातात्त्विक वस्तुहरूको व्यापार र प्राचीन स्मारकहरू भएका ठाउँको खनाईसमेतमा नियन्त्रण राखी प्राचीन स्मारकहरू र पुरातत्त्वसम्बन्धी, ऐतिहासिक वा कलात्मक वस्तुहरूको उपलब्धी र संरक्षणसमेत गरी शान्ति र व्यवस्था कायम राख्ने उद्देश्यले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ जारी भई कार्यान्वयनमा

आएको छ । उक्त कानूनी व्यवस्थाबमोजिम नेपाल सरकारका सम्बन्धित निकायहरूले आफ्नो काम कारबाही गरिरहेका पनि छन् । पूर्वाधार विकास देश र जनताको लागि अपरिहार्य र अत्यावश्यक वस्तु भएकोमा कुनै दुविधा छैन । पूर्वाधारको विकासबिना नागरिकहरूले आफ्नो सेवा सुविधा तथा हक अधिकारको उपभोग गर्ने वातावरणबाट वञ्चित हुने भएकाले पूर्वाधार विकास र धार्मिक तथा साँस्कृतिक सम्पदाहरूको संरक्षणलाई सामाञ्जस्यता कायम गर्दै मुलुकको स्रोत र साधनले भ्याएसम्म नेपाल सरकारले विकासका गतिविधिसमेत अगाडि बढाउँदै आएको छ । जहाँसम्म निवेदन जिकिरमा बाटो बनाउँदा धर्म, साँस्कृतिक मूल्य मान्यता रहेको ढुंगालाई संरक्षण गर्नेलगायतका विषय उठाइएको छ, तत्सम्बन्धमा यस कार्यालयको कुनै संलग्नता तथा सहभागिता नभएको र सम्बन्धित निकायबाट भए गरेका कामकारबाहीको सम्बन्धमा तत् तत् निकायको लिखित जवाफबाट प्रस्ट हुने नै हुँदा प्रस्तुत लिखित जवाफबाट थप उल्लेख गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज गरी पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध गर्दछु भन्नेसमेत बेहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट परेको लिखित जवाफ ।

नेपालको संविधानको धारा ३२ को उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने हक प्रदान गरिएकोले सो हकको प्रतिकूल हुने गरी यस मन्त्रालयबाट कुनै कामकारबाही गरिएको छैन । समाजमा विद्यमान धर्म तथा प्रथा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्न र देशको साँस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वको आधारमा विभिन्न जनजाति र समुदायको भाषा, लिपि, संस्कृति, कला र सम्पदाको संरक्षण र विकास गर्ने व्यवस्था नेपालको संविधानको धारा ५१(ग) ५ र ६ मा उल्लेख गरेको छ । भौगोलिक विकटतालाई निकटतामा ल्याउने उद्देश्य परिपूर्ति गर्नु आम नागरिकलाई सडक यातायातको सुविधा दिनु राज्यको दायित्व रहेको हुँदा सडक निर्माण गर्दा संभाव्यता अध्ययन र वातावरणीय प्रभावको मूल्याङ्कन गरी प्राविधिक दृष्टिले उपयुक्त देखिएको भौगोलिक स्थानबाट रेखाङ्कन हुने हो । कुनै जातजातिको धर्म, संस्कार र परम्परागत पहिचानलगायत पुरातात्विक र ऐतिहासिक महत्त्वको वस्तुलाई नोक्सान नपुग्ने गरी सडक निर्माण हुने हुँदा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै तथ्यपूर्ण आधारसमेत नभएकोले निवेदकले बिना कारण प्रमाण र आधार यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन औचित्यपूर्ण नदेखिएको हुँदा खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ ।

विपक्षीको रिट निवेदनमा उल्लिखित विषयवस्तुको सन्दर्भ नयाँ निर्माण गर्दा अपरिहार्यबाहेक ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षण हुनुपर्ने विषयमा यस मन्त्रालयको कुनै आपत्ति होइन । तर कुनै विषय ऐतिहासिक र पुरातात्विक सम्पदा हो होइन त्यसको छुट्टाछुट्टै निर्धारण हुनुपर्ने हुन्छ । साथै प्रत्येक सम्पदाको संरक्षणलाई कुन निकायको कुन कार्यबाट आघात पुग्ने हो सो निर्क्यौल गरेर मात्र मुद्दा गर्नु उपयुक्त हुन्छ । यस मन्त्रालयले गरेको कुन निर्माण कार्य अथवा अन्य कुनै कार्यबाट के कस्तो सम्पदालाई आघात पुगेको र सोको जिम्मेवार निकाय कुन हो सोको यकिन नै नगरी हचुवा तबरले मनलागेका जति सरकारी निकायलाई विपक्षी बनाउँदै जाने हो भने सरकारको प्रमुख कार्यमा मुद्दा गर्नुपर्ने हुनजाने सम्भावना रहन्छ । यस मन्त्रालयको कुन कार्यले कुन सम्पदालाई आघात पुग्यो वा पुग्ने सम्भावना छ भन्ने विषय नै नखुलेको प्रस्तुत रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको संघीय

मामिला तथा स्थानीय विकास मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ।

विपक्षी निवेदकले लिम्बू जातिको ऐतिहासिक महत्त्व बोकेका विभिन्न प्रकारका ढुंगाहरू सडक निर्माणका क्रममा भत्काउने तथा नदीले बगाउने जस्ता कार्यबाट ती वस्तुहरूको नष्ट भएकोले अब उप्रान्त त्यस्तो कार्य नगर्नु नगराउनु र निर्णय गर्नुपूर्व सम्बन्धित पक्षको सहमति लिएर मात्र गर्नु भन्ने जिकिर लिनुभएको रहेछ । तत्सम्बन्धमा प्राचीन स्मारक संरक्षण ऐन, २०१३ बमोजिम तोकिएका कार्यहरू गर्न गराउन यस मन्त्रालय सदैव सचेत, सक्रिय एवं प्रतिबद्ध रहेको र विपक्षीले उठाएबमोजिम त्यस्ता वस्तुहरूको नष्ट गर्ने कार्य यस मन्त्रालयबाट भए गरेको नहुँदा यस मन्त्रालयलाई विपक्षी बनाइरहनु पर्ने होइन। अतः रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक पक्षको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री सतिस कृष्ण खरेल, श्री पूर्णमान शाक्य, श्री चन्द्रकान्त ज्ञवाली तथा विद्वान् अधिवक्ताहरू श्री सुनिलकुमार पोखरेल श्री पदमबहादुर श्रेष्ठ, श्री कैलास गुरूङ, श्री खम्मबहादुर खाती श्री लिलाधर उपाध्याय, श्री राजेश्वरी महर्जन श्री विकास भट्टराई, श्री खड्गबहादुर बुढाथोकी श्री कृष्णकुमार आङ्दम्वे, श्री प्रविन पन्दाकले लिम्बू जातिको धार्मिक तथा साँस्कृतिक रूपमा अत्यन्त निकट सम्बन्ध रहेका विभिन्न स्थानका Symbolic ढुंगाहरूको संरक्षण हुनुपर्नेमा सडक निर्माण तथा खानेपानीको ट्याङ्की निर्माण जस्ता कार्य गर्ने क्रममा त्यस्ता धार्मिक तथा साँस्कृतिक महत्त्वका ढुंगाहरू नष्ट गर्न, लोप गर्न लागिएकोले त्यसको संरक्षण हुनुपर्दछ । सडक वा अन्य संरचना निर्माणको निहुँमा लिम्बू जातिको धर्म परम्परालाई आघात पार्ने कार्य नगर्नु नगराउनु, त्यस्ता ढुंगाहरूको संरक्षणको उचित व्यवस्था मिलाउनु भनी विपक्षीका नाउँमा परमादेशलगायत जो चाहिने आदेश गरिपाउँ भनी तथा नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् नायब महान्यायाधिवक्ता श्री किरण पौडेलले सरकारले सडकलगायतका भौतिक निर्माण गर्ने कार्य विकासको लागि भएको तथा त्यस्ता कार्यहरू गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलगायतको आवश्यक अध्ययन गरेर मात्र गर्ने भएकोले निवेदन मागबमोजिमको सम्पदाको नष्ट गर्ने कार्य नगरेकोले आदेश जारी हुनुपर्ने होइन भनी गर्नुभएको बहस सुनी मिसिल अध्ययन गरी विचार गर्दा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन भनी निर्णय दिनुपर्ने देखिन आयो।

२. यसमा निर्णयतर्फ विचार गर्दा, लिम्बू जातिको आफ्नै इतिहास, भाषा र परम्परा रही आएको तथ्य नेपालको सामाजिक साँस्कृतिक अवस्थाबाट सामान्य रूपमा पनि अनुभूत गर्न सक्ने अवस्था रहेको कुरालाई इन्कार गर्न सकिँदैन। लिम्बूहरूको जातीय, सामाजिक, साँस्कृतिक, ऐतिहासिक ग्रन्थको रूपमा रहेको "मुन्धुम" को व्यवस्थाले लिम्बूहरूको जातीय, धार्मिक, साँस्कृतिक जीवनमा धेरै महत्त्व राख्ने तथ्य रिट निवेदनबाट स्पष्ट पारिएको र सो कुरालाई लिखित जवाफबाट समेत खण्डन भएको पाइँदैन । नेपालको जनसांख्यिक वितरण हेर्दा लिम्बूहरूलाई आदिवासी जनजाति वर्गमा राखेको र तथ्याङ्कगत रूपबाट नेपालको पूर्वी पहाडी जिल्लामा लिम्बूहरूको विशेष रूपमा बसोबास रहेको देखिन्छ।

३. नेपाल राज्यभित्र बसोबास गर्ने प्रत्येक व्यक्तिलाई धार्मिक स्वतन्त्रताको हक हुने र प्रत्येक समुदायलाई भाषा तथा संस्कृतिको हक हुने गरी नेपालको संविधानले सोकुरालाई मौलिक हकको रूपमा संरक्षित गरेको छ । नेपालको संविधानको धारा २६(१) मा उल्लिखित धार्मिक स्वतन्त्रताको हकअन्तर्गत *"धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई*

*आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ*" भन्ने व्यवस्था रहेको छ । त्यस्तैगरी धारा ३२ ले भाषा तथा संस्कृतिको हकको प्रत्याभूत गरेको देखिन्छ। धारा ३२ को उपधारा (३) मा उल्लिखित व्यवस्था हेर्दा "*नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने हक हुनेछ*" भन्ने व्यवस्थासमेत मौलिक हकको रूपमा प्रत्याभूत भएको देखिन्छ । यसरी संविधानले प्रदान गरेको स्वतन्त्रताको हकको रूपमा रहेका हकहरू negative right को रूपमा रहेका हुन्छन् र त्यस्ता हकको प्रचलनको लागि राज्यप्रति ती हकहरू विरूद्ध कुनै अवरोध नगर्ने नकारात्मक दायित्व पनि सृजना हुन पुग्छ । साथै यसप्रकारका हकहरू सम्बन्धित व्यक्ति वा समुदायलाई निर्वाध रूपमा उपभोग गर्न सक्ने अवस्था सृजना गर्नु पनि राज्यको दायित्वभित्र पर्दछ । नेपालको संविधानको धारा ४ ले नेपाललाई धर्म निरपेक्ष राज्यको रूपमा स्थापित गरेकोसमेत परिप्रेक्ष्यमा सबै जातजाति तथा धर्मलाई बिना भेदभाव समान व्यवहार राज्यबाट हुनु पनि उत्ति नै आवश्यक छ ।

४. रिट निवेदकहरूको मुख्य माग आफूसँग सरोकार राख्ने लिम्बू समुदायको ऐतिहासिक, जातीय, साँस्कृतिक महत्त्व राख्ने ढुंगाहरू पूर्व पहाडी क्षेत्रको विभिन्न स्थानमा चिरपरिचित रूपमा रहेको र त्यसरी परापूर्वकालदेखि साँस्कृतिक, जातीय पहिचान बोकेको ढुंगा तथा दरबारहरूलाई त्यसको महत्त्व, पहिचान नष्ट नहुने गरी सडक वा अन्य निर्माण कार्य गर्ने र त्यसको संरक्षण हुनुपर्दछ भन्ने देखिएको छ । सडकलगायतका पानीट्यांकी जस्ता निर्माण कार्यलाई सम्पन्न गर्नका लागि पूर्ण रूपमा नै रोक लगाउन रिटमा माग गरिएको पनि देखिँदैन । रिट निवेदनमा उल्लिखित विशेष पहिचानयुक्त ढुंगा, ऐतिहासिक दरबारको धार्मिक साँस्कृतिक महत्त्व, पुरातात्विक विशेषताको विनास हुने गरी निर्माण कार्य हुनलाई रोक्नु पर्छ भन्नेसम्म निवेदकहरूको मनसाय देखिन्छ ।

५. नेपालभित्र बसोबास गर्ने विभिन्न जातीय, साँस्कृतिक, आदिवासी समुदायको धार्मिक, साँस्कृतिक महत्त्वका सम्पदा तथा यस्तै चिजवस्तुहरू तिनिहरूको मूल थलोमा नै रहेर सम्पदा जीवन्त बनाउने हुन्छन् । धार्मिक, साँस्कृतिक सम्पदाको महत्त्व त्यसको मूल थलोमा नै उदीयमान हुने र त्यसले वास्तविक पहिचान पाउने भएकोले राज्यले त्यस्ता सम्पदाहरूको यथावत् रूपमा संरक्षण गर्न / हुनसक्ने अवस्था सृजना गर्नु राज्यको आफ्नै पहिचानको विविधतायुक्त महत्त्वको दृष्टिले समेत आवश्यक हुन्छ । महत्त्वपूर्ण धार्मिक, साँस्कृतिक, ऐतिहासिक महत्त्व बोकेका त्यस्ता वस्तु वा संरचनाहरू उचित रूपमा संरक्षित रहन सकेमा विश्व सम्पदाको रूपमा समेत सूचीकृत हुनसक्ने र त्यसले देशकै पहिचान र विकासमा मद्दत पनि गर्न सक्ने सम्भावनालाई समेत नकार्न सकिँदैन ।

६. निवेदनमा उल्लिखित ढुंगाहरूको संरक्षण तथा ऐतिहासिक पहिचान बोकेको किराँतहाङ्ग बुद्धिकर्णको दरबार र त्यसको परिसरसमेतको संरक्षण गर्नु तथा संरक्षण सम्बर्द्धन हुनसक्ने अवस्था कायम राख्नु पनि सरकारको दायित्व हो । लिम्बू जाति नेपालमा बसोबास गर्ने एक आदिवासीको रूपमा रहेकोले रिट निवेदनमा उल्लिखित हल्लिने ढुंगा, आयु जोखिने ढुंगालगायतका उल्लिखित ढुंगाहरू ती समुदायको ऐतिहासिक, धार्मिक साँस्कृतिक जीवनमा महत्त्वपूर्ण प्रभाव राख्ने ढुंगाहरू भएकोले यस्ता साँस्कृतिक जातीय महत्त्वका वस्तुहरूको संरक्षण सम्बर्द्धन गर्न पाउनु संविधानतः ती जाति धर्म वा समुदायका व्यक्तिहरूको साँस्कृतिक हक नै हुन जान्छ ।

७. अतः माथि उल्लिखित तथ्य प्रमाणसमेतका आधारमा रिट निवेदनमा उल्लिखित फलैचाको ढुंगा, काँण उध्याउँदाको चिह्न रहेको ढुंगा,

हल्लिने ढुंगा भनेर चिनिने, आयु जोखिने भनेर परिचित ढुंगाहरू तथा किराँतहाङ्ग बुद्धिकर्णको दरबार परिसरलगायतका लिम्बू जातिका ऐतिहासिक, जातीय, धार्मिक, साँस्कृतिक सम्पदाहरू प्रस्तुत निवेदन पर्नुपूर्व केही क्षति भइसकेको भए त्यसको उचित संरक्षणको व्यवस्था मिलाउनु तथा बाँकी रहेका उल्लिखित अन्य सम्पूर्ण सम्पदाहरूको उचित संरक्षणको व्यवस्था मिलाएर त्यसको साँस्कृतिक, पुरातात्विक, ऐतिहासिक महत्त्व नष्ट नहुने गरी सडकलगायतका अन्य निर्माण कार्यहरू गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनू । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.मीरा खड्का

इजलास अधिकृत: सुमनकुमार न्यौपाने
इति संवत् २०७४ साल कार्तिक ८ गते रोज ४ शुभम् ।

## निर्णय नं. १००२५

**प्रस्तुत मुद्दामा गोपनीयताको लागि अर्की पीडित र पीडितको परिवारको नाममा ................ राखिएको छ ।**
**- सम्पादक**

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
फैसला मिति : २०७४।९।२३
०७१-CR-१२५८

मुद्दाः मानव बेचबिखन तथा ओसार पसार

पुनरावेदक / प्रतिवादी : सिन्धुपाल्चोक जिल्ला गाती गा.वि.स. वडा नं. १ घर भई हाल कारागार कार्यालय रामेछापमा थुनामा रहेका ताराबहादुर बस्नेत

विरूद्ध

प्रत्यर्थी / वादी : परिवर्तित नाम बाहबिसे "वि" को जाहेरीले नेपाल सरकार

- **वारदात हुँदाका बखत प्रचलनमा रहेको ऐनले जिउ मास्ने बेच्ने कसुरमा निर्धारण गरेको सजायभन्दा पछिल्लो ऐनले निर्धारण गरेको सजाय बढी रहेकोले वारदातका कसुरदारलाई पछि बनेको ऐन (मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ अनुसार सजाय गर्दा बढी सजाय हुन जाने र त्यसो गर्नु अतित प्रभावी सिद्धान्त (Principle of Ex-Post Facto law) अनुसार नमिल्ने भएकाले कसुरदारलाई जिउ मास्ने बेच्ने**

सर्वोच्च अदालत

**(नियन्त्रण) ऐन, २०४३ अनुसार सजाय गर्नुपर्ने ।**

- **जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) मा "मानिस बेचबिखन गर्ने व्यक्तिलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुनेछ" भन्ने उल्लेख भएको देखिँदा मानिस बेचबिखनको कसुरमा संलग्न हुने कसुरदारलाई संलग्नताको स्तर हेरेर विवेकशील निर्णय गर्न विधि निर्माणकर्ताले न्यायकर्तालाई पर्याप्त स्वविवेकीय अधिकार दिएको देखिन्छ । यसरी मानिस बेचबिखनको कार्यमा संलग्न कसुरदारलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुने फैसला गर्न न्यायकर्ता सक्षम रहे पनि निर्णय गर्दा विवेकशील, न्यायोचित र औचित्यता हेरी निर्णय गर्नुपर्दछ, भने कसुरदारलाई गरिएको सजाय र कसुरको स्तरबीचमा औचित्यपूर्ण सम्बन्ध पनि देखिनुपर्ने ।**

(प्रकरण नं.८)

- **पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनार्थ पहिलाको ऐनभन्दा उदार व्यवस्थासहित आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ लागू नहुने भन्न मिल्ने देखिँदैन, साथै जाहेरी पर्दा र अभियोग दर्ता हुँदाका बखत लागू रहेको ऐनले पीडितलाई क्षतिपूर्ति भराउनु पर्ने व्यवस्था गरेकोमा कसुर हुँदाका बखत लागू रहेको कानूनले क्षतिपूर्तिको व्यवस्था नगरेको भन्ने आधारमा पीडितलाई क्षतिपूर्ति नभराउने गरी व्याख्या गर्नु पीडित मैत्री विधि शास्त्रीय मान्यताअनुकूल नहुनुका साथै त्यसरी गरिएको व्याख्याले कानूनको उदार व्याख्यासम्बन्धी सिद्धान्तसँग समेत समाञ्जस्यता नराख्ने हुँदा पीडितलाई क्षतिपूर्ति भराउनु सिद्धान्ततः मनासिब र औचित्यपूर्ण हुने ।**

(प्रकरण नं.१२)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री रामप्रसाद ढुंगेल

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनी

अवलम्बित नजिर :

- नेकाप २०६०, अंक ७/८, नि.नं.७२६०
- नेकाप २०६१, अंक ९, नि.नं.७४३२

सम्बद्ध कानून :

- जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- नेपालको अन्तरिम संविधान, २०६३

सुरू तहमा फैसला गर्नेः

मानननीय न्यायाधीश श्री अनन्तराज डुम्रे

सिन्धुपाल्चोक जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री टेकराज नेपाल

माननीय न्यायाधीश श्री कृष्णप्रसाद बास्तोला

पुनरावेदन अदालत पाटन

फैसला

**न्या. ओमप्रकाश मिश्र :** पुनरावेदन अदालत पाटनको मिति २०७१।७।२५ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम प्रतिवादीको तर्फबाट यस अदालतमा पुनरावेदन परी नियमानुसार पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ :-

मिति २०५८ साल भदौमा म १६ वर्षको हुँदा घरमा खेती किसानी गरी खान नपुग्ने भई दुःख भएको हुँदा विपक्षी ताराबहादुर बस्नेतले काठमाडौंमा काम लगाइदिन्छु सुख हुन्छ भनी फकाई म र फुलबहादुर तामाङको छोरी गाती गा.वि.स. वडा नं.१ बस्ने ....................लाई मिति २०५८ साल भाद्र २६ गते घरबाट काठमाडौंमा लगी एक जना नाम थर वतन नखुलेको प्रकाश भन्नेको जिम्मा लगाई होटेलमा काममा लगाइदिन्छु भनी म जाहेरवाली र ................ लाई २ दिन काठमाडौं कोठामा बन्धक बनाई राखी त्यसपछि ताराबहादुर बस्नेतको मिलेमतोमा म र ................लाई भारतको बम्बई सहरअन्तर्गत कमान्ठीपुरा भन्ने स्थानमा लगी बिक्री गरेपछि मात्र मैले बिक्री भएको कुरा थाहा पाएँ, बिक्री भएपश्चात् मलाई भारतीय रूपैयाँ ५०,०००।– मा बिक्री गरेको भनी यौन व्यापार गर्ने मालिक्नीले भनेपछि मात्र थाहा पाएँ। उक्त कोठीमा मैले यौन व्यापार जस्तो घृणित नारकीय जीवन व्यतित गर्दैको अवस्थामा २०५९ साल अर्थात् बेचिएको १ वर्षपछि म जाहेरवाला बिरामी भएपछि कोठी मालिक्नीले अस्पतालमा लगेको अवस्थामा म र भारत बेङलोरकी कोठीमा काम गर्ने लक्ष्मी नामकी महिला औषधी किन्दै गर्दा मालिक्नीलाई झुक्याई भाग्न सफल भएका हौं। मलाई बिक्री गर्ने अपराधीलाई जिउ मास्ने बेच्नेसम्बन्धी ऐन र अन्य आवश्यक कानूनबमोजिम हदैसम्मको कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको वि. बाह्रबिसेको मिति २०६९।८।१ गतेको जाहेरी दरखास्त।

म लेखपढ गर्न नजान्ने भएकोले घरमै बसी खेतबारीको काम गर्दै आइरहेकोमा मेरो घरमा खेतीबारीको कमाइले वर्ष दिनसम्म खान लगाउन पुग्दैनथ्यो। मिति २०५८ साल भदौ २५ गते म र गाउँकै मेरो फुपू नाता पर्ने ..................लाई गाती गा.वि.स. वडा नं. १ बस्ने गाउँकै ताराबहादुर बस्नेतले मेरो काठमाडौंमा होटल छ, होटलमा काम गर्ने मानिसहरू छैन, तिमीहरूलाई पैसा पनि दिउँला दशैंमा पनि तिमीहरूलाई घरसम्म ल्याइदिउँला तिमीहरू जान्छौ भन्दा हामीहरूले अहिलेसम्म काठमाडौं गएका छैनौं, हामीहरू नजाने भन्दा निजले तिमीहरू मेरो बहिनी हो, मसँग जाँदा केही फरक पर्दैन, धेरै पैसा आउँछ, गाउँमा जस्तो काम पनि गर्न पर्दैन भनेपछि हामीहरूले गाउँकै चिनेको दाजु भएकोले हुन्छ भन्यौं र निज ताराबहादुरले भोलि मेरो गाउँमा आउ भन्यो। म र ..................ले सल्लाह गरी घरमा कसैलाई समेत थाहा नदिई भदौ २६ गते दिउँसो १.०० बजेको समयमा निज ताराबहादुर बस्नेतको घरमा गयौं र निजसँग बाह्रबिसे बजारबाट काठमाडौं जाने बस चढी काठमाडौं बसपार्कमा गयौं र निजले नाम थाहा नभएको १ जना प्रकाश भन्ने व्यक्तिको जिम्मा लगाई तिमीहरू बस्दै गर म एकछिनमा आउँछु भनी उक्त स्थानबाट गए। निजले तिमीहरूलाई प्रकाश दाजुले काम लगाउने हो भनेका थिए र बेलुका भइसकेकोले निज प्रकाश भन्ने व्यक्तिले होटलमा लगी चिया खुवाउनु भयो र ताराबहादुर एकछिनपछि आउँछ हिँड मसँगै जाउँ भनेपछि निजले कोठामा लगे। कोठामा एकजना साथी र श्रीमतीसमेत रहेछन् र सो रात सोही स्थानमा सुतियो। भोलिपल्ट दिनभर पनि ताराबहादुर बस्नेत नआएपछि हामीहरूले हामीलाई होटलमा काम लगाइदिन्छु भनी ल्याएको अहिलेसम्म आएनन् भनी प्रकाश भन्ने व्यक्तिलाई सोध्दा आउँछ, होटलमा ताल्चा लगाई गएको छ भन्नुभयो र सो रात पनि निज प्रकाश भन्ने व्यक्तिको साथीको कोठामा बस्यौं र सोही बिहान ३.०० बजे उठायो र अब होटलमा काम नगर्ने, व्यापार गर्नुपर्छ, होटल बन्द गरेछन् भनी मलाई र ..................लाई प्रकाश, निजको नाम थाहा नभएको साथी र निजको श्रीमतीलगायत ५ जना भई जंगलै जंगल गई उज्यालो भएपछि बस चढाई लगे, के कुन स्थानमा लगे हामीलाई थाहा भएन, भारतको बम्बई सहर पुगिएछ र सो स्थानमा पुगेपछि एकजना महिला आएर निज प्रकाश र निजका साथीहरूले ऊ

मेरो दिदी हो भनी तिमीहरू यहीँ दिदीसँग ट्याक्सीमा जाउ भनी हामी गयौं र निज अपरिचित महिलाले घरको कोठामा लगी राख्नुभयो र ३ दिनसम्म खाना खान दिने र कोठा बन्द गरी हामीहरूलाई कोठामा थुनेर सँगै राखी ३ दिनपछि अन्य हामीहरू जस्तै महिला भेटी सोध्दा तिमीहरूलाई यहाँ रू. ५०,०००।– मा बेचेको हो, यो बम्बईको कोठी हो अब यहाँबाट जान पाउँदैनौ, तिमीहरूलाई यहाँ यौन व्यवसायको लागि लिएर आएको हो भने र मसँग भएकी ................. लाई १ महिला आई अन्यत्र के कुन स्थानमा लगिन् मलाई थाहा भएन र १ वर्ष उक्त कोठीमा बसी म बिरामी भएको बेलामा कोठी मालिक्नीले अस्पतालमा लगेको अवस्थामा म र भारत बेङलोरकी कोठीमा काम गर्ने लक्ष्मी नामकी महिला औषधी किन्दै गर्दा मालिकलाई झुक्याई भागेका हौं । म र ................. लाई ताराबहादुर बस्नेतले ललाई फकाई प्रकाश भन्ने व्यक्तिलाई जिम्मा दिई बम्बईको कोठीमा लगी बचेको हो भन्नेसमेत बेहोराको बि. बाह्रबिसेले अनुसन्धानका क्रममा गरेको बयान।

मिति २०५८ सालमा म काठमाडौंमा रिक्सा चलाउने काम गर्दथें । रिक्सा चलाउने क्रममा प्रकाश भन्ने व्यक्तिसँग भेटघाट भएको थियो । निज पनि रिक्सा चलाउने गर्दथ्यो । २०५८ सालको भदौ महिनामा निज प्रकाश भन्ने व्यक्तिले सधैँ खाना खाने गरेको धोबीचौरको होटलमा काम गर्ने कामदारहरू चाहिएको छ, तिम्रो गाउँमा भए खोजिदेउ भनेपछि मैले गाउँमा गएर सोध्नुपर्छ भनेँ, त्यसपछि प्रकाशले म पनि तिमीसँगै तिम्रो गाउँमा जान्छु, गाउँ घुमेर पनि आउँछु काम गर्ने कामदार पनि भेटेको खण्डमा लिएर आउँछु भनेर हामी दुवै जना २०५८ भदौ २५ गते काठमाडौंबाट मेरो घर सिन्धुपाल्चोक जिल्ला गाती १ कुखुरे भन्ने स्थानमा गयौं र गाउँकै नाम गोप्य राखी परिवर्तन गरिएकी बि. बाह्रबिसे र .................लाई भेटी निजलाई काठमाडौंमा हामीले खाना खाने होटलमा काम गर्ने कामदार चाहिएको छ, तलब पछि धेरै आउँछ तिमीहरू जाने भनी सोध्दा निजहरूले जान्छौं भनेपछि मिति २०५८।५।२६ गते मेरो घरमुनि बि. बाह्रबिसे र .................सँग भेटी बि. बाह्रबिसे, ................., प्रकाश र मसमेत ४ जना भई बाह्रबिसेबाट काठमाडौं जाने बस चढी काठमाडौंको पुरानो बसपार्कमा ओर्लिई निज बि. बाह्रबिसे र .................लाई म ट्वाइलेट गरेर आउँछु, तिमीहरू प्रकाश दाईसँग बस्दै गर भनेँ ट्वाइलेटमा गई १० मिनेटपछि निजहरू पहिले बसेको स्थानमा आउँदा निजहरू .................समेत सो स्थानमा रहेनछन्। मैले यता उता चारैतिर खोज्दासमेत फेला परेनन् । पछि निजहरू के कुन स्थानमा पुगे सो मलाई थाहा भएन निजको नाम गोप्य राखी परिवर्तन गरिएकी बि. बाह्रबिसे र .................लाई प्रकाश भन्ने व्यक्तिले ललाई फकाई भारतमा बम्बई भन्ने स्थानमा लगी बचेको हो भन्ने हाल आएर थाहा पाएँ। निज बि. बाह्रबिसे र .................लाई मैले बेचेको होइन । आफ्नै गाउँका चेलीबेटीलाई बेचबिखन गर्ने कार्य मेरो मिलेमतोमा भएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी ताराबहादुर बस्नेतले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

प्रकाश भन्ने व्यक्तिसँग बि. बाह्रबिसे र .................लाई मिति २०६९।५।२६ गते काठमाडौं पुरानो बसपार्कमा राखी म ट्वाइलेट गएर आउँदा निजहरूलाई निजले लगेको हो। देखाइएको फोटो निजै प्रकाश भन्ने व्यक्तिको हो भनी प्रतिवादी ताराबहादुरले फोटो सनाखत गरेको कागज।

बि. बाह्रबिसे र गाउँकै .................लाई गाउँघरमा बसिरहेको अवस्थामा सिन्धुपाल्चोक जिल्ला गाती गा. वि. स. वडा नं. १ बस्ने ताराबहादुर बस्नेतले २०५८ साल भदौ २६ गते काठमाडौं होटलमा काम लगाइदिन्छु तलब पनि धेरै आउँछ, दशैंमा घरसम्म पुऱ्याइदिउँला भनी ललाई फकाई गरी निजलाई काठमाडौं लगी प्रकाश भन्ने व्यक्तिको

जिम्मा लगाई निजले बि. बाह्रबिसे र ................. लाई भारतको बम्बई सहर कमाण्ठीपुरा भन्ने स्थानमा पुऱ्याई भारतीय रूपैयाँ पचास हजारमा बिक्री गरी उक्त स्थानमा वि. बाह्रबिसे १ वर्ष नरकीय जीवन बिताई कोठी मालिक्नीले उपचार गराउन लागेको अवस्थामा मालिक्नीको आँखा छली उक्त स्थानबाट भागी नेपाल आएपछि बि. बाह्रबिसेले भनेको सुनी थाहा पाएको हुँ । ................. हालसम्म बेपत्ता भएकी छिन् यसरी गाउँका चेलीबेटीलाई ललाई फकाई भारतको बम्बई भन्ने स्थानमा बेचबिखन गरी नारकीय जीवन बिताउन बाध्य बनाउने निजको साथी प्रकाश भन्ने व्यक्तिलाई कानूनबमोजिम कडाभन्दा कडा कारबाही र जेल सजाय होस् भन्नेसमेत बेहोराको सोमबहादुर तामाङ, राजेन्द्र तामाङ, पशुपति तामाङ, सितल तामाङसमेतले लेखाइदिएको एकैमिलानको घटना विवरण वस्तुस्थिति मुचुल्का।

अभियुक्त ताराबहादुर बस्नेतले पीडित बि. बाह्रबिसेसमेतलाई पीडितको घरबाट होटलमा काम लगाइदिने भनी काठमाडौंमा लिई प्रकाशसँग सरसल्लाह गरी बम्बई पुऱ्याई बिक्री गरेको सप्रमाण पुष्टि हुन आएको र प्रस्तुत वारदात २०५९ सालको भएकोले अभियुक्तले तत्काल प्रचलनमा रहेको जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४ (क) को अपराध पुष्टि हुन्छ । हाल उक्त ऐन प्रचलनमा नरही खारेज भइसकेको अवस्थामा हाल प्रचलनमा रहेको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा २० (२) मा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गत भए गरेका काम कारबाहीहरू यसै ऐनअन्तर्गत भए गरेका मानिने छन् भनी उल्लेख भएको हुँदा प्रस्तुत अपराधमा अभियुक्तलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४(१)(क) को अपराधमा सोही ऐनको दफा १५(१)(क) बमोजिम सजाय र सोही ऐनको दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने अभियोग पत्र।

मैले केटीहरू लगेको होइन, बि. बाह्रबिसे र ................. गाउँकै केटीहरू हुन्। निजहरू के कसरी इन्डिया पुगे मलाई थाहा भएन। मैले ललाई फकाई गरी लगी बेचेको होइन। प्रकाश भन्ने केटा देखेँ चिनेजानेको हो, निजसँग अरू कुनै सम्बन्ध नभएको, ठेगाना पनि थाहा नभएको हुँदा निजसँग लागि केटीहरूलाई ललाउने फकाउने गरेको होइन। प्रहरीमा भएको बयान बेहोरा मेरो होइन। मैले गाउँका चेलीबेटीलाई बेचबिखन गर्न लगेको नहुँदा दाबीबमोजिम सजाय हुनुपर्ने होइन, दाबी झुट्टा हो भन्नेसमेत बेहोराको प्रतिवादी ताराबहादुर बस्नेतले सुरु अदालतमा गरेको बयान।

ताराबहादुर बस्नेतले मिति २०५८ साल भदौ २६ गते २.०० बजे दिउँसो घरबाट होटेलको काम लगाइदिन्छु भनी मलाई काठमाडौं लगी सोही दिन बेलुका ७.०० बजेतिर प्रकाश भन्ने मानिसलाई म र मेरो .................लाई जिम्मा लगाई ताराबहादुर उक्त स्थानबाट गएका हुन्। प्रकाशको कोठामा निजको एकजना साथी र श्रीमतीसमेत रहेछन् । २ दिन उक्त कोठामा राखेपछि निज प्रकाशले हामीलाई काम लगाइदिन्छु भनी बस चढाई लगेको हो। मैले काठमाडौं ठूलो रहेछ भन्ठानेको थिएँ। ३।४ दिनपछि भारतको बम्बई कमान्ठीपुरा भन्ने ठाउँमा पुऱ्याएको रहेछ । ३ दिनपछि मात्र मैले बम्बई पुगेको कुरा त्यहाँको घर मालिक्नी विमला तामाङले तिमीहरूलाई यहाँ रू. ५०,०००।– मा बेचेको हो भनेपछि थाहा पाएँ। त्यसपछि मलाई हरेक दिन जबरजस्ती यौन धन्दामा लगाइयो। करिब १ वर्ष उक्त कोठीमा बसी म बिरामी भएको बेलामा कोठी मालिक्नीले अस्पतालमा लगेको अवस्थामा म र भारत बेङगलोरकी कोठीमा काम गर्ने लक्ष्मी नामकी महिला औषधी किन्दै गर्दा मालिकलाई झुक्याई भागेका हौं । म पनि लक्ष्मीसँगै बैङगलोर गई ५।६ वर्ष जति गारमेन्टमा काम गरी बसी २ वर्षअगाडि

जति म नेपाल आएकी हुँ भन्नेसमेत बेहोराको बि. बाह्रबिसेले सुरू अदालतमा गरेको बकपत्र।

जाहेरवाला बि. बाह्रबिसेलाई मेरो दाइले बिक्री गर्न लगेको होइन। दाई काठमाडौं एक्लै गएका थिए, म सानै थिएँ। अरू मलाई थाहा भएन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी कान्छा बस्नेतले सुरू अदालतमा गरेको बकपत्र।

मेरो बहिनी बि. बाह्रबिसेलाई प्रतिवादी ताराबहादुर बस्नेतले तिम्रो दाजु र ममा कुनै फरक छैन म तिमीलाई काठमाडौं लगी काम लगाइदिन्छु र दशैं तिहारमा पनि सँगै ल्याइदिन्छु भनी निजले काठमाडौं लगी २ दिन कोठामा थुनी राखी इन्डिया लगी बेचेको हो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुलकाका मानिस .................ले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी ताराबहादुर बस्नेतले जाहेरवाली बि. बाह्रबिसेलाई मिति २०५८।५।२६ गते काठमाडौं लगेको होइन । निज जाहेरवालीलाई प्रतिवादीले फकाएको पनि होइन। प्रतिवादीउपर लगाइएको आरोप एवं उजुरी झुट्टा हो। उक्त मितिमा मैले ताराबहादुरलाई काठमाडौं सोह्रखुट्टे प्रहरी चौकीमा भेटेको थिएँ। ऐ. २५ गते प्रहरीले निजलाई पक्राउ गरेका हुन्। प्रतिवादीउपर जाहेरवालीको कुनै लेनदेन, रिसइवी केही पनि थिएन । किन उजुरी गरे मलाई थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी शिवबहादुर बस्नेतले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०५८ साल भदौ २६ गते गाउँका बि. बाह्रबिसे र ................. घरमा नभएको खबर पाएँ। गाउँघरमा खोजतलास गर्दा ताराबहादुर बस्नेतले ललाई फकाई काम लगाइदिन्छु भनी काठमाडौं लगेको कुरा जानकारी भयो। त्यसपछि प्रतिवादीलाई खोजतलास गर्दा भेट भई बहिनीहरू खोई भन्दा मैले अर्को साथीको जिम्मा लगाएको छु भन्यो र निजलाई हामीले सोह्रखुट्टे प्रहरी बिटमा लग्यौं । मिति २०५८।५।२८ गते नै निजलाई महिला सेलमा लग्दा उसले तत्कालै निजको साथी प्रकाशको जिम्मा लगाएको र प्रकाशले बहिनीहरूलाई भारतमा लगेको कुरा स्वीकार गरेका थिए । तत्काल मुद्दा चलेपछि निजले बहिनीहरूलाई खोजेर ल्याउँछु भन्ने सर्तमा प्रहरीले थुनाबाट छाडेको हो। पीडितले स्वयं बेचिएको १०/११ वर्षपछि नेपाल फर्की आई निजलाई बेचबिखन गरेको कुरा भनेपछि ताराबहादुरले निजहरूलाई बेचेको कुरा थाहा भयो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका मानिस राजेन्द्र तामाङले सुरू अदालतमा गरेको बकपत्र।

यी प्रतिवादीलाई वारदात हुँदाका बखत तत्काल प्रचलनमा रहेको जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) को कसुरमा सोही ऐनको दफा ८(१) मा व्यवस्था भएबमोजिम अधिकतम २० वर्ष कैद सजाय हुने ठहर्छ । सबै पीडितले समानरूपले राहत पाउने उनीहरूको नैसर्गिक अधिकार हो । त्यसको सुनिश्चितताका लागि स्पष्ट कानूनी व्यवस्था गरी यही ऐनमा भएको कोषको दायरा बढाई परिचालन गर्ने हो वा छुट्टै कोषको कानूनी व्यवस्था गरी सबै पीडितले समान रूपमा न्याय माग्न आउनासाथ पहिलो ढोकामै सो राहत पाउने व्यवस्था गर्न समय सापेक्ष र न्यायसम्मत हुने देखिन्छ । त्यसरी उपलब्ध गराएको रकम मुद्दाको अन्तिम किनारा लागेपछि सो रकम सरकारी बाँकीसरह नेपाल सरकारले प्रतिवादीबाट असुल गर्ने व्यवस्था भएमा प्रभावकारी हुने देखिन्छ । मानव बेचबिखन तथा ओसार पसार विरूद्धको अभियान सञ्चालनका लागि मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ३ बमोजिम गठित राष्ट्रिय समिति र ऐ. नियम ६ बमोजिम गठित जिल्ला समिति क्रियाशील रहेको वर्तमान समयमा सो विशेष कार्यका लागि गठित ती समिति तथा नेपाल सरकारको सम्बन्धित मन्त्रालयमार्फत नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष उल्लिखित कानूनी व्यवस्था गर्नु अत्यावश्यक भएकोले स्थानीय रूपमा क्रियाशील

रहेको जिल्ला समितिलाई त्यसतर्फ पहल गर्न ध्यान आकृष्ट गराउनु आफ्नो कार्यानुभवको आधारमा यो इजलास आफैँमा अन्तरनिहित दायित्वबोधसमेत गर्दछ। तसर्थः फैसलाको जनाउ सम्बन्धित निकायलाई जिल्ला सरकारी वकिल कार्यालयमार्फत दिनु भन्ने सुरू अदालतको मिति २०७०।२।२७ को फैसला।

जाहेरवालीलाई भारत बम्बई लगी बिक्री गर्ने व्यक्ति प्रकाश हो भन्ने तथ्य निज जाहेरवालीको अनुसन्धानको क्रमको बयान बकपत्रसमेतबाट पुष्टि भइरहेको छ । मैले जाहेरवालीलाई बेचबिखन गर्ने उद्देश्यले काठमाडौं ल्याएको भन्ने तथ्य स्थापित भएको छैन । मैले निजहरूलाई होटलमा कार्य गर्नका लागि भनी मात्र काठमाडौं ल्याई प्रकाशको जिम्मा लगाएको हो। निजहरूलाई होटलमा बन्धक बनाउनेलगायतको कार्यमा मेरो संलग्नता पुष्टि भएको छैन । मैले निजहरूलाई बेचबिखन गर्ने उद्देश्य रहेको भए होटलमा बन्धक बनाउने कार्यमा समेत संलग्नता रहने थियो। जाहेरवालीलाई सिन्धुपाल्चोकबाट काठमाडौंसम्म ल्याउने कार्य र काठमाडौंबाट बम्बई लगी बिक्री गर्ने कार्य समान प्रकृतिको अपराध कायम हुने गरी मलाई अधिकतम सजाय गर्ने गरी भएको फैसलामा न्यायिक मन र विवेकको प्रयोग भएको छैन। अतः सुरू जिल्ला अदालतबाट भएको फैसला त्रटिपूर्ण हुँदा उल्टी गरी अभियोगदाबीबाट सफाइ पाउन वा न्यूनतम सजाय हुन अनुरोध छ भन्नेसमेत बेहोराको प्रतिवादीको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्र।

प्रतिवादीले पीडितलाई मानव बेचबिखनजन्य कार्य गरेको मिसिल संलग्न प्रमाणहरूबाट स्थापित भई प्रतिवादीलाई सजाय गरेको अवस्था हुँदा पीडित बि. बाहबिसे अशिक्षित ग्रामीण महिला आफू भारतमा बेचिएको लामो समयपछि अनकौं दुःख र पीडा झेली उद्धार भई नेपाल फर्की आएको अवस्थाको भन्ने देखिन्छ। मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३०(२) मा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गत भए गरेका काम कारबाही यसै ऐनअन्तर्गत भए गरेका मानिने छन् भन्ने व्यवस्था गरेको पाइन्छ। सजायको सम्बन्धमा Ex-Post Facto Law (अतित प्रभावी कानून) प्रयोग हुने सिद्धान्त आकर्षित भएपनि पीडितलाई क्षतिपूर्ति भराउनेसम्बन्धी व्यवस्था सजाय नभई पीडितको हित एवं उद्धारको लागि भएको हुँदा पीडित पक्षको कल्याणको लागि गरिएको कानूनी व्यवस्थालाई अतित प्रभावी कानूनको संज्ञा दिई पीडितको हितविपरीत व्याख्या एवं अर्थ गर्न मिल्ने होइन। सुरू अदालतबाट क्षतिपूर्तिको सम्बन्धमा दाबी गरिएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ को व्यवस्था कार्यान्वयनको पाटो प्रभावकारी नभएको भन्ने अर्थ लगाई पीडितलाई क्षतिपूर्ति भराउनेतर्फ उदासिन भई गरेको फैसला कानूनको व्याख्या एवं Victim Justice को Prospective बाट समेत खण्डनीय भई बदरभागी देखिन आउँछ। Calder Vs. Bull को मुद्दामा अमेरिकी सर्वोच्च अदालतले कुनै कार्य गर्दा अपराध नमानिएको र पछि बनेको कानूनले अपराध मानेको अपराध गर्दाको अवस्थामा भन्दा बढी गम्भीर बनाउने, गर्दाको समयमा भन्दा बढी सजाय तोक्ने र अपराध गर्दाको समयमा भन्दा कम वा फरक प्रमाण बुझ्ने गरी व्यवस्था भएको कानूनलाई मात्र अतित प्रभावी मानिने व्यवस्था गरेको जसभित्र सुविधा दिने, पीडितलाई राहत दिने कानून नपर्ने विश्वव्यापी मान्यता रही आएको सन्दर्भमा पीडितलाई पर्न गएको पीडाको मापन गरी क्षतिपूर्ति भराउनुपर्ने अन्तरनिहित विषयतर्फ न्यायिक दृष्टि नपुऱ्याई क्षतिपूर्ति पीडितलाई नदिलाउने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भई बदरभागी देखिन आउँछ मागदाबीअनुरूप क्षतिपूर्ति भराउनु पर्नेमा नभराउने गरी सुरू अदालतबाट भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी पीडितलाई अभियोग मागदाबीबमोजिम प्रतिवादीबाट क्षतिपूर्ति भराई पाउन अनुरोध गरिन्छ भन्नेसमेत बेहोराको

वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्र।

यसमा सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको फैसलाउपर वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ एक अर्काको पुनरावेदन पत्र दुवै पक्षलाई परस्पर सुनाई प्रत्यर्थी झिकाई नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७१।७।४ को आदेश।

सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७०।२।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७२।७।२५ को फैसला।

जाहेरी दरखास्तको बेहोरा, पीडित बाह्रबिसे बि. ले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयान, म पुनरावेदक / प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको बयानसमेतका कागजातबाट पीडित बाह्रबिसे बि. लाई प्रकाशले भारत लगेको भन्ने देखिइरहेको र मेरो निर्दोषिता प्रमाणित र पुष्टि भइरहेको तथ्यलाई पूर्ण रूपमा बेवास्ता र बेमतलब गरी म प्रतिवादीले जाहेरवालीलाई बिक्री गरेको भनी केवल हचुवा र आशंकाको भरमा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) बमोजिमको कसुर कायम गरेको सुरू एवं पुनरावेदन अदालतको फैसलाहरू त्रुटिपूर्ण रहेको छ । यसैगरी तत्काल प्रचलनमा रहेको जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) मा मानिस बेचबिखन गर्ने व्यक्तिलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुन्छ भन्ने कानूनी व्यवस्था गरेको छ र उक्त दफाबमोजिमको सजाय हुनका लागि कुनै पनि व्यक्तिले मानिसको बेचबिखन गरेको कार्यको शंकारहित तबरले पुष्टि र प्रमाणित भएको हुनुपर्दछ । पीडितको जाहेरी दरखास्तदेखि सम्मानित अदालतको फैसलाको सम्पूर्ण कागजातहरूको अध्ययन गर्दा जाहेरवालीलाई निजले भनेबमोजिम बेचबिखन गर्ने प्रकाशलाई कसुरअनुसार सजाय हुनुपर्नेमा सो नगरी स्वयं झुक्यानमा पर्ने म पुनरावेदकलाई जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४ (क) मा उल्लेख भएबमोजिमको कसुर अपराध गरेको भनी उक्त ऐनको दफा ८(१) बमोजिम अधिकतम हदैसम्म २० वर्ष कैद सजाय हुने गरी मिति २०७०।२।२७ मा सिन्धुपाल्चोक जिल्ला अदालतबाट भएको फैसलालाई यथावत् सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।७।२५ मा भएको फैसला न्यायोचित र विवेकपूर्ण नभई त्रुटिपूर्ण रहेको हुनाले उक्त फैसला उल्टी गरी अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने बेहोराको प्रतिवादी ताराबहादुर बस्नेतको यस अदालतमा परेको पुनरावेदन।

यसमा पीडित महिलालाई प्रतिवादी ताराबहादुर बस्नेतले सिन्धुपाल्चोकबाट काठमाडौंसम्म ल्याई प्रकाश भन्ने व्यक्तिको जिम्मा लगाएको भन्नेसम्मको संलग्नता देखाइएको तथ्यगत सन्दर्भमा निजलाई जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) को कसुर कायम गरी दफा ८(१) बमोजिम २० वर्ष कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।७।२५ को फैसला फरक पर्न सक्ने देखिँदा छलफलको लागि मुलुकी ऐन अ.बं. २०२ नं. को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।४।१७ को आदेश।

उल्लिखित बेहोरा भएको प्रस्तुत मुद्दामा पुनरावेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामप्रसाद ढुंगेलले यी प्रतिवादी / पुनरावेदकले बाह्रबिसे बि. लाई बेचबिखन गरेको भन्ने कहिँकतैबाट खुलेको अवस्था छैन । केवल सिन्धुपाल्चोकबाट काठमाडौंसम्म सँगै आएको भन्ने मात्र देखिएको छ। पीडितकै जाहेरी र बकपत्रबाट पनि भारत लैजाने

र बिक्री गर्ने व्यक्ति प्रकाश हो भन्ने स्पष्ट भइरहेको अवस्था छ। यस्तो अवस्थामा मेरो पक्षलाई अलिकति पनि न्यायिक मन प्रयोग नगरी हदैसम्मको २० वर्ष कैद सजाय गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला विवेकपूर्ण नभई त्रुटिपूर्ण भएको हुँदा सो फैसला उल्टी हुनुपर्दछ र मेरो पक्षले सफाइ पाउनु पर्दछ भन्ने बेहोराको बहस प्रस्तुत गर्नुभयो। त्यसैगरी विपक्षी / वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले यी प्रतिवादी / पुनरावेदक र प्रकाशको मिलेमतोबाट यी पीडित बाह्रबिसे बि. लाई भारत पुर्‍याई बिक्री गरिएको अवस्था छ। पीडितलाई सिन्धुपाल्चोकबाट काठमाडौं ल्याई प्रकाशको जिम्मा लगाउने काम यी पुनरावेदकले गरेको भन्ने स्पष्टै छ। विपक्षी पुनरावेदक र प्रकाश दुवै साथी साथी रहेका र मानव बेचबिखन गर्ने काम गर्ने व्यक्तिहरू भएका भन्ने देखिएको छ। विपक्षीले पीडितलाई बिक्री गर्ने सन्दर्भमा विभिन्न Step (चरण) मा भूमिका निर्वाह गरेको देखिएको अवस्थामा निज निर्दोष हो भन्न नमिल्ने हुँदा पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै देखिएकाले उल्टी बदर हुनुपर्ने अवस्था छैन भनी बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक / प्रत्यर्थीतर्फबाट प्रस्तुत भएको उल्लिखित बेहोराको बहस सुनी मिसिल अध्ययन गर्दा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पाटनले गरेको मिति २०७१।७।२५ को फैसला मिले नमिलेको के हो ? तथा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरअनुसार हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णय सम्बन्धमा विचार गर्दा यी पुनरावेदकले मिति २०५८।५।२६ गते काठमाडौंमा काम लगाइदिन्छु भनी पीडित बाह्रबिसे बि. लाई निजको घर सिन्धुपाल्चोकदेखि काठमाडौंसम्म ल्याएको र काठमाडौंमा प्रकाश भन्ने व्यक्तिको जिम्मा लगाएपछि निज प्रकाशले भारत बम्बई पुर्‍याई कोठीमा बिक्री गरेका रहेछन्। बिक्री भएको कुरा आफूलाई कोठी मालिक्नीले भनेपछि मात्र थाहा भएको र १ वर्षजति सोही कोठीमा काम गरेपछि बिरामी भई कोठी मालिक्नीले उपचार गराउन लगेको बेलामा औषधी किन्न जाँदा मालिक्नीलाई झुक्याइ भाग्न सफल भएकी हुँ। अतः मलाई बेचबिखन गर्ने कार्यमा संलग्न व्यक्तिहरूउपर कारबाही गरिपाउँ भनी मिति २०६९।८।१ मा जाहेरी परेको देखिन्छ। जाहेरी दरखास्त परेपछि अनुसन्धान भई यी पुनरावेदक / प्रतिवादीले तत्कालीन समयको जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) को अपराध गरेको र हाल उक्त ऐन प्रचलनमा नरही मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ प्रचलनमा रहिरहेकोले उक्त मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३०(२) मा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गत भए गरेका काम कारबाही यसै ऐनअन्तर्गत भए गरेका मानिने छन् भनी उल्लेख भएको हुँदा प्रस्तुत अपराधमा अभियुक्तलाई मानव बेचबिखन अथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४(१)(क) को अपराधमा सोही ऐनको दफा १५(१)(क) बमोजिम सजाय र सोही ऐनको दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भनी सिन्धुपाल्चोक जिल्ला अदालतमा अभियोग दायर भएकोमा यी पुनरावेदक / प्रतिवादीलाई तत्काल प्रचलनमा रहेको जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) को कसुरमा सोही ऐनको दफा ८(१) मा व्यवस्था भएबमोजिम अधिकतम २० वर्ष कैद सजाय हुने तथा क्षतिपूर्ति दिनको लागि आवश्यक कोष र कानूनी व्यवस्था गर्न नेपाल सरकारसमक्ष सम्बन्धित जिल्ला समितिमार्फत पहल गर्न ध्यानाकृष्ट गराउनु भनी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७०।२।२७ मा फैसला भएकोमा सो फैसलामा चित्त नबुझाई आफूलाई २० वर्ष कैद सजाय हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले सो फैसला बदर

गरी सफाइ पाउँ भनी प्रतिवादी ताराबहादुर बस्नेतले र पीडितलाई क्षतिपूर्ति भराउनुपर्नेमा नभराई क्षतिपूर्ति सम्बन्धमा आवश्यक कोष र कानूनी व्यवस्था गर्न सम्बन्धित स्थानीय समितिमार्फत नेपाल सरकारको ध्यानाकृष्ट गराउनु भनी भएको फैसला सो हदसम्म नमिलेको हुँदा मागबमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराई पाउँ भनी वादी नेपाल सरकारले पुनरावेदन अदालत पाटनमा पुनरावेदन गरेकोमा पुनरावेदन अदालत पाटनले सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट भएको फैसलालाई नै सदर हुने ठहर गरी मिति २०७१।७।२५ मा फैसला गरेको देखिन्छ । पुनरावेदन अदालत पाटनले गरेको उक्त फैसला न्यायपूर्ण र विवेकपूर्ण नभएकोले सो फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भनी पुनरावेदक / प्रतिवादी ताराबहादुर बस्नेतको यस अदालतमा प्रस्तुत पुनरावेदन पर्न आएको देखियो ।

३. प्रस्तुत घटनाको वारदात २०५८।५।२६ मा भएको भनी ०६९।८।१ मा जाहेरी परेको र मिति २०६९।८।२६ मा अभियोग दायर भएको देखियो । वारदात मिति२०५८।५।२६ भएकोमा तत्काल प्रचलनमा रहेको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) मा कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय गरेको छैन भन्ने व्यवस्था रहेको देखिन्छ भने जाहेरी पर्दाका बखत प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(४) मा कुनैपनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन भन्ने व्यवस्था रहेको देखिन्छ । त्यसैगरी हाल प्रचलित नेपालको संविधानको धारा २०(४) ले पनि सो संवैधानिक व्यवस्थालाई निरन्तरता प्रदान गरेको देखिँदा कसुर गर्दाका बखत प्रचलनमा नरहेको कानूनबमोजिम कारबाही र सजाय गर्न नमिल्ने भन्ने संवैधानिक व्यवस्था रहेकोमा विवाद देखिएन।

४. प्रस्तुत मुद्दामा पीडितलाई मिति २०५८।५।२६ मा भारतको बम्बैमा पुर्‍याई बिक्री गरी कसुर गरेको भन्ने देखिन्छ ।२०५८।५।२६ मा कसुर गरेको समयमा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ प्रचलनमा रहेको थियो भने मिति २०६९।८।२६ मा जाहेरी पर्दाको बखत मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ लागू रहेको देखिएकोले प्रतिवादीउपर कुन कानूनअन्तर्गत कारबाही र सजाय हुने हो भन्ने द्विविधा भएको र त्यस सन्दर्भमा विचार गर्दा साबिकको ऐनबमोजिमको कसुरमा हालको ऐनको कार्यविधि लागू हुने भनी प्रेमबहादुर मोक्तान विरूद्ध नेपाल सरकार (ने.का.प. २०६०, अंक ७/८, नि.नं. ७२६०) भएको जिउ मास्ने बेच्ने मुद्दामा यस अदालतबाट सिद्धान्त प्रतिपादित भई प्रकाशितसमेत भइरहेको पाइन्छ । उल्लिखित संवैधानिक व्यवस्था तथा अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा हेर्दा कानूनका दुई प्रकारमध्ये कार्य विधिगत कानूनको हकमा सम्बन्धित मुद्दाको कार्यविधि चल्दाको अवस्थामा प्रचलित कानून नै लागू हुने देखिन्छ भने Substantive कानूनको हकमा पश्चातदर्शी रूपमा कानूनको प्रयोग गर्न मिल्ने देखिँदैन ।

५. substantive कानूनको प्रयोग पश्चातदर्शी रूपमा गर्न नमिल्ने संवैधानिक व्यवस्था भएपनि अपराध गर्दाको बखत प्रचलनमा रहेको कानूनको स्थानमा नयाँ कानून निर्माण भएको अवस्थामा कुन कानूनको आधारमा सजाय हुने हो भन्ने द्विविधाको समाधान अदालती व्याख्याबाट भएको पाइन्छ । यस सम्बन्धमा Calder Vs. Bull को मुद्दा (सन् १७९८) मा अमेरीकी सर्वोच्च अदालतले निम्न प्रकृतिको कानूनलाई अतीत प्रभावी हुने भनी व्याख्या गरेको देखिन्छः-

(१) कानून बन्नुभन्दा पहिले अपराध नमानिने कुनै कार्यलाई पछाडि बनेको कानूनले अपराध घोषित गर्ने गरी निर्माण गरिएको कानून

(Every law that makes an action done before the passing of the law and which was innocent when done criminal and punishes that action.)

(२) कुनै कसुर गर्दाको अवस्थामा सानो र कम गम्भीर मानिएको कसुरलाई पछाडि ठूलो र बढी गम्भीर हुने गरी निर्माण गरिएको कानून (Every law that aggravates a crime or makes it greater than it was when committed.)

(३) कसुर गर्दाको समयमा कम सजाय हुने कुनै कसुरमा पछाडि सजाय परिवर्तन गरी बढी सजाय गर्ने गरी निर्माण गरिएको कानून (Every law that changes the punishment and inflicts a greater punishment than the law annexed to the crime when committed.)

(४) अपराध गर्दा अपराधीलाई कसुरदार ठहर गर्न आवश्यक पर्ने प्रमाणसम्बन्धी कानूनी नियमहरूमा फेरबदल गरी कसुर प्रमाणित गर्न कम प्रमाण भए पुग्ने गरी निर्माण गरिएको कानून (Every law that alters the legal rules of evidences and receives less or different testimony than the law required at the time of the commission of the offence in order to convict the offender.)

६. अतीत प्रभावी कानूनका सम्बन्धमा अमेरिकी सर्वोच्च अदालतले गरेको उल्लिखित व्याख्यालाई नेपालको सर्वोच्च अदालतबाट उत्तम लामा वि. श्री ५ को सरकार भएको जिउ मास्ने बेच्ने मुद्दा (ने.का.प. २०६१, अंक ९, नि.नं.७४३२) मा स्वीकार गरिएको पाइन्छ। उपर्युक्त व्याख्याको सन्दर्भमा प्रस्तुत मुद्दालाई हेर्दा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ र मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ दुवैले मानव बेचबिखन तथा ओसार पसारको कार्यलाई अपराध भनी मान्यता दिएको देखिन्छ। मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३०(२) ले जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ अन्तर्गत भए गरेका काम कारबाही यसै ऐनअन्तर्गत भए गरेको मानिने छन् भन्ने व्यवस्था गरेकोले जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ बहाल रहेको अवस्थामा भएको कसुरमा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ अनुसार कारबाही चलाउन सकिने नै देखिन्छ।

७. अमेरिकी सर्वोच्च अदालतले गरेको उल्लिखित व्याख्या र कानूनको अतित प्रभावी सिद्धान्तलाई प्रस्तुत मुद्दाको सम्बन्धमा विचार गर्दा प्रतिवादी / पुनरावेदक ताराबहादुर बस्नेत काठमाडौंमा बस्ने गरेकोमा निज आफ्नो गृह जिल्ला सिन्धुपाल्चोक गई पीडितसमेतलाई काठमाडौंमा काम लगाइदिन्छु, धेरै पैसा आउँछ भनी फकाई फुलाई प्रलोभनमा पारी निजहरूको घरपरिवारसँग सरसल्लाह नगरी परिवारको सहमति नलिई पीडितलाई निजको घर सिन्धुपाल्चोकदेखि काठमाडौंसम्म ल्याई प्रकाश भन्ने व्यक्तिको साथमा (जिम्मामा) लगाएको भन्नेमा विवाद देखिएन । निज पुनरावेदक / प्रतिवादीले पीडितलाई आफ्नो चिनजानको साथी प्रकाशको जिम्मा लगाएपछि निज प्रकाशले पीडितलाई भारत बम्बईको कमान्ठीपुरामा पुऱ्याई कोठीमा बिक्री गरेको भन्ने निज पीडितको बयानबाट देखिनुका साथै प्रतिवादीले यस अदालतमा बयान गर्दा पीडित बाह्रबिसे बि. र ................. गाउँकै केटीहरू हुन्, प्रकाश भन्ने व्यक्ति चिनजानको मान्छे भएकोले केही समय निजको साथमा बस्न भनेको हो, निजले भारत बम्बैमा लगी बेच्ला जस्तो लागेको थिएन भनी बयान गरेकोसमेत

देखियो । यसप्रकार यी पुनरावेदक / प्रतिवादीको अदालतको बयानबाट समेत यिनले नै पीडितलाई सिन्धुपाल्चोकको निजको घर / गाउँदेखि ल्याई प्रकाश भन्ने व्यक्तिको जिम्मामा दिएको र प्रकाशले भारत बम्बई पुऱ्याई निज पीडितलाई बिक्री गरेको भन्ने देखिएको सन्दर्भमा सो बिक्री गर्ने कार्यमा यी पुनरावेदक / प्रतिवादी ताराबहादुर बस्नेतको कहिँकतै पनि सहयोग र संलग्नता थिएन भनी मान्न मिल्ने नदेखिई निजको सो कार्य जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ४ तथा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(३) अन्तर्गतको कसुर कायम हुने देखियो।

८. उल्लिखित कसुरका प्रतिवादी / पुनरावेदकलाई हुने सजायको सम्बन्धमा विचार गर्दा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) अनुसार १० वर्षदेखि २० वर्षसम्म कैद सजाय हुने देखिन्छ भने मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) अनुसार पुनरावेदक / प्रतिवादीलाई २० वर्ष कैद र २(दुई) लाख जरिवाना हुने देखिन्छ। यसप्रकार वारदात हुँदाका बखत प्रचलनमा रहेको ऐनले उल्लिखित कसुरमा निर्धारण गरेको सजायभन्दा पछिल्लो ऐनले निर्धारण गरेको सजाय बढी रहेकोले प्रस्तुत वारदातका कसुरदारलाई पछि बनेको ऐन (मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४) अनुसार सजाय गर्दा बढी सजाय हुन जाने र त्यसो गर्नु अतित प्रभावी सिद्धान्त (Principle of Ex-Post Facto law) अनुसार नमिल्ने भएकाले प्रस्तुत मुद्दाका कसुरदार पुनरावेदक ताराबहादुर बस्नेतलाई जिउ मास्ने बेच्ने (नियन्त्रण) ऐन, २०४३ अनुसार सजाय गर्नुपर्ने देखियो। जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) मा "मानिस बेचबिखन गर्ने व्यक्तिलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुनेछ" भन्ने उल्लेख भएको देखिँदा मानिस बेचबिखनको कसुरमा संलग्न हुने कसुरदारलाई संलग्नताको स्तर हेरेर विवेकशील निर्णय गर्न विधि निर्माणकर्ताले न्यायकर्तालाई पर्याप्त स्वविवेकीय अधिकार दिएको देखिन्छ। यसरी मानिस बेचबिखनको कार्यमा संलग्न कसुरदारलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुने फैसला गर्न न्यायकर्ता सक्षम रहेपनि निर्णय गर्दा विवेकशील, न्यायोचित र औचित्यता हेरी निर्णय गर्नुपर्दछ, भने कसुरदारलाई गरिएको सजाय र कसुरको स्तरबीचमा औचित्यपूर्ण सम्बन्ध पनि देखिनुपर्दछ।

९. प्रस्तुत मुद्दामा पुनरावेदक ताराबहादुर बस्नेतको आपराधिक कार्यमा संलग्नता रहेको देखिए पनि त्यस्तो संलग्नता सिन्धुपाल्चोकदेखि काठमाडौंसम्म पीडित पक्षलाई ल्याउने कार्यमा सीमित रहेको देखिन्छ । काठमाडौंदेखि भारतको बम्बईको कमान्ठीपुरामा पुऱ्याई बिक्री गर्नेसमेतका कार्यमा निजको संलग्नता रहेको देखिँदैन। साथै पीडित बाह्रबिसे बि. लाई बम्बईको कोठीमा बिक्री गरेबापत प्राप्त रकम बाँडफाँड भएको तथा त्यस्तो रकमको बाँडफाँडबाट केही हिस्सा यी पुनरावेदकले लिई आर्थिक लाभ प्राप्त गरेको भन्नेसमेत कहिँकतैबाट खुल्न आएको देखिँदैन।

१०. सिन्धुपाल्चोक बस्ने पीडित बाह्रबिसे बि. लाई सिन्धुपाल्चोकदेखि काठमाडौं हुँदै भारतको बम्बईसम्म पुऱ्याई बिक्री गर्ने कार्य पूरा गर्दा पूरा गर्नुपर्ने विभिन्न चरणहरूमध्ये पहिलो चरणको सिन्धुपाल्चोकदेखि काठमाडौंसम्म ल्याउने कार्यमा संलग्न हुने यी पुनरावेदकलाई विधायिकाले कानून बनाउँदा निर्धारण गरेको सजायको उच्च स्तरको मात्रा प्रयोग गरी हदैसम्मको दण्ड दिनु न्यायोचित र विवेकसम्मत नहुने र न्यूनतम सजाय गर्दा पनि कानूनको मनसाय पूरा हुने देखिन्छ।

११. अतः माथि विवेचित आधार र कारणसमेतबाट प्रस्तुत मुद्दाका पुनरावेदक / प्रतिवादी ताराबहादुर बस्नेतलाई निजले पीडित बाह्रबिसे बि. लाई बेचबिखन गर्न निर्वाह गरेको भूमिकाको आधारमा

जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम हदैसम्मको सजाय गर्नु न्यायोचित नदेखिँदा पुनरावेदन अदालत पाटनबाट मिति २०७१।७।२५ मा पुनरावेदक / प्रतिवादी ताराबहादुर बस्नेतलाई २० वर्ष कैद सजाय हुने ठहर गरी भएको फैसला सो हदसम्म उल्टी भई निजलाई जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम १०(दश) वर्ष कैद हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

१२. प्रस्तुत मुद्दामा कानून (ऐन) द्वारा प्रतिवादीलाई तोकिएको सजायको दृष्टिकोणबाट जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लागू भएपनि मानव बेचबिखन ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३०(२) को कानूनी व्यवस्थाले जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई समर्थन गरेको अवस्था तथा सोही मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भन्नेसमेतको अभियोग दाबी भएको सन्दर्भमा पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनार्थ पहिलाको ऐनभन्दा उदार व्यवस्थासहित आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ लागू नहुने भन्न मिल्ने देखिँदैन, साथै जाहेरी पर्दा र अभियोग दर्ता हुँदाका बखत लागू रहेको ऐनले पीडितलाई क्षतिपूर्ति भराउनु पर्ने व्यवस्था गरेकोमा कसुर हुँदाका बखत लागू रहेको कानूनले क्षतिपूर्तिको व्यवस्था नगरेको भन्ने आधारमा पीडितलाई क्षतिपूर्ति नभराउने गरी व्याख्या गर्नु पीडित मैत्री विधि शास्त्रीय मान्यताअनुकूल नहुनुका साथै त्यसरी गरिएको व्याख्याले कानूनको उदार व्याख्यासम्बन्धी सिद्धान्तसँग समेत सामञ्जस्यता नराख्ने हुँदा प्रस्तुत मुद्दामा पीडितलाई क्षतिपूर्ति भराउनु सिद्धान्ततः मनासिब र औचित्यपूर्ण हुने देखियो ।

१३. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ मा प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराइदिनुपर्ने भन्ने उल्लेख भए पनि प्रस्तुत मुद्दामा पीडितले प्रतिवादीबाट क्षतिपूर्ति भराई पाउन सक्ने अवस्था मिसिलबाट देखिँदैन । साथै पीडित एच. आइ. भि. को संक्रमित रोगी भएकाले नियमित उपचार गर्नुपर्ने अवस्थामा रहेको तथा निजको आर्थिक अवस्थासमेत कमजोर रहेको भन्ने निजको बयान बेहोराबाट देखिन्छ । यसप्रकारको संवेदनशील रोग तथा कमजोर आर्थिक स्थितिको बिरामी (पीडित) ले कसुरदारबाट क्षतिपूर्ति भराई लिन पाउने अवस्था नभएको हुँदा निजको संरक्षकत्वको भूमिका निर्वाह गर्नबाट राज्य पन्छिन मिल्ने देखिएन ।

१४. तसर्थः यस्तो अवस्थाका पीडितलाई क्षतिपूर्तिको व्यवस्थासमेत गर्न मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १४ मा व्यवस्था भएको पुन:स्थापना कोषबाट पीडितले रू.३,००,०००।- (तीन लाख) क्षतिपूर्ति भराई लिन पाउने ठहर्छ । यस्तो रकम बैंक खाताबाट निकाल्न पीडितलाई सहज हुने गरी निजलाई पायक पर्ने सरकारी बैंकमा निज पीडितको नाममा खाता खोल्न लगाई यथाशीघ्र सो खातामा जम्मा गर्ने व्यवस्था गर्नु गराउनु भनी महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । तपसिलबमोजिम गर्नू ।

तपसिल

१. माथि इन्साफ खण्डमा ठहर भएबमोजिम पुनरावेदन अदालत पाटनको मिति २०७१।७।२५ को फैसला केही उल्टी भई पुनरावेदक / प्रतिवादी ताराबहादुर बस्नेतलाई १०(दश) वर्ष कैद सजाय हुने ठहरेकाले सुरू जिल्ला अदालतको तपसिल खण्डको १ नं. को लगत कायम नरहने हुँदा सो लगत संशोधन गरी पुनरावेदक / प्रतिवादीलाई पक्राउ परेको मिति (२०६९।८।२) देखि गणना

गरी १० वर्ष कैद असुल गर्न लगत कसी संशोधित कैदी पुर्जीसहितको जानकारीपत्र सम्बन्धित कारागारमा पठाई दिनु भनी सुरू जिल्ला अदालतमा लेखी पठाई दिनू।

२. इन्साफ खण्डमा ठहर भएबमोजिमको रकम यथाशीघ्र पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनार्थ प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई दिनू।

३. प्रस्तुत फैसलाको प्रति विद्युतीय अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. पुरुषोत्तम भण्डारी

इजलास अधिकृतः उद्धवप्रसाद गजुरेल
इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम्।

## निर्णय नं. १००२६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
फैसला मिति : २०७३।१२।१
०७२-CI-१३२२

मुद्दा : निषेधाज्ञा

पुनरावेदक / निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २५ बस्ने तिर्थलाल श्रेष्ठसमेत

विरूद्ध

प्रत्यर्थी / विपक्षी : हनुमानढोका दरबार संग्रहालय विकास समिति, हनुमानढोका काठमाडौंसमेत

- **करारका आधारभूत सर्तको परिपालनाका सम्बन्धमा करार ऐनले व्यवस्था गरेबमोजिम हुने र करारको सर्तअनुरूप करार परिपालनाको साथै करारको अवधि सम्पन्न भएपछि करारअनुसार पुनः टेण्डर आह्वान गर्न नपाउने भन्न नमिल्ने।**
- **करार समाप्त भइसकेपछि करारअनुसार राखिएका कबल पसलहरूको स्वामित्व सम्बन्धमा प्रश्न उठेमा निषेधाज्ञाको निवेदनबाट यसको वा उसको भनी हक स्वामित्वको निर्णय हुन नसक्ने।**
- **करार ऐनको दफा ८७ को उपदफा (१) को व्यवस्थालाई हेर्दा करारको कुनै पक्षले सो करारको प्रकृतिअनुसार गर्न नहुने कुनै कामकारबाही वा व्यवहार गर्न लागेको कारणबाट करारको परिपालना सम्भव नहुने भएमा त्यस्तो कामकारबाही**

सर्वोच्च अदालत

**वा व्यवहारबाट मर्का पर्ने पक्षले त्यस्तो कामकारबाही वा व्यवहार रोकी पाउन पुनरावेदन अदालतमा उजुरी दिन सक्ने व्यवस्था देखिन्छ । सो दफा ८७ का अन्य उपदफाहरू अलग्गै स्वतन्त्र अस्तित्वका नभई उपदफा (१) सँग अन्तरसम्बन्धित रहेको पाइने ।**

(प्रकरण नं.४)

पुनरावेदक / निवेदकका तर्फबाट :
प्रत्यर्थी / विपक्षीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः-

मा. मुख्य न्या.डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री शिवनारायण यादव
पुनरावेदन अदालत पाटन

आदेश

**न्या.चोलेन्द्र शमशेर ज.ब.रा.:** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) अन्तर्गत दर्ता भई नियमानुसार पेस भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ :-

विपक्षी हनुमानढोका दरबार संग्रहालय, विकास समितिको स्वामित्वमा रहेको मख्खन तथा ठूलो घण्टाघर क्षेत्रमा पुरातात्विक हस्तकलाका सामानहरू बिक्री वितरण गर्नका लागि विपक्षी कार्यालयसँग मिति २०६६।८।३० मा ५ वर्ष अवधिको लागि बहाल सम्झौताको करारनामाको कागज भएको थियो । उक्त करारको अवधि मिति २०७१।८।२९ मा समाप्त भइसकेपश्चात् २०७१ साल माघ १५ गतेसम्मको अग्रीम भाडा नबुझाउने भाडावालाहरूको पसल कबल तालाबन्दी गरी टेण्डर प्रक्रिया अगाडि बढाइने भन्ने विपक्षी समितिको मिति २०७१।८।२९ को पत्रबमोजिम हामी निवेदकहरूले २०७१ साल फाल्गुण महिनासम्मको अग्रीम बहालसमेत विपक्षी समितिलाई बुझाई निर्बाध रूपमा पसल सञ्चालन गरी आएका छौं । यसरी विपक्षी समितिको पत्रबमोजिम नै हामी निवेदकहरूले अग्रीम भाडा बुझाई सकेपश्चात् मिति २०७१।९।८ मा त्यही स्थानलाई भाडामा लगाउने उद्देश्यले नेपाल समाचार पत्र दैनिकमा सूचना प्रकाशित गरिएको थाहा पाई यो निवेदन लिई आएका छौं ।

यसरी विपक्षी कार्यालयसँग भएको घर बहाल सम्झौता मिति २०७१।८।२९ मा समाप्त भएपश्चात् हामी निवेदकहरूसँग अग्रीम भाडा रकम मागिएको तर सम्झौता नवीकरण नगर्ने भन्ने निर्णय गरिएको भनी विपक्षी समितिबाट मिति २०७१।८।२९ मा हामी निवेदकहरूलाई पत्र दिएपश्चात् हामी निवेदकहरूले मिति २०७१।९।९ मा काठमाडौं जिल्ला अदालतमा पसल कबलको सम्झौता नवीकरण गरिपाउँ भनी फिरादसमेत दर्ता गराएका छौं । उक्त मुद्दा हाल काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको अवस्थामा विपक्षी कार्यालयले मिति २०७१।९।८ मा उक्त स्थान बोलपत्रमार्फत बहालमा लगाउन सूचना प्रकाशित गरेको हुँदा उक्त सूचनाबमोजिमको कार्य अगाडि बढेमा निवेदकहरूले लाखौं रूपैयाँ लगानी गरी सञ्चालन गरेका पसलहरू बन्द हुन जाने भई हामी निवेदकहरूलाई अपूरणीय क्षति हुन जाने अवस्था हुँदा विपक्षीहरूबाट मिति २०७१।९।८ मा प्रकाशित बोलपत्रसम्बन्धी कारबाही अगाडि नबढाउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी गरिपाउँ साथै प्रस्तुत निवेदनको टुङ्गो नलागेसम्म मिति २०७१।९।८ मा प्रकाशित बोलपत्रसम्बन्धी काम कारबाही अगाडि नबढाउनु यथास्थितिमा राख्नु भनी पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३क. बमोजिम अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदकहरूको रिट निवेदन दाबी ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित १५ दिनभित्र आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति प्रतिलिपि साथै राखी सूचना पठाउनू । अन्तरिम आदेशसमेत जारी गरिपाउँ तर्फ र मुद्दाको विषयवस्तुसमेतलाई विचार गर्दा प्रस्तुत मुद्दामा अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा मिति २०७१।१०।२८ गते छलफलको लागि विपक्षीहरू समेतलाई सूचना दिनु र सो अवधिसम्मको लागि पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३ क. (१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७१।१०।२० को आदेश।

यसमा प्रस्तुत विषयसँग सम्बन्धित अदालती बन्दोबस्तको १७ नं.को निवेदन यस अदालतमा मिति २०७१।१०।२७ गते दर्ता भएको हुँदा सो निवेदन साथै राखी अन्तरिम आदेशको छलफलको लागि मिति २०७१।११।३ गतेको तारेख तोकी सोको सूचना विपक्षीहरूलाई समेत दिनु र सो अवधिसम्मको लागि यस अदालतबाट मिति २०७१।१०।२० गते जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिएको छ भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७१।१०।२८ को आदेश।

करार / बहालको अवधि समाप्त भएपछि आफूले भोगचलन गरी आएको सम्पत्ति छोड्नु पर्दछ। बहालको अवधिपश्चात् सम्पत्ति भोगचलन गर्नु गैरकानूनी कार्य हो। गैरकानूनी कार्य गर्न पाउनु पर्दछ भनी निवेदन पत्र दायर भएको सम्मानित अदालतले बुझ्न सक्ने नै छ । बहाल अवधि समाप्त भएपछि गैरकानूनी भोग गर्नेलाई प्रशासनिक निकायले समेत निकाला गर्न सक्ने सर्वोच्च अदालत बुलेटिन, २०६९, पूर्णाङ्क ४७०, पृष्ठ २७ मा सिद्धान्त प्रतिपादन भएको छ । प्रस्तुत मुद्दाका विपक्षी निवेदकहरूले २०६६ सालको बोलपत्रमा सामेल भई पसल कबलहरू भाडामा लिनको लागि प्रतिस्पर्धामा भाग लिनु भई प्रक्रियाबमोजिम पसल कबल प्राप्त गर्नुभएको थियो । सोही प्रक्रियामा अहिले पनि बोलपत्रमा भाग लिने र प्रतिस्पर्धामा छनौट भई भाडामा लिन प्राप्त गर्न कहिँकतैबाट रोक लगाइएको अवस्था नहुँदा प्रस्तुत निवेदन खारेज भागी हुँदा खारेज गरिपाउँ भन्ने विपक्षीहरूको संयुक्त लिखित जवाफ।

निवेदकहरूले हनुमानढोका दरबार क्षेत्रभित्र उक्त दरबारको स्वामित्वमा रहेको मख्खन र ठूलो घण्टाघर क्षेत्रका पसल कबल २०६६।८।३० को करार सम्झौताबमोजिम भाडामा लिई बसेको कुरालाई स्वीकार गरेको पाइन्छ। उक्त करार सम्झौताको दफा ७ मा भाडा करारको अवधि पाँच वर्ष रहने उल्लेख भएको पनि मिसिल संलग्न उक्त करार सम्झौताको छायाँप्रतिबाट देखिन्छ । सो करारबमोजिम भाडामा बस्न पाउने अवधि २०७१।८।२९ सम्म हो भन्ने पनि निवेदनमा उल्लेख भएकै छ। यसबीच करार नवीकरण भएको वा पुनः करार भएको भन्ने निवेदकहरूको भनाई नहुँदा २०६६।८।३० मा पसल कबल भाडामा लिने दिने कुराबाट निवेदक र विपक्षीहरूबीच करारीय सम्बन्ध कायम भएपनि करारको अवधि समाप्त भएका कारण अब सो सम्बन्ध कायम छ भन्न मिल्ने देखिएन। मिति २०६६।८।३० मा "करार" पक्षहरूबीच गरिने सम्झौता हुँदा जबसम्म करारका शब्दहरूबाट पक्षहरूबीच स्पष्टतः सहमति भएको भन्ने देखिँदैन वा सो भन्न सकिने अवस्था रहँदैन, तबसम्म करार नवीकरण भयो वा व्यवहारबाट करार भयो भन्न मिल्ने हुँदैन। करारको सदासर्वदा संकुचित एवं नियन्त्रणात्मक व्याख्या गरिनुपर्छ। भाडा रकम बुझेको कारण भाडावाल र घरभेटीको सम्बन्ध कायम भई घर बनाउनेको ८ नं. आकर्षित भयो कि भन्नलाई निवेदकहरूको जिकिर नै मिति २०७१।८।२९ को पत्रको आधारमा

करार नवीकरण भयो भन्ने हुँदा र निवेदकहरूले करारबमोजिम भाडामा लिएको पसल कबल नछोडेबाट र विस्थापित हुनबाट जोगाई पाउँ भनी निवेदन गरेको विषयलाई सम्बोधन गर्ने क्रममा अग्रीम भाडा बुझाएमा माघ १५ सम्म बस्न दिने भन्ने उल्लेख भएको पाइएकोले पक्षहरूबीच करारीय सम्बन्धको पूर्वावस्था नरहेको झैं गरी स्वतन्त्ररूपमा घरभेटी र भाडावालाको सम्बन्ध कायम भई घर बनाउनेको ८ नं. आकर्षित भयो भनी मान्न मिल्ने देखिएन । निवेदकहरू बसेको पसल विपक्षीको हक स्वामित्वको हो भन्ने कुरालाई निवेदकहरूले स्वीकार गरेको र पसल कबल भोग गर्ने अधिकार करारबाट प्राप्त गरेकोसमेतबाट निवेदक र विपक्षीबीचको सम्बन्धलाई करारीय सम्बन्ध भन्नुपर्ने भई यस्तोमा नागरिक अधिकार ऐन, २०१२ आकर्षित हुनसक्ने देखिएन । निवेदकहरूले टेण्डर प्रक्रियाबाटै संलग्न भई करार गरी पसल कबल भाडामा लिएकोमा सोको अवधि समाप्त भइसकेको, मिति २०७१।८।२९ को पत्रमा नै पनि पुनः टेण्डर आह्वान गरिएको कुरा परेको अवस्था भई करारीय दायित्वको विषयमा रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्नेसमेत हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७२। ९।८ मा भएको फैसला।

हामी निवेदक र प्रत्यर्थीबीच मिति २०६६।८।३० मा ५ वर्ष अवधिको लागि बहाल सम्झौताको करार भएको हो । उक्त ५ वर्षको अवधि व्यतित गरिसकेपछि विपक्षी हनुमानढोका दरबार संग्रहालय, विकास समितिले हामीलाई मिति २०७१।८।२९ मा पत्र पठाई भाडा रकम मागेको हो। विपक्षी कार्यालयले मिति २०७१।९।८ मा बोलपत्र प्रकाशित गरेको छ । हामीबीचको करार अवधि समाप्त भएपछि पनि हामीसँग भाडा रकम मागीसकेपछि हामीबीच घर बनाउनेको ८ नं. बमोजिमको कानूनी सम्बन्ध स्थापित भएको अवस्था विद्यमान छ।

हामीले हाम्रो निवेदन मागमा प्रस्टसँग उल्लेख गरी हामीबीच मुलुकी ऐन, घर बनाउनेको ८ नं. बमोजिमको कानूनी सम्बन्ध स्थापित भएको बेहोरा उल्लेख गरेका छौँ। विपक्षीले बस्न दिएकोले विपक्षीको आचरण, व्यवहारबाट हामीलाई बहालवाला स्वीकार गरिएको अवस्था विद्यमान रहेको हुँदा मुलुकी ऐन, घर बनाउनेको ८ नं. बमोजिमको कानूनी सम्बन्ध स्थापित भइसकेको अवस्था छ। सो करारीय सम्बन्ध सकिएपछि विपक्षीले हामीलाई उठाउने हो भने भाडा रकम माग गर्दा नै यति समयपछि उठी जानुहोला भनी र हामी उठी जानेछौँ भनी आपसमा करार भएको हुनुपर्दछ। हामीबीच कुनै पनि करार नभई दुवैले मिति २०६६।८।३० को करार अवधि सकिएपछि लगत्तै मुलुकी ऐन, घर बनाउनेको ८ नं. आकृष्ट हुने गरी बिना सर्त, सर्त नगरी उक्त पसल कबलमा रहँदै बस्दै आएको सत्य साँचो बेहोरा हो । करारको नवीकरणको बाटो हामीले उठाएका छैनौं। कानूनबमोजिम अर्को कानूनी सम्बन्ध स्थापित भएपछि अब हामीबीच अर्को सहमति भयो भन्ने कानूनले ठान्दछ।

हामी निवेदकले मिति २०७१।९।२९ मा विपक्षी कार्यालयमा दिएको निवेदनमा उल्लिखित बेहोरालाई सम्बोधन गरी हामीसँग अग्रीम भाडा रकम मागिनुलाई सर्त नगरी त्यस मितिदेखि हामीलाई बस्न दिएको भन्ने मान्नु पर्ने हुन्छ। सो नमानी उल्टै मिति २०७१।१०।५ सम्मका लागि बस्न दिएको भनिनु न्यायसङ्गत छैन । विपक्षीले मिति २०७१।१०।१५ सम्मको भाडा मागे तापनि २०७१ फागुनसम्मको भाडा हामी कतिपयसँग लिएको अवस्था छ। विपक्षी कार्यालयले भाडा रकम नबुझाउने र सर्त नगरी बस्न नचाहनेको हकमा मात्र पसल कबल बोलपत्रमार्फत टेन्डर प्रक्रियामा जाने भन्ने बेहोरा प्रस्ट हुन्छ। उक्त कार्यालयको मिति २०७१।८।२९ को पत्रले पुनः टेन्डर आह्वान गर्ने कुरा उल्लेख गरे तापनि सो प्रक्रिया भाडा रकम नबुझाउनेको हकमा मात्र लागू हुने बेहोरा प्रस्ट

पारेको छ। करारीय दायित्वबाट कानूनी दायित्वमा हाम्रो सम्बन्ध प्रवेश गरिसकेपछि रिट क्षेत्र आकृष्ट हुँदैन भन्नु नितान्त गैरकानूनी हुन्छ । तसर्थ, पुनरावेदन अदालत पाटनको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी हामी निवेदक पुनरावेदकहरूले विपक्षी कार्यालयसँग बहालमा लिई पसल कबल सञ्चालन गरी आएको पसल कबलबाट हटाउने तथा उक्त पसल कबल बहालमा दिने तथा सोसम्बन्धी कुनै सूचना, टेन्डर नोटिस प्रकाशन गर्ने कार्य नगर्नु, नगराउनु भनी फैसला गरी न्याय पाउँ भन्ने पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन ? निवेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. यसमा निर्णयतर्फ हेर्दा विपक्षी हनुमानढोका दरबार संग्रहालय, विकास समितिको स्वामित्वमा रहेको मख्खन तथा ठूलो घण्टाघर क्षेत्रमा पुरातात्विक हस्तकलाका सामानहरू बिक्री वितरण गर्नका लागि विपक्षी कार्यालयसँग मिति २०६६।८।३० मा ५ वर्ष अवधिको लागि बहाल सम्झौताको करारनामाको कागज भएको थियो । उक्त करारको अवधि मिति २०७१।८।२९ मा समाप्त भइसकेपश्चात् २०७१ साल माघ १५ गतेसम्मको अग्रीम भाडा नबुझाउने भाडावालाहरूको पसल कबल तालाबन्दी गरी टेण्डर प्रक्रिया अगाडि बढाइने भन्ने विपक्षी समितिको मिति २०७१।८।२९ को पत्रबमोजिम हामी निवेदकहरूले २०७१ साल फाल्गुण महिनासम्मको अग्रीम बहालसमेत विपक्षी समितिलाई बुझाई निर्वाध रूपमा पसल सञ्चालन गरी आएका अवस्थामा हामी निवेदहरूले अग्रीम भाडा बुझाइसकेपश्चात् मिति २०७१।९।८ मा त्यही स्थानलाई भाडामा लगाउने उद्देश्यले नेपाल समाचार पत्र दैनिकमा सूचना प्रकाशित गरिएकोले विपक्षीहरूबाट मिति २०७१।९।८ मा प्रकाशित बोलपत्रसम्बन्धी कारबाही अगाडि नबढाउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने निवेदन बेहोरा रहेकोमा यस संग्रहालय र विपक्षी निवेदकहरूबीच भएको बहाल सम्झौताको करारको अवधि समाप्त भइसकेको र करारको अवधि समाप्त भइसकेपश्चात् पनि उक्त करार स्वतः निष्क्रिय हुने हुँदा तथा निवेदकहरूले २०६६ सालको बोलपत्रमा सामेल भई पसल कबलहरू भाडामा लिनको लागि प्रतिस्पर्धामा भाग लिनु भई प्रक्रियाबमोजिम पसल कबल प्राप्त गर्नुभएको थियो। सोही प्रक्रियामा अहिले पनि बोलपत्रमा भाग लिने र प्रतिस्पर्धामा छनौट भई भाडामा लिन प्राप्त गर्न कहिँकतैबाट रोक लगाइएको अवस्था नहुँदा प्रस्तुत निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ रहेकोमा पुनरावेदन अदालतबाट निवेदन खारेज हुने ठहरी भएका आदेशउपर निवेदकहरूको पुनरावेदन परी पेस भएको देखियो।

३. प्रस्तुत मुद्दामा यी पुनरावेदक र प्रत्यर्थीबीच प्रत्यर्थीको कबल भाडामा लिई पसल सञ्चालन गर्दै आएकोमा सम्झौताको अवधि समाप्त भएको भन्ने तथ्यमा विवाद देखिँदैन । पुनरावेदक र प्रत्यर्थीबीच पछिल्लो पटक भएको करारअनुसार करारको समयावधि २०७१।८।२९ सम्म कायम रहेको पुनरावेदकले नै स्वीकार गरेको देखिन्छ। उक्त करारको अवधि समाप्त भएपछि प्रत्यर्थीले करारअनुरूप निजको कबलमा पुनः टेण्डर आह्वान गरेकोले कबल पसलबाट निकाल्ने आशंका भएकोले त्यसो नगर्नु भनी निषेधाज्ञा जारी गरी पाउन माग गरेको देखिन्छ। तर पुनरावेदन अदालतले निवेदन दाबी नै खारेज गरेको अवस्था रहेछ।

४. प्रस्तुत विवाद करारिय प्रकृतिको विषयलाई लिएर परेको देखिन्छ। करारका आधारभूत सर्तको परिपालनाका सम्बन्धमा करार ऐनले व्यवस्था गरेबमोजिम हुने र करारको सर्तअनुरूप

करार परिपालनाको साथै करारको अवधि सम्पन्न भएपछि करारअनुसार पुनः टेण्डर आह्वान गर्न नपाउने भन्न मिल्दैन । त्यस्तै करार समाप्त भइसकेपछि करारअनुसार राखिएका कबल पसलहरूको स्वामित्व सम्बन्धमा प्रश्न उठेमा निषेधाज्ञाको निवेदनबाट यसको वा उसको भनी हक स्वामित्वको निर्णय हुन सक्तैन । करारबमोजिम आफूले कबल पसलमा राखेका सामानहरू करार समाप्त भएपछि उठाई लान नदिएमा वा नोक्सानी गरेको भएमा त्यो साम्पत्तिक अधिकारसम्बन्धी छुट्टै विवादको विषय बन्न जाने र त्यसमा सामान्य कानूनी उपचारको व्यवस्था आकर्षित हुन्छ । अर्कोतर्फ यी पुनरावेदकले करार ऐन, २०५६ को दफा ८७ बमोजिम उपचार प्राप्तिको दाबी लिएको निवेदनबाट देखिन आउँछ । करार ऐनको दफा ८७ को उपदफा (१) को व्यवस्थालाई हेर्दा करारको कुनै पक्षले सो करारको प्रकृतिअनुसार गर्न नहुने कुनै कामकारबाही वा व्यवहार गर्न लागेको कारणबाट करारको परिपालना सम्भव नहुने भएमा त्यस्तो कामकारबाही वा व्यवहारबाट मर्का पर्ने पक्षले त्यस्तो कामकारबाही वा व्यवहार रोकी पाउन पुनरावेदन अदालतमा उजुरी दिन सक्ने व्यवस्था देखिन्छ । सो दफा ८७ का अन्य उपदफाहरू अलग्गै स्वतन्त्र अस्तित्वका नभई उपदफा (१) सँग अन्तरसम्बन्धित रहेको पाइँदा यी पुनरावेदकले आधार लिएको उल्लिखित कानूनी व्यवस्था करारको अवधि समाप्त भएपछि आकर्षित हुने नदेखिई करार परिपालनाको सम्बन्धमा उत्पन्न समस्यासँग सम्बन्धित रहेको स्पष्टै छ । तर प्रस्तुत विवादको विषय करारको अवधि समाप्त भइसकेपछिको देखिएकोले उक्त दफा यस मुद्दाको विवादको विषयमा आकर्षित हुनसक्ने देखिन नआउँदा पुनरावेदन अदालतले गरेको इन्साफ अन्यथा देखिन आएन ।

५. तसर्थ, माथि विवेचित आधार र कारणहरूबाट निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ठहऱ्याई निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।९।८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. सारदाप्रसाद घिमिरे

इजलास अधिकृत: जगतबहादुर पौडेल
इति संवत् २०७३ साल चैत्र १ गते रोज ३ शुभम् ।

## निर्णय नं. १००२७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपक कुमार कार्की
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति : २०७४।१२।१२
०७०-WO-०६३४
विषयः- उत्प्रेषण / परमादेश

निवेदक : ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं. १ कुपण्डोल स्थित मल्टी डिसिप्लिनरी कन्सल्टेन्ट्स प्रा.लि. को तर्फबाट अधिकारप्राप्त प्रवन्ध सञ्चालक बदन लाल न्याछ्यो

विरूद्ध

विपक्षी : नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय, कालिमाटी काठमाडौंसमेत

- **राज्यको कुनै निकाय वा अधिकारीले आफ्नो कर्तव्य पालनको सन्दर्भमा कुनै कानूनविपरीतको कार्य भएको देखेमा र सो सम्बन्धमा कारबाही गर्न उक्त निकाय वा अधिकारीलाई क्षेत्राधिकार नभएमा साधिकार निकायमा कानूनी कारबाहीको लागि लेखी पठाउन नमिल्ने भन्ने देखिन आउँदैन तर उक्त सिफारिसलाई मात्र आधार लिई साधिकार निकायले निर्णय वा कारबाही गर्न मिल्ने भने हुँदैन । साधिकार निकायले उक्त निर्णय के कुन तथ्य, प्रमाण र कानूनमा आधारित रहेर गरिएको हो भन्ने कुराको जवाफ उक्त निर्णयमार्फत दिनु नै पर्ने हुन्छ । यो मान्यता 'आधार र कारणयुक्त निर्णय' (Reasoned Decision) हुनुपर्ने भन्ने प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice) अन्तर्गतको सुनुवाइको सिद्धान्त (Theory of Hearing) सँग पनि सम्बन्धित हुने ।**

(प्रकरण नं.५)

- **प्रशासकीय र न्यायिक निकायबाट कुनै व्यक्तिको हकाधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ कारबाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ । निर्णयमा यस किसिमको निष्पक्षता र स्वच्छता कायम गर्नको लागि जसका विरूद्ध कानूनी दायित्व बहन गराउने गरी निर्णय गरिन्छ उसलाई आफ्नो दाबी वा भनाइ राख्ने र प्रमाण पेस गर्ने समुचित मौका प्रदान गरिनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तअन्तर्गतको सुनुवाइको सिद्धान्तसँग सम्बन्धित छ । यसले निर्णय प्रक्रियालाई स्वच्छ (Fair), न्यायिक (Just) र निष्पक्ष (Impartial) बनाउन मद्दत गर्ने हुन्छ । यसैलाई कानूनको उचित प्रक्रिया (Due Process of law) पनि भनिन्छ । कानूनको उचित प्रक्रिया (Due process of law or Procedure established by law) र प्राकृतिक न्याय सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगत रूपमा भएको मानिने ।**

(प्रकरण नं.९)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४

आदेश

**न्या.प्रकाशमान सिंह राउत:** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७ को उपधारा (२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

**तथ्य खण्ड**

मल्टि डिसिप्लिनरी कन्सल्टेन्ट्स प्रा.लि. प्राविधिक, प्रशासनिक एवं पेसागत क्षमताअनुसारको परामर्श सेवा प्रदान गर्ने उद्देश्य राखी कम्पनी ऐनबमोजिम दर्ता भएको कम्पनी हो । यस कम्पनीले तत्कालीन जनसंख्या तथा परिवार स्वास्थ्य परियोजना, परियोजना कार्यान्वयन इकाईसँग मिति २०५३।९।१० को सम्झौताबमोजिम डोल्पा

जिल्लाको इला हेल्थपोष्ट भवनसमेतको निर्माण कार्यमा सुपरिवेक्षण परामर्शदाताको रूपमा काम गरेका थियौँ । तर मिति २०७०।१०।२३ मा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट गोरखापत्रमा इला हेल्थपोष्ट निर्माण गर्न भएको सम्झौताबमोजिम तोकिएको कार्य नगरेकोले सुपरिवेक्षण परामर्शदाता रिट निवेदकलाई कालोसूचीमा राख्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयबमोजिम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट लेखी आएको भनी कालोसूचीमा राख्न नपर्ने आधार / कारण भए ३० दिनभित्र स्पष्टीकरण पेस गर्नु भनी सूचना प्रकाशित गरिएकोमा २०७०।११।२३ मा सो सूचनाको जवाफ दिई मिति २०७०।३।२८ को पत्रको नक्कल लिई हेर्दा निवेदकलाई कालोसूचीमा राख्ने भनी निर्णयानुसार भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयबाट सो पत्र लेखिएको भन्ने देखियो । यस कम्पनीले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ आउनुपूर्व गरेको कामका सम्बन्धमा उक्त कानूनअन्तर्गत कारबाही गर्न नमिल्ने अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१(४) को प्रक्रिया नपुर्‍याई स्पष्टीकरण माग गरी प्राकृतिक न्याय सिद्धान्तको विपरीत हुने गरी निवेदकलाई कालोसूचीमा राख्ने सम्बन्धमा भएको काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदक कम्पनीलाई अनधिकृत रूपमा कालोसूचीमा राख्नेसम्बन्धी कुनै काम कारबाही नगर्नु नगराउनु भनी परमादेश वा अन्य उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन ।

मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै कारण भए बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी म्याद सूचना पठाउनु र अन्तरिम आदेशका सम्बन्धमा दुवै पक्षलाई राखी छलफल गर्न उपयुक्त हुने भएकाले मिति २०७०।१२।४ को पेसीको तारेख तोकी सोको जानकारी विपक्षीहरूलाई समेत दिनु भन्ने यस अदालतको एक न्यायाधीशको इजलासको मिति २०७०।११।२८ को आदेश ।

डोल्पा जिल्ला स्थित इला हेल्थपोष्ट भवन निर्माण कार्यको सुपरिवेक्षण तथा परामर्शदाता, मल्टि डिसिप्लिनरी कन्सल्टेन्ट्स प्रा.लि. र निर्माण व्यवसायी सिद्धबाबा निर्माण सेवाले आफूलाई तोकिएको ठेक्का सम्झौताअनुसारको जिम्मेवारी ठिकसँग पूरा नगरेकोले इला हेल्थपोष्ट भवन अधुरो रहेकोबारे उक्त फर्महरूसँग स्पष्टीकरण लिँदा स्पष्टीकरण सन्तोषजनक नभएकोले निजहरूलाई प्रचलित ऐन, नियमअनुसार कारबाही गर्न भौतिक योजना तथा यातायात मन्त्रालयलाई लेखी स्वास्थ्य मन्त्रालयलाई समेत जानकारी दिने गरी आयोगबाट निर्णय भएको हो । आयोगको निर्णयबाट विपक्षीको संविधान प्रदत्त हकमा कुनै आघात नपुगेको हुँदा रिट खारेज भागी छ भन्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफ ।

डोल्पा जिल्ला स्थित इला हेल्थपोष्ट भवन निर्माण गर्न सम्झौता भएबमोजिमको कार्य रिट निवेदकले नगरेकोले कालोसूचीमा राख्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयबमोजिम भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयमार्फत लेखी आएको हुँदा ३० दिने सार्वजनिक सूचना जारी गरी स्पष्टीकरण माग गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ बमोजिम रिट निवेदकलाई कालोसूचीमा राख्ने नराख्ने सम्बन्धमा कारबाही प्रक्रिया कानूनबमोजिम भएको हुँदा रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको सार्वजनिक खरिद अनुगमन कार्यालयको लिखित जवाफ ।

रिट निवेदकले सम्झौतामा उल्लिखित सर्तबमोजिम काम नगरेको अवस्थामा कालोसूचीमा राख्ने प्रक्रिया अवलम्बन भएको कानूनसम्मत छ भन्नेसमेत बेहोराको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लिखित जवाफ ।

रिट निवेदकलाई कालोसूचीमा राख्नेसम्बन्धी कारबाही प्रक्रियाको सम्बन्धमा यस मन्त्रालयको भूमिकाबारे कुनै उल्लेख नभएको रिट निवेदन खारेज भागी छ भन्नेसमेत बेहोराको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफ र सोही बेहोरा मिलानको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको छुट्टै लिखित जवाफ।

यसमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१(४) बमोजिमको प्रक्रिया नपुर्‍याई कालोसूचीमा राख्ने सम्बन्धमा दिइएको सूचना उक्त नियमको व्यवस्थाबमोजिम भएको छैन भन्ने विषय नै विचाराधीन अवस्थामा रहेको देखिँदा विचाराधीन निर्णयलाई असर पर्ने गरी तथा आफूसमक्ष परेको जवाफको उचित निर्णय नै नगरी नयाँ निकासा गर्ने छैन भन्ने अपेक्षा गरिएको हुँदा हाल अन्तरिम आदेश जारी गरी रहन परेन। विपक्षीहरूको लिखित जवाफ परिसकेको र प्रस्तुत निवेदनमा उठाएको विषयको गाम्भीर्यलाई विचार गर्दा प्रस्तुत निवेदनलाई अग्राधिकार दिई पेस गर्नु भन्ने यस अदालतको संयुक्त इजलासको मिति २०७१।३।१ को आदेश।

**ठहर खण्ड**

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठले पहिले भएको काम कारोबारको सम्बन्धमा पछि जारी सार्वजनिक खरिद ऐन, २०६३ को आधारमा सुनुवाइको समुचित मौकासमेत नदिई रिट निवेदकलाई कालोसूचीमा राख्ने गरी कारबाही प्रक्रिया अगाडि बढेको हुँदा सोसम्बन्धी कारबाही एवं निर्णय बदर गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री विश्वराज कोइरालाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६४ बमोजिम स्थापित सार्वजनिक खरिद अनुगमन कार्यालयले गोरखापत्र दैनिकमा सार्वजनिक सूचना जारी गरी विपक्षीलाई सुनुवाइको मौका प्रदान गरी कालोसूचीमा राख्ने सम्बन्धमा भएको निर्णय एवं काम कारोबार कानूनसम्मत रहेको हुँदा रिट निवेदन खारेज भागी छ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रस्तुत रिट निवेदकको रिट निवेदन र लिखित जवाफसहितको मिसिल अध्ययन गरी विद्वान् वरिष्ठ अधिवक्ता र सहन्यायाधिवक्ताको बहस जिकिरसमेत सुनी विचार गर्दा रिट निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, सार्वजनिक खरिद ऐन, २०६३ आउनुपूर्व सम्झौता भई कार्य सम्पन्न गरेको कार्यको सम्बन्धमा उक्त ऐन लगाई सुनुवाइको मौकासमेत नदिई प्राकृतिक न्याय सिद्धान्तको विपरीत हुने गरी कालोसूचीमा राख्ने गरी भएको निर्णय एवं काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी कालोसूचीमा नराख्नु भनी परमादेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन र रिट निवेदकले डोल्पा जिल्ला स्थित ईला हेल्थपोष्टको भवन निर्माणसम्बन्धी कार्यको सम्बन्धमा रिट निवेदकसमेतसँग भएको ठेक्का सम्झौता र प्रचलित कानूनबमोजिम नगरेको हुँदा रिट निवेदकलाई कानूनबमोजिम कारबाही गर्नु भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट लेखी आएअनुसार कानूनसम्मत रूपमा कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढेको हो भन्ने सार्वजनिक खरिद अनुगमन कार्यालयसमेतका प्रत्यर्थीहरूको लिखित जवाफ रहेछ।

३. उपर्युक्तबमोजिम रिट निवेदन र लिखित जवाफमा उल्लिखित बेहोरा हेर्दा डोल्पा जिल्ला स्थित ईला हेल्थपोष्टको भवन निर्माणसम्बन्धी कार्यको सम्बन्धमा रिट निवेदकसमेतसँग भएको ठेक्का

सम्झौताअनुसार तोकिएको जिम्मेवारी ठिकसँग पूरा नगरेकोले ईला हेल्थपोष्ट भवन अधुरो रहन गएको आधार लिई रिट निवेदकलाई कालोसूचीमा राख्ने गरी कारबाही प्रक्रिया अगाडि बढेको कुरालाई चुनौती दिई प्रस्तुत रिट निवेदन दायर हुन आएको रहेछ।

४. यससम्बन्धी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट प्राप्त रिट निवेदकलाई कालोसूचीमा राख्ने सम्बन्धमा काम कारबाही भएको सक्कल फाइल हेर्दा डोल्पा जिल्लाको ईला हेल्थपोष्ट भवन निर्माण गर्न भएको सम्झौताबमोजिमको कार्य नगरेको भनी रिट निवेदकसमेतलाई कालोसूचीमा राख्न स्पष्टीकरण माग गरी मिति २०७०।१०।२३ मा गोरखापत्रमा सूचना प्रकाशन गरी कालोसूचीमा राख्नेसम्बन्धी काम कारबाही अगाडि बढेकोमा उक्त कारबाही सम्बन्धमा यस अदालतमा रिट निवेदन दायर भएकोसमेत आधारमा रिट निवेदकलाई कालोसूचीमा राख्नेसम्बन्धी उक्त काम कारबाही तत्कालको लागि स्थगित गर्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७१।५।११ मा निर्णय भएको रहेछ।

५. यी रिट निवेदकलाई कालोसूचीमा राख्ने सम्बन्धमा भएको उक्त निर्णय एवं सोसम्बन्धी काम कारबाही अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सिफारिससमेत बमोजिम गरिएको भन्ने स्पष्टीकरण माग गरी मिति २०७०।१०।२३ मा गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित सूचनासमेतमा उल्लेख छ भने लिखित जवाफमा समेत उक्त कुरा स्वीकार गरिएको छ । राज्यको कुनै निकाय वा अधिकारीले आफ्नो कर्तव्य पालनको सन्दर्भमा कुनै कानूनविपरीतको कार्य भएको देखेमा र सो सम्बन्धमा कारबाही गर्न उक्त निकाय वा अधिकारीलाई क्षेत्राधिकार नभएमा साधिकार निकायमा कानूनी कारबाहीको लागि लेखी पठाउन नमिल्ने भन्ने देखिन आउँदैन तर उक्त सिफारिसलाई मात्र आधार लिई साधिकार निकायले निर्णय वा कारबाही गर्न मिल्ने भने हुँदैन। साधिकार निकायले उक्त निर्णय के कुन तथ्य, प्रमाण र कानूनमा आधारित रहेर गरिएको हो भन्ने कुराको जवाफ उक्त निर्णयमार्फत दिनु नै पर्ने हुन्छ। यो मान्यता 'आधार र कारणयुक्त निर्णय' (Reasoned Decision) हुनुपर्ने भन्ने प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice) अन्तर्गतको सुनुवाइको सिद्धान्त (Theory of Hearing) सँग पनि सम्बन्धित छ।

६. सार्वजनिक खरिद ऐन, २०६३ आउनुपूर्व २०५४ सालको सम्झौताअन्तर्गत २०५५ सालदेखि २०५७ सालसम्मको अवधिमा निर्मित डोल्पा जिल्ला स्थित ईला हेल्थपोष्ट भवनको निर्माण कार्य सम्पन्न गरी २०५७।८।५ मा सो भवन हस्तान्तरण भएपछि सम्झौताबमोजिमको भुक्तानीसमेत प्राप्त गरिसकेको हुँदा पछि आएको सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कालोसूचीमा राख्ने सम्बन्धमा भएको काम कारबाही बदर गरिपाउँ भन्ने रिट निवेदनको बेहोरालाई प्रत्यर्थी कार्यालयहरूको लिखित जवाफसमेतमा अन्यथा भनी जिकिर लिन सकेको देखिएन । यसरी सार्वजनिक खरिद ऐन जारी नै भई नसकेको अवस्थामा भएको कार्यको सम्बन्धमा उक्त ऐनको दफा ६४ बमोजिम स्थापित सार्वजनिक खरिद अनुगमन कार्यालयले रिट निवेदक ईला हेल्थपोष्ट भवन निर्माणसँग सम्बन्धित कार्यमा त्रुटि गरेको भनी सोही ऐनको दफा ६३ बमोजिमको कानूनविपरीतको कार्य (कसुर) कायम गरी कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक निर्णय भई सोसम्बन्धी काम कारबाही अगाडि बढेको देखियो । विधायिकाले कानून निर्माण गर्दा सामान्यतया पश्चातदर्शी असर (Retrospective effect) हुने गरी कानून निर्माण गर्न सक्दैन र गर्दैन पनि। कुनै कारणले पश्चातदर्शी असर हुने गरी कानून निर्माण गरेको अवस्थामा पनि सोको स्पष्ट बेहोरा उक्त कानूनमा नै उल्लेख भएको हुनुपर्दछ । सार्वजनिक खरिद ऐनको उक्त कानूनी व्यवस्था पश्चातदर्शी

असर हुने गरी निर्माण गरिएको भन्ने पनि कहिँकतै देखिँदैन । प्रस्तुत सन्दर्भमा, रिट निवेदकले पहिले नै गरेको कार्य सम्बन्धमा पछि बनेको कानूनबमोजिम स्थापित निकायले आफ्नो अधिकार क्षेत्र ग्रहण गरी सोही कानूनको आधारमा कालोसूचीमा राख्ने गरी कारबाही अगाडि बढाएको कार्यलाई कानूनको प्रचलित मान्यता र सिद्धान्तसम्मत भन्न र मान्न मिल्ने देखिएन ।

७. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ (१) मा ऐनको दफा ६३ बमोजिम कालोसूचीमा राख्नुपर्नेमा त्यसको विस्तृत विवरण र कारण खुलाई सम्बद्ध कागजसहित सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्ने, ऐ. नियम १४१(२) ले सार्वजनिक खरिदमा ३ वर्षसम्म भाग लिन नपाउने गरी रोक लगाउने, ऐ. नियम १४१ (३) ले नियम १४१(२) अन्तर्गत रोक लगाउने निर्णय भएमा सूचना प्रकाशन गर्ने र ऐ. नियम १४१(४) मा उपनियम (१) बमोजिम लेखी आएपछि उपनियम (३) बमोजिम खरिद कारबाहीमा तत्काल रोक लगाउनु पर्ने अवस्थामा बाहेक सार्वजनिक खरिद अनुगमन कार्यालयले सम्बन्धित बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई त्यसरी **प्राप्त विवरण, कारण र कागजातको प्रतिलिपि संलग्न गरी** कालोसूचीमा राख्नु नपर्ने आधारहरू भए त्यस्ता आधार र स्पष्टीकरण पेस गर्न तीस दिनको अवधिको लिखित सूचना **निजको कार्यालय वा घरमा पठाउनु पर्नेछ** भन्ने स्पष्ट कानूनी व्यवस्था गरिएको छ ।

८. उक्त कानूनी व्यवस्थाको मक्सद सम्बन्धित बोलपत्रदाता वा परामर्शदातासँग स्पष्टीकरण मात्र माग गर्ने नभई त्यसरी स्पष्टीकरण माग गर्दा आरोपित विषयसँग सम्बन्धित विवरण, कारण र कागजातको प्रतिलिपिसमेत संलग्न गरी निजको कार्यालय वा घरमा नै लिखित सूचना पठाउनु पर्ने भन्ने हो । यी रिट निवेदकसँग गोरखापत्रमा सूचना प्रकाशित गरी स्पष्टीकरण लिइएको भनी सार्वजनिक खरिद अनुगमन कार्यालयको लिखित जवाफसमेतमा उल्लेख भएको भए तापनि त्यसरी सूचना प्रकाशित गर्दा नियम १४१(४) मा गरिएको कानूनी व्यवस्थाबमोजिम विवादित विषयसँग सम्बन्धित विवरण, कारण र कागजातको प्रतिलिपिसमेत संलग्न गरिएको भन्ने उल्लेख छैन । पत्र पत्रिकामा यस किसिमको सार्वजनिक सूचना जारी गर्दा यस किसिमको विवरण उल्लेख गर्न र कागजात संलग्न गर्न सम्भव नहुने भएर नै विधायिकाले सम्बन्धितको कार्यालय वा घरमा लिखित सूचना पठाउनु पर्ने गरी उक्त कानूनी व्यवस्था गरिएको हो भनी न्यायको रोहमा अनुमान गर्नुपर्ने हुन्छ । यस मुद्दामा रिट निवेदकसँग स्पष्टीकरण माग गर्दा उक्त कानूनी व्यवस्थाको पालना भए गरेको पाइएन ।

९. प्रशासकीय र न्यायिक निकायबाट कुनै व्यक्तिको हकाधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ किसिमले कारबाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ । निर्णयमा यस किसिमको निष्पक्षता र स्वच्छता कायम गर्नको लागि जसका विरूद्ध कानूनी दायित्व बहन गराउने गरी निर्णय गरिन्छ उसलाई आफ्नो दाबी वा भनाइ राख्ने र प्रमाण पेस गर्ने समुचित मौका प्रदान गरिनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तअन्तर्गतको सुनुवाइको सिद्धान्तसँग सम्बन्धित छ । यसले निर्णय प्रक्रियालाई स्वच्छ (Fair), न्यायिक (Just) र निष्पक्ष (Impartial) बनाउन मद्दत गर्ने हुन्छ । यसैलाई कानूनको उचित प्रक्रिया (Due Process of law) पनि भनिन्छ । कानूनको उचित प्रक्रिया (Due process of law or Procedure established by law) र प्राकृतिक न्याय सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगतरूपमा भएको मानिने हुन्छ ।



नजिर अभिलेख

तसर्थ, सार्वजनिक खरिद नियमावली, २०७४ को नियम १४१(४) ले तोकेको विधि र प्रक्रियाबमोजिम रिट निवेदकसँग स्पष्टीकरण माग नगरी वा सुनुवाइको समुचित मौका प्रदान नगरी रिट निवेदकलाई कालोसूचीमा राख्ने सम्बन्धमा भएको काम कारबाही प्राकृतिक न्याय सिद्धान्तको समेत प्रतिकूल रहेको देखिन आयो।

१०. अब माथिका प्रकरणहरूमा गरिएको विश्लेषणसमेतका आधारमा आरोपित काम कारबाही भएको मितिभन्दा पछि बनेको कानून (सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४) बमोजिम गठित सार्वजनिक खरिद अनुगमन कार्यालयले सोही कानूनद्वारा परिभाषित कानूनविपरीतको कार्य (कसुर) कायम गरी प्राकृतिक न्याय सिद्धान्तको समेत परिपालना नगरी रिट निवेदकलाई कालोसूचीमा राख्ने सम्बन्धमा भएको निर्णय र सोबमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७०।१०।२३ मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना र सो सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयबाट भएको निर्णय एवं पत्राचारसमेतका काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी दिएको छ। उक्त निर्णय र पत्राचारबमोजिम रिट निवेदकलाई कालोसूचीमा राख्ने काम नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी गरी दिइएको छ । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनू। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.दीपककुमार कार्की

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली
इति संवत् २०७४ साल चैत्र १२ गते रोज २ मा शुभम्।

## निर्णय नं. १००२८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
फैसला मिति : २०७४।३।२१

मुद्दाः अपहरण, कर्तव्य ज्यान

०७१-CR-०५४५

पुनरावेदक / प्रतिवादी : जिल्ला बाँके, नेपालगञ्ज नगरपालिका वडा नं.५ घर भई हाल कारागार कार्यालय नेपालगञ्जमा थुनामा रहेको सोनु हलवाई

विरूद्ध

प्रत्यर्थी / वादी : अजय श्रेष्ठको जाहेरीले नेपाल सरकार

०७१-CR-०६२४

पुनरावेदक / वादी : जिल्ला बाँके नेपालगञ्ज नगरपालिका वडा नं.१६ बस्ने अजय श्रेष्ठको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला बाँके, नेपालगञ्ज नगरपालिका वडा नं.१४ बस्ने अनमोल अग्रवालसमेत

- **मृतकलाई मिति २०६७।५।३ गते षड्यन्त्रपूर्ण ढंगबाट छलकपट, झुक्यानमा पारी नेपालगञ्ज स्थित निजको घरबाट व्यापार गर्ने बहानामा नेपालको सीमा कटाई भारतको रूपैडिया हुँदै लखनउ लगी हत्या गरेबाट अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. को कसुर**

**नेपालमा नै भएको र सोही महलको ११ नं. ले नेपालबाहिर लैजाने कार्य गरेमा नेपालभित्रै कसुर गरेसरह मानी सजाय गर्न मिल्नेसमेत देखिने ।**

- **प्रतिवादीबाट अपहरण गर्ने, सम्पत्ति लिने, खाने, मास्ने र हत्या गर्नेसमेतका जुन कसुर भएको भनी अभियोग पत्र पेस भएको छ सो एउटै कारोबार (Single transaction) को शृङ्खला हुँदा यहाँ भारतमा लास फेला परेको भन्ने मात्र कारणले नेपालमा मुद्दा नचल्ने भन्न मिल्ने देखिँदैन । त्यसो भन्ने हो भने कसैलाई नेपालमा नै अपहरण गरी हत्या गरेमा मुद्दा चल्न सक्ने तर विदेश लगी हत्या गरेमा मुद्दा नचल्ने एउटा विसङ्गतिपूर्ण निर्णय निष्कर्षमा हामी पुग्छौं, जुन कानून, न्याय र न्यायका मान्यता प्राप्त सिद्धान्तसमेत अनुकूल हुने नदेखिने ।**

(प्रकरण नं.४)

प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री श्याम लाल र श्री गोविन्दप्रसाद शर्मा 'बन्दी'
वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री यामबहादुर बानिया
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :
मा. जिल्ला न्या. श्री कृष्णकमल अधिकारी
बाँके जिल्ला, अदालत
पुनरावेदन तहमा फैसला गर्ने :
मा. न्यायाधीश श्री माधवप्रसाद पोखरेल
माननीय न्यायाधीश श्री दिनेशप्रसाद यादव
पुनरावेदन अदालत, नेपालगञ्ज

फैसला

**न्या.डा.आनन्दमोहन भट्टराई :** न्याय प्रशासन ऐन,२०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः–

मिति २०६७/५/३ को बिहान ९:३० बजेको समयमा मेरो श्रीमती नर्मदा श्रेष्ठ (निर्मला श्रेष्ठ)ले नगद गरगहना गरी जम्मा रू.२,०२,०००।– बराबरको धन सम्पत्ति लगी बेपत्ता भएकीले खोजतलास गरिपाउँ भन्ने अजय श्रेष्ठको निवेदन पत्र ।

मेरो श्रीमती निर्मला श्रेष्ठलाई मिति २०६७/५/३ मा घरमा जाँदा नदेखेपछि खोजतलास गर्दासमेत कहीँकतै फेला नपरेको र म जाहेरवालाको पत्नीले प्रयोग गर्ने गरेको मोबाइल नं. ९७२८१५४२००, ९८४८०४२५२६, ९८०४५४७६४२ नम्बरहरूमा अनमोल अग्रवालले प्रयोग गर्ने गरेको फोन नं.९८४८०७३४२७ नम्बरबाट लामो समयसम्म फोन आउने गरेकोले निज श्रीमतीलाई नेपालगञ्ज नगरपालिका वडा नं.१४ मा बस्ने अनमोल अग्रवाल, अक्रम हल्वाईसमेतको मिलोमतोमा र योजनामा अन्यायी सोनु हलुवाईले मेरो श्रीमतीलाई विभिन्न प्रलोभन दिई, छलकपट गरी, झुक्यानमा पारी मिति २०६७/५/७ का राति १०:०० बजेको समयमा नमालुमको व्यक्तिले फोनबाट रू.५,००,०००।– फिरौती रकमसमेत माग गरेको हुँदा कानूनबमोजिम गरिपाउँ भन्ने अजय श्रेष्ठको जाहेरी दरखास्त ।

प्रतिवादी सोनु हलवाईले प्रहरी हिरासतमा रहेका अवस्थामा बाथरूमबाट हातकाटी रगताम्मे अवस्थामा बाहिर आउँदादेखि थाहा पाएको हो भन्ने बेहोराको कागज ।

प्रतिवादी सोनु हलुवाई प्रहरी हिरासतमा रहेको अवस्थामा मिति २०६७/५/१० मा हिरासत कक्षमा रहेको पटरामा रहेको किलामा हात राखी

आफैँ घाउ बनाएको हुँदा जानकारीको लागि अनुरोध भन्ने प्रहरी सहायक निरीक्षक रामकाजी के.सी.को प्रतिवेदन।

म नेपालगञ्ज स्थित अप्सरा टेलरमा कपडा सिलाउने काम गर्ने हुँदा निर्मला श्रेष्ठसँग चिनजान भएको हो । निजसँग सम्पर्क हुँदै जाँदा निज निर्मला श्रेष्ठको होटलसमेत भएको र निजसँग सुन पैसा धेरै छ, निजलाई भारत लगी निजको सुनका गहना लिई हत्या गर्नुपर्छ भनी म तथा अक्रम हलुवाई, रफिक बेहनासमेत भई निर्मला श्रेष्ठलाई मिति २०६७/५/३ को बिहान भारतमा लगी भारतको लखनउमा रहेको तुलसी होटलको ५६ नं. कोठामा निजलाई राखी मिति २०६७/५/४ मा सोही होटलमा नै बन्धक राखेका अवस्थामा म तथा अक्रम हलुवाई, रफिक बेहनासमेतले हत्या गरिसकेपश्चात् मृतक निर्मला श्रेष्ठको लास उक्त ५६ नं. कोठामा नै छाडी ६ गते राति, ऐ. ७ गते बिहानको समयमा भागी आएको हुँ भन्ने प्रतिवादी सोनु हलुवाईको बयान कागज।

अजय श्रेष्ठ मेरो छिमेकी हुन्, निज घरमा नभएको अवस्थामा सोनु हलुवाई, अक्रम हलुवाई, अनमोल अग्रवाल, रफिक बेहनासमेतका व्यक्तिहरूले जाहेरवाला अजय श्रेष्ठसँग रकम असुल गर्ने, फिरौती रकम लिने उद्देश्यले मिति २०६७/५/३ मा निज निर्मला श्रेष्ठलाई अपहरण गरी लगेको हुँदा खोजतलास गर्दै जाँदा निज निर्मला श्रेष्ठको भारतको लखनउमा रहेको तुलसी होटलको कोठा नं.५६ मा मृतक लास फेला परेको सुनी थाहा पाएको हुँदा निज निर्मला श्रेष्ठलाई प्रतिवादीहरूले अपहरण गरी भारतमा लगी बन्धक बनाई राखी पछि कर्तव्य गरी मारेकोमा पूर्ण विश्वास लाग्छ भन्ने बेहोराको नन्दकुमार सिंह ठकुरी, रामकृष्ण कुर्मी, लल्लुबहादुर शाही, सुवास बानिया, राजिब ढकालसमेतका व्यक्तिहरूले गरिदिएको छुट्टाछुट्टै घटना विवरण कागज।

अपहरणमा परेकी निर्मला श्रेष्ठ मेरी श्रीमती हुन् । मिति २०६७/५/३ मा घरबाट एकाएक हराएपश्चात् खोजतलासको लागि हुलिया निवेदन पेस गरेकोमा पछि सोनु हलुवाई, अक्रम हलुवाई, रफिक बेहनासमेतले मेरो श्रीमती निर्मला श्रेष्ठलाई छलकपटमा पारी अपहरण गरी लगेकोमा किटानी जाहेरी पेस गरेको हुँ । पछि निज श्रीमतीको भारतको लखनउ स्थित तुलसी होटलमा ५६ नं.कोठामा मृतक अवस्थामा लास फेला परेको भन्ने पत्रपत्रिकाबाट जानकारी प्राप्त भएकोले निज श्रीमतीलाई सोनु हलुवाई, अक्रम हलुवाई, रफिक बेहनासमेतले अपहरण गरी बन्धक राखी कर्तव्य गरी मारेका हुन् भन्ने बेहोराको अजय श्रेष्ठको घटना विवरण कागज।

रफिक बेहनाको घरमा नियमपूर्वक खानतलासी गर्दा कुनै दशी प्रमाणको सामान फेला नपरेको भन्ने खानतलासी मुचुल्का।

सोनु हलुवाईको घरमा नियमपूर्वक खानतलासी गर्दा कुनै दशी प्रमाणको सामान फेला नपरेको भन्ने खानतलासी मुचुल्का।

जाहेरवाला अजय श्रेष्ठको श्रीमती निर्मला श्रेष्ठलाई सोनु हलुवाई, अक्रम हलुवाई, रफिक बेहना, अनमोल अग्रवालसमेतका व्यक्तिहरूले विभिन्न प्रलोभन देखाई झुक्याई मिति २०६७/५/३ को बिहान घरबाट अपहरण गरी लगेको भनी सुनी थाहा पाएको हुँ भन्ने बेहोराको राजेन्द्र कौशल, संजय बाल्मीकीसमेतले गरी दिएको घटना विवरण कागज।

यसमा मृतक निर्मला श्रेष्ठलाई अभियुक्तहरूले अपहरण गरी, अपहरणपश्चात् कर्तव्य गरी मारेको र मृतकका साथमा रहेको नगद तथा सुनका गरगहनासमेत जबरजस्ती चोरी गरेको संकलित मिसिल प्रमाणबाट देखिन खुल्न आएकोले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ विपरीतको कसुरमा सोही महलको ३ नं. बमोजिम सजाय हुन र ७ र ९ नं. थप सजाय हुन र सोही महलको १२ नं. बमोजिम क्षतिपूर्ति दिलाई भराई प्रतिवादीहरूलाई ८ र ११ नं.

बमोजिम समेत अभियुक्तहरू सोनु हलुवाई, अक्रम हलुवाई, रफिक बेहना र अनमोल अग्रवाललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं.बर्खिलापको कसुर अपराधमा ऐ.महलको १३(३) नं.बमोजिम र मुलुकी ऐन चोरीको महलको १ र ४ नं.बर्खिलापको कसुरमा ऐ.महलको १४(२) नं.बमोजिम समेत थप सजाय हुन र मृतक निर्मला श्रेष्ठको साथमा रहेको अभियुक्तहरूले जबरजस्ती चोरी गरेको बिगो रू.२,०२,०००।– समेत मुलुकी ऐन चोरीको महलको १०(३) नं.बमोजिम विरूद्ध खण्डका अभियुक्तहरू सोनु हलुवाई, अक्रम हलुवाई, रफिक बेहना र अनमोल अग्रवालबाट जाहेरवाला अजय श्रेष्ठलाई दिलाई भराई दिनेसमेतको मागदाबी लिएको अभियोग पत्र।

अनमोल अग्रवाल, अक्रम हलुवाई र रफिक बेहनालाई चिन्दैन। मिति २०६७/५/३ देखि ऐ.८ सम्म म नेपालगञ्ज नै थिएँ। सो मितिमा प्रतिवादीहरूसँग मेरो भेटघाट भएन। निर्मला श्रेष्ठलाई मैले अपहरण गरी मारेको होइन। कसले मारे थाहा भएन। जाहेरवाला अजय श्रेष्ठले किन मैले अपहरण गरी कर्तव्य गरी मारेको भनी ममाथि किटानी जाहेरी दिए थाहा छैन। मैले अजय श्रेष्ठलाई चिनेको छैन। निजले कसरी मेरो नाम लेखाए थाहा भएन। मलाई प्रहरीले मेरो पसल दोकानबाट बोलाई लगेपछि मलाई कुटपिट गरी रातमा कुटपिट गरी यातना दिएका र बयानमा मलाई केही नसोधी सहिछाप गराएका हुन्। हिरासतमा हुँदा मलाई रक्सीसमेत खुवाएका हुँदा बयान बेहोरा मेरो होइन भन्ने बेहोरा प्रतिवादी सोनु हलुवाईले सुरू अदालतमा गरेको बयान।

९८४८०७३४२७ नं.को मोबाइल मेरो नामको नम्बर हो। उक्त मोबाइल नं. मिति २०६६/८/२५ मा हराएको हो। सो मिति २०६७/५/३ मा म आफ्नै घर पसलमा छु। मृतक निर्मला श्रेष्ठलाई कसले अपहरण गरे, मारे मलाई थाहा भएन। मैले अपहरण गरी कर्तव्य गरी मारेको होइन। उक्त जाहेरी दरखास्तको बेहोरा झुट्टा हो गलत हो। उक्त ३ गतेदेखि ८ गतेसम्म म आफ्नै घर पसलमा छु। बैङ्क कारोबार ऐ.५ गते र ६ गते बागेश्वरी बैङ्क र एस.वि.आई. मा गरेको छु। सो पेस गर्ने छु। मैले उक्त मेरो हराएको नम्बरमा फोन गर्दा कहिले स्वीच अफ हुने र कहिले हेलो गरी कुरा गर्ने हुँदा पाएको मान्छेले फिर्ता देला भन्ने आशले लक गराएको होइन भन्ने बेहोरा प्रतिवादी अनमोल अग्रवालले सुरू अदालतमा गरेको बयान।

पछि थप सबुद प्रमाणहरू बुझी जाँदा ठहरबमोजिम हुने नै हुनाले हाललाई प्रतिवादी सोनु हलुवाई अदालती बन्दोबस्तको ११८ नं. को दफा-२ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने अवस्था देखिन आएकाले कानूनबमोजिम सिधा उपलब्ध गराउने गरी अदालती बन्दोबस्तको १२१ नं. को थुनुवा पुर्जीसहित थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइदिनु भनी अदालती बन्दोबस्तको १२४ ग नं. बमोजिम प्रस्तुत पर्चा गरिदिए भन्ने बाँके जिल्ला अदालतबाट मिति २०६७।६।११ मा भएको आदेश।

मिति २०६७/५/८ को जाहेरी दरखास्तको बेहोरा सुनाउँदा सुनिपाएँ बेहोरा ठीक साँचो हो सहिछाप मेरो हो। अनुसन्धानको क्रममा मिति २०६७/६/६ मा गरेको कागज बेहोरा तथा सहिछाप मेरो हो सम्पूर्ण ठीक साँचो हो। मेरो श्रीमती निर्मला श्रेष्ठलाई सोनु हलवाई, अक्रम हलुवाई, रफिक बेहना र अनमोल अग्रवालले भारतको लखनउमा लगी तुलसी होटलमा कर्तव्य गरी मारेका हुन्। मारिसकेपछि ५ लाख रूपैयाँ दे, तेरो स्वास्नी मेरो कब्जामा छ भनी फोन आएको थियो। प्रतिवादीहरूले जाहेरवाला (तपाइँ) को श्रीमती निर्मला श्रेष्ठलाई अपहरण गरी लगी कर्तव्य गरेको निज निर्मला श्रेष्ठको साथमा रहेको नगद, सुनको गरगहना गरी बिगो रू. २,०२,०००।– जबरजस्ती चोरी गरी लगेको भन्ने अभियोग दाबी सम्पूर्ण ठीक हो। गरगहना सुनको सिक्रीसहित लकेट थियो। नगद १ लाख

पचास हजार थियो । सोनु हल्वाईसहित उल्लिखित सबै कार्य चारै जनाले गरेका हुन् । कहिलेकाहीँ सोनु, रफिक बेहना, अक्रम हलुवाई घरमा जाने गर्थे । सोनु हलवाईले फोन गरेका थिए । फोन सोनु हलुवाईले गरेका हुन् कलर आइडी नहुँदा नम्बर आएन। प्रतिवादी सोनुले मिति २०६७/५/३ भन्दा पहिले फोन गरेका थिए। ९८४८०४२५२६ नम्बरमा सोनुले फोन गरेका थिए । २/३ वटा नम्बर थिए । यस नम्बरमा धेरै फोन आउँथ्यो । सोनु हलुवाईले कुन नम्बरबाट गरे सो थाहा भएन । त्यो नम्बर त्यसैमा छ । सो कुरा मैले जाहेरीमा उल्लेख गरेको छु । मृत शरीर मैले देखेको हुँ । मृत्यु ३ जनाले विष दिई घाँटी थिची मारेका हुन् १ १/४ वर्षको कुरो भएकोले जाहेरीका सम्पूर्ण कुरा याद छैन । लास मैले मिडियामा आजतक, उत्तर प्रदेश च्यानलमा हेरेको हुँ । सामुन्ने मैले देखिन । परिवारसँग पैसा थियो । सोनु हलुवाई, रफिक बेहना र अकरम हल्वाई कपडाको कारोबार गरौं भनी प्रलोभनमा पारेका थिए । नेपालगञ्जको धम्बोझीबाट अपहरण गरेका हुन्। अपहरण गर्ने सोनु हलुवाई, रफिक बेहना, अकरम हलुवाई हुन् भन्ने बेहोराको जाहेरवाला अजय श्रेष्ठले सुरू अदालतमा गरेको बकपत्र।

यसमा अनमोल अग्रवालको संलग्नता छैन। मिति २०६७/५/३ देखि ऐ. ८ गतेसम्म प्रतिवादी अनमोल अग्रवाल नेपालगञ्जमै थिए । निजको र मेरो पसल सँगै भएकोले मैले देखेको हुँ । भेटघाट भएको हो । निजको मोबाइल घटनाभन्दा पहिले नै हराई सकेको थियो । निज निर्दोष भएकोले सजाय हुनुपर्ने होइन भन्ने बेहोरा प्रतिवादी अनमोल अग्रवालको साक्षी दिलीप शाहले सुरू अदालतमा बकपत्र गरेको।

मिति २०६७/६/१ को घटना विवरण कागज बेहोरा सुनाउँदा सुनी पाएँ । बेहोरा सम्पूर्ण ठीक साँचो हो सहिछाप मेरो हो । प्रतिवादीहरूले जाहेरवालाको श्रीमतीलाई अपहरण गरेका हुन् । कपडाको दोकान खोल्ने भनी प्रलोभन दिएका हुन्, उद्देश्य त्यही हो । मिति २०६७/६/१ मा गरेको घटनामा प्रतिवादी सोनु हलुवाई, अक्रम हलुवाई र रफिक बेहना यी तीनै जना हुन् अरू थाहा भएन। मिति २०६७/५/३ का दिन मेरो प्रतिवादी सोनु हलुवाईसँग भेट भएन । उक्त मितिमा मैले निर्मलालाई भेटिन भन्ने बेहोरा घटना विवरणका मानिस नरेन्द्र सिंह क्षेत्रीले सुरू अदालतमा बकपत्र गरेको।

सोनु हलुवाई उक्त मिति २०६७/५/३ देखि ८ गतेसम्म मस्जितमा पूजा पाठ गरिरहेका थिए। हाम्रो सो समयमा रोजा चलिरहेको थियो । जाहेरी बेहोरा गलत हो । यो केटा त्यस्तो छैन भन्ने बेहोराको प्रतिवादी सोनु हलुवाईको साक्षी बच्चुलाल हलुवाई र आविद हलुवाईले सुरू अदालतमा गरेको बकपत्र ।

उक्त मिति २०६७/६/१ मा भएको बेहोरा र सहिछाप ठीक साँचो हो । मिति २०६७/५/२ को बेलुकी अजयको घरमा सोनु र अक्रम आएको देखेको हुँ। २०६७/५/३ को बिहान निर्मला श्रेष्ठलाई अपहरण गरी भगाएर सोनु र अक्रमले लगेका हुन्। उक्त घटनामा रफिक बेहना पनि थियो भनी सुनेको छु । अजयको घरमा सोनु र अक्रम आउने गर्दथे । अजयको श्रीमती निर्मलाले व्यापार गर्ने कि नगर्ने भनेर मलाई सोधेपछि मैले बुझेर, सोचेर व्यापार गर भनेको थिएँ । मिति २०६७/५/३ मा अजयले भनेपछि अपहरण भएको कुरा सुनेको हुँ। सोनु हलुवाई, अक्रम हलुवाई र रफिक बेहनासमेतले हत्या गर्ने कार्य गरेका हुन् भन्ने बेहोराको घटना विवरणका मानिस रामकृष्ण कुर्मीले सुरू अदालतमा बकपत्र गरेको।

मिति २०६७/६/१ को कागज बेहोरा सुनाउँदा सुनी पाएँ, भनेबमोजिम लेखिएको ठीक हो । बेहोरा मेरै हो सहिछापसमेत मेरो हो। सोनु हल्वाईसमेत भई निर्मला श्रेष्ठलाई कपडाको व्यापार गरौं भनी भनेको कुरा मलाई मृतक भाउजू निर्मला श्रेष्ठले भन्नु भएको थियो। मैले के कसो हो त्यस्तै व्यापार गर्नु हुँदैन भनी भनेको थिएँ । मिति २०६७/५/३ मा मृतक निर्मला

श्रेष्ठ घरमा नभई खोजतलास गर्दा फेला नपरेको र हामीलाई समेत शंका लागि मेरो होटलनजिक दुकान भएका अक्रम हलुवाईको पसल र रफिक बेहनाको दाइको बेतबाँसको पसलमा समेत अक्रम हलुवाई र रफिक बेहना नभएका तथा सोनु हलुवाइको दुकानमा समेत निज सोनु नभएकोले यिनीहरूबीचमा कपडाको दोकान गर्ने भनी सल्लाह भएको र मृतक भाउजूले मलाई डेढ लाख मागेका छन् भनेको र यी प्रतिवादी ऐ.३ गतेबाट घर दोकानमा नभई एकैपटक ८ गते देखापरेकाले निजहरूले नै मृतक निर्मला श्रेष्ठलाई भारतमा लगी लखनउको तुलसी होटलमा कर्तव्य गरी मारेका हुन् । अनुसन्धानको क्रममा अनमोल अग्रवालको मोबाइल सिम प्रयोग भएको देखिँदा निजको पनि संलग्नता छ । मृतक निर्मला श्रेष्ठलाई अपहरण गरी हत्या गर्ने प्रतिवादीहरू अक्रम हलुवाई, सोनु हलुवाई, रफिक बेहना र अनमोल अग्रवाल हुन् । निजको सिम प्रयोग भएको देखिँदा अन्य प्रतिवादीहरू निजकै साथी होलान् । अपराधमा निजको पनि सहयोग छ । प्रतिवादी अनमोलको मोबाइलबाट जाहेरवालालाई फिरौती मागिएको थियो । कुरा अनमोलले गरे नगरेको मलाई जानकारी भएन । मोबाइल प्रयोग भएको मैले जाहेरवालाबाट थाहा पाएको हुँ । मिति मलाई थाहा भएन । पुरानो कुरा याद भएन । मृत्युअघि तथा मृत्युपछि ७ गतेसम्म मोबाइल प्रयोग भएको हो अपहरण गरेको मैले देखिन । निजसँग घुलमेल भएको कुराकानी भएको मैले देखेको हुँ । देखेको कारणले निजहरूको नै संलग्नता भएकोमा विश्वास लाग्छ । घरबाटै अपहरण भएको हो । मिति याद भएन । भदौमा हो । २ गते वा ३ गते हो घर नेपालगञ्ज वडा नं.१६ बेलासपुरमा छ भन्ने बेहोरा घटना विवरणका मानिस शुभाष बानियाँले सुरू अदालतमा गरेको बकपत्र ।

मृतक निर्मला श्रेष्ठलाई नेपालगञ्जबाट अपहरण गरी भारत लखनउ पुर्‍याई निजलाई कर्तव्य गरी मारेमा निज सोनु हलुवाई मौकामा साबित भई बयान गरेका सो बयान अन्यथा प्रमाणित हुन सकेको नहुँदा निजले अभियोग दाबीबमोजिम अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं.को कसुरमा ऐ.मा ३ र ७ नं.बमोजिम ९ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने ठहर्छ । साथै जाहेरवालालाई निज प्रतिवादी सोनु हलवाईबाट वारदात मितिदेखि भरीभराउ हुँदाका दिनसम्म दैनिक रू.५००।– का दरले क्षतिपूर्ति भराइदिने ठहर्छ । साथै निजले अपहरणपश्चात् भारत पुर्‍याई निर्मला श्रेष्ठलाई कर्तव्य गरी मारेको तथ्य स्थापित भएको हुँदा कर्तव्य ज्यानतर्फ दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १ न.को कसुर गरेमा ऐ.१३ (३) नं. बमोजिम जन्मकैद हुने ठहर्छ । निज प्रतिवादी सोनु हलुवाईको हकमा अरू कुरामा अभियोग दाबी पुग्न सक्दैन । अर्का प्रतिवादी अनमोल अग्रवालको हकमा यो यसरी कसुरमा संलग्न रहेको भनी देखिने गरी जाहेरीमा किटान हुन नसकेको, मौकामा सहअभियुक्त सोनु हलुवाईले पोलसम्म पनि नगरेको, केबल फोन नम्बर मिलेको भनेकै भरमा कसुरदार ठहर गर्न मिलेन । तसर्थ निज प्रतिवादी अनमोल अग्रवालले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भन्ने सुरू बाँके जिल्ला अदालतको मिति २०६९/०१/१८ को फैसला ।

उक्त फैसलामा चित्त बुझेन । मुलुकी ऐन अदालती बन्दोबस्तको२९ नं.तथा न्याय प्रशासन ऐन,२०४८ को दफा ७(१) का दुवै कानूनी व्यवस्थाबमोजिम वारदात, कसुर घटित भएको स्थान अपराध भएको इलाका वा आफ्नो क्षेत्रभित्र रहेको अभियोग दाबीबमोजिम पुष्टि हुँदैन । मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १, १३(३) नं.र चोरीको महलको १, ४, १०, १४ नं.को अभियोग दाबी भारत लखनउ स्थित तुलसी होटलको रूम नं.५६ लाई वारदातस्थल कायम गरिएको हुँदा प्रस्तुत अभियोग माग दाबीबमोजिम दायर गरिएको अभियोगपत्र सम्मानित अदालतमा दर्ता भई मुद्दाको सुनुवाइ हुनसक्ने

क्षेत्राधिकार नै स्थापित नहुँदा वादी दाबीभित्र प्रवेश गरी इन्साफ गर्न नमिल्नेमा अभियोग दाबीभित्र प्रवेश गरी मलाई हराई गरेको फैसला प्रत्यक्ष कानूनी त्रुटिपूर्ण छ। भारत सरकारद्वारा कर्तव्य ज्यान मुद्दाको अभियोग दर्ता गरी अदालतसमक्ष विचाराधीन अवस्थामा रहेको स–प्रमाण देखिन्छ । भारत लखनउ स्थित घटेको घटनाको सम्बन्धमा नेपाल राज्यभित्र International jurisdiction सृजना गरी कानूनतः मुद्दा दायर गर्न फौजदारी न्यायको सर्वमान्य सिद्धान्त दोहोरो खतराको सिद्धान्तबमोजिम मिल्दैन। मलाई लखनउमा भएको वारदात सोही ठाउँमा नेपाल सरकारभन्दा अगावै जाहेरी दर्ता गरी मुद्दा चलाइएको अवस्था छ । सोही वारदातको कसुरमा नेपाल सरकारको तर्फबाट दोस्रो कारबाही चलाइएको अवस्था वादी पक्षले नै पेस गरेको प्रमाणबाट देखिएकोले फौजदारी न्यायको सिद्धान्त दुई खतराको सिद्धान्तप्रतिकूल रहेको हुँदा दाबी खारेज गर्नुपर्नेमा कसुर ठहर गरेको सुरू फैसला गम्भीर कानूनी त्रुटिपूर्ण छ। वादी पक्षले लिएको दोस्रो अभियोग दाबी मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक भएको ठहर निष्कर्षमा पुगेको सुरू फैसला न्यायोचित छैन । भारत सरकारसमक्ष दायर भएको जाहेरी सूचना र हालसालै प्राप्त भएको प्र. पत्र २ मा दण्ड प्रक्रिया संहिताको (IPC) धारा ३०२ को कसुर अर्थात् कर्तव्य ज्यान भएको देखिन्छ। भारतीय दण्ड प्रक्रिया संहिताको धारा ३६२ को कसुर अर्थात् अपहरण मुद्दा भएको भनी जाहेरी दर्ता भएको देखिँदैन । जाहेरवालाले मिति २०६७/५/७ गते दर्ता गराएको निवेदनमा गरगहना नगद रूपैयाँ लिई बेपत्ता भएकी मेरी श्रीमतीको खोजतलास गरिपाउँ भन्ने निवेदन देखिन्छ । ऐ.८ गते प्रतिवादी सोनु हलवाईले लखनउदेखि नेपालगञ्ज कपडा ल्याई बिक्री गरौं बराबर लगानी गरौँ दोब्बर नाफा आउँछ भनी उक्साउने गरेको भन्ने कुरा बुझिन आएको भन्ने उल्लेख छ । जाहेरवालालाई आफ्नो श्रीमतीले कुनै जानकारी दिएको भन्ने जाहेरीमा उल्लेख नभई बुझिन आएको उल्लेख छ । सो तथ्य कुन कसबाट बुझिन आएको हो । उक्त बुझिएको स्रोत जाहेरवालाले खुलाउन सकेको पाइँदैन । जाहेरवालाले नमालुमको मानिसले हो फिरौती रकमबापत रू.५ लाख चाहियो भनी फोन गरेको भनी जाहेरी दिएका छन् । यस्तो जाहेरीबाट मैले निर्मला श्रेष्ठलाई अपहरण गरेको स्थापित हुँदैन। निजले आफू अपहरण परेको भन्ने विषयमा कोही कसैसँग संवाद भएको देखिँदैन । नेपाल सरहदमा फकाएको, छलकपटमा पारेको, झुक्यानमा पारेको, नशालु पदार्थ सेवन गराएको डर, त्रास देखाई नेपाल सीमाबाहिर लगी बन्धक बनाएको भन्ने मौकामा कागज गर्ने कोही कसैले खुलाउन सकेको देखिँदैन । व्यक्तिहरूलाई बन्धक बनाउनेसम्बन्धी अपराध (The Crime Of Hostage taking) रोकथाम विषयक सन् १९७९ को संयुक्त राष्ट्र संघीय सन्धिको धारा १–१० सम्म गरिएको व्यवस्थालाई हेर्दा निर्मला श्रेष्ठको Hostage भारतमा भएको भए सोही देशको कानून IPC को धारा ३६२ बमोजिम अपहरण तथा शरीर बन्धकमा मुद्दा चल्न सक्ने देखिन्छ । तर सोबमोजिम मुद्दा चलेको देखिँदैन । वादी पक्षबाट निर्मला श्रेष्ठको हत्या भएको हो भन्ने विषयमा कुनै वस्तुनिष्ठ ठोस सबुत प्रमाण पेस नगरेको अवस्थामा अदालत स्वयम् मृत्यु भएको निष्कर्षमा पुगेको छ । जुन न्यायोचित छैन । अनुसन्धानको बयान जबरजस्ती यातना दिई गराइएको हो । वादी पक्षबाट पेस गरिएका प्रमाणहरू स्वतन्त्र विवादरहित प्रमाणयोग्य छैनन् । वादी पक्षले आफ्नो प्रमाणबाट प्रस्तुत अभियोग पुष्टि गर्न सकेको अवस्था देखिँदैन । तसर्थ सुरू फैसला बदर गरी पूर्ण सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी सोनु हलवाईको पुनरावेदन पत्र।

प्रत्यर्थी प्रतिवादीहरूले षड्यन्त्र गरी मृतक निर्मला श्रेष्ठलाई भारतको लखनउबाट कपडा खरिद गरी ल्याई नेपालगञ्जमा बिक्री गर्दा बढी फाइदा हुन्छ

भन्नेसमेतको प्रलोभन देखाई मिति २०६७/५/३ गते नेपालगञ्जबाट अपहरण गरी लखनउ स्थित तुलसी होटलमा लगी मिति २०६७/५/६ गते राति कर्तव्य गरी मारी निजको साथमा रहेको नगद र गरगहना लानुका साथै ऐ.७ गते बहराइचबाट प्रतिवादी रफिक बेहनाले मृतकको पति जाहेरवालालाई फोन गरी फिरौती रू.५ लाख माग गरेको विवरणलाई किटानी जाहेरी, जाहेरवालाको कागज, प्रतिवादी सोनु हलुवाईको मौकाको साबिती बयान तथा सहअभियुक्तउपरको पोल, प्रतिवादीहरू रफिक बेहना, अक्रम हलुवाईको फरारी अवस्था, घटना विवरणमा कागज गर्ने नरेन्द्रकुमार सिंहसमेतको किटानी बकपत्रसमेतले फरारी प्रतिवादीहरूको हकमा कसुरको पुष्टि गरिरहेको अवस्था छ । अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलअन्तर्गतको कसुरमा मुलतबी रहने कानूनी व्यवस्थाको अभावमा सोतर्फको अभियोग मागदाबीतर्फ ठहर फैसला गरी सोबमोजिम सजाय गर्नुपर्ने र ज्यानसम्बन्धी कसुरमा निजहरूको हकमा अदालती बन्दोबस्तको १९० नं.बमोजिम मुलतबी राखिनु पर्नेमा अपहरणतर्फको विषयमा ठहर इन्साफ नबोलेको विषयमा अदालती बन्दोबस्तको१९२ नं. ले त्रुटिपूर्ण रहेको छ । त्यस्तै अपहरण तथा शरीर बन्धक लिनेको ९ नं.को थप सजायको माग दाबी रहेको र अपहरण गरिएकी व्यक्ति महिला भएकोले थप सजाय गर्नुपर्नेमा सोतर्फ मौन रही भएको फैसला अदालती बन्दोबस्तको१९२ नं.ले त्रुटिपूर्ण रहेको छ । मृतकसँग रहेको नगद तथा धनमाल लिने खानेसमेतको उद्देश्यबाट नै प्रस्तुत अपराध गरेको भनी प्रतिवादी मौकामा साबित भएकोमा पनि उक्त नगद तथा गरगहना जबरजस्ती चोरी गरेको तर्फसमेत अभियोग माग दाबीबमोजिम सजाय गर्नुपर्नेमा सो नगरी भएको फैसला त्रुटिपूर्ण रहेको छ । प्रतिवादीमध्येको अनमोल अग्रवालको मोबाइल नं.९८४८०७३४२७ बाट मृतक निर्मला श्रेष्ठको मोबाइलमा लामो समयसम्म फोन आउने गरेको निर्मलालाई यी प्रतिवादी अनमोलसमेतले भारततर्फ लगेको भन्ने जाहेरी र बकपत्रसमेतको विद्यमानता, वारदातको समयमा निज प्रतिवादी नेपालमा नभएको अवस्था, घटना विवरणमा कागज गर्ने राजेन्द्र कौशलसमेतले मृतकलाई यी प्रतिवादीसमेतले विभिन्न प्रलोभन देखाई झुक्याई अपहरण गरी लगेको सुनी थाहा पाएका हौं भन्ने बेहोराको कागज गरी दिएकोसमेत आधार प्रमाणहरू एवं नरेन्द्रकुमार सिंह क्षेत्रीसमेतको किटानी बकपत्रसमेतले अनमोल अग्रवालको मिलेमतो रहेको देखिँदादेखिँदै निजलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ । अतः उल्लिखित आधार, प्रमाण र कारणसमेतबाट प्रतिवादीहरू रफिक बेहना, अक्रम हलुवाईलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलअन्तर्गत ठहर फैसला नबोलिएको प्रतिवादी सोनु हलुवाईलाई थप सजायतर्फ नबोलिएको जबरजस्ती चोरीतर्फ सफाइ दिएको, प्रतिवादी अनमोल अग्रवाललाई पूरै सफाइ दिएको सुरू अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले बदर गरी सबै विषयमा बोल्न लगाई प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र ।

यसमा प्रतिवादी रफिक र बिक्रम हलुवाई फरार भए पनि अपहरण तथा शरीर बन्धकतर्फ मुल्तबी राख्न नमिली ठहरे माफिक निर्णय गर्नुपर्नेमा पूरै अभियोगमा मुल्तबीमा राखेको नमिलेको, त्यस्तै प्रतिवादी अनोमल अग्रवाल पनि कसुरमा संलग्न भएको भन्ने स्थितिमा सफाइ दिएको नमिलेकोले निजहरुका हकमा अदालती बन्दोबस्तको २०२ नं.बमोजिम झिकाई तथा नेपाल सरकार तथा प्रतिवादी सोनुको दोहोरो पुनरावेदन देखिँदा एक आपसमा पुनरावेदनको प्रतिलिपिसहित पुनरावेदन परेको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत नेपालगञ्जबाट भएको आदेश ।

यसमा अपहरण तथा तथा शरीर बन्धक

मुद्दा मुलतबीमा राखेकोसमेत सम्बोधन हुने गरी सो सम्बन्धमा कुनै नजिर भए सोसमेत संलग्न राखी १०(दश) दिनभित्र दुवै पक्षबाट लिखित बहसनोट लिई पेस गर्नु भन्ने पुनरावेदन अदालत नेपालगञ्जबाट भएको आदेश र सोअनुसार दुवै पक्षबाट पेस गरेको बहसनोट मिसिल संलग्न रहेको।

आफूसँग चिनजान सम्बन्ध भई पार्टनरसिपमा व्यापार गर्न आग्रह गर्दा पतिलाई छाडी धन सम्पत्ति लिई आफैँसँग बस्ने भनी प्रस्ताव राखेपश्चात् निजसँगको सम्पत्ति प्राप्त गर्ने र भारत लगेर निजलाई मारी छुट्कारा पाउनेसमेतको उद्देश्यले अन्य साथीको मद्दत लिई छलकपट गरी झुक्याई भारतमा लगी मारी निजसँग भएको धनसम्पत्ति प्राप्त गरेको भन्ने प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानबाट खुलेको मृतकसँग प्रतिवादीको चिनजान रहेको आपसमा सम्बन्ध रहेको बेहोरा अदालतमा बकपत्र गर्ने साक्षीहरूले खुलाएकोसमेतका अवस्थाबाट प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानलाई अन्यथा मान्न नमिल्ने अवस्था भएबाट समेत प्रतिवादीलाई अपहरण तथा शरीर बन्धक लिनेअन्तर्गतको कसुरमा र ज्यानसम्बन्धी कसुरमा सजाय गरेको फैसला अन्यथा भन्न मिलेन। प्रतिवादी अनमोलको फोनबाट फोन आउने गरेको भन्ने जाहेरवालासमेतको कथनसम्मको आधारमा निजले कसुर गरेको मान्न नमिल्ने हुँदा निजलाई सफाइ दिने गरी गरेको र अपहरणको जरियाबाट ज्यान मर्न गएको घटनामा दुईवटा कसुरको अभियोग दाबी भएको अवस्थामा ज्यान मुद्दामा असर पर्ने गरी अपहरणतर्फ फैसला गर्ने ज्यान भने मुल्तबीमा राख्नु पर्ने भन्ने पुनरावेदन जिकिरसँग पनि सहमत हुन सकिएन। महिला अपहरण गरेतर्फ अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं.ले थप २ वर्ष सजाय गर्नुपर्ने नगरेको र ऐ.को १२ नं.ले कसुर भएको दिनदेखि निजको मृत्यु हुँदासम्मको दिनको रू.५००।– ले ४ दिनको रू.२,०००।– क्षतिपूर्ति भराउनु पर्नेमा भरिभराउ मितिसम्मको दिनको रू.५००।– भराउने गरेको सुरू बाँके जिल्ला अदालतको फैसला सो हदसम्म केही उल्टी भई प्रतिवादी सोनु हलवाईलाई २ वर्ष थप कैद हुने र जाहेरवालाले रू.२,०००।– क्षतिपूर्ति भरिपाउनेसमेत ठहर्छ। प्रतिवादीले सफाइ पाउँ भनी लिएको पुनरावेदन जिकिर र प्रतिवादी अनमोलसमेतले सजाय पाउनु पर्ने भन्नेसमेतको नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत नेपालगञ्जबाट मिति २०७०/११/१२ मा भएको फैसला।

मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं.तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७(१) का कानूनी व्यवस्थाबमोजिम वारदात, कसुर घटित भएको स्थान अपराध भएको इलाका वा आफ्नो क्षेत्रभित्र रहेको अभियोग दाबीबमोजिम पुष्टि हुँदैन। मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १, १३(३) नं.र चोरीको महलको १, ४, १०, १४ नं.को अभियोग दाबी भारत लखनउ स्थित तुलसी होटलको रूम नं. ५६ लाई वारदातस्थल कायम गरिएको हुँदा प्रस्तुत अभियोग माग दाबीबमोजिम दायर गरिएको अभियोगपत्र सम्मानित अदालतमा दर्ता भई मुद्दाको सुनुवाइ हुनसक्ने क्षेत्राधिकार नै स्थापित नहुँदा वादी दाबीभित्र प्रवेश गरी इन्साफ गर्न नमिल्नेमा अभियोग दाबीभित्र प्रवेश गरी मलाई सजाय गर्ने गरेको फैसला प्रत्यक्ष कानूनी त्रुटिपूर्ण छ। भारत सरकारद्वारा कर्तव्य ज्यान मुद्दाको अभियोग दर्ता गरी अदालतसमक्ष विचाराधीन अवस्थामा रहेको स–प्रमाण देखिन्छ। भारत लखनउ स्थित घटेको घटनाको सम्बन्धमा नेपाल राज्यभित्र International jurisdiction सृजना गरी कानूनतः मुद्दा दायर गर्न फौजदारी न्यायको सर्वमान्य सिद्धान्त, दुई खतराको सिद्धान्तबमोजिम मिल्दैन। लखनउमा भएको वारदात सोही ठाउँमा नेपाल सरकारभन्दा अगावै जाहेरी दर्ता गरी मुद्दा चलाइएको अवस्था छ। सोही

वारदातको कसुरमा नेपाल सरकारको तर्फबाट दोस्रो कारबाही चलाइएको अवस्था वादी पक्षले नै पेस गरेको प्रमाणबाट देखिएकोले फौजदारी न्यायको सिद्धान्त दुई खतराको सिद्धान्तप्रतिकूल रहेको हुँदा दाबी खारेज गर्नुपर्नेमा कसुर ठहर गरेको सुरू फैसलामा केही उल्टी गरी सजाय थप गर्ने गरी गरेको फैसलामा गम्भीर कानूनी त्रुटिपूर्ण छ। जाहेरवालाले मिति २०६७/५/७ गते दर्ता गराएको निवेदनमा गरगहना नगद रूपैयाँ लिई बेपत्ता भएकी मेरी श्रीमतीको खोज तलास गरिपाउँ भन्ने निवेदन देखिन्छ। जाहेरवालाले नमालुमको मानिसले हो फिरौती रकमबापत रू. ५ लाख चाहियो भनी फोन गरेको भनी जाहेरी दिएका छन्। यस्तो जाहेरीबाट मैले निर्मला श्रेष्ठलाई अपहरण गरेको स्थापित हुँदैन। निजले आफू अपहरण परेको भन्ने विषयमा कोही कसैसँग संवाद भएको देखिँदैन । नेपाल सरहदमा फकाएको, छलकपटमा पारेको, झुक्यानमा पारेको, नशालु पदार्थ सेवन गराएको डर, त्रास देखाई नेपाल सीमा बाहिर लगी बन्धक बनाएको भन्ने मौकामा कागज गर्ने कोही कसैले खुलाउन सकेको देखिँदैन । व्यक्तिहरूलाई बन्धक बनाउनेसम्बन्धी अपराध (The Crime Of Hostage taking) रोकथाम विषयक सन् १९७९ को संयुक्त राष्ट्र संघीय सन्धिको धारा १–१० सम्म गरिएको व्यवस्थालाई हेर्दा निर्मला श्रेष्ठको Hostage भारतमा भएको भए सोही देशको कानून IPC को धारा ३६२ बमोजिम अपहरण तथा शरीर बन्धकमा मुद्दा चल्न सक्ने देखिन्छ । तर सोबमोजिम मुद्दा चलेको देखिँदैन । वादी पक्षबाट निर्मला श्रेष्ठको हत्या भएको हो भन्ने विषयमा कुनै वस्तुनिष्ठ ठोस सबुत प्रमाण पेस नगरेको अवस्थामा अदालत स्वयम् मृत्यु भएको निष्कर्षमा पुगेको छ। जुन न्यायोचित छैन। तसर्थ सुरू जिल्ला अदालतबाट फैसला केही उल्टी गरी सजाय थप गरी पुनरावेदन अदालत नेपालगञ्जबाट भएको फैसला बदर गरी पूर्ण सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी सोनु हलवाईको पुनरावेदन पत्र।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले षड्यन्त्र गरी मृतक निर्मला श्रेष्ठलाई भारतको लखनउबाट कपडा खरिद गरी ल्याई नेपालगञ्जमा बिक्री गरौं, बढी फाइदा हुन्छ समेतको प्रलोभन देखाई मिति २०६७।५।३ गते नेपालगञ्जबाट अपहरण गरी भारतको लखनउ स्थित तुलसी होटलमा लगी मिति २०६७।५।६ गते राति कर्तव्य गरी मारी निजको हातमा रहेको नगद र गरगहना लिनुका साथै ऐ. ७ गते बहराइचबाट प्रतिवादी रफिक बेहनाले मृतकको पति जाहेरवालालाई फोन गरी फिरौती रू. ५,००,०००।– माग गरेको विवरणलाई किटानी जाहेरी, जाहेरवालाको कागज, प्रतिवादी सोनु हलुवाईको मौकाको साबिती बयान तथा प्रतिवादीहरू रफिक बेहना, अक्रम हलुवाईको फरारी अवस्था, घटना विवरण कागज गर्ने नरेन्द्रकुमार सिंह क्षेत्री, रामकृष्ण कुर्मी, सुभाष बानियाको किटानी बकपत्रसमेतले फरारी प्रतिवादी अक्रम हलुवाई, रफिक बेहनाको हकमा कसुरको पुष्टि गरिरहेको अवस्था छ। मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको अन्तर्गतको कसुरमा मुलतबी रहने कानूनी व्यवस्थाको अभावमा सोतर्फको अभियोग मागदाबीतर्फ ठहर फैसला गरी ज्यानसम्बन्धी र चोरीको कसुरमा निजहरूको हकमा मुलुकी ऐन, अ.बं. १९० नं. बमोजिम मुल्तबी राखिनु पर्नेमा माथि उल्लिखित अपहरणतर्फको विषयमा ठहर इन्साफ नबोलेको फैसला त्रुटिपूर्ण रहेको हुँदा बदरभागी छ।

कसुर ठहर भएको प्रतिवादी सोनु हलुवाईले मृतकले साथमा लगेको नगद तथा सुनको गरगहना बिगो रू. २,०२,०००।– बराबरको धनमाल चोरी गरी लगेको भनी हुलिया निवेदन तथा जाहेरी परेको छ । जाहेरवालाको बकपत्रसमेतबाट जाहेरीको कथन पुष्टि भएको पाइन्छ । उक्त नगद र गरगहनाहरू मृतकसँग रहन सक्ने स्वभाविक अवस्था विद्यमान रहेको र नगद तथा उक्त धनमाल लिने खानेसमेतको उद्धेश्यबाट नै प्रस्तुत अपराध गरेको भनी प्रतिवादी मौकामा साबित

भएकोमा पनि उक्त नगद तथा गरगहना जबरजस्ती चोरी गरेकोतर्फ समेत अभियोग माग दाबीबमोजिम सजाय गर्नुपर्नेमा सो नगरी चोरी बिगो मागदाबी पुग्न नसक्ने भनी गरिएको फैसला त्रुटिपूर्ण छ।

प्रतिवादीमध्येको अनमोल अग्रवाललाई सफाइ दिइएको सम्बन्धमा लिइएको निर्णयाधारहरूलाई हेर्दा निजको मोबाइल नं. ९८४८-०७३४२७ बाट जाहेरवालाको श्रीमती मृतक निर्मला श्रेष्ठको मोबाइलमा लामो समयसम्म फोन आउने गरेको, पीडित निर्मलालाई यी प्रतिवादी अनमोल अग्रवालसमेतले भारततर्फ लगेको भन्ने बुझिएको भनी दिइएको जाहेरी र बकपत्रसमेतको विद्यमानता, उक्त वारदातको समयमा निज प्रतिवादीसमेत नेपालमा नभएको अवस्था र घटना विवरण कागज गर्ने राजेन्द्र कौशल, संजय बाल्मीकीसमेतले मृतक निर्मला श्रेष्ठलाई सोनु हलुवाई, अक्रम हलुवाई,रफिक बेहना र अनमोल अग्रवालले विभिन्न प्रलोभन देखाई झुक्याई मिति २०६७।५।३ गते बिहान घरबाट अपहरण गरी लगेको सुनी थाहा पाएको हौं भन्ने बेहोराको कागज गरी दिएकोसमेतका आधार प्रमाणहरू एवं नरेन्द्रकुमार सिंह, रामकृष्ण कुर्मी, सुभाष बानियाँको किटानी बकपत्रसमेतले जाहेरीमा उल्लेख भएअनुसार अनमोल अग्रवालको मिलमतो रहेको देखिँदादेखिँदै सफाइ दिएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ। अतः उल्लिखित आधार कारण एवं प्रमाणहरूबाट प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गर्नुपर्नेमा सोको विपरीत हुने गरी भएको पुनरावेदन अदालत, नेपालगञ्ज उक्त फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध छ भन्ने वादी नेपाल सरकारको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी सोनु हलुवाईको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री श्याम लालले मृतक निर्मला श्रेष्ठको मृत्यु नेपाल सरहदभित्र नभई भारतीय भूमिमा भएबाट अदालती बन्दोबस्तको२९ नं.को कानूनी व्यवस्थाप्रतिकूल नेपालको क्षेत्राधिकार ग्रहण गर्न मिल्दैन। सोनु हलवाईको र मृतकबीचको उमेर अवस्थाबाट मृतकलाई फकाएको भन्ने कुरा मनासिब हुन आउँदैन। रू.५ लाख फिरौती मागेको भनी जाहेरीमा उल्लेख गरे पनि कसले माग गरेको हो स्पष्ट छैन। वादीका साक्षीले शंकासम्म व्यक्त गरेका छन्। शंकाको सुविधा प्रतिवादीले पाउँछन्। प्रतिवादीउपर लगाइएको आरोपित कसुर वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनसक्ने प्रमाणको अभावमा पुनरावेदन अदालतबाट कसुरदार ठहर गरी भएको फैसला बदर उल्टी गरी प्रतिवादीले सफाइ पाउनु पर्छ भनी गर्नुभएको बहस सुनियो।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री यामबहादुर बानियाले प्रतिवादीहरूले अपराधबाट उन्मुक्ति लिने गलत मनसायले विदेशी भूमिमा हत्या गरिएको छ। अपहरण गर्ने र अन्ततः कर्तव्य गरी मार्ने गरी दुईवटा कसुर भएको छ। वारदातको उठान नेपाल सरहदभित्रबाट भएकोले जे जुन ठाउँमा पुर्‍याई कर्तव्य गरी मारे पनि प्रतिवादीहरूले उन्मुक्ति पाउने अवस्था रहँदैन। मुलुकी ऐन, अदालती बन्दोबस्तको२९ नं.तथा अपहरण तथा शरीर बन्धक लिनेको महलको ११ नं. ले क्षेत्राधिकार ग्रहण गरी भएको फैसला सो हदसम्म सदर हुनुपर्दछ। प्रतिवादी रफिक बेहना र अक्रम हलुवाईलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलअन्तर्गत ठहर फैसला नबोली मुल्तबी राखेको मिलेको छैन। प्रतिवादी सोनु हलुवाईलाई जबरजस्ती चोरीतर्फ सफाइ दिएको र प्रतिवादी अनमोल अग्रवाललाई अभियोग दाबीबाट पूरै सफाइ दिएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले बदर

गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो ।

प्रतिवादी अनमोल अग्रवालका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री गोविन्दप्रसाद शर्मा 'बन्दी' ले अनमोलको फोनबाट सम्पर्क भएको भन्ने जाहेरी भए पनि सोको पुष्टि हुने आधार अभियोजन पक्षबाट पेस भएको छैन । सोनु र अनमोलका बीच सम्बन्ध रहे भएको देखिँदैन । यी प्रतिवादीले मिति २०६६/८/२६ मा जिल्ला प्रहरी कार्यालय कैलालीमा आफ्नो मोबाइल हराएको सूचना दिएको देखिँदादेखिँदै निजको हराएको मोबाइलबाट फोन आएकै भरमा कसुरदार ठहर गर्न मिल्दैन । जाहेरीलाई पुष्टि हुने अन्य स्वतन्त्र प्रमाण नहुँदा सुरू अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत नेपालगञ्जको फैसला सदर हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो ।

उपर्युक्तबमोजिम पुनरावेदक वादी तथा प्रतिवादीतर्फका विद्वान् अधिवक्ताहरूले गर्नुभएको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मिलेको छ, छैन? पुनरावेदक वादी नेपाल सरकार र प्रतिवादी सोनु हलुवाईको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन? सोही विषयमा केन्द्रित रही निर्णय दिनुपर्ने देखिन आयो ।

२. यसमा प्रतिवादीहरू सोनु हलुवाई, अक्रम हलुवाई, रफिक बेहना र अनमोल अग्रवालले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. बमोजिमको कसुर गरेको हुँदा निजहरूलाई सोही महलको ३ नं., ७ नं. र ९ नं. बमोजिम सजाय गरी सोही महलको १२ नं. बमोजिम प्रतिवादीहरूबाट क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ र निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(३) नं. तथा चोरीको महलको १४(२) नं. बमोजिम थप सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी रहेको प्रस्तुत मुद्दामा प्रतिवादीहरू अक्रम हलुवाई र रफिक बेहनाको हकमा मुल्तबी राख्ने र प्रतिवादी सोनु हलवाईलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ र ७ नं. बमोजिम ९ वर्ष कैद तथा ५०,०००।– जरिवाना गरी प्रतिदिन रू. ५००।- को दरले वारदात मितिदेखि भरिभराउ मितिसम्म क्षतिपूर्तिसमेत भराइदिने र मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने एवम् प्रतिवादी अनमोल अग्रवालले सफाइ पाउने ठहऱ्याई बाँकै जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी प्रतिवादी सोनु हलुवाईलाई थप २ वर्ष कैद र दिन ४ को रू.५००।– का दरले रू.२,०००।– भराई दिने गरी भएको पुनरावेदन अदालत, नेपालगञ्जको फैसलाउपर प्रतिवादी सोनु हलवाई र वादी नेपाल सरकारको पुनरावेदन परी पेस हुन आएको देखिन्छ ।

३. प्रतिवादीहरूमध्ये अक्रम हलुवाई र रफिक बेहनाले सुरू म्याद गुजारी बसेको देखिँदा निजहरूको हकमा अ.बं. १९० नं. बमोजिम मुद्दा मुल्तबीमा राख्ने गरी सुरू अदालतबाट आदेश भएको, यी प्रतिवादीहरू उपर विभिन्न तीनवटा ऐनअन्तर्गत दाबी लिइए पनि अपराधको स्वरूप हेर्दा एउटै कार्यकलाप (Single transaction) को शृङ्खलाको रूपमा वारदात घटेको, सोमध्ये गम्भीर अपराध ज्यानसम्बन्धी महलअन्तर्गतको रहेको देखियो । यसरी ज्यानतर्फको आरोप मुल्तबीमा रहने भएपछि अन्य आरोपमा खण्डे फैसला गर्न कानूनी र व्यावहारिक रूपमा समेत कठिन हुने भएकोले निजहरूको हकमा कानूनबमोजिम मुद्दा मुल्तबीबाट जगाई कारबाही हुने नै हुँदा प्रस्तुत पुनरावेदनको रोहबाट निजहरूको हकमा केही बोलिरहनु परेन ।

४. अब पुनरावेदक प्रतिवादीमध्येको सोनु हलुवाईको हकमा हेर्दा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. र अपहरण

तथा शरीर बन्धक लिनेको महलको १, ३, ७, ९ र १२ नं. बमोजिम समेत सजाय माग भएको देखिन्छ। सुरू फैसलाउपरको पुनरावेदनमा र यस अदालतमा पुनरावेदन गर्दासमेत पुनरावेदकले आफ्नो निर्दोषिताको अतिरिक्त भारतमा मृत्यु भएको व्यक्तिको विषयमा नेपालमा मुद्दा चल्न नसक्ने भन्ने जिकिर लिएको पाइयो। पुनरावेदकको यो बेहोराबाट मृतक निर्मला श्रेष्ठको भारतमा मृत्यु भएको भन्ने कुरामा निजले शंका देखाएको पाइँदैन। मिसिल संलग्न भारतमा गरिएको पोस्टमार्टमलगायतका मुचुल्का, संलग्न सि.डी. एवं पत्रपत्रिकाको कटिङ्गबाट लखनउको अमीनाबाद स्थित तुलसी होटलको कोठा नं. ५६ मा मिति २०६७।५।४ गते राति निर्मला श्रेष्ठको हत्या भएको पुष्टि हुन आएको छ। मृतकलाई मिति २०६७।५।३ गते षड्यन्त्रपूर्ण ढंगबाट छलकपट, झुक्यानमा पारी नेपालगञ्ज स्थित निजको घरबाट व्यापार गर्ने बहानामा नेपालको सीमा कटाई भारतको रूपैहडिया हुँदै लखनउ लगी हत्या गरेबाट अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. को कसुर नेपालमा नै भएको र सोही महलको ११ नं. ले नेपालबाहिर लैजाने कार्य गरेमा नेपालभित्रै कसुर गरेसरह मानी सजाय गर्न मिल्नेसमेत देखिन्छ। यहाँ प्रतिवादीबाट अपहरण गर्ने सम्पत्ति लिने, खाने, मास्ने र हत्या गर्नेसमेतका जुन कसुर हुन भएको भनी अभियोग पत्र पेस भएको छ सो एउटै कारोबार (Single transaction) को शृङ्खला हुँदा यहाँ भारतमा लास फेला परेको भन्ने मात्र कारणले नेपालमा मुद्दा नचल्ने भन्न मिल्ने देखिँदैन। त्यसो भन्ने हो भने कसैलाई नेपालमा नै अपहरण गरी हत्या गरेमा मुद्दा चल्न सक्ने तर विदेश लगी हत्या गरेमा मुद्दा नचल्ने एउटा विसङ्गतिपूर्ण निर्णय निष्कर्षमा हामी पुग्छौं, जुन कानून, न्याय र न्यायका मान्यता प्राप्त सिद्धान्तसमेत अनुकूल हुन देखिँदैन।

५. अब यी प्रतिवादी सोनु हलुवाईलाई अपहरण र हत्याको अभियोगमा सजाय गरेको सुरू र पुनरावेदन अदालतको फैसला मिलेको छ वा छैन भनी हेर्दा, सुरू अदालतसमक्ष बयान गर्दा यी प्रतिवादीले आफूउपरको अभियोगमा इन्कार रही बयान दिएको पाइन्छ। तर अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा निजले देहायको बयान पाइन्छ।

६. **"मिति २०६७।५।३ मा भारततर्फ जाने सल्लाहअनुसार अक्रम हलुवाई र रफिक बहानासमेतलाई आफू तथा निर्मला श्रेष्ठ लखनउ जाँदैछौं पैसा आउँछ, जाउँ निजले मलाई नछाड्नी भई होटलतिर मारी भागी आउँला पैसा बाँडौंला भनी सल्लाह गरी उक्त मितिमा निर्मला श्रेष्ठसहित रूपैडिया गयौं त्यहाँबाट गाडीमा बसी भारतको लखनउ पुगी लखनउ स्थित अमीनाबाद स्थित तुलसी होटलमा कोठा लिई एउटा कोठामा निर्मला श्रेष्ठ र म बस्यौं अर्को कोठामा अक्रम हलुवाई र रफिक बेहाना बसी सोही मिति २०६७।५।४ गते योजनाबमोजिम राति सुत्दा ढोका खुला राखी अर्को कोठाबाट अक्रम र रफिक आई निज निर्मला सुतेकीले मैले घाँटीमा दोपट्टा कसेँ र अक्रम र रफिकले खुट्टा समाती निजको घाँटी कसी मारेपछि राति कोठामा नै बसी बिहानै तीन जना होटलबाट निस्की बहराईच आई ७ गतेसम्म त्यहीँ बसी रफिकले अन्जन श्रेष्ठलाई फोन गरी रू. ५ लाख दे नत्र तेरो श्रीमती मारिदिन्छौं भनी धम्की दिएका हुन्"** भन्नेसमेत बयान दिएको पाइन्छ।

७. यी प्रतिवादीको उपर्युक्त बयानको अतिरिक्त निज मृतक निर्मला श्रेष्ठसँग सम्पर्कमा रहेको, निजको घरमा आउजाउ गर्ने गरेको, कपडाको व्यापार गरौं भनी फकाउने कार्य गरेको भन्ने मिसिलबाट देखिन्छ। अनुसन्धानमा कागज गरी अदालतमा बकपत्र गर्ने रामकृष्ण कुर्मीले सोनु हलवाईसमेत मृतकको घरमा आउजाउ गर्ने गरेको, सो क्रममा मिति २०६७।५।२ गते बेलुकी सोनु हलुवाई र अक्रम हलुवाई आएको देखेको, साथै मृतक निर्मलाले व्यापार

गर्ने कि नगर्ने भनी आफूलाई सोधेको भनेका छन् । यस्तै बकपत्र सुभाष बानियाको समेत छ । सोनुसमेतले कपडाको व्यापार गरौं भनी भनेको कुरा निर्मलाले आफूलाई भनेका र आफूले के कसो हो त्यसै व्यापार गर्नु हुँदैन भनी निर्मलालाई भनेको भन्ने पनि निजले अदालतमा बकपत्र गरेको देखिन्छ । वारदातको दिन भदौ ३ गतेबाट ऐ. ८ गतेसम्म निज प्रतिवादी सोनु हलुवाईसमेत निजको पसलबाट गायब रहेको भन्ने सुभाष बानियाको भनाई रहेको छ । मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरूको समग्रमा मूल्याङ्कन गर्दा र यी प्रतिवादी सोनु हलुवाईको मिसिल संलग्न सि.डी. मा संग्रहित निजको बयानको अंश हेर्दा निज निर्दोष रहेछन भन्ने अवस्था देखिएन ।

८. जबरजस्ती चोरीतर्फ समेत सजाय हुनुपर्ने भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ र प्रतिवादी अनमोल अग्रवाललाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा चोरीतर्फ अभियोग दाबी स्थापित गर्ने कुनै प्रमाण मिसिलमा रहे भएको पाइँदैन । तसर्थ सोतर्फ अभियोग दाबी पुग्न सक्दैन । अनमोलको फोनबाट सम्पर्क भएको भन्ने जाहेरी भए पनि सोको पुष्टि हुने आधार अभियोजन पक्षबाट पेस भएको देखिँदैन । सहप्रतिवादी सोनु हलुवाईले निजलाई पोलसम्म पनि गरेको देखिँदैन । निजको अदालतसमक्षको बयानमा कसुरमा ईन्कार रही बयान गरेको देखिन्छ । यी प्रतिवादी अनमोल अग्रवालले वारदातपूर्व नै मिति २०६६/८/२६ मा जिल्ला प्रहरी कार्यालय कैलालीमा आफ्नो मोबाइल हराएको सूचना दिएको देखिन्छ । निजको हराएको मोबाइलबाट फोन आएको भनेको भरमा कसुरदार ठहर गर्न मिल्ने देखिएन । अतः निज प्रतिवादी अनमोल अग्रवाललाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत नेपालगञ्जको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । निजको हकमा वादी नेपाल सरकारको पुनरावेदन पुग्न सक्दैन ।

९. अतः माथि विवेचित तथ्य आधार र कारणसमेतबाट यी प्रतिवादी सोनु हलुवाईले मृतक निर्मला श्रेष्ठलाई अपहरण गरी हत्या गरेको देखिन आएको हुँदा, निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा १३(३) नं. बमोजिम जन्मकैद हुने र महिला अपहरण गरेतर्फ अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. ले थप २ वर्ष सजाय गर्नुपर्ने नगरेको र सोही महलको १२ नं.ले कसुर भएको दिनदेखि निजको मृत्यु हुँदासम्मको दिनको रू. ५००।– ले ४ दिनको रू. २,०००।– क्षतिपूर्ति भराउनु पर्नेमा भरिभराउ मितिसम्मको दिनको रू. ५००।– भराउने गरेको सुरू बाँके जिल्ला अदालतको फैसला केही उल्टी हुने ठहर्‍याई प्रतिवादी सोनु हलवाईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदबापत २० वर्ष कैद तथा मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ र ३ नं. कसुरमा सोही ३ र ७ नं. बमोजिम ९ वर्ष कैद र ९ नं. ले २ वर्ष थप कैद हुने र जाहेरवालाले रू. २,०००।– क्षतिपूर्ति भरिपाउनेसमेत ठहर्‍याई पुनरावेदन अदालत नेपालगञ्जबाट मिति २०७०/११/१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीले सफाइ पाउँ भनी लिएको पुनरावेदन जिकिर र प्रतिवादी अनमोलसमेतले सजाय पाउनु पर्ने र प्रतिवादीलाई जबरजस्ती चोरीमा समेत सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत काटी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. केदारप्रसाद चालिसे

इजला अधिकृतः जगतबहादुर पौडेल
इति संवत् २०७४ साल असार २१ गते रोज ४ शुभम् ।

## निर्णय नं. १००२९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
फैसला मिति : २०७५।३।१९
०७२-CI-१८९४

मुद्दाः मोही दर्ता नामसारी

पुनरावेदक / वादी : जिल्ला सप्तरी, पटेर्वा गाउँ विकास समिति, वडा नं. ७ बस्ने रामप्रसाद चौधरी

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला सप्तरी, पर्टेवा गाउँ विकास समिति, वडा नं. ६ बस्ने नथुनीप्रसाद यादव

- **मोहीको हक जग्गा कमाउने व्यक्तिले कानूनले तोकेको सर्तहरू पालन गरी पूरा गरेको अवस्थामा मात्र प्राप्त हुने हक हो । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ अनुसार मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, बाबु, धर्मपुत्र आदिमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने कानूनी व्यवस्था भएकोले वादीको पिताको मोही हक कायम भइसकेको अवस्थामा जग्गाधनीले पत्याएमा निजको नाममा नामसारी हुने हो । निजका बाबुले नै मोही हक दाबी गरी हक प्राप्त नगरेको मोही हक स्वर्गीय पिताको नाममा कायम गराई आफ्ना नाममा नामसारी गराइ पाउँ भनी भन्नलाई भूमिसम्बन्धी ऐन, २०२१ ले वादीलाई त्यस्तो हक प्रदान गरेको नदेखिने ।**
- **वादीका बाबुले नै आफ्नो नाममा मोहियानी हक कायम नगराएको अवस्थामा बाबुको मृत्युपछि मृतक व्यक्तिलाई मोही कायम गरी वादीका नाउँमा नामसारी गरी मोही दर्ता गरी दिने अवस्था देखिन नआउने ।**

(प्रकरण नं.४)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री सनद देवकोटा
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :

- स.अ.बुलेटिन २०६९, पूर्णाङ्क ४८२, साउन १६-३२

सम्बद्ध कानून :

- भूमिसम्बन्धी ऐन, २०२१

सुरू तहमा निर्णय गर्ने :
भूमि सुधार अधिकारी श्री पुष्करकुमार थापा
भूमिसुधार कार्यालय, सप्तरी
पुनरावेदन तहमा फैसला गर्ने :
माननीय न्यायाधीश श्री मु. साबिक हुसैन
माननीय न्यायाधीश श्री बालकृष्ण उप्रेती
पुनरावेदन अदालत, राजविराज

फैसला

**न्या.केदारप्रसाद चालिसे :** न्याय प्रशासन ऐन, २०४८ को दफा १२ (१) को खण्ड (क) र (ख) बमोजिम वादीको मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदन परी उक्त निवेदनमा निस्सा प्रदान भएको र पुनरावेदन दायरीमा दर्ता भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

साबिक जग्गाधनी गनपैत सिंह नाउँको

नरसिंहदेखि दक्षिण पैन सो पश्चिम नरसिंह दास गडेरीदेखि पूर्व गणेशसिंहदेखि उत्तर चार किल्लाभित्रको ०-७-० जग्गाको मेरो स्व. पिता सवुरलाल चौधरीले १ नं. फारम भरी २ नं. अनुसूची प्रकाशित भई सो २ नं. अनुसूचीमाथि जग्गाधनीले नियम ७ बमोजिम उजुर नगरीको सर्भे नापी हुँदा गाउँ विकास समिति, पटेर्वा वडा नं. ७ (ख) को कि.नं. १३८ को ०-१०-१$^{१}/_{४}$ कायम भएको उक्त २ नं. भित्रको नरघटी सो जग्गा जोत आवाद गरी कुतबाली बुझाई आइरहेकोले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(२) बमोजिम मोही दर्ता गरी सोही ऐनको दफा २६(१) बमोजिम मोही नामसारी गरी मोही प्रमाणपत्र पाउँ भन्ने मिति २०६६।११।१६ को फिरादपत्र रहेको र मुद्दा चल्दाचल्दैको अवस्थामा उल्लिखित कित्ता जग्गा यिनै विपक्षी नथुनीप्रसाद यादवको नाउँमा कायम हुन आएको हुँदा निजलाई बुझी कानूनबमोजिम कारबाही गरिपाउँ भनी वादीको मिति २०६७।६।११ को निवेदनपत्र।

मेरो नाउँ दर्ताको जिल्ला सप्तरी, पटेर्वा गाउँ विकास समिति, वडा नं. ७(ख) को कि.नं. १३८ को ०-१०-१५$^{१}/_{२}$ जग्गा र.नं. ३००९ मिति २०६७।५।२३ मा खरिद गरी लिएको हुँ । दाबीको जग्गा साबिक जग्गाधनीहरूको आफ्नै श्रमले जोतखोत आवाद गर्दै आएको र मैले खरिद गरेको सालदेखि आफैँ जोत आवाद गर्दै आएको हुँ । विपक्षीलगायत निजको पितासमेतले कुनै सर्तमा जोत आवाद गरेको छैन होइन । वादीका स्व. पिता सवुरलाल चौधरीले भूमिसुधार लागू भएको बखत जग्गाधनी गणपैत सिंह देखाई भूमिसम्बन्धी ऐन, २०२१ को नियम ३, अन्तर्गत १ नं. लगत भर्नुपर्ने र नियम ६ बमोजिम २ नं. अनुसूची प्रकाशित गराउनु पर्ने र सोही नियम ७ अन्तर्गत जग्गाधनीको उजुरी नपरेको खण्डमा नियम ९ को उपनियम (२) बमोजिम ४ नं. जोताहा अस्थायी निस्सा पुर्जी लिई नियमित रूपमा जग्गाको कुत बुझाई सो प्रमाणहरूको आधारमा सर्भे नापीमा उपस्थित भई मोही दर्ता गराउनु पर्ने थियो । सो उल्लिखित प्रक्रियाहरू पूरा गरेको देखिँदैन साथै गणपैत सिंहका नाममा कुनै प्रमाण वादीका बाबुले नपाएको नरहेको कुरा वादीकै लेखबाट देखिन्छ । विपक्षीको पिता सवुरलाल चौधरीले जग्गाधनी गणपैत सिंहको छोरीका नाममा प्रकाशित अनुसूचीको आधारमा ०-२-०, ०-४-० जग्गाको छुट्टाछुट्टै अनुसूची प्रकाशित भएको देखिन्छ । गणपैत सिंहको छोरीको नाउँको प्रकाशित अनुसूचीको आधारमा गणपैत सिंहको जग्गामा भूमिसम्बन्धी नियम ३, ६, ९ अन्तर्गत दाबी गर्न मिल्दैन । अर्कोतर्फमा दुई छुट्टाछुट्टै कित्ताको चौहदी बेग्लाबेग्लै छ, मेरा जग्गाको चारकिल्लासँग भिड्दैन । साथै ४ र २ कट्टा जग्गा सर्भे नापीमा ०-१०-१५$^{१}/_{२}$ कायम हुन सक्तैन भन्नेसमेत बेहोराको प्रतिवादीको प्रतिउत्तर जिकिर रहेको देखिन्छ।

वादी, दाबीको जग्गाको मोही हो भन्ने नमिल्ने हुँदा वादीको माग दाबी नपुग्ने ठहर्छ भन्ने भूमिसुधार कार्यालय सप्तरीको निर्णय।

सुरू फैसलामा चित्त बुझेन साबिक नापीमा र हाल नापीमा जग्गाको क्षेत्रफल घटबढ हुनु स्वाभाविक हो । मेरो पिता स्व. सवुरलाल चौधरीले भरेको मोही १ नं. लगतमा उल्लेख भएको ०-७-० जग्गा गणपैत सिंहको नाउँमा दर्ता रहेको जग्गाको मोही लगत भरेको हो । सोही जग्गा जिल्ला सप्तरी, पटेर्वा गाउँ विकास समिति, वडा नं. ७(ख) कि.नं. १३८ को ०-१०-१५$^{१}/_{४}$ जग्गा हो । वादीको जग्गाको क्षेत्रफल करिब ०-३-१५$^{१}/_{४}$ जग्गाको फरक रहेको भनी सुरूबाट भएको फैसला उल्टी गरी श्री सर्वोच्च अदालतबाट प्रतिपादित नजिर (ने.का.प. २०६७, अंक ७, निर्णय नं. ३८०) बमोजिम सुरू फिराद दाबीबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदन पत्र।

यसमा मिसिल संलग्न वादीबाट पेस भएको अनुसूची २ र जग्गाधनीको कुत बुझेको भरपाईसमेतको समुचित मूल्याङ्कन नगरी भएको सुरू भूमिसुधार

कार्यालय सप्तरीको निर्णय प्रमाणको रोहमा फरक पर्न सक्ने देखिँदा छलफलका लागि अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा म्याद नाघेपछि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।८।२७ मा भएको आदेश।

प्रतिवादीको लिखत प्रतिवाद मिसिल सामेल रहेको।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ अनुसार मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलको पति पत्नी, छोरा, बाबु, धर्मपुत्र आदि मध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने कानूनी व्यवस्था भएकोले वादीको पिताको मोही हक कायम भइसकेको अवस्थामा जग्गाधनीले पत्याएको निजको नाममा नामसारी हुनेसम्म हो। यी वादीका बाबुले नै दाबीको जग्गाको मोही हक कायम गराउन नसकेको स्थितिमा यी पुनरावेदक वादीका बाबुको नाममा दाबीको जग्गाको मोही दर्ता गरी यी वादीका नाममा नामसारी गर्न कानूनसङ्गत हुन नदेखिएकाले दाबीको कि.नं. १३८ को ०-१०-$१^{१}/_{४}$ जग्गामा मोही कायम गरी यी वादीका नाममा नामसारी गरिपाउँ भन्ने वादीको फिराद दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू भूमिसुधार कार्यालय, सप्तरीको मिति २०६८।९।१७ को फैसला मिलकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।५।२ मा भएको फैसला।

मेरो पिता स्व. सवुरलाल चौधरी भनेको मोहीको लगतअनुसारको २ नं. अनुसूची प्रकाशित हुँदा गणपैत सिंहको नाउँमा दर्ता रहेको ०-७-० जग्गा भरिएको छ। हाल सर्भे नापीमा उक्त ०-७-० जग्गा जिल्ला सप्तरी, पटेर्वा गाउँ विकास समिति, वडा नं. ७(ख) को कि.नं. १३८ को ०-१०-$१^{१}/_{४}$ जग्गा कायम भएको छ। साबिक र हाल नापीमा क्षेत्रफल सामान्य रूपमा घटबढ भई नै रहेको छ। तर क्षेत्रफल नरघटी नरबढी भएको आधारले मोही नै कायम गर्न मिल्दैन तर जग्गा नाप जाँच ऐन, २०१९ को दफा ७ जग्गा घटबढ भएमा (१) जग्गा नाप जाँच हुँदा साबिकको क्षेत्रफलभन्दा घटबढ भएमा (१) जग्गा नाप जाँच हुँदा साबिकको क्षेत्रफलभन्दा घटीबढी हुन आएमा सोहीबमोजिमको जग्गाको क्षेत्रफल कायम सम्बन्धित जग्गाधनीको नाउँमा कायम गरिनेछ भन्ने कानूनविपरीत भूमिसुधार कार्यालय, सप्तरीले क्षेत्रफल अनुसूची र दाबीमा जग्गाको क्षेत्रफल करिब ०-३-$१५^{१}/_{४}$ जग्गाको फरक रहेको भन्ने तथ्यहीन आधार टेकी मोही नठहऱ्याउने नामसारी नगर्ने गरेको भूमि सुधार कार्यालय सप्तरीले गरेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत राजविराजको फैसलामा गम्भीर त्रुटि छ।

प्रत्यर्थी नथुनीप्रसाद यादवले दाबीको जग्गाको साबिक जग्गाधनी गणपैत सिंहको छोरा बैजनाथ सिंहबाट जग्गा खरिद गरेको छ। निज बैजनाथ सिंहले म मोहीलाई भरपाई दिई आएको छ। सो प्रमाणबाट म निवेदकले मोहीमा जग्गा जोती आएको साबित भइरहेको अवस्थामा मेरो मोहियानी कायम नगरेको भूमिसुधार कार्यालय सप्तरीको फैसला तथा पुनरावेदन अदालत राजविराजको फैसला गम्भीर त्रुटि हुँदा उल्टी गरिपाउँ भन्ने रामप्रसाद चौधरीको यस अदालतमा पर्न आएको निवेदन पत्र।

यसमा निवेदकका बाबु सवुरलाल चौधरीको नामबाट विवादित जग्गाको १ नं. फाँटवारी २ नं. लगत प्रमाणित भई ४ नं. को जोताहा अस्थायी निस्सा प्राप्त भएकोमा मोही नामसारी नहुने गरी भएको पुनरावदेन अदालत राजविराजको मिति २०७१।५।२ को फैसलामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) भूमिसम्बन्धी नियमहरू २०२१ को नियम ९(३) प्रमाण ऐन,२०३१ दफा ३ र ५४ मुलुकी ऐन, अ.बं.

२८४क, १८५ नं. सर्वोच्च अदालत बुलेटिन २०७२ वर्ष २४, अंक ४ पूर्णाङ्क ५५० (सोनाई मण्डल वि. किशोर कुमार मण्डल) को मुद्दामा प्रतिपादित नजिरसमेतको त्रुटि भई न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) को अवस्था विद्यमान मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिएको छ भन्ने यस अदालतबाट मिति २०७३।२।३ मा भएको आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता सनद देवकोटाले वादीका बाबु सुवरलाल चौधरी उक्त जग्गाको मोही भई १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित भएको छ । निजको मृत्युपश्चात् निजको एक मात्र हकदार वादी भएकोमा मोही कायम हुन नसक्ने ठहरी सुरू भूमिसुधार कार्यालयबाट भएको फैसला सदर हुने ठहराएको पुनरावेदन अदालतको फैसला भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) विपरीतको हुँदा उल्टी गरी सुरू फिराद दाबीबमोजिम हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो।

पुनरावेदनसहितको मिसिल अध्ययन गरी विद्वान् वरिष्ठ अधिवक्ताको बहससमेत सुनी वादी दाबी पुग्न नसक्ने ठहरी सुरू भूमिसुधार कार्यालयबाट भएको फैसला सदर हुने ठहराएको पुनरावेदन अदालतको फैसला मिलेको छ, छैन ? वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, साबिक जग्गाधनी गनपैत सिंह नाउँको ०-७-० जग्गा आफ्नो पिता सवुरलाल चौधरीले १ नं. फारम भरी २ नं. अनुसूची प्रकाशित भएकोमा सर्भे नापीका बखत कित्ता नं.१३८ को ०-१०-१$^{१}/_{४}$ कायम भई जोतकमोत गरी कुत बाली बुझाई आएकोमा मोहीको प्रमाणपत्र प्राप्त नहुँदै पिता सुवरलाल चौधरीको मिति २०६२।७।२ मा र आमाको मिति २०५७।९।२२ मा आ-आफ्नो कालगतिले परलोक भएकोले निजहरूको हक खाने आफू एक मात्र हकदार भएकोले मोही नामसारी गरी मोही प्रमाणपत्र पाउँ भनी मिति २०६६।११।१६ मा फिराद गरेकोमा मुद्दा चल्दाचल्दै विपक्षी नथुनीप्रसाद यादवका नाउँमा कायम हुन आएकोले निजलाई समेत बुझी कारबाही गरिपाउँ भन्ने फिराद दाबी भएकोमा उक्त जग्गा मिति २०६७।५।२३ मा राजीनामा गरी खरिद गरी लिएको जग्गा हो । वादी तथा निजको बाबुले उक्त जग्गा जोत कमोत गरेको होइन । वादीका बाबुले १ नं. अनुसूची फाराम भरी २ नं. अनुसूची प्रकाशित भएको पनि देखिँदैन । तसर्थ वादी दाबी खारेज हुनुपर्छ भन्ने प्रतिउत्तर पत्र भएकोमा वादी दाबी नपुग्ने ठहऱ्याई सुरू भूमिसुधार कार्यालयबाट भएको फैसलाउपर वादीको पुनरावेदन अदालत राजविराजमा पुनरावेदन परी पुनरावेदन अदालत राजविराजबाट वादी दाबी नपुग्ने ठहर गरेको सुरूको फैसला सदर गरेकोमा वादीको चित्त नबुझी मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी निवेदन परेकोमा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पेस भएको पाइयो।

३. सो सन्दर्भमा हेर्दा, जिल्ला सप्तरी, पटेर्वा गाउँ विकास समिति वडा नं. ७ (ख) कि.नं.१३८ को ०-१०-१$^{१}/_{४}$ को जग्गा वादीका बाबु सवुरलाल चौधरीले मोहीको हैसियतले कमाई अनुसूची १ फाराम भरी २ नं. अनुसूची प्रकाशित भएको भन्ने वादीको भनाई देखिन्छ। उक्त अनुसूचीहरू विवादित कि.नं. १३८ को जग्गाको हो भन्ने प्रमाण वादीले दाखिल गर्न सकेको देखिँदैन । वादीका बाबुको मिति २०६२ सालमा मृत्यु भएको भन्ने देखिँदा वादीका बाबुले आफ्नो जीवनकालमा विवादित जग्गाको मोही हक कायम गराउन कारबाही चलाएको भन्ने देखिँदैन । दाबीको जग्गा वादीका बाबुले मोहीको हैसियतले भोगचलन गरी आएकोमा २०६२ सालसम्म मोही हक दर्ता गराई मोहीको प्रमाणपत्र लिन सक्ने अवस्था विद्यमान

रहिरहेको देखिन्छ । भूमिसम्बन्धी ऐन, २०२१ जारी हुनुभन्दा अगाडिदेखि नै मोहीको हैसियतले जग्गा निरन्तर जोतभोग गरेको देखिने प्रमाणहरू (कुत बुझे बुझाएको) पेस गर्न सकेको देखिएन ।

४. मोहीको हक जग्गा कमाउने व्यक्तिले कानूनले तोकेको सर्तहरू पालन गरी पूरा गरेको अवस्थामा मात्र प्राप्त हुने हक हो । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ अनुसार मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, बाबु, धर्मपुत्र आदिमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने कानूनी व्यवस्था भएकोले वादीको पिताको मोही हक कायम भइसकेको अवस्थामा जग्गाधनीले पत्याएमा निजको नाममा नामसारी हुने हो । निजका बाबुले नै मोही हक दाबी गरी हक प्राप्त नगरेको मोही हक स्वर्गीय पिताको नाममा कायम गराई आफ्ना नाममा नामसारी गराइ पाउँ भनी भन्नलाई भूमिसम्बन्धी ऐन, २०२१ ले यी वादीलाई त्यस्तो हक प्रदान गरेको देखिँदैन । यस सम्बन्धमा सर्वोच्च अदालतबाट **"निवेदकका बाबुले आफूले दाबी गरी प्राप्त नगरेको मोही हक स्वर्गीय पिताको नाममा कायम गराई आफ्नो नाममा नामसारी गराउनलाई भूमिसम्बन्धी ऐन, २०२१ ले वादीलाई त्यस्तो हक प्रदान गरेको नदेखिने"** (स.अ.बुलेटिन २०६९, पूर्णाङ्क ४८२, साउन १६-३२, पृष्ठ ४१०) भन्ने व्याख्या भएको छ । यसरी वादीका बाबुले नै आफ्नो नाममा मोहियानी हक कायम नगराएको अवस्थामा बाबुको मृत्युपछि मृतक व्यक्तिलाई मोही कायम गरी यी वादीका नाउँमा नामसारी गरी मोही दर्ता गरी दिने अवस्था देखिन आएन ।

५. तसर्थ, वादीका बाबुले नै मोही हक कायम गराउन नसकेको स्थितिमा वादीका बाबुको नाममा दाबीको जग्गा मोही दर्ता गरी यी वादीका नाममा नामसारी गर्न कानूनसङ्गत नदेखिँदा दाबीको कि.नं.१३८ को ०-१०-१$^{१}/_{४}$ जग्गामा मोही कायम गरी आफ्नो नाममा मोही नामसारी गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहराएको सुरू भूमिसुधार कार्यालय सप्तरीको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।५।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत काटी नियमानुसार गरी मिसिल बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. बमकुमार श्रेष्ठ

इजलास अधिकृत : जगतबहादुर पौडेल
इति संवत् २०७५ साल असार १९ गते रोज ३ शुभम् ।

## निर्णय नं. १००३०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खड्का
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
फैसला मिति : २०७३।११।९

मुद्दा : लिखत दर्ता बदर दर्ता

०६७-CI-११६२

पुनरावेदक / प्रतिवादी : जिल्ला पर्सा गा.वि.स. रामनगरी वडा नं. ६ मा बस्ने मणिभुषण तिवारी

विरूद्ध

विपक्षी / वादी : जिल्ला पर्सा गा.वि.स. रामनगरी वडा नं. १ मा बस्ने रामानन्द पाण्डेसमेत

०६७-CI-११६३

पुनरावेदक / प्रतिवादी : जिल्ला पर्सा गा.वि.स. रामनगरी वडा नं. १ मा बस्ने ठाकुर पाण्डे

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला पर्सा गा.वि.स. रामनगरी वडा नं. १ मा बस्ने रामानन्द पाण्डेसमेत

- **२०४४ सालको बन्डा मुचुल्काको अस्तित्व रहे भएसम्म दाबी जग्गा सम्बन्धमा अंशियार वादी पक्षलाई प्रतिकूल पार्ने गरी गरे भएको कुनै पनि व्यवहार सदर हुनसक्ने अवस्था नदेखिँदा मुलुकी ऐन लेनदेन व्यवहारको महलको ४० नं. र जग्गा पजनीको महलको १७ नं. अनुसार फिराद दायर गर्न पाउने नै अवस्था देखिन आउने ।**
- **२०४४ सालको बन्डा मुचुल्काबाटै स्पष्ट रूपमा अरू अंशियारको समेत भाग लाग्ने गरी तर्फसमेत खुलाई बन्डा मुचुल्कासमेत भइसकेको अवस्थामा फिल्डबुकमा आफ्नो नाम उल्लेख भएकै आधारमा प्रतिवादीले नाउँसारी गराउँदैमा वादीको अंश हक समाप्त हुने भन्न मिल्ने नदेखिने ।**

(प्रकरण नं.५)

पुनरावेदक / प्रतिवादीका तर्फबाट :

प्रत्यर्थी / वादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं.

सुरू फैसला गर्नेः-

मानननीय न्यायाधीश श्री महेन्द्रराज गौतम

पर्सा जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री एकराज आचार्य

माननीय न्यायाधीश श्री तेजबहादुर कार्की

पुनरावेदन अदालत हेटौंडा

फैसला

**न्या. मीरा खड्का :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

देवेन्द्र पाण्डेको ४ छोराहरूमा जेठा वादी म रामानन्द पाण्डे, माहिला वादी म लक्ष्मीकान्त पाण्डे, साहिँला नित्यानन्द पाण्डे र कान्छा विपक्षी ठाकुर पाण्डे ब्राम्हण हुन् । हामीबीच निज ठाकुर पाण्डे वादी भई चलेको दे.नं. १३०५ तथा नित्यानन्द वादी भएको दे.नं. १२९८ को अंश मुद्दामा मिति २०३८।९।२६ को सुरू पर्सा जिल्ला अदालतको फैसला तथा मिति २०४०।१।१४ को तत्कालीन नारायणी अञ्चल अदालतको फैसलाबमोजिम मिति २०४४।२।५ मा बन्डा छुट्याउँदाका छुट जग्गा दाखिल खारेज दर्ता भएकोमा विपक्षी ठाकुर पाण्डेका नाउँमा नापी भएको जिल्ला पर्सा रामनगरी गा.वि.स., वडा नं. १ कि.नं. ६२ को ०-५-०, ऐ. वडा नं. १ कि.नं. १४ को ०-१-२ र घर समेत तर्फ छुट्याई चारै दाजुभाइ र आमासमेतको ५ अंश छुट्याएको भए पनि सो २ कित्ता जग्गा अप्रमाणित रहेकोले हाम्रा नाउँमा दा.खा. हुन सकेन । सो बाँकी जग्गाको दा.खा. गराउन म रामानन्द पाण्डेले मिति २०६४।२।१४ मा निवेदन दिँदा विपक्षी ठाकुर पाण्डेको नामबाट मिति २०६२।३।१७ मा अर्का विपक्षी मणिभूषण तिवारीको नाममा राजीनामा भई गइसकेको कुरा थाहा पाई सोही मितिमा नक्कल लिई प्रस्तुत फिराद गर्न आएको छु । आमा स्वर्गे हुनु भएकोले सो जग्गाहरूमध्येबाट ४ खण्डको २ खण्ड लिखत दर्ता बदर गरी हाम्रो नाउँमा दर्ता गरिपाउँ भन्ने बेहोराको वादी रामानन्द पाण्डे र लक्ष्मीकान्त पाण्डेको

मिति २०६४।२।२३ को फिरादपत्र ।

दाबीको जग्गामा वादीहरूको हकभोग स्वामित्व छैन। मालपोत कार्यालय, पर्साको २०५६।१२।२४ को निर्णयले उक्त जग्गा मेरो नाउँमा दर्ता भएपछि एकलौटी भोगचलन गरी मिति २०६२।३।१७ को राजीनामा लिखतबाट मणिभूषणको नाममा गएकोमा वादीहरूको हक भए लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्र फिराद गर्नुपर्नेमा नगरेबाट लिखत दर्ता बदर हुनुपर्ने होइन । लेनदेन व्यवहारको ४० नं, ज.प. को १७ नं. प्रस्तुत मुद्दामा आकर्षित नहुने हुँदा फिराद खारेज गरी झुट्ठा दाबीबाट अलग फुर्सद गरिपाउँ भन्ने बेहोराको प्रतिवादी ठाकुर पाण्डेको मिति २०६४।५।१९ को प्रतिउत्तर पत्र ।

मैले जालसाजी गरी जग्गा लिएको नभई दाताको नामदर्ताको जग्गा मिति २०६२।३।१७ गते खरिद गरी सोही मितिबाट भोगचलन गरी आएको छु । सो जग्गामा वादीहरूको अंश भए समयमै फिराद गर्नुपर्ने नगरेबाट प्रस्तुत मुद्दामा ज.प. को १७ नं. र लेनदेन व्यवहारको ४० नं. आकर्षित हुने अवस्था नभएकोले झुट्ठा दाबीबाट अलग फुर्सद गरिपाउँ भन्ने बेहोराको प्रतिवादी मणिभूषण तिवारीको मिति २०६४।६।८ को प्रतिउत्तर पत्र ।

वादी दाबीका जग्गाहरू साबिकमा वादी प्रतिवादीबीच बन्डा हुँदा अप्रमाणित जग्गा रहेभएको तथ्य निर्विवाद भएपनि प्रतिवादी ठाकुर पाण्डेको नाममा दर्ता भएपश्चात् सो जग्गामा आफ्नो हक कायम गराई लिनेतर्फ वादीहरूको फिराद नपरेको र विपक्षीहरूबीच पारित भएको राजीनामाले वादीहरूको हक गएको भए लेनदेन व्यवहारको १० नं. ले निर्दिष्ट गरेको हदम्यादभित्र फिराद आउनुपर्नेमा असान्दर्भिक कानूनी प्रावधान र हदम्याद अँगाली नक्कल सारी थाहा पाएको मितिबाट हदम्याद गणना गरी मिति २०६४।२।२३ मा परेको फिराद हदम्यादसमेतको अभावमा अ.बं. १८० नं. बमोजिम खारेज हुने ठहर्छ भन्ने सुरू पर्सा जिल्ला अदालतको मिति २०६४।७।१४ को फैसला ।

अंश मुद्दामा अदालतबाट भएको अन्तिम फैसला र मिति २०४४।२।५ को बन्डा मुचुल्काबाट हाम्रो अंश छुट्टयाइएको कि.नं. ६२ को ज.वि. ०-५-० र कि.नं. १४ को ज.वि. ०-१-२ जग्गाहरू विपक्षी ठाकुर पाण्डेको नाउँमा दर्ता स्रेस्ता अप्रमाणित रहेको कारणले दा.खा. दर्ता हुन नसकेपनि सो अंश भागबमोजिम २०६४।२।१४ मा दाखेल खारेज गराउन मालपोत कार्यालय, पर्सामा निवेदन दिँदा विपक्षीमध्येका मणिभूषण तिवारीको नाममा राजीनामा भई गएको कुरा थाहा पाएकोले मुलुकी ऐन जग्गा पजनीको १७ नं. ले एकाको हकको जग्गा अर्कोले दर्ता गराएकोमा थाहा पाएको मितिले ६ महिनाभित्र नालेस गर्न सक्ने कानूनी व्यवस्था रहेको र जग्गा पजनीको २क. नं. ले जहिलेसुकै दाखेल खारेज गराउन सक्ने व्यवस्था भएकोमा सुरू पर्सा जिल्ला अदालतले अंश नभएका अंशियारबीच लागू हुने कानून लगाई असम्बन्धित दफा र म्यादलाई प्रमाणमा लिई गरेको फैसला उल्टी गरी हक इन्साफ दिलाई पाउँ भन्ने बेहोराको वादी रामानन्द पाण्डे र लक्ष्मी पाण्डेको मिति २०६५।४।१९ को पुनरावेदन पत्र ।

विवादका जग्गाहरू २०४४ सालमै बन्डा भइसकेको देखिन आएकोमा लेनदेन व्यवहारको १० नं. को हदम्याद लगाई फिराद दाबी नै खारेज गरेको सुरूको इन्साफ कानूनको व्याख्याको प्रश्नमा फरक पर्न सक्ने देखिएकोले छलफलको लागि प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत हेटौंडाको मिति २०६५।७।२८ को आदेश ।

विवादित जग्गा मैले उचित मूल्य तिरी खरिद गरेको हो । ऋणी ठाकुर पाण्डेको दर्तातर्फ उजुर नपरेकोले जग्गा पजनीको १७ नं. तथा लेनदेन व्यवहारको ४० नं. आकर्षित हुन सक्तैन । साथै पुनरावेदक रामानन्द पाण्डेले ठाकुर पाण्डेको सोही जग्गाबाट बिगो भराई पाउँ भनी पर्सा जिल्ला

अदालतमा २०४२ सालमा दरखास्तसमेत दिएकाले विवादित जग्गा ठाकुर पाण्डेको एकलौटी भन्ने देखिँदा सुरू फैसला सदर गरी इन्साफ गरिपाउँ भन्ने प्रतिवादी मणिभूषण तिवारीको मिति २०६५।९।२७ को लिखित प्रतिवाद।

पुनरावेदक रामानन्दले मबाट पाउने बिगोमा फिराद दाबीको जग्गा देखाई भरिभराउको लागि पर्सा जिल्ला अदालतमा २०४२ सालमा कारबाही गर्नुभएकोमा निजको बिगो मैले दाखेल गरी दिएकोले लिलाम नभई मेरो भाग स्वामित्वमा यथास्थितिमा रहेकोले प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम उक्त जग्गालाई दाबी गर्ने हकदैया पुनरावेदकलाई छैन। एकलौटी दर्ताको जग्गा राजीनामा लिखतलाई बदर गराउन पुनरावेदकको हक नपुग्ने हुँदा हकदैया र हदम्यादको अभावमा फिराद खारेज गर्ने गरी सुरूबाट भएको फैसला सदर गरिपाउँ भन्ने बेहोराको प्रतिवादी ठाकुर पाण्डे ब्राह्मणको मिति २०६५।९।२७ को लिखित जवाफ।

दाबीको जग्गा अंश मुद्दाको फैसलाबमोजिम बन्डा छुट्टिएको जग्गा हुँदा वादीको एकलौटी होइन। सो अंश मुद्दाको फैसला कार्यान्वयन हुने गरी छुट्टिई भिन्न भएका अंशियारको अंश हक कायम गर्नुपर्ने हुँदा अघि अंशबन्डा भइसकेको अंशियारको बाँकी रहेको सम्पत्तिको विवादमा लेनदेन व्यवहारको १० नं. को कारण देखाई फिराद खारेज गर्ने गरी भएको सुरू फैसला कानूनसम्मत नहुँदा बदरभागी छ भन्ने पुनरावेदक वादीतर्फका अधिवक्ता सुमनकुमार मानन्धरको मिति २०६६।६।२५ को बहस नोट।

ठाकुर पाण्डे वि. रामानन्द पाण्डसमेत भएको २०३४ सालको दे.नं. १२९८ को अंश मुद्दाको प्रमाण मिसिलसमेत प्राप्त भई साथै रहेको देखिन्छ।

विवादका कि.नं. १४ को ज.वि. ०-१-२ र कि.नं. ६२ को ज.वि. ०-५-० मा पर्सा जिल्ला अदालतको मिति २०३८।९।२६ गतेको फैसला र मिति २०४४।२।५ गतेको बन्डा मुचुल्काबाट पुनरावेदक वादीहरूको ५ भागको १।१ भागले २ भाग अंश रहेको देखिन आएकोले हदम्यादको आधारमा फिराद खारेज हुने ठहऱ्याई सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६४।७।१४ गते भएको फैसला नमिलेकोले उल्टी भई वादी दाबीको मिति २०६२।३।१७ को राजीनामा लिखत ५ भागको १।१ भागले २ भाग लिखत र प्रत्यर्थी प्रतिवादी मणिभूषण तिवारीको दर्ता भई दक्षिणतर्फबाट पुनरावेदक वादीहरूका नाउँमा दर्तासमेत हुने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०६६/१०/२४ को पुनरावेदन अदालत हेटौंडाको फैसला।

जिल्ला पर्सा गा.वि.स. रामनगरी वडा नं. १ कि.नं. ६२ को ०-५-०, कि.नं. १५ को ०-१-२ र यसमा भएको घरसमेत मेरो नाममा मालपोत कार्यालय पर्साको मिति २०५६।१२।२४ को निर्णयले दा.खा. दर्ता भएको थियो। सो मितिपूर्व मेरो नाममा दर्ता नहुँदा मेरो नाममा दर्ता भएको मितिदेखि उक्त जग्गा रैकर दर्ताको अस्तित्वमा आएको थियो। मेरो नामको कि.नं. ६२।१४ को जग्गा भनी अंश मुद्दाको फैसला र बन्डा मुचुल्कामा लेखेको भएपनि सो बखत मेरो नाममा दर्ता नभई दर्ता अप्रमाणित हुँदा तत्कालीन श्री ५ को सरकारको स्वामित्वमा थियो। मेरो नामको भनी भएको तत्कालीन नारायणी अञ्चल अदालतको २०४०।१।१४ को अन्तिम फैसला २०४४।२।५ को बन्डा मुचुल्काले ०५६।१२।२४ मा मेरो नाममा रैकर दर्ताको अस्तित्वमा आएको कि.नं. ६२।१४ को जग्गाको हकमा वादीहरूको हक स्थापित नहुने हुँदा मेरो नाममा दर्ता हुनुपूर्वको फैसलालाई मेरो विरूद्धमा प्रमाण ग्रहण गरी भएको फैसलामा प्रमाणको मूल्याङ्कनसम्बन्धी कानून अ.बं. को १८५क नं. प्रत्यक्ष त्रुटि भएको देखिन्छ।

रैकरमा दर्ता हुनुभन्दा पुनरावेदनको फैसलाले प्रत्यर्थीहरूको हक स्थापित भएको भए मेरो नाममा रैकरमा दर्ता प्रमाण गर्न मालपोत कार्यालय पर्साबाट

मिति २०५६।१२।२४ गते भएको निर्णयलाई बदर गराई प्रत्यर्थीहरूले आफ्नो हक स्थापित गराउनुपर्ने थियो। दर्ताको अस्तित्व दिएको मालपोत कार्यालयको २०५६।१२।२४ को निर्णय यथास्थितिमा हुँदासम्म पूर्णतः मेरो हक स्वामित्वमा रहेको बखत मैले गरेको लिखत दर्ता बदर हुनुपर्नेमा पर्सा जिल्ला अदालतको फैसलालाई उल्टाई लिखत दर्ता बदर दर्ता हुने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसलालाई बदर गरी हदम्यादको अभावमा दर्ता भएको फिराद पत्रलाई खारेज गर्ने गरी पर्सा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी ठाकुर पाण्डेको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

अंश मुद्दाको पर्सा जिल्ला अदालतको मिति २०३८/९/२६ को फैसला, तत्कालीन नारायणी अञ्चल अदालतको २०४०/१/१४ को फैसला, २०४४/२/५ को बन्डा मुचुल्कामा फिराद दाबीको कि.नं. १४/६२ को जग्गा ठाकुर पाण्डेको हो भनी लेखेको पाइन्छ। सो बखत उक्त जग्गा ऋणी ठाकुर पाण्डेको नाममा दर्ता नहुँदा २०५६/१२/२४ को मालपोत कार्यालय पर्साको निर्णयले ठाकुर पाण्डेको नाममा आएको कि.नं. १४/६२ को जग्गामा प्रत्यर्थीहरूको हक भएको भन्न मिल्दैन। कि.नं. १४/६२ को जग्गामा प्रत्यर्थीहरूको अंश हक भएको भए ठाकुर पाण्डेको नाममा दर्ता गर्ने गरी मालपोत कार्यालयबाट भएको निर्णय बदर गर्नको लागि मुद्दा गरी हक कायम गर्नुपर्नेमा मालपोत कार्यालय पर्साको मिति २०५६/१२/२४ को निर्णयलाई बदर गराउन नसक्ने वादीको अंश हक भएको भन्न मिल्दैन।

मालपोत कार्यालय पर्साको मिति २०५६/१२/२४ को निर्णय बदरतर्फ र लिखत बदरतर्फ लेनदेन व्यवहारको १० नं. अनुसार म्यादभित्र वादीको फिराद नपरेको म्याद नघाई असम्बद्ध जग्गा पजनीको १७ नं. लेनदेनको ४० नं. लाई अवलम्बन गरी फिराद पत्र वा लिखत दर्ता बदर हुनु नपर्नेमा लिखत दर्ता बदर हुने ठहऱ्याएको फैसला उल्टी गरी पर्सा जिल्ला अदालतको फैसला सदर गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी मणिभूषण तिवारीको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पर्न आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रतिवादीहरूको पुनरावेदन पत्र र सुरू तथा पुनरावेदन अदालतको फैसलासहितका मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको छ छैन पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा हामीहरूको समेत अंश हक लाग्ने विपक्षी ठाकुर पाण्डेका नाउँमा नापी भएको जिल्ला पर्सा रामनगरी गा.वि.स., वडा नं. १ कि.नं. ६२ र कि.नं. १४ को घरसमेत विपक्षी ठाकुर पाण्डेले विपक्षीमध्येका मणिभूषण तिवारीलाई मिति २०६२।३।१७ मा राजीनामा लिखत पारित गरिदिएकोले उक्त जग्गाहरूमध्येबाट ४ खण्डको २ खण्ड लिखत बदर गरी हामीहरूका नाउँमा दर्ता गरिपाउँ भन्नेसमेत बेहोराको फिराद दाबी रहेकोमा दाबीको जग्गामा वादीहरूको हकभोग स्वामित्व नरहेको र मालपोत कार्यालय, पर्साको २०५६।१२।२४ को निर्णयले उक्त जग्गा ठाकुर पाण्डेको नाउँमा दर्ता भएपछि मिति २०६२।३।१७ को राजीनामा लिखतबाट मणिभूषणको नाममा गएको हुँदा लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्र फिराद गर्नुपर्ने नगरेबाट लिखत दर्ता बदर हुनुपर्ने होइन भन्ने प्रतिवादी ठाकुर पाण्डेको र मैले जालसाजी गरी जग्गा लिएको नभई दाताको नामदर्ताको जग्गा मिति २०६२।३।१७ गते खरिद गरी लिएको हुँदा झुट्टा दाबीबाट अलग फुर्सद गरिपाउँ भन्ने बेहोराको प्रतिवादी मणिभूषण तिवारीको प्रतिउत्तर जिकिर रहेकोमा हदम्यादसमेतको अभावमा अ.बं. १८० नं. बमोजिम खारेज हुने ठहऱ्याई भएको

सुरू पर्सा जिल्ला अदालतको फैसलाउपर वादीको पुनरावेदन परी पुनरावेदन अदालत हेटौंडाबाट विवादका कि.नं. १४ र ६२ को जग्गामा वादीहरूको हक रहेको देखिएकोले हदम्यादको आधारमा फिराद खारेज हुने ठहऱ्याई भएको फैसला उल्टी भई वादी दाबीको मिति २०६२।३।१७ को राजीनामा लिखत ५ भागको १।१ भागले २ भाग लिखत र प्रत्यर्थी प्रतिवादी मणिभूषण तिवारीको दर्ता भई दक्षिणतर्फबाट पुनरावेदक वादीहरूका नाउँमा दर्तासमेत हुने ठहऱ्याई भएको फैसलाउपर प्रतिवादीहरूको यस अदालतमा पुनरावेदन परी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको देखियो।

३. प्रस्तुत मुद्दाका प्रतिवादी ठाकुर पाण्डे वादी तथा प्रस्तुत मुद्दाका वादीहरू प्रतिवादी भई पर्सा जिल्ला अदालतमा चलेको दे.नं. १२९८ को अंश मुद्दा २०३८।९।२६ गते पर्सा जिल्ला अदालतबाट र उक्त फैसलाउपर पुनरावेदन परी मिति २०४०।१।१४ मा तत्कालीन नारायणी अञ्चल अदालतबाट ठाकुर पाण्डेका नाउँको जिल्ला पर्सा, रामनगरी गा.वि.स., वडा नं. १ कि.नं. ६२ को क्षेत्रफल ०-५-० र ऐ. वडा नं. १ ग. कि.नं. १४ क्षेत्रफल ०-१-२ जग्गा बन्डा लाग्ने ठहरी भई अन्तिम भई बसेको देखिन्छ। फैसला कार्यान्वयनको क्रममा मिति २०४४।२।५ मा खडा भएको बन्डा मुचुल्काअनुसार हाल उक्त जग्गा अप्रमाणित रहेको र ठाकुर पाण्डेको नाउँमा रहेको भएपनि सबै अंशियारले अंश पाउने गरी तर्फसमेत खुलाएको देखिन्छ।

४. प्रतिवादी ठाकुर पाण्डेले दाबीको जग्गा मालपोत कार्यालय, पर्साबाट मिति २०५६।१२।२४ मा आफ्नो नाउँमा एकलौटी दर्ता हुने निर्णय गराई उक्त जग्गा आफ्नो नाउँमा दर्ता भएपछि मिति २०६२।३।१७ को राजीनामा लिखतबाट प्रतिवादीमध्येका मणिभूषण तिवारीको नाममा गएको भन्नेमा विवाद देखिँदैन। वादीहरूले आफ्नोसमेत अंशभाग कायम भइसकेको जग्गा त्यसरी राजीनामा लिखत गरी मणिभूषण तिवारीलाई दिएउपर उक्त राजीनामा लिखत बदर गरिपाउँ भन्नेसमेतको दाबी लिई मुलुकी ऐन जग्गा पजनीको १७ नं. र लेनदेन व्यवहारको ४० नं. का आधारमा अंशियार रामानन्द पाण्डे एवं लक्ष्मी पाण्डेको २०६४ सालमा फिराद दाबी लिएको देखिन्छ। प्रतिवादी ठाकुर पाण्डेले आफ्नो अंश भागको जग्गा भए दर्ता बदर गरी आफ्नो नाउँमा दाखेल खारेज गराउनु पर्नेमा हदम्याद नघाई २०६४ सालमा मात्र दाबी लिएकोले झुट्टा दाबी खारेज गरिपाउँ भनी जिकिर लिएको देखिन्छ। प्रतिवादी ठाकुर पाण्डेले २०४४ सालको बन्डा मुचुल्काअनुसार मेरो मात्र अंश हकको जग्गा हो भनी जिकिर लिन सकेको भने देखिँदैन। प्रतिवादी ठाकुर पाण्डेले केवल मैले २०५६ सालमा मालपोत कार्यालयमा जग्गा दर्ता गर्न निवेदन दिँदाकै अवस्थामा उजुरी गर्नुपर्नेमा २०६४ सालमा मात्र दाबी लिन आएकोले हदम्यादको अभाव भएकोले वादी दाबी खारेज गरिपाउँ भनी जिकिर लिएको अवस्था देखियो।

५. प्रस्तुत सन्दर्भमा मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. हेर्दा, ***"अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडी दिँदा एकाघर सगोलका अरू अंशियारको मन्जुरी लिनुपर्ने र त्यस्तो मन्जुर नहुनेले रजिस्ट्रेसन भएको १ वर्षसम्ममा उजुर गर्न पाउने"*** भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। दाबीको जग्गा दर्ता प्रमाणित हुनुअघिदेखि नै त्यसमा वादीहरूको अंश हक स्थापित भइसकेपछि दर्ता प्रक्रिया सम्पन्न हुनासाथ प्रतिवादी ठाकुर पाण्डेले इमान्दारीसाथ सो जग्गा वादीहरूका नाउँमा दाखिल खारेज दर्ता गराई आपसी अंश विवादको छिनोफानो गराउनुपर्नेमा प्रतिवादी ठाकुर पाण्डेले पुनरावेदक वादीहरूलाई अंश भागबाट विमुख गर्ने गरी मणिभूषण तिवारीलाई राजीनामा लिखत पारित गरिदिएको अवस्थामा मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं.

आकर्षित हुनसक्ने देखिएन। खासगरी २०४४ सालको बन्डा मुचुल्काको अस्तित्व रहे भएसम्म दाबी जग्गा सम्बन्धमा अंशियार वादी पक्षलाई प्रतिकूल पार्ने गरी गरे भएको कुनै पनि व्यवहार सदर हुनसक्ने अवस्था नदेखिँदा प्रस्तुत मुद्दाको विषयमा मुलुकी ऐन लेनदेन व्यवहारको महलको ४० नं. र जग्गा पजनीको महलको १७ नं. अनुसार फिराद दायर गर्न पाउने नै अवस्था देखिन आयो । २०४४ सालको बन्डा मुचुल्काबाटै स्पष्ट रूपमा अरू अंशियारको समेत भाग लाग्ने गरी तर्फसमेत खुलाई बन्डा मुचुल्कासमेत भइसकेको अवस्थामा फिल्डबुकमा आफ्नो नाम उल्लेख भएकै आधारमा प्रतिवादीले नाउँसारी गराउँदैमा वादीको अंश हक समाप्त हुने भन्न मिल्ने देखिएन।

६. तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणसमेतबाट विवादका कि.नं. १४ को ज.वि. ०-१-२ र कि.नं. ६२ को ज.वि. ०-५-० मा पुनरावेदक वादीहरूको ५ भागको १।१ भागले २ भाग अंश रहेको देखिन आएकोले हदम्यादको आधारमा फिराद खारेज हुने ठहऱ्याई सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसला नमिलेकोले उल्टी भई वादी दाबीको मिति २०६२।३।१७ को राजीनामा लिखत ५ भागको १।१ भागले २ भाग लिखत र प्रत्यर्थी प्रतिवादी मणिभूषण तिवारीको दर्ता बदर भई दक्षिणतर्फबाट पुनरावेदक वादीहरूका नाउँमा दर्तासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६६/१०/२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृत: रामप्रसाद बस्याल
इति संवत् २०७३ साल फागुन ९ गते रोज २ शुभम्।

## निर्णय नं. १००३१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खड्का
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
फैसला मिति : २०७३।११।९

मुद्दाः- निर्णय दर्ता स्रेस्ता बदर गरी दर्ता गरिपाउँ

०६८-CI-०३९३

पुनरावेदक / वादी : जिल्ला कास्की पो.उ.म.न.पा. वडा नं. २ बस्ने गुणराज पराजुलीको मु.स. गर्ने गोपालप्रसाद पराजुलीसमेत

विरूद्ध

विपक्षी / प्रतिवादी : कास्की जिल्ला पो.उ.म.न.पा. वडा नं. १ बस्ने ऋषिराम पौडेल

०६८-CI-०६७४

पुनरावेदक / प्रतिवादी : कास्की जिल्ला पो.उ.म.न.पा. वडा नं. १ भिमकालीन पाटन बस्ने सत्यदेवी पौडेलको मु.स. गर्ने ऋषिराम पौडेल

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला कास्की पो.उ.म.न.पा. वडा नं. २ बस्ने गुणराज पराजुलीको मु.स. गर्ने गोपालप्रसाद पराजुलीसमेत

०६८-CI-०५६५

पुनरावेदक / वादी : जिल्ला कास्की पो.उ.म.न.पा. वडा नं. २ बस्ने गोविन्दभूषण पराजुलीको मु.स. गर्ने हरिप्रसाद पराजुली

विरूद्ध

विपक्षी / प्रतिवादी : कास्की जिल्ला पो.उ.म.न.पा. वडा नं. १ भिमकालीन पाटन बस्ने ऋषिराम पौडेल

- वस्तुतः वादीहरूको दाबीबमोजिम विवादित जग्गा निजहरूका पुर्खाले बिर्तामा प्राप्त गरेको भए बिर्ता उन्मुलन ऐन लागू भएपछि आफ्ना नाममा रैकरमा परिणत गराउन जाने भन्ने कुरा अपेक्षित नै हो। सो ऐनले त्यसरी रै.प. गराउन पर्याप्त समयावधि पनि प्रदान गरेकै हो । तर यो वादीहरूले उपर्युक्तानुसार रै.प. गराउन कानूनबमोजिम दाबी नै गरेको नदेखिएको अवस्थामा बिर्ता उन्मुलन ऐनको कानूनी व्यवस्थाअनुसार विवादित जग्गामा वादीको हक स्थापित हुनसक्ने नै भएन । त्यसका अतिरिक्त बिर्ता उन्मुलन ऐनको प्रक्रिया र समयावधिभित्र दर्ता गराउन नसकेको जग्गा दर्ता हुनै नसक्ने र दर्ता भएपनि मान्यता नपाउने भन्ने स्पष्ट कानूनी व्यवस्था भएको सन्दर्भमा उक्त ऐनको प्रक्रिया र समयावधिभित्र दर्ता गराउन नसकेको विवादित जग्गा अब वादीको नाममा दर्ता हुनसक्ने अवस्थै नरहने।

(प्रकरण नं.९)

- कुनै पनि सम्पत्तिउपर कानूनबमोजिमको हकको स्रोत विद्यमान नभई त्यस्तो सम्पत्तिउपर व्यक्तिको कुनै प्रकारको अधिकार स्थापित हुन सक्तैन। सम्पत्तिउपर कानूनबमोजिमको हक स्थापित हुनका लागि कानूनबमोजिमकै स्रोत आवश्यक पर्दछ । गुठी जग्गाको संरक्षकको हक प्राप्त गर्न पनि कानूनबमोजिमको स्रोत आवश्यक हुने।
- प्रतिवादीले पूजाआजा गर्ने तथा बटुवालाई पानी खुवाउनेलगायतका निश्चित तोकिएको कार्य गरेको भन्ने आधारले गुठी संस्थान ऐन, २०३३ बमोजिमको मोहियानी हक पाउने हुँदैन। मोहियानी हक पाउने कानूनी आधार नै नभएको अवस्थामा सो गुठीको संरक्षक पुनरावेदक प्रतिवादी हुनसक्ने पनि नदेखिने।

(प्रकरण नं.१३)

- गुठीजन्य सम्पत्ति हाम्रो देशको सभ्यता संस्कृति तथा पहिचानसँग अन्योन्याश्रित सम्बन्ध भएको सम्पदा हो। यस्तो सम्पदाको संरक्षण र सम्बर्द्धन विशेषरूपमा हुनुपर्ने कुरामा विवाद हुन नसक्ने।
- सार्वजनिक प्रकृतिको गुठीजन्य सम्पत्ति हिनामिना हुनबाट बचाउन तथा नासिन र मासिन नदिन त्यसको व्यवस्थापन एवम् बन्दोबस्त कुनै व्यक्तिबाट नभई राज्यकै तर्फबाट अर्थात् राज्यको तर्फबाट गुठी जग्गा प्रशासन गर्ने निकाय गुठी संस्थानबाट मात्र हुन वाञ्छनीय हुन्छ । त्यस्तो सार्वजनिक प्रकृतिका गुठीजन्य सम्पदा तथा सम्पत्ति नासिन तथा मासिन नदिई कुनै पनि बेहोराले त्यसको स्वामित्व कुनै व्यक्तिको नाममा हस्तान्तरण हुन नदिनु गुठी संस्थान तथा मालपोत कार्यालयलगायतका सरकारी निकायको कर्तव्य भएको भन्ने कुरामा विवाद हुन नसक्ने।

(प्रकरण नं.१५)

- विवादमा आएका जग्गाहरू कुनै व्यक्तिको निजी गुठीको जग्गा भएको भन्ने नदेखिई सार्वजनिक प्रकृतिको सार्वजनिक उपयोगमा रहेको गुठी जग्गा भएको देखिएकोले उक्त जग्गा कुनै निजी व्यक्तिको स्वामित्वमा कुनै पनि बेहोरा

**वा तरिकाले हस्तान्तरण गरिनु मनासिब हुँदैन । विवादित गुठी जग्गाको प्रकृतिले पनि गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको "तैनाथी गुठी" भएको भन्ने देखिन आएकाले वादी वा प्रतिवादी सो गुठीको गुठियारसमेत हुनसक्ने अवस्था नरहने ।**

(प्रकरण नं.१६)

वादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री गोपालप्रसाद पराजुली र श्री रमेशप्रसाद खनाल

प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री चुरामणी भूसाल

अवलम्बित नजिर :

- नेकाप २०६४, अंक १०, नि.नं.७८८५

सम्बद्ध कानून :

- बिर्ता उन्मुलन ऐन, २०१६
- गुठी संस्थान ऐन, २०३३

सुरू फैसला गर्नेः

मा.जि.न्या. श्री नारायणप्रसाद पोखरेल
कास्की जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.
मा.न्या. श्री शिवराज अधिकारी
पुनरावेदन अदालत, पोखरा

फैसला

**न्या.विश्वम्भरप्रसाद श्रेष्ठ :** पुनरावेदन अदालत पोखराको मिति २०६७।१२।२८ को फैसला उपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम वादी प्रतिवादी दुवै पक्षबाट यस अदालतमा पुनरावेदन परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

हाम्रा पुर्खा पं. रत्नाखरलाई वि.सं. १८७७ मा लालमोहरबाट बिर्ता प्राप्त भएको जग्गाहरू मध्ये पुर्खाले गुठी राखेको पूर्व बारीको डिल, पश्चिम हामीहरूको निबुवाघारीको पर्खाल, उत्तर शुक्लागण्डकी, दक्षिण पौवा बारीको डिल र ठूलो बगरको डिल यति ४ किल्लाभित्रको पण्डित पौवा भन्ने जग्गा हामीसमेतका भैयादले बन्डा नगरी सगोलबाटै गुठीको पूजा आजा चलाई आएको र बिर्ता जग्गा हुँदा बिर्ता उन्मुलन ऐन, २०१६ लागू भएपछि हामीसमेतका भैयादहरूले सोही जग्गामध्येमा आ-आफ्नो भाग हिस्सा देखाई विवरण भरी रैकरमा परिणत गर्न माग गरेका छौं । सो गुठीको कार्यमध्ये बटुवालाई दैनिक पानी खुवाउन र धर्मशाला पौवामा वास बस्न प्रबन्ध मिलाउने कार्यको लागि विपक्षी सत्यदेवीको लोग्ने मित्रलाललाई कर्मचारीको रूपमा राखेको र त्यसबापत निजलाई हाम्रो तर्फबाट वार्षिक आयस्ता दिने गरी आएका थियौं । उक्त जग्गा हाल सर्भे नापी हुँदा पो.उ.म.न.पा. वडा नं. १ कि.नं. ५९२ बाट कित्ताकाट भई जग्गा रोपनी १४-१५-२-३/४ कायम भएको र पौवा गुठी पनि जनिएको र गुठियारा हामी धेरै व्यक्ति हुँदा हाम्रो नाम जग्गाधनी महलमा चढाउन छुट भएकाले छुट जग्गा दर्ता गरिपाउँ भनी मालपोत कार्यालय कास्कीमा निवेदन दिएका छौं । सो निवेदनउपर कारबाही निर्णय भएको बेहोरा आजसम्म हामीलाई जानकारी दिइएको छैन । विपक्षी सत्यदेवीले हामी गुठियारले हक छाडी दिएबाट आफ्नो हक भएको हुँदा आफ्ना नाउँमा छुट दर्ता गरिपाउँ भन्ने बेहोराको तत्कालीन भूमिसुधार मन्त्रीसमक्ष निवेदन दिई आवश्यक कारबाही गरिदिनु भन्ने तोक लागि मालपोत कार्यालय कास्कीमा पठाइएपछि २०४८।१०।२३ मा गरेको निर्णयअनुसार जग्गाधनी प्रमाणपुर्जा बनाइएको कुरा नक्कल सारी थाहा पाएकोले काम गरेबापत खान्गीसम्म खाने व्यक्ति सत्यदेवीलाई गुठीको हकदार संरक्षक बनाई जग्गा जगेडा तैनाथी गुठी गराई गुठीको लगतमा दर्ता गर्ने गरिएको निर्णय र सो निर्णयको आधारमा तयार गरिएको सम्पूर्ण दर्ता स्रेस्ता बदर

गरी उक्त पण्डित पौवा निजी गुठीका गुठियार हामी फिरादीका नाउँमा दर्ता गरिपाउँ भन्नेसमेत बेहोराको संयुक्त फिराद दाबी।

हाम्रो परिवार गरिब सुकुम्बासी भएकाले पूर्व मूल बाटो, पश्चिम डिलभिर, उत्तर टिकाराम बास्तोला, दक्षिण बुद्धिबहादुर थकाली यति ४ किल्लाभित्रको जग्गामा रहेको शिवालय मन्दिरमा २०११ सालमा आई मानिस बस्न हुने पौवा बनाई सो मन्दिर र पौवाको संरक्षण गर्दै सो ४ किल्लाभित्र र सोदेखि पश्चिम पर्खालदेखि पूर्व गण्डकीदेखि दक्षिण, डिलभिरदेखि उत्तरमा रहेको जग्गासमेत आवाद कमोद गरी आइरहेका छौं। यसरी २०११ सालदेखि शुक्ला गण्डकीबाट पानी बोकी ल्याई बाटामा हिँड्ने बटुवाहरूलाई पानी खुवाउने, बास बस्ने साधु महन्तलाई खान दिनेसमेत गरी सक्दो सेवा गर्दै आइरहेका छौं। साथै घर परिवार बस्न २०२० सालमा घरसमेत बनाई छुट्टै घरमा बसी आइरहेका छौं। सोही हामीले भोगी चर्ची आएको पौवा मन्दिरसमेतका जग्गा नापी हुँदा कि.नं. ५९२, ५९७ र ५९८ समेतका ३ कित्ता जग्गा पण्डित पौवाको नाउँमा कित्ताकाट भएको रहेछ। सो कुरा पति रोगी र म मन्दिरको पूजाआजासमेत गरी बस्ने अशिक्षित नारी हुँदा थाहा भएन। मिति २०४१।८।१४ मा पति मित्रलालको देहावसान भएपछि मालपोत कार्यालयमा गई बुझ्दा जग्गा दर्ता नभएको कुरा थाहा पाएकोले निवेदन गर्दा कारबाही नगरी दिएकाले तत्कालीन भू.सु. मन्त्रीज्यू कहाँ निवेदन दिई भएका आदेशानुसार मालपोत कार्यालयबाट कारबाही चली दर्ता पुर्जा दिने समयमा गुठी जग्गा भएकोले तपाई गुठी जग्गाको संरक्षक हुनुहुन्छ। लालपुर्जा लिएर जानु भनी मालपोतका हाकिमले भन्नुभएको हुँदा लालपुर्जा प्राप्त गरेकी हुँ। सो जग्गामा विपक्षहरूले घर, पौवा, मन्दिर बनाएको पनि होइन। विपक्षी सो जग्गाको गुठियार पनि होइन। गुठी खडा गर्ने दाता पनि होइन। विपक्षीको हकदैया विनाको फिराद खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी सत्यदेवी पौडेलको प्रतिउत्तर पत्र।

वादी प्रतिवादीका साक्षी कृष्णबहादुर के.सी., बैकुण्ठरमण पराजुली, केशवरमण पराजुली, पुष्प के.सी. समेतले गरेको बकपत्र मिसिल संलग्न रहेको।

कि.नं. ५९२ क्षे.फ. १४-१५-२-३/४ को जग्गा बिर्ता जग्गा हो भन्ने देखियो। यो जग्गाका सन्दर्भमा मालपोत कार्यालयले बिर्ता विवरण अनुरूप आफूकहाँ परेको निवेदन अनुरूप बिर्ता उन्मुलन ऐन, २०१६ को दफा ७ र १२ अनुरूप जग्गा दर्ता गर्नुपर्ने कानूनी प्रावधान रहे भएको देखिन आएको हुँदा बिर्ताको जग्गालाई जगेडा गुठी भनी प्रतिवादी सत्यदेवीलाई संरक्षक कायम गरेको कानूनसङ्गत नहुँदा उक्त मिति २०४८।१०।२३ को मालपोत कार्यालयको निर्णय र सो आधारमा भएको दर्तासमेत बदर हुने ठहर्छ भन्नेसमेत कास्की जिल्ला अदालतको मिति २०५५।२।१२ को फैसला।

सुरू जिल्ला अदालतबाट फैसला हुँदा निर्णय बदरसम्म बोले पनि दाबीको जग्गा जगेडा तैनाथी गुठीभित्रको हो वा वादीको दाबीबमोजिम निजी गुठी भई निजहरूका नाउँमा दर्ता हुने हो वा होइन सोसमेत यकिन गरी निर्णय भएको देखिँदैन। वादीले दाबी गरेको सबै विषयमा यकिन गरी दाबीकै परिधिभित्र रही निर्णय निरूपण गर्ने अवस्था हुन्छ। निर्णय बदरसम्म गरी दिएको जग्गा यकिन गरी दाबीबमोजिमको सबै विषयमा निर्णय गर्नुपर्ने अवस्था हुँदा सुरू कास्की जिल्ला अदालतको फैसला बदर गरी दिएको छ भन्नेसमेत पुनरावेदन अदालत पोखराको मिति २०५७।८।६ गतेको फैसला।

कास्की जिल्ला अदालतका आदेशानुसार विवादित जग्गाको भोग चलन आमोद कमोद सम्बन्धमा मिति २०६१।३।४ गते जिल्ला डोरबाट सर्जमिन भई आएको मिसिल सामेल रहेछ।

वादी दाबीका जग्गाहरूमा मालपोत कार्यालयले बिर्ता विवरणअनुसार बिर्ता उन्मुलन

ऐन, २०१६ को दफा ७, १२ ले जग्गा दर्ता गर्नुपर्ने कानूनी व्यवस्था भएकोमा जगेडा गुठी भनी दर्ता गरेको मालपोत कार्यालय कास्कीको २०४८।१०।२३ को निर्णय दर्ता बदर भई वादीहरूको गुठी सञ्चालनकर्ता प्रतिवादी भएको र जग्गाको भोग निजै प्रतिवादीको रहेको भई आएको सर्जमिनबाट समेत देखिँदा साबिक गुठी प्रतिवादीले भोग चलन गर्न पाउने र सो जग्गा यी वादीहरूको गुठी दर्ता कायम गरी निजहरूका नाउँमा दा.खा. दर्तासमेत गरी दिने ठहर्छ भन्ने सुरू कास्की जिल्ला अदालतको मिति २०६१।५।८ को फैसला।

यसमा वादी दाबी तथा प्रतिउत्तर जिकिर पुग्ने हो, होइन के कुन प्रमाणबाट के कस्तो देखिने हो सो कुरासमेत प्रस्ट खुलाई कारण र आधारसमेत खोली फैसला गर्नुपर्नेमा सो नगरी केवल वादीको नाममा दर्ता हुने प्रतिवादीले संरक्षक भई भोग गर्न पाउने भनी भएको सुरू फैसला आधार नखुलेको भई हचुवाको आधारमा भएको देखिन आउँदा सुरू फैसला अ.बं. १९२ नं. ले त्रुटिपूर्ण हुँदा बदर गरी दिएको छ। अब जो जे बुझ्नुपर्ने हो बुझी इन्साफ गर्नु भनी पक्षलाई तारेख तोकी मिसिल कास्की जिल्ला अदालतमा पठाई दिने ठहर्छ भन्ने पुनरावेदन अदालत पोखराको मिति २०६३।८।४ मा फैसला भई प्रस्तुत मुद्दा पुनः सुरू कास्की जिल्ला अदालतमा दायर भएको।

प्रतिवादीबाट पेस भएको मिति २०३०।१।१ गतेको तमसुकमा कि.नं. ५९२ को कित्ताभित्र उक्त घरसारको राजीनामाको ४ किल्लाभित्र पर्दै उक्त कागजको ४ किल्लाभित्रको जमिन कि.नं. ५९७ मा पर्छ र उक्त कागजमा १५ जना असामी भएको।९९ को हदको राजीनामामा नित्यानन्द, टंकनाथ, भैरवप्रसाद, मुचुकुन्द्र, शशीधर, मदनभूषण, पुण्यनाथसमेतको दस्तखत नभएको हुँदा कानूनको मान्यता पाउने नपाउने अदालतबाटै निर्क्योल होस्। घरसारमा तयार गरिएको।९९ को हदको घरसारको राजीनामा लिखत र त्यसको बेहोराले कानूनको मान्यता नपाउने हुँदा लिखत सद्दे भए तापनि प्रमाणमा लिन नहुने लिखत हो भन्नेसमेत वादी यादवप्रसाद पराजुलीले कास्की जिल्ला अदालतमा अ.बं. ७८ नं. बमोजिम मिति २०६६।३।११ मा गरेको बयान।

वादीहरू अर्थात् निजहरूका पुस्ताका अग्रजहरूले पण्डित पौवा गुठी स्थापना गरी दिएको अवस्थामा निजहरूको व्यक्तिगत हक उक्त सम्पत्तिमा समाप्त भई सार्वजनिक हितको कार्यमा समर्पण हुन गएको र गुठी स्थापना गर्ने व्यक्तिको इच्छालाई ननासिने गरी निरन्तरता दिनु र व्यवस्थित गर्नु राज्यको अंगको रूपमा रहेको मालपोत कार्यालय र गुठी संस्थानसमेतको दायित्व हुने नै हुँदा उक्त संस्थानको लगतमा नभए पनि जगेडा गुठीमा दर्ता गरी दिनका लागि गुठी संस्थानमा लेखी पठाउने गरेको मालपोत कार्यालय कास्कीको मिति २०४८।१०।२३ को निर्णय सो हदसम्म सदर हुने ठहर्छ। पूजाआजा रेखदेख गरी आएका प्रतिवादी र गुठी स्थापना गर्ने व्यक्तिका हकवाला यी वादीहरूसमेतलाई सो गुठीको उद्देश्यअनुरूप सञ्चालन भए नभएको रेखदेख गर्न सरोकार रहने हुँदा प्रतिवादीको अलावा वादीहरूसमेत उक्त गुठीको संरक्षक हुने र प्रतिवादीले साबिकअनुसार नै गुठीको स्थापनाको उद्देश्यबमोजिम पूजाआजा रेखदेख र सञ्चालनसमेतको कार्य गर्न पाउने ठहर्छ। मालपोत कार्यालय कास्कीको मिति २०४८।१०।२३ को निर्णय बदर गरी पण्डित पौवा निजी गुठीका जग्गा हामी फिरादीका नाममा दर्ता गरिपाउँ भन्ने वादी दाबी सो हदसम्म पुग्न नसक्ने ठहर्छ भन्नेसमेत बेहोराको कास्की जिल्ला अदालतको मिति २०६६।३।३१ को फैसला।

कास्की जिल्ला अदालतको फैसलामा चित्त बुझेन। हामी फिरादीहरूले जग्गा नाप जाँच ऐन, २०१९ अनुरूप ती जग्गाहरू नाप जाँच हुँदा नापीको फिल्डबुकमा हामी गुठियारको नाम छुटेकाले छुट भएको नाम समावेश गरिपाउँ भनी निवेदन गरेकै छौं।

बिर्ता उन्मुलन ऐन, २०१६ लागू हुँदाका बखत रैकरमा परिणत गरिपाउँ भनी बिर्ता विवरण भरी बुझाएका छौं । कानूनले अवलम्बन गरेको बाटो हामीले छाडेका छैनौं । त्यसतर्फ ध्यान नदिई पूर्वजले गुठी राखेकाले अब सो जग्गामा र गुठीमा हामी गुठी राख्नेका सन्तानहरूको कुनै किसिमको हक छैन रहँदैन भन्न कदापि मिल्दैन । अदालतले फिराद दाबीअनुरूप कानूनको परिधिभित्र रही न्यायिक निर्णय गर्नुपर्ने हो । गुठी भनेपछि सो जग्गाको हक स्वामित्वसमेत सदाका लागि समाप्त भएको भनी भएको कास्की जिल्ला अदालतको फैसलामा मुलुकी ऐन गुठीको महल तथा गुठी संस्थान ऐन, २०३३ को दफा २ ले गरेको गुठीको प्रकृति र गुठीको परिभाषा तथा बिर्ता उन्मुलन ऐन, २०१६ को दफा २ मा गरिएको परिभाषा तथा ऐनको दफा ७(क) अनुसार बिर्ता जग्गा दर्ताका लागि दिएको निवेदन र जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६(ख), मालपोत ऐन, २०३४ को दफा ७ समेतले जग्गा दर्ता गराई पाउँ भनी माग गर्न पाउने व्यवस्थाको समेत प्रत्यक्ष त्रुटि गरी भएको कास्की जिल्ला अदालतको फैसला सदर हुन नसक्ने भएकाले सुरू फैसला उल्टी गरी वादी दाबीबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको वादी पक्षको पुनरावेदन अदालत पोखरामा परेको पुनरावेदन पत्र ।

सुरू कास्की जिल्ला अदालतको फैसलाको चित्त बुझेन । विपक्षी वादीहरूले पण्डित पौवा गुठीलाई निजी गुठीको रूपमा दर्ता गर्नको निमित्त अदालतमा फिराद दाबी लिएको अवस्था हुँदा निज वादीहरूबाट गुठीको सम्पत्ति संरक्षित हुने अवस्थाको विद्यमानता नदेखिएको स्थितिमा बिर्ता जग्गाको भू-स्वामित्व समाप्त भइसकेको र हाम्रो परिवारले मात्र खनजोत गरी भोगचलन गरेको अवस्थामा वादीहरूलाई जगेडा गुठीको संरक्षक कायम गर्ने गरी भएको सुरू कास्की जिल्ला अदालतको फैसला सो हदसम्म नमिली बदरयोग्य भएकाले बदर गरी २०४८।१०।२३ को मालपोत कार्यालय कास्कीको निर्णयको भावनाअनुरूप मोही र संरक्षक हामीलाई मात्र कायम गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादीको पुनरावेदन अदालत पोखरामा परेको पुनरावेदन पत्र ।

वादी प्रतिवादी दुवै थरले सुरू फैसलाउपर पुनरावेदन गरेको स्थिति र पुनरावेदकमध्ये गुठी संस्थान तारिखमा बस्न नपर्ने भई अन्य पक्षको पुनरावेदन परेको जानकारी नहुने भएकोले र मोठ लगतबेगर नै गुठीको ठहर गरेको सुरूको फैसला फरक पर्न सक्ने अवस्थासमेत विद्यमान हुँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ पुनरावेदन पत्रको नक्कलसहितको जानकारी वा सूचना सबै पक्षलाई परस्पर दिई लगाउको मुद्दा साथै राखी नियमानुसार पेस गर्नु भन्ने मिति २०६७।५।२ को पुनरावेदन अदालत पोखराको आदेश ।

वादी दाबीको विवादित कि.नं. ५९२, ५९७ र ५९८ का जग्गाहरू साबिकदेखि पण्डित पौवा गुठी भई नापीका समयमा समेत पण्डित पौवा गुठी जनिई नापी भएको, उक्त जग्गाहरू वादीका पुर्खाले राखेको देखिने लिखत, प्रमाण, पाण्डुलिपि, ताम्रपत्र शिलालेखसमेतबाट पेस गर्न नसकेको अवस्था त्यस्तो कसैका नाउँमा दर्ता नभएको गुठी जग्गा गुठी संस्थान ऐन, २०३३ को दफा २(ञ) ले गुठी तैनाथी जग्गा सम्झनुपर्छ भन्ने व्यवस्था भएको हुँदा यस आधारबाट उक्त विवादित कि.नं. का जग्गाहरू गुठी तैनाथी कायम हुने ठहऱ्याई गरेको हदसम्म सुरू कास्की जिल्ला अदालतको फैसला मिलेकै देखिँदा मनासिब ठहर्छ । वादी र प्रतिवादी सत्यदेवी पौडेललाई संरक्षक कायम गरी प्रतिवादी सत्यदेवीले उक्त गुठीको साबिकदेखि नै सञ्चालनको कार्य गर्न पाउने ठहऱ्याएको हदसम्मको सुरू कास्की जिल्ला अदालतको मिति २०६९।३।३१ को फैसला मिलेको नहुँदा केही उल्टी हुने ठहर्छ । वादी प्रतिवादीको अरू पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पोखराको

मिति २०६७/१२/२८ को फैसला।

हाम्रो निजी गुठीको जग्गालाई जबरजस्ती तैनाथी गुठी कायम गरी गरिएको उक्त फैसला गुठी संस्थान ऐन, २०३३ को भावना र मर्मविपरीत भएकाले सुरू कास्की जिल्ला अदालतको फैसला र पुनरावेदन अदालतको मिति २०६७।१२।२८ का फैसला उल्टी गरी हाम्रो फिराद मागदाबी एवं पुनरावेदन जिकिरबमोजिम मालपोत कार्यालयको मिति २०४८।१०।२३ को निर्णय र सो आधारमा भएको दर्ता स्रेस्ता बदर गरी दर्ता गरी हक इन्साफ गरिपाउँ भन्नेसमेत बेहोराको वादी गोपालप्रसाद पराजुलीसमेतको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

हाम्रा पूर्वज पण्डित रत्नाखर पराजुली १८७७ को लालमोहरबाट बिर्ता प्राप्त गरेको जग्गा निजकै सन्तानबाट निजी तबरले धार्मिक एवं परोपकारी कामका लागि निजी गुठी सञ्चालन गर्दै आएकोमा उक्त जग्गा बिर्ता उन्मुलन ऐन, २०१६ ले बिर्ता जग्गा बिर्ता उन्मुलन भएकोले आ-आफ्नो भाग रैकरमा परिणत गरिपाउँ भन्ने निवेदनसमेत दिई आएका छौं। नापीको समयमा कि.नं. ५९२ को जग्गा पण्डित पौवा गुठी भनी जनिई हामी फिरादीको नाउँ छुट हुन गएकोमा छुट जग्गा दर्ता गरिपाउँ भनी निवेदन गरेकोमा सो निवेदनमा कुनै निर्णय नगरी विपक्षी ऋषिरामको आमा सत्यदेवीको नाउँमा संरक्षक कायम गरी मिति २०४८।१०।२३ मा गुठी संस्थानको लगतमा नभएपछि तैनाथी जग्गा हुँदा जगेडा गुठीमा लेखी पठाउने भन्ने मालपोत कार्यालयबाट निर्णय भई सोही आधारमा कायम भएको दर्ता स्रेस्ता बदर गरिपाउँ भन्ने हाम्रो फिराद दाबी भएकोमा सुरू जिल्ला अदालत र पुनरावेदन अदालतले ठहर गर्नुपर्ने विषयवस्तुभन्दा बाहिर गई तैनाथी गुठीको जग्गाको परिभाषाभित्र नै नपर्ने जगेडा गुठी भन्ने कानूनी व्यवस्था नै नभएको सन्दर्भमा हाम्रो निजी गुठीको जग्गालाई जबरजस्ती तैनाथी गुठी कायम हुने गरी गरिएको उक्त फैसला उल्टी गरिपाउँ भन्नेसमेत बेहोराको वादी गोविन्दभूषण पराजुलीको मु.स.गर्ने हरिप्रसाद पराजुलीको यस अदालतमा परेको पुनरावेदन पत्र।

२०११ सालदेखि स्थापित भई सञ्चालन भई आएको गुठीको निरन्तर रूपमा मेरा बाबा आमाको पालादेखि रेखदेख सञ्चालन गर्ने कार्य गरी आएको पण्डित पौवा गुठी सञ्चालन गर्न नमिल्ने भन्ने अर्थ गरी भएको फैसला कानूनी त्रुटिपूर्ण भई बदरभागी भएकाले पुनरावेदन अदालत पोखराको मिति २०६७।१२।२८ को फैसला बदर गरी मेरो पुनरावेदन जिकिर तथा प्रतिउत्तर जिकिरअनुसार कि.नं. ५९२ को जग्गा मालपोत कार्यालय, कास्कीको निर्णयबमोजिम संरक्षक कायम रहने गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी सत्यदेवीको मु.स. गर्ने ऋषिराम पौडेलको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता वादी स्वयं आफैँ गोपालप्रसाद पराजुली तथा वादी हरिप्रसाद पराजुलीको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री रमेशप्रसाद खनालले काम गरेबापत खान्गीसम्म खाने व्यक्ति सत्यदेवीलाई गुठीको हकदार संरक्षक बनाई जग्गा जगेडा तैनाथी गुठी गराई गुठीको लगतमा दर्ता गर्ने गरिएको निर्णय र सो निर्णयको आधारमा तयार गरिएको सम्पूर्ण दर्ता स्रेस्ता बदर गरी उक्त पण्डित पौवा निजी गुठीका गुठियार हामी फिरादीका नाउँमा दर्ता हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

त्यसैगरी पुनरावेदक प्रतिवादी ऋषिराम पौडेलको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री चुरामणी भूसालले २०११ सालदेखि स्थापित भई सञ्चालन भई आएको गुठीको निरन्तर रूपमा मेरा बाबा आमाको पालादेखि रेखदेख सञ्चालन गर्ने कार्य गरी

आएको पण्डित पौवा गुठी सञ्चालन गर्न नमिल्ने भन्ने ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको छैन । दाबीअनुसारको जग्गा मालपोत कार्यालय कास्कीको निर्णयबमोजिम संरक्षक कायम हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

पक्ष विपक्षका तर्फबाट रहनुभएका विद्वान् अधिवक्ताहरूले गर्नुभएको बहस जिकिरसमेत सुनी मिसिल संलग्न रहेका सुरू तथा पुनरावेदन अदालत पोखराले गरेको फैसलासहितका मिसिल संलग्न रहेका कागजातहरू समेतको अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा विवादित कि.नं. का जग्गाहरू गुठी तैनाथी कायम हुने ठहऱ्याई गरेको हदसम्म सुरू कास्की जिल्ला अदालतको फैसला सदर हुने र वादी र प्रतिवादी सत्यदेवी पौडेललाई संरक्षक कायम गरी प्रतिवादी सत्यदेवीले उक्त गुठीको साबिकदेखि नै सञ्चालनको कार्य गर्न पाउने ठहऱ्याएको हदसम्मको सुरूको फैसला उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको फैसला मिलेको छ वा छैन र वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा हाम्रा पुर्खा पं. रत्नाखरलाई वि.सं. १८७७ मा लालमोहरबाट बिर्ता प्राप्त भएको जग्गा बिर्ता उन्मुलन ऐन, २०१६ लागू भएपछि विवरण भरी रैकरमा परिणत गर्न माग गरेको र उक्त जग्गाहरूमध्ये सर्भे नापी हुँदा पो.उ.म.न.पा. वडा नं. १ कि.नं. ५९२ बाट कित्ताकाट भई जग्गा रोपनी १४-१५-२-३ कायम भई पौवा गुठी पनि जनिएकोमा गुठियारा हामी धेरै व्यक्ति हुँदा हाम्रो नाम जग्गाधनी महलमा चढाउन छुट भएकाले जग्गा दर्ता गरिपाउँ भनी मालपोत कार्यालय कास्कीमा निवेदन दिएकोमा कारबाही नगरी विपक्षी सत्यदेवीले हामी गुठियारले हक छाडी दिएबाट आफ्नो हक भएको भनी आफ्ना नाउँमा छुट दर्ता गरी पाउन तत्कालीन भूमिसुधार मन्त्रीसमक्ष दिएको निवेदनमा तोक आदेशअनुसार मालपोत कार्यालय कास्कीबाट २०४८।१०।२३ मा प्रतिवादीका नाममा जग्गाधनी प्रमाणपुर्जा बनाउने निर्णय गरेकोले काम गरेबापत खान्गीसम्म खाने व्यक्ति सत्यदेवीलाई गुठीको हकदार संरक्षक बनाई जग्गा जगेडा तैनाथी गुठी गराई गुठीको लगतमा दर्ता गर्ने गरिएको निर्णय र सो निर्णयको आधारमा तयार गरिएको सम्पूर्ण दर्ता स्रेस्ता बदर गरी उक्त पण्डित पौवा निजी गुठीका गुठियार हामी फिरादीका नाउँमा दर्ता गरिपाउँ भन्ने वादीहरूको फिराद दाबी रहेको देखिन्छ।

३. प्रतिवादीको प्रतिउत्तर पत्रमा निजले भोगी चर्ची आएको पौवा मन्दिरसमेतका जग्गा नापी हुँदा कि.नं. ५९२, ५९७ र ५९८ समेतका ३ कित्ता जग्गा पण्डित पौवाको नाउँमा कित्ताकाट भएकोमा मिति २०४१।८।१४ मा प्रतिवादीको पति मित्रलालको देहावसान भएपछि मालपोत कार्यालयमा गई बुझ्दा जग्गा दर्ता नभएको कुरा थाहा पाएकोले तत्कालीन भू.सु. मन्त्रीसमक्ष निवेदन दिई भएको आदेशानुसार मालपोत कार्यालयबाट कारबाही चली लालपुर्जा प्राप्त गरेकाले सो जग्गामा वादीहरूले घर, पौवा, मन्दिर पनि नबनाएको, गुठियार पनि नभएको, गुठी खडा गर्ने दाता पनि नभएकाले विपक्षीको हकदैयाविनाको फिराद खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिकिर रहेको देखिन्छ।

४. सुरू कास्की जिल्ला अदालतले गुठी स्थापना गर्ने व्यक्तिको इच्छालाई ननासिने गरी निरन्तरता दिनु र व्यवस्थित गर्नु राज्यको अंगको रूपमा रहेको मालपोत कार्यालय र गुठी संस्थानसमेतको दायित्व हुने नै हुँदा उक्त संस्थानको लगतमा नभए पनि जगेडा गुठीमा दर्ता गरी दिनका लागि गुठी संस्थानमा लेखी पठाउने गरेको मालपोत कार्यालय कास्कीको मिति २०४८।१०।२३ को निर्णय सो हदसम्म सदर हुने ठहऱ्याई पूजाआजा रेखदेख गरी आएका प्रतिवादी र गुठी स्थापना गर्ने व्यक्तिका हकवाला यी वादीहरू समेतलाई सो गुठीको उद्देश्यअनुरूप सञ्चालन भए

नभएको रेखदेख गर्न सरोकार रहने हुँदा प्रतिवादीको अलावा वादीहरू समेत उक्त गुठीको संरक्षक हुने ठहर्‍याई मिति २०६६/३/३१ मा फैसला गरेको देखिन्छ । सो फैसलाउपर वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन अदालत पोखरामा पुनरावेदन परेकोमा सो अदालतबाट विवादित कि.नं. का जग्गाहरू गुठी तैनाथी कायम हुने ठहर्‍याई गरेको सुरू कास्की जिल्ला अदालतको फैसला सो हदसम्म सदर हुने तर वादी र प्रतिवादी सत्यदेवी पौडेललाई संरक्षक कायम गरी प्रतिवादी सत्यदेवीले उक्त गुठीको साबिकदेखि नै सञ्चालनको कार्य गर्न पाउने ठहर्‍याएको हदसम्मको सुरू फैसला केही उल्टी हुने ठहर्‍याई गरेको फैसलाउपर वादी तथा प्रतिवादीहरूको यस अदालतमा पुनरावेदन परी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको देखियो ।

५. वादीहरूले यस अदालतमा पुनरावेदन गर्दा मुख्य रूपमा विवादित कि.नं. का जग्गाहरू आफ्ना पुर्खाले लालमोहरबाट बिर्ता प्राप्त गरेको जग्गा भएकाले आफ्ना नाममा निजी दर्ता कायम हुनुपर्ने र गुठीको संरक्षकसमेत आफैँ हुनुपर्ने भन्ने जिकिर लिएको पाइन्छ भने प्रतिवादीले आफूले सो जग्गा भोगी आएकाले उक्त जग्गा मोहियानी हक कायम हुने हुँदा गुठीको संरक्षक आफ्नो नाममा हुनुपर्ने भन्ने जिकिर लिएको पाइन्छ ।

६. यस सम्बन्धमा सर्वप्रथम वादीहरूको पुनरावेदन जिकिरतर्फ विचार गरी प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा विवादित कि.नं. ५९२, ५९७ र ५९८ समेतका जग्गाहरू आफूहरूले बिर्ता जग्गा गुठी राखेको भन्ने वादीहरूको भनाई रहेको पाइयो । वादीहरूले मुख्य रूपमा उक्त जग्गा वि.सं. १८७७ सालमा लालमोहरबाट आफूहरूले बिर्ता प्राप्त गरेको भन्ने दाबी लिएको भए पनि प्रस्तुत मुद्दाको विवादित कि.नं. ५९२, ५९७ र ५९८ कै जग्गा निजहरूले सो बिर्तामा प्राप्त गरेको जग्गा हो भन्ने कुरा पुष्टि हुने तथ्ययुक्त आधार एवम् प्रमाण वादीहरूले प्रस्तुत गर्न सकेको पाइएन । त्यस्तै वादीहरूको भनाइअनुसार विवादित जग्गाहरू निजहरूका पुर्खाले बिर्तामा प्राप्त गरी गुठी राखेको भए तत्सम्बन्धी कुनै लिखत शिलालेखलगायतका गुठी राखेको देखिने वस्तुगत प्रमाणसमेत वादीहरूले पेस गर्न सक्नुपर्नेमा सोसमेत गरेको देखिएन ।

७. वस्तुतः बिर्ता उन्मुलन ऐन, २०१६ को दफा ३ को उपदफा (१) ले बिर्ता प्रथालाई समाप्त गरी सो ऐन लागू हुनुभन्दा अघिका सबै बिर्ता जग्गा उन्मुलन गरिएको भन्ने व्यवस्था रहेको पाइन्छ । त्यस्तै उपदफा (२) मा त्यसरी उन्मुलन गरिएका सबै बिर्ता जग्गा रैकरमा परिणत भई भू-स्वामित्व नेपाल सरकारमा सर्ने र ऐन प्रारम्भ हुनुभन्दा अघि त्यस्ता जग्गामा रहेको बिर्तावालको भू-स्वामित्वसम्बन्धी हक तथा अधिकार स्वतः समाप्त भएको मानिने व्यवस्था रहेको पाइयो । ऐनको उक्त व्यवस्थाले सो ऐन लागू हुनुपूर्वका सबै बिर्ता जग्गा रैकरमा परिणत भई त्यस्ता जग्गाको भू-स्वामित्व नेपाल सरकारमा आएको देखियो । त्यसैगरी सोही ऐनको दफा ७ मा बिर्तावालले सो दफा लागू भएको १२० दिनभित्र बिर्ता जग्गाको विवरण र बुझाउन बाँकी भूमिकर वा मालपोत स्थानीय माल अड्डामा दाखिल गरी दर्ता गराउनु पर्ने व्यवस्था रहेको देखिन्छ । सोही ऐनको दफा ७क मा जग्गा कमाउनेले बिर्ता जग्गा दर्ता गर्न पाउने व्यवस्थाअन्तर्गत उपदफा (१) मा बिर्ता जग्गा कमाउने व्यक्तिले यो दफा प्रारम्भ भएपछि नेपाल सरकारले तोकिदिएको म्यादभित्र आफूसँग भएका वा आफूले जाने बुझेसम्मको सबुद प्रमाण र सो जग्गाको कित्ता नम्बर, चार किल्ला, बिर्तावालको नाम, थर, वतन, कुतबाली, तिरोसमेत खुलाई त्यस्तो जग्गा आफ्नो नाउँमा दर्ता गर्नको लागि सम्बन्धित जिल्लाको माल वा मालपोत कार्यालयमा दरखास्त दिनुपर्ने एवम् उपदफा (२) मा भएको व्यवस्थाअनुसार उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि माल वा मालपोत कार्यालयले उक्त दर्खास्तउपर आवश्यक जाँचबुझ गर्दा

उल्लिखित जग्गा बिर्तावालको नाममा दर्ता भइसकेको वा राजगुठीअन्तर्गत पर्ने जग्गा नभई दरखास्तवालाको नाउँमा दर्ता गर्न हुने साबिकको बिर्ता जग्गा देखिएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको शुल्क र दस्तुर लिई त्यस्तो जग्गा निजका नाउँमा दर्ता गरी दिनुपर्ने व्यवस्था रहेको देखियो।

८. सोही ऐनको दफा १२क मा बिर्ता जग्गा दर्ता गर्ने विशेष व्यवस्थाअन्तर्गत २०४९ साल आषाढ मसान्तसम्ममा कसैका नाममा रैकरमा परिणत गरी दर्ता भई नसकेको बिर्ता जग्गा सो जग्गा कमाउने व्यक्तिका नाउँमा मात्र दफा ७क बमोजिम दर्ता गरिने र सो अवधिपछि कुनै बिर्तावालको नाउँमा बिर्ता जग्गा दर्ता गरिने छैन र दर्ता गरेको रहेछ भने पनि मान्यता हुने छैन भन्ने व्यवस्था रहेको पाइयो। त्यसैगरी दफा १२ख मा म्यादभित्र दर्ता गराउनु पर्ने व्यवस्थाअन्तर्गत कुनै बिर्ता जग्गा दफा ७क बमोजिम नेपाल सरकारले तोकेको म्यादभित्र त्यस्तो जग्गा कमाउनेले आफ्ना नाउँमा दर्ता नगराएमा त्यस्तो जग्गा मालपोत नबुझाएसरह प्रचलित कानूनबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ।

९. बिर्ता उन्मुलन ऐन, २०१६ को उपर्युक्त व्यवस्थाको समग्र अध्ययन गर्दा सो ऐन लागू भएपछि नेपालमा सबै प्रकारको बिर्ता जग्गा उन्मुलन भई त्यस्ता बिर्ता जग्गा रैकरमा परिणत गरी हक स्थापित गराउन निश्चित अवधिसमेत तोकिएकोमा यी वादीहरूले सो अवधिभित्र रै.प. गर्न सकेको देखिएन। फिराद पत्रमा बिर्ता उन्मुलन ऐन, २०१६ लागू भएपछि आफूसमेतका भैयादहरूले सो जग्गा रैकरमा परिणत गर्न माग गरेको भन्नेसम्म बेहोरा उल्लेख भएपनि के कुन मितिमा कुन कार्यालय वा निकायमा त्यस्तो निवेदन दिएको हो ? त्यस्तो निवेदनउपर सो कार्यालय वा निकायबाट के कस्तो कारबाही भयो ? त्यस्तो निवेदनउपर कुनै कारबाही नभएको भए सोउपर वादीहरूबाट के कस्तो कानूनी प्रक्रिया अवलम्बन गरियो ? भन्नेलगायतका कुनै पनि तथ्ययुक्त आधारसहितको जिकिर लिन नसकी केवल रै.प. को लागि माग गरिएको भन्नेसम्मको बेहोरा फिराद पत्रमा उल्लेख भएको पाइयो। उपर्युक्त तथ्यबाट यी वादीहरूले बिर्ता उन्मुलन ऐन लागू भएपछि सो ऐनद्वारा निर्धारित प्रक्रियाबमोजिम रै.प. गर्न निवेदन दिएको अवस्था देखिन आएन। वस्तुतः वादीहरूको दाबीबमोजिम विवादित जग्गा निजहरूका पुर्खाले बिर्तामा प्राप्त गरेको भए बिर्ता उन्मुलन ऐन लागू भएपछि आफ्ना नाममा रै.प. गराउन जाने भन्ने कुरा अपेक्षित नै हो। सो ऐनले त्यसरी रै.प. गराउन पर्याप्त समयावधि पनि प्रदान गरेकै हो। तर यो वादीहरूले उपर्युक्तानुसार रै.प. गराउन कानूनबमोजिम दाबी नै गरेको नदेखिएको अवस्थामा बिर्ता उन्मुलन ऐनको कानूनी व्यवस्थाअनुसार विवादित जग्गामा वादीको हक स्थापित हुनसक्ने नै भएन। त्यसका अतिरिक्त बिर्ता उन्मुलन ऐनको माथि उल्लिखित व्यवस्थाअनुसारको प्रक्रिया र समयावधिभित्र दर्ता गराउन नसकेको जग्गा दर्ता हुनै नसक्ने र दर्ता भएपनि मान्यता नपाउने भन्ने स्पष्ट कानूनी व्यवस्था भएको सन्दर्भमा उक्त ऐनको प्रक्रिया र समयावधिभित्र दर्ता गराउन नसकेको विवादित जग्गा अब वादीको नाममा दर्ता हुनसक्ने अवस्थै रहेन।

१०. अर्कातर्फ प्रस्तुत मुद्दामा विवादमा आएको कि.नं. ५९२, ५९७ र ५९८ समेतका जग्गामा २०३२ सालमा नापी हुँदा फिल्डबुकको कैफियत महलमा **"पण्डित पौवा गुठी"** भन्ने जनिएको देखिन्छ। त्यसका अतिरिक्त नापीको फिल्डबुकमा जग्गाधनी महलमा कसैको पनि नाम उल्लेख भएको देखिँदैन। विवादित जग्गाको फिल्डबुकको कैफियतमा "पण्डित पौवा गुठी" भन्ने बेहोरा उल्लेख भएबाट सो जग्गामा उक्त नामको गुठी अस्तित्वमा रहेको भन्ने कुरामा विवाद छैन। यस तथ्यलाई वादी तथा प्रतिवादीहरूले यस अदालतमा दायर गरेको पुनरावेदन पत्रमा समेत स्वीकार गरेको अवस्था छ। तर सो गुठीको दाता को हो भन्ने कुरा न त फिल्डबुकबाट देखिएको छ,

न त यी वादी प्रतिवादीहरूले पेस गरेको कागजातबाट देखिएको छ । मूलतः उक्त गुठीको नाम **"पण्डित पौवा गुठी"** भन्ने शब्दावलीले नै उक्त गुठी कसैको निजी गुठी भएको भन्ने नभई सार्वजनिक उपभोगमा रहेको गुठी भन्ने देखिन आउँछ । गुठीको दाता को हो भन्ने कुरा तथ्ययुक्त आधार प्रमाणबाट पुष्टि नभई सार्वजनिक प्रयोगमा रहेको सो गुठीको जग्गा कसैको नाउँमा दर्ता रहेको पनि देखिएन । विवादित जग्गाको फिल्डबुकमा जनिएको **"पण्डित पौवा गुठी"** भन्ने उल्लेखनले उक्त जग्गा सार्वजनिक उपभोग र प्रयोगको रूपमा रहेको भन्ने बुझिन्छ । सो गुठीको प्रयोजन बटुवालाई पानी खुवाउने, साधु सन्तलाई खान दिने एवम् मन्दिरको पूजाआजा गर्नुपर्ने जस्ता ठेकिएका कार्यहरू गर्नुपर्ने भन्ने मिसिलबाट खुल्न आएको छ । यी कार्यहरूको प्रकृति हेर्दा गुठी संस्थान ऐन, २०३३ को को दफा २(ञ) ले परिभाषित गरेको **"कसैको नाममा दर्ता नभएको गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको"** गुठी तैनाथीअन्तर्गतको जग्गा भएको भन्ने देखिन आयो । यस अवस्थामा विवादित जग्गाको गुठी जग्गा आफ्नो नाममा दर्ता हुनुपर्ने वा गुठीको संरक्षक आफूहरू हुनुपर्ने भन्ने वादीहरूको दाबी मनासिब देखिएन ।

११. अब प्रतिवादीले लिएको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा आफूले कि.नं. ५९२, ५९७ र ५९८ समेतका ३ कित्ता जग्गा भोग गरी बटुवालाई पानी खुवाउने तथा साधु महन्तलाई खान दिने तथा मन्दिरको पूजाआजासमेत गरी आई मालपोत कार्यालयले गुठीको संरक्षक हुने गरी लालपुर्जासमेत दिएकाले मालपोत कार्यालयले २०४८।१०।२३ मा गरेको निर्णय मनासिब भएकाले सोही फैसला सदर हुनुपर्ने भन्ने जिकिर लिएको पाइयो ।

१२. यस सम्बन्धमा मिसिल संलग्न प्रतिवादी सत्यदेवी पौडेलले प्राप्त गरेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि हेर्दा मि.द.नं. २४४।०४८।०४९ मिति २०४८।१०।२३ को गुठी जग्गा दर्ता गर्ने निर्णयअनुसार कि.नं. ५९२, ५९७ र ५९८ को जग्गाहरूको संरक्षक सत्यदेवी पौडेल रहने गरी दर्ता भएको भन्ने उल्लेख भएको देखिन्छ । मालपोत कार्यालय कास्कीबाट प्राप्त मिति २०४८।१०।२३ को निर्णयसहितको मिसिल हेर्दा यी प्रतिवादीले मिति २०४७।८।२७ मा विवादित ५९२, ५९७ र ५९८ को जग्गा नापी हुँदा पण्डित पौवा गुठीको नाममा कित्ताकाट भएकाले आफ्नो नाममा छुट दर्ता गरिपाउँ भनी तत्कालीन भूमिसुधार मन्त्रीसमक्ष दिएको निवेदनउपर कारबाही हुँदा **"विवादित जग्गा गुठी संस्थानको लगतमा नभए पनि जगेडा गुठीमा दर्ता गरिदिनको लागि गुठी संस्थानमा लेखी पठाउने र गुठीको संरक्षकमा यी प्रतिवादी सत्यदेवी पौडेललाई तोक्ने"** भनी मालपोत कार्यालय कास्कीबाट मिति २०४८।१०।२३ मा निर्णय भएको देखियो । मालपोत कार्यालयको उक्त निर्णय अध्ययन गर्दा कुन कानूनको व्यवस्थाअनुसार प्रतिवादीलाई विवादित जग्गाको संरक्षक नियुक्त गरिएको हो सो खुल्दैन । त्यसका अतिरिक्त संरक्षक हुनसक्ने हकको कानूनबमोजिमको स्रोत के हो भन्ने कुरा पनि उक्त निर्णयमा खुलेको पाइँदैन । प्रतिवादीले पेस गरेको कागजातबाट पनि त्यस्तो स्रोत रहे भएको भन्ने देखिन आएको छैन । त्यसका अतिरिक्त त्यस्तो प्रकारको सार्वजनिक रूपमा रहेको गुठीको जग्गाको संरक्षक प्रतिवादीलाई कायम गर्ने अधिकार मालपोत कार्यालय कास्कीलाई कुन कानूनले प्रदान गरेको हो भन्ने कुरासमेत सो निर्णयमा खुलेको देखिएन । प्रतिवादीले पाएको भनेको जग्गाधनी प्रमाणपुर्जामा नै उक्त जग्गा **"पण्डित पौवा गुठी"** भन्ने शब्दावली प्रयोग भएको तर उक्त जग्गाउपर यी प्रतिवादी संरक्षक रहन सक्ने कानूनबमोजिमको हकको स्रोत मिसिल सामेल भएको पाइएन ।

१३. कुनै पनि सम्पत्तिउपर कानूनबमोजिमको हकको स्रोत विद्यमान नभई त्यस्तो सम्पत्तिउपर व्यक्तिको कुनै प्रकारको अधिकार स्थापित हुन

सक्तैन । सम्पत्तिउपर कानूनबमोजिमको हक स्थापित हुनका लागि कानूनबमोजिमकै स्रोत आवश्यक पर्दछ । गुठी जग्गाको संरक्षकको हक प्राप्त गर्न पनि कानूनबमोजिमको स्रोत आवश्यक हुन्छ । तर यी प्रतिवादीसँग त्यस्तो कानूनबमोजिमको हकको स्रोत भएको भन्ने कुरा मिसिल संलग्न कागजातहरूबाट देखिन आएको छैन । विवादित जग्गाउपर कानूनबमोजिमको संरक्षकत्व ग्रहण गर्न सक्ने कानूनबमोजिमको स्रोत यी प्रतिवादीसँग रहे भएको नदेखिएको अवस्थामा विवादित जग्गा तथा गुठीको निज संरक्षक हुनसक्ने देखिएन । अर्कातर्फ गुठी संस्थान ऐन, २०३३ को दफा २७ को खण्ड (क) मा गुठीको कुनै निश्चित काम गरेबापत जोती भोग गर्न पाउने रकमीले त्यस्तो जग्गामा मोही हक नपाउने भन्ने व्यवस्था छ । यी प्रतिवादीले पूजाआजा गर्ने तथा बटुवालाई पानी खुवाउनेलगायतका निश्चित तोकिएको कार्य गरेको भन्ने आधारले उक्त ऐनबमोजिमको मोहियानी हक पाउने हुँदैन । मोहियानी हक पाउने कानूनी आधार नै नभएको अवस्थामा सो गुठीको संरक्षक यी पुनरावेदक प्रतिवादी हुनसक्ने पनि देखिँदैन । उल्लिखित अवस्थामा विवादित जग्गाको आफू संरक्षक हुनुपर्ने भन्ने प्रतिवादीको जिकिर मनासिब देखिएन ।

१४. ने.का.प. २०६४ अंक १०, नि.नं. ७८८५ मा प्रकाशित निवेदक प्रकाशमणि शर्मासमेत विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्समेत भएको उत्प्रेषण परमादेशको रिट निवेदनमा यस अदालतको विशेष इजलासबाट **"संस्कृति र धर्मसम्बन्धी हकको अभिन्न अंगको रूपमा रहेको गुठीजन्य सम्पदा नासिने र मासिने गरी गुठी जग्गा सट्टापट्टा गर्न पाउने, अक्षयकोष राखी जग्गा रैतान नम्बरीमा परिणत गर्न पाउने र त्यसरी रैतान नम्बरीमा परिणत गरिएको जग्गा बेचबिखनसमेत गर्न पाउने गरी गरिएको गुठी संस्थान ऐन, २०३३ को दफा २५(२)(ग) र दफा ३६ को व्यवस्था अमान्य र बदर घोषित हुने"** भनी आदेश भएको छ ।

१५. वस्तुतः गुठीजन्य सम्पत्ति हाम्रो देशको सभ्यता संस्कृति तथा पहिचानसँग अन्योन्याश्रित सम्बन्ध भएको सम्पदा हो । यस्तो सम्पदाको संरक्षण र सम्बर्द्धन विशेषरूपमा हुनुपर्ने कुरामा विवाद हुन सक्तैन । सार्वजनिक प्रकृतिका कुनै पनि गुठीजन्य जग्गा तथा सम्पत्ति कुनै पनि व्यक्तिको निजी नाममा दर्ता हुन नसक्ने भन्ने कुरा यस अदालतको विशेष इजलासको माथि उल्लिखित आदेशमा व्याख्या भइसकेको छ । त्यस्ता सार्वजनिक प्रकृतिको गुठीजन्य सम्पत्ति हिनामिना हुनबाट बचाउन तथा नासिन र मासिन नदिन त्यसको व्यवस्थापन एवम् बन्दोबस्त कुनै व्यक्तिबाट नभई राज्यकै तर्फबाट अर्थात् राज्यको तर्फबाट गुठी जग्गा प्रशासन गर्ने निकाय गुठी संस्थानबाट मात्र हुन वाञ्छनीय हुन्छ । त्यस्तो सार्वजनिक प्रकृतिका गुठीजन्य सम्पदा तथा सम्पत्ति नासिन तथा मासिन नदिई कुनै पनि बेहोराले त्यसको स्वामित्व कुनै व्यक्तिको नाममा हस्तान्तरण हुन नदिनु गुठी संस्थान तथा मालपोत कार्यालयलगायतका सरकारी निकायको कर्तव्य भएको भन्ने कुरामा विवाद हुन सक्तैन ।

१६. प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूबाट विवादमा आएका जग्गाहरू कुनै व्यक्तिको निजी गुठीको जग्गा भएको भन्ने नदेखिई सार्वजनिक प्रकृतिको सार्वजनिक उपयोगमा रहेको गुठी जग्गा भएको देखिएकोले उक्त जग्गा कुनै निजी व्यक्तिको स्वामित्वमा कुनै पनि बेहोरा वा तरिकाले हस्तान्तरण गरिनु मनासिब हुँदैन । विवादित गुठी जग्गाको प्रकृतिले पनि गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको **"तैनाथी गुठी"** भएको भन्ने देखिन आएकाले वादी वा प्रतिवादी सो गुठीको गुठियारसमेत हुनसक्ने अवस्था रहेन । प्रतिवादी सत्यदेवीले बटुवालाई पानी खुवाउने जस्तो निश्चित काम गरेबापत गुठीको हकदार वा संरक्षक हुन नसक्ने भएकाले मालपोत कार्यालयले गरेको निर्णय तथा वादी प्रतिवादी दुवैलाई संरक्षक कायम गरेको सुरू

अदालतको निर्णयसमेत मनासिब देखिन आएन । यस अवस्थामा वादी र प्रतिवादी दुवैले आफू सो गुठीको संरक्षक हुनुपर्ने भनी यस अदालतमा पुनरावेदन गर्दा लिएको जिकिर मनासिब देखिएन।

१७. तसर्थ उल्लिखित आधार र कारणसमेतबाट सार्वजनिक प्रकृतिको पण्डित पौवा गुठी कसैको नामको निजी गुठी नभई गुठी संस्थान ऐन, २०३३ को दफा २(ञ) द्वारा परिभाषित गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको **"तैनाथी गुठी"** जग्गा भएको देखिएकाले वादी तथा प्रतिवादी कोही पनि उक्त जग्गाको गुठियार तथा संरक्षक रहन नसक्ने भएकाले सुरू फैसला केही उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहराएको पुनरावेदन अदालत पोखराको मिति २०६७।१२।२८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको विवादित कि.नं. का जग्गाहरू गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको गुठी संस्थान ऐन, २०३३ को दफा २(ञ) द्वारा परिभाषित **"तैनाथी गुठी"** जग्गा देखिएकाले उक्त जग्गा तथा गुठी सम्बन्धमा कानूनबमोजिम आवश्यक व्यवस्थापन गर्ने प्रयोजनका लागि यो फैसलाको प्रतिलिपि गुठी संस्थान केन्द्रीय कार्यालयमा पठाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.मीरा खड्का

इजलास अधिकृत: रामप्रसाद बस्याल
इति संवत् २०७३ साल फागुन ९ गते रोज २ शुभम्।

## निर्णय नं. १००३२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खडका
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
आदेश मिति : २०७४।९।२
०६६-WO-००७०

मुद्दाः- उत्प्रेषण

निवेदक : बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. ३ मा कार्यालय रहेको कृष्णा इन्टरनेशनल, बाँकेका प्रो. ऐ. ऐ. बस्ने सपना अग्रवाल

विरूद्ध

विपक्षी : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११ थापाथलीमा कार्यालय रहेको परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालसमेत

- **व्यवसाय गर्ने हक स्वतन्त्रताको प्रचलनको नामबाट यस्तो अत्यावश्यक सेवा दिने निकायबाट हुने औषधी एवं औषधोपचारसम्बन्धी यन्त्र उपकरण इत्यादिजस्ता सामग्रीमा सार्वजनिक खरिद ऐनका विभिन्न प्रावधान तथा कार्यविधि देखाई खरिद प्रक्रिया प्रभावित गर्ने जस्ता परिपाटी वास्तवमै जनहितमा नहुने।**
- **सार्वजनिक खरिद ऐन नियम तथा अन्य प्रचलित कानूनको कार्यविधि आदिको नाम मुद्दा मामिला परी नागरिकहरूले स्वास्थ्य सेवामा सरल तथा सहज पहुँच पाउन सक्ने अधिकारबाट वञ्चित हुनु परेमा बोलपत्रका केही प्रतिस्पर्धीको स्वार्थपूर्ति हुने भएपनि बृहत्तर जनताको**

**हितमा नहुने हुँदा सानातिना विवादमा अदालतले हस्तक्षेप गरिहाल्नु पनि हुँदैन। यसको अर्थ अदालतले सबै कार्यविधिगत त्रुटि वा अपारदर्शी रूपमा गरिएका एवं खरिद प्रक्रियामा अपनाइएका पूर्वाग्रहयुक्त कारबाही र असमान व्यवहारमा सदैव मौन रहनुपर्ने वा पन्छिएर बस्नुपर्छ भन्ने पनि होइन । खरिद गर्ने सार्वजनिक निकाय आफैँ पनि विना कुनै पूर्वाग्रह र उत्तरदायी प्रकृतिबाट प्रस्तुत हुन सकेन भने खरिद प्रक्रिया स्वच्छ, पारदर्शी एवं प्रभावकारी बन्न नसक्ने।**

(प्रकरण नं.३)

- **खरिद कार्य सम्पन्न भइसकेको अवस्थामा निवेदनको औचित्य नहुने।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट :
विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ता श्री पदमबहादुर गिरी र श्री सरोज गिरी
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- सार्वजनिक खरिद ऐन, २०६३

आदेश

**न्या.अनिलकुमार सिन्हा** : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम दर्ता भई नियमानुसार पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

म निवेदिका विभिन्न वस्तुहरूको खुद्रा एवं औषधीको थोक व्यापार गर्ने, सर्जिकल, मेडिकल, डिस्पोजल, हस्पिटल उपकरणलगायतका वस्तुहरूको खुद्रा तथा थोक व्यापार गर्ने उद्देश्यले जिल्ला बाँके वाणिज्य कार्यालय, नेपालगञ्जमा प्रा.फ.नं. १२३४४/०६०/०६१ दर्ता रहेको कृष्णा इन्टरनेशनल नामको प्रा.फ.सञ्चालन गरी आएको छु। उक्त फर्ममार्फत विभिन्न अस्पतालहरूलाई आवश्यक हस्पिटल उपकरण एवं औषधीहरू बिक्री वितरण गर्दै आएको छु। विपक्षी परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालले मिति २०६६।१।८ गतेका दिन गोरखापत्र दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित गोप्य बोलपत्रमार्फत ७१ थान औषधीको गोप्य बोलपत्र आह्वान गरिएकोमा सोबमोजिम विभिन्न प्रकारका औषधी तथा उपकरणहरू बिक्री गर्ने उद्देश्यले म निवेदिकाको फर्म कृष्णा इन्टरनेशनलको तर्फबाट पनि मागबमोजिमकै सम्पूर्ण प्रक्रिया पुऱ्याई औषधीहरूको गोप्य सिलबन्दी बोलपत्र भरी उक्त कार्यालयमा पेस गरेको थिएँ। उक्त कार्यालयबाट ११ प्रकारका आइटमलाई मात्र बोलपत्र स्वीकार गरेको र अन्य आइटमका सम्बन्धमा कुनै जानकारीसमेत नगराएको साथै म निवेदिकाले भरेको बोलपत्रलाई विपक्षीले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ विपरीत बोलपत्र स्वीकृत गरेको हुँदा म निवेदिकाको नेपालको अन्तरिम संविधानको धारा १२(३)(च) तथा धारा १९(१) तथा नागरिक अधिकार ऐन, २०१२ को दफा ६(७) द्वारा प्रदत्त पेसा रोजगार तथा उद्योग व्यापार व्यवसाय गर्ने स्वतन्त्रता साथै सम्पत्ति आर्जन गर्ने कानूनी तथा संवैधानिक हकलाई आघात पर्ने गरी विपक्षी हारती फर्माको बोलपत्र स्वीकृत गरेको हुँदा उक्त कानूनविपरीत बोलपत्र स्वीकृत गरेको काम कारबाहीलाई बदर गर्नका लागि अन्य वैकल्पिक उपचारको मार्ग नभएको हुँदा विपक्षीहरूबाट भएको उक्त मिति २०६६।३।१४ र विपक्षी नं. ३ बाट मिति २०६६।३।२९ का दिन भएको बोलपत्र स्वीकृत गर्ने गरेको गैरकानूनी निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी मैले पेस गरेको बोलपत्रबमोजिमको काम म निवेदकलाई उपलब्ध गराउनु भनी विपक्षीहरूका नाममा परमादेशलगायत उपयुक्त आज्ञा आदेश जारी

गरिपाऊँ । साथै विपक्षी कार्यालयले कानूनविपरीत स्वीकृत गरेको बोलपत्रबमोजिम औषधी खरिद गर्नका लागि सम्झौता गर्ने भएकोले प्रस्तुत मुद्दा अन्तिम किनारा नलागेसम्म सो औषधी खरिद गर्नका लागि विपक्षी नं. ४ सँग कुनै सम्झौता नगर्नु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिलसाथ राखी महान्यायाधिवक्ता कार्यालयमार्फत लिखित जवाफ पठाउनू भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालसमेतलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनू । निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफैँ वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी हारती फर्मासमेतलाई सम्बन्धित जिल्ला अदालतमार्फत सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतबाट भएको मिति २०६६।४।२० को आदेश ।

बोलपत्रसम्बन्धी काम कारबाही गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ का अधीनमा रही गर्नुपर्ने भएकोले सोहीबमोजिम गर्ने गरिएको छ । बोलपत्र मूल्याङ्कन तथा परीक्षण गर्दा बोलपत्रदाताले पूरा गर्नुपर्ने सर्तहरू पूरा गरी योग्यताका कागजातहरूसमेत पेस गरी सारभूतरूपमा प्रभावग्राही देखिन आएको सबैभन्दा कम मूल्याङ्कित बोलपत्र स्वीकृत गर्ने कारबाही भएको छ । यस अस्पतालले ७१ प्रकारका औषधी खरिद गर्नका लागि बोलपत्र आह्वान गरेको र आंशिकरूपमा पनि बोलपत्र स्वीकृत गर्न सक्ने व्यवस्था गरिएकोले सारभूतरूपमा प्रभावग्राही सबैभन्दा कम मूल्याङ्कित औषधी खरिद गर्ने गरी बोलपत्र स्वीकृत भएकोले सोमा कुनै कानूनी त्रुटि भएको छैन । बोलपत्र मूल्याङ्कन र परीक्षण गरी पूरा गर्नुपर्ने सर्त तथा प्रक्रिया पूरा गर्नुका साथै सबै निर्देशनको पालना गरी आवश्यक कागजसमेत पेस भएका सबैभन्दा कम मूल्याङ्कित बोलपत्र स्वीकृत गर्नुपर्ने कानूनी व्यवस्थानुसार सारभूतरूपमा प्रभावग्राही भएका एघार आइटम औषधीका हकमा प्रत्यर्थीमध्येको हारती फर्मा, थापाथलीको बोलपत्र स्वीकृत भएको हो । यसैगरी Tab Metronidazole 400mg. औषधीका हकमा विपक्षी रिट निवेदकको बोलपत्र स्वीकृत भई सम्झौता गर्नका लागि दिएको सूचनाबमोजिम सम्झौता गरिपाउँ भनी विपक्षीले २०६६।४।३२ मा द.नं.१० बाट निवेदन दिई विपक्षीसँग सम्झौता हुने प्रक्रिया अघि बढिरहेको छ । दाबी गरेजस्तो सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को त्रुटि भएको छैन । बोलपत्रसम्बन्धी काम कारबाहीमा सरोकारवालालाई यथा समयमा जानकारी गराइएको छ । म प्रत्यर्थी बोलपत्र आह्वानकर्ताको आवश्यकताबमोजिम सबै Item औषधीका लागि कुनै पनि बोलपत्र सारभूतरूपमा प्रभावग्राही हुन नआएका कारण जुनजुन आइटम औषधीका लागि जुनजुन बोलपत्र सारभूतरूपमा प्रभावग्राही भई सबैभन्दा कम मूल्याङ्कित देखिन आएको छ, सोहीबमोजिम सो हदसम्म सो बोलपत्र स्वीकृत गर्नेतर्फ कारबाही भएकोले आंशिकरूपमा बोलपत्र स्वीकृत भएको हो । विपक्षीले भनेबमोजिम विपक्षीकै बोलपत्र पूर्णतः स्वीकृत नहुँदासाथ बोलपत्र स्वीकृत गर्ने काम कारबाही गैरकानूनी हुने होइन । बोलपत्रसम्बन्धी काम कारबाही तथा निर्णय कानूनसम्मत तबरले भएकोले विपक्षीको निवेदन दाबीबमोजिम उत्प्रेषण तथा अन्य आदेश

जारी हुनसक्ने, गर्नुपर्ने कानूनी आधार, आवश्यकता तथा औचित्य नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, ऐ.को विकास समिति र ऐ. अस्पतालको प्रमुखको संयुक्त लिखित जवाफ।

विपक्षी रिट निवेदकको बोलपत्र स्वीकृत भई सम्झौता गर्नका लागि दिएको सूचनाबमोजिम सम्झौता गरिपाउँ भनी विपक्षीले मिति २०६६।४।३२ मा निवेदन दिनुभएको छ भने म प्रत्यर्थीलाई दिएको सूचनाबमोजिम विपक्षी नं. १ र म प्रत्यर्थीबीच मिति २०६६।४।२५ मा सम्झौता भई औषधीको आपूर्ति निरन्तर भइरहेकाले यसै आधारमा पनि रिट निवेदन खारेज हुनुपर्छ। दाबी गरेजस्तो सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ लगायत कुनै दफाको त्रुटि भएको छैन। विपक्षी नं. १ को आवश्यकताबमोजिम सबै आइटम औषधीका लागि कुनै पनि बोलपत्र सारभूतरूपमा प्रभावग्राही हुन नआएका कारण जुनजुन आइटम औषधीका लागि ज-जसको बोलपत्र सारभूतरूपमा प्रभावग्राही भई सबैभन्दा कम मूल्याङ्कित देखिन आएको हो, सोहीबमोजिम बोलपत्र लागत अनुमान अङ्कको सीमाभित्र रही स्वीकृत गर्ने काम कारबाही तथा निर्णय भएको हो। उपर्युक्त बोलपत्रसम्बन्धी काम कारबाही तथा निर्णयमा कुनै कानूनी त्रुटि नभएकोले विपक्षीको निवेदन दाबीबमोजिम उत्प्रेषण तथा अन्य आदेश जारी हुनसक्ने, कानूनी आधार र औचित्य बिल्कुल छैन, रिट निवेदन खारेज गरिपाउँ भन्ने हारती फर्माको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनसहितको मिसिल अध्ययन गरी विपक्षी परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालसमेतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री पदमबहादुर गिरीले मेरो पक्षबाट बोलपत्र आह्वान भई विपक्षी निवेदकसमेतबाट प्राप्त गोप्य बोलपत्रहरूमध्ये जुनजुन औषधीको लागि जुन जुन बोलपत्र सबैभन्दा प्रभावग्राही देखियो त्यही त्यही बोलपत्र स्वीकृत गरेकोमा विपक्षी निवेदकले स्वीकृत भएको १ औषधीसम्म बिक्री गर्न सहमत भई धरौटीसमेत राखी बोलपत्रको नतिजा स्वीकार गरिसकेकोले औचित्यहीन रिट निवेदन खारेज गरिपाउँ भनी तथा विपक्षी हारती फर्माको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सरोज गिरीले विपक्षी निवेदक र अन्य बोलपत्र स्वीकृत भएका बोलपत्र दातासमेतले स्वीकृत बोलपत्रबमोजिमको काम सम्पन्न गरिसकेको हुँदा औचित्यहीन रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

विपक्षी परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालद्वारा दैनिक पत्रिकामा सूचना प्रकाशन गरी ७१ थान औषधीको गोप्य बोलपत्र आह्वान गरेबमोजिम म निवेदिकाद्वारा सञ्चालित कृष्णा इन्टरनेशनल प्रा.फ.ले पेस गरेको गोप्य बोलपत्रमध्ये एउटा औषधीको मात्र र अन्यले पेस गरेकोमध्ये विपक्षी हारती फर्माको ९ वटा र जुनतारा फर्मास्युटिकल्सको एउटा गरी केवल ११ वटा औषधीको मात्र आंशिक बोलपत्र स्वीकृत गरी अन्य औषधीको हकमा बोलपत्र स्वीकृत नगरेको कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ विपरीत भई संविधान तथा कानूनद्वारा प्रदत्त मेरो पेसा रोजगार तथा उद्योग व्यापार व्यवसायसम्बन्धी हकमा आघात पुगेकोले विपक्षी परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल विकास समितिद्वारा बोलपत्र स्वीकृत गरेको मिति २०६६।३।१४ को निर्णय तथा सोउपर मैले दायर गरेको पुनरावलोकनको निवेदनमा उक्त निर्णय सदर गरेको मिति २०६६।३।२९ को निर्णयसमेत उत्प्रेषणको आदेशले बदर गरी म निवेदकले पेस गरेको बोलपत्रबमोजिमको काम म निवेदकलाई दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदन दाबी भएकोमा आंशिक रूपमा बोलपत्र स्वीकृत गरेको निर्णय कानूनसम्मत भएको तथा उक्त निर्णयबमोजिम विपक्षी निवेदकसमेतले यस

अस्पताललाई औषधी बिक्री गर्न सहमत भई मिति २०६६।४।३२ मा नेपाल इन्भेष्टमेन्ट बैंकमा रहेको यस अस्पतालको खातामा रू. २,६६०।– धरौटीसमेत राखेकोबाट निवेदकले उक्त निर्णय स्वीकार गरी सो निर्णय कार्यान्वयनसमेत भइसकेको स्थितिमा औचित्यहीन रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ जिकिर रहेको पाइन्छ।

निवेदन दाबीबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, विपक्षी परोपकार तथा प्रसूति स्त्रीरोग अस्पताल वि. समितिको २०६६।१।८ को ७१ थान औषधी खरिदको लागि प्रकाशित सूचनाबमोजिम पेस भएको ७ बोलपत्रमध्ये बोलपत्रदाताहरूमध्ये जुनतारा फर्मास्युटिकल्सलाई Paracetamol 500mg 1800 pc., निवेदक कृष्ण इन्टरनेशनललाई Metronidazole 400mg 35460 Tab र हारती फर्मालाई ९ थान अन्य औषधीको लागि बोलपत्र स्वीकृत भई आंशिक रूपमा खरिद गर्ने गरी मिति २०६६।३।१४ मा निर्णय भएको मिसिल संलग्न उक्त निर्णय तथा बोलपत्रसम्बन्धी कागजातहरूबाट देखिन्छ। उक्त निर्णयउपर निवेदक कृष्ण इन्टरनेशनल र एटलस मेडिसिनको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम पुनरावलोकनको लागि विपक्षी अस्पताल विकास समितिसमक्ष परेको उजुरीमा दाबीको मिति २०६६।३।१४ को निर्णय सदर हुने गरी मिति २०६६।३।२९ गते निर्णय भएको देखिन्छ । सोपश्चात् विपक्षी अस्पताल विकास समितिको मिति २०६६।३।१४ र २०६६।३।२९ को निर्णयहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को विपरीत भएकोले बदर गरिपाउँ भनी प्रस्तुत निवेदन दायर हुन आएको देखियो।

३. सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रबर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गले सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न एवं व्यवसायीहरूलाई विना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गर्न विधायिकाले सार्वजनिक खरिद ऐन, २०६३ बनाई लागू गरेको हो । उक्त उद्देश्य पूर्तिका लागि पारदर्शीरूपमा प्रतिस्पर्धा गराउनुपर्ने नै हुन्छ, यस्तो प्रतिस्पर्धा गराउँदा अरूभन्दा आफू बढी प्रभावग्राही हुँ भनी प्रमाणित गर्ने होडबाजीमा यदाकदा अदालतलाई प्रयोग गर्ने गरिएको पनि देखिन्छ । प्रस्तुत विवाद अस्पतालजस्तो अत्यावश्यक सेवामूलक सार्वजनिक निकायलाई औषधीको आपूर्ति गर्ने विषयसँग सम्बन्धित रहेको छ। व्यवसाय गर्ने हक स्वतन्त्रताको प्रचलनको नामबाट यस्तो अत्यावश्यक सेवा दिने निकायबाट हुने औषधी एवं औषधोपचारसम्बन्धी यन्त्र उपकरण इत्यादिजस्ता सामग्रीमा सार्वजनिक खरिद ऐनका विभिन्न प्रावधान तथा कार्यविधि देखाई खरिद प्रक्रिया प्रभावित गर्ने जस्ता परिपाटी वास्तवमै जनहितमा हुँदैन। सार्वजनिक खरिद ऐन नियम तथा अन्य प्रचलित कानूनको कार्यविधि आदिको नाम मुद्दा मामिला परी नागरिकहरूले स्वास्थ्य सेवामा सरल तथा सहज पहुँच पाउन सक्ने अधिकारबाट वञ्चित हुनु परेमा बोलपत्रका केही प्रतिस्पर्धीको स्वार्थ पूर्ति हुने भएपनि बृहत्तर जनताको हितमा नहुने हुँदा सानातिना विवादमा अदालतले हस्तक्षेप गरिहाल्नु पनि हुँदैन । यसको अर्थ अदालतले सबै कार्यविधिगत त्रुटि वा अपारदर्शी रूपमा गरिएका एवं खरिद प्रक्रियामा अपनाइएका पूर्वाग्रहयुक्त कारबाही र असमान व्यवहारमा सदैव मौन रहनुपर्ने वा पन्छिएर बस्नुपर्छ भन्ने पनि होइन। खरिद गर्ने सार्वजनिक निकाय आफैँ पनि विना कुनै पूर्वाग्रह र उत्तरदायी प्रकृतिबाट प्रस्तुत हुन सकेन भने खरिद प्रक्रियालाई स्वच्छ, पारदर्शी एवं प्रभावकारी

बन्न सक्दैन । विषयवस्तुको गाम्भीर्य तथा प्रत्यक्षतः कानूनविपरीत देखिएका गैरकानूनी कार्यमा अदालतले हस्तक्षेप गर्नुपर्ने नै हुन्छ । यस्तो अपरिहार्य स्थितिको विश्लेषण गर्दा अदालत आफैँले विषयवस्तुको गाम्भीर्य र सुविधा सन्तुलनका आधारमा एवं प्रक्रिया रोक्न खोज्ने पक्ष अर्को पक्षलाई भएको वा हुने क्षति एवं खर्च व्यहोर्न राजी छ छैन सोसमेत विचार गर्नुपर्ने हुन्छ । कुनै विवाद सृजना गरी आफ्नो हकमा अन्तरिम आदेश जारी नभएपछि अदालतमा मुद्दालाई निरन्तरता दिने तर मुद्दामा प्रतिनिधित्व गराई मुद्दालाई अन्तिम किनारा लगाउन अदालतलाई सहयोग नगर्ने प्रवृत्तितर्फ समेत अब गम्भीरताका साथ विचार गर्नु आवश्यक भएको छ।

४. निवेदकले देखाएको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को व्यवस्था हेर्दा **न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्नुपर्ने** कानूनी व्यवस्था रहेको पाइन्छ । विपक्षी अस्पतालको बोलपत्र मूल्याङ्कन समितिले प्राप्त सातवटै बोलपत्रहरूको मूल्याङ्कन गर्दा ४ वटा बोलपत्रहरू रद्द गरी न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएका निवेदकसमेतका ३ वटा बोलपत्रहरू आंशिक रूपमा मात्र स्वीकृत हुनुपर्ने भनी मिति २०६६।२।२९ गते विपक्षी अस्पतालसमक्ष प्रतिवेदन पेस गरेको र सोही प्रतिवेदन र संलग्न Evaluation Sheet समेतको जाँच गरी विपक्षी अस्पतालले निवेदकको एउटा औषधीको बोलपत्रसमेत गरी जम्मा ११ वटा मात्र बोलपत्र स्वीकृत गरी मिति २०६६।३।१४ मा निर्णय गरेको देखिन्छ । सो निर्णयउपर निवेदकले ऐ. ऐनको दफा ४७ बमोजिम पुनरावलोकनको लागि दिएको निवेदनमा समेत कारबाही अर्थात् जाँचबुझ भई उक्त निर्णय सदर गर्ने गरी मिति २०६६।३।२९ मा निर्णय भएको छ । निवेदकले विपक्षी अस्पताल विकास समितिको उक्त निर्णयहरू ऐ. ऐनको दफा २७ को विपरीत रहेको भन्ने जिकिर लिए तापनि आफूले पेस गरेको बोलपत्रमा उल्लिखित सम्पूर्ण औषधीहरूको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही रहेको भनी दाबी लिन वा सो प्रमाणित गर्न सकेको पाइँदैन । त्यसैगरी निवेदकले आफ्नो बोलपत्र स्वीकृत भएको १ औषधीसम्म बिक्री गर्न सहमत भई सम्झौता गर्न सहमत भएको भनी रू.२,६६०।- धरौटी राखेको नेपाल ईन्भेष्टमेन्ट बैंकको २०६६।४।३२ को भौचरसमेत साथै राखी विपक्षी अस्पतालसमक्ष मिति २०६६।४।३१ मा दर्ता भएको मिसिल संलग्न निवेदनबाट यी निवेदकले सो बोलपत्रको नतिजा स्वीकार गरी बसेको देखिन्छ । निवेदकले बदर गर्न माग गरेको निर्णयको परिणामलाई निवेदक स्वयंले स्वीकार गरिसकेको अवस्थामा दाबीको निर्णय उत्प्रेषणको आदेशले बदर गर्नुपर्दछ भन्ने निवेदन दाबीसँग सहमत हुन सकिएन।

५. त्यसैगरी स्वीकृत भएका अन्य बोलपत्रदाताहरूले बोलपत्र स्वीकृत भएबमोजिम सम्झौता गरी औषधी बिक्री गरी हारती फर्मालाई मिति २०६६।५।२६, २०६६।६।२, २०६६।६।२८ र २०६६।९।१३ मा अस्पतालले भुक्तानी गरेको मिसिल संलग्न उक्त भौचरहरूबाट देखिएकोले दाबीको बोलपत्र निर्णयबमोजिम काम सम्पन्नसमेत भएको देखिन्छ । निवेदकले बदर गर्न माग गरेको निर्णयबमोजिमको काम सम्पन्न भइसकेको स्थितिमा प्रस्तुत निवेदनको औचित्यता समाप्त भइसकेको भन्ने विपक्षीहरूको लिखित जवाफ जिकिर पनि मनासिब देखिन आयो।

६. तसर्थ, निवेदकले चुनौती दिएको बोलपत्र स्वीकृतसम्बन्धी निर्णयबमोजिम एक थान औषधी बिक्री गर्न स्वीकार गरी सम्झौता गर्न २०६६।४।३२ मा धरौटीसहित सम्झौता गर्न निवेदक उपस्थित भएको देखिएको तथा हाल उक्त खरिद कार्य सम्पन्न भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य

नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. मीरा खड्का

इजलास अधिकृतः नन्दकिशोर प्रसाद यादव
इति संवत् २०७४ साल पौष २ गते रोज १ शुभम्।

## निर्णय नं. १००३३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति : २०७४।६।३१
०७०-CR-१६११

मुद्दाः- लागु औषध खैरो हेरोइन

पुनरावेदक / वादी : प्र.ना.नि. जयदिप शमशेर ज.ब.रा. समेतको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २० बस्ने सुवास मानन्धरको छोरा मनिष मानन्धरसमेत

- **लागु औषध प्रतिवादीले सेवन र बिक्री वितरण दुवै प्रयोजनको लागि ओसार पसार गर्न सक्ने हुँदा त्यसमा निजको साथबाट बरामद भएको लागु औषधको मात्रा र अन्य प्रमाणहरूको आधारमा विचार गरिनुपर्ने।**
- **प्रतिवादीको साथबाट लागु औषध बरामद हुनुलाई मात्र लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिमको सजाय गर्नको लागि पर्याप्त आधार मान्न मिल्दैन । सेवनबाहेक अन्य प्रयोजनको लागि प्रतिवादीहरूले साथमा लिई हिँडेका हुन् भन्ने तथ्य स्थापित हुनुपर्ने।**

(प्रकरण नं.४)

- **लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(च) ले लागु औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसार पसार गर्नेलाई अपराधको एउटा वर्गीकरण गरी १४(१)(छ) मा गाँजाबाहेक अन्य लागु औषध सेवन गर्नेलाई अर्को वर्गीकरणअन्तर्गत राखी १४(१)(ङ) मा सजायको व्यवस्था गरेको छ । ओसार पसारलगायतका अन्य कार्यलाई गम्भीर कसुरको रूपमा राखेको पाइन्छ भने सेवनलाई कम सजाय निर्धारण गरेको पाइन्छ । उक्त कानूनी व्यवस्थाले सेवनका लागि लिएर हिँड्ने क्रममा प्रयोग भएको सवारी साधन जफत गर्ने कानूनको उद्देश्य नरहेको प्रस्ट हुने।**

(प्रकरण नं.६)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- लागु औषध (नियन्त्रण) ऐन, २०३३

सुरू तहमा फैसला गर्ने:

माननीय न्यायाधीश श्री टेकनारायण कुँवर
मकवानपुर जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

मानननीय न्यायाधीश श्री बम कुमार श्रेष्ठ
माननीय न्यायाधीश श्री उमेशकुमार सिंह
पुनरावेदन अदालत हेटौंडा

फैसला

**न्या.हरिकृष्ण कार्की :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार रहेको छः-

**तथ्य खण्ड**

जिल्ला मकवानपुर, भीमफेदी-२ स्थित सडकमा पूर्वमा कारागार जाने बाटो, पश्चिममा इलाका प्रहरी कार्यालय भीमफेदी, उत्तर र दक्षिण सडक यति चार किल्लाभित्र काठमाडौं जान आएको बा.१३ प २२२० नं. को मोटरसाइकलमा सवार रहेका मनिष मानन्धर र लक्ष्मण महर्जनलाई रोकी चेकजाँच गर्दा मोटरसाइकल चालक मनिष मानन्धरको पेन्टीभित्र गुप्ताङ्गमा लागु औषध खैरो हेरोइन ६ ग्राम फेला परेको र उक्त लागु औषध ओसार पसारमा लक्ष्मण महर्जनको समेत संलग्नता रहेकोले ओसार पसारमा संलग्न मोटरसाइकलसमेत बरामद गरिएको भन्नेसमेत बेहोराको खानतलासी एवम् बरामदी मुचुल्का।

मिति २०६९।७।२७ गते बिहान अं. १७:०० बजेको समयमा जिल्ला मकवानपुर, भीमफेदी-२ स्थित सडकमा बा.१३ प २२२० नं. को मोटरसाइकल रोकी चेकजाँच गर्ने क्रममा मोटरसाइकल चालक मनिष मानन्धरले लगाएको पेन्टीभित्र लुकाई ल्याएको अवस्थामा लागु औषध (खैरो हेरोइन) ६ ग्राम फेला परेको र सो लागु औषध ल्याउनमा लक्ष्मण महर्जनसमेत संलग्न रहेको हुँदा मोटरसाइकलसहित निजहरूलाई पक्राउ गरी कारबाहीको लागि पेस गरेको भन्नेसमेत बेहोराको प्र.ना.नि. जयदिप शमशेर ज.ब.रा. समेतको प्रतिवेदन।

मिति २०६९।७।२७ गते अं.१७:०० बजेको समयमा जिल्ला मकवानपुर, भीमफेदी-२ अगाडि चेकजाँच गर्ने क्रममा हेटौंडाबाट भीमफेदी आउँदै गरेको बा.१३ प २२२० नं. को मोटरसाइकलमा सवार रहेका मनिष मानन्धर र लक्ष्मण महर्जनको शरीर चेकजाँच गर्दा मोटरसाइकल चालक मनिष मानन्धरले लगाएको पेन्टीभित्र गुप्ताङ्गमा लुकाई ल्याएको अवस्थामा ६ ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको हो भन्नेसमेत बेहोराको घटना विवरण कागज।

परीक्षणको लागि पठाइएको नमुनामा लागु औषध खैरो हेरोइन पाइएको (Diacetyl morphine (Heroin) has been detected in the exhibit no.1) भन्नेसमेत बेहोराको केन्द्रीय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन।

बा. १३ प २२२० नं. को मोटरसाइकल मेरो हो। मैले लक्ष्मण महर्जनलाई रू. २५,०००।- मा बिक्री गरेको हुँ। कामको व्यस्तताले नामसारी गर्न नभ्याएको हो। निजले उक्त मोटरसाइकलमा लागु औषध ओसार पसार गरेको कुरा मलाई थाहा छैन। उक्त लागु औषधमा मेरो संलग्नता छैन भन्नेसमेत बेहोराको मोटरसाइकल धनी विष्णुप्रसाद सिग्देलको कागज।

बरामद लागु औषध खैरो हेरोइन ६ ग्राम मनिष मानन्धरबाट बरामद भएको हो । उक्त लागु औषध साथी मनिष र मसमेत भई भारत रक्सौलमा गई फर्की वीरगञ्जमा आई रिक्सावालाबाट रू. ४,०००।- मा खरिद गरी सो रात वीरगञ्जमै बसी केही मात्रा लागु औषध खैरो हेरोइन सेवन गरी आउने क्रममा घटनास्थलमा पक्राउमा परेका हौं भन्नेसमेत बेहोराको प्रतिवादी लक्ष्मण महर्जनले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

बरामद लागु औषध खैरो हेरोइन ६ ग्राम मेरो साथबाट बरामद भएको हो । उक्त लागु औषध साथी लक्ष्मण र मसमेत भई भारत रक्सौलमा गई फर्की वीरगञ्जमा आई रिक्सावालाबाट रू. ४,०००।- मा खरिद गरी सो रात वीरगञ्जमै बसी केही मात्रामा लागु औषध खैरो हेरोइन सेवन गरी भीमफेदी हुँदै जाने क्रममा घटनास्थलमा मेरो पेन्टीभित्र गुप्ताङ्गबाट फेला पारी प्रहरीले हामी दुवै जनालाई पक्राउ गरेको हो भन्नेसमेत बेहोराको प्रतिवादी मनिष मानन्धरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

प्रतिवादीहरू मनिष मानन्धर र लक्ष्मण महर्जनले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को (घ), (ङ), (च) र (छ) को कसुर गरेकोमा सोही ऐनको दफा १४(१)(छ)(१) र १४(१)(ङ) बमोजिम सजाय हुनुको साथै लागु औषध खैरो हेरोइन ओसार पसार गर्न प्रयोग भएको बरामद बा.१३ प २२२० नं. को मोटरसाइकल सोही ऐनको दफा १८ बमोजिम जफत गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग पत्र ।

मैले लागु औषध खैरो हेरोइन सेवन गर्न थालेको ६/७ महिना भयो । त्योभन्दा अगाडि म गाँजा खान्थेँ । म र साथी मनिष मानन्धर लागु औषध सेवन गर्ने मानिस हौं । मिति २०६९।७।२६ गते लालवन्दीमा दशैं महोत्सव मेला हेरी फर्कने क्रममा रक्सौलमा लागु औषध सस्तोमा पाइन्छ भन्ने सुनेको हुँदा हामी दुवैजनाको बराबर रूपैयाँ हाली रू. ४,०००।- मा लागु औषध खैरो हेरोइन खरिद गरी १ डोज खाई बाँकी साथी मनिषले राखी मोटरसाइकल चलाई आउँदा भीमफेदीमा चेकजाँच हुँदा हामी दुवैजना लठ्ठ अवस्थामा देखी प्रहरीले पक्राउ गरेको हो । हामी दुवैजनाले सेवन गर्न ल्याएको लागु औषध खैरो हेरोइन मनिष मानन्धरको साथबाट बरामद भएको हो । निजले चलाएको मोटरसाइकल मेरो हो । सो समयमा उक्त मोटरसाइकल निज साथी मनिष मानन्धरले चलाएका थिए । उक्त लागु औषध खैरो हेरोइन हामी आफैँले सेवन गर्न ल्याएको हो । बिक्री वितरण गर्न ल्याएको होइन । मोटरसाइकल जफत हुनुपर्ने होइन । अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी लक्ष्मण महर्जनले सुरू अदालतमा गरेको बयान ।

मैले लागु औषध खैरो हेरोइन सेवन गर्न लागेको करिब ७/८ महिना भयो । त्योभन्दा अगाडि म गाँजा खान्थेँ । साथी लक्ष्मण महर्जन पनि लागु औषध सेवन गर्ने मानिस हुन् । निज र म लागु औषध सेवन गर्दा सँगै सेवन गर्ने गरेका हौं । मिति २०६९।७।२५ गते लालबन्दीमा दशैं तिहार महोत्सव मेला लागेको हुँदा साथीहरू घुम्न भनी गई मेला हेरी मिति २०६९।७।२६ गते म र लक्ष्मण महर्जन काठमाडौं जान भनी निजको मोटरसाइकलमा बसी आएकोमा साथीहरूले वीरगञ्ज रक्सौलमा सस्तोमा पाइन्छ भन्ने सुनेको हुँदा हामी दुवैजनाको सल्लाह भई वीरगञ्ज गई उक्त दिन वीरगञ्जमा बसी भोलिपल्ट मिति २०६९।७।२७ गते बिहान रिक्सा चालकसँग सोधपुछ गर्दा निजले नै बरामद लागु औषध ल्याई दिए । हामी दुवैजनाले बराबर रूपैयाँ हाली रू. ४,०००।- मा खरिद गरी उक्त लागु औषध १ डोज खाई बाँकी लागु औषध मैले राखी मोटरसाइकल चलाई आउँदा भीमफेदीमा चेकजाँच हुँदा हामीहरूलाई लागु औषधले लठ्ठ अवस्थामा देखी प्रहरीले पक्राउ गरेको हो । बरामद लागु औषध हामी दुवैजनाले सेवन गर्न ल्याएको हो । बरामद मबाट मात्र भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी मनिष मानन्धरले सुरू अदालतमा गरेको बयान ।

मिति २०६९।७।२७ गतेका दिन मसमेतको टोलीले जिल्ला मकवानपुर, भीमफेदी गा.वि.स., वडा नं. २ मा चेकजाँच गर्दा मनिष मानन्धरको पेन्टीभित्र गुप्ताङ्गमा लुकाई छिपाई ल्याएको अवस्थामा लागु औषध खैरो हेरोइन ६ ग्राम फेला परेको हो । निजसँग रहेको अर्को साथी लक्ष्मण महर्जनसँग केही पनि थिएन । सँगै देखिएकाले उक्त लागु औषध बरामद गरी

बरामदी मुचुल्का तयार गरी प्रतिवेदनसाथ जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा पेस गरेको हो भन्नेसमेत बेहोराको प्रतिवेदक तथा काम तामेल गर्ने प्र.ना.नि. जयदिप शमशेर ज.व.रा. ले सुरू अदालतमा गरेको बकपत्र।

निज प्रतिवादीहरू राम्रो चालचलन भएका मानिसहरू हुन्। निजहरू लागु औषध ओसार पसार र बिक्री वितरण गर्ने मानिस होइनन्। यिनीहरूले लागु औषध सेवन गर्न थालेको हल्ला गाउँघरमा चलेको कारण मैले थाहा पाएको हुँ। लागु औषध ओसार पसार गर्ने कार्य निजहरूले नगर्ने हुँदा निजहरूलाई अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्ने होइन। निजहरूले केवल आफूले सेवन गर्नको लागि लागु औषध ल्याएको हुँदा सफाइ पाउनुपर्छ भन्नेसमेत बेहोराको प्रतिवादीहरू लक्ष्मण महर्जन र मनिष मानन्धरका साक्षी अनिष महर्जन श्रेष्ठले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवेदकको जाहेरी प्रतिवेदन एवं अदालतको बकपत्र, प्रतिवादीहरूको मौका तथा अदालतमा भएको बयान, बरामदी मुचुल्का तथा बरामद भई आएको लागु औषधको परिमाण र प्रकृति, लागु औषधको उद्गम र पुऱ्याउन लागेको स्थानसमेतबाट प्रतिवादीहरू उपरको अभियोग दाबी शंकारहित रूपमा पुष्टि भएको हुँदा निज प्रतिवादीहरू मनिष मानन्धर र लक्ष्मण महर्जनलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को (घ), (ङ), (च) र (छ) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम खरिद ओसार पसारसमेत तर्फ जनही ५ (पाँच) वर्ष कैद र रू.१०,०००।- (दश हजार रूपैयाँ) जरिवाना र दफा १४(१) (ङ) बमोजिम सेवनतर्फ रू. १०,०००।- (दश हजार रूपैयाँ) जरिवानासमेत हुने ठहर्छ। साथै लागु औषध ओसार पसार गर्न प्रयोग भएको बरामद बा.१३ प २२२० नं. को मोटरसाइकल सोही ऐनको दफा १८ बमोजिम जफत हुनेसमेत ठहर्छ भन्ने बेहोराको सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६९।१२।२० मा भएको फैसला।

हामी प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा बयान गर्दा बरामद लागु औषध सेवन गर्न ल्याएको कुरा स्वीकार गरी बिक्री वितरण गर्न ल्याएको होइन भनी कसुरमा इन्कार रही बयान गरेका छौं। हामीले सेवनसम्म गर्ने गरेको हुँदा अभियोग दाबीबाट सफाइ पाउनु पर्छ भनी हाम्रा साक्षीले समेत बकी लेखाई दिएका छन्। त्यसैले हामीलाई सेवनमा मात्र कसुरदार ठहर हुनसक्ने हो। लागु औषध खरिद बिक्री गर्दाको अवस्थामा हामी पक्राउ परेका होइनौं। बरामद लागु औषधको परिमाण पनि कम रहेको छ। हामीले कारोबार गर्ने गरेको भन्ने कुरा प्रमाणित हुन सकेको छैन। म लक्ष्मणबाट केही पनि बरामद भएको होइन। अनुसन्धानमा हामीले लेखाएको कुरालाई प्रमाणमा लिन मिल्ने होइन। लागु औषध बिक्री वितरणको लागि खरिद गरेको, हामीले सो लागु औषध बिक्री वितरण गर्ने गरेको कुनै सबुद प्रमाण (ढक, तराजु आदि) नभएको हुँदा हामीलाई सेवनमा कसुरदार ठहर गरिसकेपछि अनुमानको आधारमा खरिद सञ्चय र ओसार पसारमा समेत कसुरदार ठहर गरी सुरू अदालतबाट हामीलाई ५/५ वर्ष कैद तथा जरिवानाको सजाय गरेको सुरू अदालतको फैसला त्रुटिपूर्ण भएकोले उल्टी गरी अभियोग दाबीको कसुरबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादीहरूको संयुक्त पुनरावेदन पत्र।

यसमा दुई जनाका लागि ३/३ ग्रामका दरले लागु औषध सेवन गर्नको लागि लिई आएको भन्ने प्रतिवादीहरूको बयान भएको परिप्रेक्ष्यमा बरामदी लागु औषधको परिमाणसमेतलाई विचार गर्दा खरिद, ओसार पसार र सेवनतर्फ समेत सजाय गर्ने गरेको सुरू मकवानपुर जिल्ला अदालतको मिति २०६९।१२।२० को फैसला विचारणीय भई फरक पर्न सक्ने देखिँदा छलफलको लागि मुलुकी ऐन, अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्ने

पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।१०।२८ को आदेश।

लागु औषधको परिमाण न्यून भएको पाइनु, प्रतिवादीको घरबाट अन्य संदिग्ध कुनै वस्तु र सामान फेला नपर्नु, सुरूदेखि नै बयान गर्दा सेवनमा साबित भई ओसार पसार गरेको कुरामा प्रतिवादीहरू इन्कार भएको पाइनु, सेवनको सिलसिलामा ल्याएर राखेको अवस्थामा सञ्चय र ओसार पसार भन्न मिल्दैन भनी नजिर सिद्धान्त प्रतिपादित भएको देखिनुसमेतका उल्लिखित आधार एवं कारणहरूबाट प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ) बमोजिम सजाय गरेको हदसम्म मकवानपुर जिल्ला अदालतबाट मिति २०६९।१२।२० मा भएको फैसला नमिलेकोले त्यति हदसम्म केही उल्टी भई पुनरावेदक / प्रतिवादीहरू मनिष मानन्धर र लक्ष्मण महर्जनसमेतले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा (४)(छ) बमोजिमको कसुरसम्म गरेको भन्ने देखिँदा ऐ. ऐनकै दफा १४(१)(ङ) नं. बमोजिम जनही रू.१०,०००।- (दश हजार रूपैयाँ) निजहरूलाई जरिवाना हुने ठहर्छ। मोटरसाइकलबाट लागु औषध बरामद भएको अवस्था नहुँदा जफत हुने ठहर्दैन भन्नेसमेत बेहोराको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०/१२/२० को फैसला।

बा.१३ प २२२० नं. को मोटरसाइकल चलाई आएका प्रतिवादी मनिष मानन्धरले गुप्ताङ्गमा लुकाई राखेको अवस्थामा ६ ग्राम लागु औषध खैरो हिरोइन बरामद भएको र सोही मोटरसाइकलमा सवार लक्ष्मण महर्जनको समेत उक्त लागु औषध ओसार पसारमा संलग्न भएको भनी तयार भएको प्रहरी प्रतिवेदनलाई प्रतिवादीहरू रहोवरमा बसेको बरामदी मुचुल्काले पुष्टि गरेको देखिएको, प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको बयानबाट समेत यी प्रतिवादीहरूले काठमाडौंबाट वीरगञ्ज गई लागु औषध खरिद गरी काठमाडौंसम्म ओसार पसार गरेको देखिएको, प्रहरी कर्मचारीको अदालतको बकपत्र, बुझिएका मानिसहरूको कागज बेहोरा, प्रतिवादीहरूको अदालतको बयान र बरामदित चिजवस्तु लागु औषध खैरो हिरोइन भएको भन्ने परीक्षण प्रतिवेदनबाट समेत प्रतिवादीहरूबाट समेत दुवै प्रतिवादीले संयुक्त रूपमा उक्त लागु औषध खरिद गरेका र लागु औषधको परिमाण पनि ठूलो रहेको पुष्टि भएको, प्रतिवादीहरू चढी आएको मोटरसाइकलमा सवार रहेका यी प्रतिवादीबाट उक्त लागु औषध बरामद भएको अवस्थामा मोटरसाइकलबाट लागु औषध बरामद नभएको भन्न नमिल्ने, लागु औषध मुद्दा कठोर दायित्वअन्तर्गतको मुद्दा भएको र यस्तो मुद्दामा प्रमाणको भार प्रतिवादीहरूले पुऱ्याउनु पर्नेमा प्रतिवादीहरूले आफूहरूले सेवनका लागि लिएको भनी जिकिर लिएबाहेक अन्य कुनै प्रमाणद्वारा सेवनको लागि लिएको भनी पुष्टि गराउन सकेको नदेखिएको र निजहरूले लागु औषध सेवन गरेको भन्ने पनि पुष्टि हुन नआइरहेको अवस्थामा पुनरावेदन अदालतबाट भएको फैसलामा प्रचलित कानूनी व्यवस्था तथा प्रतिपादित कानूनी सिद्धान्तसमेतको प्रतिकूल देखिँदा उक्त फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने बेहोराको पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर।

**ठहर खण्ड**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारीले मोटरसाइकलमा सवार प्रतिवादीहरूबाट नै ६ ग्राम लागु औषध बरामद भएको भन्ने कुरा बरामदी मुचुल्कालगायत यी प्रतिवादीहरूको अनुसन्धान अधिकारी र अदालतको बयानबाट पुष्टि भएको अवस्था छ। प्रतिवादीहरूले सेवनको लागि लिई आएको भने पनि सो कुरालाई कुनै प्रमाणबाट पुष्टि गराउन सकेको अवस्था छैन। लागु औषधको

परिमाण हेर्दा पनि सानो परिमाण नभई ६ ग्राम रहेको देखिएको अवस्था छ । प्रतिवादीहरूले लागु औषध सेवन गरेको भन्ने पनि देखिएको छैन । यस्तो अवस्थामा प्रतिवादीहरूलाई सेवनतर्फ सजाय गरी निज प्रतिवादीहरू सवार मोटरसाइकल पनि जफत नगरी फिर्ता गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गर्ने प्रयोजनार्थ प्रत्यर्थी झिकाउने आदेश होस् भनी गर्नुभएको बहससमेत सुनियो ।

बा.१३ प २२२० नं. को मोटरसाइकलमा सवार रहेका प्रतिवादीहरू मनिष मानन्धर र लक्ष्मण महर्जनमध्ये मनिष मानन्धरको साथबाट ६ ग्राम लागु औषध खैरो हिरोइन बरामद भएको र उक्त लागु औषध दुवै प्रतिवादीहरूले मिलेमतोमा खरिद गरी ओसार पसार, बिक्री वितरण र सेवन गर्ने प्रयोजनको लागि लिई आएको पुष्टि भएकाले निज प्रतिवादीहरूको उक्त कार्य लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को (घ), (ङ), (च) र (छ) को कसुर भएकोले निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १४(१)(छ)(१) र १४(१)(ङ) बमोजिम सजाय गरी लागु औषध खैरो हेरोइन ओसार पसार गर्न प्रयोग भएको बरामद बा.१३ प २२२० नं. को मोटरसाइकल सोही ऐनको दफा १८ बमोजिम जफत गरिपाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र रहेको देखिन्छ । सुरू अदालतबाट प्रतिवादीहरू मनिष मानन्धर र लक्ष्मण महर्जनलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम खरिद ओसार पसारसमेततर्फ जनही ५ (पाँच) वर्ष कैद र रू.१०,०००।- (दश हजार रूपैयाँ) जरिवाना तथा दफा १४(१)(ङ) बमोजिम सेवनतर्फ रू. १०,०००।- (दश हजार रूपैयाँ) जरिवानासमेत हुने ठहर्छ । साथै लागु औषध ओसार पसार गर्न प्रयोग भएको बरामद बा.१३ प २२२० नं. को मोटरसाइकल सोही ऐनको दफा १८ बमोजिम जफत हुनेसमेत ठहर्छ भनी भएको फैसला केही उल्टी गरी पुनरावेदन अदालत हेटौंडाबाट प्रतिवादीहरू मनिष मानन्धर र लक्ष्मण महर्जनलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) नं. बमोजिम जनही रू. १०,०००।- (दश हजार रूपैयाँ) निजहरूलाई जरिवाना हुने र बरामद भएको मोटरसाइकल जफत नहुने ठहरी भएको फैसलाउपर वादी नेपाल सरकारको चित्त नबुझी प्रतिवादीहरूलाई खरिद ओसार पसारतर्फ लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम र बरामद भएको मोटरसाइकलसमेत जफत गरिपाउँ भनी प्रस्तुत पुनरावेदन गरेको देखियो ।

अब, पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेको छ वा छैन ? र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? सोही विषयमा निर्णय गर्नुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, खानतलासी तथा बरामदी मुचुल्का हेर्दा बा.१३ प २२२० नं. को मोटरसाइकलमा सवार मनिष मानन्धर र लक्ष्मण महर्जनमध्ये मनिष मानन्धरको साथबाट ६ ग्राम लागु औषध खैरो हिरोइन बरामद भएको र सो बरामद भएको लागु औषध दुवै जनाको मिलेमतोमा खरिद गरेको भन्ने देखिएको छ । प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा बरामद भएको लागु औषध आफूहरूले संयुक्त रूपमा लगानी गरी वीरगञ्जमा रिक्सा चालकबाट खरिद गरेको र सोही दिन सेवन गरी होटलमा बसी अर्को दिन पनि केही मात्रामा सेवन गरी साथमा लिई आएको हो । उक्त लागु औषध सेवनको लागि प्रयोग गर्ने हो भनी उल्लेख गरेको देखियो । प्रतिवादीहरूले अदालतमा बयान गर्दासमेत बरामद भएको लागु औषध हामी दुवै जनाले बराबर रूपैयाँ हाली रू.४,०००/- मा खरिद गरी १ डोज सेवन गरी आउँदै गर्दा भिमफेदीमा प्रहरीले चेकजाँच गर्दा पक्राउ गरेको

हो । सेवनको लागि उक्त लागु औषध ल्याएको भनी उल्लेख गरेको देखियो । खानतलासी तथा बरामदी मुचुल्का हेर्दा लागु औषधसँग सम्बन्धित कुनै वस्तु नभेटिएको भन्ने देखिन्छ । प्रतिवेदक जयदिप शमशेर ज.ब.रा.ले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूलाई खरिद बिक्री तथा कारोबार गरेको अवस्थामा पक्राउ गरिएको होइन । चेकजाँचको क्रममा पक्राउ गरिएको हो भनी उल्लेख गरेको देखियो ।

३. यसरी प्रतिवादीहरू दुवैले बराबर रकम लगानी गरी सेवन गर्नको लागि उक्त लागु औषध किनेको भन्ने निजहरूको बयानबाट देखिएको, दुई जनाले उक्त लागु औषध बाँड्दा ३/३ ग्राम हुन आउने देखिएको अवस्थामा उक्त परिमाण ठूलो भन्ने नदेखिएको, प्रतिवादीको घर खानतलासी लिँदा बिक्री वितरणसँग सम्बन्धित कुनै सामान बरामद भएको नदेखिएको, प्रतिवादीहरूले कोही कसैलाई बिक्री वितरण गर्न लगेको भन्ने पनि नदेखिएको, प्रतिवेदकले पनि अदालतमा बकपत्र गर्दा बरामद भएको भन्नेसम्म मात्र खुलाई बिक्री वितरणको लागि लगेको भनी भन्न नसकेको अवस्थामा प्रतिवादीहरूले बिक्री वितरण गरे भनी आरोपित गर्दैमा निजहरूलाई सोबमोजिम सजाय गर्न मिल्ने हुँदैन ।

४. लागु औषध प्रतिवादीले सेवन र बिक्री वितरण दुवै प्रयोजनको लागि ओसार पसार गर्न सक्ने हुँदा त्यसमा निजको साथबाट बरामद भएको लागु औषधको मात्रा र अन्य प्रमाणहरूको आधारमा विचार गरिनुपर्ने हुन्छ । लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४ को स्पष्टीकरण खण्डमा अपराधको मात्रा भन्नाले *"लागु औषधको प्रकृति, परिमाण, सञ्चय, खरिद, बिक्री, ओसार पसार वा निकासी पैठारीको उद्देश्य, अभियुक्तको गिरोह वा सङ्गठन, अभियुक्तहरूले प्रयोग गर्ने हातहतियार वा बलको प्रयोग तथा नाबालकलाई आपराधिक कार्यमा गराइएको संलग्नता, शैक्षिक सामाजिक र साँस्कृतिक सङ्गठन जस्ता संस्थालाई माध्यम बनाई गरिएको कारोबार, सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदको दुरूपयोग गरी गरेको कारोबारको आधारमा निर्धारण गरिने अपराधको मात्रा"* मानिने भनी व्यवस्था गरिएको हुँदा आरोपित व्यक्ति कसुरमा संलग्न रहँदाको सम्पूर्ण अवस्थाको विचार गरी सजाय निर्धारण गरिनुपर्ने विधायिकी मनसाय रहेको देखिन आउँछ । यस अर्थमा हेर्दा प्रतिवादीको साथबाट लागु औषध बरामद हुनुलाई मात्र लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिमको सजाय गर्नको लागि पर्याप्त आधार मान्न मिल्दैन । सेवनबाहेक अन्य प्रयोजनको लागि प्रतिवादीहरूले साथमा लिई हिँडेका हुन् भन्ने तथ्य स्थापित हुनुपर्दछ ।

५. प्रस्तुत मुद्दामा वादी पक्षले प्रतिवादीहरूबाट बरामद भएको लागु औषध खैरो हिरोइन सञ्चय, बिक्री वितरण र सेवनको लागि ल्याएको भन्ने कुरा पुष्टि गर्ने कुनै प्रमाण पेस गर्न सकेको अवस्था छैन । प्रतिवादीहरूले सेवनको लागि ल्याएको भनी अनुसन्धान अधिकारीसमक्ष उल्लेख गरेको र सोही बेहोरा अदालतमा समेत व्यक्त गरेको पाइन्छ । यी प्रतिवादीहरूको कथनलाई निजहरूका साक्षीले समेत पुष्टि गरिदिएको देखिएबाट प्रतिवादीहरूले सेवनसम्म गर्ने प्रयोजनको लागि उक्त बरामद भएको लागु औषध लिई आएको देखिन आयो ।

६. अब बरामद बा.१३प २२२० नं. को मोटरसाइकल जफत नहुने भनी पुनरावेदन अदालतबाट भएको फैसला मिलेन भन्ने पुनरावेदनतर्फ विचार गर्दा बरामद मोटरसाइकलमा प्रतिवादीहरू सवार रही आएकोमा विवाद देखिँदैन । प्रतिवादीहरूबाट बरामद भएको लागु औषध खैरो हिरोइन निजहरूले सेवन गर्ने प्रयोजनको लागि ल्याएको पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीहरू सवार रहेको मोटरसाइकल

जफत हुनुपर्ने हो होइन भनी सोसम्बन्धी कानूनी व्यवस्था हेर्नुपर्ने हुन्छ । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ ले ***"अपराधसित सम्बन्धित मालसामान जफत हुने***: *यस ऐनअन्तर्गत सजाय हुने अपराधसित सम्बन्धित सबै लागु औषध तथा त्यस्तो लागु औषध निर्माण वा उत्पादन गर्न प्रयोग गरिएका सबै मालसामान तथा यन्त्रहरू जफत हुनेछन् र त्यस्तो लागु औषध राखी ओसार पसार गर्न प्रयोग गरिएका रेल तथा हवाइजहाजबाहेक जुनसुकै सवारीसमेत जफत हुनेछ । तर सो सवारी त्यस्तो अपराध गर्न प्रयोग गरिने वा गरिएको कुरा सवारी धनीलाई थाहा थिएन भन्ने कुराको प्रमाण निजले पेस गर्न सकेमा भने त्यस्तो सवारी जफत गरिने छैन"* भनी उल्लेख गरेको पाइन्छ । ऐ. ऐनको दफा ४(च) ले लागु औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसार पसार गर्नेलाई अपराधको एउटा वर्गीकरण गरी १४(१)(छ) मा गाँजाबाहेक अन्य लागु औषध सेवन गर्नेलाई अर्को वर्गीकरणअन्तर्गत राखी १४(१)(ङ) मा सजायको व्यवस्था गरेको छ । ओसार पसारलगायतका अन्य कार्यलाई गम्भीर कसुरको रूपमा राखेको पाइन्छ भने सेवनलाई कम सजाय निर्धारण गरेको पाइन्छ । उक्त कानूनी व्यवस्थाले सेवनका लागि लिएर हिँड्ने क्रममा प्रयोग भएको सवारी साधन जफत गर्ने कानूनको उद्देश्य नरहेको प्रस्ट हुन्छ । साथै *"राज्यले लागु औषध सेवनकर्ता उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत मुद्दा दायर गरी सजाय गराउने कार्यलाई प्राथमिकता दिनुभन्दा सेवनकर्तालाई सेवन गर्नबाट बिमुख गराउनेतर्फ समुचित ध्यान दिन जरूरी देखिन्छ । यसका लागि आवश्यक मनोचिकित्सक र विज्ञ चिकित्सकसहितको चिकित्सा केन्द्रलगायतका सुधार केन्द्रको स्थापना, Probation Officer को व्यवस्था गरी निजमार्फत आवधिक प्रगति प्रतिवेदन लिने एवं विभिन्न सामाजिक संघसंस्था (Social Organization) बाट सहयोग र समन्वय प्राप्त गरी सेवनकर्ताको औषधोपचार गराउने र उनीहरूलाई राष्ट्रका लागि आवश्यक एवं सभ्य नागरिकको रूपमा समाजमा पुनः स्थापित गराउनका लागि आवश्यक उपाय अवलम्बन गर्नु आजको आवश्यकता भएकाले त्यसतर्फ कानून निर्माण गर्नेलगायतका आवश्यक व्यवस्था गर्नेसम्बन्धी पहल गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, गृह मन्त्रालयलाई र कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको ध्यानाकर्षणको लागि लेखी पठाई दिनु"* भनी यसै अदालतको संयुक्त इजलासबाट पुनरावेदक प्रतिवादी पेम्बा शेर्पा प्रत्यर्थी वादी नेपाल सरकार भएको मु.नं. ०७१-CR-०१४८ को मुद्दामा मिति २०७३/०६/०७ मा फैसलासमेत भएको परिप्रेक्ष्यमा समेत प्रतिवादीहरूबाट बरामद भएको मोटरसाइकल जफत नहुने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिँदैन ।

७. तसर्थ उल्लिखित आधार एवं कारणहरूबाट पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०/११/२० मा प्रतिवादीहरू मनिष मानन्धर र लक्ष्मण महर्जनलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) नं. बमोजिम जनही रू. १०,०००।- (दश हजार रूपैयाँ) जरिवाना हुने र बरामद भएको मोटरसाइकल जफत नहुने ठहरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिलबमोजिम गर्नुहोला ।

तपसिल

प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू .........................१

नक्कल माग्ने सरोकारवालाहरूलाई नियमानुसार

नक्कल दिनू ..............................................२

प्रस्तुत फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू .........................................३

उक्त रायमा सहमत छु ।

न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

इति संवत् २०७४ साल असोज ३१ गते रोज ३ शुभम् ।

## निर्णय नं. १००३४

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी

फैसला मिति : २०७४।२।८

०६७-CI-०७३४

मुद्दाः लिखत बदर

०६७-CI-०७३४

पुनरावेदक / वादी : पाल्पा जिल्ला रामपुर गा.वि.स. वडा नं. ३ हाल वडा नं. ४ राङ्गभाङ्ग बस्ने वर्ष ७ को मदन दरै, वर्ष ५ को सुमन दरै र वर्ष १२ की मनिषा दरैसमेत जना ३ को हकमा संरक्षक भई निज नाबालकहरूकी आमा ऐ.ऐ. बस्ने धनमाया दरै

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : पाल्पा जिल्ला रामपुर गा.वि.स. वडा नं.४ राङ्गभाङ्ग बस्ने डिलबहादुर दरैसमेत

०६७-CI-०९६८

पुनरावेदक / प्रतिवादी : पाल्पा जिल्ला रामपुर गा.वि.स. वडा नं.४ राङ्गभाङ्ग बस्ने शिवराज डोटेल

विरूद्ध

प्रत्यर्थी / वादी : मदन, सुमन र मनिषा दरै जना ३ नाबालक र आफ्नो हकमा समेत ऐ.ऐ. बस्ने धनमाया दरै

- **मूल्यको आधारमा सम्पत्तिको मूल्याङ्कन हुने हो । जग्गाको क्षेत्रफल ज्यादा हुने बित्तिकै वा आधाभन्दा बढी हुने बित्तिकै सम्पत्ति आधा हुने होइन । सम्पत्तिको मूल्याङ्कन क्षेत्रफलको आधारमा नभई खरिद बिक्री हुने मूल्यमा गर्नुपर्ने हुन्छ। सम्पत्तिको अर्थ नै मूल्य हो। मूल्यको आधारमा हेर्दा आधाभन्दा बढी मूल्यको जग्गा बिक्री गरेको देखिएको अवस्थामा केबल क्षेत्रफललाई मात्र आधार लिई आधाभन्दा कम जग्गा बिक्री भएको भनी व्याख्या गर्नु न्यायसम्मत देखिन नआउने ।**
- **अचल सम्पत्तिमा आधीभन्दा बढी सम्पत्तिको व्याख्या केवल जग्गाको क्षेत्रफललाई मात्र आधार मानेमा बाटो मोहडातर्फ कित्ताकाट गरी दिएको जग्गाको मूल्य र पछाडिको बाटो मोहडा नभएको भित्री जग्गाको मूल्यमा धेरै फरक हुने हुँदा जग्गाको बिक्री कुन तर्फबाट कित्ताकाट भएको हो सोसमेत अंशबन्डाको १९(१) नं. को व्याख्या गर्दा ध्यान दिनुपर्ने ।**

(प्रकरण नं.४)

प्रतिवादीका तर्फबाट :

वादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री केदार गौतम

सर्वोच्च अदालत

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, अंशबन्डाको महलको १९ नं.

सुरू तहमा फैसला गर्नेः

मा.न्या. श्री हरिप्रसाद बगाले

पाल्पा जिल्ला, अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय मुख्य न्यायाधीश श्री तर्कराज भट्ट

माननीय न्यायाधीश श्री बलराम विष्ट

पुनरावेदन अदालत, बुटवल, रूपन्देही

फैसला

**न्या.विश्वम्भरप्रसाद श्रेष्ठ :** तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

**तथ्य खण्ड**

विपक्षी डिलबहादुर म धनमायाको श्रीमान् हुनुहुन्छ । निज र मबाट ३ छोराछोरीको जन्म भएको छ र हाल म ९ महिनाकी गर्भवतीसमेत छु । सानो छोरा जन्मिएपछि श्रीमान्‌ले मसँग अनाहकमा निहुँ खोज्ने, गाली गलौज गर्ने र हेला गर्न थाल्नुभयो । यसै क्रममा हामीलाई कुनै जानकारी नदिई मिति २०६४।९।१ गते विपक्षी डीलबहादुरले अर्का विपक्षी शिवराजलाई पाल्पा रामपुर-४ को कि.नं.१२६२ को १-०-०-० मध्ये उत्तरतर्फ मोहडाको ०-४-०-० जग्गाको हाल कि.नं. २२८५ कायम गरी रू.२,००,०००।- मा राजीनामा रजिस्ट्रेसन गराएको बेहोरा मिति २०६४।९।२२ मा उक्त राजीनामाको नक्कल लिएपछि थाहा भयो । यसरी छोराछोरीको संरक्षक आमा मलाई एक आखरसम्म नसोधी बाटोको मोहडाको मूल्यवान घडेरी जग्गा बिक्री गरी मूल्य नै नपर्ने भित्री पखेरो जग्गा मात्र बाँकी राखेकोले अन्यायमा परी अदालतको शरणमा आएकी छु । अत: हाल कायम कि.नं. २२८५ को ०-४-०-० मध्ये ३ छोराछोरी र मेरो भागमा पर्ने ५ भागको ४ भाग ०-३-०-३ पूर्व उत्तरतर्फको मोल रू.१,६०,०००।- बराबरको उक्त राजीनामा लिखत बदर गरी मसमेत जना ४ फिरादीका नाउँमा संयुक्त दा.खा. गरी पाउन मालपोत कार्यालय पाल्पाका नाउँमा पुर्जी गरिपाउँ भन्नेसमेत बेहोराको फिराद दाबी ।

मुलुकी ऐन, अंशबन्डाको १९(१) नं. ले अचलमा आधीसम्म व्यवहार चलाउनलाई वादीहरूका एकाघरका मुख्य व्यक्ति दाता सहप्रतिवादीले बिक्री गर्न सक्नेमा ४ भागको १ भाग मात्र बिक्री गर्दा विपक्षी वादीको मन्जुरी लिन नपर्नेमा वादी धनमायासमेतसँग सल्लाह गरेर मात्र मैले जग्गा खरिद गरेको हो । घर व्यवहार चलाउनलाई अचलमा आधीसम्म आफूखुस गर्न पाउने भन्ने विषयमा विभिन्न नजिर प्रतिपादन भएकासमेत छन् । मैले राजीनामा गराई लिएपछि खर्च लगाई जग्गा राम्रो बनाएको हुँदा पछि फर्काउन सके धेरै पैसा पार्ने दुरासयले लोग्ने स्वास्नी दुवै मिली यो झुट्ठा मुद्दा गरे गराएका हुन् । लेनदेन व्यवहारको १० नं. बमोजिम यो नालेस लाग्न नसक्ने हुँदा अ.ब. १८० नं. बमोजिम खारेज गरी उक्त राजीनामा लिखत सदरै कायम राखिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी शिवराज डोटेलको प्रतिउत्तर पत्र ।

मेरो केही कमाई नहुँदा वादी धनमायाले नै ज्याला मजदुरी गरी घर खर्च चलाएको भन्ने कुरा साँचो हो । वादीले मलाई खर्च गर्न पैसा पनि नदिने र सधैं झगडा मात्र गरी वाक्क पारेकीले मूल्यवान् घडेरी जग्गा बिक्री गरी मेरो निजी खर्च चलाएको र केही बेतमसुकी कर्जा तिरेको हुँ । मेरो नाममा ३० हजार पर्ने १२ आना जग्गाबाहेक अरू जग्गा नहुँदा शिवराजले मानेमा निजले लिएको जग्गासमेत मिसाई नरम करम मिलाई वादीहरूलाई अंश दिन मन्जुरै छु र मेरो अंशमा पर्ने जग्गा शिवराजलाई दिई निजको नपुग रकम म आफैँ

तिर्नेछु, वादीहरूलाई तिराउने छैन भन्नेसमेत बेहोराको प्रतिवादी डिलबहादुर दरैको प्रतिउत्तर पत्र।

मेरो २ भाइ छोरामा जेठा लाटा दरै र कान्छा डिलबहादुर दरै हुन् । २०५२ सालमा डिलबहादुर दरैसँग अंशबन्डा भई मालपोत कार्यालय पाल्पाबाट बन्डापत्र पारित भएकाले म लाटा दरैसँग एकासगोलमा छु । डिलबहादुर मसँग एकासगोलमा छैनन् । उक्त बन्डापत्रको सक्कलै यसै बयानसाथ पेस गरेकी छु भन्नेसमेत बेहोराको अ.ब. १३९ नं. बमोजिम बुझिएकी कान्तिमाया दरैले पाल्पा जिल्ला अदालतमा गरेको बयान।

वादी प्रतिवादीका साक्षीको बकपत्र भई मिसिल संलग्न रहेको।

वादी दाबीबमोजिम प्रतिवादीहरूले आपसमा खरिद बिक्री गरेको कि.नं. १२६२ मध्येको हाल कायमी कि.नं. २२८५ को ०-४-०-० जग्गाको पारित लिखतमध्ये पूर्व उत्तरतर्फबाट ५ भागको ४ भाग लिखत बदर हुने र सो जग्गा वादीहरूका नाउँमा संयुक्त दा.खा. हुनेसमेत ठहर्छ भन्ने पाल्पा जिल्ला अदालतको मिति २०६६।३।२४ को फैसला।

घरको मुख्य मालिक बाबु प्रतिवादीमध्येका डिलबहादुर भएको र मन्जुरी लिनुपर्ने नै अवस्थामा पनि २१ वर्ष पुगेकाहरूको हकमा मात्र मन्जुरी लिन पर्ने भन्ने यो अंशबन्डाको १९ नं. ले गरेको व्यवस्थाभन्दा बाहिर गई बालबालिकासम्बन्धी ऐन, २०४८ को विषयमा प्रवेश गरी वादी दाबीबमोजिम लिखत बदर हुने गरी भएको सुरु पाल्पा जिल्ला अदालतको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला उल्टी गरी इन्साफ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी शिवराज डोटेलको पुनरावेदन अदालत बुटवलमा परेको पुनरावेदन पत्र।

अंशबन्डाको १९(१) नं. को परिप्रेक्ष्यमा सुरू पाल्पा जिल्ला अदालतबाट मिति २०६६।३।२४ मा भएको फैसला फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.ब. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाउनु भन्ने पुनरावेदन अदालत बुटवलको आदेश।

वादीहरू मध्येका मदन दरै, सुमन दरै र मनिषा दरैको हकमा मुलुकी ऐन, अंशबन्डाको १९(१) नं.बमोजिम २१ वर्ष नपुगेकाले लिखत बदर हुन नसक्नेमा निजहरूको हकमा समेत लिखत बदर हुने ठहर गरी पाल्पा जिल्ला अदालतले मिति २०६६।३।२४ मा गरेको फैसला त्रुटिपूर्ण देखिएकोले सो फैसला सो हदसम्म केही उल्टी भई पूर्व उत्तरतर्फबाट वादी धनमाया दरैको अंश भागसम्म ५ भागको १ भाग लिखत बदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत बुटवलको मिति २०६६।१२।०२ को फैसला।

प्रस्तुत मुद्दामा बाबुले जथाभावी रूपमा बढी मूल्य पर्ने अगाडिको घडेरी जग्गा बिक्री गरी पछाडिको अति नै कम मूल्य हुने जग्गा बाँकी राखेको हुँदा बालबालिकाको हितमा समेत ध्यान दिई सुरू पाल्पा जिल्ला अदालतबाट हामीहरूको हकमा समेत लिखत बदर गरेको फैसला सदर गर्नुपर्नेमा सुरू फैसला उल्टी गरी हामी नाबालकहरूको हकमा लिखत बदर नहुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट भएको फैसला न्यायोचित नहुँदा उक्त फैसला उल्टी गरी सुरू पाल्पा जिल्ला अदालतको फैसला सदर गरिपाउँ भन्नेसमेत बेहोराको नाबालक वादीहरू मदन, सुमन र मनिसाको तर्फबाट संरक्षक भई निजहरूको एकाघरको आमा धनमाया दरैले यस अदालतमा दिएको पुनरावेदन पत्र।

यसमा वादी प्रतिवादी दुवै पक्षको दोहोरो पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको २०२ नं. को प्रयोजनार्थ उक्त पुनरावेदन पत्र परस्परमा सुनाउनु भन्ने यस अदालतको मिति २०७३।५।२७ को आदेश।

**ठहर खण्ड**

नियमबमोजिम पेस हुन आएको प्रस्तुत

मुद्दामा पुनरावेदक / वादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री केदार गौतमले बाबुले नाबालकको हितको लागि जग्गा बिक्री गरेको अवस्था छैन, बाबुले जथाभावी जग्गा बिक्री गरी मासी खाएको देखिन्छ भने भएका जग्गामध्ये सबैभन्दा मूल्यवान् मोटरबाटोसँग जोडिएको मोहडा बिक्री गरी पछाडिको अति कम मूल्य हुने जग्गा बाँकी राखेको अवस्थामा नाबालकहरूको हकमा लिखत बदर नहुने पुनरावेदन अदालत बुटवलको फैसला त्रुटिपूर्ण छ भनी गर्नुभएको बहससमेत सुनियो।

प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा वादीहरूको मन्जुरी बिना विपक्षी पति पिता डिलबहादुरले विपक्षी शिवराजलाई गरिदिएको राजीनामाको लिखत ५ भागको ४ भाग बदर गरी दा.खा. दर्तासमेत गरिपाउँ भन्ने फिराद दाबी र मुलुकी ऐन, अंशबन्डाको १९(१) ले अचलमा आधासम्म ब्यवहार चलाउनलाई वादीहरूको एकाघरमा मुख्य व्यक्ति दाता प्रतिवादी डिलबहादुरले बिक्री गर्न सक्ने अवस्थामा ४ भागको १ भाग मात्र बिक्री गरेको हुँदा वादीहरूको मन्जुरी लिन पर्ने होइन भन्ने प्रतिवादी शिवराज डोटेलको प्रतिउत्तर तथा प्रतिवादी शिवराज डोटेललाई महंगो घडेरी जग्गा बिक्री गरी आएको रकमले कर्जा तिरेको हुँ भन्ने बेहोराको प्रतिवादी डिलबहादुरको प्रतिउत्तर रहेकोमा वादी दाबीबमोजिम प्रतिवादीहरूले आपसमा खरिद बिक्री गरेको कि.नं. १२६२ मध्ये हाल कायमी कि.नं. २२८५ को ०-४-०-० जग्गाको पारित लिखतमध्ये पूर्व उत्तरतर्फबाट ५ भागको ४ भाग लिखत बदर हुने र सो जग्गाहरू वादीहरूको नाउँमा संयुक्त दाखिल खारेज हुने ठहर गरी सुरू पाल्पा जिल्ला अदालतबाट फैसला भएको देखियो । पुनरावेदन अदालत बुटवलबाट २१ वर्ष नपुगेका वादीहरू मदन दरै, सुमन दरै र मनिषा दरैको हकमा लिखत बदर हुने ठहर गरेको हदसम्मको सुरू पाल्पा जिल्ला अदालतको फैसला केही उल्टी गरी पूर्व उत्तरतर्फबाट वादी धनमाया दरैको अंश भागसम्म ५ भागको १ भाग लिखत बदर हुने ठहर गरी फैसला भएको देखिन आयो । सो फैसलाउपर नाबालक वादीहरू मदन दरै, सुमन दरै र मनिषा दरैको हकमा संरक्षक भई निजहरूको आमा धनमाया दरैले र प्रतिवादी शिवराज डोटेलले यस अदालतमा पुनरावेदन दिएको देखिन आयो । अब दुवै पक्षको पुनरावेदन जिकिरमा केन्द्रित रही पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेको छ वा छैन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी डिलबहादुरले बढी मूल्य पर्ने ०-४-०-० जग्गा अर्का प्रतिवादी शिवराजलाई दुई लाखमा बिक्री गरी कम मूल्य पर्ने जग्गा मात्र बाँकी राखेको हुँदा हामी अंशियारहरूको भाग जति ५ भागको ४ भाग लिखत बदर हुनुपर्छ भन्ने वादीको पुनरावेदन जिकिर रहेको देखिन्छ । घरको मुख्य व्यक्ति डिलबहादुरले घर खर्च गर्न आधाभन्दा कम जग्गा बिक्री गरेको र उक्त जग्गामध्ये आधाभन्दा बढी जग्गा बाँकी रहेको अवस्थामा प्रतिवादी डिलबहादुरले गरेको व्यवहार सदर हुनुपर्छ भन्ने बेहोराको प्रतिवादी शिवराज डोटेलको पुनरावेदन जिकिर रहेको देखिन्छ ।

३. मुलुकी ऐन, अंशबन्डाको महलको १९ नं. को देहाय दफा १ मा *"पितापुर्खाका पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी छोरा, एकासगोलको छोरी वा विधवा बुहारीको मन्जुरी नभएपनि आफूखुस गर्न पाउँछ । अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउनै परे पनि एक्काइस वर्ष नाघेका स्वास्नी, छोरा, एकासगोलका छोरी र विधवा बुहारीहरूको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ । मन्जुरी नलिई गरेको सदर हुँदैन"* भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ ।

४. उक्त कानूनी व्यवस्थाले घर व्यवहार चलाउन पैतृक सम्पत्ति बिक्री गर्ने अधिकार घरको मुख्य व्यक्तिलाई दिएको छ । घरको मुख्य व्यक्तिले घर व्यवहार चलाउन एकासगोलका २१ वर्ष नाघेका अंशियारको मन्जुरी लिनुपर्ने नियन्त्रणात्मक

व्यवस्थासमेत गरेको छ । प्रस्तुत मुद्दामा बिक्री भएको ०-४-०-० जग्गा बाटो मोहडातर्फ बढी मूल्य पर्ने जग्गा कित्ता कायम हुने र पछाडि रहेको बाँकी जग्गाको मूल्य र महत्त्व कम रहेको भन्ने वादीको फिरादमा उल्लिखित दाबीलाई प्रतिवादीले अन्यथा भनी खण्डन गर्न सकेको देखिँदैन । प्रतिवादी डिलबहादुरको नाममा रहेको जम्मा जग्गा १-०-०-० मध्ये कि.नं. १२६२ को पश्चिम मोहडा १ मिटर छाडी ०-४-० पूर्व उत्तरतर्फबाट मिति २०६४।९।१ मा प्रतिवादी शिवराज डोटेलले राजीनामाबाट प्राप्त गरेको देखिन्छ । वस्तुतः १ रोपनी जग्गामध्ये बाटो मोहडातर्फबाट ०-४-० जग्गा खरिद बिक्री भएको अवस्थाको जग्गाको मूल्य अधिक रहेको र बाँकी रहेको जग्गाको मूल्य न्यून मात्र रहेको भन्ने वादी दाबीलाई प्रतिवादीले अन्यथा प्रमाणित गर्न सकेको देखिँदैन । यस अवस्थामा मूल्यको आधारमा सम्पत्तिको मूल्याङ्कन हुने हो । जग्गाको क्षेत्रफल ज्यादा हुने बित्तिकै वा आधाभन्दा बढी हुने बित्तिकै सम्पत्ति आधा हुने होइन । सम्पत्तिको मूल्याङ्कन क्षेत्रफलको आधारमा नभई खरिद बिक्री हुने मूल्यमा गर्नुपर्ने हुन्छ । सम्पत्तिको अर्थ नै मूल्य हो । मूल्यको आधारमा हेर्दा आधाभन्दा बढी मूल्यको जग्गा बिक्री गरेको देखिएको अवस्थामा केबल क्षेत्रफललाई मात्र आधार लिई आधाभन्दा कम जग्गा बिक्री भएको भनी व्याख्या गर्नु न्यायसम्मत देखिन आउँदैन । अचल सम्पत्तिमा आधीभन्दा बढी सम्पत्तिको व्याख्या केवल जग्गाको क्षेत्रफललाई मात्र आधार मानेमा बाटो मोहडातर्फ कित्ताकाट गरी दिएको जग्गाको मूल्य र पछाडिको बाटो मोहडा नभएको भित्री जग्गाको मूल्यमा धेरै फरक हुने हुँदा जग्गाको बिक्री कुन तर्फबाट कित्ताकाट भएको हो सोसमेत अंशबन्डाको १९(१) नं. को व्याख्या गर्दा ध्यान दिनुपर्ने देखिन आउँछ । प्रतिवादीले खरिद गरेको जग्गाको मूल्य रू. दुई लाख पर्ने र बाँकी रहेको पछाडिको जग्गाको मूल्य रू.तीस हजार मात्र पर्ने भन्ने वादीको कथनलाई प्रतिवादीले अन्यथा हो भनी खण्डन गर्न सकेको देखिँदैन । बिक्री भएको जग्गाको मूल्य रू.दुई लाख देखिएको र बिक्री गरी बाँकी रहेको जग्गाको मूल्य रू. तीस हजार मात्र भएको अवस्थालाई आधासम्म मात्र बिक्री भएको भन्न मिल्ने देखिएन । प्रतिवादी डिलबहादुरले प्रतिवादी शिवराज डोटेललाई जग्गा बिक्री गरी दिँदा २१ वर्ष नाघेकी निजको श्रीमती वादी धनमायालाई रोहबरमा वा साक्षीमा राखेको समेत अवस्था छैन । प्रतिवादीहरूले जग्गा किनबेच गर्दा वादीको मन्जुरी लिएकोसमेत देखिन आएन । अतः प्रतिवादी पुनरावेदक शिवराज डोटेलले पुनरावेदनमा लिएको जिकिर ४ भागको १ भाग मात्र खरिद बिक्री भएको भन्ने कथनसँग सहमत हुनसक्ने अवस्था नहुँदा आधाभन्दा बढी जग्गा बाँकी रहे पनि मुल्याङ्कनको आधारबाट १-०-०-० जग्गामध्ये ०-४-० जग्गाको मूल्य र बाँकी ०-१२-० जग्गाको मूल्य फरक हुन जाने भई उमेर पुगेको वादी धनमाया दरैको मन्जुरी लिएको नदेखिएको, साक्षी तथा रोहबरमा समेत रहेको नदेखिएबाट वादी धनमायाको हकसम्मको ५ भागको १ भाग लिखत बदर हुने ठहर गरेको पुनरावेदन अदालत बुटवलको फैसला मनासिब नै देखियो ।

५. अब पुनरावेदक / वादीहरूको हकमा समेत लिखत बदर हुनुपर्छ भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा मुलुकी ऐन, अंशबन्डाको महलको १९ मा अचलमा आधीभन्दा बढी व्यवहार चलाउन परे एक्काइस वर्ष नाघेका स्वास्नी, छोरा, अविवाहिता छोरी र विधवा बुहारीहरूको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार अचल सम्पत्ति बिक्री गर्दा मन्जुरी लिनुपर्ने अवस्थामा पनि २१ वर्ष नाघेका स्वास्नी, छोरा, अविवाहित छोरीसमेतको मात्र मन्जुरी लिनुपर्ने देखिन्छ । हाल यी नाबालक वादीहरूलाई निजहरूको

बाबुले रेखदेख नगरेको वा खान लाउन नदिएको भनी निजहरूको हकमा अंशबन्डा गरिपाउँ भन्ने फिराद परेको अवस्था देखिँदैन । प्रतिवादी डिलबहादुर दरैले बिक्री गरेको जग्गाबाहेक अंशबन्डा गर्न पर्ने अरू सम्पत्ति नरहेको भन्ने पनि देखिँदैन। नाबालकको अंशहक नै लोप हुने गरी परिपञ्च गरेको वा जालसाजीपूर्ण क्रियाकलाप भएको भन्ने दाबीसमेत रहेको छैन । यस अवस्थामा कानूनमा उल्लिखित व्यवस्थालाई नै अनुसरण गर्नुपर्ने हुन्छ । अंशबन्डाको महलको १९ नं. ले २१ वर्ष ननाघेका स्वास्नी तथा छोराछोरीको मन्जुरी लिनुपर्ने बाध्यकारी व्यवस्था गरेको देखिँदैन । वादीहरूको हकमा प्रस्तुत मुद्दामा वादीहरू मदन, सुमन र मनिषाको उमेर १६ वर्ष नपुगी निजहरूको हकमा समेत आमा धनमाया फिराद गर्न आएको अवस्थामा तिनै जना नाबालक वादीहरूको मन्जुरी लिनुपर्नेसम्मको अवस्था नहुँदा प्रतिवादी डिलबहादुरले गरेको व्यवहार नाबालक वादीहरूको हकमा कानूनसम्मत नै दखिन आएकोले निज नाबालकहरूको हकमा लिखत बदर नहुने गरी पुनरावेदन अदालतबाट भएको फैसला कानूनसम्मत नै देखिन आयो ।

६. अतः उपर्युक्तबमोजिम विवेचित आधार कारणबाट वादी दाबीबमोजिम प्रतिवादीहरूले आपसमा खरिद बिक्री गरेको कि.नं. १२६२ मध्येको हाल कायमी कि.नं. २२८५ को ०-४-०-० जग्गाको पारित लिखतमध्ये पूर्व उत्तरतर्फबाट ५ भागको ४ भाग लिखत बदर गरी सो जग्गा वादीहरूका नाउँमा संयुक्त दा.खा. हुनेसमेत ठहऱ्याएको पाल्पा जिल्ला अदालतको मिति २०६६।३।२४ को फैसला केही उल्टी गरी पूर्व उत्तरतर्फबाट वादी धनमाया दरैको अंश भागसम्म ५ भागको १ भाग मात्र लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०६६।१२।०२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी तथा प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइ दिनू ।

उक्त रायमा सहमति छ ।
न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृत : महेश खनाल
इति संवत् २०७४ साल जेष्ठ ८ गते रोज २ शुभम् ।

## निर्णय नं. १००३५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
फैसला मिति : २०७५।३।१८

मुद्दाः- अंश दर्ता

०६६-CI-११५१
पुनरावेदक / प्रतिवादी : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१ बस्ने प्रेमप्रसाद तिम्सिनासमेत
विरूद्ध
प्रत्यर्थी / वादी : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१७ बस्ने रामानन्द तिम्सिना

०६६-CI-११५२

पुनरावेदक / प्रतिवादी : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१ र १७ दोघर गरी बस्ने मैनादेवी तिम्सिना

विरूद्ध

प्रत्यर्थी / वादी : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१७ बस्ने रामानन्द तिम्सिना

०६७-CI-१०६८

पुनरावेदक / प्रतिवादी : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१ बस्ने डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिना

विरूद्ध

प्रत्यर्थी / वादी : डिल्लीप्रसादको छोरा ऐ.ऐ. बस्ने रामानन्द तिम्सिनासमेत

- **अंशबन्डा वा मानो छुट्टिएको लिखत कानूनबमोजिम रजिस्ट्रेसन नभएको अवस्थामा विधिवत् अंशबन्डा भएको वा मानो छुट्टिएको भनी मान्न नमिल्ने ।**

(प्रकरण नं.३)

- **मानो छुट्टिएको लिखतले मान्यता प्राप्त गर्न अनिवार्यरूपमा रजिस्ट्रेसनको महलको १ नं. अनुसार पारित भएको हुनुपर्दछ । व्यवहार प्रमाणबाट कार्यान्वयन नै हुन नसकेको, अस्तित्वमा नै नआएको घरसारमा भएको भनिएको अंशबन्डाको लिखतका आधारमा मानो छुट्टिएको मिति कायम गर्न नमिल्ने ।**

(प्रकरण नं.४)

- **स्वआर्जन गरेको भन्ने कुरा सो सम्बन्धमा जिकिर लिने पक्षले नै प्रमाणित गर्नु पर्दछ । त्यसरी अन्यथा प्रमाणित गरिएको अवस्थामा बाहेक एकाघर सगोलमा रहँदा आर्जन गरेको जुनसुकै अंशियारका नाउँमा दर्ता रहेको भए पनि सबै अंशियारको बराबर हक लाग्ने सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्ने ।**
- **कसैको निजी आर्जनको सम्पत्तिलाई पैतृक (अंशबन्डा लाग्ने) सम्पत्तिमा मिसाइयो (Blended in Common Stock) भने त्यस्तो सम्पत्तिले समेत पैतृक सम्पत्ति अर्थात् सबै अंशियारको हक लाग्ने साझा सम्पत्तिको स्वरूप धारण गर्दछ । यो अंशसम्बन्धी विधिशास्त्रीय मान्यता हो । त्यसैले कुनै निजी आर्जनको सम्पत्ति बन्डा नलाग्ने मानिनका लागि त्यस्तो सम्पत्तिमा अन्य अंशियारहरूको समेत साझा हक लाग्ने पैतृक सम्पत्ति मिसाइएको (Blended) हुन नहुने ।**

(प्रकरण नं.५)

- **पारित लिखतमा "बकसपत्र" भन्ने शब्द प्रयोग गरिएको छ भन्दैमा एकासगोलका अंशियारका नाउँमा रहेको सम्पत्तिलाई निजी आर्जनको, बन्डा नलाग्ने सम्पत्ति भन्न हुँदैन । बकसपत्र दिनुको प्रयोजन पनि तार्किक रूपमा पुष्टि हुनुपर्ने ।**

(प्रकरण नं.६)

- **अन्य अंशियारको समेत अंश हक लाग्ने सम्पत्ति कुनै अंशियारले अर्को अंशियारलाई बकसपत्र गरी दिँदैमा त्यस्तो सम्पत्ति बन्डा नलाग्ने हुँदैन । एक अंशियारले अर्को अंशियारलाई बकसपत्रकै माध्यमबाट अन्य अंशियारहरूको समेत अंशहक लाग्ने सम्पत्ति हस्तान्तरण गरेको र त्यस्तो बकसपत्र लिखत कायम रहेको**

**(बदर नभएको) अवस्थामा पनि सो सम्पत्ति अंशबन्डा लगाउन कानूनी बाधा नपर्ने ।**

(प्रकरण नं.८)

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, श्री कृष्ण सापकोटा र विद्वान् अधिवक्ता श्री कृष्ण थापा

वादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री गंगाप्रसाद पोखरेल

अवलम्बित नजिर :

- नेकाप २०५२, अंक २, नि.नं.५०४७

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री देवराज श्रेष्ठ
उदयपुर जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः-

मा. मुख्य न्या. श्री अली अकवर मिकरानी
माननीय न्यायाधीश श्री हरिकुमार पोखरेल
पुनरावेदन अदालत राजविराज

फैसला

**न्या.ईश्वरप्रसाद खतिवडा :** तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम प्रतिवादीहरू प्रेमप्रसाद तिम्सिनासमेत प्रतिवादी मैनादेवी तिम्सिना र प्रतिवादी डण्डीकेशर भन्ने डिल्लीप्रसाद तिम्सिनाको तर्फबाट बेग्लाबेग्लै तीनवटा यस अदातलमा पुनरावेदन परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः-

**वादीको फिराद दाबी :**

विपक्षी पिता डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिना तथा आमा मैनादेवी तिम्सिनाबाट जेठो मीनप्रसाद, माहिला दुर्गा प्रसाद, साँहिलो म फिरादी, काहिँलो प्रेमप्रसाद र कान्छो राजन तिम्सिनासमेत जम्मा ५ भाइ छोरा तथा एक छोरी गुण कुमारीको जायजन्म भएकोमा बहिनी गुण कुमारीको विवाह भइसकेको हुँदा हामी ७ अंशियार सगोलमा छौं । हामीबीच हालसम्म अंशबन्डा भएको छैन । दाजु दुर्गाप्रसाद २०३८ सालदेखि घर छाडी बाहिर जानु भएकोमा हालसम्म फर्की आउनु भएको छैन । हाम्रो रूपाटार गा.वि.स. अन्तर्गत रहेको पैतृक सम्पत्तिको आय स्रोतबाट बढे बढाएको सम्पत्ति लगानी गरी त्रियुगा न.पा. क्षेत्रभित्र विभिन्न अंशियारका नाममा केही जग्गा खरिद गरी घरहरू समेत बनाई बसोबास गरी भोगचलन गरी आएका थियौं । विपक्षीहरूले मलाई अंश ठग्ने नियतले एक अंशियारका नामको जग्गा अर्को अंशियारका नाममा बकसपत्र पारित गर्ने कार्य गर्न लागेकोले विपक्षीहरूलाई भेटी सोधनी गर्दा हामीले जे गरे पनि तँलाई के मतलब भनी भनेका र विपक्षीहरूलाई मेरो अंश छुट्याई दिनुहोस् भन्दा पनि तँलाई अंश दिँदैनौं । यो घरमा बस्न पनि दिँदैनौं भनी जवाफ दिएकोले प्रतिवादीहरूबाट सम्पूर्ण सम्पत्तिको तायदाती फाँटवारी दाखेल गराई ७ भाग लगाई सो ७ भागको १ भाग सम्पत्ति मलाई दिलाई भराई मेरो नाममा दर्तासमेत गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०६१।९।११ को वादी रामानन्द तिम्सिनाको फिराद दाबी ।

**प्रतिवादी डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाको प्रतिउत्तर पत्र :**

हामी हालसम्म एकासगोलमै छौं । हामीहरूबीच हालसम्म अंशबन्डा भएको छैन । विपक्षीलाई हेला गरेको होइन र अंश दिन्न भनेकोसमेत छैन । मैले आफ्ना नामको कुनै जग्गा सगोलका अंशियारका नाममा सार्ने सराउने कार्य गरे गराएको छैन । अन्य प्रतिवादीहरूले के के गरे, गराए मलाई जानकारी छैन । पिता पुर्खाका पालादेखिको पैतृक

सम्पत्ति तथा सोबाट बढे बढाएको सम्पत्ति सगोलका अंशियारहरू सबैले अंश हक बराबरी हिस्सा गरी बन्डा गरी खाएमा मेरो मन्जुरी नै छ । रूपाटारका कि.नं. २९, २२, ३३, ४२ समेतका पैतृक सम्पत्ति बिक्री गरी आएको रकम र सगोलको खेतीपातीबाट प्राप्त रकमबाट मीनप्रसाद, प्रेमप्रसाद, राजनसमेतका नाउँमा विभिन्न मितिमा विभिन्न कित्ता जग्गाहरू खरिद गरी घरसमेत बनाएको छ । दाबीअनुरूपको अन्याय कार्य व्यवहार मबाट भएको छैन । तसर्थ विपक्षीको झुठ्ठा फिराद दाबीबाट अलग फुर्सद गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाको मिति २०६१।११।१४ को प्रतिउत्तर पत्र।

**प्रतिवादी मीनप्रसाद तिम्सिनासमेतको प्रतिउत्तर पत्र :**

वादी दाबी झुठ्ठा हो । हामी अंशियारहरू २०४० साल भाद्र २ गते हाम्रा घर व्यवहारमा अंश भागमा पर्ने जग्गा बाँडफाँड तथा चुलो मानो अलग गरी बसी आएका छौं । हाम्रा अंश भागको पैतृक सम्पत्ति हामीसरहकै प्रतिवादी पिता डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसादकै जिम्मामा छ। हामी छुट्टी भिन्न भएपछि आ-आफ्नै तरिकाले घर व्यवहार तथा जग्गा जमिन भोगचलन तिरो दर्ता जग्गा खरिद बिक्री गरी आएका छौं। विपक्षीले जिल्ला उदयपुर, रूपाटार गा.वि.स. वडा नं. ४ कि.नं. ७४ को ज.रो. १-१०-१-२ जग्गासमेत घर व्यवहार चलाउने क्रममा मिति २०६१।११।२० गते र.नं. १७४१ बाट गौतम तिम्सिनालाई बिक्री गरेको छ भने पिता डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसादले र.नं. २८२३ मिति २०४१।२।१८ गते म प्रतिवादी मीनप्रसादलाई जग्गाहरू बिक्री गर्नुभएको छ । त्यस्तै मिति २०४१।२।१८ गते म प्रेमप्रसादबाट प्रतिवादी बाबु डिल्लीप्रसादले मिति २०४८।८।१० गते पिताको काजक्रियाको लागि ऋणसमेत कर्जा लिएकोबाट छुट्टी भिन्न भएको प्रस्ट हुन्छ । हामी अंशियारहरू छुट्टी भिन्न भएको कागज प्रमाणबाट देखिरहेको अवस्थामा पुनः वादीले अंशमा दाबी गर्न पाउने होइन । तसर्थ विपक्षीको झुठ्ठा फिराद दाबीबाट अलग फुर्सद गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी प्रेमप्रसाद तिम्सिना, राजन तिम्सिना र मीनप्रसाद तिम्सिनाको मिति २०६१।१२।५ को संयुक्त प्रतिउत्तर पत्र।

**प्रतिवादी मैनादेवी तिम्सिनाको प्रतिउत्तर पत्र :**

प्रतिवादीमध्ये म मैनादेवी र डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिना यी वादी प्रतिवादीहरूको माता पिता भएकोले आफ्ना छोरा छोरीलाई इज्जत आमदअनुसार खान लाउन बस्न तथा उचित औषधी उपचार, शिक्षा, दिक्षालगायतका आवश्यक सुविधा उपलब्ध गराई यी वादी प्रतिवादीलाई पढाइ, लेखाइ, हुर्काइ आफ्नो खुट्टामा उभ्याई काम गर्न सक्ने भएपछि मिति २०४०।५।२ देखि चुलो मानो अलग गरी छुट्टी भिन्न भई छोराहरूले आ-आफ्नो ज्ञान सीपबाट निजी जमिन जोडी घर बनाई बसोबास गरिरहेका छन्। वादी प्रतिवादीहरूले पाउनु पर्ने सम्पूर्ण पैतृक सम्पत्ति हामी वादी प्रतिवादीका पिता तथा पति डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाका नाम दर्तामा छ । मसरहकै अन्य प्रतिवादीहरूले निजी ज्ञान सीप प्रयासबाट आर्जन गरेका जग्गा हडप्न सकिन्छ कि भनी झुठ्ठा मुद्दा दिएका हुँदा वादीले अंश पाउने होइन, छैन भन्नेसमेत बेहोराको मिति ०६१।१२।५ को प्रतिवादी मैनादेवी तिम्सिनाको प्रतिउत्तर पत्र।

**वादीका साक्षीको बकपत्र :**

वादी प्रतिवादीहरू सगोलका अंशियार हुन् । निजहरूबीच अंशबन्डा भएको छैन। वादी प्रतिवादीका नाउँमा भएको सम्पूर्ण सम्पत्तिमा वादीले ७ भागको १ भाग अंश पाउनु पर्दछ। प्रतिवादी डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिना र प्रतिवादी मीनप्रसाद तिम्सिनाबीच जग्गा राजीनामा लिनुदिनु गरेको भन्ने

मालपोत कार्यालयको अभिलेखबाट देखिन्छ। कपाली तमसुक सम्बन्धमा थाहा छैन भन्नेसमेत बेहोराको वादीका साक्षी हिराप्रसाद पोखरेलले गरेको बकपत्र।

वादी प्रतिवादी सगोलका अंशियार हुन् । निजहरूबीच अंशबन्डा भएको छैन । मिति २०४० सालमा घरसारमा बन्डा भएको भन्ने भनाई गलत हो । प्रतिवादीहरूका नाउँमा भएको घर जग्गा पैतृक सम्पत्तिबाटै बढे बढाएको रकमबाट किनेको हुँदा बन्डा लाग्ने सम्पत्ति हो भन्नेसमेत बेहोराको वादीको साक्षी हेमप्रसाद तिम्सिनाले गरेको बकपत्र।

**प्रतिवादी प्रेमप्रसाद तिम्सिनासमेतको साक्षीको बकपत्र :**

वादी प्रतिवादीहरू घरसारमा मानो छुट्टिई अलग अलग भई बसेको कुरा मिति २०४५ सालमा जिल्ला शिक्षा कार्यालयमा प्रतिवादी मीनप्रसाद सँगसँगै रहँदा थाहा पाएको हुँ। प्रतिवादीको नाउँको जग्गा निजी आर्जनबाट खरिद गरेका हुन्, बन्डा लाग्ने होइन । बन्डा गर्नुपर्छ भन्ने फिराद दाबी झुट्टा हो भन्नेसमेत बेहोराको प्रतिवादी मीनप्रसाद तिम्सिनासमेतको साक्षी वृषबहादुर खत्री र पेसलकुमार खड्काको करिब एकै मिलानको बकपत्र।

**प्रतिवादी मैनादेवी तिम्सिनाको साक्षीको बकपत्र :**

वादी प्रतिवादीहरू मिति २०४० सालमा घरसारमा मानो चुल्हो छुट्टिएर खति उपति आ-आफ्नो गरी आएका छन् । प्रतिवादीहरूका नाउँमा भएको घर जग्गाहरू निजी आर्जनका हुन् । पैतृक सम्पत्ति प्रतिवादी डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसादका नाउँमा छ । सो सम्पत्तिमा सबैको भाग लाग्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी मैनादेवी तिम्सिनाको साक्षी वेदकुमारी बराल र ईश्वरीप्रसाद भट्टराईले गरेको करिब एकै मिलानको बकपत्र।

**वादी रामानन्द तिम्सिनाले गरेको सनाखत बयानः**

धनी प्रेमप्रसाद तिम्सिना ऋणी डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिना भएको थैली रू.११,०००।- मिति २०४८।८।१० को सक्कल लिखतमा भएको सहिछाप ऋणीको हो होइन र लिखत सद्दे किर्ते जालसाज के हो ? ऋणी नै जानुन् तर हालसम्म हामी सगोलमै छौं । रूपैयाँ लिए नलिएको ऋणीलाई नै जानकारी हुने कुरा हो । मिति २०४१।२।१८ को राजीनामा लिखत सद्दे होइन । मलाई अंश ठग्न खडा गरिएको प्रमाण मात्र हो भन्नेसमेत बेहोराको वादी रामानन्द तिम्सिनाले मिति २०६२।७।२० मा गरेको सनाखत बयान।

**डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाले गरेको बयानः**

मिति २०४८।८।१० मा भएको तमसुकको सहिछाप मेरो हो । रूपैयाँ लिनुदिनु गरी तमसुक गरेको होइन । लिफा कागजमा तमसुक खडा गरेको हो । हामीबीच हालसम्म अंश बन्डा भएको छैन । मिति २०४१।२।१८ गतेको राजीनामामा भएको सहिछापसमेत मेरो नभई किर्ते हो । प्रतिवादीहरूले उनाऊ व्यक्ति खडा गरी किर्ते लिखत तयार गरेका हुन् भन्नेसमेत बेहोराको प्रतिवादी डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाले मिति २०६२।७।२० मा गरेको बयान।

**प्रतिवादी प्रेमप्रसाद तिम्सिनासमेतको प्रतिवाद बयान :**

वादी र प्रतिवादी डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाले गरेको सनाखत बयान झुट्टा हो। पैसा लेनदेन भएर नै उक्त कपाली तमसुक कागज तयार भएको हुँदा कागज सद्दे हो, लिफामा तयार गरेको होइन। राजीनामा लिखत किर्ते होइन, जग्गा लिनुदिनु गरी ऋणीले नै सहिछाप गरी दिएको सद्दे व्यवहारको

राजीनामा कागज हो भन्नेसमेत प्रतिवादी प्रेमप्रसाद तिम्सिना, मीनप्रसाद तिम्सिना र राजन तिम्सिनाको वारेस मोतिलाल चौधरीले मिति २०६२।७।२० मा गरेको प्रतिवाद बयान।

**सुरू जिल्ला अदालतको तायदाती फाँटवारी लिने आदेश :-**

यी वादी प्रतिवादी छुट्टी भिन्न भएको लिखत पारित नभएको र वादीका साक्षीसमेतले वादी प्रतिवादीबीच अंशबन्डा भएको छैन भनी बकपत्रसमेत गरेबाट वादीले प्रतिवादीबाट अंश छुट्याई लिन पाउने नै देखिँदा फिराद परेको अघिल्लो दिन मिति २०६१।९।१० लाई मानो छुट्टिएको मिति कायम गरिदिएको छ । सो मितिसम्मको बन्डा गर्नुपर्ने चल अचल सम्पत्तिको तायदाती फाँटवारी अंशबन्डाको २०, २१, २२, २३ नं. बमोजिम वादी प्रतिवादीहरूबाट दाखिल गराई पेस गर्नु भन्ने आदेशानुसार वादी प्रतिवादीहरूबाट तायदाती फाँटवारी दाखिल भई मिसिल सामेल रहेको।

**विशेषज्ञको राय :**

प्रतिवादीबाट पेस भएका मिति २०४८।८।१० को घरसारको कपाली तमसुक र मिति २०४१।२।१८ को सक्कल राजीनामा लिखत जाँच गरी व्यक्त गरेको विशेषज्ञको राय प्रतिवेदन मिसिलसाथ रहेको।

**उदयपुर जिल्ला अदालतको फैसला :**

विशेषज्ञको रायसमेतबाट प्रतिवादी मीनप्रसाद तिम्सिनाले पेस गरेको र.नं. २८२३ मिति २०४१।२।१८ को लिखत किर्ते गरेको पुष्टि हुँदा किर्ते कागजको १ नं. को कसुरमा ऐ.को ७ नं. बमोजिम रू. २,८००।- जरिवाना हुने र प्रतिवादीमध्ये प्रेमप्रसाद तिम्सिनाले पेस गरेको मिति २०४८।८।१० को तमसुक लिफामा तयार गरी किर्ते कागजको १ नं. को कसुर गरेको पुष्टि हुँदा ऐ. को ७ नं. बमोजिम रू. ११,०००।- जरिवाना हुने ठहर्छ । अब अंशबन्डातर्फ वादी प्रतिवादीहरूबीच नाता पुस्तेवारी तथा अंशियार भएकोमा विवाद देखिँदैन । यी वादी प्रतिवादीहरू छुट्टि भिन्न भएको भन्ने ठोस लिखत प्रमाण पेस दाखिल हुन सकेको नदेखिँदा वादी प्रतिवादी सगोलका अंशियार भएको पुष्टि हुन आयो । वादी प्रतिवादीहरूबाट पेस दाखिल भएको तायदाती फाँटवारीमध्येका केही जग्गा निजी आर्जनको बन्डा नलाग्ने भन्ने उल्लेख भए तापनि त्यस्तो निजी आर्जनको भन्ने पुष्टि हुने ठोस प्रमाण दाखेल हुन नसकेकोले निजी आर्जनको भन्ने जिकिर मनासिब देखिएन । वादी प्रतिवादीहरूले पेस गरेको तायदाती फाँटवारीहरूमा उल्लिखित जग्गा र घरहरू वादी प्रतिवादीहरू ७ अंशियार देखिँदा ७ भाग लगाई सो ७ भागको १ भाग वादीले अंश पाउने ठहर्छ । सो अंशको जग्गा घर वादीको नाउँमा दर्ता गरी दिनेसमेत ठहर्छ भन्नेसमेत बेहोराको उदयपुर जिल्ला अदालतको मिति २०६४।७।२० मा भएको फैसला।

**प्रतिवादी मैनादेवी तिम्सिनाको पुनरावेदन :**

मैले छोराहरू प्रेमप्रसाद तिम्सिना र मीनप्रसाद तिम्सिनाबाट बकसपत्र पाएको सम्पत्ति निजी आर्जनको मानिँदैन भन्ने अंशबन्डाको १८ नं. मा उल्लेख छैन । बकसपत्र पाएको जग्गा अंश मुद्दाबाट बदर गर्न मिल्ने होइन, बकसपत्रको लिखत बदर गराउन वादीले नालेस उजुर गरेकोसमेत देखिँदैन । मेरो निजी आर्जनको सम्पत्तिलाई समेत बन्डा लाग्ने गरी सुरू उदयपुर जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी मैनादेवी तिम्सिनाले पुनरावेदन अदालत राजविराजमा मिति २०६४।१२।११ मा दायर गरेको पुनरावेदन पत्र।

**प्रेमप्रसाद तिम्सिनासमेतको पुनरावेदन :**

सुरू जिल्ला अदालतबाट मुलुकी ऐन, अ.बं. ७८ नं. को प्रक्रिया नै गलत रूपमा गरिएको छ। लिखत जाँच गर्ने विशेषज्ञको बकपत्र नगराई निजको रायलाई प्रमाणमा लिन प्रमाण ऐन, २०३१ ले मिल्दैन। हामीहरू २०४० साल भाद्र २ गते घरसारमा अंशबन्डा गरी मानो छुट्टिई अलग अलग बसी छुट्टाछुट्टै कारोबार गरेको देखिँदादेखिँदै पनि सगोलको कायम गर्नु न्यायसङ्गत छैन । अंशियारहरूको सुविधाअनुसार पैतृक सम्पत्ति पिता डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाकै नाउँमा राखी पिताको नामबाट आफ्नो आफ्नो नाममा दाखिल खारेज गराई आफ्नो आफ्नो व्यवहार कारोबार गर्दै समयानुसार अचल सम्पत्तिलाई विभिन्न रूपमा परिवर्तन गरी सम्पत्ति बढाएको हो । हामी प्रतिवादीहरू मीनप्रसाद, प्रेमप्रसाद र राजन तिम्सिनाले निजी आर्जन गरी कमाएको सम्पत्तिबाट वादीलाई अंश लाग्ने होइन । तसर्थ सुरू जिल्ला अदालतको फैसला बदर गरी वादीले हामीबाट अंश नपाउने गरी न्याय सम्पादन गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरू मीनप्रसाद, प्रेमप्रसाद र राजन तिम्सिनाले पुनरावेदन अदालत राजविराजमा मिति ०६५।३।२२ मा दायर गरेको संयुक्त पुनरावेदन पत्र।

**पुनरावेदन अदालत राजविराजबाट भएको प्रत्यर्थी झिकाउने आदेशः**

प्रतिवादीहरूले निजी आर्जनको सम्पत्ति हो भनी स्रोत देखाएको ठेक्का पट्टा, विभिन्न पदमा काम गरेको, विभिन्न प्रकारका ऋणहरू लिएको र सो सम्बन्धमा विभिन्न प्रमाणहरूसमेत दाखिल गरिरहेको सन्दर्भमा ती पेस भएका कुनै प्रमाणहरूको मूल्याङ्कन नै नगरी निजी आर्जन नहुने अंश लाग्ने भनी ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आए वा अवधि नाघेपछि पेस गर्नु भन्ने पुनरावेदन अदालत राजविराजको मिति २०६६।३।२४ को आदेश।

**वादी रामानन्द तिम्सिनाको लिखित प्रतिवाद :**

सगोलको सम्पत्तिबाट बढे बढाएको सम्पत्तिलाई निजी आर्जनको भन्ने पुनरावेदक प्रतिवादीहरूको जिकिर मनासिब छैन । हामीहरूबीच अंशबन्डासमेत भएको छैन। विपक्षीहरूले अंश मार्नका लागि विभिन्न लिखतहरू गरेको र सो लिखत जाँच गर्न पठाउँदा किर्ते भनी जाँच भई आएकोसमेत छ । विपक्षीहरूको नाममा भएको सम्पत्तिसमेत सगोलबाट आर्जन भएको हुँदा सबैको अंशहक लाग्ने हो भन्ने कुरा घरको मुख्य व्यवहार गर्ने विपक्षी पिता डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाको कथनबाट समेत प्रस्ट हुन्छ। जहाँसम्म पुनरावेदक प्रतिवादी आमा मैनादेवी तिम्सिनालाई छोराहरू मीनप्रसाद तिम्सिना र प्रेमप्रसाद तिम्सिनाले बकसपत्र गरिदिएको सम्पत्ति जग्गा निजी आर्जनको भन्ने दाबी छ, उक्त जग्गाहरू सबैका अंशहक लाग्ने सम्पत्ति हो। दानबकसको १ नं. ले आफ्नो खुस गर्न पाउनेबाहेक अन्य अंशियारको हक पुग्ने अंशियारहरूको मन्जुरी नलिई गरेको सदर हुँदैन भन्ने न्यायिक सिद्धान्तसमेत छ । तसर्थ मैनादेवीका नाममा भएको जग्गालाई समेत बन्डा लगाउने गरी उदयपुर जिल्ला अदालतबाट भएको फैसला न्यायपूर्ण छ । तसर्थ उदयपुर जिल्ला अदालतले प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी गरेको न्यायोचित फैसला सदर गरिपाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थी वादीको मिति २०६६।५।५ को लिखित प्रतिवाद।

**पुनरावेदन अदालत राजविराजको फैसला :**

वादी प्रतिवादीहरूबीच मुलुकी ऐन, अंशबन्डाको ३० नं. बमोजिम अंशबन्डाको लिखत रजिस्ट्रेसन नभएको अवस्थामा मिति २०४०।५।२

गते नै घरसारमा छुट्टि भिन्न भएको र सोपश्चात् बढे बढाएको सम्पत्ति निजी आर्जनको भई बन्डा नलाग्ने भन्ने पुनरावेदक प्रतिवादीहरूको जिकिर मनासिब देखिन आएन । मिति २०३४।९।२७ को संशोधनपश्चात् खडा भएको प्रतिवादीहरूले पेस गरेको मिति २०४१।२।१८ र ०४८।८।१० को लिखतलाई प्रमाणमा ग्रहण गरी किर्ते ठहर गरेको फैसला सो हदमा मिलेको देखिन आएन। प्रस्तुत मुद्दामा पेस भएका तथ्य प्रमाणहरूबाट वादी प्रतिवादीहरूबीच अंशबन्डाको लिखत रजिस्ट्रेसन पास भएको देखिन नआएको, मिति २०३४।९।२७ भन्दा अगावै व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको पनि नदेखिएको साथै तायदाती फाँटवारीमा उल्लिखित सम्पत्ति निजी आर्जनको हो भन्ने प्रतिवादीहरूको जिकिर तथ्ययुक्त प्रमाणहरूबाट पुष्टि हुन सकेकोसमेत देखिन नआएकोले वादीले प्रतिवादीहरूबाट अंश पाउने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रमाणमा ग्रहण गर्नु नपर्ने लिखतलाई प्रमाणमा ग्रहण गरी किर्ते ठहर गरेको सुरू उदयपुर जिल्ला अदालतको मिति २०६४।७।२० को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुन्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत राजविराजको मिति २०६६।८।२३ को फैसला।

**प्रतिवादी प्रेमप्रसाद तिम्सिनासमेतले यस अदालतमा दायर गरेको पुनरावेदन पत्र :**

मिति २०४०।२।५ मा अनुपस्थित अंशियार दुर्गाप्रसाद तिम्सिनाबाहेकका सबै अंशियारहरूको मौखिक सहमतिबमोजिम बन्डा भएको कुरा हामी पुनरावेदकहरू तथा प्रत्यर्थीले अलग अलग सम्पत्ति बिक्री व्यवहार गरेबाट पुष्टि भएको छ । बन्डा भएपछि पुनरावेदकमध्ये म मीनप्रसाद तिम्सिनालाई पिता डण्डी केशरले कि. नं ४२ र २०४ को जग्गा मिति २०४१।२।१८ मा राजीनामा गरी दिनुभएको र म मीनप्रसाद तिम्सिनाले निजी आर्जनको कि.नं. २०४ जग्गा मिति २०६१।९।४ मा र म प्रेमप्रसाद तिम्सिनाले कि. नं.७६८ को जग्गा मिति २०५७।३।२८ को लिखतबाट आमा मैनादेवी तिम्सिनालाई हालैको बकसपत्र दिएका हौं । सगोलका अंशियार भए त्यसरी लेनदेन हुने नै थिएन । यसरी एक आपसमा भए गरेका कारोबारले छुट्टी भिन्न भएको प्रमाणित भएकोले पुनरावेदन अदालत राजविराजको फैसला प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ विपरीत छ । अंशबन्डा एक पटक हुने र सदा सर्वदाको लागि हुने विवादरहित कानूनी यथार्थता हुँदा वादीको फिराद अंशबन्डाको १, २ तथा अ.बं. ८२ को विपरीत छ । मिति २०४८।८।१० को कपाली तमसुक तथा मिति २०४१।२।१८ को पिता डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिमसिनाले म मीनप्रसाद तिम्सिनालाई जग्गा हस्तान्तरण गरी दिनुभएको पारित राजीनामा लिखतलाई जालसाज ठहऱ्याई जरिवाना गर्दा लिखत जाँच गर्ने व्यक्तिलाई अदालतमा उपस्थित गराई बकपत्र गराउनु पर्नेमा सो नगरी विशेषज्ञको राय प्रमाणमा लिन मिल्दैन । पुनरावेदन अदालत राजविराजको फैसला प्रमाण ऐन, २०३१ तथा अ.बं. ७८, १८४(क) तथा १८५ नं. विपरीत छ । हामी पुनरावेदकहरूका नाममा भएको सम्पत्ति सगोलको सम्पत्तिबाट बढे बढाएको होइन । बन्डा भएपश्चात् निजी आर्जनको सम्पत्तिबाट खरिद गरिएका हुँदा ती जग्गासमेत बन्डा लाग्ने ठहऱ्याएको फैसला त्रुटिपूर्ण हुँदा बदर हुनुपर्दछ ।

**प्रतिवादी मैनादेवी तिम्सिनाले यस अदालतमा दायर गरेको पुनरावेदन पत्र :**

म पुनरावेदिकाको नाममा रहेको कि.नं. ९०२ र २०४ को जग्गाहरू पैतृक गोश्वाराका जग्गा नरही छोराहरू मिति २०४० सालमा छुट्टी भिन्न भइसकेपछि अन्य व्यक्तिहरूबाट खरिद गरी मलाई बकसपत्र दिएबाट मेरो एकलौटी हक हुन आएका जग्गालाई अंश बन्डाको १८ नं., स्त्री अंशधनको ४

र ५ नं. बमोजिम बन्डा गर्न मिल्दैन । अंशियारहरूले आफ्नो पालामा गरेको आर्जन आफूखुस गर्न पाउने भनी यस सम्मानित अदालतको बृहत् पूर्ण इजलासबाट ने.का.प. २०५९ अङ्क ५/६ पृ.२५४ नि.नं. ७०८७ मा प्रतिपादित सिद्धान्तविपरीत छ । तसर्थ मिति २०४०।५।२ मा छुट्टी भिन्न भइसकेपछि निजी आर्जनबाट प्राप्त सम्पत्तिसमेत बन्डा गर्ने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको फैसला उल्टी गरी हक इन्साफ पाऊँ ।

**प्रतिवादी डण्डीकेशर भन्ने डिल्लीप्रसाद तिम्सिनाले यस अदालतमा दायर गरेको पुनरावेदन पत्र :**

वादी प्रतिवादीहरूबाट पेस भएको तायदाती फाँटवारीमा उल्लिखित जग्गा र घरहरूमा ७ भागको १ भाग वादीले अंश पाउने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको फैसलामा चित्त बुझेको छ । सोमा मेरो पुनरावेदन जिकिर छैन । प्रतिवादीहरूबाट पेस भएको मिति २०४१।२।१८ र मिति २०४८।८।१० को लिखतलाई प्रमाणमा ग्रहण गरी किर्ते ठहर गरेको सुरू फैसला मिलेन भन्ने पुनरावेदन अदालत राजविराजको फैसला त्रुटिपूर्ण छ । मिति २०४८।८।१० मा भएको तमसुकको सहिछाप मेरो हो तापनि रूपैयाँ लिनु दिनु गरी दिएको तमसुक होइन । लिफा कागजलाई कपाली तमसुक खडा गरेको हो । मिति २०४१।२।१८ को राजीनामामा भएको सहिछाप मेरो होइन, किर्ते हो । पुनरावेदन अदालत राजविराजको फैसला आंशिक उल्टी गरी उदयपुर जिल्ला अदालतको फैसला सदर गरिपाऊँ ।

**यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेश :**

यसमा पुनरावेदक प्रेमप्रसाद तिम्सिनाले विष्णुमान दनुवारबाट हालैको बकसपत्र पारित गरी मिति २०५०।३।२३ मा निजी तबरबाट प्राप्त गरेका कि.नं. ३५४ र ४०० का जग्गाहरू अंशबन्डाको १८ नं. बमोजिम पाउनेको निजी ठहऱ्याउनु पर्नेमा सो जग्गाहरू पनि वादीलाई अंश दिलाउने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको फैसला उक्त कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा फरक पर्न सक्ने हुँदा अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाई आएपछि वा अवधि नाघेपछि लगाउका नं. CI-१०६८, CI-११५२ का पुनरावेदनहरू र AP-०३४५ को निवेदनसमेत साथै राखी नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६८।६।२५ को आदेश ।

**वादी रामानन्द तिम्सिनाको लिखित प्रतिवाद :-**

मिति २०६१।९।१० लाई मानो छुट्टिएको मिति कायम गरी पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट ७ भागको १ भाग अंश पाउने ठहऱ्याएको सुरू उदयपुर जिल्ला अदालतको फैसला पुनरावेदन अदालतले सदर गरेकोमा २ तह सदर गरेको अवस्थामा सोतर्फको पुनरावेदन सोझै खारेज योग्य छ, खारेज गरिपाऊँ । मिति २०५०।३।२३ मा प्रतिवादीले प्राप्त गरेका भनिएका कि. नं. ३५४ र ४०० का जग्गाहरू निजी आर्जनका नभई सगोलबाट नै आर्जित सम्पत्ति हुँदा सबै अंशियारका बीच बन्डा लाग्ने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको फैसला कानूनसम्मत भएकोले सदर हुनुपर्दछ ।

नियमबमोजिम आजको दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न सम्पूर्ण कागजातहरू अध्ययन गरी पुनरावेदक प्रतिवादी प्रेमप्रसाद तिम्सिनासमेतको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा र विद्वान् अधिवक्ता श्री कृष्ण थापाले यी वादी प्रतिवादीबीच २०४० साल भाद्र २ गते घरसारमा अंशबन्डा भई आ-आफ्नो व्यवहार कारोबार गर्दै समयानुसार अचल सम्पत्ति खरिद गरी बढे बढाएको हो । प्रतिवादीहरू मीनप्रसाद, प्रेमप्रसाद र राजन तिम्सिनाले निजी आर्जन गरी कमाएको सम्पत्तिबाट वादीलाई अंश

लाग्ने होइन । निजी आर्जनको सम्पत्तिसमेत बन्डा लाग्ने ठहर गरेको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत राजविराजको फैसला बदर गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

प्रतिवादीमध्येका मैनादेवी तिम्सिनाको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्ण सापकोटाले छोराहरू प्रेमप्रसाद तिम्सिना र मीनप्रसाद तिम्सिनाबाट बकसपत्र पाएको सम्पत्ति मैनादेवीको निजी आर्जनको हुन्छ । बकसपत्र पाएको जग्गा अंश मुद्दाबाट बदर गर्न मिल्ने होइन, बकसपत्रका लिखत बदर गराउन वादीले नालेस उजुर गरेकोसमेत देखिँदैन । मेरो पक्षको निजी आर्जनको सम्पत्तिलाई समेत बन्डा लाग्ने गरी सुरू उदयपुर जिल्ला अदालतबाट भएको त्रुटिपूर्ण फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत राजविराजको फैसला बदर गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

वादी रामानन्द तिम्सिनाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री गंगाप्रसाद पोखरेलले प्रतिवादीहरूले वादीलाई अंश नदिएको, सगोलको सम्पत्ति पनि बेचबिखन गरेका, आमा मैनादेवी तिम्सिनालाई सगोलको सम्पत्ति बकसपत्र गरी दिएको, यिनीहरूबीच हालसम्म अंशबन्डा नभएकोले फिराद परेको अघिल्लो दिन मिति २०६१।९।१० गतेलाई मानो छुट्टिएको मिति कायम गरी तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट वादी प्रतिवादीबीच ७ भाग लगाई सो ७ भागको १ भाग वादीले अंश पाउने ठहर गरी प्रतिवादीहरू मीनप्रसाद तिम्सिना र प्रेमप्रसाद तिम्सिनालाई किर्तेतर्फ सजायसमेत गर्ने गरेको सुरू जिल्ला अदालतको फैसलालाई किर्तेतर्फ उल्टी गरी अंशतर्फ मात्र सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिँदा किर्तेतर्फ समेत सजाय गर्ने गरेको सुरू उदयपुर जिल्ला अदालतको फैसलाबमोजिम गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

अब यसमा सुरू उदयपुर जिल्ला अदालतको फैसला केही उल्टी गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।०८।२३ को फैसला मिलेको छ, छैन ? प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? भन्ने विषयमा निर्णयमा पुग्न मुख्यरूपमा निम्न प्रश्नहरूको निरूपण गर्नुपर्ने देखियोः-

(१) मिति २०४०।०५।०२ मा यी वादी प्रतिवादीहरूले घरसारमा मानो चुल्हो छुट्टिई अंश बुझिलिई गरिदिएको भनिएको लिखतको कानूनी हैसियत के हो र सो लिखतले वादी प्रतिवादीबीच मानो छुट्टिएको मिति निर्धारण गर्न सक्ने अवस्था छ वा छैन ?

(२) वादीले कुन कुन सम्पत्तिबाट अंश पाउने हो ?

(३) प्रतिवादी प्रेमप्रसाद तिम्सिनाले विष्णु दनुवारबाट बकसपत्रको माध्यमबाट पाएको जग्गा निजी आर्जनको हो भन्ने प्रमाणित हुन्छ हुँदैन? उक्त जग्गा बन्डा लाग्ने नलाग्ने के हो?

(४) छोराबाट बकसपत्रको माध्यमबाट आमाले पाएको जग्गालाई निजी स्त्री अंशधनअन्तर्गतको मान्न मिल्ने नमिल्ने के हो?

(५) मिति २०४१।२।१८ र मिति २०४८।८।१० को लिखत किर्ते ठहर हुने नहुने के हो?

सर्वप्रथम प्रस्तुत मुद्दाका पक्ष विपक्षका मानिसको पुस्तेवारीतर्फ दृष्टिगत गर्दा मूल पुरूष डण्डीकेशर भन्ने डिल्लीप्रसाद तिम्सिना, निजका श्रीमती मैनादेवी तिम्सिना, निजहरूबाट जन्मेका जेठा छोरा मीनप्रसाद, माहिला दुर्गाप्रसाद, साहिला रामानन्द, काँहिला प्रेमप्रसाद र कान्छा राजन गरी ५ भाइ छोरा र एक छोरी गुण कुमारीको जायजन्म भएकोमा गुण कुमारीको विवाह भइसकेको देखिन्छ । वादी प्रतिवादीहरू हाल ७ जना मात्र अंशियार रहेको भन्ने देखिएको छ । उपर्युक्त तथ्यमा वादी प्रतिवादीबीच

मुख मिलेको देखियो । पुस्तेवारी र नातातर्फ कुनै विवाद रहेको देखिँदैन । नातातर्फ कुनै विवाद नरही प्रतिवादीहरूले समेत वादी आफ्ना अंशियार भएकाले अंश पाउनु पर्ने तथ्यलाई स्वीकार गरेको अवस्था छ । प्रतिवादीहरूको प्रतिउत्तर पत्रमा मुख्य रूपमा वादी प्रतिवादीहरूले मिति २०४०।०५।०२ मा घरसारमा आ-आफ्नो भागको अंश बुझी सकेकोले सो मिति अगावैको बाबु डण्डीकेशर भन्ने डिल्लीप्रसाद तिम्सिनाको नाममा भएको पैतृक सम्पत्ति मात्र बन्डा गर्नुपर्ने हो, मिति २०४०।०५।०२ पछि स्वआर्जन गरेको कुनै पनि सम्पत्ति बन्डा गर्नुपर्ने होइन भन्ने जिकिर लिएको देखियो। तसर्थ यही प्रश्नको सर्वप्रथम निरूपण गर्नुपर्ने देखियो।

मिति २०४०।०५।०२ मा यी वादी प्रतिवादीहरूले घरसारमा मानो चुल्हो छुट्टिई अंश बुझिलिइसकेकाले सोपूर्वको पैतृक सम्पत्तिमा मात्र वादीले अंश पाउने भन्ने प्रतिवादीहरूको जिकिर रहेको छ। सुरू जिल्ला अदालत तथा पुनरावेदन अदालतले मिति २०६१।९।१० गतेलाई मानो छुट्टिएको मिति कायम गरी फैसला गरेको देखियो । अब वादी र प्रतिवादीहरूबीच मानो छुट्टिएको मिति फिरादपत्र परेको अघिल्लो दिन कायम हुने हो वा प्रतिवादीहरूले जिकिर गरेबमोजिम मिति २०४०।०५।०२ गतेको मानो छुट्टिएको मिति कायम हुने हो भने प्रश्नको निरूपण गर्नुपर्ने देखिन आएको छ । यस सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, रजिस्ट्रेसनको महलको १ नं. मा "... अचल सम्पत्ति भएकाको मानो छुट्टिएको वा मानो जोरिएको लिखत गर्दा गराउँदा रजिस्ट्रेसन गराउनु पर्छ" भनी बाध्यात्मक कानूनी व्यवस्था रहे भएको पाइन्छ। त्यसैगरी अंशबन्डाको ३० नं.मा "अंशबन्डा गर्दा साक्षी राखी कानूनबमोजिम बन्डा छुट्याई बन्डापत्रको कागज खडा गरी लिने दिनेको र साक्षीको समेत सहिछाप गरी रजिस्ट्रेसन गर्नुपर्नेमा सो गरी राख्नु पर्छ। सोबमोजिम नभएको बन्डा सदर हुँदैन। तर यो ऐन प्रारम्भ हुँदासम्ममा बन्डापत्र खडा गरी वा नगरी घरसारमा नरम गरम मिलाई अचल अंशबन्डा गरी छुट्टिई आफ्नो आफ्नो हिसाब भाग शान्तिबमोजिम लिई पाई दाखिल खारिजसमेत गराई सकेको वा बन्डाबमोजिम आफ्नो आफ्नो भागको अचल छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेकोमा व्यवहार प्रमाणबाट बन्डा भइसकेको ठहरेमा पछि बन्डापत्र रजिस्ट्रेसन भएको छैन वा बन्डा घटीबढी असल कमसल भयो भन्न पाउँदैन । रजिस्ट्रेसन नभएपनि बन्डा भएको सदर हुन्छ। पाउने अंशभन्दा घटी अंश जिउनी लिएकोमा र अंश छोडपत्र गरेकोमा भने रजिस्ट्रेसन भएको हुनुपर्छ" भन्ने उल्लेख भएको देखिन्छ।

२. उपर्युक्त कानूनी व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दाको तथ्यगत अवस्थातर्फ दृष्टिगत गर्दा यी वादी प्रतिवादीहरूका बीचमा मिति २०४०।०५।०२ मा मानो चुल्हो छुट्टिई घरसारमा अंशबन्डा भएको भनिएको कानूनबमोजिम रीत पुगेको लिखत पेस गर्न सकेको देखिँदैन । वादी प्रतिवादीहरू मिति २०४०।०५।०२ मै घरसारमा चुल्हो मानो अलग गरी अंशसमेत लिई छुट्टिभिन्न भएका कुरा मिति २०४१।२।१८ मा प्रतिवादी मीनप्रसादले बाबु नाताका प्रतिवादी डण्डीकेशर भन्ने डिल्लीप्रसाद तिम्सिनासँग राजीनामा गरी जग्गा लिएको र प्रतिवादी प्रेमप्रसाद तिम्सिनाले बाबुलाई मिति २०४८।८।१० मा रू.११,०००।– कर्जा दिएको घरसारको लिखतबाट पुष्टि हुन्छ भनी जिकिर गरेको देखियो । मिति २०४०।०५।०२ मा वादी प्रतिवादीहरू मानो चुल्हो छुट्टिई अंशबन्डा गरेको भनिएको लिखत रजिस्ट्रेसन भएको देखिएन।

३. ने.का.प. २०५२ अंक २ नि.नं. ५०४७ मा प्रकाशित निवेदक प्रतिवादी चिजकुमार श्रेष्ठसमेत विपक्षी मु.स. गर्ने भोला श्रेष्ठसमेत भएको अंश मुद्दामा यस अदालत बृहत् पूर्ण इजलासबाट "मुलुकी (सातौं संशोधन) ऐन, २०३४।९।२७ द्वारा संशोधित अंशबन्डाको महलको ३० नं. बमोजिम मिति

२०३४।९।२७ सम्ममा व्यवहार प्रमाणबाट छुटिएको स्थिति देखिनको लागि बन्डापत्र खडा गरी वा नगरी घरसारमा नरम गरम मिलाई अचल अंशबन्डा गरी छुट्टिई आफ्नो आफ्नो भाग शान्तिबमोजिम लिई पाई दाखिल खारेजसमेत गराई सकेको वा बन्डाबमोजिम आ-आफ्नो भागको अचल छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेको हुनुपर्ने, यो यो पैतृक सम्पत्ति वादी प्रतिवादीहरूले आ-आफ्नो नाममा दाखिल खारेज गरेको भनी कुनै प्रमाण प्रतिवादीले दिन गुजार्नसमेत सकेको नदेखिँदा अंशबन्डाको ३० नं. को प्रयोजनार्थ व्यवहार प्रमाणबाट वादी प्रतिवादीहरू छुट्टी भिन्न भएको भनी अर्थ गर्न नमिल्ने" भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ। उक्त व्यवस्था प्रारम्भ हुनुपूर्व बन्डापत्र खडा गरी वा नगरी घरसारमा नरम गरम मिलाई अचल सम्पत्ति अंशबन्डा गरी आआफ्नो हिसाब भाग शान्तिबमोजिम लिई पाई दाखिल खारेज गराई सकेको बन्डाबमोजिम आआफ्नो भागको अचल सम्पत्ति छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेको भन्ने प्रमाणबाट देखिएमा अंशबन्डाको लिखत रजिस्ट्रेसन नभएपनि बन्डा भएको मानिन्छ । मिति २०३४।९।२७ पछि रजिस्ट्रेसनको महलको १ नं.बमोजिम मानो छुट्टिएको, मानो जोरिएको, अंशबन्डा भएको लिखत अनिवार्य रूपमा रजिस्ट्रेसन भएको हुनुपर्छ भनी अंशबन्डाको महलको ३० नं. मा व्यवस्था रहेको छ, साथै यस अदालतबाट नजिर सिद्धान्तहरू समेत प्रतिपादन भएका छन् । अंशबन्डा वा मानो छुट्टिएको लिखत कानूनबमोजिम रजिस्ट्रेसन नभएको अवस्थामा विधिवत् अंशबन्डा भएको वा मानो छुट्टिको भनी मान्न मिल्दैन । प्रस्तुत मुद्दामा यी वादी प्रतिवादीहरूको मानो चुल्हो छुट्टिई अंशबन्डा भएको भनिएको घरसारको लिखत मुलुकी ऐन, सातौं संशोधन मिति २०३४।९।२७ पूर्वको नभई मिति २०४०।०५।०२ मा भएको देखियो। मिति २०४०।०५।०२ को घरसारमा मानो चुल्हो छुट्टिएको भन्ने लिखतलाई रजिस्ट्रेसनको महलको १ नं. र अंशबन्डाको ३० नं. प्रयोजनको लागि विधिसम्मत रूपमा भएको लिखत मान्न मिल्दैन। तसर्थ प्रतिवादीहरूले मिति २०४०।०५।०२ मा मानो चुल्हो छुट्टिई घरसारमा अंशबन्डा गरेकाले सो मितिलाई नै मानो छुट्टिएको मिति कायम गरिपाउँ भनी गरेको प्रतिउत्तर जिकिरसँग सहमत हुन सकिएन।

४. मानो छुट्टिएको लिखतले मान्यता प्राप्त गर्न अनिवार्य रूपमा रजिस्ट्रेसनको महलको १ नं. अनुसार पारित भएको हुनुपर्दछ। व्यवहार प्रमाणबाट कार्यान्वयन नै हुन नसकेको, अस्तित्वमा नै नआएको घरसारमा भएको भनिएको अंशबन्डाको लिखतका आधारमा मानो छुट्टिएको मिति कायम गर्न मिल्दैन । त्यसैले अन्यथा प्रमाणित भएको अवस्था नदेखिँदा फिराद परेको अघिल्लो दिनलाई नै मानो छुट्टिएको मिति कायम गर्नुपर्ने हुन्छ । तसर्थ फिराद परेको अघिल्लो दिन अर्थात् मिति २०६१।९।१० लाई मानो छुट्टिएको मिति कायम गरेको कुरालाई पनि अन्यथा बेमुनासिब ठान्न मिलेन।

५. अब अंशबन्डा लाग्ने सम्पत्तिका सम्बन्धमा विचार गर्दा तायदाती फाँटवारीमा उल्लेख गरेका केही जग्गाहरूका सम्बन्धमा सगोलको पैतृक सम्पत्ति हो वा स्व-आर्जनको हो भन्ने विवाद रहेको पाइयो। प्रतिवादी डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाले तायदाती फाँटवारीमा पेस गरेको आफ्नो नाउँ दर्ताको उदयपुर जिल्ला, रूपाटार गा.वि.स. वडा नं. ८ झ कि.नं. ६० क्षे.फ. २-२-०-०, ऐ .वडा नं. २क कि.नं. ३५३ क्षे.फ. ०-६-० को जग्गा बाहेक वादी रामानन्द तिम्सिनाले तायदाती फाँटवारीमा उल्लिखित सम्पत्ति नोकरीबाट प्राप्त तलब भत्ताले खरिद गरी निजी स्व-आर्जनको भएको, प्रतिवादी मैनादेवी तिम्सिनाले जेठा छोरा मीनप्रसाद तिम्सिनाबाट र.नं. ६५६ मिति २०६१।८।९मा कि.नं. ९०२ क्षे.फ. ०-३-० र काइला छोरा प्रेमप्रसाद तिम्सिनाबाट र.नं. ४६४७ मिति २०५७।३।२८ मा कि.नं. २०४ क्षे.फ. ४-०-

०-० को जग्गा हालैको बकसपत्रबाट प्राप्त गरेकोले बन्डा लाग्ने होइन भनी र प्रतिवादीहरू प्रेमप्रसाद तिम्सिना, मीनप्रसाद तिम्सिना र राजन तिम्सिनाले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित सबै सम्पत्ति आआफ्नो पेसा रोजगार गरी आर्जन गरेकाले बन्डा लाग्ने होइन भनी तायदाती फाँटवारी पेस गरेको देखिन्छ । वादी प्रतिवादीहरूले तायदाती फाँटवारीमा स्वआर्जन भएकाले बन्डा लाग्ने होइन भनी लिएको जिकिरका सम्बन्धमा हेर्दा उक्त जग्गाहरू आफ्नो निजी ज्ञान सीपले कमाएको धनले खरिद गरेको स्व. आर्जनको सम्पत्ति हो भनी देखिने कुनै युक्तियुक्त र भरपर्दो प्रमाण पेस गर्न सकेको देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा ६(क) मा अन्यथा प्रमाणित नभएसम्म एकाघरसँगका अंशियारहरू मध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नेछ भन्ने व्यवस्था रहेको छ । स्वआर्जन गरेको भन्ने कुरा सो सम्बन्धमा जिकिर लिने पक्षले नै प्रमाणित गर्नुपर्दछ । त्यसरी अन्यथा प्रमाणित गरिएको अवस्थामा बाहेक एकाघर सगोलमा रहँदा आर्जन गरेको जुनसुकै अंशियारका नाउँमा दर्ता रहेको भए पनि सबै अंशियारको बराबर हक लाग्ने सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्दछ । प्रस्तुत मुद्दामा आफ्नो ज्ञान सीपले आर्जन गरेको भन्ने तथ्ययुक्त र विश्वसनीय प्रमाण पेस हुन आएको देखिएन । कुनै अंशियारले जागिर खाएको वा ठेक्कापट्टाको व्यवसाय गरेको भन्ने कुरालाई नै निजी आर्जनको निश्चयात्मक प्रमाण (Conclusive Evidence) मान्न मिल्दैन । निजी आर्जन गरेको तथ्य विश्वसनीय प्रमाणबाट पुष्टि हुनुपर्दछ । यस प्रसङ्गमा अर्को विचारणीय कुरा के छ भने कसैको निजी आर्जनको सम्पत्तिलाई पैतृक (अंशबन्डा लाग्ने) सम्पत्तिमा मिसाइयो (Blended in Common Stock) भने त्यस्तो सम्पत्तिले समेत पैतृक सम्पत्ति अर्थात् सबै अंशियारको हक लाग्ने साझा सम्पत्तिको स्वरूप धारण गर्दछ । यो अंश सम्बन्धी विधिशास्त्रीय मान्यता हो । त्यसैले कुनै निजी आर्जनको सम्पत्ति बन्डा नलाग्ने मानिनका लागि त्यस्तो सम्पत्तिमा अन्य अंशियारहरूको समेत साझा हक लाग्ने पैतृक सम्पत्ति मिसाइएको (Blended) हुन हुँदैन । यस दृष्टिबाट विचार गर्दासमेत तायदाती फाँटवारीमा उल्लेख गरिएका सम्पत्तिलाई निजी आर्जनको मान्न मिलेन । सो सम्पत्ति अंश भाग बन्डा लाग्ने प्रकृतिकै देखिन आयो ।

६. प्रतिवादी प्रेमप्रसाद तिम्सिनाले विष्णुमान दनुवारबाट बकसपत्रको माध्यमबाट पाएको जग्गा निजी आर्जनको सम्पत्ति हो होइन? उक्त जग्गा बन्डा लाग्ने, नलाग्ने के हो? भन्ने प्रश्न सम्बन्धमा विचार गर्दा उदयपुर जिल्ला, भुमरसुवा गा.वि.स. वडा नं. २क कि.नं. ३५४ क्षे. फ. ०-४-० र ऐ. कि.नं. ४०० क्षे. फ. ०-३-१० जग्गा प्रेमप्रसाद तिम्सिनाले विष्णु दनुवारबाट मिति २०५०।३।२३ मा हालैदेखिको बकसपत्र लिखतको माध्यमबाट प्राप्त गरेको देखियो । बकसपत्रको कैफियत महल हेर्दा उक्त जग्गा हा.व. दिनलाई मेरा बाबुलाई अविभावक राखी मलाई रिझ, गुन गरी रिझाएबापत हा.व. लेखिदिएको भनी वर्ष १४ का विष्णुमान दनुवारले सहिछाप गरिदिएको पाइयो । मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. अनुसार कसैबाट निजी तबरले दान वा बकस पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउने र बन्डा गर्न कर नलाग्ने हुन्छ । प्रमाणमा आएको बकसपत्रको लिखत हेर्दा राजीनामा सरह रू.१३,५००।– रकम मूल्य कायम गरी बकसपत्र पारित गरेको देखिन्छ । बकसपत्र दाता र प्राप्तकर्ताको बीच रिझ गुन लगाउनु पर्ने अवस्था, सम्बन्ध वा व्यवहार केही खुलेको पाइएन । बकसपत्र दिनुपर्ने कारण वा औचित्यसमेत प्रमाणित हुन सकेको देखिँदैन । पारित लिखतमा "बकसपत्र" भन्ने शब्द प्रयोग गरिएको छ भन्दैमा एकासगोलका अंशियारका नाउँमा रहेको सम्पत्तिलाई निजी आर्जनको, बन्डा

नलाग्ने सम्पत्ति भन्न हुँदैन । बकसपत्र दिनुको प्रयोजन पनि तार्किक रूपमा पुष्टि हुनुपर्दछ । तसर्थ प्रतिवादी प्रेमप्रसाद तिम्सिनाले नाबालक विष्णुमान दनुवारबाट बकसपत्रको माध्यमबाट पाएको उक्त जग्गा निजी आर्जन भन्ने देखिएन । सो जग्गासमेत बन्डा लाग्ने नै देखियो ।

७. छोराबाट बकसपत्रको माध्यमबाट आमाले पाएको जग्गासम्बन्धी प्रसङ्ग पनि विचारणीय देखिन्छ । प्रतिवादी मैनादेवी तिम्सिनाले कि.नं. २०४ क्षे.फ. ४-०-०-० को जग्गा र.नं. ६५६ मिति २०६१।८।९ मा प्रतिवादीमध्येकै छोरा मीनप्रसाद तिम्सिनाबाट र कि.नं. ९०२ क्षे.फ. ०-३-० को जग्गा र.नं. ४६४७ मिति २०५७।३।२८ मा प्रतिवादीमध्येकै छोरा प्रेमप्रसाद तिम्सिनाबाट हालैको बकसपत्रको लिखतबाट प्राप्त गरेको देखिन्छ । उक्त कि.नं. २०४ को जग्गा मीनप्रसाद तिम्सिना र कि.नं. ९०२ को जग्गा प्रेमप्रसाद तिम्सिनाको नाममा के कसरी प्राप्त भएको रहेछ भन्ने सन्दर्भमा हेर्दा जिल्ला उदयपुर, रूपाटार गा.वि.स. वडा नं. ८ज, कि.नं. २०४ क्षे.फ. ४-०-०-० को जग्गा र.नं. २८२३ मिति २०५१।२।१८ मा बाबु डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाबाट राजीनामाको लिखत गरी प्रतिवादी मीनप्रसाद तिम्सिनाको नाममा आएको र सोही जग्गा आफ्नी आमा मैनादेवी तिम्सिनालाई मिति २०५७।३।२८ मा हालैको बकसपत्र गरिदिएको देखियो । त्यसैगरी जिल्ला उदयपुर, भुमरसुवा गा.वि.स. वडा नं. ४ क कि.नं. ७६८ क्षे. फ. ०-६-०$^{१}/_{४}$ जग्गा र.नं. ११८१ मिति २०५५।१०।१२ मा चक्रबहादुर बस्नेतबाट राजीनामाको लिखतबाट प्रतिवादी प्रेमप्रसाद तिम्सिनाले खरिद गरेको र सोही जग्गा आफ्नी आमा मैनादेवी तिम्सिनालाई कित्ताकाट गरी हाल कायम कि.नं. ९०२ क्षे.फ. ०-३-० जग्गा र.नं. ६५६ मिति २०६१।८।९ मा हालैको बकसपत्रको माध्यमबाट हक हस्तान्तरण गरिएको पाइयो । उक्त जग्गाहरू निज प्रतिवादी मीनप्रसाद तिम्सिना र प्रेमप्रसाद तिम्सिनाले आफ्नो निजी आर्जनको कमाइबाट खरिद गरेको आफूखुश गर्न पाउने सम्पत्ति हो भन्ने तथ्ययुक्त प्रमाण पेस हुन आएको पाइएन ।

८. मुलुकी ऐन, अंशबन्डाको १८ नं. मा कुनै अंशियारले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तबरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंशधनको महलको ५ नं. बमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउँछ, बन्डा गर्न कर लाग्दैन भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । विवादित सम्पत्ति उल्लिखित कानूनी व्यवस्थाको परिधिभित्र पर्ने अवस्थाको देखिँदैन । बकसपत्रदाता स्वयंको आफूखुस गर्न पाउने, बन्डा गर्न कर नलाग्ने प्रकृतिको सम्पत्ति हो भन्ने देखिएको छैन । अन्य अंशियारको समेत अंश हक लाग्ने सम्पत्ति कुनै अंशियारले अर्को अंशियारलाई बकसपत्र गरी दिँदैमा त्यस्तो सम्पत्ति बन्डा नलाग्ने हुँदैन । एक अंशियारले अर्को अंशियारलाई बकसपत्रकै माध्यमबाट अन्य अंशियारहरूको समेत अंशहक लाग्ने सम्पत्ति हस्तान्तरण गरेको र त्यस्तो बकसपत्र लिखत कायम रहेको (बदर नभएको) अवस्थामा पनि सो सम्पत्ति अंशबन्डा लगाउन कानूनी बाधा पर्दैन । विवादित कि.नं. ९०२ र २०४ को सम्पत्ति मैनादेवी तिम्सिनाको निजी आर्जन वा स्त्री अंश धनअन्तर्गतको सम्पत्ति भनी मान्न सकिने अवस्था देखिएन । तसर्थ मैनादेवीले छोराहरूबाट बकसपत्रको लिखत गरी प्राप्त गरेका उल्लिखित जग्गासमेतबाट वादीले अंश भाग पाउने नै देखियो ।

९. अब मिति २०४१।२।१८ र मिति २०४८।८।१० को लिखत किर्ते ठहर हुने नहुने के हो? भन्ने प्रश्न सम्बन्धमा विचार गर्दा प्रतिवादी डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाले जिल्ला उदयपुर, रूपाटार गा.वि.स. वडा नं. ४ घ कि.नं. ४,

ऐ. वडा नं. ८ झ कि.नं. ४२ र ऐ. कि. नं. २०४ को जग्गा र.नं. २८२३ मिति २०४१।२।१८ मा प्रतिवादी छोरा मीनप्रसाद तिम्सिनालाई राजीनामा गरिदिएको देखिन्छ । त्यसैगरी यिनै प्रतिवादी डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाले प्रतिवादी छोरा प्रेमप्रसाद तिम्सिनाबाट रू.११,०००।– कर्जा लिई मिति २०४८।८।१० मा कपाली तमसुक गरिदिएको भनी कागज गरिदिएको पाइयो । मिति २०४१।२।१८ मा भएको राजीनामाको लिखत मैले गरिदिएको होइन, किर्ते हो । मिति २०४८।८।१० मा भएको कपाली तमसुक गरिदिएको होइन, लिफामा तयार गरेको हो भनी सो लिखतहरूको सम्बन्धमा प्रतिवादी डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाले सुरू अदालतमा अ.बं. ७८ नं. बमोजिम बयान गरेकोसमेत देखियो । निज प्रतिवादी डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनाले गरेको बयान जिकिरबमोजिम सो लिखतहरू विशेषज्ञ कहाँ जाँच गर्न पठाउँदा निज प्रतिवादीले सुरू अदालतमा गरेको सहिछाप र मिति २०४१।२।१८ मा प्रतिवादी मीनप्रसाद तिम्सिनाले राजीनामा गरी लिएको पारित लिखतको दिनेको महलमा भएको ल्याप्चे सहिछापका रेखाका गुणहरू आपसमा फरक भई नभिडेको भनी र मिति २०४८।८।१० को प्रतिवादी प्रेमप्रसादले प्रतिवादी डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिनालाई कर्जा दिएको भनिएको तमसुक लिखतको बेहोराको बायाँतर्फको हरफ अन्य हरफको दाँजोमा केहीभित्र घुसाएर लेखिएको र बेहोरामा भएको सहिछापले अक्षरहरू नछोएको भनी विशेषज्ञबाट राय व्यक्त भई आएको देखिन्छ । तथापि विवादित लिखतको साक्षीहरू तथा लिखत परीक्षण गर्ने विशषज्ञको समेत अदालतमा बकपत्र भएको मिसिल संलग्न कागजातबाट देखिँदैन । को कसले लिखत किर्ते गरेको हो भनी यकिन दाबी जिकिर गरिएको पनि देखिँदैन । यस अवस्थामा मिति २०४१।२।१८ मा भएको राजीनामा लिखत र मिति २०४८।८।१० मा भएको तमसुक लिखतलाई किर्ते ठहर गर्नु मनासिब देखिएन ।

१०. माथि विवेचित आधार प्रमाणहरूबाट यी वादी प्रतिवादीहरू मिति २०३४/९/२७ भन्दा अगावै व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको नदेखिएको, मानो छुट्टिएको लिखत रजिस्ट्रेसन भएको नदेखिएको, तायदाती फाँटवारीमा उल्लिखित केही सम्पत्ति निजी आर्जनको हो भन्ने यी वादी प्रतिवादीहरूको जिकिर तथ्ययुक्त प्रमाणहरूबाट पुष्टि हुन नसकेको, वादीका बाबु डण्डीकेशर भन्ने डिल्लीप्रसाद तिम्सिनाले हामी अंशियारहरूबीच हालसम्म मानो चुल्हो छुट्टिई अंशबन्डा नभई एकासगोलमै रहेको तथा पैतृक सम्पत्ति र सोबाट बढे बढाएको रकमबाट प्रतिवादी छोराहरूका नाममा भएका घर जग्गाहरू खरिद गरेको भनी प्रतिउत्तर फिराएको, प्रतिवादीहरू मैनादेवी तिम्सिना, मीनप्रसाद तिम्सिना, प्रेमप्रसाद तिम्सिना, राजन तिम्सिनाले मिति २०४०।०५।०२ मा मानो चुल्हो छुट्टिई अंशबन्डा भएको भनी प्रतिउत्तर जिकिर लिएको भए पनि सो लिखत मुलुकी ऐन, रजिस्ट्रेसनको महलको १ नं. बमोजिम रजिस्ट्रेसन पास भएको देखिन नआएको हुँदा यस अदालतबाट मिति २०६८।०६।२५ मा प्रत्यर्थी झिकाउने गरी भएको आदेशमा उल्लेख गरिएका कुरासँग सहमत हुन सकिएन ।

११. अतः प्रतिवादी मीनप्रसाद तिम्सिनालाई मुलुकी ऐन, किर्ते कागजको १ नं. को कसुरमा ऐ. को ७ नं. बमोजिम रू.२,८००।– जरिवाना र अर्का प्रतिवादी प्रेमप्रसाद तिम्सिनालाई किर्ते कागजको १ नं. को कसुरमा ऐ. को ७ नं. बमोजिम रू.११,०००।–जरिवाना गरी वादी प्रतिवादीहरू ७ अंशियार देखिँदा तायदाती फाँटवारीमा उल्लिखित घर जग्गाहरू ७ भाग लगाई सो ७ भागको १ भाग वादीले अंश पाउने ठहऱ्याई सुरू उदयपुर जिल्ला अदालतबाट मिति २०६४।०७।२० मा भएको फैसला किर्ते ठहर गरेको हदसम्म केही उल्टी गरी वादी दाबीबमोजिम वादीले प्रतिवादीहरूबाट अंश

पाउने ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६६।८।२३ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरू मैनादेवी तिम्सिना, डण्डीकेशर उपाध्याय भन्ने डिल्लीप्रसाद तिम्सिना, तथा प्रेमप्रसाद तिम्सिनासमेतको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत राजविराजको फैसला सदर हुने ठहरी फैसला भएकोले वादीले फिराद दर्ता गर्दा सुरू उदयपुर जिल्ला अदालतमा कोर्ट फी रू. २००।– राखेको र बाँकी कोर्टफी पछि दाखिल गर्ने गरी कोर्टफी ऐन, २०१७ को दफा २३ बमोजिम सुविधा लिएको देखिएको तथा पुरावेदन अदालत राजविराजमा प्रतिवादीहरू मीनप्रसाद, प्रेमप्रसाद र राजन तिम्सिनाले पुनरावेदन गर्दा र.नं. ५४५ मिति २०६४।१२।११ मा रू.२०००।- र प्रतिवादी मध्येका मैनादेवी तिम्सिनाले र.नं. ५४४ मिति २०६४।१२।११ मा रू. ४०।- धरौटी राखेको मिसिल संलग्न धरौटी रसिदबाट देखिएको र पुनरावेदन अदालत राजविराजको फैसलाको तपसिल खण्डमा उक्त धरौटी रकमको बारेमा केही नबोली फैसला गरेको देखिँदा उक्त धरौटी रकम सदर स्याहा गर्नु भनी पुनरावेदन अदालत राजविराजको लेखा शाखामा लेखी पठाउनू .....................................१

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार नक्कल दिनू ..........................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ...................................३

उक्त रायमा सहमत छु।

न्या.डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृत: डल्लुराम चौधरी

इति संवत् २०७५ साल असार १८ गते रोज २ शुभम्।

## निर्णय नं. १००३६

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा

आदेश मिति : २०७४।१।३

०७०-WO-०३१५

विषयः उत्प्रेषण / परमादेश

रिट निवेदक : कृष्णबहादुर श्रेष्ठको छोरा काठमाडौं जिल्ला नैकाप गा.वि.स. वडा नं. २ बस्ने वर्ष ४३ को रोशनकुमार श्रेष्ठ

विरूद्ध

विपक्षी : नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालय भद्रकाली प्लाजा काठमाडौंसमेत

- **कुनै पनि संस्थाले कर्मचारीको नियुक्ति गर्दा केही उद्देश्य राखेको हुन्छ। कर्मचारीसम्बन्धी सेवा सर्तलाई कर्मचारीले पाउने र संस्थाले उपलब्ध गराउने सुविधाहरू लिपिबद्ध गरिराखेको अवस्थामा त्यस्तो सेवा सर्त प्रचलित कानूनसँग नबाझिएसम्म कर्मचारी तथा रोजगारदाता दुवैले समान रूपमा मान्नु पर्ने नै हुन्छ । कर्मचारीले सुविधाको दाबी गर्दै जाने र रोजगारदाताको लागि गर्नुपर्ने काममा लापरवाही गर्ने वा बद्नियत चिताई कुनै काम गर्ने वा तोकिएको काममा अटेर गरी बस्ने कर्मचारीलाई त्यस्तो सेवा सर्त एवं प्रचलित कानूनले पनि सुविधा दिन सक्दैन । सेवा सर्तले तोकेको पुर्वावस्थाहरू पूरा भएको अवस्थामा मात्र त्यसबमोजिमको सुविधाको माग गर्न**

**मिल्ने ।**

- **नयाँनयाँ कारण देखाई बिदा माग गर्ने, विना पूर्व सूचना अनुपस्थित हुने र कारबाही भएको निर्णयउपर रिट दर्ता गर्ने कार्यमा सफा हातसमेत देखिँदैन । यसर्थ ९० दिनभन्दा बढी बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई भविष्यमा कम्पनीको सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको निर्णय कानूनविपरीत भन्न मिल्ने देखिन नआउने ।**

(प्रकरण नं.८)

रिट निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री बद्रीबहादुर कार्की र विद्वान् अधिवक्ता श्री पुष्पराम पौडेल

विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ताद्वय श्री पिताम्बर भण्डारी र श्री सुरज अधिकारी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०६१

आदेश

**न्या. अनिलकुमार सिन्हा :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम दर्ता हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छः

म निवेदक रोशनकुमार श्रेष्ठ तत्कालीन नेपाल दूरसञ्चार संस्थान हाल नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सहायक पदमा मिति २०४५।११।१० गते अस्थायी नियुक्ति भई २०५२।१०।१२ को निर्णयअनुसार सहायक स्तर ४(प्र.) पदमा स्थायी नियुक्ति पाई अनवरत रूपमा काम गर्दै आएकोमा मिति २०५९।१२।१३ को पदपूर्ति समितिको निर्णयअनुसार सहायकस्तर ५(प्र.) पदमा बढुवा भई कार्य गर्दै आएकोमा २०६७।४।२८ को निर्णयअनुसार अधिकृतस्तर ६(प्र) लेखा) सहायक लेखा अधिकृत पदमा बढुवा भई विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा अनवरत रूपमा सेवा गर्दै आएकोमा दूरसञ्चार कम्पनी लिमिटेड परासीको दरबन्दीमा रही दूरसञ्चार कम्पनी लिमिटेड पश्चिम क्षेत्रीय निर्देशनालय भैरहवा रूपन्देहीमा कार्यरत रहेको अवस्थामा मलाई घरायसी कारणबाट असाधारण बिदा चाहिएकोले मिति २०६७।९।६ देखि २०६९।९।५ सम्म असाधारण बिदा स्वीकृत गराई बिदामा बसेकोमा मेरो घरायसी काम समाप्त भइसकेकाले मिति २०६९।४।३१ को निर्णयअनुसार मिति २०६९।४।३१ गतेदेखि विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड पश्चिम क्षेत्रीय निर्देशनालय भैरहवा रूपन्देहीमा हाजिर गराई कामकाज गर्न पाउने गरी विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालयबाट मिति २०६९।४।३१ को पत्र प्राप्त भई हाजिर हुन गई कामकाज गरी आएको अवस्थामा मलाई पुनः घरायसी कारणबाट घर बिदा आवश्यक परेकाले विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड पश्चिम क्षेत्रीय निर्देशनालय भैरहवा रूपन्देहीमा बिदाको आवेदन गरेकोमा मिति २०६९।५।७ देखि लागू हुने गरी मिति २०६९।०८।१५ गतेसम्मको घर बिदा क्षेत्रीय निर्देशनालय भैरहवाको क्षेत्रीय निर्देशकज्यूले मिति २०६९।५।६ को निर्णयले बिदा स्वीकृत गरी म घर बिदामा बसेको थिए।

यसरी घर बिदा स्वीकृत गरी घर बिदामा बसिरहेको अवस्थामा मलाई घर बिदा समाप्त हुने मिति २०६९।८।१५ गते मलाई मिति २०६९ साल पौष मसान्तसम्म मेरो सञ्चित बिरामी बिदाबाट कट्टा हुने गरी बिरामी बिदाको लागि मिति २०६९।९।१२ गते विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालयमा द.नं. १५१८५ को निवेदन

दर्ता गरी कारबाही चलाएकोमा मलाई सो कुराको कुनै जानकारीसमेत दिइएन । त्यसपछि म निवेदक २०६९ साल चैत्र महिनामा विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड पश्चिम क्षेत्रीय निर्देशनालय भैरहवा रूपन्देहीमा हाजिर हुन जाँदा मलाई विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालयको मौखिक आदेशमा हाजिर हुन नदिनु भनेकाले भनी मलाई हाजिर नगराई त्यसै झुलाएर नै राखियो । मलाई हाजिर हुन नपाउने कुनै जानकारीसमेत दिइएन र म हाजिर हुन पाउने आसमा बसिरहेको थिएँ ।

यसरी मलाई लामो समयसम्म पनि हाजिर हुन नदिएकाले मैले विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालयमा मिति २०७०।०६।०३ गते द.नं. ५२४२ मा हाजिर गर्न पाउँ भनी निवेदन दिएकोमा पुनः हाजिर गराउन दिइएन । यसरी हाजिर गर्नसमेत नदिएको दर्साउँदै मिति २०७०।०६।०७ गते द.नं. ५५१६ मा सञ्चालक समितिको अध्यक्षज्यूलाई निवेदन दिई उक्त निवेदन नेपाल टेलिकममा पठाइदिने भनी आदेश भई विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालयमा आउँदासमेत मलाई हाजिर गराइएन । त्यस्तै पुन: २०७०।०६।१३ गते दूरसञ्चार कम्पनी लिमिटेड सञ्चालक समितिमा हाजिर हुन दिएको निवेदनमा समेत कुनै कारबाही भएको जानकारी मलाई दिइएन । यसरी पटकपटक दिएको निवेदनउपर कुनै कारबाही नभई मलाई एक्कासी २०७० साल असोज १५ गते गोरखापत्र दैनिक पत्रिकामा म रिट निवेदक मिति २०६९।०८।१६ देखि बिदा स्वीकृत नगराई लगातार ९० औं दिनभन्दा बढी कार्यालयमा उपस्थित नभएकाले र पत्रमा सञ्चित बिरामी बिदाको लागि चिकित्सकको प्रेसक्रिप्सन विना २०६९ साल चैत्र मसान्तसम्मको बिदा मागेको भन्ने दुई थरीको लिखित आधार देखाई फरक तरिकाको एकै निर्णय भनी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०६१ को विनियम ९७ को उपविनियम (६) को खण्ड (घ) को अवस्था विद्यमान रहेकाले सोही विनियमावलीको विनियम ९३(क) को (१०) को अभियोगमा विनियम ८९(५) अनुसार भविष्यमा कम्पनीको सेवामा अयोग्य नठहरिने गरी मिति २०६९।०८।१६ गतेदेखिनै लागू हुने गरी सेवाबाट हटाउने भनी सञ्चालक समितिको मिति २०७०।०५।२१ को निर्णय भएकोले निर्णयअनुसार जानकारी गर्नु हुन भन्ने सूचना प्रकाशित भएकोमा के भएको रहेछ त भनी विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालयमा गई मिति २०७०।०७।०५ गते निर्णयको जानकारी प्राप्त गरेकाले उक्त निर्णयहरूले मलाई अन्याय परेकाले उक्त निर्णयहरू बदर गराउन पाउने अन्य वैकल्पिक तथा प्रभावकारी उपचारको बाटो नभएकाले तथा मेरो साबिकको दरबन्दी रहेको स्थान विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड परासी नवलपरासी तथा मलाई बिदा स्वीकृत गर्ने काजमा रही कार्य गरी आएको विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड क्षेत्रीय निर्देशनालय भैरहवा रूपन्देही भएकाले उक्त सबै विपक्षीहरूको काम व्यवहार बदर गराउने क्षेत्राधिकार प्राप्त निकाय सम्मानित सर्वोच्च अदालत मात्र भएकाले सम्मानित अदालतसमक्ष नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १८, १९, २७ ले दिएको अधिकार कुण्ठित भएको तथा विपक्षीको निर्णयमा गम्भीर कानूनी तथा संवैधानिक त्रुटि भएकाले सम्मानित अदालतको असाधारण अधिकार क्षेत्र ग्रहण गरी धारा ३२ तथा १०७(२) बमोजिम प्रस्तुत रिट निवेदन लिई उपस्थित भएको छु । अतः विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड पश्चिम क्षेत्रीय निर्देशनालय भैरहवा रूपन्देहीमा बिदाको आवेदन गरेकोमा मिति २०६९।५।७ देखि लागू हुने गरी मिति २०६९।८।१५ गतेसम्मको घर बिदा स्वीकृत गरी घर बिदामा बसिरहेको अवस्था रहेको कुरा उक्त मिति २०६९।५।६ गते बिदा स्वीकृत गरेको निर्णयले स्पष्ट पारिरहेको अवस्था छ ।

उक्त बिदा स्वीकृत भई म निवेदक बिदामा बसिरहेको अवस्थामा विपक्षी दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०७०।५।२१ गते भनिएको कथित निर्णयको मिति २०६९।८।२६ देखि लागू हुने गरी भएको निर्णय गैरकानूनी हुँदा र मलाई नोकरीबाट हटाउने निर्णय प्रबन्ध निर्देशकले गर्नुपर्नेमा विपक्षी सञ्चालक समितिले सोझै अधिकार प्रयोग गरी मिति २०७०।५।२१ मा निर्णय गरेकाले अख्तियार विनाको अधिकारीले गरेको निर्णय हुँदा उत्प्रेषणको आदेशद्वारा बदरभागी छ।

विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०७०।५।२१ गते भनिएको कथित निर्णयको मिति २०६९।८।२६ गतेदेखि लागू हुने गरी भएको भनिएको निर्णय नै गलत छ। मैले मिति २०६९।५।७ गतेदेखि मिति २०६९।८।२५ गतेसम्म बिदा लिएको बिदा स्वीकृत भएको निर्णय पर्चा विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड पश्चिम क्षेत्रीय निर्देशनालय भैरहवा रूपन्देहीमा बिदाको आवेदन र स्वीकृतिले स्पष्ट पार्दछ। उक्त बिदा स्वीकृति नभएको र चाँडो हाजिर हुनुपर्ने भन्ने पत्र मलाई विपक्षीहरूले बुझाएका छैनन्। म निवेदक बिदा स्वीकृत गरेर मात्र बिदामा बसेको अवस्था छ। लगातार कम्पनीलाई थाहा जानकारी नदिई ९० दिन गैरहाजिर रहेको नभई मैले बिदा स्वीकृत गरेर मात्र बिदामा बसेकाले मलाई मिति २०६९।८।१६ देखि लागू हुने गरी नोकरीबाट हटाउने गरी भएको निर्णय गैरकानूनी तथा हचुवाको भरमा मलाई सुनुवाइको मौकासमेत नदिई भएकाले विपक्षीको निर्णय उत्प्रेषणको आदेशद्वारा बदरभागी हुनुका साथै मलाई मेरो बिदा स्वीकृत नभएको र मलाई हाजिर हुन आउने भन्ने कुनै किसिमको सूचना दिएको अवस्था छैन। विपक्षीसँग मैले बिरामी बिदा स्वीकृतको लागि दिएको निवेदनको साथमा चिकित्सकको सर्टिफिकेट साथ निवेदन गरेकोमा सो कुरालाई उल्लेख नगरी भएको निर्णय बदरभागी छ।

विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसँग मैले पटकपटक हाजिर हुन पाउँ भनी निवेदन दिइरहेको अवस्था छ। उक्त निवेदनको कुनै जवाफ मलाई प्राप्त भएको छैन। विपक्षीले निर्णय गर्नुभन्दा अगाडिका मितिमा दिएको निवेदनउपर कुनै कारबाही भएको छैन। मलाई हाजिर गराउनु नपर्ने कुनै कारण उल्लेख हुन सकेको छैन। म विपक्षीहरूको सम्पर्कमा पटकपटकको निवेदनद्वारा आइरहेको अवस्थामा मलाई कुनै स्पष्टीकरण नसोधिनु र मलाई नोकरीबाट हटाउँदा लिइएको आधार उल्लिखित नहुनुले पनि २०७०।५।२१ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी मलाई नोकरीमा पुनर्वहाली गरी मलाई दिनुपर्ने तलबभत्ता सुविधालगायतका कर्मचारीले पाउने सम्पूर्ण रकमसमेत दिनु भन्ने विपक्षीहरूका नाउँमा परमादेशलगायतका जो चाहिने आज्ञा आदेश पुर्जीसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको रोशनकुमार श्रेष्ठको निवेदन माग बेहोरा।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? जारी हुनु नपर्ने कुनै कारण भए सोको आधार खुलाई यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षीहरूका नाउँमा आफैँ वा कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी सूचना पठाई लिखित जवाफ पेस भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

प्रस्तुत निवेदनमा उठाइएको विषय कर्मचारीको रोजगारीसँग सम्बन्धित भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(च५) बमोजिम अग्राधिकार दिइएको छ भनी यस अदालतबाट मिति २०७०।७।७ मा भएको आदेश।

विपक्षी निवेदक रोशनकुमार श्रेष्ठ साबिकको नेपाल दूरसञ्चार संस्थानमा मिति २०४५।११।१० को निर्णयअनुसार सहायक पदमा रही अस्थायी नियुक्ति

हुनु भएकोमा मिति २०५२।१०।१४ मा सहायकस्तर तह ४ प्रशासन पदमा मिति २०५९।१०।२८ देखि ज्येष्ठता कायम हुने गरी मिति २०५९।१२।१३ को निर्णयअनुसार सहायकस्तर ५ मुख्य सहायक पदमा बढुवा नियुक्ति हुनु भएको थियो। मिति २०६७।०४।२८ को निर्णयअनुसार निवेदक २०६७।०४।२४ देखि ज्येष्ठता कायम हुने गरी अधिकृतस्तर तह ६ प्र./ले.सहायक लेखा अधिकृत पदमा बढुवा नियुक्ति भई कम्पनीको पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय भैरहवाअन्तर्गतका कार्यालयमा विना भत्ता काज खटाइएको थियो।

निज विपक्षी २०६७।७।२२ देखि २०६७।९।५ सम्म घर बिदा स्वीकृत गराई बिदामा बसेको, २०६७।९।६ देखि कार्यालयमा अनुपस्थित भएकोमा कम्पनीको पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय भैरहवाबाट स्पष्टीकरणसहित हाजिर हुन घर ठेगानामा पत्राचार गरिएकोमा बुझ्नुभएको थिएन। त्यस्तै कम्पनीको केन्द्रीय कार्यालयबाट मिति २०६८।०१।२३ मा १५ दिन भित्र हाजिर हुन पत्राचार भएको थियो। विपक्षीले २०६८।०४।२४ मा बुबाको औषधी उपचारको लागि विदेश जानुपर्ने भएकाले १ वर्षको लागि असाधारण बिदा माग गर्नुभएकोमा मिति २०६८।०८।०७ मा घरासयी कारणले सम्बन्धित कार्यालयमा अनुपस्थित भएकाले अनुपस्थित अवधिभर सञ्चित बिदा कट्टा गरी बिदा मिलान गरिदिनु भनी अनुरोध भएकोमा मिति २०६७।०९।०६ देखि २०६८।०९।०५ सम्म एक वर्ष असाधारण बिदा २०६८।०८।२३ को निर्णयअनुसार स्वीकृत भएको हो। तत्पश्चात् २०६८।०९।०६ देखि कार्यालयमा उपस्थित हुनुपर्नेमा हाजिर नभएकोले कम्पनीको केन्द्रीय कार्यालय जनशक्ति व्यवस्थापन विभागबाट मिति २०६८।१२।२१ मा ३० दिनभित्र सम्पर्क राख्न आउनुका लागि पत्राचार गरिएकोमा निजले पुनः मिति २०६९।०१।०३ मा सञ्चित बिदा स्वीकृतिको लागि निवेदन गरेको तथा मिति २०६९।०२।१९ मा पुन: मिति २०६८।०९।०५ सम्म एक वर्ष असाधारण बिदा माग गरी कम्पनीमा निवेदन दर्ता गर्नुभएकोमा अन्तिम पटकका लागि भनी मिति २०६९।०२।३२ को निर्णयअनुसार मिति २०६८।०९।०६ देखि २०६९।०९।०५ सम्म एक वर्षको लागि असाधारण बिदा स्वीकृत भएको थियो।

विपक्षी २०६८।०९।०६ देखि २०६९।०९।०५ सम्म असाधारण बिदा स्वीकृत गराई बसेकोमा मिति २०६९।०४।२६ मा बिदा सकिन अगावै हाजिर हुन पाउँ भनी निवेदन गरेकोमा मिति २०६९।०५।०१ देखि मिति २०६९।०९।०५ सम्मको बिदा रद्द गरी अब उप्रान्त असाधारण बिदा उपलब्ध नगराउने गरी २०६९।०५।०१ देखि पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय भैरहवामा हाजिर गराउने २०६९।०४।३१ मा निर्णय भई हाजिर गराइएकोमा विपक्षी पुन: मिति २०६९।०८।१६ देखि विना सूचना कार्यालयमा अनुपस्थित रहनुभएको थियो। यसरी निजलाई पटकपटक असाधारण बिदा प्रदान गरेको, अनुपस्थित अवधिको बिदासमेत मिलान गरी सुविधा प्रदान गरिराखेको अवस्थामा कार्यालयको कामप्रति बेवास्ता गरी निवेदन मात्र गर्ने गरी राखेकाले नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०६१ को विनियम ९३ को खण्ड (क) को उपनियम (२) र (१०) को अभियोगमा विनियम ८९(५) अनुसार भविष्यमा कम्पनीको सेवाका लागि अयोग्य नठहरिने गरी निज रोशनकुमार श्रेष्ठलाई सञ्चालक समितिको ५५८ औं बैठकको निर्णय नं. २५०० मिति २०७०।०५।२१ को निर्णयबाट कानूनसम्मत निर्णय भइसकेको अवस्था हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको दूरसञ्चार कम्पनी लिमिटेड, दूरसञ्चार कम्पनी लिमिटेड सञ्चालक समिति-१ र दूरसञ्चार कम्पनी लिमिटेड जनशक्ति व्यवस्थापन विभाग-१ समेतको तर्फबाट अधिकारप्राप्त निमित्त प्रबन्ध निर्देशक अमरनाथ सिंहका तर्फबाट पेस हुन

आएको लिखित जवाफ।

विपक्षी यस क्षेत्रीय निर्देशनालयअन्तर्गत कार्यरत रहनु पर्ने भएपनि कार्यालयको काममा बेवास्ता गरी लामो समय अनुपस्थित हुनुहुन्थ्यो। निजको सम्बन्धमा आवश्यक जानकारी यस क्षेत्रीय निर्देशनालयबाट केन्द्रमा पठाइएको थियो। आवश्यक कारबाहीका लागि लेखी पठाउने र जानकारी दिनेबाहेक यस क्षेत्रीय निर्देशनालयको कुनै भूमिका हुँदैन र छैन। त्यसैले निवेदकले यस क्षेत्रीय निर्देशनालय तथा दूरसञ्चार कार्यालय परासीलाई विपक्षी गराउनु पर्ने होइन। विपक्षीले हाजिर नगराएको निवेदनका प्रकरणमा उल्लेख गर्नुभएको छ, निज कहिले यस क्षेत्रीय निर्देशनालयमा आउनुभयो ? कहाँ निवेदन गर्नुभयो ? हाजिर हुनको लागि त्यस्ता कुरा उल्लेख नगरी यस कम्पनीको काममा पूर्ण बेवास्ता गरी जानीजानी कार्यालयमा अनुपस्थित हुनुभएका व्यक्तिले हाजिर गराएनन् भन्न नमिल्ने हुनुका साथै दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालयसमेतको तर्फबाट पेस भएको लिखित जवाफलाई यसै लिखित जवाफको अभिन्न अंग मानी रिट निवेदन खारेज गरिपाउँ भन्ने दूरसञ्चार कम्पनी लिमिटेड पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय-१, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड दूरसञ्चार कार्यालय परासी-१ समेत दुवै कार्यालयको तर्फबाट नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका अधिकारप्राप्त क्षेत्रीय निर्देशनालय भैरहवाका निर्देशक विजयकुमार ठाकुरका तर्फबाट पेस भएको लिखित जवाफ।

निवेदक रोशनकुमार श्रेष्ठलाई नोकरीबाट हटाउने गरी मिति २०७०।०५।२१ मा भएको निर्णयसहितको फाइल सम्बन्धित कार्यालयबाट झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७१।१०।२५ मा भएका आदेशानुसार नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालय, नेपाल टेलिकमबाट फाइल प्राप्त भई मिसिल संलग्न रहेको देखिन्छ।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री बद्रीबहादुर कार्की र विद्वान् अधिवक्ता श्री पुष्पराम पौडेलले निवेदक रोशनकुमार श्रेष्ठले २०६७।०९।०६ देखि २०६९।०९।०५ सम्म असाधारण बिदा स्वीकृत गराई बसेकोमा घरायसी काम समाप्त भएकोले असाधारण बिदा सकिने मिति २०६९।०९।०५ पूर्व नै मिति २०६९।०४।३१ मा दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालयबाट पत्र प्राप्त भए मुताबिक दूरसञ्चार कम्पनी लिमिटेड पश्चिम क्षेत्रीय निर्देशनालय भैरहवा रुपन्देहीमा हाजिर भई काम काज गरी रहेकोमा पुन घरायसी कारणले बिदा आवश्यक परेकाले विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड क्षेत्रीय निर्देशनालय भैरहवामा क्षेत्रीय निर्देशकको २०६९।०५।०६ को स्वीकृति निर्णय मुताविक २०६९।०५।०७ देखि २०६९।०८।१५ सम्म घर बिदामा बसेको र घर बिदा समाप्त भएपश्चात् पौष मसान्तसम्मको सञ्चित बिरामी बिदाबाट कट्टा हुने गरी बिदा स्वीकृतिका लागि २०६९।०९।१२ मा दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालयमा निवेदन दर्ता गरी कारबाही चलाएकोमा विपक्षीले सोको जानकारी नगराई चैत्र मसान्तमा भैरहवा क्षेत्रीय निर्देशनालयमा हाजिर हुन जाँदासमेत हाजिर नगराई झुलाई राखिएकोमा मिति २०७०।०६।०३ मा दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालयमा र २०७०।०६।०७ मा सञ्चालक समितिका अध्यक्षसमक्ष र २०७०।०६।१३ गते सञ्चालक समितिमा निवेदन गर्दासमेत मलाई कारबाही भएको जानकारी दिइएन। पटकपटकको निवेदनमा कुनै कारबाही नगरी एक्कासी २०७० साल असोज १५ गते गोरखापत्र दैनिकमा मेरो पक्ष रिट निवेदकलाई २०६९।०८।१६ देखि बिदा स्वीकृत नगराई लगातार ९० दिनभन्दा बढी कार्यालयमा उपस्थित नभएकाले र

सञ्चित बिरामी बिदाको लागि चिकित्सकको प्रेसक्रिप्सन विना २०६९ चैत्र मसान्तसम्मको बिदा मागेको भन्ने दोहोरो लिखित आधार देखाई नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०६१ को विनियम ९७ को उपविनियम (६) को खण्ड (घ) को अवस्था विद्यमान रहेकाले सोही विनियमावलीको विनियम ९३(क) को (१०) को अभियोगमा विनियम ८९(५) अनुसार भविष्यमा कम्पनीको सेवामा अयोग्य नठहरिने गरी मिति २०६९।०८।१६ देखि लागू हुने गरी सेवाबाट हटाउने भनी सञ्चालक समितिबाट मिति २०७०।०५।२१ मा भएको निर्णय गैरकानूनी र त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी यी निवेदकलाई आफ्नो पदमा बहाली गराउनु भन्ने परमादेशको आदेशसमेत जारी गरिपाउँ भनी गर्नुभएको बहस तथा प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय पिताम्बर भण्डारी र सुरज अधिकारीले विपक्षी निवेदकले असाधारण बिदा स्वीकृत गरी पाउनका लागि दिएको निवेदनअनुसार असाधारण बिदा स्वीकृत भएको र तत्पश्चात् पनि निवेदक आफ्नो पदमा वहाली भई पुन: केही समयपश्चात् घर बिदा स्वीकृत भएको समयावधिपश्चात पनि अनुपस्थित भई चिकित्सकको प्रेसक्रिप्सन विना सञ्चित बिरामी बिदा पाउँ भनी माग गरेपश्चात् पनि रिट निवेदक कार्यालयमा लामो समय अनुपस्थित रहेकाले निवेदकलाई दूरसञ्चार कम्पनी लिमिटेड विनियमावली, २०६१ को विनियम ८९(५) अनुसार सञ्चालक समितिले नोकरीबाट हटाउने निर्णय गरेको कार्य कानूनअनुरूप नै हुँदा रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

उपर्युक्तबमोजिमको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत निवेदनमा रिट निवेदकको निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा म निवेदकले २०६७।०९।०६ देखि २०६९।०९।०५ सम्म असाधारण बिदा स्वीकृत गराई बिदामा बसेकोमा बिदा समाप्त हुनुपूर्व नै मिति २०६९।०४।३१ मा आफ्नो कार्यालयमा हाजिर भई कामकाज गरेकोमा पुन: घरायसी कामले गर्दा बिदा लिन परेकाले २०६९।०५।०७ देखि २०६९।०८।१५ सम्मको घर बिदा स्वीकृत गराई बिदामा बसेकोमा तत्पश्चात् पनि २०६९ पौष मसान्तसम्मको सञ्चित बिरामी बिदाबाट कट्टा हुने गरी बिदा माग गरेकोमा सोको कुनै जानकारी मलाई नगराई म चैत्र २०६९ मा आफू कार्यरत नेपाल दूरसञ्चार कम्पनी लिमिटेड पश्चिम क्षेत्रीय निर्देशनालय भैरहवामा हाजिर हुन गएकोमा केन्द्रीय कार्यालयको मौखिक आदेशानुसार भनी मलाई हाजिर नगराई लामो समयसम्म झुलाई राखिएकोमा २०७० साल असोज १५ को गोरखापत्रमा २०६९।०८।१६ देखि बिदा स्वीकृत नगराई लगातार ९० दिनभन्दा बढी कार्यालयमा अनुपस्थित भएकाले दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०६१ को विनियम ९७ को उपनियम ६ को खण्ड (घ) को अवस्था विद्यमान रहेकाले सोही विनियमावलीको विनियम ९३(क) को (१४) को अभियोगमा विनियम ८९(५) अनुसार भविष्यमा कम्पनीको सेवामा अयोग्य नठहरिने गरी मिति २०६९।०८।१६ देखि नै लागू हुने गरी सेवाबाट हटाउने भनी सञ्चालक समितिको मिति २०७०।०५।२१ को निर्णय भएकोले निर्णयअनुसार जानकारी गर्नु हुन भन्ने सूचना प्रकाशित भएकाले के भएको रहेछ भनी विपक्षी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालयमा गई मिति २०७०।०७।०५ गते निर्णयको जानकारी प्राप्त गरेकोले सो निर्णयबाट मलाई अन्याय परेको र अन्य प्रभावकारी उपचारको बाटो नभएकाले उक्त मिति २०७०।०५।२१ को सञ्चालक समितिको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी पदमा बहाल गरिपाउँ भन्ने निवेदन दाबी तथा निवेदकले लामो समयसम्म बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहेकाले नेपाल दूरसञ्चार

कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०६१ बमोजिम नै भविष्यमा कम्पनीको सेवामा अयोग्य नठहरिने गरी सेवाबाट हटाउने निर्णय सञ्चालक समितिबाट गरिएको हुँदा सञ्चालक समितिको निर्णय कानूनसम्मत नै हुँदा बदर हुनुपर्ने होइन भन्नेसमेत विपक्षीहरूको लिखित जवाफ रहेको देखिन्छ।

३. निवेदक रोशनकुमार श्रेष्ठ नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सहायक लेखा अधिकृत पदमा कार्यरत रही मिति २०६७।०९।०६ देखि २०६९।०९।०५ सम्म असाधारण बिदामा रहनु भएकोमा कार्य सम्पन्न भएको हुनाले कार्यालयमा हाजिर हुन पाउँ भनी मिति २०६९।०४।२६ मा दिनु भएको निवेदन पेस हुँदा मिति २०६९।०५।०१ देखि २०६९।०९।०५ सम्मको स्वीकृत असाधारण बिदालाई रद्द गरी अब आइन्दा असाधारण बिदा उपलब्ध नगराउने गरी मिति २०६९।०५।०१ देखि पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय भैरहवा (आ.ले.प) शाखामा हाजिर गराई कामकाज लगाउने भनी मिति २०६९।०४।३१ मा निर्णय भएको हुँदा खटाइएको कार्यालयमा हाजिर भई कामकाज गर्नु हुन अनुरोध गरिन्छ भनी नेपाल टेलिकमको मिति २०६९।०४।३१ को क.प्र. ४/२-१५/०६९।७० (०६७/६८) च.नं. १३४ को पत्रमा उल्लिखित भएको देखिन्छ। तत्पश्चात् मिति २०६९।०५।०७ देखि २०६९।०८।१५ सम्म स्वीकृत घर बिदामा बस्नु भएकोमा स्वीकृत बिदा अवधि भुक्तानी भई हालसम्म पनि कार्यालयमा हाजिर हुन नआउनु भएको र कुनै सम्पर्कसमेत नगर्नुभएको बेहोरा जानकारी गराउँदै निजलाई आवश्यक विभागीय कारबाहीका लागि सिफारिस गरिएको भनी नेपाल टेलिकम पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयको मिति २०६९।०९।१९ को च.नं. १३०८ को पत्रबाट नेपाल टेलिकम केन्द्रीय कार्यालय जनशक्ति व्यवस्थापन विभाग काठमाडौंमा पत्राचार भएको देखिन्छ।

४. निवेदक रोशनकुमार श्रेष्ठले मिति २०६९।०९।१२ मा प्रवन्ध निर्देशक नेपाल टेलिकम केन्द्रीय कार्यालयलाई सम्बोधन गरी मिति २०६९।०८।१४ सम्म घर बिदा स्वीकृत भएको र हाल स्वास्थ्यको कारणले गर्दा कार्यालयमा उपस्थित हुन नसकेको र मिति २०६९ चैत्र मसान्तसम्म बिदा आवश्यक भएकोले मेरो सञ्चित बिरामी बिदा स्वीकृतको लागि निवेदन पेस गरेको छु भनी निवेदन पेस गरेको देखिन्छ।

५. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०६१ को दफा ६६ (२) मा लगातार सात दिनभन्दा बढी अवधिको बिरामी बिदाको अनुरोध गर्ने कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गर्नुपर्दछ भन्ने उल्लेख भएकोमा सोअनुरूप स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गरी बिरामी बिदाको माग गरेको भन्ने देखिन आउँदैन। यसै गरी विनियमावलीको विनियम ९३(क)(१०) मा बिदा स्वीकृत नगराई लगातार ९० दिनभन्दा बढी कार्यालयमा अनुपस्थित रहेमा भविष्यमा कम्पनीको सेवाको निमित्त अयोग्य नठहरिने गरी कम्पनीको सेवाबाट हटाउन सकिनेछ भन्ने व्यवस्थित भएको पाइन्छ।

६. निवेदक रोशनकुमार श्रेष्ठलाई नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको मिति २०७० साल भाद्र २१ गते केन्द्रीय कार्यालय काठमाडौंमा बसेको सञ्चालक समितिको ५५८ औं बैठकबाट यी निवेदक सहायक लेखा अधिकृत श्री रोशनकुमार श्रेष्ठ (३६३५) मिति २०६९।०८।१६ देखि कार्यालयमा अनुपस्थित रहँदै आउनु भएको र मिति २०६९ चैत्र मसान्तसम्म चिकित्सकको सर्टिफिकेट विना सञ्चित बिरामी बिदा मागको निवेदन दर्ता गराई हालसम्म कार्यालयमा अनुपस्थित रहँदै आउनु भएकोमा बिदाको मागबमोजिमको बिरामी बिदा स्वीकृत भएको अवस्था नदेखिएको तथा मिति २०६९।०८।१६ देखि बिदा स्वीकृत नगराई लगातार ९० दिनभन्दा बढी अवधि



नेपाल कानून पत्रिका

कार्यालयमा अनुपस्थित रहेको देखिएकोले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०६१ को विनियम ९७ को उपविनियम (६) को खण्ड (घ) को अवस्था विद्यमान रहेकोले सोही विनियमावलीको विनियम ९३(क) को सि.नं. (१०) को अभियोगमा विनियम ८९ को सि.नं. (५) अनुसार भविष्यमा कम्पनीको सेवाका लागि अयोग्य नठहरिने गरी कम्पनीको सेवाबाट हटाउने र त्यसरी हटाइएको जानकारी व्यवस्थापनले सम्बन्धित व्यक्तिलाई दिने भन्ने साथै कम्पनीले निजबाट रकम असुलउपर गर्नुपर्ने देखिएमा सम्पूर्ण रकम असुलउपर गरेपश्चात् मात्र छुटकारा प्रमाणपत्र दिने भन्ने निर्णय गरेअनुरूप सोको जनाउ मिति २०७०।०६।१५ को गोरखापत्रमा प्रकाशित गरेको देखिन्छ।

७. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०६१ को विनियम ९३(क)(१०) मा बिदा स्वीकृत नगराई लगातार ९० दिनभन्दा बढी कार्यालयमा अनुपस्थित रहेमा त्यस्तो कर्मचारीलाई भविष्यमा कम्पनीको सेवाका लागि अयोग्य नठहरिने गरी कम्पनीको सेवाबाट हटाउन सकिनेछ भन्ने उल्लिखित भएको पाइन्छ भने विनियमावलीको दफा ६६(२) मा लगातार ७ दिनभन्दा बढी अवधिको बिरामी बिदाको अनुरोध गर्ने कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ। यी निवेदक रोशनकुमार श्रेष्ठले मिति २०६९।०८।१५ सम्मको स्वीकृत घर बिदाको समाप्तिपश्चात् कार्यालयमा अनुपस्थित रही मिति २०६९ चैत्र मसान्तसम्म सञ्चित बिरामी बिदा स्वीकृत गरिपाउँ भनी २०६९।०९।१२ मा केन्द्रीय कार्यालयमा प्रवन्धक निर्देशकसमक्ष निवेदन पेस गरेको भएपनि सो निवेदनसाथ स्वीकृत चिकित्सकको सर्टिफिकेट पेस गरेको देखिन नआउनुको साथै बिदासमेत स्वीकृत भएको भन्ने कहिँकतैबाट देखिन आएन। यसैगरी यी निवेदक रोशनकुमार श्रेष्ठलाई हाजिर हुन आउनु भनी पटकपटक पत्राचार गर्दा पनि सो मुताबिक कार्यालयमा हाजिर भएको भन्ने कहिँकतैबाट खुल्न आएको देखिन आएन।

८. कुनै पनि संस्थाले कर्मचारीको नियुक्ति गर्दा केही उद्देश्य राखेको हुन्छ । कर्मचारीसम्बन्धी सेवा सर्तलाई कर्मचारीले पाउने र संस्थाले उपलब्ध गराउने सुविधाहरू लिपिबद्ध गरिराखेको अवस्थामा त्यस्तो सेवा सर्त प्रचलित कानूनसँग नबाझिएसम्म कर्मचारी तथा रोजगारदाता दुवैले समान रूपमा मान्नु पर्ने नै हुन्छ । कर्मचारीले सुविधाको दाबी गर्दै जाने र रोजगारदाताको लागि गर्नुपर्ने काममा लापरवाही गर्ने वा बद्नियत चिताई कुनै काम गर्ने वा तोकिएको काममा अटेर गरी बस्ने कर्मचारीलाई त्यस्तो सेवा सर्त एवं प्रचलित कानूनले पनि सुविधा दिन सक्दैन। सेवा सर्तले तोकेको पुर्वावस्थाहरू पूरा भएको अवस्थामा मात्र त्यसबमोजिमको सुविधाको माग गर्न मिल्छ । बिदा सदैव अधिकारको कुरा होइन । कर्मचारीले आफ्नो सेवा अवधिमा रोजगारदाताको हितमा तथा अनुशासनमा बसी काम गर्नुपर्ने हुन्छ । प्रारम्भमा मिति २०६७।०९।०६ देखि २०६९।०९।०५ सम्म असाधारण बिदा स्विकृत गराई बसेको भन्ने निवेदन जिकिर भए पनि यी निवेदक मिति २०६७।०७।२२ देखि २०६७।०९।०५ सम्म घर बिदामा बसेको, मिति २०६७।०९।०६ देखि अनुपस्थित रहेकोमा स्पष्टीकरणसहित उपस्थित हुन सूचना जारी भएको, पटकपटकको पत्राचार इत्यादिपश्चात् मिति २०६७।०९।०६ देखि २०६८।०९।०५ सम्म १ वर्ष असाधारण बिदा स्वीकृत भएको, त्यसपछि पनि अनुपस्थित भई बसेको कारण मिति २०६८।१२।२१ मा ३० दिनभित्र सम्पर्क राख्न पत्राचार गर्दा मिति २०६९।०१।०३ मा सञ्चित बिदा स्वीकृतिको माग गरेको, मिति २०६८।०२।१९ मा पुन: १ वर्ष असाधारण बिदा माग गरेपछि अन्तिम पटक भनी मिति २०६९।०९।०५ सम्म असाधारण बिदा स्वीकृत

गराए पनि मिति २०६९।०४।२६ मै हाजिर हुन माग गरेअनुसार मिति २०६९।०५।०१ देखि हाजिर गराए पनि २०६९।०८।१६ देखि विना सूचना अनुपस्थित भएको देखिन्छ । कर्मचारीको यसप्रकारबाट आफ्नो सुविधाको दाबी र प्रयोग गर्ने तर रोजगारदाताको हित एवं आफ्नो कर्तव्यतर्फ उदासिन हुने प्रवृत्तिलाई कानून तथा अदालतले पनि उदार दृष्टिकोणबाट हेर्न सक्दैन। नयाँनयाँ कारण देखाई बिदा माग गर्ने, विना पूर्वसूचना अनुपस्थित हुने र कारबाही भएको निर्णयउपर रिट दर्ता गर्ने कार्यमा सफा हातसमेत देखिँदैन । यसर्थ ९० दिनभन्दा बढी बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई भविष्यमा कम्पनीको सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको दूरसञ्चार कम्पनी लिमिटेड सञ्चालक समितिको मिति २०७०।०५।२१ को निर्णय कानूनविपरीत भन्न मिल्ने देखिन आएन।

९. तसर्थ माथि विवेचित आधार, कारण एवं कानूनी व्यवस्थाको आधारमा निवेदक रोशनकुमार श्रेष्ठलाई रीतपूर्वक चिकित्सकको प्रमाणपत्र पेस गरी बिरामी बिदाको माग गरेको देखिन नआएको तथा पटकपटक पत्राचार गरी हाजिर हुन आउनु भनी पत्राचार गर्दासमेत कार्यालयमा उपस्थित हुन आएको नदेखिएकोबाट भविष्यमा अयोग्य नठहरिने गरी कम्पनीको सेवाबाट हटाउने गरी मिति २०७०।०५।२१ मा भएको निर्णय कानूनसम्मत देखिन आएको हुँदा रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइ दिनू।

उक्त रायमा सहमत छु।
न्या.ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृतः कृष्णप्रसाद अधिकारी
इति संवत् २०७४ वैशाख ३ गते रोज १ शुभम्।

## निर्णय नं. १००३७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति : २०७५।३।२०
०७३-CR-०१६८

मुद्दाः- कर्तव्य ज्यान

पुनरावेदक / वादी : कास्की जिल्ला, माछापुच्छ्रे गा.वि.स. वडा नं.७ बस्ने जितबहादुर परियारको जाहेरीले नेपाल सरकार

विरूद्ध

विपक्षी / प्रतिवादी : कास्की जिल्ला, माछापुच्छ्रे गा.वि.स. वडा नं.७ बस्ने कुम्भसिंहको छोरा पदमबहादुर गुरूङसमेत

- **जाहेरीलाई अभियोग प्रमाणित गर्ने एक महत्त्वपूर्ण प्रमाण मानिन्छ तर जाहेरी दरखास्तमा उल्लेख भएको बेहोरा अन्य संकलित प्रमाणबाट समर्थित भएको हुनुपर्दछ । जाहेरी दरखास्त स्वयंमा निश्चयात्मक (Conclusive) प्रमाण होइन । अभियोग लगाइएको कुनै पनि व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्नुपूर्व जाहेरी दरखास्तको न्यायिक परीक्षण आवश्यक हुने।**
- **प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति स्वयम् साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको**

**स्थिति पनि विद्यमान हुनुपर्दछ । अन्यथा जाहेरीको बेहोराले अपराध पुष्टि गर्ने प्रामाणिक महत्त्व ग्रहण गर्न सक्ने नदेखिने ।**

(प्रकरण नं.३)

- **सहअभियुक्तको पोल आफैँमा सारभूत प्रमाण होइन, यो न्याय निर्क्योल गर्न एउटा थप आधार मात्र हो । यसैलाई मूल प्रमाण मानी इन्साफ गरिने पनि होइन । सहअभियुक्तको पोल स्वतन्त्र प्रमाणबाट समर्थित हुनुपर्छ तब मात्र त्यसलाई प्रमाणको रूपमा लिन सकिन्छ । त्यसरी समर्थित नभएमा प्रमाणमा लिन मिल्ने देखिँदैन । सहअभियुक्तले अपराध गर्नमा समान दायित्व कवुल गरी पोल गरेको नदेखिएको अवस्थामा सहअभियुक्तको पोल कसुर कायम गर्ने आधारभूत प्रमाणको रूपमा स्थापित हुने नदेखिने ।**

(प्रकरण नं.४)

पुनरावेदक / वादीका तर्फबाट : शाखा अधिकृत श्री नुमराज खनाल
विपक्षी / प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्नेः
मा. न्यायाधीश श्री पुरूषोत्तम प्रसाद ढकाल
कास्की जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री सत्यराज गुरूङ
माननीय न्यायाधीश श्री द्वारिकामान जोशी
पुनरावेदन अदालत पोखरा

फैसला

**न्या.ईश्वरप्रसाद खतिवडा :** तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः-

**जाहेरी दरखास्त:**

मिति २०६१/१/२८ गते साँझ विनोद गुरूङले मेरो छोराहरूसँग मकै खन्न नआएको भनी निहुँ खोजी विनोद गुरूङसमेतका व्यक्तिहरूले छोरा रामबहादुर परियार र किसान परियारलाई हात मुक्का तथा दाउरासमेतले हानी सख्त घाइते बनाएकोमा तत्काल उपचारको लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा ल्याई उपचार गराएकोमा किसान परियारको सोही चोट पीडाबाट मृत्यु भएको र रामबहादुर परियारको स्वास्थ्यमा केही सुधार आएको हुँदा विनोद गुरूङसमेतका व्यक्तिहरूउपर कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको जाहेरी दरखास्त ।

**लास जाँच मुचुल्काः**

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराको मुर्दा घरभित्र किसान परियारको उत्तानो अवस्थामा मृतक लास रहेको, टाउकोको अगाडि काटेको घाउ, गाला सुन्निएको, नाकबाट रगत आई सुकेको, सर्ट तथा पाइन्टमा रगत लागेको भन्नेसमेत बेहोराको लास जाँच मुचुल्का ।

**रामबहादुर परियारको कागजः**

मिति २०६१/१/२८ गते विनोद गुरूङले मकै खन्न बोलाएकाले सो दिन मकै खन्न नगएको हुँदा साँझ निजसमेतका जाहेरीमा उल्लिखित मानिसहरू रक्सी सेवन गरी मकै खन्न किन नआएको भनी निहुँ खोजी मलाई तथा भाइ किसान परियारलाई हात मुक्का तथा दाउराले शरीरको संवेदनशील भागमा प्रहार गरी सख्त

घाइते बनाएकोमा हामीहरूले तत्काल पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा ल्याई उपचार गराएकोमा भाइ किसान परियारको सोही चोट पीडाबाट उपचार हुँदाहुँदै मृत्यु भएको र मेरो स्वास्थ्यमा केही सुधार आएको हो भन्नेसमेत बेहोराको घाइते रामबहादुर परियारको कागज।

**घटनास्थल मुचुल्काः**

कास्की माछापुच्छ्रे गा.वि.स. वडा नं. ७ मिरिसा भन्ने स्थान जाहेरवाला जीतबहादुर परियारको बारी, उक्त बारी घरदेखि ३० हात पूर्व रहेको, सो बारीमा केही मडारिएको, मिति २०६१/१/२८ गते जाहेरीमा उल्लिखित विनोद गुरूङसमेतका व्यक्तिहरूले हात मुक्का तथा दाउरासमेतले प्रहार गरी घाइते बनाएको घटनास्थल ठिक छ भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का।

**पोस्टमार्टम रिपोर्टः**

टाउकोको चोट पीडाबाट मृत्यु भएको भन्नेसमेत बेहोराको मृतक किसान परियारको नामको लास पोस्टमार्टम रिपोर्ट।

**प्रतिवादी विनोद गुरूङको मौकाको बयान कागजः**

मिति २०६१/१/२८ गतेका दिन जाहेरवालाको छोरा रामबहादुर परियारलाई मकै खन्न भनी बोलाएकोमा खन्न आउन सक्दैन भनेकोले सो दिन मकै नखनी घर बस्यौँ। साँझ म, सुर्य परियार, पदम गुरूङ भई ३ जना घरतर्फ जाँदा बाटोमा भेषे दर्जीको घरनजिक जाहेरवालाको छोरा रामबहादुर परियारलाई भेटी किन मकै खन्न नआएको भनी भन्दा निज आवेशमा आई वादविवाद गर्न थालेपछि निज र मेरोबीच हात हालाहाल हुँदा निजको भाइ किसान परियारले हातमा हँसिया लिई आएको देखी मेरो साथी सुर्य परियार र पदम गुरूङसमेतले निज रामबहादुर, किसान परियारलाई हातपात गर्न थालेपछि किसान परियारले पछाडिबाट मेरो टाउकोमा हँसियाले हानी घाइते बनाएकोले हामी केही समय सोही ठाउँमा नै बस्यौँ। मेरो टाउकोमा चोट लागेको कारण रिस उठी जाहेरवालाको घरमा भेषे दर्जी, सुर्य परियार, खजना गुरूङ, सोमबहादुर परियार, रेला दर्जी, मिरू गुरूङ, पदम गुरूङ, रेला दर्जीको आमासमेत भई जाँदा घरबाहिर रामबहादुर परियार र किसान परियारलाई हात मुक्काले प्रहार गरेको र म तथा सुर्यबहादुर परियारले दाउराले निजहरूलाई प्रहार गरी सख्त घाइते बनाई छाडेकोमा घाइते किसान परियारको हामीहरूले प्रहार गरेको चोट पीडाबाट मृत्यु भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी विनोद गुरूङको साबिती बयान कागज।

**प्रतिवादी सुर्य परियारको मौकाको बयान कागजः**

मिति २०६१/१/२८ गतेका दिन साँझ विनोद गुरूङले मकै खन्न नआएको भनी रामबहादुर परियार र किसान परियारसँग वादविवाद हुँदा किसान परियारले हँसियाले विनोद गुरूङको टाउकोमा हानी चोट पुऱ्याएकाले पछि निजको घरमा रेला दर्जी, निजको आमा, पदम गुरूङ, सोमबहादुर परियार, भेषे दर्जी, खजना गुरूङ, मिरू गुरूङ, विनोद गुरूङसमेत गई म र विनोद गुरूङले निजहरूलाई दाउराले प्रहार गरेको र अन्य व्यक्तिहरूले हात मुक्काले हानी सख्त घाइते बनाएकोमा किसान परियारको सोही चोट पीडाबाट मृत्यु भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी सुर्य परियारको साबिती बयान कागज।

**भिमबहादुर गुरूङको कागजः**

मिति २०६१/१/२८ गतेका साँझ पदम गुरूङ, भेषे दर्जी, सोमबहादुर परियार, मिरू गुरूङ, रेला दर्जी, खजना गुरूङ, रेला दर्जीको आमा, सुर्य परियार र विनोद गुरूङसमेतका व्यक्तिहरूले जाहेरवालाको

छोराहरूलाई हात मुक्का तथा दाउरासमेतले हानी सख्त घाइते बनाएकोमा घाइते किसान परियारको निजहरूले कुटपिट गरेको चोट पीडाबाट मृत्यु भएको हो भन्नेसमेत बेहोराको भिमबहादुर गुरूङको कागज।

**पोडे परियारको कागजः**

मिति २०६१/१/२८ गतेका दिन जाहेरीमा उल्लिखित विनोद गुरूङसमेतका व्यक्तिहरूले जाहेरवालाको छोरा रामबहादुर परियार र किसान परियारलाई मकै खन्न नआएको निहुँमा वादविवाद गरी मुक्का तथा दाउरासमेतले हानी सख्त घाइते बनाएकोमा घाइते किसान परियारको सोही चोट पीडाबाट मृत्यु भएको कुरा सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको पोडे परियारको कागज।

**प्रतिवादी विनोद गुरूङको नामको घाउ जाँच केस फाराम रिपोर्टः**

टाउको तथा हातमा धारिलो हतियारले काटेको चोट भन्नेसमेत बेहोराको प्रतिवादी विनोद गुरूङको नामको घाउ जाँच केस फाराम रिपोर्ट।

**अभियोगपत्रः**

मिति २०६१/१/२८ गते किसान परियार प्रतिवादी विनोद गुरूङको घरमा मकै खन्न नआएको भन्ने रिसइवीका कारण जाहेरीमा उल्लिखित विनोद गुरूङसमेतका प्रतिवादीहरू किसान परियारको घरमा नै झैझगडा गरी किसान परियारलाई प्रतिवादी विनोद गुरूङले दाउराले र प्रतिवादी सुर्य परियारले लाठीले तथा जाहेरीमा उल्लिखित अन्य प्रतिवादीहरूले हात मुक्काले किसान परियार र किसान परियारका दाजु रामबहादुर परियारलाई कुटपिट गरेकोमा रामबहादुर परियार घाइते भएको र किसान परियार सोही चोटको कारण मिति २०६१/१/३० गते मृत्यु भएको मिसिल संलग्न जाहेरी दरखास्त, लास जाँच मुचुल्का, पोस्टमार्टम रिपोर्ट, पक्राउ परेका प्रतिवादीहरूको बयान र पीडित घाइते रामबहादुर परियार र बुझिएका मानिसहरूको कागजसमेतका आधार प्रमाणहरूबाट विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरू विनोद गुरूङ, सुर्य परियार, भेषे दर्जी, सोमबहादुर परियार, पदम गुरूङ, मिरू गुरूङ, रेला दर्जी, खजना गुरूङ नाम नखुलेको प्रतिवादी रेला दर्जीकी आमासमेत जना ९ ले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुर अपराध गरेको पुष्टि हुन आएकोले निजहरूलाई सोही ऐनको दफा १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र।

**प्रतिवादी सुर्य परियारले सुरू अदालतमा गरेका बयानः**

मिति २०६१/१/२८ गते मैले केही मादक पदार्थ सेवन गरेको थिएँ। सहप्रतिवादी विनोद गुरूङले मृतक किसानलाई चिरूवा दाउराले टाउकोमा हानेका कारणबाट किसान भुइँमा ढलेपछि मात्र मैले नशाको सुरमा मृतक किसानलाई हानेकोसम्म हुँ। सहप्रतिवादी विनोद गुरूङले हानेको चोट पीडाबाट किसान मरेको हो। मैले किसानलाई मार्ने नै मनसायले लाठीले हानेको थिइनँ। नशाको सुरमा साधारण लाठीले सम्म हानेको हुँ। मृतकलाई मैले हानेको चोट पीडाबाट मृत्यु भएको नहुँदा अभियोग दाबीबमोजिमको सजाय पाउनु पर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी सुर्य परियारले गरेको बयान।

**प्रतिवादी विनोद गुरूङले सुरू अदालतमा गरेका बयानः**

किसान परियारले पछाडिबाट मलाई हातमा लिएको हँसियाले टाउकोमा प्रहार गरेपछि भित्तामा ठोक्किन पुगेँ। मलाई निज किसान परियारले पुनः हँसियाले हान्न खोज्दा मैले हातले रोकेँ। किसानले मलाई अगाडिबाट हँसियाले हान्दा मेरो दायाँ हातका

औंला र टाउकोमा काटियो, म ढलेँ। पछि मैले एउटा चिर्पट दाउरा भेटेँ र आफ्नो ज्यान जोगाउनका लागि दाउराले एकचोटि टाउकोमा हानेको हो। रामबहादुरलाई पनि त्यही दाउराले हानेको हो । त्यसपछि म आफैँ ढलेछु । दोहोरो हानाहान भएको बेला सुर्य परियारसमेतले त्यहीँ अर्को लाठीले किसानलाई हानेको हो। मेरा आमा र साथीहरू आएर मलाई घरमा लगेका हुन्। भोलिपल्ट बिहान औषधी गरी मेरो मामाको घर गगनगौंडातिर गएँ। पर्सिपल्ट मृतक किसान परियार मरे भन्ने थाहा पाएँ। गल्ती मृतक र मृतकका दाजुको हो तापनि मैले हानेको चोट पीडाले किसान परियारको मृत्यु भएकाले कानूनबमोजिम सजाय होस् भन्नेसमेत बेहोराको प्रतिवादी विनोद गुरूङले गरेको बयान।

**म्यादै गुजारी बसेका प्रतिवादीहरू:**

प्रतिवादीहरू पदम गुरूङ, मिरू गुरूङ, सोमबहादुर परियार, भेषे दर्जी, खजना गुरूङ, रेला दर्जी, रेला दर्जीको आमा नाम थाहा नभएकी महिला अं. वर्ष ३४ का नाउँमा यस अदालतबाट जारी भई गएको म्यादी पुर्जी निजहरूका नाउँमा मिति २०६१/११/२८ मा तामेल भएकोमा उक्त तामेली म्यादभित्र हाजिर हुन नआई सुरू म्यादै गुजारी बसेका रहेछन्।

**मिति २०६२/११/९ मा भएको सुरू अदालतको फैसलाः**

चिरपट दाउरा र लाठीजस्ता वस्तुले मृतकको टाउकोसमेतमा गरेको प्रहारबाट किसान परियारको मृत्यु भएको देखिँदा प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर गरेको देखिन आयो। प्रतिवादी सुर्य परियार र विनोद गुरूङलाई सोही ऐनको १३(३) अनुसार जन्मकैद हुने ठहर्छ। प्रतिवादी विनोद गुरूङ र सुर्य परियारको उमेर वारदात गर्दाको अवस्था १६/१७ वर्षको मात्र देखिन्छ। प्रतिवादीहरूले ज्यानै लिने पुरानो रिसइवी भएको कारण कर्तव्य गरी मारेको अवस्था पनि देखिन आउँदैन । घटना घटेको बखत रक्सी सेवन गरेको भन्ने प्रस्ट देखिन्छ । प्रतिवादीमध्येका विनोद गुरूङलाई मृतकले हतियारसमेत पहिला छोडेको भन्ने प्रतिवादीको बयान कागज तथा मिसिल सामेल घा-जाँच केस फारामबाट समेत देखिन आएको छ । किसान परियारको घटना घटेको समयमा तत्काल मृत्यु भएको नभई २ दिनको अन्तरालमा मरेको देखिन्छ । प्रतिवादीहरूले आफूले गरेको कसुर अदालतमा समेत आएर स्वीकार गरी इमान्दारितासमेत देखाएको कारणले अपराध हुँदाको अवस्था विचार गर्दा प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले निजहरूलाई जनही १० (दश) वर्ष कैद गर्न उपयुक्त हुँदा अ.बं. १८८ नं. बमोजिम राय पेस गरिएको छ भन्नेसमेत फैसला भई फरारी प्रतिवादी भेषे दर्जी, सोमबहादुर परियार, पदम गुरूङ, निरू गुरूङ, रेला दर्जी, खजना गुरूङ तथा रेला दर्जीको आमा वर्ष ३४ की नाम थाहा नभएकीको हकमा प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं. १९० नं. बमोजिम मुलतबी राखी दिएको छ भन्नेसमेत बेहोराको सुरू अदालतबाट भएको फैसला।

**सुरू अदालतको आदेशानुसार मुलतबीबाट मुद्दा जागेकोः**

प्रतिवादी चित्रकुमारी दमाई, पदमबहादुर गुरूङ र खजना गुरूङको हकमा मुद्दा क्रमशः मिति २०७१।०१।०८, मिति २०७१।५।२९ र मिति २०७१।७।२३ का आदेशानुसार मुलतबीबाट जागेको।

**प्रतिवादी चित्रकुमारी दमाईले सुरू अदालतमा गरेका बयानः**

मिति २०६१।१।२८ गते साँझ निज किसान परियारको घर वारदातस्थलमा म गएको होइन ।

मैले निज किसान परियारलाई कुटपिट गरेकोसमेत होइन। मेराउपरको अभियोग दाबी झुट्ठा हो। प्रतिवादी विनोद परियारसमेतले अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गर्दा के कसरी मसमेत गई कुटपिट गरेको भनी लेखाए सो मलाई थाहा छैन। मैले हात, मुक्काले हानेकोसमेत होइन। विनोद गुरूङसमेतले दाउराले हानी निज किसान परियारको मृत्यु भएको भन्ने कुरा भोलिपल्ट बिहान मात्र थाहा पाएकी हुँ। म बालबच्चा भएकी महिलाले बच्चाहरू झगडा गरेको ठाउँमा गई छुट्ट्याउनु पर्नेमा उल्टो मैले कुटपिट गरेको भनी लगाएको आरोप झुट्ठा हुँदा मैले अभियोग दाबीबमोजिम सजाय पाउनु पर्ने होइन, सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी चित्रकुमारी दमाईले सुरू अदालतमा गरेको बयान।

**प्रतिवादी खजना गुरूङले सुरू अदालतमा गरेका बयानः**

मैले जाहेरवालाका छोराहरूलाई हात, मुक्कासमेतले कुटपिट गरेको केही होइन। म सो घटनास्थलमा थिइनँ। घटनास्थलमा हो-हल्ला भई हारगुहारको आवाज आएकोले म त्यहाँ के भयो भनी गएको हुँ। म त्यहाँ पुग्दा रामबहादुर परियार र किसान परियार भुइँमा लडिरहेका थिए। प्रतिवादीमध्येका विनोद गुरूङसमेत त्यहाँ थिएनन्। मैले त्यहाँ गई घाइतेलाई पट्टीसमेत बाँधी दिएको हुँ। मैले कुनै कुटपिट नगरेको हुँदा मेराउपरको अभियोपत्र झुट्ठा हो भन्नेसमेत बेहोराको प्रतिवादी खजना गुरूङले सुरू अदालतमा गरेको बयान।

**प्रतिवादी पदमबहादुर गुरूङले सुरू अदालतमा गरेका बयानः**

मेराउपर लगाइएको अभियोग झुट्ठा हो। मैले यी घाइते रामबहादुर परियार र मृतक किसान परियारलाई कुटपिट गरेको होइन। मिति २०७१/१/२८ गते घटनास्थलसमेत गएको होइन, किन जाहेरी दिए थाहा भएन। अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी पदमबहादुर गुरूङले सुरू अदालतमा गरेको बयान।

**प्रतिवादीका साक्षी सुर्जे गुरूङ र मिनाकुमारी गुरूङले गरेको बकपत्रः**

विनोद गुरूङ, सुर्य परियार र किसान परियारको बीचमा झगडा भएको रहेछ। झगडा भएको खबर पाएपछि त्यहाँ जाँदा पदमबहादुर गुरूङ झगडा गरेको ठाउँमा थिएनन्। उनी गाउँमा नै थिए। यी प्रतिवादीले किसान परियारलाई घटनास्थलमा गई कुटपिट गरेका होइनन् भन्ने एकै मिलान बेहोराको सुर्जे गुरूङ र मिनाकुमारी गुरूङले गरेको बकपत्र।

**सुरू अदालतको मिति २०७१।१२।१५ गतेको फैसलाः**

मृतकलाई यी प्रतिवादीहरूले के कुन हतियार प्रयोग गरेको भन्ने जाहेरी बेहोराबाट देखिँदैन। मौकाको वारदातमा मृतक किसान दर्जीसँगै घाइते भएका रामबहादुर परियारको कागजबाट वारदातस्थलमा यी प्रतिवादीहरूको उपस्थिति रहेको भन्ने देखिँदैन। अदालतमा बयान गर्दा दुवै सहअभियुक्तहरूले आफूहरूले मात्र कसुर गरेको स्वीकार गरी बयान गरेको र यी प्रतिवादीहरूलाई कसुरमा पोल गर्न सकेको देखिँदैन। यी प्रतिवादीहरू उपरको वादीले लिएको अभियोग दाबी शंङ्कारहित तबरले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षले पुष्टि गर्न नसकेकोले प्रतिवादीहरू उपरको अभियोग दाबी पुग्न नसक्ने भई प्रतिवादीहरू चित्रकुमारी दमाई, खजना गुरूङ र पदमबहादुर गुरूङले प्रस्तुत अभियोग दाबीको कसुरबाट सफाइ पाउने ठहर्छ भन्नेसमेत बेहोराको सुरू कास्की जिल्ला अदालतको मिति २०७१/१२/१५ को फैसला।

**पुनरावेदन अदालतमा पेस गरेको पुनरावेदन पत्रः**

सुरूको फैसलामा चित्त बुझेन । प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूसमेत भई मिति २०६१/१/२८ मा किसान परियारलाई लात्ता, मुक्का र दाउराले टाउकोसमेतमा प्रहार गरेकोमा सोही चोट पीडाको कारण उपचारको क्रममा किसान परियारको मिति २०६१/१/३० मा मृत्यु भएको भन्ने किटानी जाहेरी, मौकामा पक्राउ परेका प्रतिवादी विनोद गुरूङ र सुर्य परियार साबित रही यी प्रत्यर्थी प्रतिवादीहरूसमेत सो वारदातमा संलग्नता रहेको भनी पोल गरेको देखिएको छ । सहप्रतिवादीहरू सुर्य परियार, विनोद गुरूङ तथा यी प्रतिवादीको उक्त वारदातमा समान संलग्नता र समान हैसियत देखिएको अवस्थामा यी प्रत्यर्थी प्रतिवादी चित्रकुमारी दमाई अदालतमा इन्कार रहेपनि सो इन्कारी अन्य प्रमाणबाट समर्थित नभएको स्थितिमा कसुरबाटै सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ । प्रतिवादी खजना गुरूङसमेतका व्यक्तिहरूले किसान परियार र रामबहादुर परियारसमेतलाई कुटपिट गर्ने कार्य गरेका थिए भनी मौकामा पक्राउ परेका प्रतिवादी विनोद गुरूङसमेत आफूहरू साबित रही पोल गरेको अवस्था छ भने अदालतमा आफूहरूले कुटपिट गरेको र अन्य प्रतिवादीहरू घटनास्थलमै रहे भएको कुरा लेखाई दिएका छन् । प्रतिवादीमध्येका पदमबहादुर गुरूङसमेत उपर किटानी जाहेरी परेको, वारदातपश्चात् फरार रहेका, अदालतमा बयान गर्दा कुटपिटमा आफ्नो संलग्नता नरहेको भने पनि सो कुरा अन्य प्रमाणबाट पुष्टि नभएको, सहअभियुक्तहरू उपर कसुर ठहर भई अन्तिम फैसला भई कैद भुक्तान गरिरहेको अवस्थामा यी प्रतिवादीहरूले आफूहरू वारदातमा नरहेको भन्ने अदालतमा भएको इन्कारी बयान अन्य प्रमाणले पुष्टि नगरेको स्थितिमा पनि आरोपित कसुरबाटै सफाइ दिने गरी भएको त्रुटिपूर्ण फैसला बदर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेद पत्र ।

**पुनरावेदन अदालत पोखराको मिति २०७२।१२।२५ गतेको फैसलाः**

अभियोजन पक्षले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गर्ने आपराधिक मनसाय राखी आपराधिक कार्य गरेको र उक्त कार्यको परिणामको पूर्वजानकारी र परिणाम घटाउने इच्छासमेत यो यसरी रहेको भनी वस्तुनिष्ठ एवं विश्वसनीय प्रमाण प्रस्तुत गर्न नसकेको परिप्रेक्ष्यमा अनुमान र अड्कलको आधारमा अभियोग दाबीबमोजिम निज प्रतिवादीहरूलाई कसुरदार ठहर्‍याई सजाय मिल्दैन । अतः सुरू अदालतबाट यी प्रतिवादी पदमबहादुर गुरूङ, खजना गुरूङ, चित्रकुमारी दमाईलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याई भएको फैसलालाई अन्यथा मान्न मिलेन भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पोखराको फैसला ।

**सर्वोच्च अदालतमा पेस गरेको पुनरावेदन पत्रः**

प्रतिवादी पदमबहादुर गुरूङ, चित्रकुमारी दमाई र खजना गुरूङउपर समेत किटानी जाहेरी परेको, आरोपित कसुर अपराधबाट उन्मुक्ति पाउने अभिप्रायले छलछाम गरी मौकाको अनुसन्धानका क्रममा र अदालतको आदेशसमेतको अवज्ञा गरी म्यादमा हाजिर नभई लुकीछिपी बसी मुद्दा फैसला भई आफ्नो हकमा मुल्तबी रहेपश्चात् मात्र अदालतसमक्ष उपस्थित भई बयान गर्दा आरोपित कसुरमा इन्कार रहन खोजे तापनि स्वयं खजना गुरूङ आफू वारदातको समय वारदातस्थलमा उपस्थित भएको तथ्यलाई स्वीकार गरेकी छन् । निजसमेतको उक्त वारदातमा सहभागिता रहेको तथ्यलाई मौकाको जाहेरीलगायत प्रतिवादी विनोद गुरूङ, सुर्य परियारको मौकाको बयान, मौकामा कागज गर्ने घाइते रामबहादुर परियार, भिमबहादुर

गुरूङ, पोडे परियारसमेतको भनाई लेखाइबाट थप पुष्टि भइरहेको छ। सहप्रतिवादीहरू विनोद गुरूङ र सुर्य परियारले अनुसन्धानको क्रममा बयान गर्दा कसुरमा पूर्णतः साबित हुँदै यी प्रतिवादीहरू पदमबहादुर गुरूङ, चित्रकुमारी दमाई र खजना गुरूङसमेतले पनि मृतक किसान दर्जीलाई लात, मुक्कासमेतले प्रहार गरेको भन्ने पोल गरेको अवस्थामा सबुद प्रमाणहरूको न्यायोचित मूल्याङ्कन नगरी निजहरूलाई सफाइ दिएको कास्की जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पोखराबाट भएको उक्त फैसला बदर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र।

नियमबमोजिम आजको दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न सम्पूर्ण कागजातहरू अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित शाखा अधिकृत श्री नुमराज खनालले यी प्रतिवादीहरू उपर किटानी जाहेरी परेको, प्रतिवादीमध्येका विनोद गुरूङ र सुर्य परियार आफू साबित भई यी प्रतिवादीहरूलाई पोल गरेका, मौकामा बुझिएका व्यक्तिहरूले यी प्रतिवादीहरू समेतले कुटपिट गरेका कारण किसान परियारको मृत्यु भएको भनी कागज गरेका प्रमाणसमेतबाट घटना बारदातमा यी प्रतिवादीहरू पदमबहादुर, खजना गुरूङ र चित्रबहादुर गुरूङसमेतको संलग्नता पुष्टि भएको हुँदाहुँदै यी प्रतिवादीलाई सफाइ दिने गरी भएको सुरु जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पोखराको फैसला बदर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

अब यसमा सुरू कास्की जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७२।१२।२५ को फैसला मिलेको छ छैन ? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी सुर्य परियारसमतेका ९ जनाले मृतक किसान परियारलाई मिति २०६१।१।२८ गतेका दिन प्रतिवादी विनोद गुरूङको बारीमा मकै खन्न नआएको रिसइवीका कारण मृतकको घरमा गई झगडा गरी प्रतिवादी विनोद गुरूङले दाउराले, प्रतिवादी सुर्य परियारले लाठीले तथा अन्य प्रतिवादीहरूले हात मुक्काले किसान परियार र निजको दाजु रामबहादुर परियारलाई कुटपिट गरेकोमा किसान परियारको सोही चोटका कारण मिति ०६१।१।३० मा मृत्यु भएको हुँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. विपरीतको कसुर अपराधमा ऐ. १३ (३) बमोजिम सजाय गरिपाउँ भनी अभियोग दायर भएको देखियो। सुरू अदालतबाट जारी भएको वारेन्ट र म्यादी पुर्जीमा उपस्थित नभई तामेली म्याद गुजारी बस्ने पदमबहादुर गुरूङसमेत ७ जना प्रतिवादीको हकमा अ.बं.१९० नं. बमोजिम मुद्दा मुलतबीमा राखी प्रतिवादीमध्येका सुर्य परियार र विनोद गुरूङलाई कसुरदार कायम गरी ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैद सजाय हुने ठहऱ्याई अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद गर्नु उपर्युक्त हुने भनी रायसमेत व्यक्त गरी मिति ०६२।११।९ मा सुरू कास्की जिल्ला अदालतबाट फैसला भएको देखियो। सो फैसलाउपर साधक जाहेर भई पुनरावेदन अदालत पोखरामा पेस भएकोमा उक्त अदालतले सुरू जिल्ला अदालतको फैसला र अ.बं.१८८ नं. बमोजिम व्यक्त भएको रायसमेत सदर गरी मिति ०६४।८।१० मा फैसला गरेको पाइयो। सो फैसलाउपर प्रतिवादीमध्येका सुर्य परियारको पुनरावेदन परी पुनरावेदनको रोहमा र प्रतिवादीमध्येका विनोद गुरूङको हकमा साधकको रोहमा यस अदालतमा पेस भई पुनरावेदन अदालत पोखराको फैसला सदर गरी मिति २०६९।०३।३१ मा फैसला भएको देखियो। प्रतिवादीमध्येका पदम गुरूङसमेत ७ जना प्रतिवादीको हकमा अ.बं. १९० नं. बमोजिम

मुल्तबी रहेको प्रस्तुत मुद्दामा प्रतिवादी पदमबहादुर गुरूङ, खजना गुरूङ र चित्रकुमारी दमाईको हकमा मुल्तबीबाट जगाई यी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ हुने ठहर गरेको सुरू जिल्ला अदालत कास्कीको मिति २०७१।१२।१५ गतेको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पोखराको मिति २०७२।१२।२५ गतेको फैसलाउपर चित्त नबुझी वादी नेपाल सरकारको यस अदालतमा प्रस्तुत पुनरावेदन परेको पाइयो।

३. वादी नेपाल सरकारले पुनरावेदन पत्रमा यी प्रतिवादीहरू पदमबहादुर गुरूङ, खजना गुरूङ र चित्रकुमारी दमाईउपरसमेत पनि किटानी जाहेरी परेको र सहअभियुक्त विनोद गुरूङ र सुर्य परियार आफू साबित भई यी प्रतिवादीहरूलाई पोल गरेको अवस्थामा पनि प्रतिवादीहरूलाई सफाइ दिने गरेको सुरू कास्की जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पोखराको फैसला उल्टी गरिपाउँ भनी मुख्य पुनरावेदन जिकिर रहेको देखियो। कुनै पनि फौजदारी मुद्दाको अनुसन्धान गरी अभियोग पुष्टि गर्ने क्रममा जाहेरी दरखास्तको महत्त्वपूर्ण भूमिका रहन्छ । जाहेरी दरखास्तमा लेखिएका कुराहरूलाई आधार बनाई अपराधको अनुसन्धानकर्ताले अपराधको सम्बन्धमा महत्त्वपूर्ण सूचना संकलन गरी सम्भाव्य अपराधीको पहिचान गर्न र अपराध पुष्टि गर्न सहयोग प्राप्त गर्दछ। जाहेरीलाई अभियोग प्रमाणित गर्ने एक महत्त्वपूर्ण प्रमाण मानिन्छ तर जाहेरी दरखास्तमा उल्लेख भएको बेहोरा अन्य संकलित प्रमाणबाट समर्थित भएको हुनुपर्दछ । जाहेरी दरखास्त स्वयंमा निश्चयात्मक (Conclusive) प्रमाण होइन। अभियोग लगाइएको कुनै पनि व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्नुपूर्व जाहेरी दरखास्तको न्यायिक परीक्षण आवश्यक हुन्छ । प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति स्वयम् साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थिति पनि विद्यमान हुनुपर्दछ । अन्यथा जाहेरीको बेहोराले अपराध पुष्टि गर्ने प्रामाणिक महत्त्व ग्रहण गर्न सक्ने देखिँदैन। प्रस्तुत मुद्दाको जाहेरी बेहोरा हेर्दा प्रतिवादी चित्रकुमारी दमाईको नाम किटानी रूपमा जाहेरीमा उल्लेख गर्न नसकेको, प्रतिवादी पदमबहादुर गुरूङसमेतले छोराहरूलाई दाउराले हानेको तथा प्रतिवादी खजाना गुरूङले छोरालाई घरपछाडि बोलाई लगेको भनी उल्लेख गरेको देखिन्छ। जाहेरी बेहोरामा यी प्रतिवादीहरूले के कस्तो हतियार वा काठ दाउरा प्रयोग गरी मृतकलाई मार्नमा यो यसको यस्तो भूमिका रह्यो भनी उल्लेख गरेको देखिँदैन। जाहेरवालालाई अभियोजन पक्षले साक्षीको रूपमा अदालतमा उपस्थित गराई जाहेरी दरखास्तमा लेखिएको कुरालाई समर्थन गराउन सकेको अवस्था पनि देखिएन। यस्तो अवस्थामा किटानी जाहेरी परेकै आधारमा अभियोग दाबीबमोजिम यी प्रतिवादीहरूलाई सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

४. सहअभियुक्त विनोद गुरूङ र सुर्य परियार आफू साबित भई यी प्रतिवादीहरूलाई पोल गरेको अवस्थामा पनि प्रतिवादीहरूलाई सफाइ दिने गरेको भन्ने पुनरावेदन जिकिर देखिन्छ । सहअभियुक्तको पोल आफैँमा सारभूत प्रमाण होइन, यो न्याय निर्क्योल गर्न एउटा थप आधार मात्र हो। यसैलाई मूल प्रमाण मानी इन्साफ गरिने पनि होइन। सहअभियुक्तको पोल स्वतन्त्र प्रमाणबाट समर्थित हुनुपर्छ तब मात्र त्यसलाई प्रमाणको रूपमा लिन सकिन्छ । त्यसरी समर्थित नभएमा प्रमाणमा लिन मिल्ने देखिँदैन। सहअभियुक्तले अपराध गर्नमा समान दायित्व कबुल गरी पोल गरेको नदेखिएको अवस्थामा सहअभियुक्तको पोल कसुर कायम गर्ने आधारभूत प्रमाणको रूपमा स्थापित हुने देखिएन । मौकामा बयान गर्ने सहप्रतिवादी विनोद गुरूङ र सुर्यबहादुर परियारले यी प्रतिवादीसमेत

वारदातमा उपस्थित भई घाइते रामबहादुर र मृतक किसान परियारलाई हात मुक्कासमेतले चोट छाडेको भने तापनि सुरू अदालतसमक्ष दुवै सहप्रतिवादीले कसुर आफूहरूले मात्र गरेको तथ्य स्वीकार गरी बयान गरेको पाइयो । यी प्रतिवादीहरू उपर पोल गर्न सकेको देखिँदैन । मौकामा बुझिएका भीमबहादुर गुरूङ, पोडे परियारसमेतका व्यक्तिहरूले सुनेको आधारमा यी प्रतिवादीहरूको वारदातमा संलग्नता देखाई कागज गरेको देखिए तापनि के कस्तो भूमिकामा वारदातमा उपस्थित भएको हो भन्ने कुरा निजहरूको मौकाको कागज बेहोराबाट खुलेको देखिँदैन । यी प्रतिवादीहरूले सुरू अदालतसमक्ष आफू वारदातस्थलमा उपस्थित नभएको भनी कसुरमा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ । उक्त बयानलाई निजहरूको साक्षीको बकपत्रसमेतले सम्पुष्टि गरेको अवस्था छ । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहेकोमा यी प्रतिवादीहरूको कसुर शंकारहित तबरबाट वादी पक्षले पुष्टि गर्न सकेको देखिँदैन । ठोस सबुद प्रमाणको अभावमा उल्लिखित ३ जना प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पोखराको फैसलालाई अन्यथा भन्न सकिएन । सहअभियुक्तहरूको पोलको आधारमा यी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब देखिएन ।

५. तसर्थ माथि विवेचित आधार प्रमाणहरूबाट यी प्रतिवादीहरू पदमबहादुर गुरूङ, खजना गुरूङ र चित्रकुमारी दमाईलाई अभियोग दाबीको कसुरबाट सफाइ दिने ठहर गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०७१।१२।१५ गतेको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पोखराको मिति २०७२।१२।२५ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत: डल्लुराम चौधरी
इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम् ।

## निर्णय नं. १००३८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
फैसला मिति : २०७४।१२।१९

मुद्दा: कर्तव्य ज्यान

०७२-CR-०५४०

पुनरावेदक / प्रतिवादी : जिल्ला इलाम माइपोखरी गा.वि.स. वडा नं. ३ घर भई ऐ. वडा नं. २ पुवाखोला बजारमा बसोबास भई हाल कारागार कार्यालय इलाममा थुनामा बसेको विरेन राई

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला ताप्लेजुङ हाङदेवा गा.वि.स. वडा नं.७ बस्ने वीरबहादुर कार्कीको जाहेरीले नेपाल सरकार

०७२-CR-०९९८

पुनरावेदक / वादी : जिल्ला ताप्लेजुङ हाङदेवा गा.वि.स. वडा नं. ७ बस्ने वीरबहादुर कार्कीको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला इलाम माइपोखरी गा.वि.स. वडा नं.३ घर भई ऐ. वडा नं.२ पुवाखोला बजार बस्ने जितबहादुर राईको छोरा विरेन राई

- **भवितव्य ठहर्न, ज्यान लिने इविलाग वा मनसाय नभएको मात्र होइन प्रतिवादीले गरेको कार्यबाट पीडित मर्ला जस्तो पनि देखिनु हुँदैन । अर्थात् गरेको कुनै कार्यबाट मर्ला जस्तो देखिन्छ, अर्थात् गरेको कार्य र निस्केको परिणामबीच तादात्म्यता देखिन्छ र सोको जानकारी (Knowledge) भई कार्य गरेको छ भने त्यसलाई भवितव्य मान्न मिल्दैन । भवितव्य हो वा होइन भन्नेमा कारण र परिणामको के कस्तो सम्बन्ध छ सो हेरिनु पर्ने ।**

(प्रकरण नं.९)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ताद्वय श्री गोपाल लामिछाने र श्री हरिशंकर ज्ञवाली

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री विजयकान्त मैनाली र विद्वान् अधिवक्ता श्री शंकर लिम्बू

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने:

मा. जिल्ला न्यायाधीश श्री प्रकाश ढुंगाना
इलाम जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री रमेश पोखरेल
मा. न्यायाधीश श्री सहदेवप्रसाद बास्तोला
पुनरावेदन अदालत, इलाम

फैसला

**न्या.डा.आनन्दमोहन भट्टराई** : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) बमोजिम पुनरावेदनको रोहबाट पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

जिल्ला इलाम इनरूवा नगरपालिका वडा नं. २ स्थित इलाम जिल्ला अस्पताल इलाममा रहेको पोस्टमार्टम घरको भित्र दक्षिण शिर र उत्तर खुट्टा दुवै हात सिधा अवस्थामा रहेको दाहिने गालामा निलडाम, निधारको दाहिनेतर्फ निलडाम, नाकको डाँडीमा निल डाम, चिउँडोमा खोस्रिएको चोट (दाग) बायाँ हातको नाडीमा खोस्रिएको दाग, दायाँ नलीखुट्टामा खोस्रिएको दाग रहेको मृतक जानुका राईको घटनास्थल लास जाँच मुचुल्का।

पुवाखोला टोलस्थित पूर्वमा मोहनसिंह लिम्बूको मूल घर, पश्चिममा गोविन्द गुरूङको घर, उत्तरमा मेची राजमार्ग, दक्षिणमा मोहनसिंह लिम्बूको बारी यति चार किल्लाभित्र टिनको छाना भएको भुइँतल्लासहित दुई तला भएको मोहनसिंह लिम्बूको घरमा डेरा गरी घर भाडामा लिई बस्ने विरेन राईले आफ्नै श्रीमती जानुका राईलाई सोही डेरा कोठामा कुटपिट गरी घाइते बनाएको भनिएको घटनास्थल मुचुल्का विवरण ठिक छ । साथै सो घरको पश्चिम दक्षिणपट्टिको कोठाको फल्याक (भुइँमा) रगत जस्तो रातो पदार्थको थोपाहरू देखिएको र सानो बालकले लगाउने कपडाको सर्टमा रगत जस्तो पदार्थ लागि खाटमुनि फालिएको देखिएको साथै फल्याकमा लागेको रगतलाई काठसहित काटेर उठाएको प.चि. JR र कपडामा लागेको रगतसमेत उठाएको प.चि.JS

र प्रहरीले लिई गएको भन्नेसमेत बेहोराको घटनास्थल प्रकृति मुचुल्का।

म जाहेरवालाको छोरी जानुका राईले विरेन राईसँग भागी विवाह गरी इलाम पुवाखोला बजारमा बस्दै आएकोमा विरेन राईले मलाई कुटपिट गर्छन् भनी फोनबाट सुनाउने गरेकोमा मिति २०७१।६।२ गते राति ८:३० बजे अभियुक्त विरेन राईले निधारमा, नाकमा चन्नीलगायतका शरीरका विभिन्न भागमा कुटपिट गरेको कारण नाकबाट रक्तश्राव भई बेहोस अवस्थामा लडेपछि घर परिवारका सदस्यले उपचारको लागि इलाम अस्पताल ल्याउँदै गर्दा बाटोमा नै मृत्यु भएको हुँदा निज अभियुक्त विरेन राईकै कुटाईबाट मृतक छोरी जानुका राई (कार्की) को मृत्यु भएको हुँदा अभियुक्त विरेन राईलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको विरबहादुर कार्कीको जाहेरी दरखास्त।

मिति २०७१।६।२ गते म पुवाखोलामा बालुवा निकाल्ने काम गरी सो दिनको साँझ अं. ६:३० बजेतिर घरमा आउँदा मेरो श्रीमती मृतक जानुका राई मातेको अवस्थामा देखेँ, छोरी मैले बोकेर खाना बनाउनु भनी म मेरो बाबुको डेराकोठा अर्को घरतर्फ गई केही समय बसेर घरमा आई खाना खाएर पुनः बजारतर्फ गई घरमा फर्किएर आउँदा मेरो श्रीमतीले पुनः मादक पदार्थ सेवन गरेर होला ओछ्यानमा मस्त निदाएकी र १० महिनाकी छोरी रोइरहेकी अवस्थामा देखेर छोरी बोकेर निज जानुका राईलाई उठाई निज ओछ्यानमा बसेपछि किन यसरी जाँड रक्सी खाएको मैले नखाउ भन्दा किन नमानेको भनी मलाई अतिनै रिस उठेकोले निज जानुका राईको गाला अनुहारमा मुड्की बक्सिङले भकाभक हानेँ र गालामा समेत १०–१२ पटक थप्पड हिर्काएपछि निज जानुका राई सोही स्थानमा लडेपछि के भयो भनी बोलाउँदासमेत नबोलेको कारण सानी छोरी लिएर बाबुको घरमा गई बाबु आमालाई बोलाएर ल्याई उपचार गराउन पर्छ भन्ने सल्लाहअनुसार इलाम अस्पतालतर्फ ल्याउँदै गर्दा बाटोमा नै मृत्यु भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी विरेन राईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

Cause of Death: Blunt force trauma to the abdomen भन्नेसमेत बेहोराको पोस्टमार्टम रिपोर्ट।

मिति २०७१।६।२ गते राति ८:३० बजेतिर विरेन राईले मेरो श्रीमती बिरामी भई गाडी खोजिदिनु पऱ्यो भनी मेरो घरमा आएको कारण निजको घरमा गई हेर्दा जानुका राई बेहोस अवस्थामा भुइँको ओछ्यानमा सुतिरहेकी थिइन्, निकै बिरामी होला भनी त्यहीँ पुवाखोला बजारकै भ्यान खोजेर इलाम अस्पताल पठाएको हो। बिरामी लिएर प्रतिवादी विरेन राई पनि गएका थिए। अस्पतालमा पुगेपछि बिरामीको मृत्यु भएको थाहा पाएपछि मृतकको अनुहारमा हेर्दा निलडामसमेत थियो । घरबाट अस्पताल लैजान लाग्दा नै जानुका राईको नाकबाट रगत आएको थियो र कोठाको फल्याकमा समेत रगतको थोपा छिटाहरू लागेको देखेको थिएँ। प्रतिवादी विरेन राईलाई बुझ्दा निज विरेन राईले कुटपिट गरेको कारणबाटै जानुका राईको मृत्यु भएको हो भन्नेसमेत बेहोराको गोविन्द गुरूङको घटना विवरण कागज।

मेरो घर जिल्ला इलाम माईपोखरी गा.वि.स. वडा नं.२ मा पर्दछ। विगत २ वर्ष अगाडिदेखि नै ऐ. वडा नं.२ स्थित मोहन सिंह लिम्बूको घरमा डेरा गरी बस्दै आएका थियौं। विरेन राई र मृतक जानुका राई मेरो छोरा बुहारी हुन्। निजहरूबाट १ छोरा र १ छोरी जाय जन्म भएको र निजहरू मोहन सिंह लिम्बूकै अर्को घरमा कोठा डेरा गरी बस्दै आएका थिए । वारदात मिति २०७१।६।२ गते रातिको ८:३० बजेको समयमा छोरा विरेन राई साथमा १० महिनाको छोरी लिई म बसेको डेरा घरमा आई बुहारी जानुका राई बिरामी भइन् के भएछ जाउँ बुबा भनेर भनेपश्चात म वारदात स्थानमा गई हेर्दा बुहारी जानुका राई कोठाको भुइँमा

नाकबाट रगत आई लडी सुतिरहेको अवस्थामा देखी अन्य मानिसहरू समेत भेला भई तत्काल उपचारको लागि गाडीमा इलाम अस्पताल ल्याउँदै गर्दा बाटोमा नै मृत्यु भएको हो । हाल मेरो छोरा विरेन राई प्रहरी हिरासतमा रहेकोले आवश्यक अनुसन्धान गरिपाउँ भन्नेसमेत बेहोराको जितबहादुर राईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज ।

जिल्ला इलाम माईपोखरी गा.वि.स. वडा नं.२ घर भई हाल ऐ. वडा नं.२ स्थित मेरो घरमा विगत २ वर्षअगाडि देखि प्रतिवादी विरेन राई र मृतक जानुका राई कोठा डेरा गरी बस्दै आएका थिए । प्रतिवादी विरेन राई र मृतक जानुका राईले मादक पदार्थ सेवन गरी झै-झगडा वादविवाद हुने गरेको भनी सुनी थाहा पाएको थिएँ । वारदात मिति २०७१।६।२ गते रातिको ८:३० बजेको समयमा प्रतिवादी विरेन राई मेरो घर कोठामा आई मेरो श्रीमती बिरामी भइन् अस्पताल लानु पर्‍यो जाउँ भनेपश्चात् म निजको कोठामा गई हेर्दा मृतक जानुका राईको नाकबाट रगत बगिरहेको देखी अस्पताल लानुपर्छ भनेर तत्काल गाडी खोजी इलाम अस्पताल ल्याउँदै गर्दा निज जानुका राईको मृत्यु भएको हो । पछि प्रतिवादी विरेन राईले नै भनेअनुसार मृतक जानुका राईले मादक पदार्थ सेवन गरेको कारणले रिस आवेसमा आई प्रतिवादी विरेन राईले गाला अनुहारमा बक्सिङले हानी भुइँमा लडाएका रहेछन् । मृतक जानुका राईको प्रतिवादी विरेन राईकै कुटपिटबाट मृत्यु भएको हुन सक्छ भन्नेसमेत बेहोराको मोहनसिंह लिम्बूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज ।

मिति २०७१।६।२ गते प्रतिवादी विरेन राई मेरो श्रीमती बिरामी भई भनी राति अं. ८:३० बजेको समयमा भनेकोले मसमेत गई हेर्दा जानुका राई बेहोस भई ओछ्यानमा सुतिरहेकी देखेको कारण के भयो चाडो अस्पताल लानुपर्छ भनी इलाम अस्पतालमा पुगेपछि मृत्यु भएको हामीहरूले थाहा पाएको हो । मृतक जानुका राईको अनुहारमा निलडाम चोट र नाकबाट समेत रगत आएको कारण प्रतिवादी विरेन राईकै कुटाइको कारण जानुका राईको मृत्यु भएकोमा मलाई पूर्ण विश्वास लाग्छ । निज प्रतिवादीले यसअघि पनि बेला बखत के कुन विषयमा झै-झगडा गरी कुटपिट गर्ने गर्दथेँ भन्ने सुनेको थिएँ भन्नेसमेत बेहोराको तिलबहादुर गुरूङसमेतका मानिसहरूले प्रायः एकै मिलान हुने गरी लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

मैले मृतक जानुका राईको पेटमा लात्ताले समेत प्रहार गरेको हो भन्नेसमेत बेहोराको प्रतिवादी विरेन राईले गरिदिएको ततिम्बा बयान ।

प्रतिवादी विरेन राईको कुटपिटबाट मृतक जानुका राईको मृत्यु भएको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी विरेन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) नं. को कसुर अपराधमा ऐ.ऐन ऐ.महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकारको तर्फबाट प्रस्तुत भएको अभियोग पत्र ।

मिति २०७१।६।२ गते म पुवाखोलामा गिटी बालुवा निकाल्ने काम गरी करिब ५:३० बजे कोठामा आउँदा श्रीमती घरकोठामा रहिन छिन् र केही समयपछि निज मातेको अवस्थामा छोरी लिएर आइन र खाना खाई म बुबाको तिर सिनेमा हेर्न गई आउँदा छोरी रोई रहेकी थिइन् भने श्रीमती जानुका निदाई रहेकी हुँदा उनलाई बोलाई उठाएपछि विवाद भयो र मसँग मुख लागिन् र मैले ३/४ थप्पड हानेपछि नाकबाट रगत बग्न थाल्यो र मलाई डर लागि बुबा आमालाई भन्दा उनीहरू आउनुभयो र अस्पताल लानु भनी गाडीमा अस्पताल ल्याई पुर्‍याउँदा उनको मृत्यु भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी विरेन राईले सुरू जिल्ला अदालतमा गरेको बयान ।

प्रतिवादी विरेन राईलाई मुलुकी ऐन अदालती बन्दोबस्तको महलको ११८ नं. बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने सुरू अदालतको मिति २०७१।६।२९ को आदेश ।

मिति २०७१।६।२ गते बेलुका ६,७ बजेको समयमा विरेन राई मेरो श्रीमती बिरामी छ हस्पिटल लानु पर्‍यो जाउँ भनेकाले म बाटोमा निस्कैँ । त्यही प्रतिवादी विरेनले बिरामी मृतकलाई ल्याई गाडीमा चढाए त्यसपछि मसमेत सोही गाडीमा चढी बिरामी लिई इलाम अस्पतालमा ल्याई उपचार गराउने क्रममा जानुका राईको मृत्यु भएको घोषणा हस्पिटलबाट भएको हो । श्रीमान् श्रीमतीको झगडाको कारणबाट मृतकको मृत्यु भएको हो भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्काका मानिस कैलासकुमार पोखरेलले सुरू जिल्ला अदालतमा गरेको बकपत्र ।

मृत्यु के कसरी भएको हो तत्काल मलाई थाहा भएन भोलिपल्ट बिहान घटनास्थलमा लास देख्दा अनुहारमा निलडाम देखेकोले बक्सिङ्गले प्रहार गर्दा मृत्यु भएको हुन सक्छ भन्नेसमेत बेहोराको बुझिएका मानिस गोविन्द गुरूङले सुरू जिल्ला अदालतमा गरेको बकपत्र ।

मृत्युको कारण के भएर भएको हो सो कुरा मलाई थाहा भएन भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचल्काका मानिस जयराज राईले सुरू जिल्ला अदालतमा गरेको बकपत्र ।

मिति २०७१।६।२ गते राति ८:३० बजे राति प्रतिवादी विरेन राईले कुटपिट गरी मारेको हो भन्नेसमेत बेहोराको जाहेरवाला वीरबहादुर कार्कीले सुरू जिल्ला अदालतमा गरेको बकपत्र ।

यसमा मिसिल संलग्न तथ्य एवम् आधार प्रमाणसमेतबाट प्रतिवादी विरेन राईले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ (३) नं. को कसुर गरेको पुष्टि हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्छ । प्रतिवादी विरेन राई र मृतक जानुका राई श्रीमान् श्रीमती नाताका रहेका, निजहरूको बीचमा वारदात पूर्व कुनै रिसइवी रहेको भन्ने खुल्न नआएको, ज्यान मार्नका निम्ति योजना बनाई वारदात घटाएको भन्ने नदेखिनुका साथै कुनै हतियारको प्रयोग भएकोसमेत नदेखिँदा प्रतिवादी विरेन राईलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को हुने हुँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम ५ वर्ष कैद सजाय हुने राय व्यक्त गर्दछु भन्ने इलाम जिल्ला अदालतको फैसला ।

मार्नेसम्मको पूर्वरिसइवी मनसाय एवं तयारी गरेर मैले मेरो श्रीमती जानुकालाई कुटपिट गरेको होइन श्रीमतीको नाकबाट रगत आई अप्ठ्यारो भयो भनी श्रीमतीले भनेपछि तत्काल मैले उपचार गर्नको लागि इलाम अस्पतालमा ल्याई उपचार गर्दा गर्दै निजको मृत्यु भएको हो । जाहेरी दरखास्त, वस्तुस्थिति मुचुल्का र बरामदी मुचुल्काका मानिसहरूको बकपत्रबाट पनि सोही तथ्य पुष्टि भएको छ । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट पनि विभिन्न सिद्धान्तहरू प्रतिपादित भइरहेको अवस्थामा भवितव्य ज्यानतर्फ सजाय तोकिनु पर्नेमा सो नभई सर्वस्वसहित जन्मकैद हुने ठहर गरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी भवितव्य ज्यानको कसुरमा मात्र सजाय गर्ने गरी इन्साफ पाउँ भन्ने विरेन राईको पुनरावेदन अदालत इलाममा परेको पुनरावेदन पत्र ।

यसमा वारदातको रूप, प्रकृति, प्रतिवादीको बयानसमेतका मिसिल संलग्न सबुद प्रमाणको अवलोकनबाट प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरूको फैसला फरक पर्न सक्ने हुँदा मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलका लागि पुनरावेदन सरकारी वकिल कार्यालय, इलामलाई पेसीको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत इलामको आदेश ।

आफ्नी सानी छोरीको हेरविचारसमेत नगरी आमा मादक पदार्थ खाई सुतिरहेको देखी पुनरावेदक प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकी आफ्नी श्रीमतीलाई लात्त मुक्का प्रहार गरी मृतकको मृत्यु

भएको अवस्थामा पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गर्नुपर्नेमा १३(३) नं.बमोजिम सजाय गर्ने गरेको सुरू इलाम जिल्ला अदालतको मिति २०७१।८।१६ को फैसला सो हदसम्म उल्टी भई पुनरावेदक प्रतिवादी विरेन राईलाई उल्लिखित ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० दश वर्ष कैद हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत इलामबाट मिति २०७१।१२।३० मा भएको फैसला।

मार्ने सम्मको पूर्वरिसइवी मनसाय एवं तयारी गरेर मैले मेरो श्रीमती जानुकालाई कुटपिट गरेको होइन। म आफू काममा गएर गलेर आएको बखत मेरी श्रीमतीले रक्सी आएर मातेको र छोरीको हेरचाहसमेत नगरेको र सम्झाउँदासमेत नमानेपछि रिस थाम्न नसकी ३/४ थप्पड हिर्काएको हुँ। श्रीमतीको नाकबाट रगत आई अप्ठ्यारो भयो भनी श्रीमतीले भनेपछि तत्काल मैले उपचार गर्नको लागि इलाम अस्पतालमा ल्याई उपचार गर्दा गर्दै निजको मृत्यु भएको हो। जाहेरी दरखास्त, वस्तुस्थिति मुचुल्का र बरामदी मुचुल्काका मानिसहरूको बकपत्रबाट पनि सोही तथ्य पुष्टि भएको छ। आवेश प्रेरित हत्याको कसुर स्थापित हुनलाई तत्काल आवेशमा आई तत्कालमा आपराधिक मनसायले नै ज्यान मार्नेसम्मको कार्य गरेको हुनुपर्छ प्रस्तुत मुद्दामा यी तत्त्वहरूको सर्वथा अभाव छ रिसले एक दुई मुक्का हानेपछि तत्काल बिरामीको अवस्थाबारे जानकारी लिई बिरामीको उपचार गरी ज्यान बचाउनको लागि भर मग्दुर कोसिस गर्दा गर्दै श्रीमतीको ज्यान गएको हो। यस्तो अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा उल्लेख भए अनुसार आवेश प्रेरित हत्याको कसुर स्थापित हुने होइन। तसर्थ भवितव्य ज्यानतर्फ सजाय तोकिनु पर्नेमा सो नभई आवेश प्रेरित अपराधमा सजाय हुने गरी पुनरावेदन अदालत इलामबाट भएको फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल भई त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी भवितव्य ज्यानको कसुरमा मात्र सजाय गर्ने गरी इन्साफ पाउँ भन्नेसमेत बेहोराको विरेन राईको यस अदालतमा परेको पुनरावेदन पत्र।

मृतकको शरीरमा विभिन्न चोट पटक लागेको, पीडितको प्रतिवादीउपर लक्षित गरी तत्काल आवेगमा आउने कुनै कार्य नगरेको, सुतेको अवस्थामा श्रीमतीलाई अन्धाधुन्ध कुटपिट गरेको, प्रतिवादी विरेन राई र मृतक जानुका राई पति पत्नी रहेको र वारदातको दिनभन्दा अघि पनि प्रतिवादीले मृतकलाई पटकपटक कुटपिट गर्ने गरेको कुरा मृतकको बाबु जाहेरवालाको बकपत्रबाट पुष्टि भई मृतकलाई प्रतिवादीले पहिलेदेखि नै कुटपिट गर्ने गरेको तथ्य स्थापित भएको छ। वारदातको दिन कामबाट घरमा आउँदा श्रीमती जानुका राई मादक पदार्थ सेवन गरेर होला श्रीमती मस्त निदाएको र छोरी रोइरहेको देखिपछि जानुका राईलाई झक्झक्याएर उठाई निज ओछ्यानमा बसेपछि रक्सी नखाउ भन्दा किन नमानेको भनी गाला र अनुहारमा मुक्कीले १०/१२ पटक भकाभक हिर्काएको र जानुका राई लडेपछि बोलाउँदासमेत नबोलेको भनी घटना विवरण उल्लेख गरी अनुसन्धानको क्रममा प्रतिवादीले गरेको बयान गरेको देखिन्छ। प्रतिवादीको सो बयान There is bilateral periovital ecchymosis भनी चोटका विभिन्न नाप साइज उल्लेख भएको मृतकको Autopsy report ले Corroborate गरिरहेको अवस्थामा मृतकलाई प्रतिवादीले जाँड रक्सी खाने गरेको विषयको पूर्वरिसइवी लिई मातेर निदाइरहेको अवस्था झक्झक्याउँदै उठाई चोटमाथि चोट प्रहार गरी मारेको र सो तथ्यलाई लुकाउन श्रीमती बिरामी भएको भनी गाउँघरमा हल्ला गरेको अवस्थासमेतबाट प्रतिवादी विरेन राईले जानी जानी आफ्नो श्रीमतीलाई मारेको स्पष्ट देखिँदादेखिँदै पुनरावेदन अदालत इलामबाट मिति २०७१/१२/३० मा भएको फैसला प्रस्तुत मुद्दाको तथ्य, कानूनी व्यवस्था एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट

प्रतिवादीउपर अभियोग दाबी पुष्टि भइरहेको अवस्थामा प्रतिवादीलाई अभियोग माग दाबीभन्दा कम सजाय गर्ने ठहरी पुनरावेदन अदालत इलामको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म बदर गरी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा वादी नेपाल सरकार र प्रतिवादी विरेन राईसमेतको तर्फबाट पुनरावेदन परेकोले अ.व.२०२ नं. को प्रयोजनार्थ परस्परमा सुनाई कानूनबमोजिम गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।१।५ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेसहुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन पत्रसहितको मिसिल अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताद्वय श्री गोपाल लामिछाने र श्री हरिशंकर ज्ञवालीले प्रतिवादी विरेन राई र मृतक जानुका राई पति पत्नी रहेको र वारदातको दिनभन्दा अघि पनि प्रतिवादीले मृतकलाई पटकपटक कुटपिट गर्ने गरेको कुरा मृतक छोरीले फोनबाट सुनाउने गरेको भन्ने जाहेरी दरखास्त र सोबमोजिमको जाहेरवालाको बकपत्रबाट मृतकलाई पहिलेदेखि नै पटकपटक कुटपिट गर्ने गरेको भन्ने तथ्य स्थापित भएको छ। वारदातको दिन कामबाट घरमा आउँदा श्रीमती जानुका राई मातेको र छोरी रोइरहेको र श्रीमती रक्सीले मातेको हुँदा रक्सी नखाउ भनी सम्झाउने क्रममा १०/१२ मुक्का अनुहारमा हिर्काएको भन्ने घटना विवरण उल्लेख गरी अनुसन्धानको क्रममा बयान गरेको देखिन्छ। मृतकलाई प्रतिवादीले जाँड रक्सी खाने गरेको विषयको पूर्वरिसइवी लिई मातेर निदाइरहेको अवस्था झक्झक्याउँदै उठाई चोट माथि चोट प्रहार गरी मारेको र सो तथ्यलाई लुकाउन श्रीमती बिरामी भएको भनी गाउँघरमा हल्ला गरेको प्रस्ट देखिन्छ। निज प्रतिवादीले जानी जानी आफ्नो श्रीमतीलाई मारेको स्पष्ट देखिँदादेखिँदै अभियोग मागदाबीविपरीत भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ। मृतकको शरीरमा विभिन्न चोट लागेको स्थिति, पीडितको प्रतिवादीउपर लक्षित गरी तत्काल आवेगमा आउने कुनै कार्य नगरेको अवस्थामा सुतेको श्रीमतीलाई अन्धाधुन्ध कुटपिट गरेको कार्य मुलुकी ऐन ज्यानसम्बन्धीको १४ नं. भित्र नपर्ने भएबाट उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी छ। निज प्रतिवादीले जानी जानी आफ्नो श्रीमतीलाई मारेको हुँदा अभियोग मागदाबी सजाय गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

पुनरावेदक प्रतिवादी विरेन राईको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री विजयकान्त मैनाली र विद्वान् अधिवक्ता श्री शंकर लिम्बूले प्रतिवादीले श्रीमती जानुकालाई कुटपिट गरेको होइन। निज काममा गएर गलेर आएको बखत श्रीमतीले रक्सी खाएर मातेको अवस्थामा देखी सम्झाउँदा नमानेपछि रिसले ३/४ थप्पड हिर्काउँदा श्रीमतीको नाकबाट रगत बगेकाले तत्काल उपचारका लागि अस्पतालमा ल्याई उपचारकै क्रममा निजको मृत्यु भएको हो। बिरामीलाई बचाउनको लागि प्रयास गरेको छ। प्रस्तुत मुद्दाको सम्पूर्ण घटना परिस्थिति र मिसिल संलग्न कागज प्रमाणहरूको मूल्याङ्कन र विश्लेषण गर्दा भवितव्य ज्यान मुद्दाको तथ्य स्थापित भइरहेकोले प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको ६ नं. बमोजिम सजाय गर्नुपर्नेमा ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने गरी भएको पुनरावेदन अदालत इलामको फैसला कानूनी व्यवस्थाविपरीत भई त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी इन्साफ पाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

अब, पुनरावेदन अदालत इलामबाट मिति २०७१/१२/३० मा भएको फैसला मिलेको छ वा छैन वादी नेपाल सरकार र प्रतिवादी विरेन राईको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय

दिनुपर्ने देखिन आयो।

२. सो सन्दर्भमा हेर्दा प्रतिवादी विरेन राईले आफ्नी श्रीमती जानुका राईलाई कुटपिट गरी सोही चोटबाट मृतकको मृत्यु भएको हुँदा निज प्रतिवादी विरेन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुर अपराधमा ऐ.को १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी रहेको प्रस्तुत मुद्दामा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम ५ वर्ष कैद सजाय हुने राय व्यक्त गरी सुरू इलाम जिल्ला अदालतबाट फैसला भएको रहेछ। उक्त फैसलाउपर प्रतिवादी विरेन राईको पुनरावेदन परी पुनरावेदन अदालत इलामबाट सुरू फैसला केही उल्टी भई मुलुकी ऐन ज्यानसम्बन्धीको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहऱ्याई मिति २०७१/१२/३० मा फैसला भएको रहेछ। उक्त फैसलाउपर चित्त नबुझाई वादी नेपाल सरकार र प्रतिवादी विरेन राई दुवैपक्षको पुनरावेदन परी निर्णयार्थ पेस भएको देखियो। प्रतिवादी विरेन राईले आफ्नी श्रीमतीलाई मनसायपूर्वक कुटपिट गरी हत्या गरेको हुँदा अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको र मृतकलाई मार्ने मनसायले नभई सामान्य कुटपिट गर्दा भवितव्य पर्न गई मृत्यु भएकोले भवितव्यमा सजाय गरिपाउँ भन्ने प्रतिवादी विरेन राईको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

३. मिति २०७१।६।२ गते श्रीमती जानुका राई मादक पदार्थ सेवन गरेर ओछ्यानमा मस्त निदाएकी र १० महिनाकी छोरी रोइरहेकी देखी निज जानुका राईलाई उठाई किन यसरी जाँड रक्सी खाएको मैले नखाउ भन्दा किन नमानेको भनी वादविवाद हुँदा मलाई अति नै रिस उठेकोले निज जानुका राईको गाला अनुहारमा मुड्की बक्सिङले भकाभक हाने र गालामा समेत १०–१२ पटक थप्पड हिर्काएपछि निज जानुका राई सोही स्थानमा लडिन्। बोलाउँदा नबोलेको कारण उपचारका लागि इलाम अस्पतालतर्फ ल्याउदै गर्दा बाटोमा नै मृत्यु भएको हो भनी प्रतिवादी विरेन राईले अधिकारप्राप्त अधिकारीसमक्ष कसुर अपराधमा साबिती जनाई बयान गरेको देखिन्छ। अदालतमा समेत आई बयान गर्दा आफूले थप्पड हानेको उनको मृत्यु आफ्नो कुटपिटको कारण भएको हो (सवाल जवाफ १४ नं.) भनी कसुरमा साबित भएको अवस्था छ। मृतकको दाहिने गालामा निलडाम, निधारको दाहिनेतर्फ निलडाम, नाकको डाडीमा निल डाम, चिउँडोमा खोस्रिएको चोट (दाग), बायाँ हातको नाडीमा खोस्त्रीएको दाग, दायाँ नलि खुट्टामा खोस्रिएको दाग रहेको भन्ने मृतकको लास जाँच प्रकृति मुचुल्का र पोस्टमार्टम रिपोर्ट हेर्दा पेटमा करिब तीन लिटर जति रगत जमेको, The spleen ruptured from its lateral surface भन्ने उल्लेख भएको, त्यस्तै गरी घाँटीमा Ligature mark देखिएको र Scalp hematoma measuring 9cm×9cm भन्नेसमेतका विवरणहरू उल्लेख भई मृत्युको कारण Blunt force trauma to the abdomen) भन्ने उल्लेखसमेतबाट प्रतिवादीको चोटका कारण मृत्यु भएको रहेछ भन्ने देखियो। आफूले कुटपिट गरेको भन्ने कुरामा प्रतिवादी अदालतमा समेत साबित रहेको र अन्य व्यक्तिले कुटपिट गरेको भन्ने मिसिलबाट नदेखिँदा प्रतिवादीकै कारण जानुका राईको मृत्यु भएको रहेछ भन्न पर्ने हुन आयो।

४. अब प्रतिवादी विरेन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद नै हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र भवितव्य परी मृत्यु भएको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ र ६ नं. बमोजिम हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर हुँदा सर्वप्रथम नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेरौं।

५. यी प्रतिवादी र मृतक श्रीमान् श्रीमती नाताका भएको र निजहरूबाट १ छोरा १ छोरीको जायजन्मसमेत भएको देखिन्छ। मृतकलाई प्रतिवादीले मार्नु पर्नेसम्मको पूर्वरिसइवी रहे भएको पनि देखिँदैन र हत्यामा जोखिमी हतियारको प्रयोग भएको अवस्थासमेत छैन। रक्सी नखानका लागि पटकपटक सम्झाउँदा पनि श्रीमतीले रक्सी खान नछाडेकी र आफू कामबाट थाकेर घरमा आउँदा रक्सीले माती सुतिरहेको सानो बच्चा रोइरहेको बच्चाको स्याहारसमेत नगरेको देखेपछि रिस उठी सोही रिस थाम्न नसकी थप्पड मुक्कासमेतले श्रीमतीलाई प्रहार गर्दा बेहोस भएपछि छरछिमेकसमेत गुहार गरी गाडी खोजी औषधी उपचार गर्नको लागि हस्पिटल लैजाँदै गर्दा मृतकको मृत्यु भएको देखिन्छ । प्रतिवादीले मृतकको ज्यान लिनेसम्मको इविलाग वा मनसायसहित मुक्का प्रहार गरी हत्या गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन सकेको देखिँदैन।

६. मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुन मनसाय तत्त्वको विद्यमानता प्रमाणहरूबाट नै पुष्टि हुनुपर्दछ । तर प्रस्तुत मुद्दाको वारदातमा प्रतिवादीको मार्नेसम्मको आपराधिक मनसाय रहेको तथ्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि गराउन सकेको पाइँदैन । जाहेरवालाले जाहेरीमा पहिला पनि प्रतिवादीले कुटपिट गरेको भनी फोनमा भन्ने गरेको भने पनि सो कुरा पुष्टि हुन सकेको पाइँदैन। अनुमान, आशंका र सम्भावना जस्ता मनोगत आधारमा कुनै पनि आपराधिक कार्यमा मनसाय तत्त्वको विद्यमानता छ भनी निष्कर्ष निकाल्नु न्यायोचित हुँदैन।

७. मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १४ नं. को कानूनी व्यवस्था हेर्दा "*ज्यान मार्ने मनसाय रहेनछ ज्यान लिनुपर्नेसम्मको इवि पनि रहेनछ लुकी चोरीकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुँगा, लात मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ* " भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहे भएको देखिँदैन। जोखिमी हतियारको प्रयोग भएको अवस्था पनि छैन। रक्सी नखान भनी पटकपटक सम्झाउँदा पनि अटेर गरी रक्सी खाएको र सानो बच्चाको राम्रो स्याहारसमेत नगरेको कारण तत्काल रिस उठी लात मुक्का प्रहार गर्दा मृतकको मृत्यु भएको देखिन्छ । यस्तो अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहरी पुनरावेदन अदालत इलामबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने स्थिति देखिएन। तसर्थ अभियोग माग दाबीबमोजिम नै सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

८. अब मृतकलाई मार्ने मनसायले कुटपिट गरेको नभई सामान्य कुटपिट गर्दा भवितव्य पर्न गई मृतक श्रीमतीको मृत्यु भएको हुँदा मुलुकी ऐन ज्यानसम्बन्धीको ५ नं.को कसुरमा ऐ ६ नं. बमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदक प्रतिवादी विरेन राईको पुनरावेदन जिकिरतर्फ हेर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ नं. मा "*ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएकोमा भवितव्य ठहर्छ*" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ।

९. उक्त व्यवस्थाबाट भवितव्य ठहर्न, ज्यान लिने इविलाग वा मनसाय नभएको मात्र होइन प्रतिवादीले गरेको कार्यबाट पीडित मर्ला जस्तो पनि देखिनु हुँदैन । अर्थात् गरेको कुनै कार्यबाट मर्ला जस्तो देखिन्छ, अर्थात् गरेको कार्य र निस्केको परिणाम बीच तादात्म्यता देखिन्छ र सोको जानकारी (Knowledge) भई कार्य गरेको छ भने त्यसलाई

भवितव्य मान्न मिल्दैन। भवितव्य हो वा होइन भन्नेमा कारण र परिणामको के कस्तो सम्बन्ध छ सो हेरिनु पर्छ। यस दृष्टिबाट वारदातको प्रकृति हेर्दा प्रतिवादीले श्रीमती जानुका राईले रक्सी खाई माती ओछ्यानमा सुतेको र रोइरहेको छोरीको बेवास्ता गरकोले ज्यादै रिस उठी मुड्की तथा बक्सीङले १०/१२ थप्पड हिर्काउदा बेहोस भई भुइँमा लडेकोले उपचार गराउन अस्पताल लैजाँदै गर्दा मृत्यु भएको भनी मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत आई कसुरमा साबित रही बयान गरेको देखिन्छ। लास जाँच मुचुल्का तथा घटनास्थल मुचुल्का, जाहेरी दरखास्त, घटना विवरण कागज र बकपत्र र Cause of Death: Blunt force trauma to the abdomen भन्नेसमेत बेहोराको पोस्टमार्टम रिपोर्टसमेतबाट मृतकको मृत्यु कुटपिटको चोटको कारण भएको भन्ने उल्लेख भएको हुँदा भवितव्य रहेछ भन्न सकिने अवस्था देखिएन। समग्र मिसिल संलग्न कागज प्रमाणबाट श्रीमतीले रक्सी खाई मातेको र खाना नबनाएको भन्ने कुरामा प्रतिवादीले रिस थाम्न नसकी आवेशमा आई आत्म नियन्त्रण गुमाई तत्काल रिस उठी अन्धाधुन्ध मृतकलाई हिर्काउँदा सोही चोटको कारण मृतकको मृत्यु भएको भन्ने देखियो। मृतकको क्रियाकलापको जरियाबाट विवाद उत्पन्न भई सोही रिसका कारण लात मुक्का प्रहार गरी सोही चोटका कारण मृतकको मृत्यु भएको अवस्था छ। वारदातको प्रकृतिबाट मृतकको कारण आवेशपूर्ण हत्या भन्ने प्रस्ट देखिन आएको हुँदा भवितव्य भई मृतकको मृत्यु भएको भन्न मिल्ने अवस्था देखिएन। तसर्थ ज्यानसम्बन्धीको ५ नं.को कसुरमा ऐ.को ६ नं. बमोजिम भवितव्यमा सजाय हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग पनि सहमत हुन सकिएन।

१०. तसर्थ: माथि उल्लिखित आधार र कारणहरूबाट प्रतिवादी विरेन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत, इलामबाट मिति २०७१।१२।३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी एवं प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्तैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. अनिलकुमार सिन्हा

इजलास अधिकृत:- मनकुमारी जि.एम.विक
इति संवत् २०७४ साल चैत्र १९ गते रोज २ शुभम्।

## निर्णय नं. १००३९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
आदेश मिति : २०७४।१२।७
०७३-WO-११४९

विषयः परमादेश

रिट निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३२ स्थित सामाजिक न्यायको लागि कानून तथा नीति नियम मञ्चको तर्फबाट अख्तियार प्राप्त ऐ.का कार्यकारी निर्देशक काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३ बस्ने अधिवक्ता प्रेमचन्द्र राई

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत

- **लोकतान्त्रिक शासन व्यवस्थाको चरित्र भनेको लोकसम्मती वा जनइच्छाअनुसार चल्नु हो र निर्वाचन नागरिकहरूको आफ्नो इच्छा अभिव्यक्त गर्ने माध्यम हो । लोकतन्त्रमा मतदानमार्फत नै नागरिकहरूले कसलाई प्रतिनिधि छान्ने तथा कस्तो कानून तथा नीति निर्माण गर्ने जस्ता आधारभूत प्रश्नहरूमा आफ्नो धारणा अभिव्यक्त गर्ने भएकोले नागरिकको मतदान गर्ने अधिकार विचार र अभिव्यक्तिको स्वतन्त्रतासँग पनि अन्योन्याश्रित रूपमा जोडिएको हुने ।**

(प्रकरण नं.२)

- **निर्वाचनमा सहभागी भई मतदान गर्न पाउने नागरिकको संवैधानिक हकलाई कुनै पनि अवस्थामा अवरोध हुनु कानूनसङ्गत मान्न नसकिने ।**

(प्रकरण नं.४)

- **नेपालको संविधानले नागरिकहरूलाई तिनै तहको निर्वाचनमा मतदान गर्ने अधिकार हुने भनी नागरिकको मतदानको अधिकारलाई संवैधानिक अधिकारको रूपमा व्यवस्था गरेको कुरालाई कुनै पनि दृष्टिकोणबाट अवमूल्यन गरिनु हुँदैन । संविधानले दिएको मतदानको अधिकारअन्तर्गत "मतदान गर्न पाउने अवसरको अधिकार" पनि अन्तरनिहित रहेको हुन्छ । संविधानले मतदानको अधिकार प्रदान गर्ने तर राज्यले मतदान गर्ने अवसर सृजना नगर्ने हो भने संविधानले व्यवस्था गरेको उक्त अधिकार निरर्थक र प्रयोजनहीन हुन जाने ।**
- **संविधानले नै प्रत्येक नागरिकलाई मतदानमा सहभागी हुन पाउने समान अवसर प्रदान गरेको अवस्थामा स्वदेशमा रहेका नागरिकहरूलाई सो अवसर प्रदान हुने तर वैदेशिक रोजगारको क्रममा देशबाहिर रहेका नागरिकहरूलाई सो अवसर प्रदान नगर्नु समानताको अधिकारको विपरीतसमेत हुने ।**

(प्रकरण नं.५)

- **मुलुकबाहिर रहेको नागरिकहरूको रेमिट्यान्सले अर्थतन्त्रमा पुऱ्याएको योगदानबाट राज्य लाभान्वित हुने तर तिनै नागरिकहरू मुलुकबाहिर रहेको कारणले मतदानको अधिकारबाट वञ्चित गर्नु न्यायको दृष्टिकोणबाट समेत उपयुक्त हुने नदेखिने ।**
- **राज्यको अर्थतन्त्रले रोजगारीको अवसर सिर्जना गर्न नसकेको कारण रोजगारीसमेतका कारणबाट विदेशिन पुगेका नागरिकहरूलाई मतदानको अधिकारबाट समेत वञ्चित गर्दा राजनीतिक रूपमा समेत वञ्चितीकरणमा पर्न सक्ने जोखिम हुन्छ । देशको जनसंख्याको ठूलो हिस्सालाई अलग राखी गरिने निर्वाचनले एकातर्फ ती नागरिकहरूको मताधिकारलाई हनन गर्छ भने अर्कोतर्फ त्यसरी गरिने निर्वाचनको परिणामले नागरिकहरूको वास्तविक इच्छा र भावनालाई पूर्ण रूपमा प्रतिविम्बित गर्न नसक्ने ।**
- **वैदेशिक रोजगारमा रहेका नागरिकहरूलाई मतदानको अधिकारबाट वञ्चित गर्दा**

**त्यसले निर्वाचनकै निष्पक्षता र पवित्रतामा नै प्रश्न उठ्न सक्ने देखिन्छ । राज्यले गर्ने निर्वाचनहरू स्वच्छ र निष्पक्ष हुनुपर्छ भन्ने विषयमा कुनै विवाद हुन सक्दैन तर जनसंख्याको ठूलो हिस्सालाई मत खसाल्ने अवसरबाटै विमुख गरी गरिने निर्वाचनलाई पूर्ण रूपमा जनअनुमोदित भनी मान्न पनि नसकिने ।**

- **निर्वाचनमा मतदान गर्ने अधिकार नागरिकको संवैधानिक अधिकार भई प्रत्येक नागरिकलाई विना भेदभाव निर्वाचनमा सहभागी हुन पाउने समान अवसर प्रदान गर्नुपर्ने र सोको लागि कानूनी, प्रशासनिकलगायत अन्य कुनै पनि आवश्यक उपाय अवलम्बन गर्नु राज्यको दायित्व भएको हुँदा तथा लोकतान्त्रिक प्रणालीअन्तर्गत हुने निर्वाचनमा सबै नागरिकहरूको वास्तविक इच्छा र भावनालाई प्रतिविम्बित गरी निर्वाचनलाई व्यापक रूपमा जनसहभागितामूलक बनाउनको लागि वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका नेपाली नागरिकहरूलाई समेत मतदानको अधिकार प्रदान गर्ने गरी उचित प्रबन्ध गर्नु राज्यको दायित्व हुने ।**

(प्रकरण नं.७)

रिट निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री हरि फुयाँल, श्री आलोक पोख्रेल, श्री बरूण घिमिरे,श्री अनुराग देवकोटा र श्री केदार दाहाल

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी

अवलम्बित नजिर :

- नेकाप २०७०, अंक १०, पृ.१२८८

सम्बद्ध कानून :

- नेपालको संविधान
- वैदेशिक रोजगार ऐन, २०६४
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

आदेश

**न्या.सपना प्रधान मल्ल :** नेपालको संविधानको धारा ४६ तथा १३३(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

**रिट निवेदनको बेहोरा**

सामाजिक न्यायको लागि कानून तथा नीति नियम मञ्च स्थापनाकालदेखि नै अन्तराष्ट्रिय मानव अधिकार कानूनअन्तर्गत नेपालले पूरा गर्नुपर्ने दायित्वप्रति राज्यको ध्यानाकर्षण गराउने, नेपाली नागरिकहरूका संविधान प्रदत्त मौलिक हकहरू कार्यान्वयन गराउन पहल गर्ने साथै अन्य सार्वजनिक हकहित र सरोकारका विषयहरूमा जिम्मेवार निकायहरूलाई जवाफदेही बनाई कानूनी शासनको प्रवर्द्धन गरी मुलुकमा सामाजिक न्याय स्थापनाको लागि योगदान पुऱ्याउने मुख्य लक्ष्य रहेको एक मुनाफारहित गैरसरकारी संस्था हो । यस संस्थाको कार्यकारी निर्देशकको रूपमा रहेको म रिट निवेदक कानून व्यवसायी हुनाको साथै काठमाडौं स्कुल अफ ल मा अनुसन्धान विभागको निर्देशकको रूपमा कार्यरत रहँदै आएको छु । वैदेशिक रोजगारीमा रहेका नेपाली नगारिकहरू मतदान गर्न पाउने संवैधानिक हकबाट वञ्चित रहनु परेको अवस्था रहेको र उक्त सवालमा म र मेरो संस्थाको सार्थक सम्बन्ध र सारभूत सरोकार रहेकोले नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम यो निवेदन लिई सम्मानित अदालतसमक्ष उपस्थित भएको छु ।

लोकतान्त्रिक मुलुकको लागि आवधिक निर्वाचन र सो निर्वाचनमा नागरिकको सार्थक सहभागिता अपरिहार्य विषय हुने गर्छ । नेपालको संविधानले पनि आवधिक निर्वाचन र बालिग मताधिकारलाई प्रस्तावनामा नै उल्लेख गरेको छ भने संविधानको धारा १७(२)(क) मा "प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुनेछ, धारा १८(१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।" भन्ने व्यवस्था गरिएको छ । त्यसैगरी धारा ५१(झ)(५) ले वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभुति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने व्यवस्था गरेको छ । त्यस्तै धारा ८४(५) मा "अठार वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई संघीय कानूनबमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ" भन्ने उल्लेख छ भने धारा १७६(५) ले अठार वर्ष उमेर पूरा भएको प्रदेशको क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक नेपाली नागरिकलाई कानूनबमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्न अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ । यसका अतिरिक्त धारा २२२(५) मा अठार वर्ष उमेर पूरा भएको गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई तथा धारा २२३(५) मा अठार वर्ष उमेर पूरा भएको नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानूनबमोजिम मतदान गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ ।

नेपालको संविधान (२०७२) को कार्यान्वयनको सन्दर्भमा तीनवटा महत्त्वपूर्ण निर्वाचनहरू सम्पन्न गर्नुपर्ने दायित्व नेपाल सरकारमा रहेकोमा हाल पचासौं लाख नेपाली नागरिकहरू नेपालबाहिर रहेको अवस्था छ । निर्वाचन आयोगको तथ्याङ्कअनुसार हाल कूल मतदाताको संख्या १,४०,५४,४८२ रहेकोमा नेपाल सरकारद्वारा २०१६ मा प्रकाशित तथ्याङ्कअनुसार आ.व.२००८।२००९ देखि २०१४।२०१५ को अवधिमा कूल २७,२३,५८७ व्यक्तिले श्रम अनुमति लिएको देखिन्छ । यही तथ्याङ्कलाई आधार मान्दासमेत कूल मतदाता संख्याको २० प्रतिशत मतदाता वैदेशिक रोजगारीको सिलसिलामा देशभन्दा बाहिर रहेको देखिन्छ । यस तथ्याङ्कमा श्रम अनुमति नलिईकन गएका कामदारहरू, अन्य बहानामा विदेश गएका नागरिकहरू तथा भारत प्रवासमा रहेका कामदारहरूलाई समावेश गरिएको छैन । यस तथ्यहरूलाई समेत गणना गर्ने हो भने कूल मतदाता संख्याको २५ प्रतिशतभन्दा माथि अथवा ३५ लाखभन्दा बढी रहेको देखिन्छ । तर वैदेशिक रोजगारका लागि विदेशमा रहेका नागरिकहरूलाई नेपाल बाहिरबाटै मतदान गर्न सक्ने कुनै व्यवस्था नगरिएको हुँदा हाल वैदेशिक रोजगारीको क्रममा प्रवासमा रहेका ३५ लाखभन्दा माथिको संख्याका नेपाली नागरिकहरू मतदानको अधिकारबाट वञ्चित रहेको देखिन्छ । विश्वमा हाल ११४ भन्दा धेरै राष्ट्रहरूले आफ्ना नागरिकहरूलाई आफ्नो देशबाहिरबाट समेत मतदान गर्न सक्ने व्यवस्था गरेका छन् । मुलुक बाहिरबाट गर्न सकिने मतदान (External voting) सम्बन्धी व्यवस्थाका बारेमा फिलिपिन्सबाहेक १६ वटा मुलुकहरूले गरेको व्यवस्थाहरूलाई समेत यसै निवेदनको साथ पेस गरिएको छ ।

कुनै पनि आवधिक निर्वाचनमा आफ्नो प्रतिनिधि चुन्न पाउने हक वैयक्तिक स्वतन्त्रताको हकअन्तर्गत सुनिश्चित गरिनु पर्ने हक हो । तर वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका नागरिकहरूलाई मतदानको अधिकारबाट वञ्चित गर्दा संविधानको धारा १७(१) ले प्रत्याभूत गरेको वैयक्तिक स्वतन्त्रताको हकबाट उनीहरू वञ्चित भएका छन् भने धारा २(क) ले प्रदान गरेको अभिव्यक्ति स्वतन्त्रताको हक र १८(१)

ले व्यवस्था गरेको कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने व्यवस्थासमेतको प्रतिकूल रही अन्य धाराहरूबाट निःसृत भएका संवैधानिक अधिकारहरू समेतको उल्लङ्घन हुन गएको छ। अतः अन्य उपचारको व्यवस्थाको अभावमा संविधानको धारा १३३(२)(३) बमोजिम यस अदालतमा निहित असाधारण क्षेत्राधिकार प्रयोग गरी विपक्षीहरूको नाममा निम्नबमोजिम व्यवस्था गर्नु भन्ने परमादेशसहित जो चाहिँने आज्ञा आदेश वा पुर्जी जारी गरी पाउन निवेदन गर्दछु।

(१) वैदेशिक रोजगारीको क्रममा गन्तव्य मुलुकमा रहेका कामदारको मताधिकार सुनिश्चित गर्न मुलुक बाहिरबाटै सबै तह (स्थानीय व्यवस्थापिका, प्रदेश व्यवस्थापिका र प्रतिनिधि सभा) को निर्वाचनमा मतदान गर्न सक्ने गरी (External Voting/out of country Voting) कानूनी व्यवस्था तत्काल गर्नु भन्ने निर्देशनात्मक आदेश जारी गरिपाऊँ।

(२) मुलुक बाहिरबाटै सबै तहको निर्वाचनमा मतदान गर्न (External Voting) को लागि आवश्यक पर्ने निर्वाचनसम्बन्धी जो चाहिँने स्रोत साधनसहित पूर्वाधारको व्यवस्था गरी ती नागरिकहरूलाई मतदान कार्यमा सहभागी हुने अवसर प्रदान गर्नसमेत आदेश जारी गरिपाऊँ। साथै प्रस्तुत निवेदन पत्रलाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(६) बमोजिम अग्राधिकारसमेत प्रदान गरिपाउँ भन्ने बेहोराको रिट निवेदन।

**यस अदालतबाट भएको कारण देखाउ आदेश**

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिम परमादेशको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने मनासिब आधार कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र निवेदन पत्रको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू। साथै प्रस्तुत निवेदनमा नागरिकको मताधिकारको विषय जोडिएकोले चाँडो निरूपण हुनु मनासिब हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(च५) बमोजिम अग्राधिकार दिइएको छ भन्ने यस अदालतको मिति २०७४।१।२१ को आदेश।

**विपक्षी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ**

नेपालको संविधानको धारा ८४, १७६, २२२ र २२३ मा अठार वर्ष उमेर पूरा भएका र मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई विभिन्न प्रयोजनका लागि कानूनबमोजिम मतदान गर्ने अधिकार रहेको विषयलाई रिट निवेदक स्वयंले निवेदनको प्रकरण ३ मा उल्लिखित गर्नुभएकोले मतदाता हुन योग्य व्यक्तिलाई कानूनले मताधिकारको अधिकार प्रदान गरेको स्पष्ट नै छ। जहाँसम्म वैदेशिक रोजगारीको क्रममा गन्तव्य मुलुकमा रहेका नेपाली नागरिकले गन्तव्य मुलुकबाट नै निर्वाचनमा सहभागी भई मत दिन पाउनको लागि कानून निर्माण गर्नुपर्ने विषय छ, नेपालबाहिर मतदान गर्ने व्यवस्था गर्दा त्यसबाट पर्न सक्ने चुनौती, निर्वाचनको सुरक्षा प्रबन्ध, निर्वाचन व्यवस्थापन, निर्वाचनको अनुगमन, विदेशमा हुने मतदान केन्द्रको संख्याको निर्धारण, निर्वाचन खर्च र वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको पहुँच जस्ता विषयलाई समेत मध्यनजर गर्नुपर्ने हुन्छ। विकसित मुलुक सबैले Out of Country voting को व्यवस्था गर्न सकेको अवस्था पनि छैन। साथै Out of Country Voting को विषय नेपाल राष्ट्रले एकलौटी रूपमा निर्णय गरेर मात्र सम्बोधन गर्ने विषय नभई कुटनैतिक रूपमा विदेशी मुलुकसँग

समन्वय गरी निरूपण गर्नुपर्ने भएबाट रिट निवेदकले माग गरेको विषय सम्मानित अदालतबाट न्यायिक निरूपण हुने विषय होइन। स्रोत, साधन र उपयुक्तता समेतका आधारमा नेपाल सरकारले विदेशमा रहेका मतदातालाई सोही ठाउँबाट मत दिन सक्ने गरी आवश्यक व्यवस्था गर्नेतर्फ विचार गर्ने नै हुँदा हाल सो विषयमा कानून निर्माण गर्नुपर्ने भन्ने निवेदकको भनाइ युक्तिसङ्गत देखिँदैन। रिट निवेदन खारेज गरिपाऊँ।

**विपक्षी व्यवस्थापिका संसदको लिखित जवाफ**

व्यवस्थापिका संसदको कुन काम कारबाहीबाट रिट निवेदकको कस्तो प्रकारको संवैधानिक एवं कानूनी हक अधिकार तथा नेपालको संविधान र कानूनको के कस्तो बर्खिलाप भई नागरिकको मौलिक हकको हनन भएको भन्ने कुरा रिट निवेदनमा स्पष्ट खुलेको छैन। सरकारले आफ्नो साधन स्रोत, राज्यको आर्थिक अवस्थालगायतका विविध विषयसमेतलाई मध्यनजर राखी कानून निर्माण गरी संविधान र कानूनको कार्यान्वयन गर्नुपर्ने हुन्छ। विश्वका कतिपय विकसित मुलुकहरूले समेत विदेशमा छरिएर रहेका नागरिकहरूलाई उनीहरू रहेकै मुलुकबाट मतदान गर्ने सुविधा उपलब्ध गराउन नसकिरहेको परिप्रेक्ष्यमा हाम्रो जस्तो आर्थिक रूपले सक्षम हुन नसकेको मुलुकको लागि रिट निवेदकले उठाएको विषयवस्तु सान्दर्भिक मान्न सकिँदैन। यसै गरी सरकारले वैदेशिक रोजगारलाई कानूनबमोजिम अनिवार्य र अपरिहार्य बनाएको अवस्था होइन। साथै, वैदेशिक रोजगारमा जाने व्यक्तिलाई निर्वाचनमा भाग लिन वा मतदान गर्न नपाउने भन्ने कानूनी व्यवस्था नरहेको र सरकारको त्यस्तो नीति पनि नरहेको अवस्था छ। निर्वाचनमा वा मतदानमा भाग लिन मनसाय भएका व्यक्ति वैदेशिक रोजगारबाट फर्केर भाग लिन सक्ने र कुनै कानूनले प्रतिबन्ध गरेको अवस्था पनि होइन। जहाँसम्म रिट निवेदनमा उठाएको विषयवस्तु छ, सरकारले आवश्यक सम्झेको बखत आवश्यक कानून र अन्य व्यवस्था गर्न सक्ने नै हुँदा व्यवस्थापिका संसद्लाई विपक्षी बनाइनु पर्ने आधार र कारण नभएको हुँदा प्रस्तुत रिट निवेदनमा माग भएबमोजिम कुनै प्रकारको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज भागी भएकोले खारेज गरिपाऊँ।

**विपक्षी गृह मन्त्रालयको लिखित जवाफ**

नेपालको संविधानद्वारा प्रदत्त संवैधानिक एवं मौलिक हक अधिकारको आम नागरिकले सहज र सरल रूपमा उपभोग गर्न पाउनुपर्छ भन्ने कुरामा गृह मन्त्रालय सदैव संवेदनशील रहँदै आएको छ। मुलुक बाहिर रहेका नेपाली नागरिकहरूले आफ्नो मताधिकारको प्रयोग गर्न पाउनु पर्छ भन्ने कुरामा गृह मन्त्रालय सकारात्मक छ। विभिन्न मुलुकमा छरिएर रहेका ठूलो संख्याका नेपाली नागरिकहरूलाई मतदान गर्ने व्यवस्था मिलाउनको लागि ठूलो मात्रामा स्रोत र साधनको आवश्यकता पर्नका साथै व्यवस्थापकीय कौशलतासमेत अपेक्षित रहन्छ। आवश्यक स्रोत र साधनको उपलब्धतासँगै मुलुकबाहिर रहेका नेपाली नागरिकले सहज रूपमा मतदान गर्न पाउने मताधिकारलाई सुनिश्चित गर्नका लागि आगामी दिनमा क्रमशः आवश्यक व्यवस्था मिलाउने कार्यमा मन्त्रालयले आवश्यक कदम उठाउने नै छ। रिट निवेदकले रिट निवेदनमा यस मन्त्रालयको के कस्तो काम कारबाहीबाट नेपाली नागरिकको मौलिक हक अधिकारको हनन् हुन गएको हो भन्ने सम्बन्धमा वस्तुनिष्ठ आधार र कारणसमेत उल्लेख गर्न सकेको देखिँदैन। प्रस्तुत सन्दर्भमा विपक्षीको रिट निवेदन बदरभागी छ, यस मन्त्रालयो हकमा रिट निवेदन खारेज गरिपाऊँ।

**विपक्षी निर्वाचन आयोगको लिखित जवाफ**

निर्वाचन आयोगले संविधान र प्रचलित कानूनबमोजिम निर्वाचनको सञ्चालन, रेखदेख,

निर्देशन र नियन्त्रण गर्ने र त्यसका लागि मतदाता नामावली तयार गर्ने जिम्मेवारी पाएको छ। निवेदकले निवेदनमा उठाउनु भए जस्तै रोजगारी, शिक्षालगायत विभिन्न उद्देश्यअनुरूप विदेशमा बसोबास गरेका नेपाली नागरिकता प्राप्त नेपाली नागरिकलाई कानूनमा थप व्यवस्था गरेर विदेशस्थित नेपालका दूतावास, महावाणिज्य दूतावासलगायतका स्थानमा मतदान केन्द्रको व्यवस्था गरी मतदानको व्यवस्था गर्ने सन्दर्भमा तत्सम्बन्धी कानूनको निर्माण भई कार्यान्वयनमा आएका बखत आयोगले तद् अनुरूप कार्य गर्ने नै हुँदा रिट निवेदन जिकिर खारेज भागी छ । मतदाता नामावली संकलन, मतदाताको योग्यता, मतदानलगायतका विषय तत्सम्बन्धी ऐनमा उल्लेख हुने विषयहरू भएको र ऐन निर्माण गर्ने कार्य व्यवस्थापिकाको भएकोले यस विषयमा निर्वाचन आयोगलाई विपक्षी बनाउन मिल्ने होइन । विपक्षी बनाउन नमिल्ने निकाय यस आयोगसमेतलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज भागी भएकोले खारेज गरिपाऊँ।

**विपक्षी परराष्ट्र मन्त्रालयको लिखित जवाफ**

नेपाल सरकार कार्य विभाजन नियमावलीअनुसार तोकिएका कार्यक्षेत्र तथा नेपाल सरकारले अख्तियार गरेका नीति निर्णय एवं प्रचलित कानूनी व्यवस्थाका अधीनमा रही मन्त्रालयसँग सम्बन्धित विषयहरू कार्यान्वयन गर्ने दायित्व एवं जिम्मेवारी यस मन्त्रालयले पूरा गर्दै आइरहेको छ । खास गरी विदेशमा रहेका नेपाली नागरिकको अभिलेख तथा तिनीहरूको हकहित संरक्षण तथा गैरआवासीय नेपालीसम्बन्धी विषय परराष्ट्र मन्त्रालयले हेर्ने भए तापनि विदेशमा रहेका नेपालीहरूको मताधिकार कानूनी रूपमा सुनिश्चित गर्ने र मतदानसम्बन्धी व्यवस्थाका लागि नीतिगत निर्णय लिने विषय यस मन्त्रालय र अन्तर्गत निकायका कार्यक्षेत्राधिकारभित्र पर्ने होइन तसर्थ निवेदकको जिकिरसँग सम्बन्धित विषयहरू यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने नदेखिएकाले यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेजभागी छ, खारेज गरिपाऊँ।

**विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ**

निर्वाचनको माध्यमबाट नागरिकहरूलाई आफूले चुनेका प्रतिनिधिहरू मार्फत शासन व्यवस्थामा सहभागी हुने वातावरण निर्माण गर्ने सन्दर्भमा विदेशमा बस्ने नागरिकहरूलाई निर्वाचनमा सहभागी गराउने विषयसँग सैद्धान्तिक रूपमा विमति राख्नु पर्ने अवस्था नरहे तापनि मुलुकको स्रोत र साधन भ्याएसम्म कार्यकारणी अधिकारप्राप्त नेपाल सरकारले नीतिगत निर्णय गरी व्यवस्थापकीय प्रबन्ध गर्ने एवं कानून निर्माणको विषय विधायिकी क्षेत्राधिकारको (Legislative competence) विषय भएको हुँदा निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने अवस्था छैन। साथै निवेदक रोजगारको सिलसिलामा वा अन्य कारणबाट विदेशमा बस्दै आएको र निज मतदानको अधिकारबाट वञ्चित रहेको भन्ने कुरा निवेदनमा कहीँ पनि उल्लेख नभएकोले निवेदनमा लिएको जिकिरसँग निजको सार्थक सम्बन्धसमेत नदेखिएको हुँदा हकदैयाको अभावमा रिट खारेज भागी भएकोले खारेज गरिपाऊँ।

**कानून व्यवसायीहरूको बहस जिकिर**

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयको लागि यस इजलासमा पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री हरि फुयाँल, श्री आलोक पोख्रेल, श्री बरूण घिमिरे, श्री अनुराग देवकोटा र श्री केदार दाहालले लोकतन्त्रको लागि आवधिक निर्वाचन र सो

निर्वाचनमा नागरिकको सार्थक सहभागिता अपरिहार्य विषय हुन् भने मतदानमा सहभागी हुन पाउने हक हरेक नागरिकको संवैधानिक अधिकार हो। संविधानले प्रदान गरेको यस अधिकारको उपभोग सबैले समान तरिकाबाट गर्न पाउने व्यवस्था मिलाउने दायित्व नेपाल सरकारको हो तर मुलुकबाहिरबाट मतदान गर्न पाउने व्यवस्था नहुँदा वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका लाखौं नेपालीहरू मतदान जस्तो संवैधानिक अधिकारबाट वञ्चित हुनुपरेको अवस्था छ। विश्वको विभिन्न देशमा मुलुकबाहिरबाट मतदानमा समावेश हुन पाउने व्यवस्था गरिएकोमा नेपालमा समेत सो गर्न सम्भव छ तर विपक्षीहरूले सो सम्बन्धमा आवश्यक व्यवस्था नगरेको कारणले लाखौं नेपाली नागरिकहरू मतदान जस्तो आधारभूत अधिकारबाट वञ्चित हुन परेकोले रिट निवेदनबमोजिमको आदेश जारी गरी वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका नेपाली नागरिकहरूलाई मतदान गर्न पाउने व्यवस्था मिलाउनु पर्छ भनी बहस गर्नुभयो।

त्यसैगरी विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मीले संविधानले प्रदान गरेको नागरिकको मतदानको अधिकार आम नागरिकले सहज र सरल रूपमा उपभोग गर्न पाउनु पर्छ भन्ने कुरामा नेपाल सरकार संवेदनशील रहेको छ । वैदेशिक रोजगारीको लागि गन्तव्य मुलुकमा रहेका नेपाली नागरिकले सोही मुलुकबाट मतदान गर्ने व्यवस्था गर्नको लागि निर्वाचनको सुरक्षा प्रबन्ध, निर्वाचन खर्च, निर्वाचनको अनुगमन, मतदान केन्द्रको संख्याको निर्धारण, निर्वाचन खर्चलगायतका विषयलाई समेत मध्यनजर गर्नुपर्ने हुन्छ। सबै विकसित मुलुकहरूले समेत यसप्रकारको व्यवस्था गर्न नसकेको अवस्थामा नेपाल राष्ट्रले एकलौटी रूपमा घोषणा गरेर मात्र सम्बोधन हुने विषय होइन । स्रोत साधन र उपयुक्तताको आधारमा नेपाल सरकारले विदेशमा रहेका मतदातालाई सोही ठाउँबाट मत दिन सक्ने गरी आवश्यक व्यवस्था गर्नेतर्फ विचार गर्ने नै हुँदा हाल सो विषयमा कानून निर्माण गर्नुपर्ने भन्ने रिट निवेदकको भनाइ युक्तिसङ्गत छैन । रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

उपर्युक्त तथ्य र बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरूको सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

१. मतदानको अधिकार नागरिकको कस्तो प्रकारको अधिकार हो?
२. वैदेशिक रोजगारको क्रममा मुलुकबाहिर रहेका नागरिकहरूलाई निर्वाचनमा मुलुक बाहिरबाटै मतदान गर्ने अवसर दिनुपर्ने हो वा होइन?
३. वैदेशिक रोजगारको क्रममा मुलुकबाहिर रहेका नागरिकहरूलाई मुलक बाहिरबाटै मतदान गर्ने अवसर दिनुपर्ने भए सो कार्यलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न सकिन्छ वा सकिँदैन?
४. निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन?

अब मतदानको अधिकार नागरिकको कस्तो प्रकारको अधिकार हो भन्ने सम्बन्धमा विचार गर्दा नागरिकलाई मतदानको अधिकार दिइनुको सैद्धान्तिक आधार र औचित्य के हो तथा यस सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले कस्तो व्यवस्था गरेको छ भन्ने सम्बन्धमा संक्षिप्त चर्चा गर्नु सान्दर्भिक हुने देखिन्छ।

२. आवधिक निर्वाचन र बालिग मताधिकार कुनै पनि लोकतान्त्रिक प्रणालीको आधारभूत सर्त हो । लोकतन्त्रमा नागरिकहरू सार्वभौम हुन्छन् र बालिग मताधिकारको माध्यमबाट आफूमा निहित रहेको सार्वभौम अधिकारको अभ्यास गर्छन्। आवधिक निर्वाचनमा नागरिकहरूले प्रयोग गर्ने मताधिकार नै शासनमा नागरिकको सहभागिता सुनिश्चित गर्ने सशक्त

माध्यम हो । राज्यको शासन प्रक्रियामा सहभागी हुन पाउनु नागरिकको हक हो तर सबै नागरिकहरू एकसाथ राज्यको नीति निर्माणमा सरकारमा सहभागी हुन व्यावहारिक रूपमा नमिल्ने भएकोले एक व्यक्ति एक भोट (one person one vote) सिद्धान्तको आधारमा आफ्ना प्रतिनिधिहरू छनौट गरी नागरिकले शासन प्रक्रियामा सहभागिता जनाउँछन् । अर्को शब्दमा भन्नुपर्दा निर्वाचनको माध्यमबाट नागरिकहरूले छनौट गर्ने प्रतिनिधिहरू नागरिकको वारेस हुन् जसले नागरिकले प्रयोग गरेको मताधिकारमार्फत् वैधानिकता प्राप्त गर्छन् र नागरिकहरूको इच्छा, भावना र आवश्यकताको प्रतिनिधित्व गर्दै नागरिकको तर्फबाट शासन प्रक्रियामा सहभागी हुन्छन् । सबै मानव जाति समान हुने हुँदा कोही माथि शासन गर्नको लागि त्यस्तो शासित वर्गको स्वतन्त्र सहमति प्राप्त हुनुपर्छ भन्ने दार्शनिक मान्यताको आधारमा लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकहरूलाई मतदान गर्ने अधिकार प्रदान गरिएको हुन्छ । लोकतान्त्रिक व्यवस्थामा सरकार गठनको प्रक्रियाहरू देशअनुसार फरक हुन सक्छन् तर नागरिकको प्रत्यक्ष अप्रत्यक्ष मतदानको माध्यमबाट सरकारमा सहभागिता जनाउने पद्धति हरेक लोकतान्त्रिक व्यवस्थामा रहेको हुन्छ । लोकतान्त्रिक शासन व्यवस्थाको चरित्र भनेको लोकसम्मति वा जनइच्छा अनुसार चल्नु हो र निर्वाचन नागरिकहरूको आफ्नो इच्छा अभिव्यक्त गर्ने माध्यम हो । लोकतन्त्रमा मतदानमार्फत् नै नागरिकहरूले कसलाई प्रतिनिधि छान्ने तथा कस्तो कानून तथा नीति निर्माण गर्ने जस्ता आधारभूत प्रश्नहरूमा आफ्नो धारणा अभिव्यक्त गर्ने भएकोले नागरिकको मतदान गर्ने अधिकार विचार र अभिव्यक्तिको स्वतन्त्रतासँग पनि अन्योन्याश्रित रूपमा जोडिएको हुन्छ ।

३. नागरिकको मतदानको अधिकारको सम्बन्धमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले गरेको व्यवस्था हेर्दा नेपालको संविधान (२०७२) को प्रस्तावनामानै हामी ***"सार्वभौमसत्ता सम्पन्न नेपाली जनता"*** भनी सम्बोधन गर्दै नेपाली जनताहरूले आफूमा निहित सार्वभौमसत्ताको अभ्यास ***"आवधिक निर्वाचन"*** र ***"बालिग मताधिकार"*** बाट गर्ने आशय व्यक्त गरिएको छ भने विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ । त्यसै गरी संविधानको धारा ८४(५) मा अठार वर्ष उमेर पूरा भएका प्रत्येक नेपाली नागरिकलाई संघीय कानूनबमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था गरिएको छ भने धारा १७६(५) मा *अठार वर्ष उमेर पूरा भएको प्रदेशको क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक नेपाली नागरिकलाई कानूनबमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ* भन्ने व्यवस्था गरिएको छ । यसको अतिरिक्त धारा २२५(५) मा *अठार वर्ष उमेर पूरा भएका गाँउपालिकाको मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई संघीय कानूनमा व्यवस्था भएबमोजिम मतदान गर्ने अधिकार हुनेछ* भन्ने व्यवस्था गरिएको छ भने धारा २२३(५) मा *अठार वर्ष उमेर पूरा भएको नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानूनबमोजिम मतदान गर्ने अधिकार हुनेछ* भन्ने उल्लेख भएको छ । यसरी विभिन्न तहको आवधिक निर्वाचनमा मतदानमार्फत् सहभागी हुन पाउने नेपाली नागरिकको हकलाई नेपालको संविधान (२०७२) ले स्पस्ट रूपमा संरक्षण गरेकोले मतदान गर्न पाउने अधिकार संवैधानिक हकको रूपमा रहेको देखिन्छ ।

४. यसैगरी विभिन्न अन्तर्राष्ट्रिय कानूनले पनि नागरिकको मताधिकारको सम्बन्धमा व्यवस्था गरेको पाइन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८ को धारा १९ ले हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेको छ भने धारा २१(३)मा निर्वाचन मार्फत व्यक्त हुने जनताको इच्छा नै सरकारको आधिकारिताको आधार हुने भनी

उल्लेख गरेको छ।[1] यसबाहेक नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १९(२) मा हरेक व्यक्तिलाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ जसअन्तर्गत सबै किसिमको जानकारी वा विचारलाई खोज्न, प्राप्त गर्न वा अभिव्यक्त गर्ने अधिकार हुन्छ भनी उल्लेख भएको छ भने धारा २५ मा हरेक नागरिकलाई सार्वजनिक चासोको विषयमा आफैँ वा स्वतन्त्र रूपले छनौट गरिएको आफ्नो प्रतिनिधिमार्फत भाग लिन एवं बालिग मताधिकारको प्रयोग गरी आफ्नो इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूत गर्न स्वच्छ आवधिक निर्वाचनहरूमा मतदान गर्नबाट वञ्चित नगरिने भन्ने उल्लेख भएको छ।[2] यसरी आवधिक निर्वाचनमा मतदान गर्न पाउने अधिकारलाई नेपालको संविधान तथा विभिन्न अन्तर्राष्ट्रिय कानूनले मानव अधिकारको रूपमा सुनिश्चित गरेको पाइन्छ । अतः निर्वाचनमा सहभागी भई मतदान गर्न पाउने नागरिकको संवैधानिक हकलाई कुनै पनि अवस्थामा अवरोध हुनु कानूनसङ्गत मान्न सकिँदैन ।

५. अब वैदेशिक रोजगारको क्रममा मुलुकबाहिर रहेका नागरिकहरूलाई मुलुकबाहिरबाटै मतदान गर्ने अवसर दिनुपर्ने हो वा होइन भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गरौं । प्रस्तुत रिट निवेदनमा निवेदकले संविधानले नागरिकहरूलाई मतदानको अधिकार प्रदान गरेको भए तापनि वैदेशिक रोजगारमा रहेका नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्नको लागि राज्यले आवश्यक व्यवस्था नगरेकोले वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेका लाखौं नागरिकहरू सो अवसरबाट वञ्चित हुनु परेको भन्ने जिकिर लिएकोमा विपक्षीहरूको लिखित जवाफको अध्ययन गरी हेर्दा वैदेशिक रोजगारीको क्रममा देशबाहिर रहेका नागरिकहरूलाई मतदानको अधिकार सुनिश्चित गर्नको लागि कुनै व्यवस्था भएको देखिँदैन । जसबाट संविधानले नागरिकहरूलाई मतदानको अधिकार प्रदान गरेको भए तापनि वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका नागरिकहरू मतदान गर्ने अवसरबाट वञ्चित रहेको अवस्था देखियो । नेपालको संविधानले नागरिकहरूलाई तीनै तहको निर्वाचनमा मतदान गर्ने अधिकार हुने भनी नागरिकको मतदानको अधिकारलाई संवैधानिक अधिकारको रूपमा व्यवस्था गरेको कुरालाई कुनै पनि दृष्टिकोणबाट अवमूल्यन गरिनु हुँदैन । संविधानले दिएको मतदानको अधिकारअन्तर्गत "***मतदान गर्न पाउने अवसरको अधिकार***" पनि अन्तरनिहित रहेको हुन्छ । संविधानले मतदानको अधिकार प्रदान गर्ने तर राज्यले मतदान गर्ने अवसर सृजना नगर्ने हो भने संविधानले व्यवस्था गरेको उक्त अधिकार निरर्थक र प्रयोजनहीन हुन जान्छ। यसै सम्बन्धमा यसै अदालतबाट **विकास लकाई खड्कासमेत** वि. **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत**[3] भएको उत्प्रेषण मुद्दामा *जबसम्म जनताले मतमार्फत आफ्नो इच्छा व्यक्त गर्न पाउने अवस्था सृजना हुँदैन तबसम्म मतदान गर्ने अधिकार*

1 Article 21(3) of the Universal Declaration of Human Rights provides that the will of the people shall be the basis of the authority of government; this will shall be expressed in periodic and genuine election which shall be by universal and equal suffrage and shall be held by secret vote or by equivalent free voting procedures.

2 Article 25 of the International Covenant on Civil and Political Rights provides that Every citizen shall have the opportunity, without any distinction mentioned in article 2 and without unreasonable restrictions.

a. To take part in the conduct of the public affairs, directly or through free chosen representatives

b. To vote and to be elected at genuine periodic elections this shall be by universal and equal suffrage and shall be held by secret ballot, guaranteeing the free expression of the will of the elections...

3 ने.का.प.२०७०, अंक १०, पृष्ठ १२८८

*जनतामा निहित हुनु वा नहुनुले कुनै तात्त्विक महत्त्व राख्दैन र निर्वाचनको परिणाममा जनताको इच्छा वास्तविक रूपले प्रतिविम्बित पनि हुँदैन । जनताको मतदान गर्ने अधिकारलाई मूर्त र पूर्ण रूप दिनको लागि उनीहरूलाई इच्छाअनुसारको मतदान गर्ने अवसर पनि दिनु पर्दछ । यस अर्थमा Right to vote अन्तर्गत Right to opportunity to vote पनि अन्तर्निहित रहेको मान्नु पर्छ* भनी व्याख्यासमेत भएको छ। त्यसैगरी मानव अधिकार समितिको टिप्पणी नं. २५ को अनुच्छेद ११ मा समेत सबै नागरिकहरूले मतदानको अधिकार उपभोग गर्न पाएको छन् भन्ने कुरालाई सुनिश्चित गर्नको लागि राज्यले प्रभावकारी उपायहरू अवलम्बन गर्नुपर्ने उल्लेख छ।[4] यसरी संविधानले नागरिकलाई मतदानको अधिकार प्रदान गरेकोमा मतदान गर्ने अवसर प्राप्त गर्ने अधिकार पनि नागरिकलाई रहेको हुन्छ र नागरिकलाई सहज र भयरहित तबरबाट मतदानको अवसर दिलाउने दायित्व राज्यको हो । तसर्थ राज्यले कुनै प्रकारको भेदभाव विना सबै नेपाली नागरिकहरूलाई मतदानको अधिकारको उपभोग गर्ने अवसर प्रदान गर्नु राज्यको कर्तव्य पनि हो । नेपालको संविधानको धारा ८४(५) प्रयुक्त भएको शब्दावली हेर्दा अठार वर्ष उमेर पूरा भएका प्रत्येक नेपाली नागरिकलाई संघीय कानूनबमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ । संविधानको उक्त व्यवस्थाअनुसार प्रत्येक नेपाली नागरिकलाई मतदान गर्ने अधिकार प्रदान गरेको पाइन्छ । उक्त व्यवस्थाले मतदानको अधिकार प्रयोग गर्नको लागि नेपाली भूमिमा नै रहेको वा बसेको नेपाली नागरिक हुनुपर्ने भनी संकुचित (Limited) गरेको छैन तर निश्चय पनि मतदानको अधिकार उपभोग गर्नको लागि नेपाली नागरिक हुनुपर्ने र सो नै पर्याप्त हुने देखिन्छ । यसरी संविधानले नै प्रत्येक नागरिकलाई मतदानमा सहभागी हुन पाउने समान अवसर प्रदान गरेको अवस्थामा स्वदेशमा रहेका नागरिकहरूलाई सो अवसर प्रदान हुने तर वैदेशिक रोजगारको क्रममा देशबाहिर रहेका नागरिकहरूलाई सो अवसर प्रदान नगर्नु समानताको अधिकारको विपरीतसमेत हुने देखिन्छ ।

६. वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका नागरिकहरूलाई निर्वाचनमा मतदान गर्ने अधिकार प्रदान गर्ने नगर्ने भन्ने विषय निर्वाचनमा नागरिकको सहभागितासँग जोडिएको विषय हो । लोकतान्त्रिक प्रणालीअन्तर्गत हुने निर्वाचन केवल कुनै अमुक राजनीतिक दल वा व्यक्तिहरूले नेतृत्व प्राप्तिको लागि खेल्ने प्रतिस्पर्धात्मक खेल होइन । यो नागरिकहरूले आफूमा निहित रहेको सार्वभौम सत्ताको अभ्यास गरी शासन व्यवस्थामा सामेल हुने प्रक्रिया हो । त्यसैले निश्चित समयको अन्तरालमा निर्वाचनको कार्यक्रम गर्दैमा मात्र नागरिकहरूको मताधिकारको सम्मान भएको भनी मान्न मिल्दैन र यसो गर्दैमा मात्र राज्यको दायित्व पूरा हुँदैन । निर्वाचन आफैँमा एक सहभागितामूलक प्रक्रिया भएकोले निर्वाचनमा जति धेरै नागरिकको सहभागिता हुन्छ निर्वाचन उति नै धेरै निष्पक्ष, वैधानिक र जनअनुमोदित हुन जान्छ । तसर्थ निर्वाचनमा नागरिकहरूको सहभागिताको स्तर कस्तो छ तथा सबै नागरिकहरूले समानताको आधारमा भयमुक्त रूपमा स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुने अवसर पाएका छन् वा छैनन् भन्ने जस्ता प्रश्नहरूको सापेक्षतामा निर्वाचन गर्नुको वास्तविक मकसद पूरा

4 Paragraph 11 of the General Comment of Human Rights Committee provides that States must take effective measures to ensure that all persons entitled to vote are able to exercise the rights. Where registration of voters is required it should be facilitated and obstacles to such registration should not be imposed. Further paragraph 12 requires the state to take positive measures to overcome specific difficulties which prevent persons entitled to vote from enjoying their rights effectively.

भयो वा भएन भनी परीक्षण गरिनुपर्छ ।

७. भूमण्डलीकरणको प्रभाव तथा देशभित्र रोजगारीको अवसरहरूको अभावलगायतका कारणहरूले आज जनसंख्याको ठूलो हिस्सा विदेशमा रहेका छन् । त्यसैगरी शिक्षाको लागि, रोजगारीको लागि, कुटनीतिक सेवाको लागि, व्यापार व्यवसायको लागि तथा पारिवारिक सम्बन्धको कारणले पनि ठूलो संख्यामा नागरिकहरू विदेशमा रहेका छन् । यसमध्ये पनि रोजगारी र अवसरको अभावमा ठूलो जनसंख्या वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेको छ । यो हाम्रो सामाजिक यथार्थ हो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले प्रकाशन गरेको Labor Migration for Employment Status Report, 2015/17 अनुसार सन् २००८/०९ देखि २०१६/१७ सम्म उक्त मन्त्रालयले ३५,०९,६३३ वटा श्रम स्वीकृति प्रदान गरेको देखिन्छ । यसरी गएका नागरिकहरू सबै १८ वर्ष पुगी संविधानबमोजिम मतदान गर्ने अधिकार पाएका व्यक्तिहरू हुन् ।[5] रिट निवेदकले निवेदनमा उल्लेख गरेको आँकडालाई आधार मान्ने हो भने पनि कूल मतदाता संख्याको २० प्रतिशत मतदाता वैदेशिक रोजगारीको सिलसिलामा प्रवासमा रहेको देखिन्छ । यसरी वैदेशिक रोजगारीको सिलसिलामा प्रवासमा रहेका नेपाली नागरिकहरूलाई निर्वाचनको प्रक्रियाबाट वञ्चित गर्दा जनसंख्याको ठूलो हिस्सा मताधिकार जस्तो संवैधानिक अधिकारबाट वञ्चित हुन जाने हुन्छ । वैदेशिक रोजगारीको लागि विदेश जानु नागरिकहरूको चाहना वा रहरभन्दा पनि धेरै हदसम्म आवश्यकता र बाध्यताको उपज हो भने वैदेशिक रोजगारीको लागि विदेशमा रहेका नागरिकहरूले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्रमा महत्त्वपूर्ण टेवा पुऱ्याएको वास्तविकतालाई अवमूल्यन गर्न सकिँदैन । यसरी मुलुकबाहिर रहेको नागरिकहरूको रेमिट्यान्सले अर्थतन्त्रमा पुऱ्याएको योगदानबाट राज्य लाभान्वित हुने तर तिनै नागरिकहरू मुलुकबाहिर रहेको कारणले मतदानको अधिकारबाट वञ्चित गर्नु न्यायको दृष्टिकोणबाट समेत उपयुक्त हुने देखिँदैन । राज्यको अर्थतन्त्रले रोजगारीको अवसर सिर्जना गर्न नसकेको कारण रोजगारीसमेतका कारणबाट विदेशिन पुगेका नागरिकहरूलाई मतदानको अधिकारबाट समेत वञ्चित गर्दा राजनीतिक रूपमा समेत वञ्चितीकरणमा पर्न सक्ने जोखिम हुन्छ । देशको जनसंख्याको ठूलो हिस्सालाई अलग राखी गरिने निर्वाचनले एकातर्फ ती नागरिकहरूको मताधिकारलाई हनन गर्छ भने अर्कोतर्फ त्यसरी गरिने निर्वाचनको परिणामले नागरिकहरूको वास्तविक इच्छा र भावनालाई पूर्ण रूपमा प्रतिविम्बित गर्न सक्दैन । यसरी वैदेशिक रोजगारमा रहेका नागरिकहरूलाई मतदानको अधिकारबाट वञ्चित गर्दा त्यसले निर्वाचनकै निष्पक्षता र पवित्रतामा नै प्रश्न उठ्न सक्ने देखिन्छ । राज्यले गर्ने निर्वाचनहरू स्वच्छ र निष्पक्ष हुनुपर्छ भन्ने विषयमा कुनै विवाद हुन सक्दैन तर जनसंख्याको ठूलो हिस्सालाई मत खसाल्ने अवसरबाटै विमुख गरी गरिने निर्वाचनलाई पूर्ण रूपमा जनअनुमोदित भनी मान्न पनि सकिँदैन । यसै सम्बन्धमा भारतको सर्वोच्च अदालतले PUCL and ANR Vs. Union of India and ANR (2010)10 SCC 1 को मुद्दामा निष्पक्ष (Fair) भन्नाले "Equal opportunity to all people" जनाउँछ भनी व्याख्या गर्दै लोकतन्त्रको अस्तित्व एवं सुशासनको लागि जनताले उपयुक्त उम्मेदवारहरूलाई छनौट गर्न पाउनुपर्छ र यसका लागि मतदातालाई सो छनौट गर्ने अवसर पनि उपलब्ध हुनुपर्छ भनी व्याख्या गरेको देखिन्छ । त्यसैगरी आप्रवासी कामदारको संरक्षणसम्बन्धी महासन्धि १९९० को धारा ४१ मा वैदेशिक रोजगारमा रहेका व्यक्ति तथा निजको परिवारलाई कानूनले तोकेबमोजिम आफ्नो देशको

5 वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७ ले १८ वर्षभन्दा कम उमेरको नेपाली नागरिकलाई वैदेशिक रोजगारमा जान प्रतिबन्ध गरेकोले वैदेशिक रोजगारीको लागि विदेशमा रहेका सबै नेपालीहरू मतदानको लागि योग्य छन् भनी मान्नु पर्ने हुन्छ ।

निर्वाचनमा मतदान गर्ने तथा चुनिने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ । नेपालले औपचारिक रूपमा उक्त महासन्धिलाई अनुमोदन नगरेको भए तापनि वैदेशिक रोजगारमा रहेका नागरिकहरूलाई आफ्नो देशमा भएको निर्वाचनमा सहभागी हुने अधिकारलाई अन्तर्राष्ट्रिय कानूनले समेत मान्यता दिएको (Recognize) देखिन्छ । संविधानमा कुनै हक अधिकारको व्यवस्था गरिन्छ भने उक्त हक अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्नको लागि आवश्यक कानूनको प्रबन्ध गर्नु तथा अन्य व्यवस्थाहरू गरी सो अधिकारको उपभोग गर्न पाउने अवस्थाको सिर्जना गर्नु राज्यको दायित्व हो । अर्को शब्दमा भन्नु पर्दा संविधानले तय गरेका नागरिकको अधिकारको सम्मान गर्नु, संरक्षण गर्नु र परिपालनाको लागि आवश्यक व्यवस्था गर्नु राज्यको दायित्वभित्रको विषय हो । यसै सम्बन्धमा संयुक्त राष्ट्र संघको मानव अधिकार समितिले आफ्नो टिप्पणी नं. २५ मा नागरिकलाई मतदानको अधिकारको सुनिश्चित गर्नको लागि राज्यको के कस्तो जिम्मेवारी हुन्छ भन्ने सम्बन्धमा व्याख्या गर्दै मतदानको अधिकार भएका सबै नागरिकहरूले आफ्नो मतदानको अधिकारको अभ्यास गरेका छन् भन्ने कुराको सुनिश्चितता गर्नुपर्ने दायित्व राज्यमा हुने र सोको लागि रजिस्ट्रेशनलगायतका कार्यहरू गर्नुपर्ने भनी उल्लेख गरेको देखिन्छ ।[6] यसरी राज्यको दायित्व भन्नाले निर्वाचनमा मतदान गर्ने अधिकार नागरिकको संवैधानिक अधिकार भई प्रत्येक नागरिकलाई विना भेदभाव निर्वाचनमा सहभागी हुन पाउने समान अवसर प्रदान गर्नुपर्ने र सोको लागि कानूनी, प्रशासनिकलगायत अन्य कुनै पनि आवश्यक उपाय अवलम्बन गर्नु राज्यको दायित्व भएको हुँदा तथा लोकतान्त्रिक प्रणालीअन्तर्गत हुने निर्वाचनमा सबै नागरिकहरूको वास्तविक इच्छा र भावनालाई प्रतिविम्बित गरी निर्वाचनलाई व्यापक रूपमा जनसहभागितामुलक बनाउनको लागि वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका नेपाली नागरिकहरूलाई समेत मतदानको अधिकार प्रदान गर्ने गरी उचित प्रबन्ध गर्नु राज्यको दायित्व हो ।

८. माथिल्ला प्रकरणहरूमा विवेचना भएबमोजिम वैदेशिक रोजगारको क्रममा मुलुकबाहिर रहेका नागरिकहरूलाई मुलुक बाहिरबाटै मतदान गर्ने अवसर दिनुपर्ने देखिँदा अब सो कार्यलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न सकिन्छ वा सकिँदैन भन्ने तेस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा विपक्षीहरूले पेस गरेको लिखित जवाफमा नेपालबाहिर मतदान गर्ने व्यवस्था गर्दा त्यसबाट पर्न सक्ने चुनौती, निर्वाचनको सुरक्षा प्रबन्ध, निर्वाचन व्यवस्थापन, निर्वाचनको अनुमगन, विदेशमा रहेका मतदान केन्द्रको संख्या निर्धारण, निर्वाचन खर्च र वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको पहुँच जस्ता विषयलाई मध्यनजर गर्नुपर्ने र विश्वका कतिपय मुलुकहरूले समेत विदेशमा छरिएर रहेका नागरिकहरूलाई उनीहरू रहेकै मुलुकबाट मतदान गर्ने सुविधा उपलब्ध गराउन नसकेको परिप्रेक्ष्यमा हाम्रो जस्तो आर्थिक रूपले सक्षम हुन नसकेको मुलुकको लागि रिट निवेदनमा उठाएको विषयवस्तु सान्दर्भिक मान्न मिल्दैन भनी जिकिर लिएको देखिन्छ । यसरी विपक्षीहरूले वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका नागरिकरूलाई मतदान गर्ने अवसर प्रदान गर्ने कार्यलाई व्यावहारिकरूपमा कार्यान्वयन गर्न सकिने कुरामा आशंका उठाएको देखिन्छ । अदालतले गरेका आदेश व्यावहारिक रूपमा कार्यान्वयन हुन सक्दैन भने त्यसरी आदेश जारी गर्नुको कुनै औचित्य नहुने भएकोले अदालतले सार्वजनिक सरोकारका यस्ता विषयहरूमा कुनै आदेश जारी गर्नुपूर्व यसको कार्यान्वयनको सम्भावनालाई गम्भीरताको साथ विचार गर्नुपर्छ । अतः वैदेशिक रोजगारको क्रममा मुलुकबाहिर रहेका नागरिकहरूलाई निर्वाचनमा

6 Para 11 of General Comment No. 25: The right to participate in Public affairs, voting rights and the right of equal access to public service (Art. 25): 12/07/96.

मतदान गर्ने अवसर दिने कार्यलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न सकिन्छ वा सकिँदैन भन्ने प्रश्नमा निर्णय गर्नको लागि वैदेशिक रोजगारको लागि विदेशमा रहेका नागरिकहरूलाई आफू रहेको देशबाट नै मतदानमा सामेल गराउन अन्तर्राष्ट्रिय रूपमा कस्तो खालको विधि र प्रक्रियाहरू अभ्यासमा रहेका छन् तथा यस सम्बन्धमा विभिन्न मुलुकहरूले गरेको असल अभ्यास (Best Practices) कस्तो छ भन्ने सम्बन्धमा विवेचना गरिनु वाञ्छनीय हुने देखिन्छ।

९. वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर दिनको लागि विश्वभरमा मुख्यतः चार वटा विधिहरू अभ्यासमा रहेको देखिन्छ । पहिलो विधि वैदेशिक रोजगारमा रहेको नागरिकलाई निज रहेकै देशमा मतदान केन्द्रको व्यवस्था गरी सोही स्थानमा मत खसाल्ने व्यवस्था गर्ने हो । यसरी स्थापना गरिने मतदान केन्द्रहरू प्राय: जसो उक्त देशमा रहेको राजदूतावास वा कन्सुलरको कार्यालयमा राखिन्छ । अफगानिस्तान, अर्जेन्टिना, हङ्गेरी, दक्षिण अफ्रिकालगायतका देशहरूले यस प्रक्रियाबाट विदेशमा रहेका नागरिकहरूलाई मतदान गर्ने अवसर प्रदान गरेको देखिन्छ । त्यसैगरी दोस्रो विधि भनेको हुलाकमार्फत विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्नु हो । यस विधिअनुसार विदेशमा रहेको नागरिकले आफूले इच्छा गरेको उम्मेदवारलाई छनौट गरी उक्त मतलाई हुलाकको माध्यमबाट स्वदेशमा पठाइन्छ । क्यानडा, नर्वे, मेक्सिको, स्वीजरल्यान्डलगायतका देशहरूले यस विधिको प्रयोग गरेको देखिन्छ । विदेशमा रहेका नागरिकहरूलाई मतदान गर्ने अवसर प्रदान गर्ने तेस्रो विधि भनेको निजहरूको प्रतिनिधिहरू (Proxy) मार्फत हो । यस विधिमा विदेशमा रहेका नागरिकले आफ्नो तर्फबाट मतदान गर्नको लागि स्वदेशमा प्रतिनिधि नियुक्ति गर्छ र मतदानको दिन निजको अनुपस्थितिमा त्यसरी नियुक्त भएको प्रतिनिधिले निजको इच्छाबमोजिम मतदान गर्दछ । मौरिसस, नायरू, टोगोलगायतका देशहरूले यसप्रकारको अभ्यास गरेको देखिन्छ । त्यसैगरी चौथो विधिअनुसार इलेक्ट्रोनिक भोटिङको माध्यमबाट मत खसाल्ने कार्य गरिन्छ । यसका अलावा फ्याक्सको माध्यमबाट पनि केही देशहरूमा विदेशमा रहेका नागरिकहरूलाई मतदान गर्ने अवसर प्रदान गरेको देखिन्छ भने कुनै देशमा माथि उल्लिखित विधिहरूमध्ये एकभन्दा बढी विधिको एकसाथ मिश्रित रूपमा प्रयोग गरेको पनि देखिन्छ ।[7]

१०. यसरी विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्नको लागि विभिन्न विधिहरू अभ्यासमा रहेकोमा विभिन्न देशहरूले विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्नको लागि कानूनी रूपमा पनि व्यवस्था गरेको पाइन्छ । IDEA International ले प्रकाशन गरेको प्रतिवेदनअनुसार विश्वका ११५ वटा देशले विदेशमा रहेका नागरिकहरूलाई पनि मतदानको अधिकार प्रदान गरेको छन् ।[8] फिलिपिन्सले सन् २००३ मा The Overseas Absentee Voting Act मार्फत् आफ्नो देशबाहिर रहेका नागरिकको लागि मतदानको अधिकारको सुनिश्चितता गरेको छ । उक्त ऐनको दफा २ मा It is the prime duty of the state to provide a system of honest and orderly overseas absentee voting that upholds the secrecy and sanctity of the ballot. Towards this

7 विदेशमा रहेका नागरिकहरूको मताधिकार को सम्बन्धमा विस्तृत अनुसन्धान गरी International Idea ले प्रकाशन गरेको Voting from Abroad; The international idea handbook मा माथि उल्लेख गरिएका विधिहरू विभिन्न देसहरूले अभ्यास गर्दै आएका छन् भनी उल्लेख गरिएको छ। www.idea.int/sites/default/files/publications/voting-from-abroad-the-international-idea-handbook.pdf (accessed on 26th August 2018)

8 IDEA International द्वारा प्रकाशित Voting from Abroad; The International IDEA Handbook मा सो कुरा उल्लेख गरिएको छ।

end, the States ensures equal opportunity to all qualifies citizens of the Philippines abroad in the exercise of fundamental right भन्ने व्यवस्था गरेको पाइन्छ । यसरी विदेशमा रहेका फिलिपिनी नागरिकलाई मतदानको समान अवसर दिनु राज्यको दायित्व हुने भनी उक्त ऐनमा स्पस्टसँग उल्लेख गरिएको छ । त्यसैगरी उक्त ऐनको दफा ४ मा All citizens of the Philippines abroad, who are not otherwise disqualified by law, at least eighteen 18 years of age on the day of elections, may vote for president, vice president, senators and party list representatives भन्ने व्यवस्था रहेको छ । यसरी वैदेशिक रोजगारीको क्रममा अनुमति लिएर विदेश गएका कामदारहरू मात्र नभई विदेशमा रहेका सबै फिलिपिनी नागरिकहरूको मतदानको अधिकारलाई समेत यस ऐनले सुनिश्चित गरेको देखिन्छ ।

११. त्यसैगरी युरोपियन मुलुक स्पेनको संविधानको धारा ६८(५) मा All Spaniards entitled to the full exercise of their political rights shall be electors and may be elected. The law shall recognize and the State shall facilitate the exercise of the right of vote by Spaniards who are outside Spanish territory भन्ने व्यवस्था गरी संविधानले नै विदेशमा रहेका नागरिकहरूलाई मतदानको अधिकार हुने कुराको सुनिश्चित गरेको देखिन्छ भने विदेशमा रहेका स्पेनिस नागरिकहरूले विदेश स्थित राजदूतावास वा कन्सुलरको कार्यालयमा गई वा हुलाकमार्फत उक्त अधिकारको प्रयोग गर्ने गरेको पाइन्छ । छिमेकी मुलुक भारतमा समेत सन् २०१० मा The Representation of the People (Amendment) Act, 2010 ले The Representation of the People Act, 1950 मा केही महत्त्वपूर्ण संशोधन गर्दै विदेशमा रहेका भारतीय नागरिकहरूलाई समेत मतदानको अधिकार प्रदान गरेको देखिन्छ । उक्त ऐनको दफा २०(क)मा निम्न व्यवस्था गरिएको छ ।

20(A)(1) - Notwithstanding anything contained in this Act, every citizen of India-

a) Whose name is not included in the electoral roll.
b) Who has not acquired the citizenship of any other country, and,
c) Who is absenting from his place of ordinary residence in India owing to his employment, education or otherwise outside India shall be entitled to have his electoral role in the constituency in which his place of residence in India as mentioned in his passport is located.

१२. यसरी भारतले लामो समयसम्म विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर प्रदान नगरेकोमा सन् २०१० देखि रोजगारी, शिक्षा तथा अन्य कारणहरूले गर्दा विदेशमा रहेका नागरिकहरूलाई उनीहरूको पासपोर्टमा उल्लिखित ठेगानाअनुसारको निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता गरी मतदान गर्न पाउने अवसर प्रदान गर्नको लागि कानूनी व्यवस्था गरेको देखिन्छ भने विदेशमा रहेका नागरिकहरूले आफ्नो प्रतिनिधि नियुक्त गरी वा इलेक्ट्रोनिक भोटिङको माध्यमबाट मतदान गर्न पाउने व्यवस्था गरेको देखिन्छ । विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर दिने अर्को उदाहरणको रूपमा नामिबियालाई लिन सकिन्छ । उक्त देशले Electoral Act, 2009 मा संशोधन गरी सन् २०१४ को राष्ट्रिय निर्वाचनबाट विदेशमा रहेका नागरिकहरूलाई समेत मतदानको अवसर प्रदान गरेको

थियो । उक्त ऐनको दफा २३ मा In order to enable persons temporarily outside Namibia to be registered as voters and to take part in an election of the President or of members of the National Assembly, as contemplated in section 22(1)(a), the Commission may establish temporary registration points outside Namibia at any Namibian diplomatic mission, or where possible, at the other convenient places as may be determined by the Commission in consultation with the Minister responsible for foreign affairs. उक्त व्यवस्था हेर्दा विदेशमा अस्थायी रूपमा बसोबास गरिरहेका नागरिकहरूले पनि राष्ट्रपति तथा राष्ट्रिय सभाको निर्वाचनमा विदेशस्थित कुटनीतिक नियोग वा निर्वाचन आयोगले विदेश मन्त्रालयसँगको परामर्शमा तोकेको अन्य उपयुक्त स्थानबाट मतदान गर्न सक्ने देखिन्छ । त्यसैगरी जापानमा सन् २००५ को निर्वाचन यता विदेशमा रहेका नागरिकहरूलाई पनि मतदानको अवसर प्रदान गरिएको छ ।

१३. माथि उल्लिखित दृष्टान्तहरू विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर दिनको लागि विभिन्न देशहरूले गरेका केही प्रतिनिधि उदाहरणहरू मात्र हुन् जसबाट विश्वका विभिन्न देशहरूले विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर दिनको लागि कानूनी र अन्य व्यवस्था गरेको देखिन्छ । यी विभिन्न मुलुकहरू मध्ये हाम्रो जस्तो समान आर्थिक अवस्था तथा सामाजिक र राजनीतिक परिवेश[9] भएको कतिपय मुलुकहरूमा समेत विदेशमा रहेका आफ्ना नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्न कानूनी र अन्य व्यवस्था गरिएकोमा हाम्रो मुलुकले त्यस्तो व्यवस्था गर्न नसक्ने देखिँदैन । मुख्य कुरा राज्यको इच्छाशक्ति र प्रतिबद्धता हो । संविधानमा व्यवस्था गरिएका संवैधानिक हकहरू संविधानले नागरिकसमक्ष गरेका वाचा हुन् जसको कार्यान्वयन गर्ने जिम्मेवारी राज्यको हो । संविधानले नागरिकलाई मतदानको अधिकार प्रदान गरेकोमा सबै नागरिकहरूलाई मतदान गर्ने अवसर दिलाउनको लागि राज्यले तत्काल उपलब्ध स्रोत साधन तथा व्यवस्थापकीय क्षमताको पूर्ण उपभोग गर्दै यसको कार्यान्वयन गर्नको लागि तत्काल कदमहरू चाल्नु पर्ने हुन्छ । यसै सन्दर्भमा विपक्षी निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी सन् २०१४ मा प्रतिवेदनसमेत तयार गरिसकेको देखिन्छ । रिट निवेदन साथ पेस भएको उक्त प्रतिवेदनमा मतदान गर्नको लागि आवश्यक योग्यता, विदेशमा रहेका नागरिकहरूको दर्ता प्रक्रियाका विभिन्न विधिहरू, मतदान गर्नको लागि प्रयोग गर्न सकिने विधिहरू तथा विभिन्न प्राविधिक पक्षहरूको सम्बन्धमा समेत विश्लेषण गरेको देखिन्छ । अतः वैदेशिक रोजगारको क्रममा मुलुकबाहिर रहेका नागरिकहरूलाई निर्वाचनमा मतदान गर्ने अवसर प्रदान गर्ने कार्यलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न सकिने नै देखिन्छ ।

१४. अब निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने चौथो प्रश्नको सम्बन्धमा विचार गर्दा प्रस्तुत रिट निवेदनमा निवेदकले मुलुक बाहिरबाटै सबै तहको निर्वाचनमा मतदान गर्न (External Voting/Absentee Voting) को लागि आवश्यक पर्ने निर्वाचनसम्बन्धी जो चाहिने स्रोत साधनसहित पूर्वाधारको व्यवस्था गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूलाई मतदान कार्यमा सहभागी हुने अवसर प्रदान गर्न परमादेशसहित अन्य आदेश जारी गरिपाउँ भन्ने मागदाबी लिएको

9 विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर प्रदान गरेका केही देशहरूको आर्थिक अवस्था नेपालको भन्दा पनि कमजोर रहेको छ । उदाहरणको लागि नामिवियाको प्रतिव्यक्ति आय नेपालको तुलनामा कम छ । त्यस्तैगरी भारतको र नेपालको सामाजिक परिवेश मिल्दो जुल्दो छ ।

देखिन्छ । वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अधिकार प्रदान गर्नको लागि आवश्यक कानूनी तथा अन्य पूर्वाधारहरूको व्यवस्था हाल भैनसकेको अवस्थामा आवश्यक कानूनी तथा अन्य पूर्वाधारहरूको व्यवस्था नगरी तत्कालै वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेका नागरिकहरूलाई मतदानको अधिकार प्रदान गर्न व्यावहारिक रूपमा सम्भव हुने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।

१५. प्रस्तुत रिट निवेदन खारेज हुने ठहरे तापनि माथिल्ला प्रकरणहरूमा विवेचना भएबमोजिम निर्वाचनमा मतदान गर्न पाउने अधिकार नागरिकको आधारभूत मानव अधिकार तथा संवैधानिक अधिकारसमेत भएको तथा निर्वाचनमा सबै नागरिकको समान अवसरसहित वास्तविक भावना र इच्छासमेतलाई प्रतिनिधित्व गर्नको लागि वैदेशिक रोजगारीमा रहेका नागरिकहरूलाई मुलुक बाहिरबाटै सबै तहको निर्वाचनमा मतदान गर्ने अवसर प्रदान गर्नुपर्ने देखिएको तथा सो कार्यलाई व्यावहारिक रूपमा समेत कार्यान्वयन गर्न सकिने नै देखिँदा आवश्यक कानूनी र अन्य पूर्वाधारहरूको व्यवस्था गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अधिकार प्रदान गर्न विपक्षीहरूको नाममा देहायअनुसारको निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।

(१) रिट निवेदकले वैदेशिक रोजगारीमा रहेको नेपाली नागरिकहरूको हकमा external voting को माग गरेको भए तापनि वर्तमान समयमा ठूलो संख्यामा नेपाली नागरिकहरू विभिन्न देशहरूमा स्थित नेपालको कुटनैतिक नियोग, संयुक्त राष्ट्र संघ तथा अन्तर्राष्ट्रिय संघ संस्थामा काम गर्न, विश्वविद्यालयहरूमा अध्ययन गर्न तथा विभिन्न पेसा व्यवसाय गर्ने सिलसिलामा विदेशमा रहेको अवस्थामा वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेका नागरिकहरूलाई मात्र external voting को अधिकार प्रदान गर्दा समान स्थितिका समान नागरिकबीच विभेद हुने अवस्था सृजना हुने भएकोले विदेशमा रहेका सबै नेपाली नागरिकले निर्वाचनमा भाग लिई प्रजातन्त्रको महायज्ञमा सामेल भई मतदानको हक उपभोग गरी सरकार गठन प्रक्रियामा सहभागी हुने सहज र सरल वातावरण निर्माण गर्नुपर्ने दायित्व नेपाल सरकारमा रहेको छ । तसर्थ वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूमा मात्र मतदानको अधिकार सीमित नगरी विभिन्न उद्देश्यले विदेशमा रहेका सबै नागरिकहरूलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक प्रबन्ध गरी व्यवस्थित गर्नेतर्फ आवश्यक कदम चाल्नू ।

(२) विदेशमा रहेका कस्ता नेपाली नागरिकहरूलाई external voting / out of country voting right को सुनिश्चितता गर्ने भन्ने सम्बन्धमा विदेशमा बसेको भए तापनि नेपाली नागरिकता नत्यागेको र अन्य कुनै पनि देशको नागरिकता नलिएको, मतदानको लागि कानूनबमोजिमको उमेर पूरा भई मतदाता परिचय पत्र भएको तथा विदेशमा रहेका नागरिकहरूको सम्बन्धमा कुटनीतिक निकायले तयार गर्ने लगतमा अद्यावधिक भएको व्यक्तिहरूलाई external voting को लागि योग्य मानी सोही अनुसारको व्यवस्था गर्नु ।

(३) विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्नको लागि कस्तो विधि अवलम्बन गर्ने भन्ने सम्बन्धमा विभिन्न विधिहरू अभ्यासमा रहेकोमा निर्वाचन गराउँदा सामना हुनसक्ने चुनौतीको पहिचान गर्दै समस्या समाधानको बाटोसहित निर्वाचन

गराउन लाग्ने खर्च, प्रविधि, समायावधि नागरिकहरूको पहुँच, राजनीतिक दलहरूको आवश्यक तयारीलगायतका पक्षहरूलाई समेत विचार गर्दा हाम्रो सन्दर्भमा प्रत्यक्ष रूपमा विदेशस्थित कुटनीतिक निकायहरूमा, प्रतिनिधिमार्फत् हुलाकमार्फत वा इलेक्ट्रोनिक भोटिङमध्ये कुन विकल्पको प्रयोग गर्दा अधिकसे अधिक नागरिकलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित र गोप्य तरिकाबाट आर्थिक र व्यवस्थापकीय भार वहन गर्न सक्ने गरी मतदानको अवसर प्रदान गर्न सकिन्छ सो सम्बन्धमा विभिन्न राजनीतिक दलहरू, नागरिक समाज तथा रिट निवेदक संस्थालगायत सम्बन्धित निकायसँग समेतसँग परामर्श गरी आवश्यकता परे Pilot test गरी उपयुक्त व्यवस्था मिलाउनू।

(४) नेपाली नागरिकहरू विभिन्न देश (Host) हरूमा छरिएर रहेका र विदेशी नागरिकलाई आफ्नो भूमिभित्रबाट मतदान गर्न दिने सम्बन्धमा अलग अलग देशमा फरक फरक कानून र नीति हुनसक्ने भएकोले विदेशमा रहेका नेपाली नागरिकहरूलाई सो अवसर दिलाउनको लागि विभिन्न देशहरूका सरकार तथा आवश्यकताअनुसार नेपाली कामदारहरू कार्यरत रोजगारदाता कम्पनीहरूसँग आवश्यक कुटनीतिक पहल गर्नू।

(५) मतदान गर्ने अधिकार नागरिकको सार्वभौम अधिकार निहित मौलिक एवं प्रजातान्त्रिक अधिकार भएकोले सो अधिकार उपभोग गर्ने गराउने प्रयोजनार्थ आवश्यक विधि निर्माण गर्ने दायित्व विधायिकाको भएकोले सोको प्रयोजनार्थ जो चाहिने आवश्यक व्यवस्थासहितको कानून निर्माणको लागि अविलम्ब संसद्समक्ष विधायिकी प्रक्रिया पूरा गरी विधेयक प्रस्तुत गर्नको लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा आदेश जारी गरिदिएको छ । साथै अब हुने निर्वाचनहरूमा विदेशमा रहेका नेपाली नागरिकले निर्वाचनमा भाग लिन पाउने सार्थक अवस्थाहरू सिर्जना गर्न आवश्यक स्रोत सामग्री, प्रविधि, संरचना तथा व्यवस्थापनको लागि आवश्यक तयारी गरी मतदान गर्न सक्नेसम्मको अवस्थाहरू सुनिश्चतता गर्न आवश्यक र उपयुक्त पहल गर्नु गराउनू।

(६) विदेशमा रहेका नागरिकहरूलाई मतदानमा भाग लिन सक्ने अवस्थाको सिर्जना गर्ने प्रयोजनार्थ विदेशमा रहेका नागरिकहरूको वास्तविक लगत संकलन गर्न दर्ता प्रक्रिया अविलम्ब सुरू गरी आउँदो निर्वाचनसम्ममा विदेशमा रहेका नेपाली नागरिकहरूले मतदानमा सहभागी हुनसक्ने वातावरण मिलाउनू।

१६. यस आदेशको कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्नको लागि यस आदेशको प्रतिलिपि फैसला कार्यान्वयन निर्देशनालयमा पठाई तथा यस आदेशको जानकारी विपक्षीहरूलाई दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनू।

उक्त रायमा सहमत छु।
न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृत: सन्देश श्रेष्ठ, शिवप्रसाद पराजुली
इति संवत् २०७४ साल चैत ७ गते रोज ४ शुभम्।

## निर्णय नं. १००४०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
फैसला मिति : २०७५।२।२१
०६५-CR-००५०

मुद्दाः- कर्तव्य ज्यान

पुनरावेदक / वादी : मानविर इजम लिम्बूको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : सुनसरी जिल्ला इटहरी न.पा. वडा नं.४ बस्ने स्व. धनप्रसाद इजम लिम्बूको श्रीमती लिला इजम लिम्बूसमेत

- **भारतको इलाकाभित्र वारदात घटी उपचारकै क्रममा भारतमा नै मृत्यु भएको र नेपालमा ल्याई सतगतसम्म गरेको अवस्थामा नेपालमा मुद्दा चलाउने प्रयोजनका लागि भनी तयार भएका अनुसन्धानका कागज वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नभएसम्म सोलाई प्रमाणमा लिई क्षेत्राधिकार ग्रहण गर्न न्यायोचित पनि नहुने।**

(प्रकरण नं.५)

- **नेपालबाहिर भएको वारदातलाई नेपालभित्र भएको भन्ने कृत्रिम वारदात र सो आधारमा कृत्रिम नै कागजातहरू खडा गरी मुद्दा चलाएकै आधारमा मात्र त्यस्तो मुद्दाले नेपालभित्रको अदालतको अधिकारक्षेत्र ग्रहण गर्न सक्दैन। फौजदारी मुद्दामा नेपालको अदालतको अधिकारक्षेत्र सृजना हुनको लागि वारदात नेपालभित्र नै भएको तथा निर्विवाद एवं शंकारहित तबरबाट वस्तुनिष्ठ आधारमा नै पुष्टि हुन जरूरी छ, यस सम्बन्धमा रत्तिभर कुनै पनि विवाद हुन र सो देखिन नहुने।**

(प्रकरण नं.६)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री प्रकाश कोइराला, विद्वान् अधिवक्ता श्री हरिन्द्रप्रसाद राई
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल, डा. श्री रजितभक्त प्रधानाङ्ग र श्री लभकुमार मैनाली
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने:
माननीय न्यायाधीश श्री टेकराज नेपाल
सुनसरी जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्ने:
माननीय न्यायाधीश श्री विनोदप्रसाद ढुंगेल
मा. न्यायाधीश श्री सुरेन्द्रवीर सिंह बस्न्यात
पुनरावेदन अदालत विराटनगर

फैसला

**न्या.तेजबहादुर के.सी.:** तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

घटनास्थल जि. सुनसरी इटहरी न.पा. वडा नं ४ स्थित बुढीखोलामा रहेको राजमार्गको पक्की पुलको पश्चिम किनारामा पर्ने पूर्वमा खोला (बुढी) बगर, उत्तरमा काँचो छाला संकलन केन्द्रको गोदाम घरदेखि

दक्षिण पश्चिममा पुलमुनि भित्ता साथै माथि राजमार्गमा उक्लने सिमेण्टीको सिँडी भएको दक्षिणमा खोलाको बगर यति ४ किल्लाभित्र भुइँमा बालुवा तथा माटो केही घसारिएको मानिसको झगडा परी कुस्ती खेले जस्तो देखिएको रगत भुइँमा प्रसस्त मात्रामा लागेको रगत आलो आलै देखियो, घटनास्थलमा जिन्सी सामान केही फेला नपरेको सो पुल मुनि इटहरी ४ बस्ने मरणासन्न अवस्थामा रहेको धनप्रसाद इजम लिम्बूलाई तत्काल भारत स्थित साधन सम्पन्न रहेको नर्थ बंगाल मेडिकल कलेजमा पठाइएको भन्नेसमेत बेहोराको मिति २०५४।११।१३ को घटनास्थलको विवरण प्रति मुचुल्का।

मेरो एका घरको जेठो छोरा धनप्रसाद इजम लिम्बू मिति २०५४/११/१३ गते बिहानको खाना खाई इटहरी चोकमा एकछिन काम छ, भनी घरबाट निस्की हिँडेको बेलुकी ६ बजेसम्म पनि घर फर्की नआएको कारण आस पास एरियामा खोज तलास गर्दै गर्दा एक अपरिचित रिक्सावालाले राई लिम्बू जातको हेर्दा लाउरे जस्तो देखिने एउटा मानिस बुढीखोलामुनिको कस्ले धारिलो हतियारले काटी मरणासन्न अवस्थामा पारी छाडेको छ, मानिसहरूको भिडभाडसमेत छ भनी निजले भनेअनुसार मलगायतका साथीहरू लिई घटनास्थलमा आई हेर्दा निज घाइते मेरो छोरा धनप्रसाद इजम मर्ने बाच्ने दोसाँधको भइरहेको देखी मैले तत्काल छिमेकीहरूको साथ लिई भारतको नर्थ बंगाल मेडिकल कलेजमा लगी उपचार गर्दागर्दै मृत्यु भएकोले पोस्टमार्टमसमेत सोही मेडिकल कलेजबाट गराई लास जिम्मा बुझी घरमा ल्याएको हुँदा कानूनबमोजिम लास जाँच मुचुल्का गरिपाउँ, लास सदगतको लागि जिम्मा बुझाई पाउँ र मेरो छोरालाई को, कसले कहाँ त्यस्तो धारिलो हतियारले काटीकुटी कर्तव्य गरी मारेका हुन्, सोसम्बन्धी पछि रीतपूर्वकको जाहेरी दर्खास्त पेस गर्नेछु भन्नेसमेत बेहोराको मृतकको पिता मानबहादुर भन्ने मानवीर इजम लिम्बूले ई.प्र.का इटहरीमा मिति ०५४।११।१७ मा दिएको निवेदन पत्र।

जाहेरवाला मानबहादुर इजम लिम्बूकै घर अगाडि आँगनमा उत्तरतर्फ टाउको, दक्षिणतर्फ खुट्टा फर्काई हेर्दा प्लाष्टिकले बेरी बाहिरबाट सेतो कपडाले ढाकेको, उत्तानो अवस्थामा लास रहेको, प्लाष्टिक खोली हेर्दा लास सर्वाङ्ग नाङ्गो अवस्थामा रहेको, टाउकोबाट सरसरती हेर्दा केश कालो छोटो कपाल, दुवै आँखा बन्द लासको बायाँ गाला कन्चटबाट अगाडि चिँउडोसम्म धारिलो हतियारले एकै पटक प्रहार गरेको जस्तो चोट देखिएको उक्त चोटको गहिराइ ४ इन्च भएको, बायाँपट्टिको कानको बीच भाग काटिएको २ फ्याक अवस्थामा भई उक्त चोटमा भित्रको हड्डीहरू समेत सजिलैसँग काटिएको अवस्थामा देखिएको लासको घाँटीमा समेत धारिलो हतियारले प्रहार गरी ठूलो चोट एवं ठूलो भ्वाङ देखिनुको साथै सो स्थानमा श्वासनली ३ इञ्च बाहिर निस्किएको छातीमा २ ठाउँमा र पेटमा १ ठाउँमा धारिलो छुरीले रोपेको चोट देखिएको लासको पोस्टमार्टम गर्दा सिलाई गरेको धागोसमेत देखिएको पछाडि ढाडमा कुनै चोट नदेखिएको, लासको बायाँ हातको साइँली औंलाको डिलमा ४ इञ्च लम्बाई १ इञ्च गहिराई भएको चोट देखिएको, लासको मलद्वार तथा लिङ्गबाट कुनै पदार्थ ननिस्किएको भन्नेसमेत बेहोराको कुवेरबहादुर राईसमेतका व्यक्तिले मिति २०५४/११/१७ मा लेखाई दिएको लास प्रकृति मुचुल्का।

मृतक धनप्रसाद इजमको पृथक पृथक कोणबाट खिचिएको मृत अवस्थाकै रंगीन फोटो थान ३ समेत मिसिल संलग्न रहेको।

मेरो छोरा धनप्रसाद इजम लिम्बू मिति २०५४।११।१३ गते बिहान खाना खाई, ११ बजेतिर इटहरी बजारतिर घुम्न गएको साँझसम्म पनि फर्की नआएको हुँदा खोज तलास गर्दै जाँदा, इटहरी ४ स्थित बुढीखोलाको पश्चिम किनारा पुलमुनि निज धनप्रसादको शरीरको जत्रतत्र भागमा खुकुरीद्वारा प्रहार गरी सख्त

घाइते बनाई मरणासन्न रगतपिच्छे बनाई बेहोस अवस्थामा पारी फ्याली राखेकोमा सोही दिन बेलुका अन्दाजी ७ बजेतिर फेला पारी हेर्दा मरी नसकेको ढुकढुकी सास भने रहेको मर्ने बाच्ने दोसाँधको स्थिति भई कतै बाँची पो हाल्दछकि भनी उपचारको लागि भारत सिलगडी माटि गाडाको अस्पतालमा उपचार गराउँदा गराउँदै गर्दा राति १२ बजे मृत्यु भएको, सोही अस्पतालमा नै पोस्टमार्टम गरिसकेको छ । लास २०५४/११/१७ गते सदगतसमेत गरिसकेको छ । अपराधीहरू को कहाँका रहेछन् भनी खोज तलास गर्दा मृतक निज धन प्रसादको श्रीमतीसँग रातो दिन घर झगडा भइरहने गरेको र मृतककै श्रीमती इटहरी ४ बस्ने अं. ब ३८ की लिला लिम्बू र ऐ.ऐ. बस्ने अं. वर्ष ३१ को नरेन्द्र थेवे लिम्बूबीच अनैतिक सम्बन्धसमेत सधैं जसो हुने गरेको कारण मृतक धनप्रसाद इजम लिम्बूलाई निजको श्रीमती लिला लिम्बूले सधैं जसो तँलाई मारी दिन्छु मार्न लगाई दिन्छु भनी दागा धर्ने गरेको कारणबाट पत्ता लगाउँदै जाँदा निज लिला लिम्बू र नरेन्द्र थेवे लिम्बूसमेतका अन्य नचिनेका मानिसहरू भई छोरा धनप्रसादलाई मारेको हुँदा अन्य नचिनेको मानिसहरूको नाम विपक्षीहरूबाट खुलाउन लगाई आवश्यक कानूनी कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको मृतकका पिता मानविर लिम्बूको मिति २०५४।११।२५ को जाहेरी दरखास्त।

मृतक धनप्रसाद इजम लिम्बू मेरो फुपू नाता पर्ने लिला इजम लिम्बूको पति हुन । निज नाताले फुपाजु पर्नु हुन्छ । निजहरूको घरमा म विगत ६ वर्ष अगाडिदेखि बसी आएको थिएँ । त्यहाँ बस्दा घर व्यवहारको काम सगाउने गर्दथेँ । फुपाजु धनप्रसाद विदेश ब्रुनाईमा नोकरी गर्नु हुन्छ। यसपाली वहाँ २०५४ सालको वडा दशैंअगाडि छुट्टी मिलाई घर आउनु भएको थियो। तिहार ताका एकदिन बिहानै घरायसी माम्लामा फुपू र फुपाजुबीच झगडा हुँदा फुपाले फुपूलाई सारै कुटपिट गर्नुभयो । फुपूको मुखको माथिल्लो ओठमा काटिएको चोटसमेत मैले देखेँ, मैले फुपू र फुपाजुलाई छुट्याई दिएँ फुपूले माइती भएर पनि चुपलागि बस्छस् भनी फुपू सरासर चौकी बारी धरान बस्ने नबिन थेवे लिम्बूकोमा जानुभयो, दाजु भाउजूलाई लिएर घरमा आउँदा ओठमा टांकासमेत गरी आउनु भएको र दाजु भाउजूले सम्झाई बुझाई धरान फर्की गएका, एक दुई दिनपछि फुपाजु घरमा नभएको मौका पारी मलाई एकान्तमा बोलाई तिम्रो फुपाजुले खाली केटाहरूसँग लागेको शंका गर्छ। रूपैयाँ बढी फुरमाइस गरिस भन्छ, विदेशबाट जहिले छुट्टीमा आउँछ मलाई नानाथरीको आरोप लगाई कुटपिट गर्ने खुकुरी उभ्याउने गर्छ। यस्तो दिनहुँ दुःख कष्ट सहेर बस्न सक्दिन इटहरीमा फटाहा गुण्डागर्दी गर्ने केटाहरू चिनेको छस् ? भनी भन्दा मैले चिनेको छैन भनेँ उसोभए म आफैँ जोगबनीबाट ल्याउँछु भनी फुपूले भन्नुभयो, प्राय: झगडा भइरहन्थ्यो, माइतीको आड पाएर यस्ले जे पनि गर्न लाग्यो तिमी निस्किएर जाउ भनेपछि २०५४।०९।१८ या १९ गते तिर निस्की गएको हुँ । तत्पश्चात् मोरङ पथरी ७ किर्तिपुर भन्ने ठाउँमा वडा बाबुको घरमा गई बसी ३/४ दिनपछि घर सल्लाहअनुसार दिदी नाता पर्ने, कबिता राईलाई लिन भाञ्जा सुरेश थेवे लिम्बूलाई साथमा लिई भारत नर्थ बंगाल पानी घट्टादेखि उत्तरमा पर्ने दुधे बजारमा पुगी दिदी र भिनाजु राजकुमार भन्ने सन्तोष राईलाई भेटी मलाई फुपूले फटाहा गुण्डागर्दी गर्ने केटाहरू खोज्न भनेको खबर निज भेनालाई भन्दा त्यस्तो किसिमको काम छोडिसकेँ भनी भनेपछि म सरासर मोरङ पाथरी फर्के, २ हप्तापछि फुपू लिला इजम मलाई खोज्दै बडाबाबुको घर आउनु भएपछि मसँग भेट भएन पुनः फुपू आउनु भएपछि मेरो भेट भयो, फुपाजु १/२ दिनपछि विदेश जान्छन् घर हिँड्भन्दा मैले नमान्दा ठीक छ दाजु किरण शेवेको घरमा बस भनी भन्दा काका किरणको घरमा बस्दा फुपूसँग भेट भई रहन्थ्यो । मैले सन्तोष राईसँग भेट भएको कुरा अवगत गराएपछि, मलाई फुपूले रू.२०००।- बाटो खर्च

दिई कुरा पक्कापक्की गरी आउनु भनेपछि, भारततर्फ भान्जालाई लिई गई दुधे बजारमा भिनालाई भेटी कुरा गर्दा कुरा पक्का नभएपछि नेपाल फर्की आई भाञ्जालाई फुपू लिलाकै घरमा काम गर्न राखिदिएँ। केही दिनपछि निज फुपूले भान्जा सुरेश थेवे लिम्बूलाई लिई, भारत पानी घट्टादेखि उत्तर दुधेबजारमा निज सन्तोष राईलाई भेट्न गएको कुरा थाहा पाएँ। त्यतिखेर किर्तिपुर बजार जाँदा दिदी र भेना सन्तोष राई भारतबाट आउनुभएको रहेछ। सो बजार घुम्न जाँदा निज भेनाले तिम्रो फुपूले तिम्रो फुपाजुलाई किन देख्न नसकेको, त्यसरी मार्न लगाउनु पर्ने कारण के हो भनी मलाई सोधनी गर्दा, मैले सम्पूर्ण बेहोरा सुनाएर र त्यस्तो जघन्य अपराध नगर्न आग्रह गरेँ, तिमी किन डराउँछौ, तिमीलाई केही हुँदैन सम्पूर्ण काममै गरी दिन्छु भनी भने, अस्ती तिम्रो भान्जा र इटहरीको फुपू पनि भेट्न आएका थिए। केही रकमसमेत लिइसकेको छ भनी निज़ भिनाले भने म इटहरी काका किरण शेवेको घरमा आए। फुपाजु राहदानीको नवीकरण गर्न ताप्लेजुङ जानुभएको रहेछ। मिति २०५४/११/२३ गतेतिर फुपूको धरानतर्फ लेनदेन व्यवहारको कामको खातिर मैले फुपाजुको को. अ.प.४०४६ नं. को मोटर साइकल लिई धरान गई फर्कदा चारकोशे जंगलको पानिपिया भन्ने स्थानमा तैले किन सन्तोषले भनेको काममा इन्कार गरेको अब पनि तैले सहयोग गरिनस् भने आत्महत्या गरी मर्छु, मेरो त्यत्रो रकम पनि फस्ने भयो भनी धम्क्याउनुभयो मैले तपाईको घरबाट निस्किएको मान्छे, केही घटना भयो भने शंका गर्छन् भनी इन्कार गरेँ, फुपूलाई सम्झाएँ तर सम्झाउन सकिन। त्यसपछि, फुपाजुले आमा बाबुलाई लिएर ताप्लेजुङबाट आउनुभयो। त्यसपछि मिति २०५४।११।१३ गते फुपाजु धनप्रसाद इजमलाई खुकुरीले काटी मरणासन्न अवस्थामा फाली तत्काल उपचारको लागि भारत नर्थ बंगालतर्फ लाँदालाँदै मृत्यु भएको भन्ने कुरा मेरो डेरा घरधनी काकी नाता पर्ने लक्ष्मी थेवे लिम्बूले २०५४/११/१६ गते बेलुकी धरानमा टेलिफोनबाट जानकारी गराएको हुँदा थाहा पाएको हुँ। मिति २०५४/११/१३ गते दिनको १ बजे तिर म धरान गएको र ऐ.ऐ. १७ गते इटहरी फर्की आउँदा फुपाजुको लास क्षतविक्षत अवस्थामा देखेको हुँ। मेरो र फुपू लिला इजम बीच अनैतिक सम्बन्ध थिएन। तर फुपूकोमा स्थानीय केटाहरू दिनमा बेलुकी आउने गर्दथिए के कार्यको लागि आएका हुन् थाहा भएन। मेरो फुपाजुलाई के कस्ले कर्तव्य गरी मारे फुपूलाई नै थाहा होला। मैले अगाडि चाहिँ साधारण सहयोग चाहिँ गरेको तर म वारदातमा थिइन भन्नेसमेत बेहोराको प्रतिवादी नरेन्द्र थवे लिम्बूको मिति २०५४।११।२७ मा प्रहरीसमक्ष भएको बयान कागज।

यी पक्राउ परेका नरेन्द्र थेबे लिम्बू मेरो सहोदर कान्छो दाजुको छोरा मेरो भदाहा नाताका हुन्। पति धनप्रसाद इज़म लिम्बू विदेशमा काम गर्ने हुँदा घर कामधन्दा सघाउको लागि निज भदाहालाई ४, ५ वर्षअघिदेखि नै म राखेको थिएँ। म र मेरो भदाहा नरेन्द्र थेवे बीच कुनै पनि अनैतिक सम्बन्ध रहेको छैन। अनैतिक सम्बन्ध राखेको पनि छैन। मेरो पति धनप्रसाद लिम्बू पहिलादेखि नै जहिले पनि कुनै लोग्ने मानिसहरूसँग बोल्यो भने शंका गर्नु हुन्थ्यो। वहाँ बढी शंकालु व्यक्ति हुनुहुन्थ्यो। सोही विषयलाई लिएर गाली, कुटपिट गर्नु हुन्थ्यो। झगडा हुँदा मैले पतिलाई मार्ने तथा मार्न मानिस लगाउँछु भन्ने जस्ता शब्दहरू भनेकी थिइन र छैन पनि। मैले पतिलाई पूर्व नियोजित षड्यन्त्र गरी मार्न लगाएको हैन। जहिले पनि पतिले कुटपिट गर्ने गरेको हुँदा सोझै असह्य भएकोले मेरा घरमा रहेको भदा नरेन्द्र थेवे लिम्बूलाई एक दिन तेरो फुपाजुले मलाई कुटपिट गरी सारै दुःख दियो। बाँच्न नै गाह्रो परि सक्यो। तेरो फुपाजुलाई काबुमा ल्याउनु पर्‍यो, तैले इटहरीमा बदमास केटाहरूलाई चिनेको छैनस् भनी भन्दा निजले त्यस्तो केटा चिनेको छैन भने। मैले भारत जोगबनीबाट बदमासहरू ल्याउँछु भनेको चाहिँ थिइन। मैले नरेन्द थेवे लिम्बूलाई पूर्व

सल्लाह दिएअनुसार निजको भेना नाता पर्ने राजकुमार भन्ने सन्तोष राईसँग भारत पानिघट्टा एरियामा पर्ने दुधे बजारमा सामान्य कुराकानी गरी आएको जानकारी निजबाट थाहा पाई नरेन्द्रकै भानिज नाताका सुरेन्द्र थेवे लिम्बूसँग साथ भारतको उक्त दुधे बजारमा गई नातिनी नाता पर्ने कविता थेवे लिम्बू र ज्वाँई नाता पर्ने राजकुमार भन्ने सन्तोष राईसँग भेटी मलाई तिमीहरूको बाजेले सारै दुःख दिई कुटपिट गर्दा नाना थरीको आरोप शंका गर्छ, घरबाट निस्की जा नत्र काटी यही घरभित्र पुर्छ भन्छ । यसो ज्वाइँ नानीले काबुमा ल्याई सुधारी दिनु परयो भनी भनेकी हुँ। निज ज्वाइँको आर्थिक अवस्था कमजोर देखी नेपाली रू.१०,०००/- दिएकी थिएँ। मैले नरेन्द्र साथ धरान राई फर्की आउँदा त्यस बखत निजलाई के के भनेकी थिएँ थाहा छैन । मैले नरेन्द्रलाई रू.२०००/- दिई भारतको पानिघट्टा पठाएकी हुँ । मिति २०५४/११/१३ गते बिहान ११ बजेतिर पति धनप्रसाद इटहरी चौकमा काम छ एकछिन पुगेर आउँछु भनी जानुभएको एक्कासी सोही दिन बेलुकी साँझमा बुढीखोला स्थित मरणासन्न अवस्थामा फेला पर्नुभयो । तत्काल उपचारको लागि नर्थबंगाल मेडिकल कलेजमा लगी उपचार हुँदाहुँदै पतिको मृत्यु भएको हो । मेरो पतिलाई के कहाँ बस्ने को कस्ले कर्तव्य गरी मारे मलाई थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी लिला इजम लिम्बूको प्रहरीसमक्ष भएको मिति २०५४/११/२८ को बयान कागज।

म हाल बसेको घरमा घरधनी स्व. धनप्रसाद इजम लिम्बू र निजको श्रीमती लिला इजम लिम्बूबीच कहिलेकाहिँ साधारण झगडा हुने गर्दथियो तर के निहुँमा झगडा हुन्थ्यो त्यो मलाई थाहा हुँदैन थियो । निजहरू बीच दागा धर्ने गरेको चाहिँ मलाई केही थाहा छैन । मेरो घरधनी लिला इजम लिम्बू र नरेन्द्र थेवे लिम्बूबीच कुनै अनैतिक सम्बन्ध रहे नरहेको मलाई केही थाहा छैन । बस्दा दिदी भाइकै नाता जस्तो गरी मिलेर बस्थे अन्य के के हुन्थ्यो मलाई केही थाहा छैन । म धनप्रसाद इजमको घरमा २०५४ सालदेखि बस्तै आएको छु । नरेन्द्र थेबे पनि धनप्रसादकै घरमा बस्दै आएका थिए । धनप्रसाद विदेशबाट आएपछि तिमीलाई आर्थिक सहायता गर्नेछु, तिमी छुट्टै व्यवसाय गरेर बस भनी सम्झाउँदा नरेन्द्र आफैँ रिसाएर लुरूलुरू हिँडेका हुन् । निस्किएको ३ महिना भयो । त्यसपछि कहिलै आउनु भएको थिएन । घर धनी धनप्रसाद लिम्बूलाई को कस्ले मारे मराएका हुन् मलाई केही थाहा छैन । पक्राउ परेकी श्रीमती लिला इजम लिम्बू र नरेन्द्र थेवे लिम्बू उपर मलाई शंका लाग्दैन भन्नेसमेत बेहोराको मृतक धनप्रसाद इजम लिम्बूको घरमा काम गर्ने रमादेवी भुजेलको प्रहरीसमक्ष भएको मिति २०५४/१२/१७ को कागज।

प्रतिवादी लिला लिम्बू मेरो सोल्टीनी नाता पर्छ। प्रतिवादी नरेन्द्र थेबे लिला लिम्बूको घरमा करिब ३, ४ वर्षदेखि बस्नै आएका हुन्। निज प्रतिवादीहरू बीच फुपू भदाको नाता पर्छ भन्थे, पछि बुझ्दा नाति नाता पर्ने भन्ने बुझेको हुँ । निज प्रतिवादीहरूबीच अनैतिक सम्बन्ध थियो थिएन, भयो भएन मलाई थाहा भएन । धनप्रसाद लिम्बूको हत्या भएपछि गाउँ घरमा निज प्रतिवादीहरू बीचमा अनैतिक सम्बन्ध भई निजहरूकै षड्यन्त्रबाट धनप्रसाद इजम लिम्बूको हत्या भएको हो भन्ने गाउँ घरलगायत अन्यत्र ठाउँमा समेत व्यापक हल्ला छ। षड्यन्त्र गरे गरेनन् निजहरूनै जानुन् । धनप्रसाद इजमको हत्यापछि भएको हल्लाअनुसार निज प्रतिवादीहरू लिला र नरेन्द्रले षड्यन्त्र गरी मराएका हुन भन्ने सुने बुझेकी हुँ। निजहरूले मारेका हुन् भनी किटान साथ भन्न सक्तिन । मृतक धनप्रसाद र प्रतिवादी लिला इजमबीच कहिले काही सामान्य भनाभन झै-झगडा हुने गर्दथियो । सामान्य भनाभन हुनु स्वभाविकै हो भन्नेसमेत बेहोराको मृतक धनप्रसादको छिमेकी टिकाराम लिम्बूको प्रहरीसमक्ष भएको मिति २०५४/१२/०५ को कागज।

शरीरको संवेदनशील अंगहरूमा धारिलो

हतियारको गहिरो चोटको कारणबाट काटिई, धनप्रसाद इजम लिम्बूको मृत्यु भएको हो भन्नेसमेत विस्तृत बेहोरा उल्लेख भएको निज मृतक धनप्रसाद इजम लिम्बूको भारत नर्थबंगाल मेडिकल कलेज माटगाडाबाट सन् १९९८ फरवरी २६ तारेखमा भएको शव परीक्षण प्रतिवेदन पोस्टमार्टम रिपोर्ट।

मेरो जेठाजु नाता पर्ने रत्नमान थेवे लिम्बूको घरमा काजक्रिया भएकोले सो काजक्रियामा काम सघाउन गएको मेरो भतिजो नाता पर्ने यी प्रतिवादी नरेन्द्र थेवे लिम्बूलगायत जेठाजुहरूलाई पनि धनप्रसाद लिम्बूको मृतक लास ल्याएको कुराको मिति २०५४।११।१६ गते राति अं. ७ बजेको समयतिर खबर गरेकी हुँ। प्रतिवादी लिला इजम लिम्बू र नरेन्द्र थेवेले मृतकलाई षड्यन्त्र गरी मारे मारेनन थाहा भएन। प्र. लिला इजम लिम्बूको घरमा प्र.नरेन्द्र थेवे लिम्बू आजभन्दा ४, ५ वर्ष अगाडिदेखि बस्दै आएका थिए। निजहरूबीच अनैतिक सम्बन्ध रहेकोमा मलाई त्यति थाहा छैन। मिलेर नै बस्थे आँखाले नदेखेको हुँदा यसै भन्न सक्दिन। धनप्रसाद र निजको श्रीमती लिला इजम लिम्बूबीच प्रायजसो सधैँ नै झगडा हुने गर्दथ्यो तर एक अर्कालाई मार्ने तथा मार्न लगाउने दागा धर्ने शब्द सम्बन्धमा त्यति वास्ता गरिँदैन थियो भन्नेसमेत बेहोराको श्रीमती लक्ष्मी थेवे लिम्बूको प्रहरीसमक्ष भएको मिति २०५४/१२/६ को कागज।

प्रतिवादी नरेन्द्र थेबे लिम्बू मेरो मामा नाताका व्यक्ति हुन्। म मामा नरेन्द्र थेवेकै अनुरोधमा २०५४ साल पौष अन्तिमतिर नरेन्द्र थेवेको दिदी र मेरो सानिमा नाताकी भारतको नक्साल पानीघट्टादेखि उत्तर दुधेबजारमा गई सो गएको रात त्यहीँ बस्यौं। रातमा मामा नरेन्द्र थेवे लिम्बू र सानुबाबु नाता पर्ने राजकुमार भन्ने सन्तोष राई अबेरसम्म घरबाहिर घुमफिर गरी रातको त्यस्तै ११ बजेतिर आउनुभएको हो र खाना खाईवरी निज मामा सानाबाबुसँगै सत्नु भयो। सोको भोलिपल्ट बिहानै नेपाल स्थित घर फर्की आएका हौं। हामीहरू भेट हुँदा त्यस्तो केही कुराकानी भएन। दोस्रो पटक घरमा वडाबाबुले लिई आउनु भन्नुभएको छ दिदी कविता राईलाई लिन जाउ भाञ्जा भनी मामा प्र.नरेन्द्रले मलाई भनेको हुँदा गते बार यकिन भएन। २०५४ साल माघको पहिलो हप्ता ६, ७ गतेतिर उक्त स्थान दुधे बजार गई सानिआमा बिरामी भएको हुँदा हामी सो दिनभरी त्यहीँ बसी बेलुकी ६, ७ बजेतिर नेपाल फर्की आएका हौँ। गाडी चढ्न आउँदा मलाई अगाडि नै पठाएर पछाडि मामा र सानाबाबु गफ गर्दै बिस्तारै आएका थिए। सोधनी गर्दा मामाले महत्त्वपूर्ण गफ थियो भनी जवाफ दिनुभयो। त्यहाँबाट आई मामा नरेन्द्रको अनुरोधमा वजु लिला इजमको घरमा २०५४।१०।११ गते तिर आई १८/१९ दिन बसी काम सघाएँ। त्यतिबला बाजे धनप्रसाद इजम लिम्बू पनि थिए। बाजे नभएको बेलामा मात्र मामा नरेन्द्र आउने र वजु लिला र निजबीच के के कुरा हुन्थ्यो मलाई थाहा छैन। म बसेको एक हप्तापछि बाजे काम विशेषले ताप्लेजुङतर्फ जानुभएको, त्यस्को भोलिपल्ट मामा नरेन्द्र आई बजुसँग कुरा गरी भोलिपल्ट पनि बजु र मामा मोटरसाइकलमा निस्की बेलुका मात्र फर्किनुभयो पुनः २ दिनपछि बजु लिला इजम लिम्बूले तिम्रो सानीआमा कबिता राई (थेवे) र सानाबाबुलाई भेट्न जानु पर्‍यो भनी मलाई भन्नु भई २०५४ साल माघ महिनाको २३/२४ गतेतिर बजु नाति हामी दुई जना मात्रै भारत पानीघट्टा दुधेबजार गई सानिआमाको घरमा सबैलाई भेटी बजु लिला इजमले सानुबाबु सन्तोष राईसँग एकान्तमा कुरा गर्नुभयो। के कुरा गर्नुभयो थाहा भएन। हामीहरू बेलुकी ३ बजेतिर घर फर्की आएका हौँ। बाजे पहाडबाट नआई सानाबाबु राजकुमार भन्ने सन्तोष राई र एकजना फाल्तु पुरूष आई बजु लिला इजमसँग गफ गर्दैथिए। मेरी श्रीमती बिरामी हुँदा म आफ्नो घर शनिश्चरेतर्फ गएँ। निजहरूले के गफ गरे कति दिन बसे र कहिले गए मलाई थाहा भएन। धनप्रसादले नरेन्द्रलाई घरबाट निकाली दिएकोले निजहरूबीच

सामान्य मनमुटाव भएको सुनेको हुँ। मेरो बाजे नाता पर्ने धनप्रसाद इजमलाई कर्तव्य गरी मानिसले मारे अरे भन्ने थाहा पाएँ। यी प्रतिवादीहरूले षड्यन्त्र गरी धनप्रसादलाई मारे मराएकोमा म यसै किटान गरी भन्न सक्दिन भन्नेसमेत बेहोराको सुरेश भन्ने राजु थेवे लिम्बूको प्रहरीसमक्ष भएको मिति २०५४/१२/०६ को कागज।

जाहेरीमा उल्लिखित बेहोरा ठीक साँचो हो। घरमा दाजु धनप्रसाद र भाउजू लिला इजम लिम्बू प्राय जसो झगडा गरिरहनु हुन्थ्यो। दाजुलाई भाउजूले मार्ने धम्की दिने गरेको र भदा नाता पर्ने नरेन्द्र थेबेलाई घरबाट निकाली दिएको कारणबाट निज नरेन्द्र थेवेले ज्यानै मार्ने धम्की दागा धरेको भन्नेसमेत मैले सुनेको हुँदा र नरेन्द्रको भाउजू लिला इजमसँग अनैतिक सम्बन्ध केही वर्ष अगाडिदेखि रही आएको भन्ने हामीलाई थाहा थियो तर घर परिवार बिथोलिन्छ भनेर नभनेकोमा दाजुले कताकताबाट थाहा पाई निज नरेन्द्रलाई सम्झाई बुझाई घरबाट निकाली दिएको हुँदा मेरो भाउजू लिला इजम र भदाहा नरेन्द्र थेवेले नै कर्तव्य गरी मेरो सहोदर जेठो दाजु धनप्रसादलाई कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भन्नेसमेत बेहोराको मृतकको भाइ केदारमान इजम लिम्बूले प्रहरीमा मिति २०५४।१२।१४ मा गरेको कागज।

यी पक्राउ परेका प्रतिवादी लिला इजम लिम्बू र प्रतिवादी नरेन्द्र लिम्बूबीच अनैतिक सम्बन्ध रही आएको, सो कुरा धनप्रसादले थाहा पाई घरमा धेरै जसो पतिपत्नीबीच झगडा हुने गरेको र सोही कारणबाटै प्र.नरेन्द्र थेवेलाई धनप्रसाद इजम लिम्बूले घरबाट निकाली दिएको र श्रीमान् श्रीमतीबीच झगडा हुँदा प्रतिवादी लिला इजम लिम्बूले श्रीमान्लाई मानिस लगाई मार्ने जस्ता ज्यानको दागा धर्ने धम्की दिएको सुनिएको र प्रतिवादी नरेन्द्रले पनि घरबाट निस्कँदा धनप्रसादलाई दागा धरेको हुँदा यिनै कारणबाट नै प्रतिवादी श्रीमती लिला इजम लिम्बू र प्रतिवादी नरेन्द्र थेबे लिम्बूले षड्यन्त्र गरी धनप्रसाद इजम लिम्बूलाई मानिस लगाई कर्तव्य पारी मारे मराएकोमा विश्वास लाग्छ भन्नेसमेत बेहोराको प्राय एकै मिलानको देवेन्द्र सुब्बा, धनबहादुर राई, मुक्तिनाथ दाहाल र धनपति ढकालसमेतले मिति २०५४/१२/१५ मा लेखाई दिएको वस्तुस्थिति मुचुल्का।

संकलित सबुत प्रमाणहरू घटनास्थल प्रकृति मुचुल्का जाहेरी दरखास्त, लास प्रकृति मुचुल्का प्रतिवादी नरेन्द्र थेवेसमेतको बयान बुझिएका रमादेवी भुजेलसमेतको कागज, पोस्टमार्टम प्रतिवेदन तथा वस्तुस्थिति मुचुल्कासमेतका कागजातहरूबाट मिति २०५४।१९/१३ गते धनप्रसाद इजम लिम्बूलाई कर्तव्य गरी मारेको वारदात पुष्टि हुन आयो। अब धनप्रसाद इजमलाई को कस्ले के कस्तो प्रकार एवं रीतले कर्तव्य गरी मारे मराएका रहेछन् र उक्त कार्य गर्नेहरू उपर के कस्तो सजायको माग दाबीको अभियोग लिनुपर्ने हो भन्नेतर्फ विचार गर्दा धनप्रसाद इजम लिम्बू र निजको श्रीमती लिला इजम लिम्बूबीच घरायसी झगडा भई निज धनप्रसाद इजम लिम्बूले निज प्रतिवादी लिला इजमलाई बारम्बार कुटपिट गर्ने गरेको र प्रतिवादी नरेन्द्र थेवेलाई घरबाट निकाला गरेको कुरासमेतलाई लिई भारतको पानी घट्टा स्थित दुधे बजार बस्ने राजकुमार भन्ने सन्तोष राईसँग प्रतिवादी नरेन्द्र थेवे र प्रतिवादी लिला इजम लिम्बूले स्वयं सिधा सम्पर्क स्थापित गरी निज सन्तोष राईलाई रू.१०,०००/- नगदै दिई प्रतिवादी लिला इजम लिम्बू मुख्य प्रतिवादी नरेन्द्र थेवे लिम्बूको सहयोग लिई निज राजकुमार भन्ने सन्तोष राई र नाम नखुलेको अन्य सहयोगीसमेत भई जि. सुनसरी इटहरी न.पा. वडा नं ४ स्थित बुढीखोलामा धनप्रसाद इजमलाई धारिलो हतियारले काटी कर्तव्य गरी मार्न लगाएको कुरा पुष्टि हुन आएको हुँदा प्रतिवादी राजकुमार भन्ने सन्तोष राईले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. बर्खिलाप सोही ज्यानसम्बन्धी महलको १३(१) नं.

बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी राजकुमार भन्ने सन्तोष राईलाई सोही ऐन महलको १३(१) नं. बमोजिम सजाय गरी पाउन र प्रतिवादी लिला इजम लिम्बू र प्रतिवादी नरेन्द्र थेवे लिम्बूले धनप्रसाद इजम लिम्बूलाई कर्तव्य गरी ज्यान मार्ने काममा प्रतिवादी राजकुमार भन्ने सन्तोष राईसँग सम्पर्क गरी उक्त ज्यान मार्ने कार्यको लागि रू.१०,०००।- समेत दिई पडयन्त्र गरी ज्यान मार्न लगाएको हुँदा निजहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं को कसुर गरेको हुँदा निज प्रतिवादीहरू लिला इजम लिम्बू र नरेन्द्र थेबे लिम्बूलाई सोही ऐन महलको १६ नं. बमोजिम सजाय गरी पाउन र विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीमध्येका राजकुमार भन्ने सन्तोष राई विदेश भारतीय मूलको नागरिक भएको हुँदा निजलाई नेपाल सरहदभित्र फेला पारी पक्राउ परेको खण्डमा कानूनबमोजिम पेस गरिने र प्रस्तुत मुद्दाको अपराधमा अन्य मानिसहरूको पनि संलग्न रहेको भन्ने ठोस सबुद प्रमाण फेला पारी निजहरूको यकिन नाम थर वतन खुली आएका बखत छुट्टै अभियोग पत्र पेस गरिने भन्नेसमेत बेहोराको प्रतिवादीहरू उपरको मिति २०५४/१२/२४ को अभियोग पत्र।

प्रतिवादीमध्येका नरेन्द्र थेवे, मेरो भाइ नाताका हुन् । प्रतिवादी राजकुमार भन्ने सन्तोष राईसँग मेरो चिनजान छैन। मउपरको अभियोग सुनी पाएँ। मैले मेरा पति धनप्रसाद इजमलाई षड्यन्त्र गरी मारेको होइन। म त्यसो गर्न सक्दिन। मेरो ससुरा र देवरको जालसाजीबाट यो मुद्दा चलाएका हुन्। हामीले इटहरीमा घर बनाएदेखि नै सो सम्पत्तिमा सासू ससुरा र देवरको धन सम्पति निजहरूले पाउनुपर्छ भन्ने दाबी थियो। मेरो पति धनप्रसाद इजमलाई को कस्ले कर्तव्य गरी कसरी मारे मलाई थाहा छैन। मिति २०५४/११/१३ गतेका दिन म आफ्नै घरमा थिएँ। सो दिन करिब ११.३० बजेको समयमा एकजना इजम थर भएकै व्यक्ति आई सासू ससुरासँग के कुराकानी गरे थाहा भएन, पति धनप्रसाद इजम तिनै व्यक्तिसँग भारतको पानीघट्टा भन्ने ठाउँतर्फ लागे । २०५४।११।१६ गते बिहान ससुराले छोरा हरायो खोज्न जानुपर्छ भनी टेलिफोनद्वारा भनेकोले म ससुरा र देवरलगायतका ८/९ जना मानिस भारततर्फ गयौं। बाटोमा काँकडभिट्टा पुगेपछि मलाई घरबाट झिकाएको हुँदा घर गएपछि राति १० बजेको समयमा मेरो पतिको लास लिई घर आए। पतिलाई भारतमा कुटपिट गरी मारेको हुन्। २०५४/११/१३ को घटनास्थल प्रकृति विवरण मुचुल्का, ऐ.१७ गतेको लास प्रकृति मुचुल्का एवं २०५४/११/२५ को जाहेरी दर्खास्त सुनी पाएँ। मेरो पति घरको जेठो छोरा भई पहिला हङ्कङ गई अवकाश पाएपछि ब्रुनाई गई कमाई ल्याएको सम्पत्ति हामी सबैको हक लाग्छ भनी ससुरासमेतले भन्दै आएका, मेरो श्रीमान् धनप्रसादले पहिले पनि केही सम्पत्ति दिएँ अब मेरो पनि ४ छोरा छोरी छन् म दिन्न भनी भन्नुभएकोमा मलाई समेत फसाई मेरो श्रीमान्ले कमाई ल्याएको सम्पत्ति एकलौटी खान झुठा जाहेरी दिएका हुन । मेरो श्रीमान्लाई भारतमा कुटपिट गरी मारेका हुन् । प्रहरीसमक्ष भएको मेरो बयान कागज पढी सुनि पाएँ। प्रहरीमा मैले मेरो कारणबाट श्रीमान् मरेको होइन भनी जवाफ दिएपछि प्रहरीले २, ३ थप्पड हिर्काई मतर्फ बन्दुक देखाई लेखी ल्याएको कागज मलाई पढी नसुनाई मेरो स्वेच्छा विरूद्ध गराएको हो। प्रहरीसमक्ष प्र.नरेन्द्र थेवेले मसमेतले षड्यन्त्र गरी पति धनप्रसाद इजमलाई मारेको हो भनी किन लेखाए म जान्दिन। मेरो श्रीमान्सँग सानै उमेरमा विवाह भएको हुँदा म कसरी श्रीमान्को हत्या गराउन सक्छु। सुरेश भन्ने राजु थेवेले मलाई भारतको पानिघट्टा दुधे बजारमा देखेको भनी किन लेखाए म जान्दिन। म सो स्थानमा कहिले पनि गएको छैन। नरेन्द्र थेवे मेरो भाइ छोरा जस्तो मान्छेसँग हामीहरूको अनैतिक सम्बन्ध थिएन, प्रहरीसमक्ष कागज गर्ने केदारमान इजम र वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको कागज बेहोरासमेत झुठा

हो। म निर्दोष छु। अभियोगबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको अदालतसमक्ष भएको प्रतिवादी श्रीमती लिला इजम लिम्बूको मिति २०५४।१२।२५ को बयान।

प्रतिवादी लिला इजम लिम्बू मेरो फुपू र राजकुमार भन्ने सन्तोष राई मेरो भिनाजु नाताका हुन्। मउपरको अभियोग पढी बाची सुनाउँदा सुनी पाएँ। मेरो ज्यान मार्ने कुरमा कुनै पनि षड्यन्त्र नभएको र मलाई कुरा पनि थाहा नभएको र धनप्रसाद लिम्बूको को कस्को कर्तव्यबाट मृत्यु भएको हो सो कुरा मलाई थाहा छैन। धनप्रसाद इजमको मृत्यु भएको भन्ने कुरा काकी लक्ष्मी थेवेबाट मिति २०५४।११।१४ गते १२ बजे थाहा पाएँ। मिति २०५४।११।१७ को लास प्रकृति मुचुल्का तथा जाहेरी दर्खास्त पढी सुनाउँदा सुनि पाएँ। म फुपू लिला इजमको घरमा बस्थे। धनप्रसादलाई को कस्ले कर्तव्य गरी मार्‍यो मलाई केही थाहा छैन। मउपर समेत किन जाहेरी दिए म जान्दिन। प्रहरीले मलाई २०५४।११।१५ गते पक्राउ गरी घटना सम्बन्धमा केरकार गर्दा आफूले थाहा नभएको भनी भन्दा पैसा कति निकाल्न सक्छस् भनी सोधे, म गरिब छु, पैसा निकाल्न सक्दिन भनी भन्दा २ लाठी हिर्काई सो रात छाडी भोलिपल्ट अड्डासार गरी खनार चौकीमा लगी शरीरमा जत्रतत्र लाठी र बुटले हिर्काई इन्स्पेक्टरले मारी दिन्छु भन्नेसमेतको डर धाक देखाई पढी नसुनाइएको बयान कागजमा सही गरेको। प्रहरीसमक्ष भएको कागज मेरो स्वेच्छाबाट भएको होइन। प्रतिवादी लिला इजमले प्रहरीसमक्षमा मसमेतको षड्यन्त्रबाट धनप्रसाद लिम्बूको मृत्यु भएको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष किन त्यस्तो बयान गरिन्, म जान्दिन निजैलाई थाहा होला। मेरो दिदीको घर दुधे बजारमा भएपनि म सो स्थानमा गाएको छैन। सुरेश थेवे भन्ने राजु थेवेले सन्तोष राईसँग कुरा गरी रहेको देखेँ भनी किन प्रहरीसमक्ष कागज गरे म जान्दिन। प्रहरी समक्षको केदारमान इजमको कागज सुनिपाएँ। म आजभन्दा १५/२० वर्ष अगाडिदेखि लिला इजमको घरमा बसेको, निज मेरो फुपू हुँदा हामीबीच कुनै अनैतिक सम्बन्ध नरहेको, सम्पत्ति सम्बन्धमा दाजु भाइबीच पटकपटक झगडा भई राख्ने र यही मौका पारी भाउजूसमेतलाई फसाउन झुठा कागज गरेका हुन्। वस्तुस्थिति मुचुल्का सुनेँ। हामीहरूको कम्तीमा ३ पुस्तासम्म वैवाहिक सम्बन्ध हुँदैन। मेरो फुपूसँग कुनै अनैतिक सम्बन्ध थिएन। हामीहरूलाई थुनामा पठाई सम्पत्ति हडप्न षड्यन्त्र गरी फसाएका मात्र हुन्। म निर्दोष छु भन्नेसमेत बेहोराको प्रतिवादी नरेन्द्र थेवे लिम्बूको अदालतसमक्ष भएको मिति २०५४।१२।२५ को बयान।

लास प्रकृति मुचुल्काका यमकुमार लिम्बू, बमबहादुर लिम्बू, राजेन्द्र खिमरिङ लिम्बू, केशव सिटौला, सिताराम राई, प्रेम कुमार लिम्बू, तिर्थ भट्टराई, वस्तुस्थिति मुचुल्काका देबेन्द्र सुब्बा, ठाडो कागज गर्ने केदारमान लिम्बू, जाहेरवाला मानविर इजम लिम्बू, घटनास्थल प्रकृति मचल्काका धनबहादुर राई, दुर्गाराम राई, घटनास्थल प्रकृति मुचुल्का तयार गर्ने प्र.ह. रामबहादुर लिम्बू, प्रतिवादीहरू लिला इजम लिम्बू र नरेन्द्र थेवे लिम्बूका साक्षी लक्ष्मी थेवेले गरेको बकपत्र मिसिल सामेल रहेको।

आफ्नो श्रीमान् तथा फुपाजु धनप्रसाद इजम लिम्बूलाई मराउने कार्यमा षड्यन्त्र गर्ने यी प्रतिवादीहरू लिला इजम लिम्बू र डि.वि.भन्ने धुनबहादुर थेवे भन्ने नरेन्द्र थेवे लिम्बूले अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम कसुर अपराध गरेको हुँदा निज प्रतिवादीहरूलाई सोही ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम जनही १०(दश) वर्ष कैदको सजाय हुने र प्रतिवादी राजकुमार भन्ने सन्तोष राईका हकमा हाजिर भएका वा पक्रिएका बखतमा खडा गरी बुझी कानूनबमोजिम गर्ने गरी मुलुकी ऐन, अ.बं.१९० नं. बमोजिम मुल्तबीमा राखिदिने ठहर्‍याई सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६१/०३/०७ मा भएको फैसला।

सुरू जिल्ला अदालतले गरेको फैसलामा चित्त बुझेन । मिसिल संलग्न कुनै पनि प्रमाणबाट मैले दाबीबमोजिमको कसुर गरेको भन्ने कुरा पुष्टि हुन सकेको छैन । मृतकको मृत्यु नेपाल सरहदभित्र नभई भारतीय भूमिमा भएको भन्ने कुरा नर्थबंगाल मेडिकल कलेजबाट पोस्टमार्टम गराइएको तथ्य मिसिलबाट स्थापित भइरहेको अवस्थामा नेपाल सरहदको अदालतबाट प्रस्तुत मुद्दा हेर्न नमिली खारेज गर्नुपर्नेमा सो नगरी कसुरदार ठहर गरी सजायसमेत गर्ने गरी गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसला सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेत विपरीतको हुँदा उक्त फैसला बदर गरी अभियोग मागदाबीबाट पूर्ण उन्मुक्ति पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी लिला इजम लिम्बूको पुनरावेदन पत्र ।

यसमा वारदात स्थल नेपाल सरहदभित्र हो होइन भन्ने विषयमा विवादयुक्त रहेको देखिएको अवस्थामा सुरूले गरेको फैसलाका सम्बन्धमा छलफल गर्न निमित्त पुनरावेदन सरकारी वकिल कार्यालयलाई अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत विराटनगरको मिति २०६३।०४।२२ को आदेश ।

मृतकको नेपाल सरहदभित्र कर्तव्य भई मृत्यु भएको अवस्था नहुँदा सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६१।०३।०७ मा क्षेत्राधिकार ग्रहण गरी गरेको फैसला मिलेको अवस्था नहुँदा प्र.मध्येका लिला इजम लिम्बूसमेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १६ नं. बमोजिम कसुरदार कायम गरी गरेको फैसला उल्टी भई यी प्रतिवादीले सफाइ पाउने ठहर्छ । अर्का प्रतिवादी नरेन्द्र थेवे लिम्बूका हकमा समेत वारदात नै स्थापित हुन सकेको अवस्था नहुँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको २०५ नं. अनुरूप निजले समेत सफाइ पाउने ठहर्छ भन्ने पुनरावेदन अदालत विराटनगरको मिति २०६४।०९।२६ को फैसला ।

धनप्रसाद लिम्बूलाई मर्नु बाँच्नु दोसाधको अवस्थामा इटहरी ४ स्थित बुढीखोलाको पुलमुनि पश्चिम किनारामा पाइएको र वारदात स्थलमा मारिएको, आलो रगत देखिएको र उपचारार्थ भारत नर्थबंगाल मेडिकल कलेजमा पठाएको भन्ने बेहोराको घटनास्थल मुचुल्का रहेको र भारतको मटीगाडा स्थित नर्थबंगाल अस्पताल पुर्‍याई उपचार हुँदै गर्दा छोरा धनप्रसादको मृत्यु भएकोले पोस्टमार्टमसमेत सोही अस्पतालमा गराई लास बुझी ल्याएको भन्नेसमेत बेहोराको मृतकका बाबुको निवेदन छ । मृतकलाई कर्तव्य गरी मार्नमा प्रतिवादीहरूले षड्यन्त्र गरेका थिए भन्ने किटानी जाहेरी, प्रतिवादीहरूद्वारा अनुसन्धानमा गरेको बयान, मौकामा भएको कागजसमेतबाट लिलाले मृतकलाई बरोबर मारिदिने कुरा भन्ने गरेको र मार्नका लागि सुपारी दिएको भन्नेसमेत उल्लेख भएकोले प्रतिवादीहरूकै षड्यन्त्रबाट मृतकको मृत्यु हुन गएको पुष्टि भएकोले प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला बदर गरी सुरू सुनसरी जिल्ला अदालतबाट भएको फैसला सदर गरिपाउँ भन्ने वादी नपाल सरकारको यस अदालतमा परेको मिति २०६५।०५।०४ को पुनरावेदन पत्र ।

एकपटक नेपालको अधिकारक्षेत्र भएको भनी अभियोगपत्र दायर भइसकेकोमा पछि आफ्नो अधिकारक्षेत्र नभएको भन्नु र त्यस्तो अधिकार क्षेत्र नभएकोमा खारेज गर्ने ठहर्‍याउनु पर्नेमा सफाइ दिने ठहर गरेको फैसला विरोधाभाषपूर्ण हुनुका साथै यस्तो फैसलाबाट अपराधीले भारत र नेपालमा समेत सजायबाट उन्मुक्ति पाउने अवस्था भएकोले समेत पुनरावेदन अदालत विराटनगरको फैसला नमिली फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाई आएपछि वा अवधि नाघेपछि पेस गर्नू भन्ने यस अदालतको मिति २०६६।१२।०९ को आदेश ।

यसमा ज्यानसम्बन्धी महलको १६ नं.

अनुसार षड्यन्त्रको कसुरको सम्बन्धमा अन्तरदेशीय क्षेत्राधिकारको प्रश्न तथा मुद्दासँग सम्बन्धित अन्य विषयहरूमा समेत दुवै पक्षका कानून व्यवसायीबाट १५ दिनभित्र बहसनोट पेस गर्न लगाई पेस गर्नू भन्ने यस अदालतको मिति २०७४।०३।०७ का आदेशानुसार प्रतिवादी तथा जाहेरवालाका कानून व्यवसायी र वादी नेपाल सरकारको तर्फबाट पेस भएको बहसनोट मिसिल सामेल रहेको।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री प्रकाश कोइराला र जाहेरवालाका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री हरिन्द्रप्रसाद राईले प्रस्तुत मुद्दाको वारदात नेपालमा भएको र भारतमा उपचारको क्रममा मृत्यु भएको हो। मृतकको श्रीमती र नरेन्द्र थेवेको षड्यन्त्रमा वारदात घटेको छ। मृतकका बाबुले मौकामा किटानी जाहेरी दिएका छन्। जाहेरीलाई घटनास्थल प्रकृति मुचुल्का लास परीक्षण प्रतिवेदनसमेतले पुष्टि गरेको छ। मौकामा कागज गर्ने व्यक्तिहरूको अदालतमा भएको बकपत्रसमेतबाट षड्यन्त्रको तथ्य उजागर भएको छ। क्षेत्राधिकारको प्रश्न देखाई प्रतिवादीलाई कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल, विद्वान् वरिष्ठ अधिवक्ता डा. श्री रजितभक्त प्रधानाङ्ग र विद्वान् वरिष्ठ अधिवक्ता श्री लभकुमार मैनालीले जाहेरवालाको जाहेरी दरखास्तबाटै मृतक बिहानको खाना खाई इटहरी चोकमा काम छ भनी निस्केको भन्ने तथ्य प्रस्ट छ। मृतक चढ्ने गरेको मोटरसाइकल कोही कसैले लगेको अवस्था देखिँदैन। सो मोटरसाइकल भारतीय सिमानासँग जोडिएको काँकडभिट्टा इलाकाभित्र भेटिएको छ। मृतकको मृत्युको सम्बन्धमा अटो ड्राइभर रतन साहको FIR अनुसार भारतीय अदालतमा मुद्दा दायर भई विचाराधीन अवस्थामा रहेको छ। रतन साहले मिति २०५४।११।१३ मा काँकडभिट्टाबाट २ जना यात्री बोकेर गएको र तीमध्ये १ जनाको हत्या भएको भन्ने कुरा व्यक्त गरेका छन्। मिति २०५४।११।१३ को घटनास्थल प्रकृति मुचुल्का वास्तविक नभएर मृतक नेपाली भएकाले नेपालमै मुद्दा चलाउने भन्ने उद्देश्यले तयार पारिएको कपोकल्पित हो। घाइतेलाई अस्पताल पठाउने बित्तिकै त्यस्तो मुचुल्का तयार पार्ने परिपाटी रहेको छैन, जुन अस्वाभाविक छ। वारदात विदेश भारत कदममोड नक्सालवादीमा भएको भन्ने कुरा सवडिभिजन मेजिस्ट्रेट कोर्ट सिलगडीमा कारबाही भएको कागजबाट देखिन्छ। उल्लिखित तथ्यबाट वारदात तथा मृतकको मृत्यु नेपाल सरहदमा नभई भारतमा भएको तथ्य पुष्टि भएकोले मुलुकी ऐन अ.बं.२९ नं. मा *"ज्यानसम्बन्धी महलले सजाय हुने मुद्दा अपराध भएको इलाकाबाट हेर्नुपर्छ"* भन्ने कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू समेतबाट भारतमा भएको वारदात सम्बन्धमा नेपालमा अभियोग लाग्ने व्यवस्था नै नरहेको सन्दर्भमा अभियोगपत्र खारेज हुनुपर्ने हो। खारेज गर्नु र सफाइ दिनुमा प्रतिवादीको हकमा कुनै तात्त्विक भिन्नता नरहेकोले पुनरावेदन अदालतबाट प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला न्यायोचित रहेकोले सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

उल्लिखित दुवै पक्षका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत विराटनगरबाट भएको मिति २०६४।०९।२६ को फैसला मिलेको छ, छैन र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने हो वा होइन? सोही सम्बन्धमा

निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, मृतक धनप्रसाद इजम लिम्बू र निजको श्रीमती लिला इजम लिम्बूबीच घरायसी झगडा भई मृतकले प्रतिवादी लिला इजमलाई बारम्बार कुटपिट गर्ने गरेको र प्रतिवादी नरेन्द्रलाई घरबाट निकाला गरेको कुरासमेतलाई लिई भारतको पानीघट्टा स्थित दुधे बजार बस्ने राजकुमार भन्ने सन्तोष राईसँग प्रतिवादी नरेन्द्र थेवे र निज लिला स्वयंले सिधा सम्पर्क स्थापित गरी निज सन्तोष राईलाई रू.१०,०००।– नगद दिई प्रतिवादी लिला इजम मुख्य भई प्र.नरेन्द्र थेवेको सहयोग लिई निज प्र.सन्तोष राई र नाम नखुलेका अन्य सहयोगीसमेतद्वारा जिल्ला सुनसरी इटहरी न.पा. वडा नं.४ स्थित बुढीखोलामा धनप्रसाद इजमलाई धारिलो हतियारले काटी कर्तव्य गरी मार्न लगाएको पुष्टि भएकोले प्र.राजकुमार भन्ने सन्तोष राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. विपरीतको कसुरमा ऐ. १३(१) बमोजिम सजाय हुन र प्रतिवादीहरू लिला इजम लिम्बू र नरेन्द्र थेवेको कसुर ऐ. १६ नं. बमोजिम हुँदा सोही नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग मागदाबी रहेकोमा सुरू सुनसरी जिल्ला अदालतबाट प्र. लिला इजम लिम्बू र नरेन्द्र थेवेलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १६ नं. बमोजिम जनही १०(दश) वर्ष कैद हुने र राजकुमार भन्ने सन्तोष राईको हकमा अ.बं.१९० नं. बमोजिम मुल्तबी रहने गरी मिति २०६१।०३।०७ मा फैसला भएको देखिन्छ।

३. सुरू फैसलाउपर प्रतिवादी लिला इजम लिम्बूको पुनरावेदन अदालत विराटनगरमा पुनरावेदन परी सो अदालतबाट मृतकको नेपाल सरहदभित्र कर्तव्य भई मृत्यु भएको अवस्था नदेखिँदा सुनसरी जिल्ला अदालतले क्षेत्राधिकार ग्रहण गरी गरेको फैसला मिलेको अवस्था नहुँदा सुरू फैसला उल्टी गरी प्रतिवादी लिला इजम लिम्बूले सफाइ पाउने र अर्का प्रतिवादी नरेन्द्र थेवे लिम्बूले समेत वारदात नै स्थापित नभएको अवस्था हुँदा अ.बं.२०५ नं. बमोजिम सफाइ पाउने ठहऱ्याई भएको फैसलाउपर वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन परेको देखिन्छ। एकपटक नेपालको अदालतको अधिकारक्षेत्र भएको भनी अभियोगपत्र दायर भइसकेकोमा पछि आफ्नो अधिकारक्षेत्र नभएको भन्नु र त्यस्तो अधिकारक्षेत्र नभएकोमा खारेज गर्ने ठहऱ्याउनु पर्नेमा सफाइ दिने ठहर गरेको फैसला विरोधाभाषपूर्ण भएको भन्ने आधारमा यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेश भई प्रस्तुत मुद्दा पेस हुन आएको पाइयो।

४. यसमा वादी नेपाल सरकारले पुनरावेदन पत्रमा प्रस्तुत मुद्दाको वारदात जिल्ला सुनसरी इटहरी न.पा. वडा नं.४ स्थित बुढीखोलाको पुलमुनि भएको र उपचार मात्र भारतमा भएको हो भनी दाबी लिएको पाइन्छ। प्रतिवादी पक्षबाट मिति २०५४।११।१३ मा खडा भएको घटनास्थल मुचुल्का वादी पक्षले कृत्रिम रूपमा खडा गरेको हो, यो वारदात नेपाल सरहदमा भएको होइन, विदेश भारतमा भएको हो। यो मुद्दाको कारबाही सव डिभिजन मेजिष्टेट कोर्ट सिलगुडीमा चलेको छ। मृतकको पोस्टमार्टमसमेत नर्थबंगाल मेडिकल कलेजमा भएको छ भनी जिकिर लिएको देखिन्छ। मृतकको मृत्यु भारतको नर्थबंगाल मेडिकल कलेज मटिगाडामा भएको र निजको पोस्टमार्टमसमेत सोही कलेजमा भएको तथ्यमा विवाद देखिँदैन। जाहेरवालाले मेरो छोरा धनप्रसाद लिम्बू मिति २०५४।११।१३ गते बिहानको खाना खाई इटहरी चोकमा काम छ भनी घरबाट निस्की हिँडेकोमा बेलुकी ६ बजेसम्म पनि घर फर्की नआएको कारण खोज तलास गर्दा अपरिचित रिक्सावालाले लाउरे जस्तो देखिने मानिस बुढीखोलाको पुलमुनि घाइते मरणासन्न अवस्थामा छ भनेकोले सोही अवस्थामा भेटेकोले उपचारको लागि भारततर्फ लगेको भनी उल्लेख गरेकोमा सो रिक्सावाला बाहुन जातिको मानिस हुन् निजलाई पहिला पनि नचिनेको र अहिले

पनि यही हो भनी ठम्याउन वा किटान गर्न सक्दिन भनी जाहेरवाला मानबहादुर लिम्बूले मिति २०५४।१२।१६ मा अनुसन्धानको क्रममा कागज गरेको मिसिलबाट देखिन्छ । जाहेरवालाले मृतकलाई घाइते अवस्थामा देखेपछि को-को व्यक्ति भई घाइतेलाई नेपालबाट के कुन साधनमा भारततर्फ उपचारको लागि लगेको हो भनी प्रस्ट खुलाएको देखिँदैन । अनुसन्धानको क्रममा सो कुरा खुल्न आएको पनि छैन । निजको सो भनाई विश्वसनीय ढंगले पुष्टि भएको पाइँदैन ।

५. नेपाल काँकडभिट्टाबाट दुईजना यात्रु आफ्नो अटो रिजर्भ गरी पानी घट्टा आएको र ती २ जना र अन्य ३ जना भई अटोमा चढेकोले बाटोमा आउँदाआउँदै झगडा परी एकजनालाई तानेर जंगलभित्र लगेकोले म प्रहरी चौकीगई पुलिस भ्यान लिई जाँदा एकजना रगतै रगत भएको घायल अवस्थामा भेटी प्रहरी भ्यानमा लगेको भनी रतन साह भन्ने व्यक्तिले लेखाई दिएको मिसिल संलग्न कगजबाट देखिन्छ । सोही आधारमा भारतमा जाहेरी परी वारदात घटना विदेश भारत कदममोडमा भएकोले सवडिभिजन मिजिस्ट्रेट कोर्ट सिलगडी भारतमा कारबाही चलेको तथा लासको पोस्टमार्टमसमेत भारतमा नै भएको भन्ने कागज प्रमाणबाट देखिइरहेको छ । उल्लिखित अवस्थाले नेपाल इटहरी स्थित बुढीखोलामा वारदात भएको भन्ने कुरालाई समर्थित गरेको देखिँदैन । मृतक धनप्रसाद इजम लिम्बू काकँडभिट्टातर्फ जाँदा चढी गएको भनिएको को.अ.प.४०४६ नं. को आर एक्स मोटरसाइकल निजका भाइ केदार इजमले इलाका प्रहरी कार्यालय काकँडभिट्टाबाट बुझिलिएको र सो मोटरसाइकल मृतकबाहेक अन्य व्यक्तिले चढी गएको भन्ने कुरा मिसिलबाट देखिँदैन । भारतको इलाकाभित्र वारदात घटी उपचारकै क्रममा भारतमा नै मृत्यु भएको र नेपालमा ल्याई सद्गतसम्म गरेको अवस्थामा नेपालमा मुद्दा चलाउने प्रयोजनका लागि भनी तयार भएका अनुसन्धानका कागज वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नभएसम्म सोलाई प्रमाणमा लिई क्षेत्राधिकार ग्रहण गर्न न्यायोचित पनि हुँदैन ।

६. यसप्रकार मृतक धनप्रसाद इजम लिम्बूको मृत्यु कर्तव्यबाट नै भएकोमा विवाद छैन । मृतकको मृत्यु कर्तव्यबाट भएपनि निजको मृत्युको वारदात नेपालमा भएको भन्ने तथ्य शंकारहित तबरले वस्तुनिष्ट आधारबाट पुष्टि भएको हुनुपर्छ । मृतक धनप्रसादको मृत्यु भारतको नर्थ बंगाल मेडिकल कलेज मटीगाडामा भएको कुरा त्यहाँ भएको पोस्टमार्टमको रिपोर्टबाट देखिएको छ भने अर्कोतर्फ निजको मृत्युको लासजाँच प्रकृति मुचुल्का नेपालको सुनसरी जिल्लाको इटहरी न.पा. -४ स्थित बुढीखोलामा भएको अवस्था देखिएको छ । त्यस्तो विवादास्पद अवस्थाले मृतक धनप्रसाद इजम लिम्बूको मृत्यु कहाँ भएको हो? र वारदात कहाँ हो भन्ने गम्भीर प्रश्न खडा गरेको अवस्था छ । तर पनि मृतक धनप्रसादको मृत्यु नेपाल सरहदमै भएको हो भन्ने तथ्य भने शंकारहित अवस्थामा रहेको छैन । मिसिल संलग्न कागजातबाट मृतक चढेको को.अ.प.४०४६ नं.को आर.एक्स. मोटरसाइकल काकरभिट्टामा बेवारिसे अवस्थामा भेटिएको र इलाका प्रहरी कार्यालय इटहरीको प.सं.०४।मु.द.नं.३५।०५४।०५५ मिति २०५४।११।१९ को पत्रबमोजिम उक्त मोटरसाइकल निज केदारमान इजमलाई बुझाएको भन्ने इलाका प्रहरी कार्यालय, काकँडभिट्टाले प्रमाणित गरिदिएको छ। मृतक धनप्रसाद इजमसहित दुईजना मिति २०५४।११।१३ गते काकरभिट्टाबाट रत्न साहको अटोमा चढी गएका र तीमध्ये एक जनाको हत्या भई अटोका चालक निजै रत्न साहले भारतको अदालतमा FIR दिएको, सोबमोजिमको मुद्दा भारतको अदालतमा विचाराधीन रहेको र मृतकको पोस्टमार्टम पनि भारतमै भएको रिपोर्टबाट समेत स्पष्ट हुन आएको छ । यो प्रमाणित अवस्थाले मृतक धनप्रसाद इजमको मृत्यु भारतमै भएको स्पष्ट हुँदाहुँदै नेपाल सरहदमा भएको देखाएर नेपालमा नै मुद्दाको कारबाही चलाउन नेपाल सरहदमा

नै भएको कागजातहरू खडा गरेको भन्ने देखिन आउँछ । यसरी नेपालबाहिर भएको वारदातलाई नेपालभित्र भएको भन्ने कृत्रिम वारदात र सो आधारमा कृत्रिम नै कागजातहरू खडा गरी मुद्दा चलाएकै आधारमा मात्र त्यस्तो मुद्दाले नेपालभित्रको अदालतको अधिकारक्षेत्र ग्रहण गर्न सक्दैन । फौजदारी मुद्दामा नेपालको अदालतको अधिकारक्षेत्र सृजना हुनको लागि वारदात नेपालभित्र नै भएको तथा निर्विवाद एवं शंकारहित तबरबाट वस्तुनिष्ठ आधारमा नै पुष्टि हुन जरूरी छ, यस सम्बन्धमा रत्तिभर कुनै पनि विवाद हुन र सो देखिनु हुँदैन ।

७. नेपालको प्रचलित कानूनले ज्यानसम्बन्धी अपराधमा बर्हिक्षेत्रीय अधिकारक्षेत्रलाई मान्यता नदिएको र प्रचलित मुलुकी ऐन अ.बं.२९ नं. मा *"ज्यानसम्बन्धीको महलले सजाय हुने मुद्दा अपराध भएको इलाकाको अड्डाबाट हेर्नुपर्छ"* भन्ने कानूनी व्यवस्था रहेको र वारदात नेपालमा नै भएको भन्ने पुष्टि नभएको अवस्थामा अभियोगपत्र दायर भएकै आधारमा जिल्ला अदालतले अधिकारक्षेत्र ग्रहण गरेको मानी सो सम्बन्धमा माथिल्लो अदालतले न्यायिक परीक्षण गर्न नमिल्ने भनी तर्क गर्नु न्यायोचित नभएकोले सो सम्बन्धमा यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएको तर्कसँग सहमत हुन सकिएन । अधिकारक्षेत्र नै नभएको विषयमा मुद्दाको तथ्यभित्र प्रवेश गरी कसुरदार हो वा होइन भन्ने विषयको विवेचना गर्न उचित नहुँदा त्यसतर्फ प्रवेश गर्न आवश्यक देखिएन ।

८. अतः माथि विवेचित आधार प्रमाणबाट अधिकारक्षेत्र नभएको विषयमा अभियोगपत्र खारेज गर्नुपर्नेमा सफाइको आधार अधिकारक्षेत्रलाई देखाएको नमिले तापनि प्रतिवादीलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०६४।०९।२६ को फैसलामा कुनै तात्त्विक फरक नपरेकोले सो फैसलाको परिणाममा कुनै परिवर्तन गर्नुपर्ने देखिएन । प्रस्तुत मुद्दाको अभियोगपत्र नेपालको अदालतको अधिकार क्षेत्रविहीनताको आधारमा खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.पुरूषोत्तम भण्डारी

इजलास अधिकृत: ढाकाराम पौडेल
इति संवत् २०७५ साल जेठ २१ गते रोज २ शुभम् ।

## निर्णय नं. १००४१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
फैसला मिति : २०७४।९।२१
०७३-WO-११३०

मुद्दा:- उत्प्रेषण

निवेदक : यति डेभल्पमेन्ट बैंक लि.को तर्फबाट अख्तियार प्राप्त ऐ.ऐ. बैकका प्रमुख कार्यकारी अधिकृत सागर शर्मा

विरूद्ध

विपक्षी : करदाता सेवा कार्यालय, कलंकी, काठमाडौंसमेत

- **बैंक तथा वित्तीय संस्थाहरूबाट अंशियारको मन्जुरी बेगर कम्पनी वा सगोलको सम्पत्ति घरको मुख्य व्यक्तिले**

**धितो राखी लिएको ऋणमा रहने र भएका लिलामी काम कारबाही र लिलामीको कार्यमा अन्य अंशियारले हाम्रोसमेत अंश लाग्ने सम्पत्ति हो भनी दाबी गरेको अवस्थामा धितोमा राखेको सम्पत्ति कस्तो प्रकृतिको हो ? धितो राख्ने व्यक्ति परिवारमा कुन हैसियतमा रहेका छन् ? अंशियारले अन्य सम्पत्तिबाट अंश पाउने अवस्था छ छैन ? बैंक एवं वित्तीय संस्थाबाट दिए लिएको ऋण सुरक्षणबापतको धितो लिलामी कारबाही एवं अंशियारले दिएका अंश र लिखत बदर मुद्दाहरू कुन अघिपछि हुन् ? बैंक तथा वित्तीय संस्थाको ऋण असुलीको कामकारबाही निष्क्रिय हुने गरी त्यस विरूद्ध अंशियार वा जुनसुकै व्यक्ति निकाय वा संस्थाबाट दिइने जुनसुकै मुद्दाहरू पनि मिलोमतोबाट बैंक तथा वित्तीय संस्थाहरूलाई मात्र नोक्सानी पार्ने नियतबाट दिएको हो होइन ? भनी कानूनी आधारमा हेर्नुपर्ने ।**

(प्रकरण नं.७)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताद्वय श्री नरेन्द्रप्रसाद गौतम र श्री खेमप्रसाद खतिवडा
विपक्षीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३

आदेश

**न्या. तेजबहादुर के.सी.:** नेपालको संविधानको धारा १३३(२) बमोजिम यस अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छ :

यसमा प्रत्यर्थीमध्येका अम्लेश्वर कन्सट्रक्सन प्रा.लि. ले साबिक मनकामना डेभलपमेन्ट बैंक लिमिटेडसँग कर्जा कारोबार गर्नका लागि ऋणीको तर्फबाट मिति २०६६/०८/०९ (२४.११.२००९) समेतमा कर्जा माग गरी अनुरोध गरेपश्चात् बैंकले विभिन्न प्रक्रियाहरू पूरा गरी Overdraft Loan (ओभर ड्राफ्ट कर्जा) रू.५,००,००,०००।- कर्जा सीमा तथा १ वर्षको भाखा राखि मिति २०६६/०९/०२(१७.१२.२००९) को कर्जा स्वीकृति पत्र अनुसारको नयाँ गाडीहरू खरिद गर्ने कर्जा स्वीकृत भई कारोबार गरी उक्त कर्जाको धितोबापत प्रत्यर्थी रामहरी थापासमेत सञ्चालक रहेको अम्लेश्वर कन्सट्रक्सन प्रा.लि. तथा व्यक्तिगत जमानीकर्ता केशव अधिकारीसमेत सञ्चालक रही कम्पनी रजिस्ट्रारको कार्यालय प्रा. लि.नं. ६५६८६/०६६/०६७ मिति २०६६/०५/१६ मा दर्ता भएको सक्सेस कन्स्ट्रक्सन प्रा.लि.को संयुक्त नाममा दर्ता रहेको धादिङ जिल्ला गजुरी गा.वि.स. वडा नं. १क स्थित कि.नं. ११९ को क्षे.फ. ३-८-१-३ र कि.नं. ३४९ को क्षे.फ.३-३-१-० तथा ऐ.ऐ वडा नं. १च स्थित कि.नं. १६४ को क्षे.फ.३-३-३-३ जग्गा मालपोत कार्यालय धादिङबाट मिति २०६७/११/१७ मा र.नं. ४५०३ मार्फत धितो दृष्टिबन्धक लिखित पारित गरी दिएको थियो ।

यसरी सर्त कबुलियतअनुसार त्रैमासिक ब्याजसहितको किस्तालगायत १ वर्षभित्रमा सम्पूर्ण कर्जा भुक्तान गरी सक्नुपर्नेमा ऋणीले सर्त कबुलियतअनुसार रकम नबुझाई कर्जा नवीकरणको लागि माग गरेअनुसार कर्जा नवीकरण भई सोअनुसारको समयावधिमा समेत कर्जा भुक्तान नभएको कारण कर्जा भुक्तान गर्न पटकपटक तर ताकेता गर्नुका अतिरिक्त ३५ दिने सूचना एवं लिलामसम्बन्धी बोलपत्र आह्वान गरी सार्वजनिक सूचना प्रकाशित गरी सोअनुसार नै प्राप्त बोलपत्र पेस हुन आएको र सरकारी प्रतिनिधिहरूको

रोहवरमा पेस भएको बोलपत्र खोली हेर्दा उक्त धितोको जग्गाको हकमा विनिता श्रेष्ठको सबैभन्दा बढी अर्थात् रू.३,२५,००,०००।- (तीन करोड पच्चीस लाख) को बोलपत्र पेस हुन आएकोले सोहीअनुसार मिति २०७३/०२/१६ मा लिलामी मुचुल्का हुनाको अतिरिक्त कानून एवं नेपाल राष्ट्र बैंकको निर्देशिका अनुरूप कर्जा शतप्रतिशत नोक्सानी व्यवस्था गरिएको र मिति २०७३/०२/१८ सम्ममा बैंकले ऋणीबाट असुल उपर गर्नुपर्ने लेना रकम रू.४,३१,६०,८११।९१ रहेकोमा सञ्चालक समितिको मिति २०७३/०२/२५ को बैठक नं. ४३९ को निर्णयबमोजिम सबैभन्दा बढी बोलकबोल गर्ने बोलकवोलदाता विनिता श्रेष्ठको नाममा उक्त जग्गाहरू दा.खा. नामसारी गर्ने निर्णय भई सोअनुसार मालपोत कार्यालय धादिङलाई दा.खा. को लागि पत्राचार हुँदा मालपोत कार्यालयले दा.खा. गर्न मिल्ने अवस्था छैन भनी दा.खा. पत्र दर्ता गर्नसमेत इन्कार गरेकोले बैंकको तर्फबाट जग्गा यकिन गरी जानकारी गराई पाउँ भनी मिति २०७३/०६/१६ मा पत्राचार गरेपश्चात् मालपोत कार्यालय धादिङले ऋण असुली न्यायाधिकरणको च.नं. ४३९ मिति २०७३/०६/२० करदाता सेवा कार्यालयको च.नं. ४१२९/०७३/०१/१२ र काठमाडौं जिल्ला अदालतको च.नं. ३१४९२ मिति २०७३/०१/२७ को पत्रको अनुरोधमा अन्य निकायको फुकुवा भएपछि स्वत: रोक्का हुने गरी पुन: रोक्का राखिएको बेहोरा जानकारीको लागि अनुरोध गरिन्छ भनी सोही मिति २०७३/०६/१३ मा बैंकलाई जानकारी गराएको बेहोरा अनुरोध गर्दछौं।

यसप्रकार मालपोत कार्यालय धादिङले बोलपत्रदाता विनिता श्रेष्ठको नाउँमा दा.खा. गरी दिन इन्कार गरी पुन: रोक्का रहेको जानकारी गराएपश्चात् के भएको रहेछ त भनी सम्मानित श्री काठमाडौं जिल्ला अदालतसमक्ष उपस्थित भई जानकारी लिने क्रममा प्रत्यर्थी विमला श्रेष्ठसमेत वादी तथा रामहरी थापासमेत प्रतिवादी भई काठमाडौं जिल्ला अदालतसमक्ष अंश चलन (०७२-CP-२२६८) मुद्दा दायर गरी सो मुद्दाको आधार लिई प्रत्यर्थी विमला श्रेष्ठसमेतले अम्लेश्वर कन्स्ट्रक्सन प्रा.लि. तथा व्यक्तिगत जमानीकर्ता केशव अधिकारीसमेत सञ्चालक रहेको सक्सेस कन्स्ट्रक्सन प्रा.लि. को संयुक्त नाममा दर्ता रहेको धादिङ जिल्ला गजुरी गा.वि.स. वडा नं. १क स्थित कि.नं. ११९ को क्षे.फ. ३-८-१-३ र कि.नं. ३४९ को क्षे.फ.३-३-१-० तथा ऐ.ऐ वडा नं. १च स्थित कि.नं. १६४ को क्षे.फ.३-३-३-३ जग्गा रोक्का राखी पाउँ भनी मिति २०७३/०१/१६ मा मुलुकी ऐन अ.बं. १७१ क.नं. बमोजिमको निवेदन गरेपश्चात् सम्मानित अदालतबाट मिति २०७३/०१/२४ मा "यसमा कि.नं. १६४,३४९ र ११९ को जग्गा मनकामना डेभलपमेन्ट बैंक, ऋण असुली न्यायाधिकरण र करदाता सेवा कार्यालयबाट रोक्का रहेको देखिँदा उक्त निकायबाट फुकुवा भई यथास्थितिमा आएका बखत प्रतिउत्तर पत्र परेपछि पुनर्विचार गर्ने गरी वादीको हक हिस्सा जति अ.बं. १७१क नं. बमोजिम पुन: रोक्का राखिदिनु भनी मालपोत कार्यालय धादिङलाई लेखी पठाई दिनू । सेयरको हकमा ऋण असुली न्यायाधिकरणबाट रोक्का रहेको फुकुवा भई यथास्थितिमा आएपछि वादीको हक हिस्सासम्म रोक्का राखिदिनु भनी लेखी पठाई दिनू । कि.नं. १३१७, १३१९ नं. को जग्गाको दर्ता स्रेस्ता उतार झिकाई आएपछि पेस गर्नू" भनी आदेश भएको बेहोरा उक्त आदेशसहितका कागजातहरू हेर्दा सम्पूर्ण बेहोरा यकिन भयो।

यसरी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ ले दिएको अधिकार प्रयोग गरी कानूनसम्मत रूपमा बैंकले आफ्नो लेना असुल उपरतर्फ कारबाही चलाई बोलपत्रदाताको नाममा दा.खा. को लागि पत्राचार हुँदा दा.खा. नामसारी गर्न कुण्ठा अवरोध गर्ने गरी भएका प्रत्यर्थीहरूको उक्त काम कारबाही एवं निर्णय आदेशबाट निवेदक बैंकको कर्जा असुलीसमेतको

कारबाहीलाई प्रत्यक्ष असर पुर्‍याई हानि नोक्सानी भई निवेदकको नेपालको संविधानको धारा १७(१)(च),१८,२० को उपधारा(९), धारा २५(१) द्वारा प्रदत्त संवैधानिक हक र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६ तथा ५७ समेतद्वारा प्रदत्त कानूनी हक अधिकार कुण्ठित हुन गएकोले उल्लिखित आदेश निर्णय बदर गराउनका लागि अन्य वैकल्पिक मार्ग नभएकोले यो निवेदन लिई उपस्थित भएका छौं।

अंश मुद्दाका वादी प्रत्यर्थी विमला श्रेष्ठसमेतले प्रत्यर्थी रामहरी थापासमेत सञ्चालक रहेको अम्लेश्वर कन्स्ट्रक्सन प्रा.लि. तथा व्यक्तिगत जमानीकर्ता केशव अधिकारीसमेत सञ्चालक रहेको सक्सेस कन्स्ट्रक्सन प्रा.लि. को संयुक्त नाममा दर्ता रहेको धादिङ जिल्ला गजुरी गजुरी गा.वि.स. वडा नं. १क स्थित कि.नं. ११९ को क्षे.फ. ३-८-१-३ र कि.नं. ३४९ को क्षे.फ.३-३-१-० तथा ऐ.ऐ वडा नं. १च स्थित कि.नं. १६४ को क्षे.फ.३-३-३-३ अचल सम्पत्ति बैंकले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६ समेतका आधारमा अम्लेश्वर कन्सट्रक्सन प्रा.लि. लाई प्रदान गरेको कर्जाको धितो सुरक्षणबापत मालपोत कार्यालय धादिङबाट मिति २०६७/११/१७ को र.नं. ४५०३ मार्फत दृष्टिबन्धक लिखत पारित गरी सोही मितिबाट बैंकको नाममा रोक्का रहिरहेको र ऋणीले समयमा कर्जा चुक्ता नगरेको कारण बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ बमोजिम बैंकले धितो रहेको सम्पत्ति लिलाम गरी आफ्नो लेना रकम असुलउपर गर्न सक्ने विषय निर्विवाद छ। यसरी बैंकले आफ्नो लेना रकम असुलीका लागि उक्त ऐनले प्रदान गरेको अधिकारबमोजिम धितो लिलाम बिक्रीको सूचना प्रकाशित गरी बोलपत्र आह्वान गर्दा बोलपत्र पेस भई सबैभन्दा बढी बोलपत्र पेस गर्ने व्यक्तिको नाममा दा.खा. नामसारी गर्ने निर्णय गरी दा.खा. नामसारीका लागि मालपोत कार्यालयलाई पत्राचार गरेकोमा मालपोत कार्यालयबाट सम्मानित अदालतको पुन: रोक्का आदेशको कारण देखाई दा.खा. नामसारी नगरी जानकारीसम्म दिएको अवस्था रहेको छ। यसप्रकार बैंकले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७(१) बमोजिम लिलाम कारबाही गरी दफा ५७(४) बमोजिम दा.खा. नामसारीको लागि लेखी पठाएको र ऐ.ऐनको दफा ५७(४) बमोजिम लेखी पठाएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कार्यालयले रजिस्ट्रेसन वा दाखिल खारेज गरिदिनुपर्नेछ भन्ने स्पस्ट कानूनी व्यवस्था रहेकोमा सोको विपरीत सम्मानित उच्च अदालत पाटनबाट भएको मिति २०७३/११/१९ को आदेशसमेतलाई सिरानी हाली प्रत्यर्थी मालपोत कार्यालयले दा.खा. को कारबाही नगरी पुन: रोक्का रहेको जानकारीसम्म दिएको हुँदा मिति २०७३/११/१९ मा भएको आदेश गैरकानूनी भएकोले बदर भागी रहेको छ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ दफा ५७ बमोजिम ऋणीले धनी कम्पनीसँग भएको कर्जा सम्झौता वा सर्त वा कबुलियत पालना नगरेमा वा लिखतको भाखाभित्र कर्जा चुक्ता नगरेमा वा ऋणीले लिएको कर्जा दुरूपयोग गरेमा वा हिनामिना गरेको देखिएमा सम्बन्धित लिखत वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणीले इजाजतपत्र प्राप्त संस्थालाई लेखिदिएको वा इजाजतप्राप्त प्राप्त संस्थामा राखेको धितो सुरक्षणलाई इजाजतपत्र प्राप्त संस्थालाई लेखिदिएको वा इजाजतपत्र प्राप्त संस्थामा राखेको धितो सुरक्षणलाई इजाजतपत्र प्राप्त संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी साँवा ब्याज असुल गर्न सक्ने अधिकार बैंकमा सुरक्षित रहेको कुरामा कुनै विवाद छैन। निज ऋणीले बैंकसँग कर्जा लिँदा भएको सर्त सम्झौताबमोजिम समयमा कर्जा चुक्ता नगरी उक्त सम्झौताको पालना नगरेको स्पष्ट हुँदा उल्लिखित ऐनले प्रदान गरेको कानूनी प्रक्रियाको अवलम्बन गरी बैंकले आफ्नो धितो सुरक्षणमा रहेको

अचल सम्पत्ति लिलाम प्रक्रियाअनुसार लिलाम गरी दा.खा. को काम कारबाहीयुक्त अवस्थामा रहेकोमा सम्मानित अदालतको उक्त रोक्का आदेशबाट बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६ एवं दफा ५७ को उपदफा (१)(२)(४)(५)(६)(७)(८)(११) समेतको कानूनी व्यवस्था नै निष्क्रिय हुन गएको छ। सम्मानित अदालतको आदेशमा पनि बैंकबाट सो जग्गा फुकुवा भएका बखत अ.बं.१७१क नं. बमोजिम पुन: रोक्का राखी दिनु भन्ने उल्लेख भएकोले यसमा धितो लिने यस बैंकको कर्जा असुलीको सिलसिलामा बैंकले लिलाम गरी दा.खा. गर्ने निर्णय भई दा.खा. नामसारीको लागि सम्बन्धित मालपोत कार्यालयमा गएकोले यहाँ फुकुवा भएको स्थिति नै नरहेकोले सम्मानित अदालतबाट दोहोरो रोक्का राख्ने गरी भएको आदेश कायम रहन सक्ने अवस्था नहुँदा बदर भागी छ।

यसरी कानूनत: रोक्का राख्न नै नमिल्ने जग्गा गैरकानूनी तबरबाट दोहोरो रोक्का राख्ने गरी भएको आदेश अ.बं. १७१क, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ को अलावा सर्वोच्च अदालतबाट स्थापित भई स.अ. बुलेटिन वर्ष १० अंक ५ पृष्ठ १९ (पृथ्वी ब.पाण्डे विरूद्ध पु.वे.अ.पाटनसमेत भएको उत्प्रेषणसमेत मुद्दा), विनय रेग्मी विरूद्ध मालपोत कार्यालय ललितपुर (रिट नं. २५०२ फैसला मिति २०६१/११/१८) र नेपाल बंगलादेश बैंक विरूद्ध राजस्व अनुसन्धान विभागसमेत (२०५३ को रिट नं. २२८८ फैसला मिति २०५६/०३/११) एवं ने.का.प. २०७१ अंक ५ नि.नं. ९१५६ पृष्ठ ६१७ समेतमा प्रतिपादित नजिर सिद्धान्तसमेतको प्रतिकूल रहेको हुँदा उक्त मिति २०७३/११/१९ को आदेश बदर गरी रोक्का रहेका जग्गाहरू फुकुवा हुने गरी आदेश पाऊँ।

अत: प्रत्यर्थी काठमाडौं जिल्ला अदालतको मिति २०७३/०१/२४ को रोक्का आदेशलाई मिति २०७३/०८/०३ मा बदर गर्दा आधार र कारण नखोलेको हुँदा काठमाडौं जिल्ला अदालतको मिति २०७३/०८/०३ को आदेश रीतपूर्वकको नदेखिँदा बदर गरी दिएको छ भनी हचुवा एवं गैरकानूनी विवेचना गरी दोहोरो रोक्का राख्न नै नमिल्ने अवस्थामा दोहोरो रोक्का राख्ने गरी प्रत्यर्थी उच्च अदालत पाटन ललितपुरबाट भएको मिति २०७३/११/१९ को आदेश तथ्ययुक्त र कानूनसम्मत नरहनुका अतिरिक्त उक्त आदेशले निवेदक बैंक, बोलपत्रदाता तथा सर्वसाधारण निक्षेपकर्तालाई अन्याय गरेको हुँदा प्रत्यर्थी उच्च अदालत पाटनबाट भएको उक्त मिति २०७३/११/१९ को आदेश तथा सो आदेशका आधारमा भएका पत्राचारसमेतलाई नेपालको संविधानको धारा १३३(२) अनुसार उत्प्रेषणको आदेशद्वारा बदर गरी काठमाडौं जिल्ला अदालतको मिति २०७३/०८/०३ को आदेशलगायत कानूनअनुसार रोक्का फुकुवा गरी बोलपत्र दाताको नाउँमा दा.खा. नामसारी गरी दिनु भनी प्रत्यर्थी मालपोत कार्यालयसमेतका नाममा परमादेशलगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ भन्ने बेहोराको मिति २०७४/०१/१७ को सागर शर्माको रिट निवेदन माग।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार र कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १, २ र ३ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीहरूको हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाउँमा म्याद सूचना जारी गरी सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु भन्ने २०७४/०२/१० को यस अदालतबाट भएको आदेश।

यस कार्यालयमा करदाता श्री अम्लेश्वर

कन्स्ट्रक्सन कम्पनी प्रा.लि. (स्थायी लेखा नं. ३०२०३८१६९) ले तिर्न बुझाउन पर्ने आयकर तथा मूल्य अभिवृद्धि कर नबुझाएको कारणले आयकरतर्फ रू.१,३४,४५,६१७।८७ एवं मू.अ.कर तर्फ रू. ६,०१,१०,८९५।०० बक्यौता रहेको हुँदा सो अवस्थामा आयकर ऐन, २०५८ को दफा १०४ र १०५ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१(१) बमोजिम करदाताको सम्पत्ति कब्जा दाबी वा लिलाम बिक्री गरेर असुल उपर गर्नुपर्ने व्यवस्था भएकोले विपक्षीको निवेदनमा उल्लिखित जग्गाहरू बेचबिखन तथा नामसारी रोक्का गर्ने कार्यालयको मिति २०७२/१२/१४ एवं २०७३/०१/१२ मा निर्णय भएकोले सो रोक्का गर्नको लागि प्रचलित कानूनबमोजिम पत्राचार गरिएको हुँदा विपक्षीको रोक्का जग्गा फुकुवा गरिपाउँ भन्ने आधार त्रुटिपूर्ण भई खारेजभागी भएकोले निज निवेदकको निवेदन खारेज गरिपाउँ भन्ने करदाता सेवा कार्यालय, कलंकीको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनको सम्बन्धमा रिट निवेदक विद्वान् अधिवक्ताद्वय श्री नरेन्द्रप्रसाद गौतम र खेमप्रसाद खतिवडा कानूनत: रोक्का राख्न नै नमिल्ने जग्गा गैरकानूनी तबरबाट दोहोरो रोक्का राख्ने गरी भएको करदाता सेवा कार्यालयको मिति २०७३/१/१२ को पत्र विपक्षी मालपोत कार्यालय धादिङले रोक्का राखी विपक्षी कार्यालयलाई जनाउ दिएको मिति २०७३/०१/१४ को पत्रसमेतका विपक्षी कार्यालयहरूबाट भएका काम कारबाही बैक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६ र ५७ तथा सर्वोच्च अदालतबाट स्थापित (पृथ्वी ब. विरूद्ध पुनरावेदन अदालत पाटनसमेत) को प्रतिपादित नजिरसमेतको प्रतिकूल हुँदा विपक्षी कार्यालयहरूले जग्गा रोक्का राख्ने गरी भएका मिति २०७३/०१/१२ को निर्णय तथा विपक्षी करदाता सेवा कार्यालयले रोक्का राखी गरी लेखिएको पत्रअनुसार विपक्षी मालपोत कार्यालय धादिङले गैरकानूनी रूपले दोहोरो रोक्का राख्ने गरेको जग्गाहरू फुकुवा गरी बोलपत्रदाताका नाउँमा दा.खा. नामसारीसमेत गरी परमादेशलगायतको अन्य उपयुक्त आदेश जारी हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो।

अब यसमा निवेदकको माग दाबीबमोजिम रिट आदेश जारी हुनुपर्ने हो, होइन? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा यसमा प्रत्यर्थीमध्येका रामहरी थापाका अंशियारबीच चलेको अंश मुद्दाबाट प्रत्यर्थी अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा.लि. र सक्सेक कन्ट्रक्सन प्रा.लि. को संयुक्त नाममा रहेको जिल्ला धादिङ गजुरी गा.वि.स. वडा नं. १ क स्थित कि.नं. ११९, ३४९ र ऐ.ऐ वडा नं. १ च स्थित कि.नं. १६४ का जग्गाहरू रोक्का नराख्ने, फुकुवा हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति ०६९/८/३ मा भएको आदेशउपर प्रत्यर्थीमध्येको विमला श्रेष्ठ थापासमेतको अ.बं.१७ नं. बमोजिम उच्च अदालत पाटनमा परेको निवेदनउपरको कारबाहीमा काठमाडौं जिल्ला अदालतको उपर्युक्त रोक्का नराख्ने फुकुवा गरी दिने गरी सुरूबाट भएको आदेश बदर भई ती कि.नं. का जग्गाहरू रोक्का राख्ने गरी मिति २०७३/११/१९ मा भएको आदेशउपर प्रस्तुत रिट निवेदन पर्न आएको रहेछ।

३. यति डेभल्पमेन्ट बैंक लिमिटेडबाट अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले आफ्नोसमेतको संयुक्त नाममा रहेको उपर्युक्त जग्गाहरू धितो राखी उक्त कम्पनीले बैंकबाट लिएको रू ५ करोडको ओभर ड्राफ्ट ऋणमा लिलाम कारबाही हुँदा सबैभन्दा बढी मूल्यमा उक्त धितो रू.३,२५,००,०००।- (तीन करोड पच्चीस लाख) मिति २०७३/०२/२५ मा सकारेको देखिन्छ।

४. उक्त बैकको ऋण अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले उक्त कि.नं. का जग्गाहरू मिति

०६७/११/१७ गते दृष्टिबन्धकसमेत गरी लिएको, उक्त कन्स्ट्रक्सनका सञ्चालक रामहरी थापाकी श्रीमती विमला श्रेष्ठ थापाले काठमाडौं जिल्ला अदालतमा दिएको ०७२-CP-२२६८ नं.को अंश मुद्दाबाट मिति २०७३/१/२७ मा र करदाता सेवा कार्यालयबाट च.नं. ४१२९ मिति २०७३/०१/१२ मा समेत उपर्युक्त कि.नं.का. जग्गाहरू रोक्का राखेको देखिन आउँछ।

५. प्रस्तुत रिट मुद्दामा प्रत्यर्थी रहेकी विमला श्रेष्ठ थापाले लिखित जवाफ प्रस्तुत नगरी म्याद नै गुजारी बसेको देखिन्छ। लिखत हेर्दा बैंकले मिति २०६७/११/१७ गतेमा नै दृष्टिबन्धक पारित गरी लिई उपर्युक्त कि.नं.का जग्गाहरू बैंकलाई धित्तो पास गरिदिएको अवस्था छ। एकातर्फ उक्त कि.नं. का जग्गाहरू अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा.लि. र सक्सेस कन्स्ट्रक्सन कम्पनी प्रा.लि. दुई अलग अलग कम्पनीका नाममा दर्ता रहेका र अम्लेश्वर कम्पनीले गरेको व्यवहारमा जग्गा रोक्का रही लिलामी कारबाही भइसकेको अवस्था छ भने अर्कोतर्फ अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा.लि. का प्रो. रामहरी थापाको श्रीमती र छोराछोरीले अंश र भएको लिलाम बदर मुद्दा पछि दिई सो कारबाहीयुक्त अवस्थामा रहेको देखिन आउँछ। अंश मुद्दाबाट उक्त जग्गा काठमाडौं जिल्ला अदालतबाट मिति २०७३/१/२७ मा रोक्का राखिएको र साबिक जग्गाहरूको अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले लिएको बैंकको ऋणमा मिति २०७३/२/२५ मा लिलामीमा चढेको देखिन्छ। उपर्युक्त तथ्यले अम्लेश्वर कन्ट्रक्सन कम्पनी प्रा.लि.ले दाबीका जग्गा धित्तो राखी निवेदक बैंकबाट लिएको ऋणमा असुलीको लागि बैंकबाट गरिएको लिलामी कारबाही पछिमात्र अंश मुद्दा परेको देखिन्छ। उक्त ऋण घरको मुख्य व्यक्तिले लिएको र सो ऋण लिँदाको समयमा ऋणी रामहरी थापाका श्रीमती र छोरा छोरी सगोलमा नै रहेको देखिन्छ। लेनदेन व्यवहारको ८ नं. ले घरको मुख्यले गरेको व्यवहार गोश्वारा धनबाट चल्छ भन्ने कानूनी व्यवस्थाको आधारमा पनि ऋणि अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा.लि.का प्रो. ऋणी रामहरी थापाले लिएको ऋणमा उक्त कम्पनीसमेतको नाउँमा रहेको दाबीको दृष्टिबन्धक धितो पारित गरिएको कि.नं.का जग्गाहरूको लिलामी कामकारबाहीलाई उक्त कानूनी व्यवस्थाको आधारमा पनि अन्यथा भन्न सकिने अवस्था देखिँदैन।

६. ऋणी अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा. लि.को प्रो. रामहरी थापाले लिएको ऋणमा अर्को सक्सेस कन्स्ट्रक्सन कम्पनी प्रा.लि. समेतको संयुक्त दर्तामा रहेको जग्गासमेत धितोमा दृष्टिबन्धक पारित गरी दिई उक्त संयुक्त कम्पनीका अर्का प्रो. केदार अधिकारी व्यक्तिगत जमानीमा रहेका छन्। ऋणमा धितोमा रहेको सम्पत्ति कम्पनीको नाममा रहेको छ, कम्पनीको नाममा रहेको उक्त सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म उक्त अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा.लि. का प्रो. रामहरी थापा आफूले नै आफ्नो पालामा आर्जित गरेकोमा कुनै द्विविधा मानी रहन पर्ने अवस्था देखिँदैन। उक्त सम्पत्ति पनि आफूले अंश पाउनु पर्ने मध्येको सम्पत्ति रहेको भन्ने प्रत्यर्थीमध्येकी रामहरी थापाकी श्रीमती विमला श्रेष्ठ थापाको जिकिर रहेको छ। निजले आफ्ना पति रामहरी थापाबाट अंश पाउनु पर्ने तथ्यमा कुनै द्विविधा हुन सक्दैन तर निजका पति रामहरी थापा प्रो. रहेका अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा.लि.को नाममा रहेको दाबीको जग्गाबाहेक अन्य जग्गाहरू भए नभएको? र निजहरूले अंश पाउने अवस्था रहे नरहेको तथ्यको यकिनमा अंश मुद्दाको कारबाहीबाट मात्र पुग्न सकिन्छ। घरका मुख्य व्यक्तिले कम्पनीकै सम्पत्ति धितोमा राखी लिएको ऋणबाट भरिभराउने लिलामी कारबाहीबाट ऋणी रामहरी थापाका श्रीमती छोराछोरीले अंशबापत सम्पत्ति नै पाउन नसक्ने अवस्था टड्कारै रूपमा देखिन आएमा एउटा परिस्थिति बन्न सक्छ। तर कम्पनीको नाममा रहेको सम्पत्ति बैंकको ऋणमा लिलामी कारबाही भई जाँदा आफूहरू पूर्ण रूपले

अंशबाट विमुख नै भइने भनी प्रत्यर्थी विमला श्रेष्ठ थापाले देखाउन सकेको अवस्था पाइएन।

७. बैंक तथा वित्तीय संस्थाहरूबाट अंशियारको मन्जुरीबेगर कम्पनी वा सगोलको सम्पत्ति घरको मुख्य व्यक्तिले धितो राखी लिएको ऋणमा रहने र भएका लिलामी काम कारबाही र लिलामीको कार्यमा अन्य अंशियारले हाम्रोसमेत अंश लाग्ने सम्पत्ति हो भनी दाबी गरेको अवस्थामा धितोमा राखेको सम्पत्ति कस्तो प्रकृतिको हो ? धितो राख्ने व्यक्ति परिवारमा कुन हैसियतमा रहेका छन ? अंशियारले अन्य सम्पत्तिबाट अंश पाउने अवस्था छ छैन ? बैंक एवं वित्तीय संस्थाबाट दिए लिएको ऋण सुरक्षणबापतको धितो लिलामी कारबाही एवं अंशियारले दिएका अंश र लिखत बदर मुद्दाहरू कुन अघिपछि हुन् ? बैंक तथा वित्तीय संस्थाको ऋण असुलीको कामकारबाही निष्क्रिय हुने गरी त्यस विरूद्ध अंशियार वा जुनसुकै व्यक्ति निकाय वा संस्थाबाट दिइने जुनसुकै मुद्दाहरू पनि मिलोमतोबाट बैंक तथा वित्तीय संस्थाहरूलाई मात्र नोक्सानी पार्ने नियतबाट दिएको हो होइन ? भनी कानूनी आधारमा नै अति गौण रूपमा हेर्नुपर्ने हुन्छ। निवेदकतर्फका विद्वान् अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतमबाट प्रस्तुत हुन आएको बहस र प्रत्यर्थी विमला श्रेष्ठ थापासँगको छलफलको क्रममा यति डेभलपमेन्ट बैंकबाट उक्त कि.नं. का जग्गा सम्बन्धमा भएको लिलामी बदरतर्फ "लिलाम बदर" र साथै अंश मुद्दा दिई ती मुद्दाहरू कारबाहीयुक्त अवस्थामा रहेको हुँदा साबिकका कि.नं.का जग्गाहरूको सम्बन्धमा पछि जहाँ जुन अवस्थामा रहे पनि मातहतका अदालतबाट हुने फैसलामा ठहरेबमोजिम हुने नै हुँदा दुई अलग कम्पनीका संयुक्त नाममा रहेको जग्गा अर्को कम्पनीको सञ्चालकको व्यक्तिगत जमानीमा दृष्टिबन्धक पारित भई बैंकमा धितो रहेको र उक्त पारित लिखत पनि जेठो रहेको र बैंकबाट कम्पनीको सम्पत्ति धितो राखी लिएको ऋणमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ बमोजिम लिलाम कारबाही गरी ऋण असुली गरिएको अवस्थामा ऋणीको श्रीमती छोराछोरीले पूर्णत: अंशबापत कुनै सम्पत्ति नै प्राप्त गर्न नसक्ने अवस्था रहेकोमा बाहेक बैंक एवं वित्तीय संस्थाहरूलाई मात्र नोक्सानी पार्ने नियतबाट मात्र मिलोमतोमा दिइने निजहरूको अंशसम्बन्धी मुद्दाका जिकिर गौण हुन पुग्दछ र बैंकबाट धितो राखी लिएको ऋणमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७(१)(२)(४)(५)(६)(७)(८)र(११) नं. बमोजिमको कर्जा असुलीसम्बन्धी कारबाहीले नै प्राथमिकता प्राप्त गर्ने देखिन आउँछ। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ मा **"कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतप्राप्त संस्थासँग भएको कर्जाको सम्झौता वा सर्त कबुलियतको पालना नगरेमा वा लिखतको भाखाभित्र इजाजतपत्र प्राप्त संस्थाको कर्जा चुक्ता नगरेमा वा इजाजतपत्र प्राप्त संस्थाले जाचबुँझ गर्दा कर्जा लिएको कर्जा रकम, जुन प्रयोजनको लागि लिएको हो सो प्रयोजनमा नलगाएको वा हिनामिना वा दुरूपयोग भएको देखिएमा सम्बन्धित लिखत वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणीले इजाजतपत्र प्राप्त संस्थालाई लेखिदिएको वा इजाजतपत्र प्राप्त संस्थामा राखेको धितो सुरक्षणलाई इजाजतपत्र प्राप्त संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा ब्याज असुलउपर गर्न सक्नेछ"** भन्ने प्रस्ट कानूनी व्यवस्था भएको देखिँदा उपर्युक्त काम कारबाहीले नै प्राथमिकता पाउनु पर्ने देखिन आएबाट दाबीका कि.नं. का जग्गाहरू हाल रोक्का राखी रहन पर्ने स्थिति देखिन आएन । अत: उक्त प्रत्यर्थीमध्येका रामहरी थापाले ऐनको कार्यविधि पूरा गरी लिएको कर्जामा भएको कानूनबमोजिमको लिलामीको कार्यलाई अन्यथा भन्न मिल्ने देखिन आएन।

८. अत: माथि विवेचित आधार र

प्रमाणहरूबाट प्रत्यर्थी रामहरी थापा सञ्चालक रहेको अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा.लि. र केशव अधिकारी सञ्चालक रहेको सक्सेस कन्स्ट्रक्सन कम्पनी प्रा.लि. को संयुक्त नाममा दर्ता रहेका कि.नं. ११९, ३४९ र १६४ का जग्गा सक्सेस कम्पनी प्रा.लि. का सञ्चालक केशव अधिकारीको व्यक्तिगत जमानीमा निवेदक यति डेभलपमेन्ट बैंकबाट अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा. लि.ले ०६७ सालमा नै दृष्टिबन्धक पारित गरी दिई लिएको ऋणमा लिलामी कारबाही भएको देखिन आउँछ भने बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६ अनुसार कर्जा प्रवाह भएको र उक्त कर्जा असुली सम्बन्धमा सोही ऐनको दफा ५७(१)(२)(४)(५)(६)(७)(८)(११) नं. बमोजिम कर्जा असुली गर्न सक्ने प्रस्ट कानूनी व्यवस्था भइरहेको देखिएबाट उक्त कि.नं. का जग्गाहरू रोक्का राख्ने गरी उच्च अदालत पाटनबाट मिति २०७३/११/१९ मा र करदाता सेवा कार्यालय कलंकी काठमाडौंको (च.नं. ४१२९ मिति २०७३।१।१२ मा रोक्का राख्ने गरी भएको आदेश एवं पत्राचार नमिलेको हुँदा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । उपर्युक्त कि.नं. का जग्गाहरू फुकुवा गरिदिई बोलपत्रदाताको नाममा दा.खा. नामसारी गरिदिनु भनी सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाइदिनु होला भनी परमादेशको आदेश जारी गरिदिएको छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रत्यर्थी निकायहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.पुरुषोत्तम भण्डारी

इजलास अधिकृत : डिल्लीराम प्रसाई
इति संवत् २०७४ साल पौष २१ गते रोज ६ शुभम् ।

सर्वोच्च अदालत